डा. डिल्ली रमण रेग्मी स्मारक
पुस्तकालय लाई
उपहार

कुमार नेपाल
ल.पु. क्वँबहाल
०६२।११।२१ मा

[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible]
[illegible]

श्री स्वस्थानी व्रत-कथा

प्रकाशक

त्रिमूर्ति प्रकाशन

वाराणसी

ॐ

श्रीस्वस्थानी व्रत-कथा

•

केही परिवर्तक र परिवर्धक

बुद्धिसागर पराजुली

[मीमांसाचार्य, पोष्टाचार्य (दर्शन र साहित्य)
महेन्द्र विद्याभूषण, प्र. गो. द. बा.]

•

प्रकाशक

त्रिमूर्ति प्रकाशन

वाराणसी

G. NO
930

294.592
प292 श्री

संस्करण : २०६०

प्रकाशक : त्रिमूर्ति प्रकाशन, वाराणसी

पुस्तक प्राप्तिस्थान : रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, नेपाल ।

मूल्य : ढकनी जिल्द रु.

अक्षर संयोजक एवं मुद्रक : [illegible]व आफसेट्स, वाराणसी

Shree Swasthani Brata Katha : RPBN : 200 26 2 1939

भूमिका

स्वस्थानीको कथा विश्वको एकमात्र हिन्दू अधिराज्य नेपालमा रहने नेपालीहरू र विश्वका विभिन्न मुलुकहरूमा गै स्थायी वा अस्थायी बसोवास गरेका सबै नेपाली जातिहरूको लागि धार्मिक सन्देशद्वारा जातिगत अखण्डताको पाञ्चजन्य शङ्ख फुकेर सुषुप्त जातीयतालाई नवजागरणको चेतना भरिदिने कथा हो । तसर्थ यस कथालाई शास्त्रीय पृष्ठभूमिको आधारमा जतिसक्यो उति चांडो रमाइलो भाषा र शैलीमा परिमार्जन परिवर्तन र आवश्यक परिवर्द्धन गर्दै जनसमक्ष प्रस्तुत गर्नु समयको माग हो र नया दुनियाको तकाजा हो । यस तथ्यलाई हृदयङ्गम गरी केही काम गर्न सकेमा अवश्यमेव परोक्षरूपमा भए पनि राष्ट्रिय तथा जातीय सेवा हुन्छ भन्न अत्युक्ति हुँदैन भन्ने मेरो धारणा छ र मञ्चमा गरेका भाषणको भन्दा यस प्रकारका कामको गहिरो छाप सर्वसाधारण जनतामा पर्न गई व्यक्तिगत जीवनको शान्तिका साथै सामाजिक र राष्ट्रिय जीवनको शान्तिमय वातावरण कायम गर्नसमेत ठूलो सहायता मिल्न जानेछ ।

यसको तेस्रो संस्करण पनि आमजनताले रुचिपूर्ण रूपमा सेवा गरी सफल रह्यो, तसर्थ अब यो चौथो संस्करणको रूपमा सबै धर्मप्रेमी नेपालीहरूका साथै राष्ट्रिय संस्कृतिको अखण्डता रहेमा जातिगत एवं राष्ट्रगत कल्याण कसरी हुन्छ भन्ने रहस्य बुझेका नेपाली विद्वानहरूका समक्ष प्रस्तुत हुन आएको छ । यस संस्करणले पनि जनमानसमा स्थान पायो भने मनमा संतोष लाग्ने नै छ ।

यस संस्करणमा कुमारको जन्म, तारकासुरको आसुरी वैभवको पराकाष्ठा र त्यसको पतनसम्बन्धी चर्चा केही विस्तृत रूपमा दिएको छु । हाम्रो नेपाल अधिराज्य शिवजीको भक्त छँदैछ साथै कुमारीको पनि यहाँ कम प्रभाव छैन । कुमारीका भैरव रूपमा रहेका कुमार पनि हाम्रा प्रमुख देवता हुन् । तसर्थ हामीलाई आसुरी वैभवबाट दैवी वैभवतर्फ जान ठूलो शक्ति दिने श्री कुमारको गाथा वर्णन गर्न तारकासुरको प्रचण्ड दानवी शक्तिको उत्थान पतन देखाउने संदर्भमा केही शास्त्रीय परिवर्धन भएको छ ।

यो काम गर्न धेरै पुराणहरूको अध्ययन गरेर मात्र कलम चलाइएको छ । धर्मशास्त्रका प्रामाणिक निवन्धहरूको राम्रै अवलोकन गर्नुपरेको छ । अझै पनि यस कथामा भाषा शैली र कथा संदर्भमा रोचनीयता ल्याउन धेरै बाँकी छ । स्थितिले अनुकूल साथ दियो भने अर्को संस्करणमा आमूल चूल परिमार्जन गरूँला भन्ने आशा राखेको छु ।

यस धार्मिक काममा प्रयत्नशील रही सेवा गरिरहनुहुने रत्न पुस्तक भण्डारका सुयोग्य संस्थापक रत्नप्रसादजी धेरै धेरै धन्यवादका पात्र हुनुहुन्छ, उहाँबाट यस प्रकार अन्यान्य संस्कृतिका धर्मका ग्रन्थहरू प्रकाश गर्न सफलता प्राप्त भै रहोस् भनी यो सानो वक्तव्य यही टुंग्याउछु ।

३५-५-४
काठमाडौं ।

विनीत
बुद्धिसागर पराजुली

श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्ने र कथा सुन्ने विधि

पौषशुक्ल पूर्णिमाका दिनदेखि व्रत आरम्भ गर्नुपर्छ। हात गोडाका नङ काटी, स्नान गरी, शुद्ध पवित्र भई, शुद्ध वस्त्र पहिरी, आफ्ना सधैं गरिआएका नित्यकर्म गरी "म आजका दिनदेखि माघशुक्ल पूर्णिमाका दिनतक एक महीना नियमसंग श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्दछु, कथा सुन्दछु" भन्ने मनमा प्रतिज्ञा गरी नित्य मध्याह्न कालमा पूजाको सामग्री—तिल, जौ, कुश, चन्दन, अक्षता, फूल, माला, नाना किसिमका नैवेद्य—जस्तै—पुरी, मिठाई, मनभोग, सेलरोटी, केरा, हिउँदे अम्बा हुने ठाउँमा अम्बा आदि फल, धूप, दीप, गङ्गा जल आदि यथाशक्ति सब सामान ठीक गरी, दीप, कलश, गणेशको पूजा गरी अष्टदल पद्म लेखेको तामाको थालीमा अर्घ्य दिई भक्तिपूर्वक एकचित्त भै श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू, एकभक्त रही, हविष्य खाई राडी पाखी आदिमा भुँमा सुत्नू खाट, पलङ आदिमा नसुत्नू, ब्रह्मचर्यमा रहनू, र सधैं बेलुका बेलुका सब परिवार इष्ट-मित्रसमेत जम्मा भई चन्दन, अक्षता, फूल, धूप, नैवेद्य आदिले पुस्तकको पूजा गरी सबले चन्दन, अक्षता, फूल लिई हात जोड़ी—"यं ब्रह्मा वरुणेन्द्रमरुतः...." भन्ने स्तुति पढ़ी पुष्पाञ्जलि चढ़ाउनू र अनि कथा भन्नू, कथा सुन्नेले एकचित भै कथा सुन्नू। कथा सकिएपछि फेरि सब जनाले चन्दन, अक्षता फूल लिई हात जोरी—"उपनयतु मङ्गलं वः" भन्ने स्तुतिहरू पढ़ी पुष्पाञ्जलि चढ़ाउनू। श्रीस्वस्थानी परमेश्वरीलाई मनले सम्झी प्रणाम गर्नू। अनि प्रसाद लगाई नैवेद्य सबैले बांडेर खानू। दिनदिनै यस्तै किसिमले श्रद्धा-भक्तिपूर्वक पूजा गर्नू, कथा सुन्नू र महीना दिन भएपछि माघशुक्ल पूर्णिमाका दिन माथि बताए-बमोजिम पूजाको सब सामान तयार गरी त्यस दिन श्रीस्वस्थानी परमेश्वरीलाई विशेष चढ़ाउनको लागि १०८ अक्षता, १०८ बेली या कुन्दपुष्प, १०८ कुड्का सुपारी, १०८ पान, १०८ बत्ती, १०८ रोटी (मालपुवा) आदि अनेक जातका फलफूल सब १०८।१०८ गनेर तयार गर्नू। पञ्चामृत, दूबो, गङ्गाजल, बेलपत्र, धतुरो, कपूर, नीराजन आदि सब सामान शक्ति-अनुसार तयार गरी, बालुवाको शिवलिङ्ग स्थापना गरी त्यहींनेर माझमा 'ॐ' लेखेको अष्टदल पद्म भएको तामाको थाली राखी तल बताएको पूजा-विधि-बमोजिम सदाशिवसहित श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू।

* इति *

॰ श्रीगणेशाय नमः ॰
॰ श्रीइष्टदेवताचरणकमलेभ्यो नमः ॰

माघशुक्ल पौर्णमास्यां स्वस्थानी

व्रतपूजाविधिः ।

व्रतकर्त्री कृतनित्यक्रिया मध्याह्नसमये पूजास्थानमागत्य हस्तौ पादौ प्रक्षाल्याऽऽसनमुपविश्य पूर्वाभिमुखो भूत्वा दीपं प्रज्वाल्याऽऽचमनं कुर्यात् । दीपपूजा, नमोस्त्वनन्ताय॰— पृष्ठोदेवि पृष्ठोऽअग्नि॰ इति । ततो बद्धाञ्जलिः पठेत्—सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः । लम्बोदरश्च विकटो विघ्ननाशो विनायकः । धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः । द्वादशैतानि नामानि यः पठेच्छृणुयादपि ॥ विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा । संग्रामे सङ्कटे चैव विघ्नस्तस्य न जायते ॥ विघ्नवल्लीकुठाराय गणाधिपतये नमः॥ शुक्लाम्बरधरं विष्णुं शशिवर्णं चतुर्भुजम् । प्रसन्नवदनं ध्याये सर्वविघ्नोपशान्तये, इति ॥ विष्णुं नमस्कृत्य, अर्घ्यस्थापनं कुर्यात्, चन्दनेन भूमौ बिन्दु त्रिकोणवृत्तचतुरस्रमण्डलं लिखित्वा गन्धाक्षतपुष्पैः संपूज्य तत्र अर्घ्यं संस्थाप्य जलेनापूर्य्य, गंगे च यमुने चैव गोदावरि सरस्वति । नर्मदे सिन्धुकावेरी जलेऽस्मिन्सन्निधिं कुरु ॥ इत्यंकुशमुद्रया तीर्थमावाह्य गन्धपुष्पाक्षतादि यथाधिकारं प्रणवेन तूष्णीं निक्षिप्य प्रथमं सूर्य्यार्घ्यं दद्यात् । ताम्रस्थाल्यां सूर्य्यं लिखित्वा अर्घ्य दद्यात् । तत्र मन्त्रः-एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते ! अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ॥ इत्यर्घ्यं दत्त्वा सर्षपाक्षतैर्भूतोत्सादनं कुर्यात् । अपक्रामन्तु भूतानि पिशाचाः सर्वतोदिशम् । सर्वेषामविरोधेन पूजाकर्मसमारभे । इति भूतोत्सादनं कुर्यात् । आधारशक्तये । पृथिव्यै नमः, कमलासनाय नमः इत्यासनं संपूज्य पुनर्घ्यं संस्थाप्य कर्मपात्रं कृत्वा कुशत्रयसहितेन कर्मपात्रस्थजलेन—अपवित्रः पवित्रो वा॰ इति

आत्मानं पूजासामग्रोञ्च संप्रोक्ष्य यवकुशजलान्यादाय पूजा-संकल्पं कुर्यात् । ॐ विष्णुः ३ नमः परमात्मने श्रीपुराण-पुरुषोत्तमाय ॐ तत्सदत्र पृथिव्यां जन्बूद्वीपे भारतवर्षे भरत-खण्डे आर्य्यावर्ते पुण्यक्षेत्रे ब्रह्मणो द्वितीये परार्द्धे श्रीश्वेत-वाराहकल्पे सत्यत्रेताद्वापरान्ते वैवस्वतमन्वन्तरे, अष्टाविंश-तितमकलियुगस्य प्रथमे चरणे षट्याब्दानां मध्ये अमुकनाम संवत्सरे, अमुकायने, अमुकर्तौ, अमुकमासे, अमुकपक्षे, अमुकपुण्यतिथौ, अमुकवासरे, अमुकगोत्रा, अनुकनाम्नी देव्यहं त्रिविधतापनिवृत्त्यथम् आध्यात्मिकाधिदैविकाधि-भौतिकत्रिविधोन्नतिप्राप्तये तथा सदाशिवस्य परमसायुज्य-मुक्तिप्राप्तये सारोग्यायुर्वृद्धये विशेषतया श्रीस्वस्थानीदेवता-प्रीतये एभिः यथामिलितषोडशोपचारैः दीपकलशगणेशप्रधा-नाङ्गदेवतापूजनपूर्वकं श्री स्वस्थानीदेव्याः पूजनं करिष्ये ॥ इति संकल्प्य पीठपूजनं कुर्यात् । ॐ तीव्रायै नमः । ॐ ज्वालिन्यै नमः, ॐ नन्दायै नमः, ॐ भोगदायै नमः, ॐ कामरूपिण्यै नमः, ॐ सत्यायै नमः, ॐ उग्रायै नमः, ॐ तेजोवत्यै नमः, मध्ये—ॐ विघ्नविनाशिन्यै नमः, ॐ सर्व-शक्तिकमलासनायै नमः । पीठपूजां कृत्वा गणेशपूजा—गणानान्त्वा० इति आवाह्य पाद्यम्–गौरीप्रिय नमस्तेऽस्तु शंकरप्रिय सर्वदा । भक्त्या पाद्यं मया दत्तं गृहाण प्रणतप्रिय ॥ अर्घ्यम्–व्रतमुद्दिश्य देवेश गन्धपुष्पाक्षतैयुतम् । गृहाणार्घ्यं मया दत्तं सर्वसिद्धिप्रदो भव ॥ पञ्चामृत-स्नानम्–स्नानं पञ्चामृतैर्देव गृहाण गणनायक । अनाथनाथ सर्वज्ञ गीर्वाण-परिपूजित ॥ ततः सहस्रशीर्षा० इति मन्त्रेण शुद्धोदक-स्नानं, स्नानाङ्गमाचमनीयञ्च दत्त्वा वस्त्रम्–रक्तवस्त्रयुगं देव देवाङ्गसदृशप्रभम् । भक्त्या दत्तं गृहाणेदं लम्बोदर हरप्रिय ।

यज्ञोपवीतम्–राजतं ब्रह्मसूत्रञ्च काञ्चनस्योत्तरीयकम्। गृहाण चारु सर्वज्ञ भक्तानां सिद्धिदायक ॥ चन्दनम्—गन्धं कर्पूर-संयुक्तं दिव्यं चन्दनमुत्तमम् । विलेपनं सुरश्रेष्ठ प्रीत्यर्थं प्रतिगृह्यताम् ॥ अक्षताः–अक्षतान् धवलान् देव सुरगन्धर्वपूजित । सर्वदेव नमस्कार्य गृहाण मदनुग्रहात् ॥ पुष्पाणि–सुगन्धीनि सुपुष्पाणि मालत्यादिनि वै प्रभो । मयानीतानि पूजार्थं पुष्पाणि प्रतिगृह्यताम् । धूपम्—दशाङ्गं गुग्गुलं धूपं सुगन्धि सुमनोहरम् । उमासुत नमस्तुभ्यं धूपं मे प्रतिगृह्यताम् ॥ दीपम्–गृहाण मङ्गलं दीपं घृतवर्त्ति-समन्वितम् । दीपं ज्ञानप्रदं देव रुद्रप्रिय नमोऽस्तु ते ॥ नैवेद्यम्–सगुडान् सघृतांश्चैव मोदकान् घृतपाचितान् । नैवेद्यं सफलं दत्तं गृह्यतां विघ्ननाशन । इति मोदकं विनायकाय दद्यात् ॥ भूषणार्थे द्रव्यं समर्प्य ताम्बूलम्–पूगीफलसमायुक्तं नागवल्ली-दलैर्युतम् । कर्पूरादिसमायुक्तं ताम्बूलं प्रतिगृह्यताम् । दूर्वाङ्कुरान्–ॐ-काण्डात्काण्डात्प्ररोहन्ती परुषः परुषस्परि । एवनो दूर्वे प्रतनु सहस्रेण शतेन च ॥ इति दूर्वा समर्प्य प्रार्थनां कुर्यात्–रक्ष रक्ष गणाध्यक्ष त्र्यक्ष त्रैलोक्यरक्षक । भक्तानामभयं कर्त्ता त्राता भव भवार्णवात् ॥ द्वैमातुर कृपासिन्धो षाण्मातुर जगत-प्रभो ! वरदस्त्वं वरं देहि वाञ्छितं वाञ्छितार्थद ॥ अथ कलशपूजा । वस्त्रवेष्टितं कलशपात्रं धान्योपरि स्थापयेत् । भूमिस्पर्शः–ॐमहीद्यौः पृथिवी च न इमं यज्ञं मिमिक्षताम् ॥ पिपृतान्नो भरिमभिः ॥ अथ यवप्रक्षेपः—ॐ ओषधयः समवदन्त सोमेन सह राज्ञा। यस्मै कृणोतु ब्राह्मणस्त्व ६ राजन् पारयामसि। ततो जलेनापूरणम् । तत्र मन्त्रः—ॐ वरुणस्योत्तम्भनमसि वरुणस्य स्कंभसर्जनीस्थो वरुणस्य ऋतसदनमसि वरुणस्य ऋतसदनमासीद । अथ गन्धम्–ॐ गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् ।

ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ॥ ॐ काण्डा-त्काण्डादिति मन्त्रेण दूर्वा समर्पयेत् । अथ सर्वौषधीः हरिद्रां वा—ॐ या औषधीः पूर्वा जाता देवेभ्यस्त्रियुगं पुरा । मनैनु बभ्रूणामह ६ शतं धामानि सप्त च । अथ पूगीफलम्—याः फलिनीर्याऽअफलाऽअपुष्पा याश्च पुष्पिणी । बृहस्पतिप्रसूता-स्तानो मुञ्चन्त्व ६ हसः । अथ पञ्चपल्लवाः—अश्वत्थेवो निष दनं पर्णे वो वसतिष्कृता । गोभाजऽइत्किलासथ यत्सनवथ पूरुषम् । अथ सप्तमृदः—ॐ स्योना पृथिवी नो भवानृक्ष-रानिवेशनी यच्छानः शर्म्म सप्रथाः । अथ पञ्चरत्नानि—ॐ हिरण्यगर्भः० इति । तत्र तत्त्वायामि० इति वरुणं पूजयेत् । नैवेद्यं फलादिकञ्च दद्यात् । अथ कलशाभिमन्त्रणम्—कलशस्य मुखे विष्णुः कण्ठे रुद्रः समाश्रितः । मूले त्वस्य स्थितो ब्रह्मा मध्ये मातृगणः स्थितः । कुक्षौ तु सागरा सप्त सप्तद्वीपा वसुन्धरा । ऋग्वेदोऽथ यजुर्वेदः सामवेदोऽप्यथर्वणः । अंगैश्च सहिताः सर्वे कलशं तु समाश्रिताः ॥ अथ प्रार्थना—देवदानव-संवादे मथ्यमाने महोदधौ । उत्पन्नोऽसि तदा कुम्भ विधृतो विष्णुना स्वयम् । त्वत्तोये सर्वतीर्थानि देवाः सर्वे त्वयि स्थिताः ॥ त्वयि तिष्ठन्ति भूतानि त्वयि प्राणः प्रति-ष्ठिताः । शिवः स्वयं त्वमेवासि विष्णुस्त्वञ्च प्रजापतिः । आदित्या वसवो रुद्रा विश्वेदेवा मरुद्गणाः । त्वयि तिष्ठन्ति सर्वेऽपि यतः कामफलप्रदः । त्वत्प्रसादादिमं यज्ञं कर्तुमीहे जलोद्भव । सान्निध्यं कुरु मे देव प्रसन्नो भव सर्वदा ॥ ततः कलशस्कन्धप्रदेशे पूजयेत्—ॐ ब्रह्मणे नमः, ॐ विष्णवे नमः, ॐ शिवाय नमः, ॐ आदित्याय नमः, ॐ सोमाय नमः, ॐ भौमाय नम, ॐ बुधाय नमः, ॐ बृहस्पतये नमः, ॐ शुक्राय नमः, ॐ शनैश्चराय नमः, ॐ राहवे नमः, ॐ केतुभ्यो नमः, ॐ गरुडाय नमः, इति पाद्यादिभिः । सम्पूज्य,

श्री स्वस्थानी व्रत-कथा

पार्वतीले श्रीस्वस्थानी देवीको पूजा गर्दा महादेवले वरदान दिएको ।

ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ॥ ॐ काण्डा-त्काण्डादिति मन्त्रेण दूर्वां समर्पयेत् । अथ सर्वौषधीः हरिद्रां वा—ॐ या औषधीः पूर्वा जाता देवेभ्यस्त्रियुगं पुरा । मनैनु बभ्रूणामह ६ शतं धामानि सप्त च । अथ पूगीफलम्—याः फलिनीर्याऽअफलाऽअपुष्पा याश्च पुष्पिणी । बृहस्पतिप्रसूता-स्तानो मुञ्चत्व ६ हसः । अथ पञ्चपल्लवाः—अश्वत्थेवो निष दनं पर्णे वो वसतिष्कृता । गोभाजऽइत्किलासथ यत्सनवथ पूरुषम् । अथ सप्तमृदः—ॐ स्योना पृथिवी नो भवानृक्ष-रानिवेशनी यच्छानः शर्म्म सप्रथाः । अथ पञ्चरत्नानि—ॐ हिरण्यगर्भः० इति । तत्र तत्त्वायामि० इति वरुणं पूजयेत् । नैवेद्यं फलादिकञ्च दद्यात् । अथ कलशाभिमन्त्रणम्—कलशस्य मुखे विष्णुः कण्ठे रुद्रः समाश्रितः । मूले त्वस्य स्थितो ब्रह्मा मध्ये मातृगणः स्थितः । कुक्षौ तु सागरा सप्त सप्तद्वीपा वसुन्धरा । ऋग्वेदोऽथ यजुर्वेदः सामवेदोऽप्यथर्वणः । अंगैश्च सहिताः सर्वे कलशं तु समाश्रिताः ॥ अथ प्रार्थना—देवदानव-संवादे मथ्यमाने महोदधौ । उत्पन्नोऽसि तदा कुम्भ विधृतो विष्णुना स्वयम् । त्वत्तोये सर्वतीर्थानि देवाः सर्वे त्वयि स्थिताः ॥ त्वयि तिष्ठन्ति भूतानि त्वयि प्राणः प्रति-ष्ठिताः । शिवः स्वयं त्वमेवासि विष्णुस्त्वञ्च प्रजापतिः । आदित्या वसवो रुद्रा विश्वेदेवा मरुद्गणाः । त्वयि तिष्ठन्ति सर्वेऽपि यतः कामफलप्रदः । त्वत्प्रसादादिमं यज्ञं कर्तुमीहे जलोद्भव । सान्निध्यं कुरु मे देव प्रसन्नो भव सर्वदा ॥ ततः कलशस्कन्धप्रदेशे पूजयेत्—ॐ ब्रह्मणे नमः, ॐ विष्णवे नमः, ॐ शिवाय नमः, ॐ आदित्याय नमः, ॐ सोमाय नमः, ॐ भौमाय नम, ॐ बुधाय नमः, ॐ बृहस्पतये नमः, ॐ शुक्राय नमः, ॐ शनैश्चराय नमः, ॐ राहवे नमः, ॐ कुतुभ्यो नमः, ॐ गरुडाय नमः, इति पाद्यादिभिः । सम्पूज्य,

श्री स्वस्थानी व्रत-कथा

पार्वतीले श्रीस्वस्थानी देवीको पूजा गर्दा महादेवले वरदान दिएको ।

प्रार्थना—ब्रह्मा मुरारिस्त्रिपुरान्तकारी, भानुः शशी भूमिसुतो बुधश्च । गुरुश्च शुक्रः शनिराहुकेतवः सर्वे ग्रहाः शान्तिकरा भवन्तु ॥ सूर्य्यः शौर्य्यमथेन्दुरुच्चपदवीं सन्मङ्गलं मङ्गलः सद्बुद्धिं च बुधो गुरुश्च गुरुतां शुक्रः सुखं शं शनिः । राहुर्बाहुबलं करोतु सततं केतुः कुलस्योन्नतिं, नित्यं प्रीतिकरा भवन्तु मम ते सर्वेऽनुकूला ग्रहाः ।

॥ इति कलशपूजा ॥

अथ प्रधानदेवता-पूजनम्

प्रथमं वक्ष्यमाणन्यासं कुर्यात् । ॐ [1]देवीवरकामिन्यै हृदयाय नमः, ॐ मित्रबन्धनमदनायै शिरसे स्वाहा,[2] ॐ दिगम्बरधरणीधरण्यै कवचाय[3] हुं, ॐ चण्डमुण्डप्रमथिन्यै [4]नेत्रत्रयाय वौषट्, ॐ स्वस्थान्यै अस्त्राय [5]फट् । ततोऽर्घ्यपात्रस्थापनम् । तत्र धेनुमुद्रां प्रदर्शयेत् । ततः पुष्पाक्षतम् गृहीत्वा पूर्वादि दिशिक्रमेण इन्द्रादि दशदिक्पालस्य आवाहनं कुर्यात् । विष्णवे नमः शंकरेन्द्रसहिताय नमः[1] । उग्राय नमः । अपर्णाग्निसहिताय नमः[2] । कपर्दिने नमः । भवानीयमसहिताय नमः[3] । व्योमकेशाय नमः । भूतेशानमदनवासिनीनिशाकरसहिताय नमः[4] । उग्राय नमः । भवाय तोयान्नवरुणसहिताय नमः[5] । कृत्तिवाससे नमः। षड्रसायमंगलातिलसहिताय नमः[6] । चन्द्रशेखराय नमः । सतीदेवीधनपतिसहिताय नमः[7] । महेश्वराय नमः । सुभद्रेशानसहिताय नमः[8] । सर्वव्यापिन्यै नमः । स्वस्थानीदेवीशेषसहिताय नमः[9] । अन्तर्यामिण्यै नमः । ब्रह्मणे नमः[10] । गोमायै नमः[1] । शिवभट्टाय नमः[2] । बटुकाय नमः[3] । नष्टपापिन्यै नमः[4] । तत एतेषां पाद्यादिभिः पूजा विधेया । अथ बलिपूजा । असिताङ्गभैरवाय नमः । उन्मत्तभैरवाय नमः । कपालभैरवाय नमः । स्वस्थानीक्षेत्रपालाय नमः ॥ अथाष्टदलमध्ये पुष्पाक्षतं गृहीत्वा देवद्वारपूजा ।

नन्दिन्यै नमः। गुरुभ्यो नमः क्षेत्रपालाय नमः। नन्दिने नमः। महाकालाय नमः। चण्डिकायै नमः। सदाशिवाय नमः। श्रीस्वस्थानीदेव्यै नमः।

अथ सदाशिवसहित-श्रीस्वस्थानीदेव्याः पूजाविधिः। पुष्पाक्षतं गृहीत्वा ध्यानम्-सुवर्णवर्णदीप्ताभां त्रिनेत्रां कमलासनाम्। सिंहासनसमासीनां सर्वालङ्कारभूषिताम्! नीलोत्पलाभयां वामे दक्षिणे वरदाभयाम्। खड्गचर्मधराञ्चोर्ध्वं वामदक्षिणयोः क्रमात्। चतुर्भुजाञ्च मां तत्र पूजयेद् वृषकेतनाम्। एवं ध्यायेन्महादेवीं स्वस्थानीं जगदीश्वरीम्। सदाशिवसहितायै श्रीस्वस्थानीदेव्यै नमः। अथ प्रतिष्ठा—ॐ एतन्ते देव सवितर्यज्ञं प्राहुर्बृहस्पतये ब्रह्मणे। तेन यज्ञमवतेन यज्ञपतिं तेन मामव॥ मनोजूतिर्जुषतामाज्यस्य बृहस्पतिर्यज्ञमिमं तनोत्वरिष्टं यज्ञ ꣳ समिमं दधातु। विश्वेदेवा सऽइहमादयन्तामों प्रतिष्ठ, ॐ भूर्भुवः स्वः सदाशिवसहिते स्वस्थानीदेवि इहागच्छ इह तिष्ठ यावत्पूजां करोमि तावत्त्वं सुस्थिरा भव। अथ सहस्रशीर्षेति आवाहनम्। त्रैलोक्यचिन्तामण्यै नमः। चण्डमुण्डप्रमथिन्यै नमः। जयायै नमः। अजितायै नमः। श्रीस्वस्थानी देव्यै नमः। ॐ सदाशिवाय नमः। अथ पुरुष एवेत्यासनम्। अथ पाद्यम्—ॐ एतावानस्य०। अथ अर्घ्यम्—व्रतमुद्दिश्य देवेशि गन्धपुष्पाक्षतैर्युतम्। गृहाणार्घ्यं मया दत्तं सर्वसिद्धिप्रदा भव। (एवमग्रेऽपि वैदिक मन्त्राः) अथ स्नानम्—हिमदिक्षु सरोजातं निर्मलञ्च हिमोपमम्। स्नानं समर्पितं पूर्वं लक्ष्मि तुभ्यं नमोऽस्तु ते। श्री सदाशिवसहितायै स्वस्थानीदेव्यै नमः स्नानं समर्पयामि। ततः पञ्चामृतस्नानम्—पञ्चनद्यः सरस्वती०। पञ्चामृतस्नानान्तरं शुद्धोदकस्नानम्। आपोऽअस्मान्०। अथ वस्त्रम्—दुकूलपट्टदेवाङ्गं नानावस्त्रं सुशोभितम्। यावचन्द्रषु संस्थानं स्वर्गलोकं स गच्छति। श्रीसदाशिवसहितायै स्वस्थानी-

देव्यै नमः वस्त्रं समर्पयामि। अथ सदाशिवाय यज्ञोपवितम्—अष्टचत्वारिंशदाख्यं द्विजसंस्कारमुत्तमम्। नवसूत्रयुतं पूर्णं ब्रह्मसूत्रं प्रगृह्यताम्॥ अथ चन्दनम्—श्रीखण्डं चन्दनं दिव्यं सर्वारम्भसुमङ्गलम्। प्रियं हि सर्वदेवानां चन्दनं प्रतिगृह्यताम्। श्रीस्वस्थानीदेव्यै सिन्दूरं समर्पयेत्। अथ पुष्पाणि पुष्पमालाञ्च—उद्यानोद्भवपुष्पाणि मालत्यादीनि चेश्वरि! ममाऽऽनीतानि पूजार्थं शंकरि प्रतिगृह्यताम्। कालोचितं यथापुष्पं पञ्चवर्णैः सुगन्धिभिः। विचित्रग्रथितां मालां गृहाण परमेश्वरि! अथ कमलपुष्पाणि—पद्मञ्चसरसो जातं लक्ष्मीवासगृहं शुभम्। गृह्यतां त्वं जगन्नाथ, स्वस्थान्यम्ब प्रसीद मे॥ विल्वपत्राणि—त्रिदलं त्रिगुणाकारं त्रिनेत्रञ्च त्रयायुधम्। त्रिजन्मपापसंहारं विल्वपत्रं शिवार्पणम्॥ अथ दूर्वाक्षताः—दद्धक्ष्यतुसमायुक्ता अष्टोत्तरशतान्विताः। गृहाण दूर्वा ईशानि भुक्तिमुक्तिफलप्रदे॥ अथ सूत्रम्—नवतन्तुं समादाय कार्पासं सुमनोहरम्। सर्वपापविनाशाय स्वस्थान्यै तन्निवेदये॥ अथ धूपम्—वनस्पतिरसोत्पन्नो नानागन्धेन संयुतः। आघ्रयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम्॥ श्रीसदाशिव० धूपमाघ्रापयामि। अथ दीपम्—आज्यावर्ति-समायुक्तं वह्निना योजितं मया। दीपं गृहाण देवेशि सर्वत्र तिमिरापहम्। अथ नैवेद्यम्—घृतपक्वं हविष्यान्नं पायसं च सशर्करम्। नानाविधञ्च नैवेद्य गृह्यतां परमेश्वरि॥ अथ ताम्बूलम्—पूगीफलञ्च—पूगीफलसमायुक्तं नागवल्लीदलैर्युतम्। कर्पूरैलासमायुक्तं ताम्बूलं प्रतिगृह्यताम्॥ अथ फलम्—इदं फलं मया देवि कदलीपनसादिकम्। इक्ष्वादियुक्तं सरसं गृह्यतां परमेश्वरि॥ भूषणार्थं द्रव्यं समर्पयेत्। ॐ अक्षन्नमीमदन्तेति अक्षताः १०८। ॐ नमः शम्भवायेति यज्ञसूत्रम् १०८। ॐ नाभ्याऽआसीदिति नैवेद्यम् १०८। ताम्बूलम् १०८। पूगी-

फलम् १०८। लवङ्गादि सुगन्धिद्रव्यम् १०८। उपायनम् (भेटी) १०८। प्रदक्षिणा १०८। नीराजनार्थं वर्तिकाः १०८। ततः पुष्पाञ्जलिः—नमोऽस्तु ते महादेवि स्वस्थानि परमेश्वरि। त्रिलोकजननि नित्ये प्राणिनां पापहारिणि ! त्रिपुरघ्नं महादेव भक्तवत्सल विश्वकृत्। नमः करोमि देवेश ब्रह्ममाधववन्दित। अन्यत्र शरणं नास्ति युवां वै शरणं मम। तस्मात् कारुण्यभावेन रक्षतो परमेश्वरौ। अथ विशेषार्घ्यम्—स्वस्थानि देवि देवेशि पूजार्थं मम तारकम्। गृहाणार्घ्यं मया दत्तं प्रसीद परमेश्वरि॥ ततः पूर्णपात्रम्। अथ विसर्जनम्-यान्तु देवगणाःसर्वे पूजामादाय मामकीम्। इष्टकामप्रदानार्थं पुनरागमनाय च। ततो गोदानम्। अथ दक्षिणासंकल्पः—ॐअद्यकृतैतत्स्वस्थानीव्रतपूजाकथासाङ्गतासिद्ध्यर्थं यद्देयं तद्दैवतंयथानामगोत्रायेत्यादि पठित्वा कुर्यात्। ततः कायेन वाचा० इति पठित्वा प्रसादादिकं गृह्णीयात्।

इति श्रीस्वस्थानीदेवीपूजाविधिः समाप्तः।

•

माघशुक्ल पौर्णिमाका दिन श्रीस्वस्थानी परमेश्वरीको पूजालाई चाहिने

आवश्यक पूजा-सामग्री

आसन, थाली, पञ्चपात्र, अर्घ्यं, दीप, कलश, गणेश, कर्मपात्र, चन्दन, अक्षता, फूल, धूप, दीप, नैवेद्य, पञ्चामृत, वस्त्र, भेटी, जन, सुपारी, सिन्दूर, अबीर, पूर्णपात्र इत्यादि र रोटी—१०८। कुट्का सुपारी १०८। बेलीपुष्प—१०८। पान—१०८। यज्ञसूत्र—१०८। अक्षता—१०८। अरू फलफूल, नैवेद्यहरू यथाशक्ति। आर्सी (तामाको थाली) मा चन्दनले 'ॐ' कारसहित अष्टदल लेखी बालुवाको शिवलिङ्गनेर राख्नू र त्यसैमा पूजा गर्नू॥

•

॥ श्रीगणेशाय नमः ॥

अथ श्रीस्वस्थानी व्रतकथा

कैलासशिखरे रम्ये नानाधातुप्रशोभिते ।
कल्पवृक्षोद्यानयुक्ते कामधेनुविराजिते ॥१॥
चिन्तामण्यद्रिसंयुक्ते चाष्टसिद्धिसमन्विते ।
सुखासीनं जगन्नाथं ज्ञानमुद्रायुतं शिवम् ॥२॥
ब्रह्मेन्द्रविष्णुभिर्वन्द्यं सौम्यरूपधरं पतिम् ।
प्रणम्य शिरसाऽपृच्छत् पार्वती परमेश्वरी ॥३॥

॥ श्रीपार्वत्युवाच ॥

भक्तवत्सल सर्वज्ञ देवदेव जगत्पते !
ब्रूहि मे परमेशान ! व्रतं त्रैलोक्यदुर्लभम् ॥४॥
को धर्मः सर्वधर्माणां भवतः परमो मतः ।
सुरासुरास्तथा नागा महाचार्यास्तथासुराः ॥५॥
भ्रातरो विविधाः सन्ति तथाऽन्ये विविधा नराः ।
यद्वैधव्यवहारं पुण्यं स्वस्थानस्थिति-हेतुकम् ॥६॥

॥ श्रीसदाशिव उवाच ॥

साधु साधु महादेवि ! यत्त्वयाऽहं प्रबोधितः ।
संक्षेपेण प्रवक्ष्यामि बह्वर्थं व्रतमुत्तमम् ॥७॥
माघस्य पूर्णिमायां तु स्वस्थानीव्रतकं चरेत् ।
आवयोः पूजयेत् तत्र प्रतिमां मण्डले शुभे ॥८॥
चन्दनाक्षतपुष्पादि गृहीत्वा ध्यानमाचरेत् ।
सुवर्णवर्णदीप्ताभा त्रिनेत्रा कमलानना ॥९॥
सिंहासनसमासीना सर्वालंकारभूषिता
नीलोत्पलधरा वामे दक्षिणे वरदा शुभा

चर्मखड्गधरा चाऽथ वामदक्षिणयोः क्रमात् ॥१०॥
चतुर्भुजं तु तत्रैव पूजयेद् वृषकेतनम् ।
नीलोत्पलाभये वामे वरशूले च दक्षिणे ॥११॥
एवं ध्यात्वा महादेवमर्घ्यं चाथ प्रदापयेत् ।
अष्टोत्तरशतैः पुष्पैः फलधूपान्नचन्दनैः ॥१२॥
पूजयेद्वै महादेवौ जगतः परमेश्वरौ ।
ततो गोधूमचूर्णेन सतिलेन गुडेन च ॥१३॥
गर्भं कृत्वा तु पक्तव्यं सर्पिषाऽष्टोत्तरं शतम् ।
पूपकं परमेशानि तद्वै भक्त्या निवेदयेत् ॥१४॥
ततोऽष्टपूपं संगृह्य शुक्लवस्त्रेण वेष्टयेत् ।
पीतसूत्रेण संबद्ध्य पूजयेत् पतिबुद्धिना ॥१५॥
पत्ये दद्याद् भक्षणार्थं तदद्वा मित्रपुत्रयाः ।
एतान् न लभते या तु सा नद्यां वाहयेद् ध्रुवम् ॥१६॥
प्रदक्षिणीकृत्य तत आवां वै श्रद्धयाऽन्विता ।
ब्राह्मणान् भोजयित्वा तु दक्षिणां च प्रदापयेत् ॥१७॥
स्वयं शतं तु भोक्तव्यं रात्रौ जागरणं चरेत् ।
ततो विसर्जनं कृत्वा जले तन्मण्डलं क्षिपेत् ॥१८॥
वर्षे वर्षे व्रतं कुर्यात् स्वस्थानीनामकं शुभम् ।
एतद्व्रतफलं देवि ! संख्यातुं नैव शक्यते ॥१९॥
गोशतञ्च सहस्रञ्च परिष्कारविभूषितम् ।
कन्यादानान्नदानानां वाजिवारणकोटिशः ॥२०॥
वस्त्ररत्नमहादानं तिलकाञ्चनमेव च ।
राजसूयाश्वमेधाभ्यां यत्फलं समवाप्यते ॥२१॥
तत्सर्वं समवाप्नोति व्रतेनानेन सुन्दरि !
व्रतानां च शिरोरत्नं स्त्रीणां चैव विशेषतः ॥२२॥

त्रिवर्गं तु समागम्य प्राप्यते परमागतिः ।
इत्येतत् कथितं देवी ! किमन्यच्छ्रोतुमिच्छसि ॥२३॥

॥ श्रीपार्वत्युवाच ॥

तत्कथां श्रोतुमिच्छामि सर्वचेतोरमां शुभाम् ।
कथयस्व महादेव ! यदि योग्याऽस्ति मे प्रभो ! ॥२४॥

॥ श्रीसदाशिव उवाच ॥

साधु कृतं त्वया देवी ! तत्कथाश्रवणे मन : ।
तव प्रीत्यै प्रवक्ष्यामि सावधाना शृणु प्रिये ॥२५॥
पुरासीद् ब्रह्मपुर्यां वै शिवशर्मा महातपाः ।
षट्कर्मनिरतो विप्रः सर्वशास्त्रार्थपारगः ॥२६॥
पूर्वजन्मविपाकेन नाऽलभत् सन्ततिं द्विजः ।
तस्य पत्नी सती नाम्नी नित्यं या पतिदेवता ॥२७॥
विषण्णा ह्यतिदुःखेन पृच्छति ब्राह्मणी पतिम् ।
आजन्मपापिनी काऽहं न जाने किं मया कृतम् ॥२८॥
पुत्रः पुत्री न मे किंचिद् वृथा जन्म गतं मम ।
भार्यावचनमाकर्ण्य पतिः स्वास्यं जगाद ह ॥२९॥
एतस्मिन्नन्तरे काले जायापत्योः किलाऽग्रतः ।
तयोः पुण्यप्रभावेण तत्रैका गौः समागता ॥३०॥
गवा तयोरग्रतस्तु गोमयं व समुज्झितम् ।
समुत्पन्ना ततो दृष्टा कन्या रूपवती शुभा ॥३१॥
सर्वलक्षणसम्पूर्णाऽपत्यत्वेऽङ्गीकृता च सा ।
धनधान्यादिसम्पूर्णो लक्ष्मीवत्प्राप्य तां द्विज ॥३२॥
चकार शङ्खवाद्यादि मृदङ्गाह्लादमुत्सवम् ।
ददौ नाम यथान्यायं गोमया भट्टिनीति सः ॥३३॥
अनेकपुण्यकर्माणि तदादि स चकार ह ।
प्रत्यहं वर्धते कन्या शुक्लपक्षे शशी यथा ॥३४॥

तत्पुण्यधर्षिताः सर्वे त्रस्ताः शक्रादयः सुरा।
कैलासं तु समागम्य मां सर्वं ज्ञाप्य तत्त्वतः ॥३५॥
अभयं च मया दत्तं गच्छ शक्र यथासुखम्।
शक्रः स्वस्थानमायाती मयाऽऽज्ञप्तो विचक्षणः ॥३६॥
तत्कालेऽहं महादेवी ! बभ्राम भूमिमण्डले।
कपालिवेशो भिक्षार्थं तद्द्विजद्वारमागतः ॥३७॥
डमरुं वादयित्वा तु ययाचे विप्रमन्दिरे।
एतस्मिन्नन्तर काले सा कन्या गर्वगौरवात् ॥३८॥
तत्र वाद्यं न शुश्राव कुसुमैः क्रीडती स्थिता।
श्रुत्वा माता तु तच्छब्दं शीघ्रं कन्यां जगाद ह ॥३९॥
दीयतां तत्करे पुत्रि राशिरन्नस्य विद्यते।
मातुर्वचनमाकर्ण्य भिक्षां धृत्वाऽग्रतो गता ॥४०॥
भिक्षुरूपः क्रोधयुक्तः शापं तस्यै ददौ तदा।

॥ भिक्षुरुवाच ॥

त्वत्भिक्षां नैव गृह्णामि शृणु ब्राह्मणकन्यके !
अशीति वयसा वृद्धः पतिस्तव भविष्यति ॥४१॥
इति शापं ततः श्रुत्वा रुरोदातीव विह्वला।
धीमती जननी कन्यां सान्त्वयामास यत्नतः ॥४२॥
कालेनाल्पेन सा देवी गोमयोद्भवसुन्दरी।
गोमयेति च विख्याताऽभवत् सा दशवार्षिकी ॥४३॥
पतिं योग्यतरं तस्या गतो मार्गयितुं पिता।
द्विजो जामातृयोग्यो हि न प्राप्तः शिवशर्मणा ॥४४॥
विश्रान्तः स्वगृहं प्राप्य शिवशर्मा सुदुःखितः।
भिक्षुकस्य तु शापेन दैवेन प्रतिपादितः ॥४५॥
ब्राह्मणोऽतीव वृद्धश्च कन्या याचितुमागतः।
जटालम्बितचीर्थाङ्ग कम्पितश्चातिदुर्बलः ॥४६॥

श्री स्वस्थानी-भूगोल



पुस्तक पाइने ठेगाना :-

रत्न पुस्तक भण्डार

भोटाहिटी, काठमाडौं, नेपाल।

कुब्जः कुवेशो बधिरः पश्चिमे वयसि स्थितः ।
अन्यद्विजस्यालाभेन तस्य शापभयेन च ॥४७॥
पूर्वशापं चानुस्मृत्य तस्मै दुहितरं ददौ ।
कन्यादानञ्चकाराऽसौ शुभलग्ने शुभे दिने ॥४८॥
ततस्तु शिवभट्टेन पालितो दुहितुः पतिः ।
कालेन ज्वरपीडार्तः शिवशर्मा दिवं ययौ ॥४९॥
तत्पत्नी पतिना सार्द्धं सतीत्वं च समागता ।
गोमया चातिदुःखार्ता पतिना सह तिष्ठति ॥५०॥
क्लेशैर्युतातिमलिना भोक्तुं पातुं न विन्दति ।
तस्यां तु गर्भः संजातो हर्षशोकविवर्द्धनः ॥५१॥
सीमन्तोन्नयनं कृत्वा विप्रः प्रसवनादिकम् ।
एकमासावधिं कृत्वा भिक्षार्थं वृद्धब्राह्मणः ॥५२॥
पत्नीं प्रबोधयित्वा तु ततो देशान्तरं गतः ।
सशीतज्वरपीडार्तो ममारारण्यके द्विजः ॥५३॥
गोमया ब्राह्मणी सा च निर्जने निजमन्दिरे ।
स्थित्वा ग्राम्यजनेनैव पालिता पतिदेवता ॥५४॥
गोमया दशमे मासि सुषुवे तनयं शुभम् ।
द्विजश्रेष्ठैस्तस्य नाम नवराजेति कीर्तितम् ॥५५॥
याचितान्नेन सा माता कारयामास सत्कर्मैः ।
चूडाव्रतविवाहादिसर्वकार्याणि तस्य वै ॥५६॥
यौवनोद्भेदवयसि नवराजो द्विजोत्तमः ।
वसन् गृहेऽतिदुःखेन संयुतो मातृवत्सलः ॥५७॥
मातरं परिपप्रच्छ षोडशाब्दोऽतिसाहसी ।
भोऽम्ब तातोऽस्ति क्व गतः सत्यं कथय मा मृषा ॥५८॥
इति पुत्रवचः श्रुत्वा सा माता रुदती सती ।
जगाद वचनं पुत्र भर्तुश्चरितसंयुतम् ॥५९॥

त्वयि गर्भस्थिते पुत्र! तातस्ते भिक्षितुं गतः ।
क्व तिष्ठति न जानामि जीवितो वा मृतोऽथवा ॥६०॥
इति मातृवचः श्रुत्वा नवराजोऽतिधार्मिकः
अम्बामाश्वासयामास हेतुभिः शास्त्रबोधितैः ॥६१॥

॥ नवराज उवाच ॥

पित्रुद्देशे गमिष्यामि नवानुज्ञां विधाय च ।
पुत्रस्य परमो धर्मः पितृसेवापरो न हि ॥६२॥
जीविते वाक्यकरणात् क्षयाहे भूरिभोजनात् ।
गयायां पिण्डदानाच्च त्रिभिः पुत्रस्य पुत्रता ॥६३॥
एवं प्रबोध्य जननीमनुज्ञां प्राप्य स द्विजः ।
प्रबोध्य युवतिं भार्यां पाथेयं परिगृह्य च ॥६४॥
यात्रां स विधिना कृत्वा ततो देशान्तरं गतः ।
ग्रामाद्ग्रामान्तरं गच्छन् तातमन्वेषयन् द्विजः ॥६५॥
शुश्राव स ग्राम्यमुखान्निश्चितं पितरं मृतम् ।
रोरुदातीव्रदुःखार्तो हा तात जनकेति वै ॥६६॥
गङ्गातीरं ततो गत्वा चक्रे श्राद्धं विधानतः ।
अथ स्नुषा गोमयाथा दुःखात् पितृगृहं गता ॥६७॥
तदा सा गोमयोद्भूता ग्रामं तत्याज लज्जया ।
वस्त्रहीनाऽतिमलिना नदी-निकटवासिनी ॥६८॥
एरण्डपादपाकीर्णे तृणकुट्यन्तरे स्थिता ।
कोद्रवान्नं सदा भुक्त्वा सूत्रकर्त्तनकर्मतः ॥६९ ॥
कर्मणा सातिदुःखेन साध्वी कालं न्यवर्तयत् ।
तदा कैलासशिखरे लक्ष्मी देवी सरस्वती ॥७०॥
सर्वदेवगणैर्युक्ताश्चक्रुस्तद्व्रतमुत्तमम् ।
तत्र मर्त्योपदेशार्थं स्वाश्रमान्नारदो मुनिः ॥७१॥

आगतश्च मयाऽऽज्ञप्तो गच्छ लोकहिताय वै ।
एतद्यथा मर्त्यलोके संचारि स्यात्तथा कुरु ॥७२॥
इत्याज्ञां स मुनिः प्राप्य गतवान् मर्त्यविष्टपम् ।
पृथ्वीमण्डलमध्येऽथ दरिद्रः को भवेदिति ॥७३॥
चिन्तयामास तत्त्वज्ञः परोपकरणप्रियः ।
गोपालं परिपप्रच्छ को दरिद्रः क ईश्वरः ॥७४॥
गोपालस्तु ततो वाक्यमुवाच प्रान्तरे स्थितः ।
दुःखिनीनां न काप्यस्ति गोमयायाः परा भुवि ॥७५॥
गोपालवचनं श्रुत्वा गतस्तत्सन्निधौ मुनिः ।
ब्राह्मणीमाह्वयामास द्वारि स्थित्वा पुनः पुनः ॥७६॥
धर्मोपदेशं शृण्वस्ति स्वस्थानीव्रतमुत्तमम् ।
यथाविधानं वक्ष्यामि गोमये ! तद् व्रतं कुरु ॥७७॥
इत्युक्त्वा नारदो धीमानुवाच सकलं विधिम् ।
ततः साऽऽनन्दसंयुक्ता प्रणम्य मुनिसत्तमम् ॥७८॥
तस्मै पीठासनं दत्त्वा संवेश्य च गृहान्तरे ।
आतिथ्यं तस्य वै कर्तुं मनसा परिचिन्त्य सा ॥७९॥
गृहे च नाऽस्ति मे किंचित् किं करोमिति दुःखिता ।
कर्तितं सूत्रमादाय ताम्बूलाय जगाम ह ॥८०॥
ताम्बूलं पूगसहितं गृहीत्वा गृहमागता ।
तावदेव गृहे तस्य निधिं दत्त्वा गतो मुनिः ॥८१॥
ब्राह्मणी गृहमायाता न ददर्श मुनीश्वरम् ।
गृहसंमार्जनञ्चक्रे विषादेन युता सती ॥८२॥
भद्रपीठं समुत्थाप्य तत्र दृष्टो निधिस्ततः ।
व्रतोपदेशमात्रं वै नाऽयं दातुं मुनीश्वरः ॥८३॥
धर्मव्याजैर्निधिमपि मह्यं दातुं समागतः ।
इत्यानन्देन मनसा जग्राह निधिमुत्तमम् ॥८४॥

ततः सा तद् व्रतञ्चक्रे मुनिनाभिहितं यथा ।
पूपाष्टकं तु संस्थाप्य पुत्रागमनकांक्षया ॥८५॥
स्वयं शतं सा बुभुजे सीताक्षीरघृतैर्युतम् ।
तद्व्रतस्य प्रभावेण रात्रौ तत्पुत्र आगतः ॥८६॥
आशीर्भिरर्चयामास सूनुनाऽसौ नमस्कृता ।
पूपाष्टकं च पुत्राय ददौ सा गोमयोद्भवा ॥८७॥
दत्तं पूपं स बुभुजे सीताक्षीरघृतैर्युतम् ।
परस्परकथां कृत्वा ह्युभाभ्यां गमिता निशा ॥८८॥
प्रातस्ततः सा जननी नवराजमुवाच ह ।
गङ्गातीरे हि गत्वा त्वं स्नानं कुरु च पुत्रक ॥८९॥
ततो विश्वेश्वरं देव ध्यानेन परिचिन्तय ।
इति मातृवचः श्रुत्वा कृतगङ्गाप्लवो द्विजः ॥९०॥
कृत्वा वैश्वेश्वरीं पूजां महास्तोत्रमुवाच ह ।

यं व वेदो वेद नो नैव विष्णु-
र्नो वा वेधा नर्षयो नैव वाणी ॥
तं देवेशं मादृशः कोऽल्पबुद्धि-
र्याथार्थ्याद् वै वेत्त्यहो विश्वनाथम् ॥९१॥

श्रुत्वा स्तोत्रमिदं तुष्टो जगाद परमेश्वरः ॥९२॥
कालान्तरे च ते राज्यं नवराज भविष्यति ।
इत्युक्त्वा गोमयासूनुमन्तर्धानं गतः शिवः ॥९३॥
ब्राह्मणोऽपि वरम् प्राप्य जगाम स्वनिकेतनम् ।
एतस्मिन्नन्तरे काले लावण्याख्यपुरीश्वरः ॥९४॥
मृतः कालवशेनैव राजा पुत्रादिवर्जितः ।
तस्मिन्देशे गजेन्द्रेण कश्चिद् राजा विधीयते ॥९५॥
इति श्रुत्वा देशदेशादागता लोकपङ्क्तयः ।
वस्त्रालङ्कारसम्पूर्णा नानाशोभासमन्विताः ॥९६॥

स्थिताः लावण्यपथ्यासु राज्यलाभेन वै नराः ।
गोमया साऽपि लोभेन सपुत्रा स्वगृहाद्ययौ ॥९७॥
सपुत्रा लज्जया सा वै सन्तस्थौ गृहकोणतः ।
सजलं स्वर्णकुम्भञ्च गृहीत्वा राजमार्गतः ॥९८॥
तेषु सर्वेषु तिष्ठत्सु गजेन्द्रोऽन्वेषयन्नरान् ।
गृहकोणगतः सो वै नवराजः समातृकः ॥९९॥
स्नापितस्तज्जलेनैव स्वस्कन्धे स्थापितस्तदा ।
राजगृहं स नीतश्च दोलया तत्प्रसूरपि ॥१००॥
पुरोहितादयश्चक्रुः सर्वे तस्याभिषेचनम् ।
वीणामृदङ्गपटहशङ्खदुन्दुभिनिस्वनैः ॥१०१॥
लावापुष्पादिसिन्दूरैर्युक्तं प्राप्य महोत्सवम् ।
नवराजोतीवहृष्टः सिंहासनगतः प्रभुः ॥१०२॥
मातरं परिपप्रच्छ प्रिया मे क्व गतेति वै ।
स्वस्थानीं सा न जानाति सर्वदुःखविनाशिनीम् ॥१०३॥
त्वत्प्रसादेन भूपोऽहं जातो वै त्वत्प्रभावतः ।
महद् दुःखं तया प्राप्तमित्युक्त्वा मातरम्प्रति ॥१०४॥
प्रियायै प्रेषयद्दोलां गतास्तस्याज्ञया जनाः ।
ददृशुस्तां स्त्रियं ते वै नदीतीरनिवासिनीम् ॥१०५॥
ततोऽपृच्छन् हि का त्वं भो नवराजप्रिया कुतः ?
तैः पृष्टा सा चारुनेत्रा कथयामास भारिकान् ॥१०६॥
पत्न्यहं नवराजस्य परमप्रीतिदायिनी ।
गोमया पतिमाता च गच्छामो यत्र मत्प्रभुः ॥१०७॥
तस्यास्तद्वचनं श्रुत्वा भटास्ते हर्षसंयुताः ।
दोलायां स्थापयित्वा तां प्रेषयामासुरादृताः ॥१०८॥
तैर्भारवाहकैः सर्वैर्दोला नीता नदीतटे ।
अप्सरोभिः कृतं तत्र ददृशुस्ते व्रतोत्तमम् ॥१०९॥

तद्दृष्ट्वा भारिकाः सर्वे तामाश्वस्य गतास्ततः ।
यत्राप्सरोगणः सर्वः स्वस्थानीव्रतमादृतम् ॥११०॥
॥ भारिका ऊचुः ॥
भो भो देव्यः किमेतद्ध क्रियते व्रतमुत्तमम् ।
॥ अप्सरस ऊचुः ॥
स्वस्थानीव्रतमेतद्धि सर्वकामफलप्रदम् ॥१११॥
एतद्व्रतप्रभावेण स्वर्गलोके महीयते ।
इति श्रुत्वा भारिकास्ते पुष्पादीनि प्रयाच्य वै ॥११२॥
अप्सरोभिः सहैवाऽत्र स्वस्थान्ताश्चक्रिरे व्रतम् ।
पुनस्तत्र समायाता यत्र सा भोगिनी स्थिता ॥११३॥
ततोऽतीव प्रक्रुद्धासीद्विलम्बेन च सा प्रिये ।
साऽपूपतिलकान्दृष्ट्वाभारवाहान्मुदान्वितान् ॥११४॥
सपुष्पफलहस्ताब्जानाह तान् पापिनी वधूः ।
भारवाहा विलम्बो हि युष्माभिः क्रियते कुतः ॥११५॥
इति श्रुत्वा भारवाहा विज्ञप्तिं चक्रिरे मुदा ।
अप्सरोभिः कृतं चैव नानाकामप्रदं शुभम् ॥११६॥
स्वस्थान्याश्च व्रतं दृष्ट्वा नः श्रद्धा समयाजत ।
फलाभिलाषुभिश्चैव ह्यस्माभिरपि तत्कृतम् ॥११७॥
भवदर्थम् पुष्पफलं समानीतं गृहाण भो !
एतच्छ्रुत्वा वाहवाक्यं क्रुद्धातीवावदत्तदा ॥११८॥
स्वस्थानी का मयाऽद्याऽपि वेदे लोके च न श्रुता ।
इति वज्रसमं वाक्यमुक्त्वा सा पापिनी तदा ॥११९॥
तद्दत्तपुष्पफलयोश्चक्रे सा क्षेपणं रुषा ।
तस्यास्तत्कर्म दोलायां दृष्ट्वा संस्थाप्य पापिनीम् ॥१२०॥
निन्युर्मार्गेण त्वरया भारवाहा भयान्विताः ।
अथ तत्र समायाताऽल्पजला सुगमा नदी ॥१२१॥

ते तां हि पापिनीं निन्युर्नदीं तर्तुं यदा प्रिये !
तदा प्रलयवन्मेघा गर्जनं चक्रिरेऽम्बदाः ॥१२२॥
पपात वातवेगेन नदीमध्ये च पापिनी ।
साऽदृष्टा पापिनी जाता गलत्कुष्ठेन संयुता ॥१२३॥
तद्व्रतस्य प्रभावेण वाहकास्ते दिवङ्गताः ।
तत्पापिनीस्पर्शभीत्या जलम् पातालमाश्रितम् ॥१२४॥
संकटं कर्दमं तत्र दृश्यते पथिकैः सदा ।
तत्र द्वादशवर्षाणि कर्दमे पापिनी स्थिता ॥१२५॥
ततो वंशादिभिस्तद्धि शोधितं कर्दमं जनैः ।
तदा वंशाग्रसंलग्ना प्रोत्प्लुत्य पापिनी गता ॥१२६॥
कुशस्थाने च पतिता संकटे दैवयोगतः ।
सर्वदा सा ज्वलद्वह्निज्वालया परिपीडिता ॥१२७॥
ततः स नवराजो हि मातरं प्रति चोक्तवान् ।
राजलक्ष्मीश्च सम्प्राप्तेयन्ते मातः प्रसादतः ॥१२८॥
सर्वदानं करिष्येऽतो ब्राह्मणेभ्यश्च श्रद्धया ।
इत्युक्त्वा देशदेशाच्च ब्राह्मणाः सन्निमन्त्रिताः ॥१२९॥
कपिलः शिष्यसंयुक्तस्तदुद्दिश्य जगाम सः ।
मुनिना कपिलेनाथो दृष्टा सा पापिनी तदा ॥१३०॥
मुनिना परिपृष्टा सा दग्धकाष्ठाकृतिर्वधूः ।
किं कुलं केन पापेन चेदृशी ते दशाऽधुना ॥१३१॥
मुनेस्तद्वचनं श्रुत्वा पापिनी वाक्यमब्रवीत् ।
जात्याऽहं ब्राह्मणी विप्र स्वस्थाव्रतनिन्दया ॥१३२॥
क्षुधा मां बाधते विद्वन् भुक्तशेषमिहानय ।
तेनैव मे क्षुधा शान्तिरित्येवं प्रार्थयाम्यहम् ॥१३३॥
ओमित्युक्त्वा गतो विप्रो नवराजनिवेशनम् ।
तत्र भुक्त्वा महद्भोज्यं दानादि प्राप्य वै ततः ॥१३४॥

सर्वे द्विजा गता गेहान् स्वान्स्वानेव मुदान्विताः ।
मुनिना याचितुं नैव शक्यते लज्जया तदा ॥१३५॥
इतस्ततो भ्रमन् विप्रो नवराजनृपाङ्गणे ।
मात्रा नृपस्य दृष्टः स ततो जिज्ञासितो द्विजः ॥१३६॥
नृपमात्रा मुनिः पृष्टः किं कार्य्यं भवतस्त्विह ।
तेन चोक्तं पदार्थं च याच्यते भोज्यमात्रकम् ॥१३७॥
भाण्डारिका इति श्रुत्वा दातुं भाण्डगृहं ययुः ।
पक्वान्नादिप्रपूर्णं तद्व्रतनिन्दाप्रभावतः ॥१३८॥
रिक्तं भाण्डगृहं जातं सर्वे दृष्ट्वा हि सत्रपाः ।
नृपमात्रे परावृत्य तेऽवदन् सर्वमेव हि ॥१३९॥
सोवाच तद्वचः श्रुत्वा दीयतां भोज्यमात्रकम् ।
तस्यास्तद्वचनं श्रुत्वा कृतवन्तस्तथैव ते ॥१४०॥
नूतने मृण्मये भाण्डे कृत्वा भोज्यं त्वरान्वितः ।
मुनिर्गतश्च पापेन युक्ता सा यत्र तिष्ठति ॥१४१॥

॥ श्रीविष्णुरुवाच ॥

स्वस्थानीपरमेश्वर्या विधिवद्व्रतमाचर ।
तेन स्वस्थानलाभस्ते भविष्यति न संशयः ॥१४२॥
इत्युक्त्वान्तर्हिता देवी वैष्णवी कामरूपिणी ।
तथा कृतं व्रतं सर्वं तथा देव्या प्रभाषितम् ॥१४३॥
दधिपूपे तथा देव्या ह्यमाप्ते व्रतकर्मणि ।
शर्करायास्ततोऽपूपं नदीपङ्कस्य वै दधि ॥१४४॥
कृत्वा समर्पितं बद्ध्वा तद् द्वयं सत्यतां गतम् ।
अष्टपूपं ससूत्रादि नमस्कृत्य पुनः पुनः ॥१४५॥
नद्यां क्षिप्तं तया शीघ्रं तत्स्पर्शं प्राप्य नागिनी ।
अष्टोत्तरशतं वर्षं पुरुषेण विवर्जिता ॥१४६॥
नागेन मिलिता या च तत्पूपस्पर्शनादिभिः ।

श्री स्वस्थानी व्रत-कथा

श्री स्वस्थानी देवी का आठ स्वरूप

अष्टासु च दलेष्वेव मातृकाष्टस्थितास्तथा ।
खड्गं त्रिशूलं चोर्ध्वञ्च अधश्चाभय मुत्पलम् ।।
चतुर्भुजा त्रिनेत्रा च सर्वालङ्कार-भूषिता ।
सुवर्णवद्विकासाभा स्वस्थानी जगदीश्वरी ।।

सर्वपापैर्विनिर्मुक्ता बभूवाऽतीव सुन्दरी ॥१४७॥
आशिषं च ददौ तस्यै नागकन्याऽतिविस्मिता ।
ततो बभूव सा पाप महालक्ष्मी स्वरूपिणी ॥१४८॥
केनाप्यागत्य राज्ञेऽथ कथिता सुन्दरी-कथा ।
पथिकस्य वचः श्रुत्वाऽनुचरा प्रेषिताः पुनः ॥१४९॥
नाना वाद्यादिघोषेण वेदघोषेण वै ततः ।
स्वीये गृहे समायाता नवराजस्य भोगिनी ॥१५०॥
गोमयायाः पदद्वन्द्वं सुन्दरी प्रणनाम सा ।
माता पत्न्या ससंयुक्तो नवराजो नराधिपः ॥१५१॥
प्राप्तं निष्कण्टकं राज्यं बुभुजे सर्वसम्मतम् ।
स्वस्थानीपरमेश्वर्याः कथां श्रुत्वा च श्रद्धया ॥१५२॥
अपुत्रा पुत्रमाप्नोति पत्युः प्रीतिं च विन्दति ।
कथाश्रवणमात्रेण हयमेधफलं लभेत् ॥१५३॥

इति श्रीपद्मपुराणे पार्वतीसदाशिवसंवादे
स्वस्थानीव्रत-कथा समाप्ता

श्रीगणेशाय नमः ॥ श्रीसरस्वत्यै नमः ॥
॥ श्रीस्वस्थानीपरमेश्वर्यै नमः ॥

अथः

श्रीस्वस्थानीपरमेश्वरीव्रतकथा

यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवै-
र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ।
ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो
यस्याऽन्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ॥१॥
श्रीमच्चन्दनचर्चितोज्ज्वलवपुः शुक्लाम्बरा मल्लिका-
मालालंकृतकुण्डला प्रविलसन्मुक्तावलीशोभिता ।
सर्वज्ञाननिदानपुस्तकधरा रुद्राक्षमालाकरा
वाक्देवीवदनाम्बुजे वसतु मे त्रैलोक्यमाता चिरम् ॥२॥
मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमानन्द माधवम् ॥३॥
नमो भगवते तस्मै व्यासायामिततेजसे ।
यस्य प्रसादाद्वक्ष्यामि नारायणकथामिमाम् ॥४॥
नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ॥५॥

❀ चन्दन अक्षता फूल लिएर पुष्पाञ्जलि गर्नू ।

श्रीस्वस्थानी व्रत-कथा



पार्वतीले श्रीस्वस्थानी देवीको पूजा गर्दा महादेवले वरदान दिएको ।

अथ कथा प्रारम्भः

प्रथम अध्याय

(कुमारजीले अगस्त्य मुनिलाई कथा सुनाएको)

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि ! परब्रह्मकी मायामयी शक्ति-स्वरूपिणी महाप्रकृति देवीका विशाल गर्भमा अनन्तकोटि ब्रह्माण्डहरू कति उत्पन्न हुन्छन् कति विलीन हुन्छन् यसको केही पारावारै छैन । तिनै ब्रह्माण्डहरूमध्ये यो पनि कुनै एउटा ब्रह्माण्ड हो, जसमा हामीहरू जन्मन्छौं, फेरि बिलाउँछौं पनि । यस्तो महत्त्वपूर्ण ब्रह्माण्डका

विषयमा जिज्ञासा हुनु एक संभवनीय कुरा हो। तसर्थ यसको स्वरूप कस्तो छ, कति ठूलो छ, यहाँ के के वस्तु पाइन्छ, यो बनेको कति वर्ष भयो, यसको आयुष्य बाँकी कति छ, कसरी यो आखिरमा बिलाउँछ भन्ने इत्यादि कुरामा विचारवान् पुरुषको उत्पन्न भइरहेको इच्छा पूर्ण गराउन सके जगत्ले मागेको कुरा पूरा हुन जाँदा श्रोतालाई पनि भारी सन्तोष हुन जानेछ। यो कुनै मामूली कुरा होइन, तसर्थ खालि अडकल र अडकलपच्चू कुराका भरमा यसको तत्त्व निर्णय गर्नु हुँदैन, किन्तु, सर्वविद् योगीहरूले बनाएका शास्त्रका भरमा नै निर्णय गर्नु असल हो, किनभने साधारण मानिसका बुद्धिबाट यस अपरिमेयको परिमाण सर्वथा पत्ता लाग्न सक्दैन। तसर्थ यसको स्वरूप पहिचान गर्न सबभन्दा पहिले वेद र वैदिक शास्त्रको सहायता लिनु अत्यन्तै आवश्यक छ। तसर्थ वेद, पुराण, दर्शन, धर्मशास्त्रतिर आँखा लगाउने हो भने अघि यो संसार पद्मकल्पमा जलमय छँदा योगनिद्रामा निदाएका परब्रह्मस्वरूप विष्णुका नाभिदेखि सहस्र दल कमल उत्पन्न भयो। त्यसै कमलमा ब्रह्मा बसी संसार सृष्टि गर्न विचार गर्दा भए। त्यसै बखतमा

विष्णुका कानेगुजीदेखि बड़ा वीर पराक्रमी मधु र कैटभ भन्ने नाम गरेका दुइ दैत्य उत्पन्न भए। मधु-कैटभ दैत्यले कहाँ के छ भनी जलमय संसार-मा भ्रमण गर्दा ब्रह्मा बसेको सहस्र दल कमलनेर पुगी कमलको डाँठ देखे र कमलको डाँठ समाती माथि गई ब्रह्मालाई देखे र ती ब्रह्मालाई खसाल्न तैयार भए। तब ब्रह्मा डराई योगमायाको आराधना गरे र योगमाया प्रकट भइन्। योगमाया प्रकट भएपछि बिन्ती गरे कि—"हे ईश्वरी ! विष्णुलाई जागा गराइदिनुहोस्" भन्ने ब्रह्माको वचन सुनी योगमायाले श्री विष्णुलाई जागा गराइन्। श्री विष्णु जागा भएर मधु र कैटभलाई देखी क्रोधले चाँडै युद्ध गर्न अगि सरे। दिव्य पाँच हजार वर्षसम्म जलमा युद्ध गरे तैपनि मधु-कैटभ दैत्यलाई जित्न सकेनन् र—"हे दैत्यहो ! तिमीहरू बड़ा पराक्रमी रहेछौ, म सन्तोष भएँ, वरदान माग" भनी विष्णुले आज्ञा गरे। त्यो आज्ञा सुनी मधु-कैटभ दैत्यले अहङ्कार गरी भने—'हे विष्णु ! युद्धमा तिमीलाई हामीले जित्यौं, तिमी के वरदान देउला, बरु तिम्रो इच्छा भएको वर हामीसँग माग" भने। यस्ता मधु-कैटभका वचन सुनी विष्णु आज्ञा गर्नुहुन्छ—

"म वर ता माग्दछु, तर वाचा गर" भने र मधु-कैटभ दैत्यले—"तिमीले मागेको हामी अवश्य दिऔंला" भनी वाचा गरे। तब विष्णु आज्ञा गर्दछन्—"हे दैत्यहो, अरू थोक के वर मागूँ, तिमी दुवैलाई मार्छु, मेरा हातदेखि मर।" यस्ता विष्णुका वचन सुनी मधु-कैटभ दैत्यले भने—"हे विष्णु ! तिमीले कपट गरी वर माग्यौ, तर हामीले वाचा गरेको छ, दिन्छौं। अब के गरौं भनी मनमा

विचार गरी सब जलमय संसार देखी विष्णुसँग भने—"हे विष्णु ! हामीलाई जल नभएको ठाउँमा

मार !" यति दैत्यले भनेको सुनी विष्णुले ती दुवै दैत्यलाई काखमा लिई हेलैसित मारे । तिनै दैत्यको बोसो शीतकालमा तुषारले पानी जमेझैं समुद्रको जलमा जमी पृथ्वी भइन् । मासुले पर्वत भए । हाड़ले पत्थर भए । त्यो देखी ब्रह्माले अब सृष्टि गरूँ भनी सबभन्दा पहिले चौध लोक भएको भुवन सृष्टि गरे । एउटा ब्रह्माण्डका मुख्य १४ भाग हुन्छन् भन्ने भनाइ सबैको एकैनासको पाइन्छ ।

विराट् ब्रह्मको वर्णनतर्फ ध्यान दिएको खण्डमा ब्रह्माण्डको बनावट जस्तो मानिसको शरीरको बनावट छ उस्तै छ । मनुष्य शरीरको मेरुदण्ड जस्तै ब्रह्माण्ड शरीरको पनि मेरुदण्ड हुन्छ, त्यसैलाई शास्त्रकारहरूले सुमेरु पर्वत भन्ने गौणीवृत्तिका आधारमा नाउँ राखेका हुन् । जस्तै—मेरुदण्डका आधारमा मनुष्यको शरीर ठडिन्छ त्यस्तै सुमेरुका भरमा ब्रह्माण्ड शरीर खडा हुन्छ । मेरुदण्ड हाडका तरीहरूको जोर्नीबाट बनेको हुन्छ । तरीलाई पर्व भन्छन्, तसर्थ तरी भएका मेरुदण्डलाई पर्वत भन्दछन् भन्ने नाम व्याकरणको "तप्पर्वमरुद्भ्याम्" यस अनुशासनअनुसार भएको हो, अतएव मेरुदण्डलाई मेरुपर्वत भन्नु कुनै अनुशासन-विरुद्ध कुरा

होइन । यसै विज्ञानका आधारमा ब्रह्माण्ड शरीर खडा पार्ने मध्य भागका दैवी पर्वहरूको सन्धि भएका स्थान-विशेषलाई मेरु पर्वत सुमेरु पर्वत भनेको हो । यहाँ सुमेरु ब्रह्माण्ड शरीरको मेरुदण्ड या रीढ अथवा डँडालनु हो । यो ब्रह्माण्ड शरीरको माझमा पर्दछ । यसैको आधारमा ब्रह्माण्ड शरीर उभिन्छ । दैवी जगत्को महिमा अवर्णनीय हुनाले यसलाई सुनको पर्वत हेमाद्रि इत्यादि शोभायुक्त वर्णनद्वारा प्रशंसा गरिन्छ । भूलोकभन्दा केही तल-देखि स्वर्गलोकभन्दा केही माथिसम्म यस सुमेरु-को विस्तार छ । जस्तै–हिमालय, विन्ध्याचल आदि पर्वतले धरालाई दृढ़ बनाउँछन् त्यस्तै मेरुले पनि ब्रह्माण्डलाई दृढ पार्छ । तर यी स्थूल पर्वत हुन् । यो सूक्ष्म छ । यसैका भरमा ब्रह्माण्डलाई १४ भागमा विभक्त गरेको छ । यिनै चौध अङ्का नाम यी हुन्; जस्तै :—भूर्लोक–१, भुवर्लोक–२, स्वर्लोक–३, महर्लोक–४, जनलोक–५, तपोलोक–६, सत्यलोक–७। अतल–१, वितल–२, सुतल–३, तलातल–४, महातल–५, रसातल–६, पाताल–७। यिनमध्ये तल्ला सात लोकमा इन्द्रिय-संबन्धी सुख स्वर्गमा भन्दा पनि ज्यादा हुन्छ, यिनै लोकलाई

बिलस्वर्ग पनि भन्दछन्, तसर्थ त्यहाँ इन्द्रिय सुखका लालची दैत्य दानव नागहरू स्वतन्त्र सुखमा मग्न भएर बस्दछन् । प्रायशः तिनीहरू दैवी प्रकृतिका विरुद्ध आसुरी प्रकृतिका हुन्छन् । अतः आफ्ना आफ्ना प्रकृतिअनुसारको भोग भोग्न स्वभावैले अधोलोकमा रतिन्छन् । माथिल्ला ७ लोकमध्ये भूर्लोक र भुवर्लोकलाई भौम-स्वर्ग पनि भन्दछन् । विलस्वर्ग र दिव्य स्वर्गका बीचमा भएको यस भौम स्वर्गलाई मध्यम श्रेणीको स्वर्ग पनि भन्दछन् । यसै भौमस्वर्गका पेटमा पृथ्वी, सूर्य, चन्द्र, नक्षत्र, ध्रुव इत्यादि स्थूल लोक रहेका छन् भन्ने शास्त्रको सिद्धान्त छ । यसमाथिको लोकलाई दिव्य स्वर्ग पनि भन्दछन्, जसमा महेन्द्रको राज्य छ । उसैले यो माहेन्द्र स्वर्गले समेत पुकारिन्छ । यसभन्दा माथिल्लो लोकलाई महर्लोक भन्दछन्, यसैलाई प्राजापात्य स्वर्ग पनि भन्दछन् । त्यसभन्दा माथि ब्राह्म स्वर्ग आउँछ । ब्राह्मस्वर्गमा तीनलोक–जनलोक, तपोलोक, सत्यलोक पर्दछन् । भौम स्वर्गभन्दा माथिल्ला तीन लोकमध्ये स्वर्लोक दिव्य स्वर्ग हो । महर्लोक प्राजापत्य स्वर्ग हो । जनलोक, तपोलोक, सत्यलोक, ब्राह्मस्वर्ग हो । यी

दिव्य प्राजापत्य ब्राह्मस्वर्गमा सात्त्विक प्रकृतिका उन्नत स्वभावका विशाल विचार भएका महान् पुण्यात्मा पुरुषहरू पुण्यको तारतम्यानुसार क्रमशः माथिल्ला माथिल्ला लोकमा रहन्छन् । यसको वर्णन पातञ्जल योगदर्शनमा गरिएको छ । अवीची नरकदेखि मेरुपृष्ठसम्मको स्थानलाई भूर्लोक भन्द-छन् । मेरुपृष्ठमाथि ध्रुवसम्म ग्रह नक्षत्र ताराहरू रहने ठाउँलाई अन्तरिक्ष स्थान अथवा भुवर्लोक भन्दछन् । भुवर्लोकमाथि माहेन्द्र स्वर्ग, उसमाथि प्राजापत्य स्वर्ग, त्यसभन्दा माथि ब्राह्मस्वर्ग छ भनेर लेखिसकियो । भौमस्वर्गका अर्थात् भूर्लोक र भुवर्लोककै भित्र यो हाम्रो पृथ्वी छ, जसलाई 'दुनियाँ' भन्दछन्, कोही 'वर्ल्ड' भन्दछन्, कोही 'संसार' भन्दछन् त कोही 'भूगोल' भन्दछन् । आफ्नो वातावरणसहित यल्लाई "भूर्लोक" भनेर शास्त्रले मानेको छ । यसै भूर्लोकलाई पनि शास्त्रमा सात भाग लगाएको छ । तिनै सात भागलाई सात द्वीप भन्दछन् । सात भाग छुट्ट्याउने सीमामा सातवटा समुद्र छन्, यिनै समुद्रलाई सात समुद्र भन्दछन् । यो द्वीपको र समुद्रको भाग खेतका गरा छुट्टिएझैं छुट्टिएको छैन । किन्तु बन्दकोपीका पात

झैँ थोटाले अर्कोलाई घेरेको हुन्छ । सात द्वीपमध्ये सबैका माझमा रहेको र स्थूलरूप भएको हुनाले देखिएको यो अर्थात् जसमा हामी छौँ यो जम्बूद्वीप हो । यसलाई क्षार समुद्रले चारैतिरबाट घेरेको छ । त्यसपछि त्यसैका वरिपरि प्लक्ष द्वीप छ। त्यसलाई इक्षु समुद्रले घेरेको छ । त्यसपछि कुशद्वीप छ । कुशद्वीपलाई घृत समुद्रले घेरेको छ । अनि क्रौञ्च द्वीप र उसका चारैतिर दधि समुद्र छ । त्यसपछि-को शाक द्वीपलाई दूध समुद्रले घेरेको छ। आखिर-को पुष्कर द्वीप हो । त्यसलाई जलसमुद्रले घेरेको छ । यी द्वीपहरूमा सबभन्दा सानो बीचको जम्बू द्वीप हो । त्यसलाई घेरेको समुद्र पनि सानै छ । उसभन्दा बाहिरको प्लक्ष द्वीप उभन्दा दुगुना ठूलो छ । यही प्रकारले द्वीप र समुद्रहरू उत्तरोत्तर बढ्दै गएका छन् । यसरी ७ द्वीप र सात समुद्रले घेरेको अथवा भरिएको पूरा स्थानलाई भूर्लोक भन्दछन् । भूर्लोक, भुवर्लोक र स्वर्गलोक बराबर परिमाणका छन्। यी तीन लोक माथिका चार लोक-भन्दा ठूला छन् । भूर्लोकको र यस मृत्युलोकको साक्षात् सम्बन्ध छ । यसको मानचित्र केही देखाएर सकियो। अरू पनि देखाइन्छ। सात समुद्रहरू छँदै

छन् । पुराणमा झुट्टा गफ मात्र बयान गरेको हो भन्ने शङ्का धेरैजसो गर्दछन्, त्यो तिनीहरूको भूल हो, किनभने यी समुद्रहरू प्रशान्त महासागर, अन्ध-महासागर जस्ता सागर होइनन्, किन्तु अन्तरिक्ष-का विभिन्न सामग्रीबाट बनेका वातावरणरूपी समुद्र हुन् । गोभीका पात झैं उसका माथि उ उसका माथि उ बेरिएका हुन्छन् । यसै जम्बूद्वीपलाई 'भारतवर्ष' पनि भन्दछन् । अर्थात् आजकलको भूगोलद्वारा हामीहरू जुन पृथ्वी जान्दछौं त्यही 'भारतवर्ष हो । जसलाई अचेल भारतवर्ष भन्द-छन्, त्यो त भारत द्वीप हो, त्यसलाई 'हिमवर्ष' भन्दछन् । यसै भारतलाई नै हिजोआज हिन्दुस्थान पनि भन्दछन् । यसै जम्बूद्वीपरूपी भारतवर्ष भन्ने दोस्रा नाउँ भएका भूमिका उँधोपट्टि पानीको उँभो-पट्टि त्रिलोकी अर्थात् भूर्लोक, भुवर्लोक र स्वर्लोकभै भित्र भूर्लोकका दक्षिणपट्टिका कछारमा पितृलोक, प्रेतलोक, नरकलोक यी तीनवटा लोकसमेत रहेका छन् । अवीचीमाथि मेरुपृष्ठसम्मको प्रदेशलाई भूर्लोक मानेको छ । यसै उसले पितृलोक, प्रेतलोक, नरक-लोक यी तीनोटै लोक भूर्लोकभित्रै पर्दछन् । एता-वता ब्रह्माण्डका बीचमा यो पृथ्वी कति छ भने

$\frac{१४}{३५५६}$औं भागको $\frac{१}{२५४}$भागको छ। कसरी भने जम्बू-द्वीप र उसलाई घेर्ने समुद्रदेखिन् आखिरी पुष्कर द्वीपलाई घेर्ने समुद्रतकको शास्त्रानुसार भाग सङ्कलन गर्दा २५४ हुन्छ। त्यसलाई १४ लोकका अनुसार १४ ले गुन्दा ३५५६ हुन्छ। तसर्थ एक ब्रह्माण्डको अर्थात् १४ भुवनको ३५५६ परिमाण भयो। त्यसलाई १४ ले भाग लिंदा एक भुवन अर्थात् भूर्लोकका परिमाणको संख्या २५४ हुन्छ। त्यसमा अरू द्वीप र समुद्रको शास्त्रमा बताएअनुसारको भाग पन्छाउँदा जम्बूद्वीप $\frac{१}{२५४}$ भाग हुन्छ, त्यसमा पनि नरकलोक, प्रेतलोक, पितृलोक भागसमेत पन्छाउँदा यस पृथ्वीको परिमाण माथि लेखेअनुसार हुन्छ। तसर्थ ब्रह्माण्डको लेखा यो पृथ्वी सूर्यका अगाडि एउटा जूनकीरी जस्तो छ। तैपनि सानूमा पनि सानो यस पृथ्वीको परिमाण ५०,००,००,००० (पचास करोड) भनेर पुराणमा लेखेको छ। वैज्ञानिक र ज्योतिषीहरू पृथ्वीको व्यास पुगनपुग ८००० (आठ हजार) मील मान्दछन्। आठ हजार मीलको चार (४) हजार कोस हुन्छ। चार हजार कोसको एक हजार योजन हुन्छ। एक हजार योजन व्यास भएको

भूगोलको घनफल कति होला भनेर हिसाब गर्दा १००० को घन गरेर २ ले भाग लिंदा जो संख्या आउँछ त्यही भूगोलको परिमाण ठहर्न आउँछ। जस्तै–हेर्नोस् १००० × १००० × १०००÷२= ५०,००,००,००० (पचास करोड) ठीक हुन्छ। तसर्थ विचारवान् मानिसले आफूले जानिएन भन्दैमा कुनै कुरालाई मिथ्या भन्नु हुँदैन, विचार पुऱ्याउनुपर्छ। जस्तै वैज्ञानिकले पृथ्वीलाई नाप्दा पृथ्वीको व्यास नापे। पौराणिकहरूले पृथ्वीको घन-परिमाण बताए, यसमा दुवै ठीक छ, कुनै कुरा फरक छैन।

कुमारजी फेरि आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि! संसारको स्वरूप हेर्दा स्पष्ट भन्न सकिन्छ, यसमा हरेक कुरा कुनै यन्त्रको चक्र घुमेझैं घुमिरहेको छ। किनभने आश्रयको गति जस्तो हुन्छ आश्रितको गति पनि त्यस्तै हुन्छ। विश्वमा रहेका दृश्यको वा जन्य वस्तुको आश्रय काल हो, त्यो कालचक्र निरन्तर एकछिन नरोकिई घुमिरहन्छ। जस्तै अहोरात्र, सात वार, तिथि, महीना, ऋतु, अयन, वर्ष, युग मन्वन्तर, कल्प। यिनीहरूको कालचक्र अनादि कालदेखि अनन्त कालतक फन्का खाइरहन्छ।

त्यसैले त्यस्तो चक्रावर्त समान कालको आश्रित सृष्टि पनि त्यसै गरी घुमिरहन्छ । जुनसुकै चक्रको पनि घुमाइ हेर्दा छर्लङ्ग थाह हुने कुरा हो, आधा भाग चक्रको तल्लापट्टि सर्कन्छ, आधा भाग माथिल्लापट्टि सर्किन्छ । त्यस्तै ब्रह्माण्ड प्रकृतिको गति पनि चक्रावर्त झैं फन्का खाइरहन्छ । त्यसमा सृष्टि दुइ किसिमको हुन्छ, एक व्यष्टि सृष्टि र अर्को समष्टि सृष्टि । यसै उसले चक्रावर्त घुम्ने प्रकृतिका फन्कामा व्यष्टि सृष्टिको धारा तलदेखि माथि आउँछ । अतएव तमोगुणबाट चढ्दै सत्त्वगुणसम्म पुग्दछ । समष्टि सृष्टिको प्रवाहचक्र भने माथिदेखि तलतिर ओर्लन्छ, यसै उसले ब्रह्माण्डमय प्रकृतिमा सृष्टिको अनादिकालमा सत्त्वगुण बहुल सत्ययुग आउँछ, त्यसपछि क्रमशः रजोगुण र तमोगुणको बाहुल्यको तारतम्यअनुसार त्रेता, द्वापर र कलि-युगहरू प्रस्फुटित हुँदै जान्छन् । यस किसिमको युगचक्र लाखौं पटक चक्कर खाइरहन्छ । ब्रह्माण्ड प्रकृतिको गतिविधि पनि सुस्त सुस्त सत्त्वगुणको झुक्तान गर्दै रजोगुणतिर घुम्दै-फिर्दै आखिर तमो-गुणको अञ्चलमा घुम्न लाग्दछ, जसबाट ब्रह्माण्ड तमोमय हुन जान्छ, चलिरहेको कल्प प्रलयको

अगाध उदरमा विलीन हुन्छ, यसैलाई भन्छन्, प्रलय, कल्पान्त, सृष्टिको अवसान तथा ब्रह्माण्ड-प्रकृतिको एउटा चक्रावर्त गतिको समाप्ति ।

यस ब्रह्माण्ड प्रकृतिका चक्रावर्त गतिका सिद्धान्तअनुसार यस कुराको अठोट गर्नु युक्ति-युक्तै हुन्छ, कुन कुराको भने–ब्रह्माण्ड प्रकृतिमा सबभन्दा पहिले सत्त्वगुण बहुल विकास हुनाले प्रथम सृष्टिकालमा सृष्टि हुने मानवहरू पनि पूर्ण सत्त्वगुणमय हुन्छन् । परन्तु दैवी जगत्मा भने यसको उल्टो अपरिपूर्ण तमोबहुल असुरहरू सृष्टि हुन्छन् । किनभने ब्रह्माण्ड प्रकृतिको अर्थात् समष्टि सृष्टिको गति तलतिर जाने हुनाले त्यसको सञ्चा-लन गर्ने तामसिक शक्ति भएका असुर पनि पहिले नै उत्पन्न हुन्छन्, त्यसपछि मात्र देवताहरूको सृष्टि हुन्छ । अर्थात् दैवी सृष्टिमा पहिले अपरिपूर्ण असुर उत्पन्न हुन्छन्, त्यसपछि देवताहरू उत्पन्न हुन्छन्, मानव सृष्टिमा पहिले परिपूर्ण मनुष्य उत्पन्न हुन्छन् । त्यसपछि क्रमशः अधिकार र कर्तव्यको तारतम्यअनुसार सृष्टिको वेग उँधो उँधो घर्कंदै आउँदा अल्पज्ञान र अल्पशक्ति भएका मानिस जन्मन थाल्छन् ।

सब पदार्थका शक्तिहरू अचिन्तनीय छन् । हाम्रा चिन्तनीय ज्ञानद्वारा तिनीहरूको स्वरूप थाहा हुन सक्दैन, किन्तु अचिन्तनीय ज्ञानद्वारा मात्र थाहा पाउन सकिन्छ । हाम्रा चिन्तनीय युक्ति तर्कहरू त्यस ठाउँमा मौन सिवाय अरू काम क्यै गर्न सक्दैनन् । शास्त्रतिर दृष्टि दिंदा सर्व पदार्थका शक्तिहरू अचिन्त्य ज्ञानगोचर हुनाले सृष्टि रचना आदिशक्तिका अधिष्ठाता ब्रह्माको स्वाभाविक काम हो भन्ने सिद्धान्त पाइन्छ ।

No 930

हुनत कति ईश्वरले आफ्नू विभूति दर्शाउन सृष्टि गरेको भन्दछन् । कोही सपना जस्तो हो, वास्तव केही होइन, हो के त भने मायाको विकास मात्र हो भन्दछन् । ईश्वरको इच्छा मात्र हो, भनी कुनै भन्दछन् । कोही कालबाट भएको हो भन्दछन्, भोगका निमित्त सृष्टि हुन्छ भनेर कति भन्दछन् । क्रीडाका निमित्त जगत रचना गरेको हो भनेर भन्ने पनि छन्, तर ती सारा पक्षहरू विचारशीलका समक्षमा चिरकालतक अड्दैनन्, वास्तवमा हो के त भने सृष्टि गर्नु ब्रह्मको एक स्वभाव हो; त्यस्तै सच्चिदानन्द विज्ञानकन्द ब्रह्मदेवको पनि सृष्टि गराउने स्वभाव हो, प्रकृति हो । त्यो स्वभाव आगोको

तातो, पानीको चिसोपना जस्तो हो । त्यस व्यापक ब्रह्मसत्ताको अभाव भएको देश काल कुनै छैन, अतएव उनकी शक्तिस्वरूपिणी प्रकृति अथवा महामायाको पनि सत्ता सर्वत्र छ । प्रकृति त्रिगुणमयी हुनाले र ज्ञान सत्तारूपी ब्रह्म व्यापक हुनाले जड प्रकृतिमा चेतनद्वारा स्पन्दन हमेशा भइरहनु पनि स्वभावसिद्ध कुरा हो, यसै उसले चैतन्य सत्ताका आश्रयमा स्पन्दनधर्मिणी प्रकृतिमा स्वाभाविक स्पन्दनअनुसार अनन्त सृष्टिधारा प्रवाहित हुनु पनि स्वाभाविक हो, त्यसमा पनि ब्रह्म निमित्त मात्र हो । सृष्टिका निमित्त त वस्तुको आफ्नो आफ्नो प्रकृति नै मूल महाप्रकृतिद्वारा प्रेरित भएर सृष्टिको काम गर्दछन् ।

पहिला स्तरमा ब्रह्म र उनकी शक्ति छन् । द्वितीय स्तरमा अनन्त ब्रह्माण्डहरू छन् । तृतीय स्तरमा प्रत्येक ब्रह्माण्डका सृष्टिकर्ता ब्रह्मा छन् । ब्रह्मा आफ्नो परिमाणअनुसार सय वर्षसम्म बाँच्दछन् । त्यही सय वर्षको आयुष्यलाई पर पनि भन्दछन्, त्यसको आधालाई परार्ध भन्दछन् । कालको परिमाण राम्ररी बुझेपछि ब्रह्माको आयुष्य जान्न सकिन्छ तसर्थ सो देखाइन्छ । १५ निमेषको

एक काष्ठा हुन्छ । ३० काष्ठाको १ कला हुन्छ । ३० कलाको १ मुहूर्त हुन्छ । ३० मुहूर्तको १ अहोरात्र । ३० अहोरात्रको एक महीना या दुई पक्ष हुन्छ । ६ महीनाको एक अयन हुन्छ। अयन दुइवटा हुन्छन् । दक्षिणायन र उत्तरायण; ती दुई अयनको एक वर्ष हुन्छ । त्यस मानिसको एक वर्षमा देवताको १ अहोरात्र हुन्छ । दक्षिणायन रात हो, उत्तरायण दिन हो । यस किसिमले दिव्य परिमाण मिलाउनु । दिव्य बाह्र हजार वर्षको मानवीय चतुर्युग हुन्छ । दिव्य ४ हजार वर्षको सत्ययुग । दिव्य ३ हजार वर्षको त्रेतायुग । दिव्य दुई हजार वर्षको द्वापरयुग, दिव्य एक हजार वर्षको कलियुग । अनि सत्ययुगको पूर्व-सन्ध्या चार सय दिव्य वर्ष । उत्तर-सन्ध्या पनि दिव्य चार सय वर्ष । त्यस्तै त्रेताको पूर्व-सन्ध्या तीन सय दिव्य वर्ष, उत्तर-सन्ध्या पनि तीन सय दिव्य वर्ष । द्वापरको दिव्यसन्ध्या दिव्य दुई सय वर्ष; उत्तर-सन्ध्या दिव्य दुई सय वर्ष । कलिको पूर्व-सन्ध्या दिव्य एक सय वर्ष । उत्तर सन्ध्या दिव्य एक सय वर्ष । तदनुसार जोड्दा दस हजार युग वर्ष भयो । युगसन्ध्या परिमाण २००० वर्ष भयो । त्योसमेत

जोड्दा बाह्र हजार भयो । यसै दिव्य बाह्र हजार वर्षमा सत्य, त्रेता, द्वापर, कलि आदि चार युग सकिन्छन् । अब कल्पका आदिमा नारायण नामक ब्रह्माजीले सृष्टि गरेको प्रकार देखाइन्छ ।

अतीत कल्पका आखिरमा निदाएर ब्यूँझेका महाप्रभु सत्ययुगी ब्रह्माजीले लोक शून्य देख्नु-भयो । एकछत्त भएको यस जगत्मा पूर्व कल्पका आखिरमा डुबेकी पृथ्वी पानीभित्र होलिन् भन्ने अठोट गरेर ती डुबेकी पृथ्वीलाई उतार्ने मनसुबा लिई जस्तै योभन्दा पुराना कल्पमा मत्स्य, कच्छप आदि रूप लिनुभयो, त्यस्तै यस कल्पमा वेदयज्ञमय वराहको रूप लिएर खडा हुनुभयो । उहाँलाई जनलोकनिवासी सिद्धहरू स्तुति गर्न लागे । वराहरूपी भगवान् भने पृथ्वीको उद्धार गर्ने इच्छा लिएर जलभित्र पस्नुभयो । पातालैसम्म पुग्नुभयो । पृथ्वीले पनि देखिन् र स्तुति गर्न लागिन् । अनि दाह्रामा पृथ्वीलाई राखेर एका-र्णव जलमा माथि उत्रन लागेका भगवान्को योगीहरू स्तुति गर्न लागे । अनि त्यस पृथ्वीलाई त्यसै अपार जलमाथि समुद्रमा जहाज राखेझैं

राखिदिनुभयो । नाउ जस्तै विस्तृत रूप बनाइ-दिनुभएकोले फेरि डुब्ने डर भएन । अनि त्यस पृथ्वीमा मैदान बनाई पूर्व कल्पका अन्तमा डढेका र लडेका पर्वतहरू सब यथावत् गर्नुभयो । यसमा अमोघ शक्तिशाली भगवान्‌लाई केही दुःख थिएन ।

जस्तोको तस्तो सात समुद्रले पृथ्वीको भाग अलग अलग पारेर भुवर्लोक, स्वर्लोकका साथै भूर्लोकको समेत कल्पना गर्नुभयो । यति गर्दा-गर्दै भगवान् ब्रह्मा रजोमूर्ति चतुर्मुखी ब्रह्माको रूप-मा परिणत हुनुभयो । उनै नारायण चतुर्मुखी ब्रह्मा भएर सृष्टि गर्न थाल्नुभयो । सृष्टिका काममा चतु-र्मुखी ब्रह्मा खालि निमित्त कारण मात्र हुनुहुन्छ । प्रधान कारण सृज्य वस्तुकै शक्ति हो । किनभने सूक्ष्म वस्तु आफ्नै शक्तिले स्थूल वस्तुको रूपमा परिणत हुन्छ । तसर्थ स्रष्टा ब्रह्मदेव एक निमित्त कारण मात्र हुन् । सत्य वस्तुले निमित्त सिवाय अरू कुराको अपेक्षा गर्दैन ।

इति श्री स्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्री स्वस्थानी परमेश्वर्या व्रतकथायां सृष्टि–लोकपरिमाण–धरोद्धारादि वर्णन नाम प्रथमोऽध्यायः ॥ १ ॥

द्वितीय अध्याय

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि। समुद्रभित्र पृथ्वी कसरी सृष्टि भएकी थिइन् भने जसै विष्णुले मधु-कैटभलाई मारेथे तिनीहरूको शरीरका विभिन्न चीजबाट पृथ्वीको उत्पत्ति भयो। बोसो पानीमा जम्नाले स्थल याने पृथ्वी भयो। मासुले पर्वत भयो। हाडले पत्थर भए। त्यो देखी ब्रह्माले चतुर्दश भुवनको सृष्टि गरे; जस्तै :—१. भूर्लोक, २. भुवर्लोक, ३. स्वर्लोक, ४. महर्लोक, ५. जनलोक, ६. तपोलोक, ७. सत्यलोक र १. अतल, २, वितल, ३, सुतल, ४. तलातल, ५. महातल, ६. रसातल, ७. पाताल। यो कुरा अघि पनि मैले संक्षेपमा सुनाइसकेको छु। यी चौध भुवन सृष्टि गरी फेरि द्वीप सृष्टि गरे—१. जम्बूद्वीप, २. प्लक्षद्वीप, ३. शाल्मलद्वीप, ४. कुशद्वीप, ५. क्रौञ्चद्वीप, ६. शाकद्वीप, ७. पुष्करद्वीप। यी सात द्वीप र सात समुद्र सृष्टि गरे; जस्तै:—१. इक्षुरसोद समुद्र, २. सुरोद समुद्र, ३. घृतोद समुद्र, ४. क्षारोद समुद्र, ५. क्षीरोद समुद्र, ६. दधिमण्डोद समुद्र, ७. शुद्धोदक समुद्र। यी सात समुद्र सृष्टि गरे।

अब जल, थल, आकाशमा रहने प्राणीहरू-को कुन किसिमले सृष्टि भयो भन्ने कुरा तर्क र शास्त्रअनुसार कहन्छु, सुन। कोही भन्दछन् पहिले जगत् जलमय थियो तसर्थ त्यहाँ जलजन्तुहरू उत्पन्न भए, त्यस वेला त्यहाँ मानिसहरू उत्पन्न हुनै सक्दैनथे। त्यसपछि अलि-अलि सृष्टि उन्नत भएर जल थल दुवैमा बस्ने कछुवाहरू उत्पन्न भए। अनि जल सुक्न थाल्यो र कहीं वन जङ्गल पनि भयो। हिलो भयो अनि सृष्टि पनि उन्नत हुँदै आयो। त्यहाँ हिलोमा पौड्ने आहाल खेल्ने र वन तथा जङ्गलमा चर्ने जङ्गलमा बस्ने बनेलहरू उत्पन्न भए। अनि पानी सुक्यो, वन पनि पूरा भएर आबादी हुन पनि थाल्यो। त्यसपछि अर्धमानुष प्राणी उत्पन्न भए। हुँदाहुँदै मानिस भए अनि सृष्टिको राम्रो विकास भयो र चराचुरुङ्गी आदि गरेका संसारमा भएका जति प्राणी सृष्टि भए। तर कोही भन्दछन् जसमा सृष्टिको क्रम वृक्ष, पन्छी, पशु आदि योनिद्वारा क्रमशः सुध्रिंदै जान्छ र वानर-सम्म पुगेपछि त्यसको समेत विकास हुँदा मनुष्यको उत्पत्ति भयो भन्दछन्। परन्तु प्राणीको विकास आर्यशास्त्रीय रीतअनुसार हेर्ने हो भने, जीवात्मा

सूक्ष्म छन् । यिनीहरू स्थूल शरीरभन्दा भिन्न छन् । जीवात्मा एक-एक स्थूल शरीर छाड्दै क्रमशः उन्नत हुँदै उन्नत स्थूल शरीरमा जन्म लिन्छन् । त्यसो भनेका भए त्यो वैज्ञानिक तर्क पनि शास्त्रानुकूल हुने थियो । तर आर्यहरूको आस्तिकतालाई मात्र छाडेर अरू आर्यशास्त्रानुसार नै बताए। जुन कुरा-को क्रम माथि नै लेखिसकियो ।

अब एक दृष्टिकोण आर्यशास्त्रतिर र अर्को दृष्टिकोण वैज्ञानिकहरूका भनाइतिर पनि दिएर तुलनात्मक विचार गर्ने हो र आर्यशास्त्रको गम्भीर तत्त्व विचार पनि गर्ने हो भने दुवै मतमा जीवात्म-वाद-बाहेक अरू विकासवादको सामञ्जस्य हुन सक्छ, अवतारहरू सृष्टि विकासका रूपक हुन् भन्ने कल्पनाचाहिं सत्य हुन सक्दैन, किनभने अण्डजका क्रमले सृष्टिको विकास भएको होइन, किन्तु स्थावर वृक्षका क्रमले सृष्टि विकास भएको हो । व्यष्टि-सृष्टिमा प्रथम योनि स्थावर योनि हो। भगवान्का अवतार सृष्टिका निमित्त भएका होइनन्, किन्तु सृष्टिको रक्षाका निमित्त भएका हुन् । यसैले भगवान्का अवतार-रहस्यको मिलन सृष्टि-विकास-सित मिलाएर अवतार रहस्यलाई बिगार्ने चेष्टा

गर्नु अकाण्ड ताण्डव मात्र हो। शास्त्रमा सृष्टिको गतिविधि चक्र घुमेजस्तै छ भन्ने कुरा भनिसकियो। अतएव चक्रको आधा हिस्सा तलतिर र आधा हिस्सा मास्तिर गैरहन्छ। त्यस्तै सृष्टिचक्रको पनि दुई भाग छ, एक व्यष्टि सृष्टि अर्को समष्टि सृष्टि अथवा ब्रह्माण्ड सृष्टि या सामूहिक सृष्टि। त्यसमा व्यष्टि सृष्टि तमोगुणबाट सत्त्वगुणतिर चढ्दै जान्छ। समष्टि-सृष्टि सत्त्वगुणबाट तमोगुणतिर ओर्ह्लँदै जान्छ। समष्टि र व्यष्टि प्रवाहमध्ये आर्य-जातीय महर्षिहरूलाई दुवै प्रवाहको आस्तिकता पूर्ण ज्ञान थियो, परन्तु पश्चिमी पण्डितहरूलाई आस्तिकतारहित व्यष्टिसृष्टिको मात्र कतिपय अंश-मा अलिअलि ज्ञान रहेछ। किनभने पुराणहरूमा पिण्डसृष्टि या व्यष्टिसृष्टिमा जीवहरूको सृष्टिप्रवाह उद्भिज्ज अर्थात् वनस्पतिदेखि लिएर स्वेदज अण्डज औ जरायुजतक पुग्दछ भनेको छ। समुद्रका तरङ्गै पिच्छे सूर्यको प्रतिबिम्ब परेजस्तो प्रकृति माताका त्रिगुण तरङ्गमा परमात्मारूपी सूर्यका प्रतिबिम्बरूपी जीवहरूको सृष्टि स्वाभाविक छ। बराबर भैरहन्छ पनि। यी जीवहरूको गतिविधि तमोगुणबाट आवि-र्भाव भएर सत्त्वगुणतिर सर्कँदै जान्छ। अतएव ८४

लाख योनिका गणनामा सर्वप्रथम २० लाख उद्भिज्ज योनि गनेको छ। अरू योनिको संख्या पनि यो हो; जस्तैः—जलजन्तु ९ लाख, कीरा-फट्याङ्ग्रा ११ लाख, चराचुरुङ्गी १० लाख, पशु ३० लाख, ४ लाख बाँदर, त्यसपछि जङ्गली अनार्य जातिका मानिस दुई लाख। अनिपछि मात्र सभ्य मानिस भएर जीव उत्पन्न हुन्छ। मनुष्ययोनि स्वातन्त्र्यको केन्द्र हो। तसर्थ स्वतन्त्रताको दुरुप-योग गरेर अप्राकृतिक कर्महरू गर्न लागे भने यम-यातना भोगेर फेरि त्यस अप्राकृतिक कर्म (पापकर्म) कारी जीवलाई कर्मानुसार उद्भिज्ज आदि पछिल्तिर-कै योनिमा फर्कनुपर्दछ। मनुष्ययोनिमा पनि प्रकृति-का नियमानुसार कर्म गर्दै गयो भने त्यस जीवको झन् विकास हुन्छ। विकास सामग्रीअनुसार जीव-को उन्नति अभ्युदय पनि तारतम्यको हुन्छ। जस्तै कर्मअनुसार मनुष्य-लोकवासी मनुष्य भुवर्लोकमा मात्र चढे अलिकति विकास भयो, स्वर्गलोकमा चढेछ भने अलि केही विकास भएछ। त्यस्तै मह-र्लोक, जनलोक, तपोलोक, सत्यलोकमा जति जति माथि चढ्दै जान्छ उति उति जीवको विकास हुँदै गएको हुन्छ।

जीवको यस विकास क्रममा पशुयोनि र मनुष्य-योनिको मध्यम योनि गोयोनि हो भनेर कोही भन्दछन् । सिंहयोनि हो भन्ने पनि कति छन् । बाँदरयोनि हो भन्ने पनि धेरैको मत छ । यसरी उद्भिज्जदेखि विकास हुँदै आएको जीव मनुष्ययोनिमा आउने वेलामा बाँदरयोनि भुक्तान गरेर मात्र आउँछ भन्ने यो शास्त्रीय नियम छ । उन्नति र विकासको धारा सरासर चल्न पाएको खण्डमा जीव ब्रह्मलोकमा समेत पुग्न सक्दछ । त्यसपछि मायाका अधिष्ठाता उनै परब्रह्म परमात्मा सर्वशक्तिमान् विज्ञानकन्द सच्चिदानन्दमा लवलीन हुन्छ ।

व्यष्टि सृष्टिको यस धाराको कुरा अनात्मवादी वैज्ञानिकहरूले थोर बहुत जानेको र जान्न कोशिश पनि गरेको छ । आत्मवादको सम्मिश्रण हुने हो भने शनैः शनैः पुराणप्रोक्त व्यष्टि सृष्टिसित वैज्ञानिक विकासवादको सामञ्जस्य राम्ररी नै हुने थियो । मनुष्ययोनि र पशुयोनिमा वानरयोनि मध्य केन्द्र हो भन्ने कुरामा भने पुराणसिद्धान्त र विज्ञानमिल्दोजुल्दो नै छ, तर तामसी मनुष्यको पूर्वयोनि वानर हो, राजसी मनुष्यको पूर्वयोनि सिंह हो र सात्त्विक मनुष्यको पूर्वयोनि गोयोनि हो ।

नीहारिका सिद्धान्त पनि कुनै नूतन होइन, किनभने पुराणमा सृष्टिका आदि समयमा ब्रह्माजीले अकर्तव्य गर्दा लाज मानेर त्यस शरीरलाई त्याग गरेर त्यही शरीर नीहारिका रूपमा परिणत भई अन्धकारको रूपमा दिशा विदिशामा फैलियो भन्ने उल्लेख पाइन्छ, उसैले त्यो सिद्धान्त पौराणिक एउटा कुनै विषयको आधार मानीकन आफ्नो विचारसमेत मिलाएको हो। सृष्टि विचारका प्रसङ्गमा आएका विचारहरू देखाइसकिए, अब वेद पुराणको विचारअनुसारको सृष्टि प्रक्रिया देखाइन्छ। पूर्वकल्पमा जसरी सृष्टि भयो, यस कल्पमा पनि ब्रह्माजीले उसै गरी सृष्टि गर्दछन् भन्ने वेदको वाक्य छ।

विश्वकी जननी प्रकृतिदेवी विज्ञानकन्द सच्चिदानन्दकै कामनानुसार उत्पन्न भएकी हुन्। विभिन्न स्वरूपकी छन्। ती प्रकृतिलाई माया भन्दछन्। उनका प्रेरक परब्रह्मलाई मायी भन्दछन्। तिनै प्रकृतिलाई मायी शक्ति पनि भन्दछन्। परब्रह्मलाई शक्तिमान् पनि भन्दछन्। उनै शक्ति र शक्तिमान्, माया र मायीबाट उत्पन्न भएका असंख्य प्राणीहरूले यो विश्व ठसाठस भरिएको छ। उनैबाट

पृथ्वी, जल, तेज, वायु, आकाश र कर्मेन्द्रिय, अन्तःकरण, पञ्चप्राण उत्पन्न भए । स्थावर, जङ्गम पशु-पन्छी मानिसहरू देवता-दानवहरू पनि उनैबाट उत्पन्न भए । पृथिव्यादि महाभूतदेखि महातत्त्वसम्म र ब्रह्मा ब्राह्मणदेखि तृणस्तम्बपर्यन्त सारा प्राणी कसरी कुन आधारमा ब्रह्माण्ड सृष्टि हुँदा सृष्टि हुन्छन् भन्ने कुरामा वेदले बताएको छ । पूर्वकल्पमा जस्तो हुन्थ्यो, यस कल्पमा पनि उस्तै किसिमसँग ब्रह्माजीले सृष्टि गर्दछन् ।

कुमारजी फेरि आज्ञा गर्नुहुन्छ—अब म चौध मनुका बारे केही बयान गर्छु । ब्रह्माजीका दिनमा सृष्टि र रातमा प्रलय हुन्छ भनेर लेखिसकियो । सृष्टिकाल अर्थात् ब्रह्माजीका दिनमा अर्थात् सृष्टि कल्पमा माहेन्द्र स्वर्गका अधिष्ठाता इन्द्र १४ वटा बदलिन्छन् । त्यस्तै मानव जगत्का अधिष्ठाता मनु १४ वटा नै हुन्छन् । अन्तरिक्षमा ज्ञान जगत्का सञ्चालक सप्तर्षिगण पनि १४ थरीकै हुन्छन् ।

सबभन्दा पहिला मनु स्वायम्भुव हुन् । यस वेला माहेन्द्र स्वर्गका अधिष्ठाता इन्द्र यज्ञ हुन् । अन्तरिक्ष जगत्का ज्ञानको बागडोर सम्भाल्ने

सप्तर्षिहरू मरीचि, अङ्गिरा, अत्रि, पुलस्त्य, पुलह, क्रतु, वसिष्ठ यी सातवटा महर्षि थिए। मानव जगत्का सञ्चालक राजा साक्षात् स्वायम्भुव मनुकै सुपुत्र प्रियव्रत र उत्तानपाद्र दुइ जना थिए, यज्ञ-देवबाट जन्मेका बाह्रवटा याम भन्ने नाउँले प्रसिद्ध भएका देवता-वर्ग त्यस वेला स्वर्गका देवता थिए।

दोस्रा मनु स्वारोचिष नाउँका भएका थिए। इन्द्र विपश्चिद् नाउँका थिए। पारावत, तुषित आदि देवगण थिए। ऊर्ज, स्तम्भ, प्राण, वात, वृषभ, निरय, पारिवान् यी सातवटा सप्तर्षि थिए। चैत्र, किंपुरुष आदि मनुपुत्र थिए जो यस भूमि-मा सम्राट् भएका थिए।

तेस्रो मनुको नाम उत्तम हो, त्यस वेला सुशान्ति नाउँका इन्द्र थिए। सुधाम, सत्य, जय, प्रतर्दन औ वशवर्ती यी पाँच थरी; एक थरीमा १२, १२ ओटाको बथान भएका देवता थिए। वसिष्ठजीका ७ ओटा छोरा रज, गोत्र, ऊर्ध्वबाहु, सवन, अनघ, सुतप, शुक्र यी सप्तर्षि थिए। मनुका आज्ञाकारी परशु, दीप्त आदि पुत्र थिए।

चौथा मनु तामस नामका भएका थिए। तिनका पालामा शिवि स्वर्गमा इन्द्र भएका थिए।

सत्ताईस सत्ताईसओटाको एक बथान भएका सुपार, हरि, सत्य, सुधी नाउँका देववर्ग थिए । ज्योतिर्धामा, पृथु, काव्य, चैत्र, अग्नि, वनक, पीवर यी ७ सप्तर्षि थिए । नर, ख्याति, केतुरूप, जानुजङ्घ आदि मनुराज्यका उत्तराधिकारी पुत्र थिए ।

पञ्चम मनुको नाम रैवत हो । त्यस वेला इन्द्र थिए विभु नाम गरेका । १-१ वर्गमा १४-१४ वटा देवता भएका अमिताभ, भूतरय, वैकुण्ठ, सुमेधा नाउँका चार थरी देवता थिए । हिरण्यरोमा, वेदश्री, ऊर्ध्वबाहु, वेदबाहु, सुबाहु, पर्जन्य, महामुनि यी सातवटा सप्तर्षि थिए । बलबन्धु, सम्भाव्य, सत्यक आदि मनुका उत्तराधिकारी राजपुत्र थिए ।

स्वारोचिष, उत्तम, तामस, रैवत यी चारवटा मनु राजर्षि प्रियव्रत महाराजका वंशका नै राजा हुन् । प्रियव्रतका पुण्य तपस्याबाट प्रसन्न भएका विष्णु भगवान्ले प्रियव्रतकै सन्तानमा चारोटा मन्वन्तरका स्वामी मनुहरू उत्पन्न गराइदिनुभएको हो ।

छैटौं मनुको नाम चाक्षुष हो, त्यस वेला मनोजव नाउँ गरेका इन्द्र थिए । ८।८ वटाका वर्ग भएका आप्य, प्रसूत, भव्य, पृथुक, लेख भन्ने ५ किसिमका देवता थिए । सुमेधा, विरजा, हवि-

ष्मान्, उत्तम, मधु, अतिनाम, सहिष्णु यी सातवटा सप्तर्षि थिए । ऊरु, पुरु, शतद्युम्न आदि चाक्षुष मनुका पुत्रहरू उत्तराधिकारी राजाहरू थिए । अचेल चलेको मन्वन्तर वैवस्वत मन्वन्तर हो । यिनी सातौं मनु हुन् । यिनी सूर्यका छोरा हुन् । यिनको नाउँ वैवस्वत हो । हालका देवताहरू आदित्य, वसु, रुद्र, साध्य, विश्व, मरुत्, अश्विनीकुमार इत्यादि छन् । आदित्य १२ छन्, वसु ८ छन्, रुद्र ११ छन्, साध्य १२ वटा, विश्वे १३ वटा, मरुत् ७ वटा, अश्विनीकुमार दुइवटा छन् । पहिला तीनवटा वर्गमा अग्नि र प्रजापतिसमेत मिलाएर जम्मा ३३ थरी देवता छन् भन्ने वैदिक सिद्धान्त छ । यिनैका भेद प्रभेदबाट तेत्तीस कोटि देवता मानिएका छन् । देवताका राजा पुरन्दर इन्द्र हुन् । वसिष्ठ, कश्यप, अत्रि, जमदग्नि, गौतम, विश्वामित्र, भरद्वाज यिनीहरू सप्तर्षि छन् । इक्ष्वाकु, नग, धृष्ट, शर्याति, नरिष्यन्त, नाभाग, अरिष्ट, करुष, पृषध्न नाउँका नौवटा मनुका छोरा थिए । यिनैलाई यिनका वंशलाई यस लोकको रेखदेख र पालन-पोषण गर्ने अधिकार मनुले दिएका छन् । यिनीहरूले आफ्नो अधिकार रक्षा गर्न

नसकेका खण्डमा अरूहरूको आधिपत्य हुन्छ। संसारमा यिनीहरूको आधिपत्य प्राकृत हो। आदिकालदेखि नै चलेको हो।

संसारको शुभस्थिति विष्णुको सत्त्वमयी शक्तिको आधारमा छ अर्थात् सत्त्वमयी विष्णुमाया देवी नै विश्वस्थितिकी अधिष्ठात्री देवी हुन्। प्रत्येक मन्वन्तरमा एक न एक रूपमा विश्वस्थिति सुचारु पार्न विष्णुशक्तिको प्रादुर्भाव हुन्छ। स्वायम्भुव मनुका पालामा विश्वको स्थिति मिलाउन विष्णुशक्तिको अंशबाट आकूतिका गर्भदेखि जन्मेर यज्ञपुरुष मानवदेव भन्ने नाउँले प्रसिद्ध हुनुभएको थियो।

स्वारोचिष मनुका पालामा उनै मानवदेव श्री अजित तुषितदेव नामद्वारा प्रसिद्ध हुनुहुन्थ्यो। तुषित देवगणका साथ तुषिता देवीका गर्भबाट पैदा हुनुभएको थियो।

उनै तुषितदेव उत्तम मनुका पालामा सत्यगण देवताका साथ सत्यादेवीका कोखबाट जन्मनुभयो। त्यस वेला उहाँको नाउँ सत्य भनेर प्रसिद्ध थियो।

तामस मन्वन्तरमा उनै भगवान् हरि नामक देवगणका साथै हर्या देवीमा जन्मेर हरि नाउँले प्रसिद्ध हुनुभयो।

अनि रैवत मन्वन्तरमा तत्कालीन रेवत देवगणका साथ सम्भूति देवीका कोखबाट पैदा हुनुभयो, उनै हरि यसपाला मानस नाउँबाट प्रख्यात हुनुभयो ।

अब छैटौं मनु चाक्षुषका पालामा उनै मानस देव वैकुण्ठ नामक देवताहरूका साथ विकुण्ठा देवीका गर्भबाट जन्मनुभयो, तसर्थ उहाँको नाउँसमेत वैकुण्ठ भन्ने रह्यो । यति कुरा बितेका मन्वन्तरको हो ।

यस वर्तमान मन्वन्तरमा अर्थात् वैवस्वत मनुका पालामा भगवान् कश्यपजीद्वारा अदितिका कोखबाट आदित्यादि देवगणका साथ वामनरूपमा उत्पन्न हुनुभयो । नाउँ पनि वामन भन्ने नै रह्यो । जुन भगवान्‌ले तीनै पाइलामा यो तीनै भुवनको साम्राज्य असुरबाट आफ्ना कब्जामा गराई निष्कण्टक बनाई पुरन्दर नामक एतत्कालीन इन्द्रलाई दिनुभयो ।

हालका वैवस्वत मनु हुन् भन्ने भनिसकें, अब यिनका शेषपछि सावर्णि मनुको पालो आउँछ । यी सावर्णि मनु पहिले स्वारोचिष मनुका पालामा चैत्र वंशमा पैदा भएका सुरथ नामका राजा थिए ।

शत्रुका कब्जामा परेको राजकाज छोडेर भागी जङ्गलमा पुगेर सुमेधा ऋषिका सदुपदेशद्वारा श्री भगवती महाशक्तिको आराधना गरेर उनैका कृपाद्वारा त्यस जन्मको राज्य र भविष्यको मन्वन्तर पद पनि वर-प्रदानमा पाएका थिए ।

उनै सुरथ सूर्यका छोरा भएर सावर्णि नामले कहलिएर आठौं मनु हुनेछन् । यी सावर्णिका पालामा सुतप, अमिताभ, मुख्य नाउँका देवता हुनेछन् । एक एकमा २०।२० ओटा देवताको वर्ग रहनेछ । त्यस वेला दीप्तिमान्, गालव, राम, कृप, अश्वत्थामा, व्यास, ऋष्यशृङ्ग यी सप्तर्षि हुनेछन् । हाल त्रैलोक्य वामनलाई दान गरेर पातालमा बसेका उनै विरोचनका छोरा बलि भगवान्का कृपाले इन्द्र हुनेछन् । बिरजा, उर्वरीवान्, निर्मोक आदि तत्कालीन मनुपुत्र हुनेछन् । तिनीहरू नै भूमण्डलका सम्राट् पनि हुनेछन् ।

नवम मनु दक्षसावर्णि हुनेछन् । एक एक गणमा १२।१२ वटा देवता भएका पार, मरीचिगर्भ, सुधर्मा नामका तीन थरीका देवता हुनेछन् । ती देवताका राजा इन्द्र अद्भुत नाउँका हुनेछन् । सवन, द्युतिमान्, भव्य, वसु, मेधातिथि, ज्योति-

ष्मान्, सत्य नाउँका सप्तर्षि हुनेछन्। घृतकेतु, दीप्तिकेतु, पञ्चहस्त, निरामय, पृथुश्रवा आदि मनुपुत्र हुनेछन्। यिनीहरू नै मानव राज्यका उत्तराधिकारी हुनेछन्।

दशम मनु ब्रह्मसावर्णि हुनेछन् । सय-सय देवता भएका सुधामा र विशुद्ध नाउँका दुइ थरी देवता हुनेछन् । तिनीहरूका राजा इन्द्रशान्ति भन्ने हुनेछन् । हविष्यमान, सुकृत, सत्य, तमोमूर्ति, नाभाग, अप्रतिमौजा, सत्यकेतु भन्ने सातवटा ऋषिहरू त्यस बेलाका सप्तर्षि हुनेछन् । सुक्षेत्र, उत्तमौजा, भूरिषेण आदि दशोटा मनुपुत्र पृथ्वीको रक्षा गर्ने काममा नियुक्त हुनेछन् ।

एघारौं मनुको नाम धर्मसावर्णि भन्ने हुनेछ । एक एक गणमा तीस तीस देवता भएका विहङ्गम, कामगम, निर्वाणरति नाउँका देवगण हुनेछन्। निस्वर, अग्नितेजा, वपुष्मान्, घृणि, आरुणि, हविष्मान्, अनघ नाम भएका सप्तर्षि हुनेछन् । ती धर्मसावर्णिका छोरा अर्थात् मनुपुत्र मानव राज्यकारी सर्वत्रग, सुधर्मा, देवानीक आदि नाम भएका हुनेछन् ।

त्यसपछि बाह्रौं मनु रुद्रसावर्णि नाउँका हुनेछन् । तिनका पालामा ऋतुधामा भन्ने स्वर्गका राजा

इन्द्र हुनेछन्। हरित, रोहित, सुमनस, सुकर्म, सुराप, नाउँ भएका पाँच थरी देवता हुनेछन्। तपस्वी, सुतपा, तपोमूर्ति, तपोरति, तपोधृति, तपोद्युति, तपोधन नाम भएका सप्तर्षि हुनेछन्। देववान्, उपदेव, देवश्रेष्ठ आदि मनुपुत्र तत्कालीन सम्राट् हुनेछन्।

तेह्रौं मनु रुचि नामक हुनेछन्। ती रुचि मनुका पालामा एक बथानमा ३३।३३ देवता भएका सुमात्रा, सुकर्मा, सुधर्मा नामका तीन थरी देवता प्रमुख हुनेछन्। दिवस्पति भन्ने स्वर्गका इन्द्र हुनेछन्। निर्मोह, तत्वदर्शी, निष्कम्प, निरुत्सुक, धृतिमान्, अव्यय, सुतप भन्ने सप्तर्षि हुनेछन्। चित्रसेन, विचित्र आदि मनुपुत्रहरू त्यस वेला मानवराज्यका अधिकारी हुनेछन्।

चौधौं मनुको नाम भौम हो। भौमका पालामा स्वर्गेन्द्र शुचि नाउँले प्रसिद्ध होलान्। चाक्षुष, पवित्र, कनिष्ठ, भ्राजिक, वाचावृद्ध नाउँका पाँच देवगण हुनेछन्। अग्निबाहु, शुचि, शुक्र, मगध, अग्निध्र, युक्त, जित भन्ने सप्तर्षि हुनेछन्। उरु, गम्भीर आदि मनुपुत्र पृथ्वीको पालन गर्ने सुयोग्य शासक सम्राट् हुनेछन्।

प्रत्येक चतुर्युगका अन्त्यमा वेदहरूको लोप हुनेछ, लोप भएका वेदहरूको उद्धार गर्न त्यस वेलाकै सप्तर्षिहरू भूलोकमा अवतार लिन्छन्। लोप भएका वेदहरूको उद्धार गर्छन्। प्रत्येक चतुर्युगका आरम्भमा अर्थात् हरेक सत्ययुगको प्रारम्भमा स्मृतिशास्त्र निर्माण गर्न मनुको अवतार हुन्छ। जुन मन्वन्तरमा जो देवता छन्, त्यस मन्वन्तरमा तिनै देवताहरू यज्ञभोजी हुन्छन्। उनै मनुपुत्रहरू भूमण्डलमा राजा हुन्छन्। मनु, इन्द्र, देवता, सप्तर्षि, राजाहरूको आफ्ना पालामा सिवाय अर्काका पालामा भोग हुँदैन। अर्थात् मन्वन्तरपिच्छे सबै फेरिन्छन्। यसरी चौध मन्वन्तर फेरिंदा १००० दिव्य हजार वर्ष बितिसक्दछ। त्यो दिव्यहजार वर्ष एक कल्प हुन्छ। त्यही ब्रह्माजीको दिन हो। रात परेपछि ब्रह्मा आनन्दसाथ सुत्दछन्। दिन र रातको प्रमाण समानै हुन्छ। अर्थात् दिव्य १००० सहस्र वर्ष वर्षमा जति समय थियो उति समय ब्रह्माजीको रात्रिमा पनि हुन्छ। रात्रि बितेपछि ब्यूँझेरफेरि सृष्टि गर्ने काम जस्तो पहिले थियो उस्तै नयाँ सृष्टिमा पनि हुन्छ। सृष्टि गर्दा भगवान् रजोमूर्ति हुनुहुन्छ। मनु राजा सप्तर्षि देवता इन्द्र यी सबै

जगत्‌को स्थिति पालना गर्ने भगवान्‌का अंश हुन्, अर्थात् जगत्‌को रक्षा सत्त्वगुणी भगवान्‌बाट हुन्छ। सत्य, त्रेता, द्वापर, कलि यी चारै युगमा स्थितिको मर्यादा पालन गर्नलाई पहिले सत्ययुगमा कपिल आदि ज्ञानीको रूपमा अवतार लिएर ज्ञानको विस्तार गर्नुहुन्छ। अनि त्रेतायुगमा चक्रवर्ती राजाको रूपमा अवतार लिएर दुष्टहरूको दमन गर्दै त्रैलोक्यको रक्षा गर्नुहुन्छ। द्वापर युगमा उनै भगवान् व्यास रूपमा भूमण्डलमा आई एकै वेदलाई ४ भाग लगाई त्यसमा सयौं शाखा छुट्ट्याएर लोकको स्थिति सुरक्षित राख्नुहुन्छ। कलियुगमा कलिका प्रभावले दुराचारी उन्मार्गगामी उच्छृङ्खल जनतालाई सदाचारी सन्मार्गगामी सुश्रृङ्खल पार्न भगवान् फेरि कल्की अवतार लिएर आउनुहुन्छ। यसै गरी युगेपिच्छे भगवान्‌को सात्त्विक रूपद्वारा जगत्‌का स्थितिको रेख-देख हुन्छ। अनि जब जगत् संहार गर्नुपर्ने मौका पर्दछ, त्यस वेला भगवान्‌को तामस स्वरूप अनन्तद्वारा जगत्‌को संहार गर्ने काम हुन्छ। अर्थात् प्रलयका निमित्त तामसी रूप शेष "अनन्त" रूप लिनुहुन्छ।

संसारमा ज्ञानको सत्य-स्वरूप प्रकट गर्ने

वेद हो, त्यो वेद दुरूह र दुर्बोध हुनाले साराका सारा अभ्यास गरेर कलियुगका आचारका अनभ्यस्त बुद्धिका मन्द आयुका छोटा संस्कारकर्मका अपरिचितहरूलाई लाभ उठाउन कठिन हुनाले सो नहोस् भनेर कलिका पहिला द्वापरैमा व्यासजीले वेद-विभाग गरेर साना-साना भागमा छुट्ट्याइदिनुहुन्छ । त्यसरी वेद छुट्ट्याउनेलाई वेदव्यास भन्दछन् । यस कल्पमा आजतक २८ वटा व्यास भैसके । तिनीहरूको नामावली यो हो ।

१. स्वयंभू, २. प्रजापति, ३. उशना, ४. बृहस्पति, ५. सूर्य, ६. मृत्यु, ७. इन्द्र, ८. वशिष्ठ, ९. सारस्वत, १०. त्रिधामा, ११. त्रिशिख, १२. भरद्वाज, १३, अन्तरिक्ष, १४. वर्णी, १५. त्र्याारुणि, १६. धनञ्जय, १७. ऋतुञ्जय, १८. जय, १९. भरद्वाज, २०. गौतम, २१. हर्यात्मा, २२. वाजश्रवा, २३. तृणबिन्दु, २४. त्र्यक्ष (वाल्मीकि), २५. शक्ति, २६. पराशर, २७. जातुकर्ण्य, २८. कृष्ण द्वैपायन (व्यास) ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां प्रतिकल्पचतुर्दश भुवन, चतुर्दश महेन्द्र, चतुर्दश मन्वन्तरादिवर्णनं नाम द्वितीयोऽध्यायः ॥ २ ॥

तृतीय अध्याय

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्यमुनि ! चौध मनु, चौधवटा इन्द्र र ज्ञान जगत्का सञ्चालक सप्तर्षिगण पनि चौधवटाकै बयान गरिसकियो। अब म सर्गका आदि कालमा सृष्टि गरेको विषयमा ब्रह्माजीको विचार कहन्छु। प्रत्येक व्यक्तिलाई पहिले काम शुरू गर्दा आनुभाविक न्यूनता हुने हुनाले ब्रह्माजीको पनि कल्पादिमा सृष्टि गर्दा अबुद्धिपूर्वकको तमोमय सृष्टि नै भयो जसमा ५ प्रकारको सृष्टि प्रादुर्भाव भयो, जसलाई पञ्चपर्वा अविद्या पनि भन्दछन्। पहिलाको नाम तम अर्थात् अज्ञान हो, सो आठ प्रकारको छ। दोस्राको नाम महामोह अर्थात् विषयाशक्ति हो, त्यो दश प्रकारको छ। चौथाको नाम तामिस्र अर्थात् द्वेष हो, त्यो १८ प्रकारको छ। पाँचौं अविद्याको नाम अन्धतामिस्र अर्थात् अभिनिवेश=अनुचित आग्रह हो, अर्थात् भोग्य वस्तु र उनका उपायहरूको उपघात कतैबाट पनि नहोस् भनेर भयपूर्वक सतर्क हुँदै यस्तै भोग सर्वदा भइरहोस् भन्ने आग्रह नै अन्धतामिस्र

हो। यो पनि १८ प्रकारको छ। यसरी ५ प्रकारका अविद्याको आवन्तर भेद ६२ प्रकारको हुन्छ।

यसरी पञ्चपर्वा अविद्याको सिर्जना गरेपछि फेरि ब्रंह्माजीले ध्यान गर्नुभयो, यसपालाको ध्यानमा पनि पाँचै प्रकारको सर्ग हुन गयो, जसको स्वरूप ज्ञानहीन भित्र-बाहिर कतै प्रकाश नभएको, आपसको परिचय केही नभएको स्थावर, वृत्त, गुल्म, लता, वीरुत्, तृण सृष्टि भयो। यसै स्थावर सृष्टिलाई मुख्य सृष्टि भन्छन्। किनभने वराह भगवान्ले रसातल-सम्म डुबेर पुगेकी पृथ्वीलाई उद्धार गरेका वेलामा ब्रह्माजीले सृष्टि गर्दा पहिले यिनै स्थावरहरूको सृष्टि गर्नुभएथ्यो। यसै उसले यस सृष्टिलाई मुख्य सृष्टि भनेको हो।

त्यसपछि ब्रह्माजीले विचार गर्दा चित्त बुझेन किनभने यस्ता सर्गबाट पुरुषार्थको साधना हुन सक्तैनथ्यो। उसैले फेरि ब्रह्माजी सृष्टिको चिन्तनां गर्न थाल्नुभयो। यसपालाका ध्यानबाट तिर्यक्स्रोता सृष्टि भयो, तेर्सो हिंडाइ हुनाले तिर्यक्स्रोता कहिए। खएाको वस्तुसमेत तेर्सै बाटाले बाहिरसमेत आउने जाति हुनाले समेत तिर्यक्जाति भनिए। यिनीहरू नै

पशु हुन्। ती तमोमय अज्ञानी, उन्मार्गगामी अज्ञान-लाई नै ज्ञान भन्ठान्ने स्वभावका हुन्छन्। अहङ्कारी अभिमानी २८ किसिमका वधले युक्त भएका आन्त-रिक सुख-दुःख जान्ने, आपसको प्रवृत्ति भने जान्न नसक्ने स्वभावका हुन्छन्।

यस तेस्रो सर्गबाट पनि पुरुषार्थको काम साध्न गाह्रारै देखिएकोले सृष्टिका निमित्त ब्रह्माजी ध्यानमग्न हुनुभयो। यसपालाका ब्रह्माजीको ध्यानबाट ऊर्ध्व-स्रोता देववर्ग उत्पन्न भए, ती प्रायशः सात्त्विक थिए। तसर्थ सुखमा सारै लालच भएका थिए। भित्री बाहिरी दृष्टि र ज्ञानले परिपूर्ण थिए। ऊर्ध्व-स्रोता हुनाले ऊर्ध्वलोक स्वर्गमा नै रहन रुचाउँथे, सन्तुष्ट पनि थिए। यस सर्गलाई देवसर्ग भन्छन्। देवसर्ग देखेर ब्रह्मदेवको हृदय हर्षले प्रफुल्लित भयो।

तैपनि ब्रह्माजीको सिसृक्षा (सृष्टिचाहना) शान्त हुन पाएन किनभने यी तीनैवटा सृष्टि पुरु-षार्थका बेकम्मा थिए। तसर्थ साधक सृष्टि गर्ने धोका-ले फेरि ध्यान गर्न लाग्नुभो। यस ध्यानमा सङ्कल्प-को सत्यता र साधक सृष्टिको कामना प्रबल थियो। उसैले अर्वाक् स्रोता साधकवर्ग उत्पन्न भए। यस

सर्गका प्राणी माथि नगएर तलै भूमण्डलमा बसे-काले अर्वाक्स्रोता भनिए। यिनमा सत्त्व रज र तमोगुणको समेत पर्याप्त मात्रा रहेकोले दुःखबहुल अत्यन्त क्रियाशील भित्री बाहिरी दुवै थरी ज्ञानसमेत भएका हुन्छन्। यसै सर्गलाई मनुष्य सर्ग पनि भन्द-छन्। यिनीहरूले खाएका अन्न जलको प्रवाह पनि उँधैतिर जान्छ। त्यसले समेत अर्वाक्स्रोता भन्द-छन्। यी माथि लेखिएका सर्गहरूमध्ये प्रथम सर्ग महत्तत्त्वको हो। सो ब्रह्मादेखि नै भएको हो। दोस्रो सर्ग तन्मात्राको हो, यसलाई भूतसर्ग पनि भन्छन्। तेस्रो सर्ग वैकारिक हो, यसलाई ऐन्द्रिक अर्थात् इन्द्रियसम्बन्धी सर्ग पनि भन्दछन्। यी पूर्वोक्त तीनवटा सृष्टिलाई नै प्राकृत सृष्टि भन्दछन्। यो प्राकृत सृष्टि ब्रह्माजीको बुद्धिपूर्वकको सृष्टि हो। यो चौथो मुख्य सर्ग हो जसमा स्थावर सृष्टि भयो। तिर्यक्स्रोता अर्थात् पशुको सृष्टिलाई तैर्यग्योन्य भन्दछन्। यो पञ्चम सर्ग हो। यसैमा सारा कीट पतङ्गको समेत प्रवेश हुन्छ। ऊर्ध्वस्रोताको सर्गलाई देवसर्ग भन्दछन्। त्यो छैटौं हो। अर्वाक्स्रोताको सर्ग सातौं हो, त्यसै सर्गमा मानिसहरू जन्मिन्छन्।

आठौं सर्गलाई अनुग्रह सर्ग भन्छन् । त्यो सात्त्विक र तामस दुई थरी हुन्छ । चौथा मुख्य सर्गदेखि अनुग्रहसर्गतकको सर्गलाई वैकृत सर्ग भन्छन्, वैकृत सर्ग पाँचवटा छन्, नौवाँ सर्गको नाम कौमार सर्ग हो। त्यो कौमार सर्ग दुवै थरीको अर्थात् प्राकृत पनि छ, वैकृत पनि छ, जगत्स्रष्टा ब्रह्माजीको सृष्टि जम्मा ९ प्रकारका छन् । यिनै प्राकृत वैकृतसर्ग नै जगत्का मूल कारण मानिएका छन् ।

विश्वमा जति जीवहरू छन्, तिनीहरूमा शुभाशुभ कर्मको वासना अवश्यै रहन्छ । वासनाबाट् छुट्कारा पाउन संसारीले कसै पनि सकेको हुँदैन। तसर्थ पुराकल्पमा आखिरमा वासनासहित नै प्राणीहरू प्रलीन भएका थिए। उसैले सृष्टि गर्दा ब्रह्माजीले ती सारा कर्मको ख्याल गरीकन मात्र काम गर्नुपर्छ। अतएव पूर्वकल्पमा स्थावरदेखिन् देवता पर्यन्त चार प्रकारका प्रजा थिए । उसैले यस कल्पमा पनि सृष्टि गर्दा तिनीहरूको मानस सृष्टि गर्न ब्रह्मालाई आवश्यक नै पर्‍यो। यसरी मानस सृष्टि गरिसकेपछि देवता असुर पितृ मनुष्य र जलसमेत सृष्टि गर्ने विचार गरेर प्रथमतः स्वयं युक्तात्मा हुनुभयो। यसरी आत्म-

योग गर्दा ब्रह्मदेवको तमोमात्रा बढ्न थाल्यो। तमोमात्रा बढेकोले पहिले जाँघबाट असुरहरू उत्पन्न भए। त्यसपछि ब्रह्माजीले त्यो तामस शरीर त्यागिदिनुभयो। ब्रह्माजीले त्यागेको त्यो तामस शरीर रात्रिको रूपमा परिणत भयो। अनि फेरि सृष्टि गर्ने चाहनाले ब्रह्माजीले अर्को शरीर लिनुभयो। त्यो शरीर लिनासाथ ब्रह्माजीको मन अत्यन्त प्रसन्न भयो। प्रसन्न भएका ब्रह्माजीका मुखबाट सत्त्वगुणी देवताहरू उत्पन्न भए। त्यसपछि त्यो सात्त्विक शरीर पनि ब्रह्माजीले छाडिदिनुभयो। त्यै छाडिएको ब्रह्माजीको सात्त्विक शरीर दिनको रूपमा परिणत भयो। यसैउसले रात्रिमा असुर बलवान् हुन्छन्, दिनमा देवता। तदन्तर फेरि ब्रह्माजीले आंशिक, सात्त्विक स्वरूप लिनुभयो। आफूलाई पितृवत् ठान्नुभयो, त्यस शरीरबाट सृष्टि गरेपछि ब्रह्माजीले त्यो स्वरूप छाडिदिनुभयो। त्यो स्वरूप दिन र रातको बीचको संध्या भयो। त्यसपछि फेरि ब्रह्माजीले रजोगुणी स्वरूप लिनुभयो। ब्रह्माजीको त्यस रजोगुणी सृष्टिको फलस्वरूप मनुष्य उत्पन्न भए। त्यसपछि त्यो शरीर पनि ब्रह्माजीले छाडिदिनुभयो। त्यो शरीर ज्योत्स्ना भयो, जस-

लाई रात र दिनका बीचको सन्ध्या अर्थात् प्रातः सन्ध्या भन्दछन्। अतएव बिहानीपख मान्छे टाठा हुन्छन्, बेलुकीपख पितृहरू टाठा हुन्छन्। ज्योत्स्ना दिन साँझ रात यी ब्रह्माजीका सत्त्व, रज, तमोगुणमय शरीरबाट भएका हुन् अर्थात् यिनीहरू ब्रह्माजीका त्रिगुणमय शरीर हुन् । त्यसपछि फेरि ब्रह्माजीले रजोमय शरीर धारण गर्नुभयो । त्यस शरीरबाट क्षुधा उत्पन्न भयो, क्षुधाबाट काम उत्पन्न भयो अनि ब्रह्माजीले अन्धकारमै बसेर भोक प्यासले आकुल-व्याकुल भएको सृष्टि रच्नुभयो । त्यसबाट विरूप जुँघा दाह्री भएका प्राणीहरू उत्पन्न भए । निदानमा जम्मै प्राणीहरू भोकले गर्दा खुद ब्रह्माजीलाई नै खान जाइलागे । त्यसमध्ये कसैले भने "होइन नखाऊ, यसको रक्षा गर्नुपर्छ", कसैले भने "खान्छौं, नखाई छाड्दैनौं" । रक्षा गर्नुपर्छ भन्ने जति राक्षस भए । खानैपर्छ, आफ्नो भक्ष यही हो भन्ने जति यक्ष भए, तिनीहरूको त्यस्तो घिनलाग्दो प्रवृत्ति देख्दा ब्रह्माजीका शिरबाट केश झरे । झरेका केश फेरि शिरमा चढे, सरसरी माथि चढ़ेकाले सर्प र तल हीन भएर झरेकाले अहि भए, अर्थात्

केशबाट सर्पहरू उत्पन्न भए । ब्रह्माजी त्यस वेला रिसाउनुभएको थियो, रिसले पूर्ण भएकी वेलामा गरेका सृष्टिबाट रिसाहा मांसभोजी उग्र स्वभाव भएका कृष्णपिङ्गल वर्णका प्राणीहरू उत्पन्न भए, ब्रह्माजीको संगीत गर्ने समयमा शरीरबाट पैदा भएका प्राणीहरू गन्धर्व भनिए, किनभने तिनीहरू वाणी उच्चारण गर्दै उत्पन्न भएका थिए । यति सृष्टि गरेपछि ब्रह्माजीका हृदयमा पूर्वकल्पका पक्षी-हरूको वासनाले प्रेरणा गर्न थाल्यो, तदनुसार आफ्ना आयुष्यद्वारा स्वच्छन्दतापूर्वक ब्रह्माजीले पक्षीहरू रच्नुभयो । छातीबाट भेड़ा, मुखबाट बाख्रा, पेटबाट र कोखाबाट गाईहरू सृष्टि गर्नुभयो । खुट्टादेखि हात्ती, घोडा, गधा, मृग, गवय, ऊँट, खच्चर इत्यादि हरतरहका पशुजाति उत्पन्न भए । ब्रह्माजीका रोमबाट फल-मूलरूप औषधिहरू उत्पन्न भए । सृष्टिका आदिमा यिनको उत्पत्ति भयो, त्रेता-युगका आदिमा यिनीहरू यज्ञमा शामिल गरिए । गाई, बाख्रा, मनुष्य, घोडा, भेडा, गधा, खच्चर इत्यादि ग्राम्य पशुहरू उत्पन्न भए । बनेल, श्याल, वानर, हात्ती, चराचुरुङ्गी इत्यादि जङ्गली पशु उत्पन्न

भए। जलचर माछाहरू र स्थलचर सर्पहरू पनि उत्पन्न भए। तदनन्तर अग्निष्ठोमादि यज्ञ छन्द स्तोम सामहरू प्रकाशित गरिए। ब्रह्म ाजीका तत्तत् शरीरबाट ऊँचा नीचा प्राणीहरू देव, यक्ष, मानव, किन्नर, अप्सरा, गन्धर्व, राक्षस, पिशाच, भूत, पशुपक्षी, भृगु, उरग सबै ब्रह्मदेवका सङ्कल्पका आधारमा पूर्वकल्पको वासनाअनुसार उत्पन्न भए, स्वभाव पनि प्राचीन वासनाअनुसार नै रह्यो, तिनीहरूको नाम काम रूप इत्यादि प्रपञ्च विधाताले वेदकै आधारमा गर्नुभयो। जसरी ऋतुहरूको परिवर्तनबाट फेरि घुमीफिरी उही ऋतु आइपुग्दा उनै चिह्नहरू देखिन्छन्, उसै गरी कल्पान्तरमा पनि उनै पूर्वकल्पका चिह्नहरू देखापर्छन्। किनभने सिसृक्षा (सृष्टिचाहना) शक्तिलाई सृज्य शक्तिको प्रेरणा महान् उपोद्बलक हुन्छ।

सृष्टि गर्दा ब्रह्माजीलाई यस कुराको विशेष ख्याल राख्नुपर्‍यो, कुन कुराको भने, यस दुनियाँको वागडोर कसका हातमा सुम्पने हो तसर्थ सत्य सङ्कल्प भएर ब्रह्माजीले ध्यान गर्दा मुखबाट सात्त्विक स्वभाव भएका प्रजा उत्पन्न भए। छाती-

बाट रात्तस स्वभावका प्रजा र तिघ्राबाट राजस तामस उभय स्वभावका तथा पाउबाट तामस प्रजा उत्पन्न भए। क्रमशः यिनीहरूलाई नै ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र भन्ने कक्षा छुट्ट्याइदिए। तद्नुसार चातुर्वर्ण्य-व्यवस्था पनि राम्ररी बाँडियो। चातुर्वर्ण्य-व्यवस्थाको प्रयोजन थियो—यज्ञसिद्धि। यज्ञको प्रयोजन देवतासँग सम्बन्ध कायम राख्नु। देवता सम्बन्धको प्रयोजन वृष्टि, वृष्टिको प्रयोजन अन्न-निष्पत्ति, अन्नको प्रयोजन प्राणीको पालन, तसर्थ यस विश्वका विविध प्राणीहरूको राम्रो पालन होस् भनेर चातुर्वर्ण्यमा यज्ञको अनुष्ठान चलाएर दुनियाँको व्यवस्था बाँधिदिनुभयो। अतएव विश्वका हितका निमित्त मनुष्यबाट धूमधामसित यज्ञहरू हुन थाले। हुन पनि याज्ञिकहरूले यस लोकको व्यवस्था राम्रो पारेर छाड़े। उस लोकमा पनि स्वर्ग या अपवर्ग जे चाहन्थे, सो पाउँथे। यिनीहरूमा रसोल्लास आदि आठै प्रकारका सिद्धि पर्याप्त मात्रामा रहन्थे। परा युगमा मनुष्यका अन्तःकरणमा रसको आपसे आप उल्लास हुन्थ्यो, त्यसै सिद्धिलाई 'रसोल्लासिका' सिद्धि भन्दछन्। यो सिद्धि हुनाले भोक प्यास-

बाट कष्ट हुँदैनथ्यो । दोस्रो सिद्धिलाई तृप्ति' भन्दछन्, तृप्ति सिद्धि भएपछि कुनै विषयसँग संपर्क नभईकन पनि मनुष्यको हृदय सर्वदा तृप्त रहन्छ । तेस्रो सिद्धि 'धर्मोत्तम' नाउँको थियो । जसबाट मनुष्य उत्तम धर्मको पात्र हुन्थ्यो । चौथो सिद्धि 'तुल्यता' थियो, अतएव सबैको आयुष्य रूप औ सुखमा तुल्यता थियो। पाँचौं सिद्धि 'विशोका' भनिन्थ्यो, यसको फल थियो अत्यन्त बल हुनु ।

'तपोध्यानादि' (निष्ठता) नाउँको अर्को छैटौं सिद्धि थियो, जसका प्रभावले मानिस परमात्मपरायण भएर तपोध्यान आदिमा तत्पर भइरहन्थ्यो। सातौं सिद्धिको नाउँ 'कामचारिता' थियो, जसका प्रभावले मनुष्य स्वेच्छानुसार बेरोकटोक जहाँ चाह्यो उहाँ घुम्न फिर्न सक्थ्यो। आठौं सिद्धिको नाउँ 'यत्रक्वचनशायित्व' हो, त्यो भएपछि मानिस मनमोजसँग जहाँ भन्यो उहीं आनन्दपूर्वक सुतिरहन सक्थ्यो, यसर्थ यिनीहरू यथेच्छ रहन्थे । कुनै पीर कष्ट थिएन । मन शुद्ध थियो । सत्कर्म गर्थे, उसैले निर्मल थिए । शुद्ध मनमा भगवान्को वास हुने हुनाले साक्षात् भगवान्को दर्शन पाउँथे ।

त्रेतायुग लागेपछि कालरूपी भगवान्ले अल्पसुखमय तुच्छ डरलाग्दो पापको बीउ प्रजामा अलिकति छरिदिए। त्यसको प्रभावले गर्दा प्रजामा पहिलेको जस्तो रसोल्लास आदि स्वाभाविक सिद्धि सरासर हुन छाड्यो। शनैः शनैः पापको मात्रा बढ्दै गयो, ती सारा सिद्धिहरू पनि क्षीण हुँदै गए। अनि प्रजाहरू शीतोष्णादि दुःखबाट पीडित हुन थाले। त्यसकारण दुःखबाट बच्नालाई प्राकृत तथा कृत्रिम दुर्गहरू बनाइन थाले। शहर, खर्बट (पहाडका या नदीका तटमा बसेका साना-साना गाउँ)-हरूसमेत बन्न थाले। थरी-थरीका घर-दरबार आदि बनाएर, शीत आतपको बाधा शान्त गर्ने प्रयत्न पनि हुन थाल्यो। आवश्यकतानुसार कृषि कला कौशल आदिको पनि प्रयोग विकास हुँदै गयो। ग्रामीण र अन्य अन्नको सप्रयोजन विभाग भयो। तिनीहरूको पैदायसीको मुख्य साधन यज्ञ मानिएकोले यज्ञमा अन्नको उपयोग सदुपयोग मानिन थाल्यो; अन्नको उब्जाउका निमित्त हुन गएका हिंसाजन्य पातक हटाउन पञ्चमहायज्ञ हुन थाले। यज्ञ-प्रेमीहरूको

कर्त्ता उत्तम मानिन थाल्यो । यज्ञद्रोहीहरू लोक-संस्थानका विघातक मानिन थाले । प्रजाहरूको चालचलन बेसै हुँदा प्रजापतिजीले स्थान र गुण-अनुसारको वर्णाश्रमको मर्यादा स्थापना गरिदिनुभयो । राम्रा तवरले धर्म पालन गर्ने महानुभावहरूको निमित्त वर्णाश्रम व्यवस्थापूर्वकको नै स्थानका प्रबन्ध हुन गयो । जस्तै—कर्मिष्ठ ब्राह्मणका निमित्त प्राजापत्यस्थान, जसलाई प्रजापत्य स्वर्ग भनेर भनियो, सोही स्थान दिइने भयो । स्वधर्मपालन गर्ने क्षत्रिय र संग्राममा वीरगतिमा पुगेका वीरका निमित्त ऐन्द्र स्थान अर्थात् माहेन्द्र स्वर्ग दिइने भयो, स्वधर्मपालन गर्ने वैश्यहरूका निमित्त मारुतस्थान अर्थात् वायु-लोकको प्रबन्ध भयो । स्वधर्ममा रहेका शूद्रलाई गन्धर्वलोकको बन्दोबस्त मिलाइने भयो । ब्रह्मचर्यमा आयुष्य बिताउने पुण्यात्मालाई ऊर्ध्वरेता मुनिहरूको स्थान, स्वधर्मी गृहस्थलाई प्राजापत्यस्थान, वानप्रस्थलाई सप्तर्षिहरूको स्थान र योगीहरूका निमित्त आत्मसंतोषकारी अमृतपद अर्थात् ब्रह्मज्ञहरूले पाइने स्थानको प्रबन्ध मिला-

इयो। स्वधर्मत्यागी वेदनिन्दक यज्ञविनाशी पामर-हरूलाई तामिस्र, अन्धतामिस्र, रौरव, असिपत्र-वन, कालसूत्र, अवीची आदि अतिकठोर यातना दिने स्थानहरू बनाइए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां सर्गस्थितिविकास-क्रमवर्णनं नाम तृतीयोऽध्यायः ॥ ३ ॥

•

चतुर्थ अध्यायः

हे अगस्त्य मुनि ! यति कुरा सुन्यौ, यो कुरा असंख्य छ, तिमीलाई संक्षेपले मात्र कहें। अब महादेवकी स्त्री सतीदेवी मर्दा उत्पात भएको कुरा कहन्छु सुन, भनी कुमारले आज्ञा गरे र अगस्त्य मुनि भन्छन्—कुमार ! सती देवी महादेवकी स्त्री कसो गरी भइन् ? कसो गरी मृत्यु भयो ? के के उत्पात भए ? त्यो आज्ञा गर। यति अगस्त्य मुनिले भनेको सुनी कुमार आज्ञा गर्छन्—हे अगस्त्य मुनि ! सुन। अष्टप्रजापति भनी आठ प्रजापति थिए। तिनमा दक्षप्रजापति सबैभन्दा श्रेष्ठ थिए। तिनकी विरणी नाम गरेकी स्त्री थिइन्। विरणी गर्भिणी भई मास पूर्ण भयो र

पुत्री जन्मिन् । कस्ती पुत्री भने हजार सूर्यको जस्तो तेज भएकी, बत्तीस लक्षणले युक्त भएकी, पद्मपत्र जस्ता नेत्र भएकी; रक्तवर्ण अरुण उदय भएजस्तो यस्ती परम सुन्दर पुत्री जन्मेको देखी दक्षप्रजापतिले मनमा आनन्द गरी आफ्ना प्रोहित वशिष्ठ प्रभृति ऋषि ज्योतिषीहरूलाई डाकी विधिपूर्वक न्वारान गराए । वशिष्ठ प्रभृति ज्योतिषी ऋषिहरूले ज्योतिष शास्त्रमा विचार गरी भने— "हे दक्षप्रजापति ! यस बालिकाको नाम सतीदेवी भनी त्रिभुवनमा प्रख्यात होला" भनी सतीदेवी नाम राखे र दक्षप्रजापतिले श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराई बिदा दिए र ती आफ्ना-आफ्ना आश्रममा जाँदा भए ।

हे अगस्त्य मुनि ! यस्तै तरहले दक्षप्रजापतिकी स्त्री विरणीका गर्भदेखि तेत्तीस कोटि कन्या जन्मे । तेत्तीस कोटि कन्यालाई दक्षप्रजापतिले र विरणीले यथायोग्यले हित गरी पाली राखे ।

अगस्त्य मुनि सुध्याउँछन्—हे कुमार ! दक्षप्रजापतिका तेत्तीस कोटि कन्या देवताहरूले कस्ता तरहले विवाह गरे ? त्यो आज्ञा गर ! भने

र कुमार आज्ञा गर्दछन्—हे अगस्त्य मुनि ! स्वर्गका सम्पूर्ण देवता, ऋषि, मुनि, यक्ष, गन्धर्व, किन्नर, अष्टवसु, दश दिक्पाल प्रभृति बसी सभा गरी भने—हामीहरूका स्त्री छैनन्, दक्षप्रजापतिका तेत्तीस कोटि कन्या विवाह गरौं, कन्या माग्न दक्षप्रजापतिछेउ कसलाई पठाऔं भनी सबैले मतो गरी—"हे नारद मुनि ! तिमी दक्षप्रजापति-छेउ गई उनका कन्या हामीहरूलाई दिन्छन् कि मागी आऊ" भने। यति देवताहरूको वचन सुनी नारद मुनि लौ भनी दक्षप्रजापतिका घर गए। दक्षप्रजापतिले भेटी शिष्टाचार गरी के कामले आउनुभयो भनी सुध्याए। नारदले पनि आफूलाई देवताहरूले पठाएको कुरा पूरा वृत्तान्त कहे। "तिम्रा तेत्तीस कोटि कन्या तेत्तीस कोटि देवता-हरूलाई देउ" भने। यति नारद मुनिले भनेको सुनी दक्षप्रजापति खुशी भै—हे नारद मुनि ! भलो भन्यौ, म धन्य रहेछु, मेरा तेत्तीस कोटि कन्या देवताहरूलाई तिम्रा यस अमृतरूपी वचनले गरी दिएँ। एक सतीदेवी मात्र दिनेछैन, किनभने मेरा पुत्र छैनन्, सम्पत्तिको रक्षा को गरिदेला ? अरू

तेत्तीस कोटि कन्या देवताहरू जहिले भन्नन्, तिमी जस-जसलाई दिनू भनी भनौला त्यो त्यसलाई दिउँला, अब तिमी देवताहरूछेउ जाऊ र विवाह-को दिन ठहराई पठाऊ भनी नाना उपचारले पूजा गरे। यति दक्षप्रजापतिले भनेपछि नारद मुनिले 'म जान्छु' भनी दक्षप्रजापतिछेउ बिदा मागी स्वर्ग गए। देवताहरूछेउ पुगी दक्षप्रजापतिसित भएको कुराको वृत्तान्त कहे। सतीदेवीबाहेक दक्षप्रजा-पतिका तेत्तीस कोटि कन्या तेत्तीस कोटि देवता-लाई दिए, अब विवाहको दिन ठहराई पठाओ! भने। यति नारद मुनिले भनेको सुनी देवताहरू खुशी भै धन्य नारद मुनि! भनी सामग्री तयार गरी दक्षप्रजापतिका घर गए। दक्षप्रजापतिले देवताहरू आएका देखी मनमा आनन्द गरी नाना मङ्गलयात्रा गरी आफ्ना मर्यादाले सतीदेवीबाहेक तेत्तीस कोटि कन्या तेत्तीस कोटि देवतालाई कन्या-दान दिए। देवताहरूले कन्यादान पाई आफ्ना-आफ्ना स्त्री लिई आफ्ना-आफ्ना आश्रममा गए।

यो वृत्तान्त कैलास पर्वतमा रहेका महादेवले चाल पाए र यी देवताहरूले मछेउ एक वचन पनि

नसोधी मलाई बाहेक गरी आफू-आफूले मात्र कन्यादान लिएछन्। कैलासको अधिपति भै मेरा स्त्री छैनन्, अब मलाई कन्या को देला भनी ध्यानदृष्टिले विचार गरी हेरे र दक्षप्रजापतिका तेत्तीस कोटि कन्यामा सबैचाहिंभन्दा जेठी सतीदेवी रहेकी रहिछन्। देवताहरूले मेरो मर्यादा राखेका रहेछन्, ती कन्या माग्न दक्षप्रजापतिछेउ कसलाई पठाऊँ, आफै जाऊँ भनी दक्षप्रजापतिका घर गए। दक्षप्रजापतिले महादेव आएको टाढैबाट देखी भने—हे स्त्री! त्यो आएको महादेव हो, के भन्न आयो भनी विरणीसित कुरा गरिरहँदा महादेवले दक्षप्रजापतिको घरमनि पुगी बोलाए। दक्षप्रजापतिले भयालमा निस्की 'माथि आ!' भनी बोलाए। हे महादेव! तँ मेरा घरमा के कामले आइस्? भनी हेलाँसित भने र महादेव आज्ञा गर्दछन्—हे दक्षप्रजापति! तिम्रो घरमा आउने मेरो अरू काम केही थिएन, तिमीले कृपा गर्नाले तेत्तीस कोटि देवताहरूले कन्यादान पाई उद्धार भए। सतीदेवी रहेकी रहिछन्, योग्य पनि छु, ती मलाई कृपा गर। यति महादेवले आज्ञा गरेको सुनी दक्षप्रजापति

क्रुद्ध भै भने—हे पापिष्ठ महादेव ! मेरी कन्या सतीदेवी तँयोग्य कसो गरी होली । तँ कस्तो भने खरानी घसी, सर्पको गहना लगाई, बाघको छाला ओढी, डमरु, त्रिशूल हातमा लिई बूढो गोरुमा चढी हिंड्ने, मसानमा वास गर्ने, विष भाङ धतुरो खाने, दिगम्बर, देख्तैमा पनि अशोभा यस्तो तैंले मेरो मुख्याञ्जी आई यस्तो कुरा गरिस् । जा! मेरो घरमा नबस् भनी पाखुरामा समाती उठाए । महादेवले यस्ता तरहसँग दक्षप्रजापतिले नाना तरहका आफूलाई निन्दा गरी क्षुद्र वचन गरेको सुनी बहुत मन दुखाई बाहिर आएर 'नदिने भए दिन्नँ' भने होइजान्थ्यो, त्यस्तो निन्दा गर्नुपर्दैनथ्यो, अब कता जाऊँ, कसले ती कन्या मलाई पारिदेला भनी विष्णुछेउ गए । विष्णुले श्रीमहादेव आएको देखी झट्ट उठी आदर गरी बिछ्याउनामा बसाली "के कामले परिश्रम गर्नुभो ?" भनी सोधे र महादेवले–हे विष्णु! भनी आफूले सती देवी माग्न दक्षप्रजापतिका घरमा गएका कुरा, दक्षप्रजापतिले नाना तरहले निन्दा गरेको कुरा सारा वृत्तान्त कहे । मेरा स्त्री छैनन्,

त्यसकारणले मेरो घर छैन। यति कुरा गर्न आएँ। जसो गरी ती कन्या मेरी होलिन्, त्यसै गर भने र



(विष्णुकहाँ महादेवजीले सतीदेवीको विवाह मसित गराइदेऊ भनेको)

यति महादेवबाट आज्ञा भएको सुनी विष्णुले भने— हे ईश्वर! यो काम म पार लाउँला सन्देह नगरि-बक्सियोस्। म दक्षप्रजापतिछेउ जान्छु। म नआउ-ञ्ज्याल तपाईं यहीं राज गर्नुहोला भनी महादेवलाई पर्खाई आफू दक्षप्रजापतिका घर गए। दत्तप्रजा-पतिले विष्णु आएको देखी माथि डाकी आदर गरी बिछयाउनामा बसाली—हे विप्णु! आज मेरो घर किन पवित्र गर्नुभो? आज्ञा हओस् भनी सोधे र

विष्णु आज्ञा गर्दछन्—हे दक्षप्रजापति! केही माग्न भनी आएँ। तिमीले दिने भए माग्छु भने र दक्ष-प्रजापति भन्छन्—हे विष्णु! आज्ञा गर, तिमीले मागेपछि जेसुकै मागे। पनि म अवश्य दिउँला यति दक्षप्रजापतिले भनेपछि विष्णु आज्ञा गर्दछन्—हे दक्षप्रजापति! वैकुण्ठको अधिपति भै मेरा स्त्री छैनन्। तिमीले कृपा गर्नाले तेत्तीस कोटि देवताले कन्या पाई उद्धार भए, अब सतीदेवी रहेकी छन्, ती कन्या मलाई कृपा गर। यति श्रीविष्णुले आज्ञा गरेको सुनी दक्षप्रजापतिले मनमा विषाद गरी भने-हे विष्णु! मेरा पुत्र छैनन्, सम्पत्तिको रक्षा गर्न राखेको दिनु त योग्य थिएन, के गरूँ मैले वाचामा हारेँ, दिनुपर्‍यो, ती कन्या तिम्री भइन्, सुदिन ठहराई कन्यादान लेऊ। यति दक्षप्रजापतिले भनेको सुनी विष्णुले लौ भनी वैकुण्ठ गए।

विष्णु आएको महादेवले देखी हे विष्णु! तिमी गएको काम कसो भयो? भनी आज्ञा भयो र विष्णु विन्ती गर्दछन्—हे ईश्वर! म गएको काम पुग्ला भने जस्तो भयो, तर मलाई भनी मागी आएँ। तसर्थ तपाईंले वृद्ध संन्यासीको रूप

लिई कन्यानान दिने ठाउँमा आई भिक्षा माग्नू। मलाई भिक्षा नदिई कन्यादान लिए पनि कन्यादान दिए पनि सराप गरुँला, भिक्षा देऊ भन्नू। मैले हे संन्यासी, मेरो वेला बित्न लाग्यो, कन्यादान भैसकेपछि भिक्षा दिउँ ला, सराप नगर, यहाँ आई बस भनी म बसेका ठाउँमा बसालिराखुँला। दक्षप्रजापतिले कन्यादान दिंदा उसको आँखा छली तपाइंको हातमा पारिदिउँला। यस दिन यस वेलामा आउनुहोला भनी दक्षप्रजापतिसित भएका कुराको वृत्तान्त कहे। यति विष्णुका वचन सुनी महादेवले 'लौ' भनी हर्ष मन गरी कैलास पर्वतमा जाँदा भए।

कुमारजी फेरि आज्ञा गर्नुहुन्छ—तहाँ उप्रान्त कन्यादानको दिन भयो र महादेव आउनन् भनी विष्णु दक्षप्रजापतिको घर गए। दक्षप्रजापति पनि सम्पूर्ण सामग्री तैयार गरी यज्ञ गराई विधि गरिसकी कन्यादान दिन तैयार भए। महादेवले विष भाङ धतुरो खाई मातिईकन दक्षप्रजापतिका घर जान बिर्सिरहे। तब विष्णुले महादेव भने आउनुभएन, कन्यादानको वेला भयो, मेरा हातमा थापूँ

भने महादेवलाई हुँदैन, अब कसो गरूँ भनी चित्त व्याकुल गरिरहे। तहाँ उप्रान्त महादेव कन्यादान दिने दिन आज हो, विष्णु गए हुन्, वेला पनि भयो हो भनी सम्झेर वृद्ध संन्यासी भै चाँडै दक्ष-का घरमा खड़ा भै—"हे विष्णु! हे दक्षप्रजापति ! म अति टाढादेखि आएँ, भोक लागिरहेछ, मलाई भिक्षा नदिई कन्या लिए पनि दिए पनि सराप गरूँला" भनी भने। यति संन्यासीरूप भएका महा-देवबाट आज्ञा भएपछि विष्णुले भने–"हे भिक्षुक ! मेरो वेला बित्न लाग्यो, कन्यादान भैसक्नेबित्तिकै तिमीलाई भिक्षा दिउँला, ऐले म भएका ठाउँमा आई बस" भनी आफू बसेको सिंहासनमा बसाए।

महादेव कस्तो वेलामा आइपुग्नुभो भने विरणी-ले सुनका कमण्डलुले धारा दिई दक्षप्रजापतिले सतीदेवीको हात समाती विष्णुका हातमा सुम्पन लागेको यस्ता वेलामा पुग्न गएर विष्णुले आफ्नू मायाले छोपी, दक्षप्रजापतिका आँखा छली सती-देवीको हात संन्यासीरूप महादेवको हातमा पारि-दिए। त्यो देखी दक्षप्रजापतिले बड़ो विषाद गरी तिमी कपटी रहेछौ, तिम्रो विश्वासमा पर्दा मेरी

पुत्री सतीदेवी यो अवस्थामा परी भने। यति

(सतीदेवीको विवाहमा विष्णुले दक्षको आंखा छली सतीदेवीको हात महादेवको हातमा पारेको)

दक्षप्रजापतिले भनेको सुनी केही उत्तर नदिई सतीदेवीको हात महादेवका हातमा पारिदिई 'अब म जान्छु' भनी संन्यासीरूप महादेवछेउ बिदा भै विष्णु वैकुण्ठ गए। विष्णु गएपछि दक्षप्रजापतिले सतीदेवीछेउ भने—हे पुत्री सतीदेवी! पापिष्ठ विष्णुले छल्दा यस्तो भयो। वृद्ध संन्यासी स्वामी पाइस्, तैपनि सन्देह नगर्, हामी छौं, तँलाई हामी पालौंला, अहिले त्यसैका सँग जा!

यति आफ्ना पिता दक्षप्रजापतिले भनेको सुनी बहिनीहरूले देवता स्वामी पाएको सम्झी सती-देवीले धिक्कार रहिछु भनी बड़ो विषाद गरी रुन लागिन्। फेरि मेरा कर्ममा यस्तै लेखेको रहेछ, अब रोई के गरूँ, कस्तै भए पनि बाबा महतारी-ले दिएका मेरा स्वामी पनि यिनै हुन् भनी धैर्य गरिन्। तहाँपछि संन्यासीरूप महादेवले सती-देवीछेउ आज्ञा गरे—हे स्त्री! अब यहाँ बसी के गर्नु, आफ्ना घर जाऔं, तिम्रा बाबा महतारीछेउ बिदा होऊ! यति आफ्ना स्वामीले आज्ञा गरेको सुनी सतीदेवीले 'हओस्' भनी दक्ष-प्रजापति र विरणी भएठाउँ गई—'हे पिता, माता, म जान्छु' भनी बिदा मागिन्। दक्षप्रजापति र विर-णीले बहुतै धैर्य गरी 'जा' भनी बिदा दिए र सतीदेवीले प्रणाम गरी बिदा भै संन्यासीरूप महादेवका अगाड़ि लागी गइन्। बाटामा जाँदा संन्यासीरूप महादेव आज्ञा गर्दछन्—हे सुन्दरी! कैल्यै घरदेखि ननिस्केकी, सुखमा रहेकी यस्ती कोमल भएकी तिमीलाई परिश्रम होला, सुस्त-सुस्त हिंड भनी आज्ञा गरेको सुनी सतीदेवी भन्छिन्—

हे स्वामी ! म ता हिंड्न सकुँली, हजूरको वृद्ध अवस्था भएको छ, परिश्रम हुन जाला, सुस्त-सुस्त हिंडिबक्सनुहओस्, भनी यस्तै तरहले अनेक अनेक कुरा गर्दै गए। सतीदेवीले आफ्ना स्वामीको वृध अवस्था देखी यी वृद्धावस्था भएका म यस्ती युवती; मेरा स्वामीलाई कसैले केही गरी मलाई हरी लैजानन् कि भनी मनमा सारै चिन्तना गरी एकछिन पनि नछाड़ी पछि लागी गइन्।

कैलास पर्वतमा पुगेर संन्यासीरूप श्रीमहादेवले सतीदेवीको चरित्र हेर्नानिमित्त कैलास पर्वतका टाकुरामा एक खरले तुल्याएको घर उत्पत्ति गरी 'हे स्त्री ! हाम्रो घर त्यही हो, आइपुग्यो' भनी देखाए। फेरि 'भित्र जाऊ' भोक लाग्यो हो, केही खाऊ, मलाई परिश्रम भयो, एकछिन सुत्तछु भनी विष भाङ धतुरो खाई बाहिर सुते। सतीदेवीले त्यो खरको घर देखी आफ्ना बाबा दक्षप्रजापतिको घर सम्झी त्यस्ता सुवर्णका घरमा बसेकी मलाई आज यस्ता खरको घरमा बस्नुपर्‍यो भनी बहुतै विषाद गरी आँखादेखि आँसु खसालिन्। फेरि मेरा कर्मले यस्तै पारिल्यायो के गरूँ भनी मन बुझाई पछयौरा-

को छेउले आँसु पुछी घरभित्र पसी हेर्दा सबै ठाउँमा माकुराको जालो र कसिंगर मात्र देखिन्। त्यो देखी कुचोले माकुराको जालो मिल्काई कसिंगर लाइन् । फेरि स्वामी जागा हुनन्, के खान दिउँला भनी खानेकुरो हेर्न गइन्, केही पाइनन् र चित्त आकुल गरी संन्यासीरूप श्रीमहादेव सुतेका ठाउँमा आई गोडामनि बसिरहिन्। तब चार दिन भएपछि श्री महादेव जागा भइबक्सियो र सतीदेवीको मुख हेरी—हे पापिष्ठा स्त्री ! मलाई एक्लै बाहिर सुताई आफू भित्र सुतिस्, त्यसो गरिस् तापनि तँलाई खानुपर्दैनथ्यो ? केही खाइस् कि खाइनस् ? भनी नाना तरहले रिसाउन लागेको देखी सती देवीले हँसिलो मुख गरी संन्यासीरूप महादेवको मुख हेरी "हे स्वामी ! हजूरलाई सारै निद्रा परेको देखी जागा गराउन सकिनँ, सुतेकी पनि छैन, यहाँ आई बसिरहेकी छु । मैले ता भण्डारमा जे भएको मिठाई इत्यादि खाएँ, आफू के खानुहुन्छ ?" भनी भनिन्।

सती देवी कस्ती भने सधैं शृङ्गार गरी रिसमा पनि रसमा पनि उज्यालो मुख गरी स्वामीकै भक्तिमा चित्त लाइरहन्थिन्। यति सती

देवीले भनेपछि यहाँ के थियो र खाइहोली भनी करुणामूर्ति संन्यासीरूप महादेवलाई अति करुणा भयो र 'हे प्रिये ! हाम्रो घर यो होइन, त्यो खरको भित्तो च्याती भित्र गई हेर' भने र फेरि सती देवी भन्छिन्—हे स्वामी ! भएको घर नाशी नभएको हेर्न कहाँ जाउँ, फेरि बनाउनुपरे हजूर वृद्ध अवस्था भएको, म स्त्रीजाति, को बनाइदेला ? यति सती देवीले भनेको वचन सुनी संन्यासीरूप महादेव उठी खरको भित्तामा लात्तले हानी मिल्काएर कैलासको दर्शन दिए । मणि माणिक्य नाना रत्नले जडाउ गरेको, सुवर्णले बनाएको त्यस्तो घर देखी सती देवी खुशी भै मेरा बाबा दक्षप्रजापतिको घरभन्दा पनि अति सुन्दर यो घर कसको होला भनिठानिन् र संन्यासीरूप महादेवले सती देवीलाई आफ्नू रूप दर्शन दिनलाई चोकमा डाकी लगे—हे स्त्री ! चोकका माझमा गाईका गोबरले मण्डलाकार गरी पोतिदेऊ भनी भने र सती देवीले 'हओस्' भनी पोतिदिइन् । संन्यासीरूप महादेवले पोतेको ठाउँमा गई निर्मल स्फटिकका जस्तो वर्ण भै विश्वम्भर मूर्ति दर्शन दिंदा भए । तब सती

देवीले मनमा आनन्द गरी आँखादेखि हर्षका आँसु बहाई म धन्य रहिछु, जगदीश्वर श्रीमहादेव स्वामी पाएँ भनी फूलको माला गलामा पहिराई तीनफेरा परिक्रमा गरिन् र तहाँउप्रान्त ती दुवै शिवशक्ति स्वरूपले रहँदा भए ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां सती विवाह पतिगृह-गमन वर्णन नाम चतुर्थोऽध्यायः ॥४॥

•

पञ्चम अध्याय

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि ! दक्षप्रजापतिले तेत्तीस कोटि कन्या तेत्तीस कोटि देवतालाई कन्यादान दिई सबैलाई जुवाइँ तुल्याई आनन्दले रहेको र विष्णुका छलले सती देवीलाई श्रीमहादेवले विवाह गर्नुभएको, कैलास गएको वेला नाटकीय अभिनय देखाएको, सतीले महादेवको सक्कली स्वरूप दिव्य कैलास-भवन देखी प्रसन्न भएको कुरा कहिसकें, अब तिमीलाई के सुन्नाको इच्छा छ भन, म भन्दछु भनी कुमारले भन्दा अगस्त्य मुनि बिन्ती गर्छन्—त्रिपुर भनेका के के हुन् ? श्रीमहादेवले ती सबैलाई कसरी भस्म गर्नुभयो ? सो

सब मलाई आज्ञा गर्नुहोस् भन्दा कुमार भन्दछन्–हे मुनिवर! अघि जब वराहरूपी भगवान् विष्णुले हिरण्याक्षलाई मार्नुभो, तब सम्पूर्ण दानवहरू अति दुःखी भै खेद गर्न लागे। तब 'मय' नाम भएको दैत्यले मनमा बड़ो खेद गरी विचार गर्न लाग्यो। जस्तो कामदेव नहुँदा रति भइन् त्यस्तै त्यो दैत्यको राजा मय त्यस बखत चिन्तित भयो। अनि चिन्तिएर मनोरथ पुग्ने होइन, मनोरथ पूरा गर्न त परिश्रम पो गर्नुपर्छ भन्ने सोची अरू दुइ दैत्य तारक र विद्युन्माली नाउँ गरेका आफ्ना साथीलाई समेत साथ लिई त्यो मयले ठूलो अघोरको तपस्या गर्न लाग्यो। ती तीन जना दैत्य माघ पूसको जाडोमा हिमालयमा गई बस्तथे। जेठ वैशाखका घाममा मरुभूमिमा गै पञ्चाग्नि तापी तपस्या गर्दथे। वर्षाकालमा विनाछप्पर चउरमा बसी तपस्या गर्दथे। यस्तै तरहले तपस्या गर्दा-गर्दा तिनीहरूले दिव्य दश हजार वर्ष बिताए, ती दैत्यका ज्यूमा केवल छाला र हाड मात्र बाँकी रह्यो। फेरि ठूला सुखदेखि पनि च्युत भए। तैपनि सूर्यसमान तेजस्वी देखिन लागे र तिनका तपस्यादेखि ब्रह्माजी खुशी भै तीनोटाका अगाडि

भन्न लागे कि 'हे दैत्यमा श्रेष्ठ भएका दानव वीरहो ! तिमीहरूका तपस्यादेखि म बहुत खुशी भएँ, अब तिमीहरूका मनमा जो इच्छा छ सो वर माग म दिन्छु' भनी ब्रह्माजीले भन्नुभयो र तिनीहरूले ब्रह्माजीलाई साष्टाङ्ग दण्डवत् प्रणाम गरी केवल घुँडाले मात्र भूमि स्पर्श गरी हात जोडी बिन्ती गरे कि 'हे ब्रह्माजी ! हजूर यदि हामीदेखि प्रसन्न हुनुहुन्छ भने हामीलाई अवध्यत्व वरदान दिनुहोस् । बल पराक्रम पनि ठूलो होस्, फेरि विमानसमान जो म सुन्दर तीनओटा पुर बनाउनेछु त्यसमा मनुष्यहरूको गति नहोस्, जस्तो रीतसँग हाम्रो मृत्यु नहोस्, हामी ठूला बलवान् पराक्रमी होऔं, उस्तै वर प्रदान गर्नुहोस् ।' यस्ता तरहले वरदान मागेको सुनी ब्रह्मा आज्ञा गर्नुहुन्छ कि 'हे दानवश्रेष्ठहो ! त्यस्तो अवध्यत्व वरदान म दिन सक्तिनँ, मृत्युको अवकाश राखी अर्को वरदान माग म दिन्छु, यसमा अन्यथा नमान। यस्ता तरहको ब्रह्माजीबाट आज्ञा भएको वचन सुनी मय दैत्य फेरि भन्दछ कि हे प्रभो ! अघि मैले बिन्ती गरे जति कुरा सब हओस्। मृत्युको हकलाई मैले बनाएका तीनै

ओटा पुर जब पूर्ण दशहजार वर्ष पुग्ला एक आधा निमेषभर मात्र एक सरल ऊर्ध्व रेखामा तल माथि भएर रहनेछन् त्यस आधा निमेषभित्रमा जो एक बाणले ती तीन पुरलाई नाश गरोस् त्यही वीर मात्र हामीहरूलाई मार्नमा समर्थ हओस्। त्यस्ता तरहको त्यस मय नाम दानवको वचन सुनी "तथास्तु" भनी ब्रह्माजी सत्यलोकतर्फ जानुभो। तब त्यस मय नाम दानवले पनि जगत् नाश गर्नाका निमित्त आदि कल्पमा तीन पुरको रचना गरेको थियो।



(मय दानवको त्रिपुर)

ती तीन पुरमा पहिला पुरचाहिं फलामको बनायो, दोस्रो चाँदीको बनायो, तेस्रो सुनको बनायो । ती तीन पुर आकाशमा मानो सुमेरु पर्वतका शृङ्ग जस्ता देखिन लागे। ती तीन पुर चन्द्रमाका किरण लाग्नाले अति शीतल भएका, ठाउँ ठाउँमा आँखी-भयालहरू बनेका, घरका अटालीहरू पनि अति ऊँचा, आँगनहरू पनि सुन्दर सुन्दर शिलाहरूले छापेका, ठाउँ ठाउँ सुवर्णले मढ़ेकामा सुन्दर पुर-द्वारहरू पनि तैयार गराएका, मोती प्रवाल मणिहरू ठाउँ ठाउँमा राखिएका बिजुलीको प्रकाश समान रत्नहरूको प्रकाश चौतर्फ फैलिएको, चित्र-विचित्र हीरा मोतीहरू जडेको, वायुको वेग लाग्नाले फर-फराएका पताकाहरूले शोभित भएका घरका पङ्क्तिहरू, रत्नसमूहका जडाउ भै शोभायमान भएका मार्गहरू, सिंगारी अति राम्रा तैयार गराइए-का घरहरू, विमानरूप पुरहरू र लाखौं अमूल्य रत्नहरूले शोभायमान हजारौं बघैंचा बनाई बिरुवा-हरूमा पनि राम्रा राम्रा छः ऋतुका फल लागेका र फूल फुलेका उत्पन्न गरायो । तलाउ पनि हजारौं किसिमका कमलहरूका फूल फुली शोभायमान

भएका तयार गरायो । यस्ता तरहले ती त्रिपुरका दैत्यहरूका घर शोभायमान भएका तयार भए। फेरि नाना किसिमका मयूर आदि सुन्दर उत्तम पक्षिगणले संयुक्त भएको र पुरुषहरूका नङ लाग्नाले जसका पयोधर (दूध) का गोलाकार घेरामा अर्ध चन्द्राकार घाउ लागेका सुनका कलश समान कुच भएका, वारुणी मदिराले लाल नयन भएका, लज्जाले ईषत् हास्य गर्ने जसका नेत्र लोलिएका छन्, यस्ता सुन्दरी स्त्रीहरूले व्याप्त भएको त्यो त्रिपुर शहर अति मनोहर देखिन लाग्यो। ती त्रिपुरमा यो लौहको जुन पुर मयले बनाएको छ त्यो तारकाख्य दैत्यलाई मयले दियो । जस्तै—

दैत्यालयं तच्च शुभे तथैव
प्रवृत्तकेकीविहगैर्महर्द्धिभिः ।
तत्पुन्नखाभिन्नपयोधराभि-
राकीर्णरक्तान्तविलोचनाभिः ।
सव्रीडमीषच्चपलेक्षणाभि-
र्योषिद्भिराकीर्णमतीव रेजे ।
लौहं पुरं चाथ मयश्चकार,
तत्तारकाख्याय ददौ मयश्च ॥

फेरि अर्को जो चाँदीको पुर थियो सो विद्युन्माली दैत्यलाई दियो, जो सुवर्णले बनेको अति उत्तम पुर थियो सो राजा मयले आफूलाई भनी लियो। तीनै पुर दैत्यपतिहरूका मन्त्रिवर्गहरू र सेना प्रजाहरूले शोभायमान भए। त्यो दैत्यराज पनि अनेक तरहका सम्पूर्ण शत्रुहरूको सेनालाई जितीकन ब्राह्मणवर्ग भृत्यवर्गले सहित भै स्त्रीहरूलाई साथ लिई सुखपूर्वक रहँदा अनेक तरहका सुख पाउन लाग्यो। तब तिनले तीन लोकको आनन्दलाई ध्वंस गर्न लागे अनि शेखी र दर्पमा प्राप्त भै संपूर्ण देवताहरूलाई जितिलियौं भन्ने मनमा मान्न लागे। उनीहरूलाई मार्न लागे, उनका बगैंचाका वृक्षहरू, बिरुवाहरू उखेल्न लगाई लिई आए। यस्ता तरहले देवताहरूलाई दुःख दिंदा दिंदामा बहुत काल व्यतीत भो र तिनीहरूदेखि इन्द्रादि देवता अति क्रोधित भएर ब्रह्माजीका साम्नु गै त्रिपुरवासी दैत्यहरूको संपूर्ण उपद्रवको विस्तार गर्दा भए। तब ब्रह्माजीले सब देवताहरूलाई शान्त गराई आज्ञा भयो कि 'हे देवतागण! त्रिपुरासुर दैत्यहरू बड़ा बलवान् छन्, तिमीहरू तिनको नाश गर्न सक्तैनौ, तस्मात् नारायण आदि

सकल देवता हामीहरू महादेवको शरणमा जाऔं, उनै महादेव हाम्रा गति छन्, उनै महादेव हामीहरूका शत्रु ती दैत्यहरूलाई नाश गर्नेछन् ।' यस्तो तरहको ब्रह्माजीको आज्ञा सुनी 'हओस्' भनी ब्रह्मा, सूर्य, इन्द्र, वायु, अग्नि आदि सकलले ब्रह्माजीलाई साथ लिई कैलास गएर महादेवलाई देखी अनेक तरहसँग बड़ो भक्तिभावले स्तुति गरे, महादेवले देवताको स्तुतिदेखि प्रसन्न भै उनका मनको इच्छा जानी आज्ञा गर्नुभो—हे देवताहो ! जो वर माग्छौ माग, म सम्पूर्ण कुरा दिन्छु, लोकमा मैले नदिने कुरा क्यै छैन भन्ने महादेवले यस्तो आज्ञा भएपछि सम्पूर्ण देवतागणहरू बिन्ती गर्दछन् कि प्रभो ! ब्रह्माजीका वरदानले उन्मत्त भएका मय आदि गरिएका दैत्यहरूले हाम्रा उर्वशी आदि गरिएका अप्सराहरूलाई पनि लुटी लगे। सम्पूर्ण उपवनहरूका उत्तम उत्तम बिरुवाहरू पनि लुटे । बगैंचाहरू नष्ट गराइदिए । सब देवतालाई नाश गर भन्दै हामीलाई दुःख दिन्छन्—हे भगवन् ! ती दैत्यको नाश गर्न ब्रह्मा पनि समर्थ छैनन्, विष्णु पनि समर्थ छैनन्, हे भगवन् ! जस्ता रीतले देवताहरूको जय हुन्छ सो

वरदान बक्सनुहओस् भनी यस्ता प्रकारले स्तुति गरिएका महादेव प्रसन्न भै देवताहरूलाई यस्तो वचन आज्ञा गर्नुभो कि हे देवतागणहो ! तपाइंहरूले १।१ अंश धारण गरेर रुद्र तेजोमय रूप भै दानवहरूलाई नष्ट गर्नुहोस् । यति महादेवबाट आज्ञा भएपछि देवताहरू फेरि बिन्ती गर्छन् कि—'हे भगवन्! हामी हजूरको तेजको सहस्रांशको एक अंश पनि धारण गर्न सक्तैनौं । माहेश्वर तेज धारण गर्न ता के, हेर्नलाई पनि हाम्रो सामर्थ्य छैन । हे भगवन्! हाम्रा उपर प्रसन्न हुनुहोस् । हामीले क्यै गरे पनि दैत्यलाई जित्न सकेनौं—हे भगवन्! आफैंले त्रिपुरासुरलाई मारिबक्सनुहोस्, तिनलाई ब्रह्माजीको वरदान प्राप्त भएको छ कि दिव्य दश हजार वर्ष बितेपछि तीनै पुरको आधा निमेषसम्म भेट हुनेछ, त्यस आधा निमेषभित्रमा एक बाणले जो त्रिपुर भस्म गर्ला त्यसैबाट तिमीहरूको मृत्यु होला, नत्र अन्यथा तिमीहरूको मरण हुनेछैन । यस्तो वरदान पाएका दैत्यहरूको नाश गर्नामा हाम्रो सामर्थ्य छैन, हे प्रभो ! हामीउपर प्रसन्न हुनुहोस् । त्यस त्रिपुरासुरको नाश गरिबक्सनुहोस् । यस्ता प्रकारको स्तुति गर्नें खिन्न चित्त

भएका देवताहरूलाई आश्वासन गरी महादेवबाट आज्ञा भयो कि 'हे देवगण! यदि यस्तो महा दुर्भेद्य त्रिपुर छ भने ब्रह्मादि देवताको प्रियनिमित्त म एकै बाणले ती तीनै पुरलाई भस्म गरिदिउँला। दिव्य रथमा बसी त्रिपुरासुरको नाश गरुँला। दानवादि वीरहरूले रक्षा गरिएको त्रिपुरसँग लड्दा मेरो बललाई सह्माल्न सक्ने हिमालय पर्वत समान मेरा निमित्त तपाईंहरू रथ तैयार गराउनुहोस्। यस्तो वचन सुनी सकल देवता गणहरू "हओस्" भनी महादेवलाई नमस्कार गरी खुशी भए र—हे मुनिश्रेष्ठ! महादेवका निमित्त विश्वकर्माले सम्पूर्ण देवताले युक्त भएको सुवर्णमय रथ तैयार गराए। त्यस रथको दक्षिण चक्र (पाङ्ग्रो) सूर्य भए, उत्तरतर्फको चक्र चन्द्रमा भए, दक्षिण चक्रमा द्वादश सूर्य भूषण बनाइए। उत्तर चक्रमा षोडश कला, सत्ताईस नक्षत्र भूषण गराइए, छः ऋतु पनि रथको दाहिना बायाँतिर राखिए। त्यो रथको गजूर आकाश बनाए, पाङ्ग्रो अड्याउने दण्ड मन्दराचलको बनाए, अस्ताचल र उदयाचल यी दुइ पर्वत दुइ पांग्राको चुकुल गराए। अयन

सम्वत्सर रथको वेग भए। चार समुद्र रथका चार कुण्डलिका भए। सम्पूर्ण गंगादि तीर्थहरू उत्तम वस्त्र भूषणहरूलगाई स्त्रीरूप भै हातमा चमर लिई त्यस रथमा रहे। लगाम लिई रथ हाँक्ने सारथि ब्रह्मा भए। ब्रह्मस्वरूप ॐकारको कोर्रा बनाए। विन्ध्याचलको छत्र निरूपण गरे। मन्दराचलको उसको पार्श्वदण्ड बनाए। सुमेरुपर्वतको धनु बनाए। श्रीशेष नाग धनुको ताँदो भए। सरस्वती देवीजी घण्टा भइन्। साक्षात् नारायण भगवान् विष्णु अग्निवाणको टुप्पो भए, चार वेद रथका चार घोड़ा, तारागणहरू घोड़ाका गहना भए। यस्ता तरहले हे मुनि ! जो जो जति यो ब्रह्माण्डमा चीज छन्, सब त्यस रथका अवयव भए। यस्ता प्रकारले त्यो धनु वाणले सहित भएको रथ तैयार भएपछि भगवान् शंकर पृथ्वी र आकाशलाई कम्प गराई रथमा चढ्नुभो। उहाँपछि रुद्रका नन्दी भए, शंकुकर्ण भए, चण्डेश्वर भए, गणेश्वर भए, योगाक्ष भए, यी सब त्रिशूल पट्टिश हातमा लिएका अनेक तरहका शस्त्र जानेका, नाना तरहका शङ्ख भेरी मृदङ्ग बजाउँदै महादेवका उपर अनेक चित्र विचित्र पुष्प

वर्षा गराउँदा भए। तिनको तेज-भार सहन गर्न नसकी सम्पूर्ण देवताहरू मोहमा प्राप्त भए। महादेवले देवता मोह भएको जानी निजको तेज खिंची केही शान्त गर्नुभो र देवता अनि रुद्रगणको तेज सहन गर्नलाई किञ्चित समर्थ भए। उहाँपछि हे मुनिश्रेष्ठ! उसै वेलामा नारदजी दैत्यहरूकहाँ गई भन्न लागे,—महादेव देवताहरूको स्तुतिदेखि प्रसन्न भै तिमीहरूलाई मार्न भनी आउन लागे, अब तिम्रो जस्तो इच्छा हुन्छ सो गर। तर तिमीहरूको सत्यानाश हुनेछ। यस्ता प्रकारका नारदका वचन सुनी मयले आफ्ना साथी तारक र विद्युन्माली इत्यादि सम्पूर्ण दानव-हरूलाई नारदजीले भन्नुभएका सबै कुरा सुनायो, तब दैत्यहरूको श्रेष्ठ तारकले भन्यो कि हे राजन्! किन चिन्ता गर्नुहुन्छ? देवता यथार्थमा मध्य छन्, त्रिपुर भेदन गर्न कसको सामर्थ्य छ, यदि सम्पूर्ण देवता, यक्ष, किन्नर, गन्धर्व आए पनि यो त्रिपुर अभेद्य छ, शत्रुलाई जित्नाका निमित्त साम, दाम आदि अनेक तरहका नीति भए पनि आइलाग्ने शत्रु-लाई पराक्रम गरी दण्ड दिनु योग्य छ। यस्ता राजा तारकको वचन सुनी विद्युन्माली भन्दछ—हे

राजन् ! बलहीन देवता हामीसँग कुनै प्रकारले पनि समर गर्न सक्तैनन् । मूर्ख भएर युद्ध गर्न कुनै आउँछ भने त्यो आफै नाश होला । हे राजन् ! चिन्ता केको छ ? लड़ौं, सम्पूर्ण देवतालाई जिती स्वर्गलोकको इन्द्रपद भोग गर्नुहोस् । अघिका हिरण्याक्ष, हिरण्य-कशिपुको पदमा प्राप्त भै चौध भुवनको सम्पत्तिको भोग गरी आसुरी संपत्तिको आनन्दले भोग गर्नोस् । यस्ता प्रकारको विद्युन्मालीको वचन सुनी मय भन्दछ —हे दानववीरहो ! अब हाम्रो नाश हुने बखत भो, सुन्यौ ? जो शत्रुभन्दा बलियो होस् अथवा हीनबल होस् उससँग साम दामादि उपाय गर्नु उचित छ । तर सम्पूर्ण जगत्का मालिक प्रभु ईश ईश्वर महादेव हुन्, उनी देवता र हामीहरूभन्दा श्रेष्ठ छन्, उनै आज हामीलाई मार्न स्वयं आउँछन् भने अब यसको उपाय अरू केही छैन, खालि भगवान् महादेवलाई प्रणाम गरौं, यै मेरो विचार छ । यदि अब हामीले अबूझ भएर महादेवका साम्मु जाई युद्ध गर्‍यौं भने अवश्य उनका दृष्टिपातैले भस्म हुनेछौं । आज भगवान् महादेव हामीलाई संहार गर्न आउनुहुन्छ भने हाम्रो के गति छ, यसमा पनि तिमीहरूले धेरै समयसम्म आसुर संपदा-

भोग गर्‍यौ, त्यसै कारणले म भन्दछु—हे दानववीरहो! तिमीहरू अब भोगको लोभमा नपर, श्री महादेवको शरणमा आऊ यस्ता। प्रकारका मयका वचन सुनी नारदले भने ठीक हो महाराज! अब तपाईंको तपस्या क्षीण भो, ऐश्वर्य-भोग समाप्त भो, तथापि संग्राममा अगि नसरी नपुंसक झैं ती देवताको शरणमा जानुभन्दा संग्राममा लड़ी मोक्ष हुनु उत्तम ठान्छु। यदि महादेवका हातबाट मरण भो भने श्रीमहादेवको प्रमथगणको अधिपति हुनुहोला, शरण पर्न गए तापनि देवताको हितका निमित्त महादेवले तिमीहरूलाई नमारी छोड्नेछैनन् भने फेरि यस्ता दानवका राजा भैकन पनि कातरता किन गर्दछौ, कातरतादेखि शिवजी प्रसन्न हुनेछैनन्, शूरदेखि प्रसन्न हुन्छन्, किन नलड्नु! लड! कदाचित् जित्यौ भने तीन लोकको राज्य पनि भोग गरौला। यस्ता प्रकारका नारद ऋषिका वाक्य सुनी तारकाख्य विद्युन्तमाली दैत्यहरू आयुष्यहीन भएकाले भन्न लागे—ठीक हो महाराज! नारदजीबाट जो आज्ञा भो, त्यो बहुत उत्तम हो। मयले पनि तिनका वचन सुनी अब यिनीहरूको श्री नष्ट हुने बखत भो भन्ने

जानी नारदजीबाट आज्ञा भएको बहुत श्रेय भनी भन्यो । मयको पनि यस्तो वचन सुनी नारद मुनि बहुतै प्रसन्न भए । मयलाई रक्षाबन्धन गरी सकल दैत्यसहित युद्ध गर्नमा तत्पर गराई नारद महादेव भए-ठाउँमा गए । ती दैत्यहरू पनि युद्धमा विजयको लालसा गरी अनेक शस्त्रले सुसज्जित भै तैयार भए। तारकाख्य, बल, बाणासुर, विद्युत्माली आदि सबै दैत्यराजहरू पनि युद्ध गर्न निश्चय गरी राजाका अगाड़ि आई अनेक तरहका बाजा बजाई सिंहनाद गर्न लागे । दानवका सेनाहरू नै दानवलाई भयानक देखिए । ऊ, रथ आयो, लौ हेर, ऊ, रथको ध्वजा देखियो । यस्तै वाक्य परस्पर आपुसमा भन्न लागे । भय, शोकलाई त्याग गरी कुपित मुख गरी, नाना तरहका शस्त्र लिई युद्ध गर्ने निश्चय गरी जस्तै पशु अग्निका समीप जान्छ त्यस्तै ती कालप्रेरित त्रिपुरवासी दैत्यहरू शिवरथ कैले आइपुग्छ भनी हेर्न लागे । तब पश्चिम सागरका शिरोभागमा अनेक प्रकारका पताकादिले शोभित मानो सुमेरु पर्वत सदृश रथ देखिन लाग्यो । नन्दीश्वर आदि गणहरूले सिंहनाद गर्न

लागे। दानवहरू पनि युद्धनिमित्त निस्के, चण्डेश्वर पनि बड़ो दीप्तिमान कुठार लिएका छँदा प्रचण्ड मुख बाई प्रमथादि गणका अगाड़ि उपस्थित भए। फेरि देदीप्यमान त्रिशूल हातमा लिई शिवतुल्य पराक्रम गर्दै आए। गणका अधिपति शंकुनायक पनि मुसल हातमा लिई उनका पार्श्वमा गै खड़ा भए। नन्दी भृङ्गी वीरभद्र अनेक गण वज्र त्रिशूल गदा परिघ लिई युद्धका निमित्त अग्रसर भए। दैत्यगण पनि महादेवको रथ आएको देखी युद्ध गर्न भनी अनेक प्रकारका दिव्य आयुध हातमा लिई निस्के र गणहरूसँग युद्ध गर्न लागे। अति क्रोध पनि गर्न लागे। तब महादेवले त्रिपुर-लाई दग्ध भएजस्तै देखी हास्य गर्दै लड्नलाई स्थित भए र ठूलो सिंहनाद गरी युद्ध गर्न लाग्दा भए। नन्दी पनि महाबली दैत्यगणसँग युद्ध गर्न लागे। भृङ्गीले पनि दश बाण छोडी विद्युत्प्रभलाई भेदन गरे। लाल लाल आँखा गरी शिलाले ठोक्ता पनि त्यसलाई केही गर्न सकेनन्। तब भृङ्गी र रिटीले विद्युत्प्रभाका पृष्ठदेशमा प्रहार गरे। तब उसले पनि शूलले पूर्ण फुङ्कारले भृङ्गी र रिटीलाई

प्रहार गऱ्यो जसको वेदना सहन नसकी भृंगी र रिटी त्यहाँबाट पलायमान भए। जब यस दैत्यराजले यिनीहरूलाई जितेथ्यो, तब गणनायक गणेशका काँधमा एक हजार बाण छोड़ी बेध गऱ्यो, फेरि त्रिसठ्ठी, फेरि दश बाण छोड़ी जब गणेशका मर्म-मर्ममा घाउ गराई वेदना गराएथ्यो, तब गणेशजी अति क्रुद्ध भै आफ्नू सूँड पसारी त्यसको गर्धनमा बेह्री निमोठी जस्तै मत्त हात्ती कमलको फूल सूँडले बेह्री तलाउबाट उखेली फ्याँक्छ त्यस्तै विद्युत्प्रभको शिर पनि उखाड़ी फ्याँकिदिए। तब शरीरबाट उखाडिएको त्यो शिर यस्तो शोभामा प्राप्त भो कि जस्तै सरोवरबाट छुट्टिई हात्तीका दाँतमा अड्केको कमलको फूल शोभा पाउँछ। यो देखी भृङ्गीले नाना तरहले गान गरे। तब नेमि नामा र बल नामा दानववीर क्रोधले युक्त भै आएर गणेशलाई मर्म-मर्ममा बाण छोडी घाउ गराउन लागे। शंकुकर्णले तिनलाई बीचमा रोकी तिनका ध्वजा, रथ, सारथि घोडा सब काटी उनलाई विरथि गराए। तब ती दुइ जना पनि झट्ट अर्को रथमा चढ़ेर आई ती चण्डेश्वर गणनायकका मर्म-मर्ममा हजारौं वाण हानी घाउ

गराए। तब ती गणेश्वरले पनि क्रोधले लाल लाल आँखा गरी भयङ्कर मुसल प्रहार गरी दुवैलाई यमराजकहाँ पुऱ्याइदिए। तहाँउपरान्त ठूला दैत्यहरू जो त्रिपुरवासी थिए सब क्रुद्ध भै बराबर हूलका हूल निस्केर नाना तरहका नाराच वज्र त्रिशूल कुठार लिएर महादेवका गणमाथि झम्टी महाघोर युद्ध गर्न लागे। शिवगणहरू पनि शिवको आज्ञा पाएका छँदा जस्तै उन्मत्त केशरी मृगहरूलाई झर्काउँछ त्यस्तै गरी दानव दैत्यका सैन्यलाई झर्काई वारंवार छिन्न-भिन्न गरी मार्न लागे। दैत्यहरूमा कसैको शिर छैन, कसैको गीँड छैन, यस्तै रीतले नाश हुन लागे। रगत बगी नदी बहेझैं भो। वायुको वेग लाग्नाले छिन्नभिन्न भएका मेघसमान र वज्रको तोड़ लागेर चूर्ण भएका पर्वतहरूका शिखर झैं गिर्दै सब दैत्यहरू पश्चिम समुद्रमा पर्न लागे। जब नेमि नामा र बल नामा दैत्यहरूलाई शंकुकर्णले मारे भन्ने दैत्यहरूले सुने तब अति क्रुद्ध भै तारक नामा दैत्य पुरदेखि निस्की गणनायकहरूमाथि झम्ट्यो र अनेक तरहसँग वाणवृष्टि गऱ्यो। तब गणनायक शंकुकर्णले पनि त्यस महाबली दैत्यका शिरमा प्रहार गरी सिंह-

नाद गरे, तब त्यो दैत्य पनि केही गिर्लो भनेजस्तो भो, तब फेरि त्यो दैत्यलाई भाला प्रहार गरे। तब त्यो तारक दैत्यले पनि रीसले भूमिबाट उठी चक्रको प्रहार गऱ्यो। तब गणेश्वरले, शंकुकर्णले पनि मुड्कीले नै अति वेदना हुने गरी त्यसलाई हाने। शंकुकर्णको मुड्की खाएपछि मूर्छा भै भूमिमा गिऱ्यो र श्रेष्ठ आयुधलाई त्याग्दो भयो, तब त्यो दैत्यराज महाक्रोधले रिस त्याग नगर्दो छँदो मुड्कीको वेदना सहन नसकी मृत्युमा प्राप्त भयो। यस्ता प्रकारसँग त्यसलाई गिरेको देखी दानवहरूले उठाई मयका भवनमा लिई आई सारा वृत्तान्त बताई अनेक तरहसँग विलाप गर्न लागे। तब तिनीले रुन लागेका दानवहरूलाई सम्झाई भने कि मेरो घरमा अमृतको कुण्ड छ, त्यसैमा दैत्यहरूलाई चोभी बचाऊ। तब ती दैत्यहरूले 'हवस्' भनी प्रसन्न भै अमृतमा चोभी दैत्यपति तारकासुरलाई जियाए। फेरि मरेका दैत्यलाई पनि बचाइदिए भन्ने प्रसन्नताले मयलाई शिर झुकाई प्रणाम गरे, तब त्यो तारकात्त फेरि बड़ो वेगले गरी संग्राम भूमिमा आएको देखी ब्रह्माजीले आफ्ना बायाँ हातले त्यस दैत्यलाई देखाई महादेवसँग भन्न लाग्नुभो—हे महादेव ! सो

दैत्य अघि मरेको थियो, अहिले फेरि बाँचेर आयो ! मयको घरमा अमृत छ, त्यस अमृतले गरी मयले दानवहरूलाई बचाउँछ । हे शम्भो ! यदि यसको घरमा अमृत रहे ता यी मरेका दैत्यहरूलाई बराबर जियाउनेछ, यसै कारणले वाण प्रहार गरेर पैले यो अमृत शोषिलिनुपर्छ । यस्ता प्रकारको वचन सुनी बाण प्रहार गरी अमृतलाई शोषिलिए र फेरि ब्रह्माजी बिन्ती गर्नुहुन्छ कि हे देवेश ! अब त्यो शर ग्रहण गर्नुहोस्, मैले त्रिपुर दैत्यहरूसँगको लड़ाइँ खूब देखें। लड्दा लड्दा आज पूर्ण दश हजार वर्ष व्यतीत भैसक्यो, तैपनि त्रिपुरको क्षय भएन, अब त्यो वाण चाँडो छाड्नुहवस् त नाश होलान्, अब यी पुर आधा निमेषभर एकत्र भै फेरि अलग हुन्छन्, त्यसै वेलामा बाण प्रहार गर्नुहवस् । ती पुर जोड़िई अलग भएपछि फेरि बाण छोड़े पनि केही हुनेछैन। हे भगवन् ! यदि मेरो बिन्ती लाग्छ भने वाण प्रहार गर्नुहवस् र यो त्रिपुरको नाश गर्नुहवस् । यस्ता प्रकारका ब्रह्माका वचन सुनी 'लौ' भनी त्यो उग्र वाण धनुमा चढ़ाई धनुलाई तल माथि झुकाए । दिव्य दस हजार वर्ष पुगेपछि आधा निमेषका निमित्त त्रिपुर जोडिएको

थियो, महादेवका आफ्ना योगबलले उस बखत सारा जगत निश्चल भैगयो, तहाँपछि जसका अग्र-भागमा अग्नि सोम स्थित थिए त्यो नारायणरूपी बाण प्रहार गर्दा भए। त्यो बाणलाई जसै महादेवले प्रहार गरे, तब त्यस त्रिपुरका घरहरूमा चारैतर्फ दग्ध हुन लाग्यो। 'धिक् धिक् कष्ट कष्ट' भन्ने शब्द उत्पत्ति भो। तब महादेवले नन्दीलाई डाकी अह्राउनुभो कि—

नंदीश ! भक्तो मम विश्वकर्मा
दहेत् पुरं तस्य यथा न वह्निः ।
तथाऽनलस्तं न दहेत् मयं च
शीघ्रं समागच्छ निवारयित्वा ॥

हे नन्दी ! तिमी चाँडो गै अग्निलाई भन कि त्यो मय मेरो भक्त छ, अग्निले त्यसको पुर मात्र डढाउन्, त्यसलाई दग्ध नगराउन्। महादेवको यस्तो आज्ञा सुनी आफ्ना तपोबलका योगबलले वायुभूत भै बाणभन्दा पनि चाँड़ो गै नन्दीजी मयका पुरमा प्रवेश गरी मयका घरमा गए। उहाँ गै देखे कि मय नाम दानव शिवलिङ्ग अगाडि राखी शिवको ध्यान गरी बसिरहेको रहेछ। तब नन्दीले उसलाई आह्वान गरी तिमीलाई अग्निले जलाउन्याछैनन्

भने र मयले ती गणराजलाई पनि नमस्कार गरे। उसै वेला अग्नि पनि तहाँ आइपुगे र अग्निलाई नन्दीले महादेवको आज्ञा सुनाइदिए, तब अग्निले मयलाई भने कि अब यहाँबाट तिमी चाँडो पुर छोड़ी निस्क । मयले पनि हवस् भनी सुवर्णमय शिवलिङ्ग लिई पातालमा तत्काल गयो । नन्दीले पनि फर्की सम्पूर्ण विस्तार महादेवसँग बिन्ती गरे । उहाँपछि त्रिपुर भस्म हुन लाग्यो । त्यसको वेदि र गृह सब नष्ट भै अनेक दानवहरूले रोए-कराएको शब्द सुनिन लाग्यो। वस्त्र खुस्केका स्त्रीहरूले पनि निस्की कराए-को शब्द सुनिन लाग्यो । भयाल विमान अटाली-हरूमा रहेका पहेंला र ऊँचा स्तन भएका, मदले विह्वल नेत्र भएका, आफ्ना पतिहरूका प्रिय भएका स्त्रीहरू अग्निवाणले भयभीत भै घर घरमा यत्रतत्र दगुर्न लागेका देखिन थाले । जस्तै पर्वतमा स्थित किन्नरहरू व्याकुल हुन्छन्, त्यस्तै कोही आफ्ना आफ्ना पतिलाई आकुल भै अङ्कमाल गर्न लागे । कोही भाग्न लागे । शेष दानव पनि आफ्ना आफ्ना स्त्रीहरूलाई बोकी त्रिपुरदेखि भाग्न लागे, शिवभक्ति-ले हीन सम्पूर्ण भूषणहरूले हीन देख्नामा पर्वता-

कार दैत्यहरू सागरमा खस्न लागेका देखिन थाले। जो स्त्रीगण आकुल भै समुद्रमा खसेथे, जो दानव गिरेथे, तिनलाई अनेक तरहका जलजन्तुले भक्षण गर्न लागे, आफ्ना पतिलाई जलमा देखी आकुल भै विलाप गर्दै अग्निमा प्रवेश गरी डढी मरेका पनि देखिन लागे।* रतिको अन्त्यमा खेदित भएका फेरि कामले गरी प्रियाका साथमा जाऊँ भन्ने इच्छा गर्ने भएका दानवहरू भार्याले सहित भै डढी भस्म भए। कोही समुद्रमा डुबी जलजन्तुको आहारा भए, कोही त्यहीं पिल्सिई प्राणहीन भए। यस्ता प्रकारसँग त्यस विष्णु, अग्नि, सोममय वाणले त्रिपुरको भस्म गराइदिए र त्यो सम्पूर्ण त्रिपुरलाई सागरमा डुबाई फेरि त्यो वाण शिवजीका हातमा प्राप्त भो। यस्ता प्रकारले त्रिपुर डढेपछि ब्रह्मादि सब देवता आफ्ना आफ्ना अधिकारमा प्राप्त भई शिवजीलाई प्रणाम गरी स्तुति गर्न लागे—भगवन्! यो जो रौद्र कर्म आज हजूरले गरिलिनुभो, यस्तो अरू कसैले गर्न सक्तैन। आज हजूरले दैत्य मारी त्रिपुर भस्म गर्नुभो।

*रतावसाने रतिखेदितानां प्रियैरिवासामभिगन्तुकामाः। सर्वे ततो दैत्यवृषाः सभार्याः, प्रदह्यमानत्रिपुरो भवेयुः॥

हे महादेव ! हाम्रो आपत्ति हर्नुभो, सर्वत्र सर्वदा सदा स्थिर रहने यस्ता तिमीलाई नमस्कार छ भनेर ती महादेवले पनि देवताहरूलाई सदा पुत्रवत् पालन गर्नुपर्छ। आज शत्रु मर्नाले तिमीहरूको अभिलाषा पूर्ण भयो, अब तिमीहरू प्रसन्न भै आफ्ना आफ्ना आश्रममा जाओ ! यस्तो आज्ञा महादेवको भएपछि शिवजीलाई प्रणाम गरी सम्पूर्ण देवताहरू आफ्ना आफ्ना आश्रममा गए। देवताहरू गएपछि साध्यहरूदेखि पूजित भै नन्दी भृङ्गी भूत-प्रेत-सहित भै महादेव पनि कैलास पाल्नुभो। हे मुनि ! यो कसैले वर्णन गर्न नसकिने त्रिपुर-दाह मैले वर्णन गरें। जो शिवभक्त मनुष्य प्रसन्न भै, पवित्र भै यसको पाठ गर्ला त्यो पापदेखि रहित भै अन्त्यमा देवता भै स्वर्गमा जन्म लेला।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां भूतेशकृत दानवेश—त्रिपुरदहनवर्णनं नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

•

षष्ठ अध्यायः

'हे कुमारजी ! दक्षप्रजापतिका तेत्तीस कोटि कन्या तेत्तीस कोटि देवताले विवाह गरे। सतीदेवी

श्रीविष्णुका छलले शिवजीले पाई कैलास लगे। तहाँपछि के भयो ? सब सुनाइबक्सियोस्' भनी अगस्त्य मुनिले भन्दा कुमारजी आज्ञा गर्नुहुन्छ–हे अगस्त्य मुनि! तहाँपछि एक दिन दक्षप्रजापतिले आफ्नी स्त्री विरणीछेउ कुरा गर्न लागे–हे स्त्री विरणि! हामीले अश्वमेध यज्ञ गर्न चिताएको धेरै काल भयो, अब अश्वमेध यज्ञ गरूँ, सामग्री तयार गर ! महादेव र सतीदेवीबाहेक अरू छोरी जुवाइँ ब्रह्मा विष्णु प्रभृति देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा, दश दिक्पाललाई निमन्त्रणा गर्न पठाऊ। यति आफ्ना स्वामी दक्षप्रजापतिले भनेको सुनी विरणीले सम्पूर्ण सामग्री तयार गरिन्। महादेव र सतीदेवीबाहेक सबै छोरी जुवाइँ, ब्रह्मा, विष्णु प्रभृति देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा—दश दिक्पालहरूलाई निमन्त्रणा गर्न पठाइन् र दक्षप्रजापतिका सब छोरी ज्वाइँ देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सराहरू नाना वस्त्र अलङ्कार पहिरी यज्ञमा होम्न भनी मणि माणिक्य नाना द्रव्य लिई दक्षप्रजापतिका घर गए। दक्षप्रजापतिले सबसित शिष्टाचार गरी सुदिनमा

अश्वमेध यज्ञ आरम्भ गरे। कस्तो यज्ञ भने जस्तै नन्दी भृङ्गी चतुःषष्ठि योगिनी, भूत प्रेत पिशाच पार्थगणले सँग भै बस्ता शिवजी शोभायमान देखिन्छन् त्यस्तै तेत्तीस कोटि छोरी, तेत्तीस कोटि जुवाइँ, ब्रह्मा, विष्णु प्रभृति देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा आई मणि माणिक्य रत्न नाना वस्त्र अलंकार पहिरी, नाच, गीत, वाद्य गरी, मङ्गलका निमित्तको पूर्ण कलशले सहित यज्ञ गर्दा दक्षप्रजापति शोभायमान देखिए। यस्ता तरहले आनन्दपूर्वक यज्ञ गरिरहँदा नारद ऋषिले को आए, को आएनन् भनी यज्ञस्थलदेखि उठी यताउति हेरी हिंड्न लागे। दक्षप्रजापतिका तेत्तीस कोटि कन्या, ब्रह्मा, विष्णु प्रभृति तेत्तीस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा सबैलाई देखे, तर महादेव र सतीदेवीलाई देखेनन् र विनामहादेवले दक्षप्रजापतिको यज्ञ कसो गरी पूर्ण होला, निम्तो गर्न बिर्से कि यो के हेतु हो विचार गरी हेरूँ भनी तत्काल उहाँदेखि अन्तर्ध्यान भै कैलास पर्वतमा गए। त्यस वेलामा महादेवले सतीदेवीकन हे प्रिये! आज हामी दुइ जूवा खेलौं आऊ भनेर सतीदेवीले 'हवस्' भनी पासा ल्याई दुइ

जना जूवा खेल्न लागे। खेल्दा खेल्दा सतीदेवीले जितिन् र महादेवलाई गिज्याउन लागिन्, तब शिव रिसाई झोली थापे, त्यो पनि जितिन्, फेरि नाग-रूपी गहना थापे, त्यो पनि जितिन्। त्यसै वेलामा दक्षप्रजापतिको निम्तामा जान देवताहरू विमानमा चढी खेल्दै जान्थे, तिनलाई सतीदेवीले देखी महा-देवसँग विनति गरिन्—ती आउनेहरू को हुन्? आज्ञा गर्नुहवस् भन्दा तिमीलाई के धन्दा पर्‍यो? आफ्नू चाहिंदो धन्दा गर, भनी महादेवले आज्ञा गर्दा सती-देवीले मनमा चिन्तन गरी माथितिर हेरिरहिन्। महा-देवले हाँसी फेरि मुकुट थापे, त्यो पनि जितिन्। यस्ता तरहले धेरै बाजी हेर्दा केही भन्न नसकी महादेव हाँसि-रहे। तहाँपछि सतीदेवीले बिन्ती गरिन्—तपाईंका वस्तु सबै जितिसकें, अब के थाप्नुहुन्छ? थाप्नु-हवस्! भनी भन्दा महादेवले अब मेरो अङ्ग थाप्छु भनी आज्ञा गरे। सतीदेवी बिन्ती गर्छिन्—हे प्रभु! तपाईंको अङ्ग ता अघि पनि पछि पनि मेरै हो, मैले हारें भने हजूरको अंगको सट्टा कुन कुरा चढाउँला। यो ब्रह्माण्ड संसारमा हजूरका शरीरको सट्टा दिनेमाफिकको अर्को वस्तु केही छैन। फेरि हजूरको अंग जूवा खेली जिती

मेरो गराउनुपर्दैन । जुन दिन मेरो बाबा महतारीले हजूरको हातमा तिल, कुश राखी कन्यादान दिएथे, उसै दिनदेखि हजूरको अंग मेरो, मेरो अंग हजूरको भैसक्यो भने जूवा खेली जित्नुपर्दैन, हजूरको मेरो, मेरो हजूरको हो, यसमा केही फरक छैन । हजूरको अंग थाप्नुपर्दैन भनी सतीदेवीले बिन्ती गर्दा महादेव अति खुशी भै 'धन्य तिमी' भनी जूवा खेलिसकी दुवै स्त्री पुरुष मीठा मीठा वार्ता गरी सुखसित कैलासमा रहेका थिए। त्यसै वेलामा नारद ऋषि पुगेर श्रीमहादेव सतीदेवी दुवैका चरणमा साष्टांग दण्डवत् गरी अञ्जलि बाँधी खड़ा भै रहे । श्री महादेव कस्ता भने-जटाको मुकुट गराई, बाघको छालाको पटुका बाँधी, हात्तीको छाला ओढी, शरीरमा भस्म लेपन गरी, ठाउँ ठाउँमा सर्पका गहना लगाई, नरमुण्डमाला गलामा लगाई सतीदेवीलाई काखमा लिई, कोटि सूर्यको जस्तो तेजले गरी ज्वाज्वल्यमान भै नन्दी, भृङ्गी, भूत, प्रेत, डाकिनी, शाकिनी, द्वारमा राखी विराजमान भैरहेका, मस्त महादेवलाई नारदले देखी मनमा अति हर्ष भै वारंवार चरणमा दण्डवत् गर्दा भए। यस्ता तरहले नारद ऋषिले भक्ति गरेको देखी महादेवले मनमा अति

आनन्द गरी खुशीले गद्गद भै हाँसीकन आज्ञा गरे– हे मुनि ! तिमीदेखि मेरो मन अति आनन्द भयो, वर माग भनी आज्ञा भयो र नारदले केही भन्न नसकी खडा भै रहे । फेरि श्रीमहादेवले 'के कारणले यहाँ आयौ ? भन' भनी आज्ञा भएको सुनी नारदले विन्ती गरे–हे प्रभु ! अरू थोक के मागूँ । सदाकाल हजूरको जप, ध्यानमा मेरो चित्त लागोस्–हे परब्रह्म ! म यहाँ आएको कारण विन्ती गर्छु सुन्नुहोस्–"दक्षप्रजापतिले अश्वमेध यज्ञ गर्दा स्वर्ग मर्त्य पाताल तीनै भुवनका स्त्री पुरुषसहित देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, दानव, वशिष्ठ प्रभृति ऋषि, नाग, अष्टवसु, दश दिक्पाल, ब्रह्मा, विष्णुसहित सबैका स्त्री पुरुष यज्ञमा आएका थिए । मैले त्यो यज्ञशालामा प्रदक्षिणा गरी हेर्दा तपाईं दुवैलाई देखिनँ र अरू देवता सबै आफ्नाआफ्ना अङ्गसँग बसी खाई पिई खुशीले रहेका छन् । यज्ञको भोक्ता कर्ता तपाईंलाई किन डाकेनन् भनी मेरा मनमा विस्मय भयो । यति कुरा विन्ति गरूँ भनी म आएको हुँ । हे गौरीशंकर ! यसको अर्थ केही बुझ्न सकिनँ" भनी नारद मुनिले विन्ति गरेको सुनी सतीदेवीले अति अपमान मानिन् र त्रैलोक्यनाथ

श्रीमहारुद्रसित विन्ति गरिन्–हे प्रभु ! हे जगदीश्वर ! नारायण प्रभृति तेत्तीस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा फेरि मेरा बहिनीहरू दश दिक्पाल सबैलाई डाक्ता हामी दुइलाई किन डाकेनन् भनी मनमा अति विलाप गरी आँखाबाट आँसु चुहाई अति दुःख मानिरहिन् । यस्ता तरहसँग सतीदेवीले विलाप गर्दा महादेव आज्ञा गर्छन्—हे प्रिये ! दुःख कत्ति नमान्, किनभने तँ नरुचाइएकी छोरी, म मन नपरेको जुवाइँ, डाकेनन् त जान दे, त्यस कुरामा तैंले अपमान मान्नुपर्दैन, तेरो म छँदै छु । त्यसका यज्ञमा गै के पाउनु छ, नगए पनि के होला भनी शिवले बुझाउँदा पनि नमानी हे स्वामी ! त्यसो आज्ञा नगर्नुहवस्, मलाई यज्ञ हेर्नाको साह्रै इच्छा लागेको छ, आज्ञा भए नारदका सँग गै एकपल्ट हेरी आउँछु भनी बहुतै ढिपी गरी महादेवका पाउमा परिन् र महादेवले हे प्रिये ! त्यस्तो हठ नगर, किनभने विशेष गरी तिमी आफ्नू मानमा रहेकी, उहाँ गएपछि अपमान होला, जाने काम नगर ! भनी अनेक तरहसँग बुझाउँदा पनि नमानी

कैलासबाट नारदसँग आई दक्षप्रजापतिको यज्ञ गरेको ठाउँमा पुगी आफ्ना पिता दक्षप्रजापतिका र माता विरणीका चरणमा ढोगिदी बहुतै चित्त दुखाई आँखादेखि आँसु खसाली मङ्गल वचन बोलिन्—हे पिता! हे माता! तपाईंको यस्तो यज्ञ-मा मलाई किन खबर दिनुभएन, म तपाईंकी छोरी होइन कि? मैले के बिराएँ, मेरा स्वामीले तिमीहरूको के अपराध, के विराम गर्नुभयो, भन्नु-हवस्? विष्णुप्रभृति तेत्तीस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा, दशै दिक्पा-लका स्त्री पुरुषसहित सबै डाकिए, हामी दुइ जना-लाई मात्र किन डाक्नुभएन? फेरि यज्ञका कर्ता महादेव नभै तपाईंको यज्ञ कसो गरी पूर्ण होला? अरूले हुँदैन, यज्ञको फल दिने पनि उहीं होइबक्सिन्छ, देव-ताका नायक पनि उहीं होइबक्सिन्छ, फेरि सृष्टि, स्थिति, संहार गर्ने पनि उहीं होइबक्सिन्छ। हे पिता! महादेव नभै यज्ञ गरेको धर्म हुँदैन, हे पिता! यज्ञकर्त्ता नभएको अशुद्ध यज्ञ किन गर्नुभयो? यसले तपाईंको जय हुनेछैन। श्रीमहारुद्रलाई डाक्न पठाउनुहवस्, उहाँपछि तपाईंको यज्ञ पूर्ण होला, फल मिल्ला।

हे पिता ! शंकरलाई अशङ्कर गरी तपाईंले गर्नुभएको यज्ञ शङ्कर नभैकन कसरी पूर्ण होला ? के ब्रह्माण्डमा दुइ शङ्कर भए कि ? आज्ञा गर्नुहोस् । महादेव र मलाई नडाकेको कारण के हो, हे बाबा ! सब वृत्तान्त आज्ञा गर्नुहोस् भनी सतीदेवीले भन्दा दक्षप्रजापतिले भने—हे पुत्री ! सतीदेवी ! तँ दुःख नमान्, हेर्, तेरो पुरुष भोला महादेव यो यज्ञमा राख्न योग्य छैन । किनभने तेत्तीस कोटि देवता दैत्य, अप्सरा, नाग सकलका स्त्री पुरुषसहित अनेक रत्न मणि माणिक्यका गहना लगाई, श्रीखण्ड लेपन गरी नाना मङ्गल जात्रा गरी गन्धर्वले गीत गाउने, अप्सराले नाच्ने यस्तो ठाउँमा घिनलाग्दो महादेव कसो गरी डाकूँ ? हे पुत्री ! तेरो स्वामी के ढङ्गको छ । खरानी घसी, बाघको छाला कम्मरमा कसी, हात्तीको छाला ओढी, विष भाङ धतुरो खाई, राता राता आँखा गरी जसो मन पर्‍यो उसो नाची, जटाको मुकुट बाँधी, सर्पको गहना लगाई, मुण्डमाला भिरी, दाहिने हातले डमरु बजाई, बायाँ हातले त्रिशूल समाई, भूत, प्रेत, पिशाच, अघि पछि राखी, दिगम्बर मतवाला झैं पाउ पनि जहाँ मन लाग्यो उहाँ

राखी लाज पनि नमानी हिंड्ने, यहाँ र अनेक अनेक स्त्री, देव-कन्या, गन्धर्व-कन्या, नाग-कन्या फेरि तेरा बैनीहरू र तेत्तीस कोटि देवताले युक्त भएको पवित्र ठाउँमा कसो गरी त्यस्तो देख्तैमा अशोभा, घिन-लाग्दो दिगम्बर महादेवलाई डाकूँ, हे पुत्री! सतीदेवी!



(सतीदेवीले दक्षको कुण्डमा हामफालेकी)

यसनिमित्त डाक्न नपठाएको हो, तँलाई मात्र डाकूँ भने उसमेत आउला भनी तँलाई समेत नडाकेको हो, तँ दुःख नमान्। हे पुत्री! तैंले मेरो सेवा पनी गरेकी थिइस्। अपराध पनि केही गरेकी छैनस्,

तेरो स्वामी त्यस्तै हुनाले तँलाई नडाकेको हो। फेरि तैंले सृष्टि, स्थिति, संहार गर्ने महादेव हुन्, यज्ञको भोग दिने पनि उनै हुन् भनिस्, त्यसो होइन, त्यो ता बौलाहा मात्र हो, यज्ञकर्त्ता नारायण हुन्। सृष्टि गर्ने चतुर्मुख ब्रह्मा हुन्। स्थिति संहार गर्ने नारायण महाविष्णु हुन्, त्यो महादेव कहाँको देवता हो, त्यसलाई नडाकी यज्ञ कसो गरी अशुद्ध होला ? तेरो स्वामी महादेवलाई कस्तै भए भनि म डाक्नेछैन। त्यसले मेरो यज्ञमा के वर देला ! त्यो नभै किन मेरो यज्ञ पूर्ण होवैन? तेत्तीस कोटि देवता, ब्रह्मा विष्णु जस्ता आएका छन् भनी दक्षप्रजापतिले आफ्ना स्वामी जगदीश्वरलाई क्षुद्र वचन गरेको सुनी मनले सहन नसकी लाल लाल आँखा गरी नागिनीको झैं निश्वास गरी सुस्केरा हाली दाह्रा किटी रिसले उठिन् र भूमिमा लात्तले हानिन् र यज्ञमा हेरी आफ्ना स्वामीलाई नाना तरहको निन्दा गाली गरेको सम्झी चित्तले सहन नसकी बहुत दुःख मानी आफ्ना छातीमा आफै मुड्कीले हानी शिव ! शिव ! भनी महादेवको नाउँ उच्चारण गरी यज्ञकुण्डमा फाल हाली प्राण छाडिन्। यसरी सतीदेवीले यज्ञमा फाल हाली प्राण छोडेको देखी

देवता, यक्ष, गन्धर्व, नाग, अप्सरा त्यहाँ रहेका सबले हा ! क्या अनर्थ भयो ! भनी आश्चर्य मान्दा भए । अकस्मात् धूलो उडी, आकाशमा व्याप्त भै अन्धकार भयो । वायु पनि विपरीतसँग बहन लाग्यो, विनाबादल मेघ भैँ आकाश गर्जन लाग्यो । सब देवताका आँखामा धूलो परी भूमिमा घोप्टो परे, कसैलाई उडाई लग्यो, कति रून लागे । कति आफ्ना जीउको सम्भार गरी रहे । यस्ता प्रकारले महाउत्पात भयो । त्यो देखी दक्षप्रजापतिले मनमा चिन्तना गरी सब छोरी जुवाईँलाई बुझाई बोध गराई धैर्य गराई डराउनुपर्दैन भनी नाना प्रकारले सबलाई संझाइसकी, बहुतै चित्त आकुल गरी, आफ्ना गुरु बृहस्पति ऋषिछेउ गई दक्षप्रजापतिले विन्ति गरे "हे गुरु ! अब कसो गरूँ, अनर्थ हाहाकार भयो भनी कराउन लागे र त्यसै वेला नारद ऋषिले सतीदेवीको प्राण मुक्त भएको देखी वायुवेगले चाँडै कैलासमा पुगी श्री महादेवका चरणमा दण्डवत् गरी विन्ती गरे–हे ईश्वर ! तपाईंकी प्राणतुल्य सतीदेवीले देह त्याग गरिन्, किनभने हे वृषभध्वज ! हे करुणामय ! पापिष्ठ दक्षप्रजापतिले

तपाईंलाई नाना तरहको निन्दा गरी अनेक तरहको हेलाँ गरी त्यो कहाँको देवता हो, त्यो बौलाहा पो हो, त्यसलाई नडाकी मलाई के होला ? भनी तपाईंको निन्दा गरेको सतीदेवीले सहन नसकी अत्यन्त क्रोध गरी लात्तले भूमिमा हानी कसैको मुख नहेरी यज्ञको प्रदक्षिणा गरी, तपाईंको नाम लिई यज्ञकुण्डमा फ़ाल हाली प्राण त्याग गरिन् । हे प्रभु ! तपाईंका भयले अग्निले शरीर दग्ध गर्न सकेका छैनन्, प्राण छोडी शयन गरेझैं यज्ञकुण्डमा रहनुभएको छ । हे ईश्वर ! यी कुरा बिन्ती गरूँ भनी आएको हुँ, अब कसो गरूँ अनर्थ भयो भनी नारद मुनिले भनेको सुनी महादेवले आज्ञा गरे—हे मुनि ! यो कुरा निश्चय हो कि होइन ? भन्दा नारद बिन्ती गर्छन्—हे ईश्वर ! तपाईंका अगाड़ि मैले मिथ्या कुरा कसो गरी बोलुँला ध्यान-दृष्टिले हेर्नुहवस् भने र यति नारदको वचन सुनी अत्यन्त क्रोध गरी तीनै आँखाबाट आगो निकाली दाह्रा किटी रिसले हात मुठी पारी नारदको मुख्याञ्जी भने—हे नारद ! तेत्तीस कोटि देवताले रक्षा गरिराखेको पापिष्ठ दक्षप्रजापतिको निर्मूल नगरी छाड्नेछैन, अब तिमी आफ्ना आश्रममा जाऊ

भनी बिदा दिए र नारदले साष्टाङ्ग प्रणाम गरी त्यहाँबाट बिदा भै ब्रह्मलोकमा गए । त्यहाँपछि श्री महादेवले सतीदेवीलाई सम्झी अत्यन्त क्रोध गरी तीनै आँखाबाट अग्निको ज्वाला निकाली आफ्ना शिरदेखि एक जटा निकाली पृथ्वीमा पछारे र त्यतैबाट

(महादेवजीले क्रोधले जगल्टा पट्कँदा महाकाली र वीरभद्र प्रकट भएको)

मेघ गर्जेझैं ठूलो शब्द गरी कराई महाभयङ्कर चतुःषष्टि योगिनी भूत प्रेत प्रमथ गणसमेत भै महाकाली उत्पत्ति भइन् । कस्ती महाकाली भने महाभयानक, आँखाबाट आगो निकाल्ने भएकी,

लामा लामा दाह्रा निस्केकी, आकाश जस्तै पेट भएकी, बाघको छाला कम्मरमा वेष्टित गरेकी, केश फिजिएकी, दाहिने हातमा खड्ग लिएकी; कैले लामू जिब्रो निकाली हाँस्ने, कैले जिब्रो चलाउने, यस्ती महाकाली श्री महादेवको मुखेञ्जी खड़ा भै—के कामले आराधना गर्नुभयो ? आज्ञा गर्नुहवस् भनी खडी रहिन्। फेरि महादेवले एक जटा निकाली भूमिमा पछारे र त्यसैबाट पृथ्वी डोलायमान गरी सिंहनाद गरेझैं गरी गर्जी हजार सूर्यका जस्तो तेज भएका, मुण्डमाला लाएका, दाहिने हातमा त्रिशूल लिएका, यस्तो भीषण मूर्ति भएका वीरभद्रले महादेवको मुख्याञ्जी खड़ा भै बिन्ती गर्न लागे–"हे ईश्वर ! किन हामीहरूलाई आराधना गर्नुभयो ? आज्ञा गर्नुहोस्" भन्दा महादेवले आज्ञा गर्दछन्–"हे वीरभद्र, हे महाकाली ! तिमीहरूलाई डाकेको पापिष्ठ दक्षप्रजापतिको यज्ञ विध्वंस गरी, दक्षको पनि संहार गरी तेत्तीस कोटि देवता सबैलाई नाश गरी आओ ! हे वीरभद्र, हे महाकाली ! यसै कारणले तिमीहरूको आराधना गरेको हो, अब नन्दी, भृङ्गी, विषमज्वर, चौसट्ठी योगिनीसमेत भै दक्षको नाश गर्न जाओ !

भनी आज्ञा गरे र यति महादेवको आज्ञा सुनी नन्दी, भृङ्गी, र विषमज्वर, चौसट्ठी योगिनी, भूत, प्रेत पिशाच-सहित भै मेघ भैँ सिंहनाद गरी, पृथ्वी डोलायमान गरी यमराज आएझैँ गरी अत्यन्त क्रुद्ध भै महादेवको आज्ञा शिरमा राखी कैलासदेखि झरे । यिनी-हरूको चालामाला देखी पृथ्वीलाई थाम्न साह्रै मुश्किल पऱ्यो । पृथ्वी डोलायमान भइन् । सात समुद्र कम्प भए । यावत् जीवात्मा सबै त्राहि-त्राहि भए । यस्ता तरहले दक्षप्रजापतिका यज्ञमा पनि अनेक उत्पात हुन लाग्यो । आकाशमा गिद्ध काग कराई मण्डलाकार गर्न लागे । स्यालले दुवै आँखा, मुखबाट आगो निकाली कराई हिंड्न लागे । फेरि रगत वृष्टि भयो । वायु विपरीतले बहन लाग्यो । यस्तो उत्पात भएको देखी यज्ञमा रहेका सबैले हाहा-कार गरी कराई कोही भाग्न लागे । स्वास्नीमान्छे, केटाकेटी बूढ़ाबूढ़ीहरू भाग्न नसकी भूमिमा घोप्टो परी रुन कराउन लागे, कोही सबैको सम्भार गर्न पछि लागे । कोही नजाने फेरि के के उत्पात होला भनी डराई त्राहि त्राहि भै रहेका थिए । त्यस्तै बेलामा वीरभद्र, महाकाली गणसहित भै, मेघ गर्जेझैं गर्जी हात्तीका

बथानमा सिंह गएझैं गरी दक्षका यज्ञमा पुग्न गए। तहाँ उप्रान्त यज्ञमा रहेका देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नागहरूसँग सिंह जुधेझैं गरी संग्राम गरे। त्यो देखी यज्ञमा रहेका दक्षका छोरीहरू, देवकन्या, गन्धर्वकन्या, नागकन्या, ऋषि, ब्राह्मण, बालक, अप्सराहरू त्राहि-त्राहि भनी नारायण ! नारायण ! भनी अघोर शब्दसँग कराई रोई दश दिशामा भागे। कोही भाग्न नसकी लोटी मुण्टाले टेकी माटो खान लागे। कसैको खुट्टा मर्की भाँचिई मूर्छा भै लोटी रहे, परन्तु विष्णु-प्रभृति तेत्तीस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्यहरूले दक्षप्रजा-पतिका निम्ति आफ्ना-आफ्ना शस्त्र लिई महावीर, वीरभद्र, महाकालीलाई प्रहार गर्न लागे। यस्ता प्रकारले परस्पर युद्ध भयो। दुवैतिरका सेनाले महा अघोरसँग युद्ध गरी सिंहनाद गर्दा भए। इन्द्रादि तेत्तीस कोटि देवताले पनि वीरभद्र महाकालीमा अनेक अस्त्र-शस्त्र क्षेपण गरे। के के भने ब्रह्मास्त्र, इन्द्रास्त्र, देव्यास्त्र, वारुणास्त्र, अग्न्यास्त्र, तोमर, भिन्दि-पाल, गदा, खड्ग, मुसल, नागपाश इत्यादिले वीर-भद्र, महाकाली, चौसट्ठी योगिनी, नन्दी, भृङ्गी, प्रमथ-

गण, भूत, प्रेत विषमज्वरमाथि प्रहार गरे, यस्ता तरहसँग आफूहरूलाई प्रहार गरेको देखी वीरभद्रका गणहरूले पनि ठूलो शब्दसँग गर्जी फौजभित्र पसी जति पाएका उतिको टाउको निमोठी खाए। हात भाँची, खुट्टा भाँची मुड्कीले हानी, रगत छदाई देवताहरूलाई चूर्ण गरे। फेरि महाकालीले काल जस्तै खड्ग लिई राता राता आँखा गरी वर्षाकालमा मेघ गर्जेझैं सिंहनाद गरी, मृगका फौजमा सिंह गएझैं, सुकेका परालमा आगो लागेझैं गरी क्षणभरिमा नाश गरिन्। फेरि वीरभद्रले आफूमाथि अस्त्र-शस्त्र वर्षाएको देखी क्रोधले नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत, प्रेत, पिशाच, प्रमथगणसमेत शत्रुपक्षका कसैको शिर छुट्ट्याए, कसैको हात पाउ छुट्ट्याए, कसैको मासु खाए, रगतले मात्तिई कोही नाच्न लागे, कोही हाँस्न लागे, रगतको खोलो बग्यो। कोही दगुर्न लागे। यस्ता प्रकारले कोटि कोटि देवता दक्षप्रजापतिका सेनाको संहार गरे। फेरि यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, दक्षप्रजापतिका सेनाले महाकालीउपर शस्त्र अस्त्र वर्षाए। ती शस्त्र अस्त्र महाकालीमाथि पर्नासाथै भस्म भै गए।

महाकाली, चतुःषष्टि योगिनी, भूत, प्रेत, पिशाच, प्रमथगणले फेरि दक्षप्रजापतिका सेनालाई मारे औ विषमज्वरले पनि सबका शरीरमा प्रवेश गरी अचेष्ट गराए । तब वैकुण्ठनाथ विष्णुले सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, बाँकी रहेका दक्ष-प्रजापतिका सेना बिलकुल अचेष्ट भएको देखी आफ्ना शरीरबाट शीतज्वर उत्पत्ति गरी सबैलाई चेष्टा गराए । फेरि नाना अस्त्र शस्त्र लिई अग्निका ज्वालामा पतङ्ग गएझैं वीरभद्रमाथि जाइलागे । वीरभद्रले पनि त्रिशूल उठाई सिंहनाद सोर गरी सुकेका खरमा आगो लाग्दा झैं एक क्षणमा कोटी दक्षप्रजापतिका सेना मारिदिए । कसैको शिर छैन, ससैको हात छैन, कसैको पाउ छैन, यस्तो देखी कोही रक्षा गर भनी भाग्न नसकी भूमिमा परि-रहे। यस्ता हिसाबले यज्ञ विध्वंस गरी जति पाए-का देवता समाती यज्ञमा होमी नाश गर्न लागे । वीरभद्रले यस्ता तरहले देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, दक्षप्रजापतिका सेना मारेको, यज्ञ विध्वंस गरेको देखी विष्णु अत्यन्त क्रोधले लाल लाल नेत्र गरी नागले निःश्वास फेर्दा झैं सुस्केरा हाली अग्निको

ज्वाला जस्तो भै बाउँ हातले पाञ्चजन्य शङ्ख बजाई, दाहिने हातले कौमोदकी गदा उठाई संहार कालका रुद्र जाँदा भैंं वीरभद्रका सेनामाथि जाइलागे र त्यो देखी देवता, यक्ष, गन्धर्व, दैत्य, नाग, दक्षप्रजापतिका सेनाले "धन्य धन्य विष्णु! तिम्रो जय कल्याण, होस्" भनी आफ्ना आफ्ना शस्त्र अस्त्र लिई विष्णुका सँग लागी लड्न लागे। त्यो देखी महाकाली क्रोधले अग्निका ज्वाला जस्तो बड़ो ज्वाला निकाली खड्ग उठाई चतुःषष्टि योगिनी भूत प्रेत पिशाच प्रमथगणले सहित जाई लड्न लागिन्। जस्तै ठूलो वायु चल्दा मेघ खण्ड खण्ड भै फाट्तछ, त्यस्तै देवता यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, दक्षप्रजापतिको सेनालाई दश दिशा भगाइन्। ती विष्णुले निर्धक्कसित वीरभद्रका छातीमा कौमोदकी गदा प्रहार गरे। त्यो गदा गयो र वीरभद्रका छातीमा लागी मूर्छा भै भूमिमा गिरे। फेरि विष्णुले नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत, प्रेत, पिशाच, प्रमथगणलाई शङ्खको शब्द गरी प्रहार गरे र कोही भूमिमा परी मूर्छा भए, कोही भाग्न लागे, त्यो देखी देवता, यक्ष, गन्धर्व आदि दक्षप्रजापतिका सेनाले धन्य धन्य विष्णु

भनी स्तुति गरे र पुष्पवृष्टि गरे। विष्णुले पाञ्चजन्य शङ्ख बजाए। देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, दक्षप्रजापतिका सेनाले धन्य धन्य विष्णु भनी स्तुति गरेको मूर्छा भैरहेका महावीर वीरभद्रका कानमा पर्‍यो र चेष्टा भयो । आफ्नो सेना कोही भूमिमा परेको, कोही भाग्न लागेको देखी अति क्रोधित भै कालसमान त्रिशूल वीरभद्रले उठाई नारायणलाई हेरी वेगले प्रहार गरे। त्रिशूल विष्णुको छातीमा लागी त्रिशूलको वेदना सहन नसकी नव द्वारबाट रगत बहाई रणभूमिमा नारायण लोटी मूर्छा परे । वीरभद्रले विष्णु मूर्छा परेको देखी प्रलयकालका मेघ झैं गर्जमान गरे । त्यस्तो सोर गरी दक्षका सेना-माथि जाई कोटि कोटि देवताको नाश गरे । वीरभद्र गर्जेका सोरले देवताहरू त्राहि त्राहि भनी कराई भागे । मूर्छा भैरहेका नन्दी भृङ्गी चतुःषष्टि योगिनी भूत, प्रेत, पिशाचका कानमा वीरभद्रले गर्जेको शब्द परी मूर्छाबाट बिउँभी खडा भै हेर्दा वीरभद्रले विष्णुलाई मूर्छा पारी देवताहरूको नाश गर्न लागेको देखी धन्य धन्य वीरभद्र भनी कोला-हल शब्द गरी दक्षका सेनामाथि जाइलागे । त्यस्ता

तरहले बहुत ठूलो संग्राम भयो भनौला भने—हे अगस्त्य मुनि ! महाकाली, वीरभद्रले दक्षका सेना-हरूमाथि जाइलागी कोही देवताको टुप्पी समाती पछारी खड्ग प्रहार गरी मारे । कसैलाई मुडकीले हानी मारे, चौसट्ठी योगिनीले पनि कसैलाई निमो-ठीकन मारे, कसैका कोखमा हातले प्वाल पारी मुख लगाई रगत पिउन लागे । कसैलाई पक्री यज्ञमा होमी मारे । यस्तो गरी कोटि कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नागहरूको नाश गरेको देखी वीरभद्रका सेनाले जयजय भनी कराएको शब्द सुनी, मूर्छा भैरहेका विष्णुका कानमा पऱ्यो र मूर्छाबाट बिउँभी हेर्दा त वीरभद्र महाकालीले दक्षको यज्ञ विध्वंस गरी कोटि कोटि देवता दक्षका सेनाको नाश गरेको देखी, विष्णु अति क्रुद्ध भै—हे पापिष्ठ वीरभद्र ! आज तेरो नाश गरुँला, तेरो प्राण लिई दक्षको यज्ञ पूर्ण गरुँला, तब सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नागहरूलाई सन्तोष होला । आज एकादश रुद्र तेरा सहाय भै आए पनि तेरो रक्षा गर्न सक्नेछैनन्—सम्पूर्ण दुष्टको नाश गर्ने, यो चक्र देखिस् ? भनी सुदर्शन

चक्र देखाए। विष्णुले भनेको यस्ता क्षुद्र वचन सुनी वीरभद्र क्रोधी भै विष्णुलाई भने—हे पापिष्ठ विष्णु! सम्पूर्ण दुष्टको नाश गर्ने चक्र भनिस्, तेरो पराक्रममाफिक त्यो चक्र मछेउ प्रहार गर्, म पनि देखिहालुँ, मुखले मात्र भनिरहने होइन। यति वीरभद्रले भनेको वचन सुनी विष्णुले क्रोधले वीरभद्रलाई ताकी सुदर्शन चक्र प्रहार गरे। त्यो सुदर्शन चक्र कसो गरी गयो भने कोटि सूर्य जस्तो तेज भै प्रलय-कालका मेघले गर्जमान गरेजस्तो सोर गरी, कालरुद्र जाँदा भैँ गयो। यस्ता तरहले गएको सुदर्शन चक्रलाई देखी नन्दी भृङ्गी चतुःषष्टि योगिनी, भूत, प्रेत, पिशाच, प्रमथगणले त्राहि-त्राहि महादेव भनी महावीर, वीरभद्र र भद्रकालीका शरणमा गए। जस्तो समुद्र मथन गर्दा कालकूट विष निस्क्यो र महादेवले निलेथे त्यस्तै वीरभद्रले त्यो चक्र आएको देखी मुख बाइदिनाले मुखमा पऱ्यो र निल्न तयार भए। त्यो देखी विष्णुले चाँडै गरी वीरभद्रका मुखदेखि सुदर्शन चक्र झिकी तहाँदेखि अन्तर्धान भै वैकुण्ठ जाँदा भए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां सती देह विसर्जन-शंकरकृत दक्ष सेना विनाश वर्णनं नाम षष्ठोऽध्यायः ॥ ॥

सप्तमः अध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि ! विष्णुजी अन्तर्धान भै भागेपछि ती बाँकी रहेका तेत्तीस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नागहरू हाहाकार गरी, दश दिशामा भागे र आपुसमा कुरा गर्न लागे । अब दक्षप्रजापतिको प्राण रहँदैन किनभने नारायण जस्ताको सुदर्शन चक्र मिथ्या भै व्यर्थ गयो । जुन चक्र उठाई विष्णु खडा रहँदा महादेवसमेत टिक्न सक्नुहुन्नथ्यो यस्ता नारायणसमेत अन्तर्धान भै भागे । अब हामीहरूका पराक्रमले के गर्न सकौंला । तस्मात् आफ्ना आफ्ना प्राण बचाउने हो भनी आफ्ना आफ्ना प्राण बचाउनानिमित्त दश दिशा भागे । नारायण प्रभृति देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अष्ट दिक्पालसमेत आफ्नो प्राण बचाई भागेको देखी कालसमान भएका वीरभद्र पनि रिसले जिभ्रो काढी नागले झैं निःश्वास गरी सुस्केरा हाली

वर्षाकालको मेघ गर्जेझैं गर्जी जाइलागी दक्षको टुप्पी समाती पछारी बोध गराए ! पापी दक्ष ! तैंले श्री महादेवलाई बहुतै निन्दा गरिस् । आफ्नी पुत्री मारिस्, तँ जस्तो पापी अरू कोही छैन । महादेव बौलाहालाई नडाकी मलाई के होला भनी त्रिभुवन-पतिलाई निन्दा गरिथिस् अब यस बखतमा तेरा ज्वाइँहरू कहाँ गए ? तेरा ज्वाइँहरूलाई गुहार मागी तेरो प्राणको रक्षा गर् । तेरो यज्ञ विना शङ्कर-ले पूर्ण गरून्, अब तँलाई पनि यस यज्ञमा होम्न सके हामी सबैलाई सन्तोष होला भनी अनेक तरह-को बोध गराई दक्षप्रजापतिको शिर छुट्ट्याई यज्ञमा होमिदिए । यस्ता तरहसँग दुष्ट संहार गरेको देखी महाकाली आदि चौसट्ठी योगिनी नन्दी भृङ्गी प्रमथगण, विषमज्वर, भूत प्रेत पिशाचहरूले एकै सोर गरी कराए—धन्य धन्य वीरभद्र, शिवनिन्दा गर्ने दक्षको नाश गऱ्यौ भनी खुशी भै भन्न लागे । तिमी-समान बलियो त्रिभुवनमा पनि हुन दुर्लभ छ भनी नाना स्तुति गरे । तहाँ उप्रान्त दक्ष-प्रजापतिकी स्त्री विरणीले आफ्ना स्वामी दक्षप्रजा-पतिको शिर छुट्ट्याई यज्ञकुण्डमा होमेको देखी,

बहुतै अधैर्य भै, ठूला बतासले केराको थाम ढल्दा झैं गरी ढली, भूमिमा परी मूर्छा भइन्, फेरि चेष्टा भयो र शोक गर्न लागिन्–हे स्वामी ! मलाई यस्ता अवस्थामा पारी अनाथ तुल्याई तिमी कता गयौ ? जगदीश्वर महादेवलाई यज्ञमा नडाक्ता यस्तो भयो, यो तिमीले नजानेको हो। हे मूढ ! अज्ञान मनमा लिई शिवलाई निन्दा गर्दा तिम्रो प्राण गयो। मेरो यो अवस्था भयो भनी नाना तरहको शोक गरी महावीर वीरभद्रछेउ गई बिन्ती गरिन्–हे ईश्वर वीरभद्र! दक्षप्रजापति अज्ञानी हुन्, अहङ्कारी पनि हुन्, तिनलाई ज्ञानको चेष्टा पनि छैन त्यस्ता मूर्खलाई नाशी तपाईंको के बड़ाइँ होला, मलाई विधवा नतुल्याई स्वामी वरदान देऊ! स्वामी दक्षप्रजापति-लाई ब्यूँताई मेरो उद्धार गर–हे वीर ! आफूले सृष्टि गरी आफैले संहार गर्न योग्य छैन। तिमी कस्ता भने सृष्टि स्थिति संहारकर्ता महारुद्र पनि तिमी, महादेव पनि तिमी; आदि, अनादि, ब्रह्मा, विष्णु शिव जे भने पनि तिमी–हे भक्तवत्सल! मेरो मुख हेरी दक्षप्रजापतिको सम्पूर्ण अपराध क्षमा गरी ब्यूँताइदेऊ भनेको इन्द्रादि देवताले सुने र आकाशबाट पुष्प वृष्टि

गरी हे वीरभद्र ! दक्षप्रजापतिलाई ब्यूँताई विरणीलाई सन्तोष दिनुहोस् भनी भने। यति इन्द्रादि देवताहरूले भनेको सुनी विरणीले अति शोक गरेको देखी वीरभद्र-लाई अति करुणा भयो र विरणीको मुख हेरी भन्न लागे–हे विरणी, तेरो स्तुति देखी म संतोष भएँ। तँलाई



(वीरभद्रले दक्षप्रजापतिको टाउको काटी यज्ञमा होमी बलि दिइएको बोकाको टाउको दक्षको गींडमा जोरिदिएको)

स्वामी वर दिन्छु, तर तेरो स्वामी दक्षको शिर मैले यज्ञ-कुण्डमा होमिसकें अब यज्ञमा बलिदान दिएको बोकाको टाउको जोरी ब्यूँताइदिन्छु, किनभने त्यसले जगदीश्वरलाई साह्रै निन्दा गरेको छ। त्यो पशु

हो । यसै अर्थले पशुकै टाउको जोरिदिन्छु । यति वीरभद्रले भनेको सुनी विरणीले 'हवस्' भनी अञ्जलि बाँधी रहिन् । वीरभद्रले बोकाको टाउको ल्याई पछि-ल्तिर मुख फर्काई जोरी दक्षप्रजापतिलाई ब्यूँताइदिए। दत्तप्रजापति ब्यूँतेपछि विरणीले बड़ो सन्तोषसित छागमुख अर्थात् बोकाको टाउको भएको दत्तप्रजापतिले सहित भै महाकाली वीरभद्रलाई साष्टाङ्ग प्रणाम गरी आफ्ना घर गइन् । महाकाली वीरभद्र पनि कोटि कोटि देवता, यत्त, गन्धर्व, किन्नर, दैत्य, नाग, दत्तप्रजापतिको सेना मारी यज्ञ विध्वंस गरी, नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत, प्रेत, पिशाच, प्रमथगण, विषमज्वरसमेत भै तहाँ देखि अन्तर्धान भै कैलास पर्वतमा गए र महादेवलाई साष्टांग प्रणाम गरी—हे जगदीश्वर, तिम्रो आज्ञाले पापिष्ठ दत्त प्रजापतिको यज्ञ विध्वंस गरी कोटि कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, दत्तप्रजापतिको सेना मारी दत्तको शिर छुटट्याई यज्ञकुण्डमा होमिसकेपछि दक्ष-प्रजापतिकी स्त्री (विरणी)-ले आफ्ना स्वामी दक्ष-प्रजापतिलाई मारेको देखी बहुतै विलाप गर्न

लागी। त्यो देखी मैले यज्ञकुण्डमा बलिदान दिएको बोकाको टाउको ल्याई पछिल्तिर मुख फर्काई जोरिदी दक्षप्रजापतिलाई जियाई आएँ भनी बिन्ती गरे! तब महादेवले सन्तोष भै आज्ञा गर्नुभो—हे महा-काली ! हे वीरभद्र ! तिमी धन्य रहेछौ, म सन्तोष भएँ भनी ती दुवैलाई आफ्ना शरीरमा लीन गराए। हे अगस्त्य मुनि ! तहाँ उप्रान्त महादेवले आफ्नी स्त्री सतीदेवीलाई सम्झी दक्षप्रजापतिले यज्ञ गरेको ठाउँमा गई यज्ञकुण्डमा प्रवेश गरी रहेकी सती-देवीलाई देखी यज्ञकुण्डदेखि माथि झिकी काखमा लिई तीन आँखादेखि आँसु खसाली हा ! सती-देवी ! कैलास शून्य गराई मलाई एकलै छोडी यस्ता अवस्थामा पारी कता गयौ ? भनी बहुत अधैर्य भै रूख ढल्दा झैं भूमिमा ढली मूर्छा हुनु-भयो। फेरि चेष्टा भयो र हे प्राणप्यारी ! अब मैले बाँचेको व्यर्थ छ, एकक्षण पनि नछोडी मेरो मुखिज्ज्याल बसी मैले भनेको पुराण कथाहरूमा भुलिरहन्थ्यौ, अब कसलाई म सुनाउँला, को सुन्ला, मैले भनेको वचन नमान्दा तिम्रो यो अवस्था भयो, मेरो यो हवाल गरायौ भनी आफ्नै

हातले आफ्नै छाती ठोकी आँखादेखि वर्षाकालमा जल वर्षेजस्तो मोतीका दाना झैं आँसुका धारा बहाई फेरि भन्दछन् कि हे प्यारी ! मेरो खाने वस्तु विष भाँग धतुरो यो मेरो स्वामीले खाने

(दक्षका यज्ञमा हामफाली प्राण त्यागेकी सतीदेवीलाई महादेवजीले बोकी बौलाहा झैं हिंडेको)

वस्तु भनी हित भावले रक्षा गरी राख्थ्यौ, अब

को रक्षा गरिदेला ! फेरि कतै गई आउँदा हातमा कमण्डलु लिई चाँडै पाउ धुन आउँथ्यौ, अब को धोइदेला ! हे प्यारी ! तिमीविना मेरो चित्त कसो गरी दृढ होला भनी कैल्हे काखमा लिने, कैल्हे अङ्कमाल गर्ने, मुख हेर्ने, कैल्हे म्वाइँ खाने, कैल्हे छातीमा हात राख्ने, कहिले आलिङ्गन गर्ने, कैल्हे सतीदेवीको हात आफ्ना छातीमा राख्ने यस्ता तरहले नाना शोक गरी सतीदेवीलाई पीठमा लिई हा सतीदेवी ! भनी बौलाहा जस्तो भै पृथ्वीमा भ्रमण गरी हिंड्नुभयो । महादेवले पीठमा लिइएकी हुनाले सतीदेवीको गाथ गलित पनि, दुर्गन्ध पनि केही भएन, निदाए भैँ भइन् ।

कुमारजी फेरि आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि! तहाँ उप्रान्त इन्द्रादि तेत्तीस कोटि देवताले श्री महादेवजीले सतीदेवी पीठमा हाली पृथ्वी भ्रमण गरी हिंडेको देखी वैकुण्ठमा गै विष्णुसित बिन्ती गरे—हे परब्रह्म ! यो ब्रह्माण्ड संसार तिमीले रचना गर्छौ, महादेवले रक्षा गर्छन् । तिमी दुइले रक्षा नगरे को रक्षा गर्ला ! यस बखतमा महादेव दक्षप्रजापतिका यज्ञबाट सतीदेवीलाई पीठमा लिई पृथ्वीमा भ्रमण गर्दछन् । जहाँसम्म सतीदेवीको शरीर रहला तहाँ-

सम्म महादेवले त्यसै गर्नेछन्, यस अर्थले तपाईंका मायाले माखा अर्थात् भींगा उत्पत्ति गरी औंसा अर्थात् कीरा पारी सतीदेवीको शरीर गलाई पतन गराइदिनोस् । यति इन्द्रादि देवताले भनेको वचन सुनी विष्णुले—हे इन्द्रादि देवताहो ! तिमीहरूले भलो भन्यौ, मेरा मायाले माखा उत्पत्ति गरी औंसा पारी सतीदेवीको शरीर गलाई पतन गराउँला, सन्देह नगर अब अमरावती जाओ, भने। यति विष्णुले आज्ञा गरेको सुनी इन्द्रादि देवताले 'हवस्' भनी विष्णुलाई साष्टांग प्रणाम गरी अमरावती गए । तहाँ उपरान्त विष्णुले इन्द्रादि देवताका वचनले आफ्ना मायाले माखा उत्पत्ति गरी औंसा पारिदिए। सतीदेवीको अङ्ग खण्ड-खण्ड गरी पतन भयो । जहाँ जहाँ सतीदेवीको अंग पतन भयो, तहाँ-तहाँ एक-एक पीठ उत्पत्ति भयो । तहीं तहीं चतुर्मुख ब्रह्माले एक स्वयंभू लिंग उत्पत्ति गराए।

पहिले नेपाल खण्डमा गुह्य पतन भयो, नेपाल पीठ, गुह्येश्वरी देवी, चन्द्रघण्टा योगिनी, सिद्धेश्वर महादेव उत्पत्ति भए, शिवशक्ति स्वरूपले रहे, त्यस पुण्य भूमिमा इन्द्रादि देवता आई तपस्या

गरे—ईश्वरी प्रसन्न भै "सत्य, त्रेता, द्वापर, कलियुगमा तेत्तीस कोटि देवता भनी प्रख्यात भए" भनी वरदान दिइन्। फेरि कामरूपमा गई छाती पतन भयो, कामरूप पीठ, कामाख्या देवी, कीर्ति योगिनी, चक्रेश्वर महादेव उत्पत्ति भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्य भूमिमा यक्षगण आई तपस्या गरे, ईश्वरी प्रसन्न भै 'स्वर्ग मर्त्य पाताल तीनै लोकमा यक्षगण भनी प्रख्यात भए' भनी वरदान दिइन् । फेरि वाराणसीमा गई शिर पतन भयो । वाराणसी पीठ, विशालाक्षी देवी, सङ्कटा योगिनी, विश्वेश्वर महादेव उत्पत्ति भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा गन्धर्वगण आई गान बजान गरी तपस्या गरे। ईश्वरी प्रसन्न भै 'वाक्य सिद्धि होस्' भनी वरदान दिइन् । फेरि पौरबन्धनमा गई दाहिने कान पतन भयो, पौरबन्धन पीठ, अम्बिका देवी, चन्द्रवेगा योगिनी, धनेश्वर महादेव उत्पत्ति भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्ध भूमिमा दैत्य-गण आई तपस्या गरे, ईश्वरी प्रसन्न भै 'देवगणलाई जित्न सके' भनी वरदान दिइन् । फेरि काश्मीरमा गई जिब्रो पतन भयो, काश्मीर पीठ, शारदा देवी, घोरघण्टा

योगिनी, श्रमधारेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा किन्नरगण आई तपस्या गरे, ईश्वरी प्रसन्न भै 'मनोवाञ्छा सिद्धि हवस्' भनी वरदान दिइन्। फेरि कन्नोजमा गई अङ्गको छाला पतन भयो, कान्यकुब्ज पीठ, झंकेश्वरी योगिनी, दुग्धेश्वर महादेव उत्पत्ति भए, शिवशक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा रावण आई तपस्या गऱ्यो, ईश्वरी प्रसन्न भै 'देवलोक जित्न सकेस्' भनी वरदान दिइन्। फेरि पूर्णगिरिमा गई बायाँ कान पतन भयो, पूर्णगिरि पीठ, कपालकुण्डला योगिनी, चन्द्रेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस हर्षभूमिमा गन्धर्वगण आई गीत नाच गरी तपस्या गरे, ईश्वरी प्रसन्न भै 'इन्द्रका मुखिञ्ज्याल नाच-गानमा कैल्यै नचुके' भनी वरदान दिइन्। फेरि चामुण्डाचलमा गई नङ पतन भयो, चामुण्डाचल पीठ, पुकम्बी देवी, कालिका योगिनी, इच्छा विरुकेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा नारद ऋषि आई तपस्या गरे, ईश्वरी प्रसन्न भै 'तिम्रो वाक्य सिद्ध हवस्' भनी वरदान दिइन्। फेरि अस्तातकमा गई

दाहिना हात पतन भयो, अस्तातक पीठ, कर्तेश्वरी देवी, एकाक्षी योगिनी, निद्रापतीश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्य भूमिमा राधिकागण आई तपस्या गरे, ईश्वरी प्रसन्न भै 'सदा सर्वदा कृष्ण दाहिना हउन्' भनी वरदान दिइन्। फेरि एकावरमा गई बाउँ हात पतन भयो, एकावर पीठ, सिद्धेश्वरी देवी, सिद्धा योगिनी, दधीश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस रत्नभूमिमा करवीर प्रभृति श्मशान आई तपस्या गरे, ईश्वरी प्रसन्न भै 'सम्पूर्ण मृतकको दाह गर्न सके' भनी वरदान दिइन्। फेरि त्रिश्वेतमा गई मलद्वार पतन भयो, त्रिश्वेत पीठ, महाकालेश्वरी देवी, विकटदन्ता योगिनी, त्रिपुरेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा यमराज आई नाना उपचारले पूजा गरी तपस्या गरे, ईश्वरी प्रसन्न भै 'ब्रह्माको सृष्टिलाई संहार गर्न सके' भनी वरदान दिइन्। फेरि कामरोष्ठमा गई घाँटी पतन भयो, कामरोष्ठ पीठ, कामिनी देवी, कालेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा पृथ्वी माता आई नाना उपचारले

पूजा गरी तपस्या गरिन्, ईश्वरी प्रसन्न भै 'सृष्टि-स्थान भएस्' भनी वरदान दिइन्। फेरि कैलास पर्वतमा गई दक्षिण पाउ पतन भयो, कैलास पीठ, पार्वती देवी, अम्बिका योगिनी, विश्वम्भरेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा चतुर्मुख ब्रह्मा आई नाना यज्ञ गरी तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, ब्रह्माले स्वर्ग मर्त्य पाताल तीन लोकमा सृष्टिकर्ता हुन पाऊँ भनी मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि भृगुमा गई उपल्ला दाँत पतन भए, भृगु पीठ, मिताक्षा देवी, व्रणदाहा योगिनी, सतेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा धर्मदत्त राजा आई योगमार्गले तपस्या गरे, ईश्वरी प्रसन्न भै 'तँलाई कसैले जित्न नसकून्' भनी वरदान दिइन्। फेरि केदारमा गई बाउँ हात पतन भयो, केदार पीठ, केदारेश्वरी देवी, चामुण्डा योगिनी कोटेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा एकादश रुद्र आई योगमार्गले तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, एकादश रुद्रले 'हामी सबैको

बराबर तेज हवस्' भनी वरदान मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि चन्द्रपुरा गई दक्षिण नेत्र पतन भयो, चन्द्रपीठ, सिद्धिकला देवी, सिद्धा योगिनी, प्रकाशेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा दश दिक्पाल आई तपस्या गरे, ईश्वरी प्रसन्न भै 'तिमी-हरूको आफ्नू आफ्नू दिक्स्थिति रहोस्' भनी वर-दान दिइन्। फेरि श्रीपीठमा गई तालु पतन भयो, श्रीपीठ, भद्रायोगिनी, कमलेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा अष्ट वसु आई षोडशोपचारले पूजा गरी तपस्या गरे। ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, अष्टवसु-ले 'इच्छा सिद्धि हवस्' भनी वरदान मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि एकावीरमा जाई नाभि पतन भयो, एकावीर पीठ, एकावीरा देवी, गोरक्षा योगिनी, हाटकेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा नाग-हरू आई रत्नहरू चढ़ाई पूजा गरे। ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्! नागहरूले 'सप्त पातालको अधिपतित्व पाऔं' भनी मागे, ईश्वरीले "तथास्तु"

भनी वरदान दिइन्। फेरि जालन्धरमा गई तल्लो ओठ पतन भयो, जालन्धर पीठ, जालपा देवी, ज्वालामुखी योगिनी, पिशाचेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा कामधेनु गाईले नित्य दूध चढाई तपस्या गरिन्, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन् र कामधेनुले 'मेरो दूध मल मूत्र पवित्र हओस्' भनी मागिन् र ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि मल्लवीमा गई बाउँ पैतालो पतन भयो, मल्लवी पीठ, महाकाली देवी, कराला योगिनी, भूपालेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पवित्र भूमिमा द्वादशादित्य आई तपस्या गरे र ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन् र द्वादशादित्यले 'बाह्र महीनाको अधिपति होऔं' भनी मागे र ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि कुशलान्तमा गै कपालका केश पतन भए। कुशलान्तक पीठ, श्मशानकाली देवी, भूतघण्टा योगिनी, त्तीरेश्वर महादेव उत्पत्ति भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा अश्विन्यादि सत्ताईस नक्षत्र आई तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन् र

नक्षत्रहरूले ज्योतिषशास्त्र हाम्रो अधीनमा रहोस् भनी माग्दे र ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि देवीकोटमा गई देब्रे घुँडो पतन भयो, भद्राक्षी देवी, ललिता योगिनी, मातेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा मेष आदि बाह्र राशि आई तपस्या गरे। ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, बाह्र राशिहरूले मनुष्यहरू हाम्रा अधीनमा रहून् भनी मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि गोकर्णमा गई बाउँ कान पतन भयो, गोकर्ण पीठ, भैरवी देवी, एकजंघा योगिनी, जागेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा विष्कुम्भादि योगले महा-कष्टसँग तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, योगहरूले 'ज्योतिष-शास्त्र हाम्रो अधीनम रहोस्' भनी वरदान मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि मातुलेश्वरमा गई दाहिनु स्तन पतन भयो, मातुलेश्वर पीठ, योगेश्वरी देवी, पिङ्गला योगिनी, बुधराधेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस रत्नभूमिमा कश्यप प्रभृति ऋषिहरूले तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान

लेऊ भनिन्, ऋषिहरूले 'चारै वेद हाम्रा अधिकारमा हऊन्' भनी मागे र ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् । फेरि अट्टहासमा गई तल्ला दाँत पतन भए, अट्टहास पीठ, भ्रामरी देवी, शंखधारा योगिनी, शत-भूतेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा वाग्मती प्रभृति गङ्गा आई जल चढाई भक्ति गरी तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, वाग्मती प्रभृति गङ्गाले 'भुक्ति मुक्तिको अधिकार हओस्' भनी वरदान मागे, ईश्व-रीले "तथास्तु" भनी वरदान दिइन् । फेरि विश्वमा गई बाउँ स्तन पतन भयो, विश्व पीठ, भुवनेश्वरी देवी, भुवना योगिनी, कृष्णवर्णेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा कृष्ण आई तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, कृष्णले 'तीनै लोकका स्त्रीहरू मदेखि मोह हऊन्' भनी मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन् ।

हे अगस्त्य मुनि ! फेरि राजगृहमा गई दाहिनु कुहुनु पतन भयो, राजगृह पीठ, राजगृहेश्वरी देवी, उल्कामुखी योगिनी, हरेश्वर महादेव उत्पत्ति भए,

शिव शक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा वायु आई सुगन्ध बहाई तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, वायुले यावत् जीवात्मा जति छन् तिनको प्राणवायु हुन सकौं भनी मागे र ईश्वरी-ले "तथास्तु" भनी वरदान दिइन्। फेरि महापन्थ-मा गई देब्रे कुहुनु पतन भयो, महापन्थ पीठ, प्रचण्ड चण्डिका देवी, रेणुका योगिनी, विश्वमित्रेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा अप्सराहरू आई नाच गान गरी तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, अप्सराले 'इन्द्रादि देवताहरूलाई मोह गर्न सकौं' भनी मागे र ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि कोलापुरमा गई उदर पतन भयो, कोलापुर पीठ, महालक्ष्मी देवी, नन्दा योगिनी, श्मशानेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्य-भूमिमा गरुड़ आई रत्नादि फल फूल चढाई पूजा गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, गरुडले 'नागहरू मेरो आहार हऊन्' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि एकापुरमा गई दाहिनु घुँडो पतन भयो, एकापुर पीठ, साधुक्षि देवी,

सकुपी योगिनी, उन्मत्तेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पवित्र भूमि-मा शिलाहरू आई तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, शिलाहरूले 'देवताको अङ्गमा लागौं' भनी मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि ॐकारेश्वरमा गई उपल्लो ओठ पतन भयो, ॐकार पीठ, मातृका देवी, पूर्णोदरी योगिनी, सन्तानेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा कल्पवृक्ष आई नाना फलफूल चढ़ाई पूजा गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन् र कल्पवृक्षले 'जे चितायो सो फलाउन सकूँ' भनी मागे, ईश्वरीले प्रसन्न भै 'तथास्तु' भनी वरदान दिइन्। फेरि जयन्तीपुरमा गई कलेजो पतन भयो र जयन्तीपुर पीठ, जयन्ती देवी, खेचरा योगिनी, कल्पेश्वर महादेव उत्पत्ति भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा तुलसी, कुश आई तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन् र तुलसी कुशले 'स्वर्ग मर्त्य पाताल तीनै लोकले हामीलाई मानून्' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि उज्जयनमा गई रगतको

डल्लो पतन भयो, उज्जयन पीठ, महाकाली देवी, ललज्जिह्वा योगिनी, भंकेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा हिमालय पर्वत आई तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, हिमालय पर्वतले 'देवता दैत्य मनुष्य सबैलाई मोक्ष दिन सकूँ' भनी मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि चरित्रपुरमा गई दाहिनु करङ पतन भयो, चरित्रपुर पीठ, सवर्णेश्वरी देवी, चित्रवर्णा योगिनी, वायव्येश्वर महादेव उत्पत्ति भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा योगिनी गण आई तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, योगिनीगणहरूले 'योग सिद्धि होस्' भनी मागे, "ईश्वरीले तथास्तु" भनी वरदान दिइन्। फेरि क्षीरिकापुरमा गई भुँडी पतन भयो, क्षीरिकापुर पीठ, युगाद्या देवी, कलङ्का योगिनी, सहस्रनेत्रेश्वर महादेव उत्पत्ति भए, शिवशक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा मातृकागण आई नाना उपचारले पूजा गरे, ईश्वरीले प्रसन्न भै वरदान लेऊ भनिन्, मातृकागणले 'स्थानका मालिक हौं' भनी मागे र ईश्वरीले 'तथास्तु' भनी वरदान

दिइन् । फेरि हस्तिनापुरमा गई दाहिने कुम पतन भयो, हस्तिनापुर पीठ, चण्डेश्वरी देवी, कोटराक्षा योगिनी, मुसुखारेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा सुदर्शन चक्र आई तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, सुदर्शन चक्रले 'संहार कर्ता होऊँ' भनी मागे, ईश्वरीले 'तथास्तु भनी वरदान दिइन् । फेरि उड्डीयनमा गै शिर पतन भयो, उड्डीयन पीठ, चित्रकला देवी, पिंगलाक्षा योगिनी, यज्ञेश्वर महादेव उत्पत्ति भए, शिव शक्तिस्वरूपले रहे । त्यस सिद्धभूमिमा हनुमान् आई नाना फल चढाई कुदी खेली पूजा गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन् र हनुमान्ले 'रामचन्द्रको सेवक भै लङ्का दहन गर्न सकूँ' भनी मागे, ईश्वरी प्रसन्न भै "तथास्तु" भनी वरदान दिइन् । फेरि प्रयागमा गई फोक्सो पतन भयो, प्रयाग पीठ, सुन्दरी देवी, सिंहजंघा योगिनी, महीदेवेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा दश अवतार आई तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन् र दश अवतारले 'सत्य, त्रेता, द्वापर,

कलि चार युगमा दैत्य संहार गर्न सकौं' भनी वर मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि विश्वमा गई मिर्गौला पतन भयो, विश्वपीठ, झंकेश्वरी देवी, झङ्काली योगिनी, कुण्डलेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा विश्वकर्मा आई नाना चित्र विचित्र गरी देवालय बनाई तपस्या गरे, ईश्वरीले प्रसन्न भै वरदान लेऊ भनिन् र विश्वकर्माले 'मेरो कीर्ति सत्य, त्रेता, द्वापर, कलि चारै युगमा स्थिर हओस्' भनी मागे र ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि मायापुरमा गई फियो पतन भयो, मायापुर पीठ, माया देवी, चञ्चला योगिनी, तपस्येश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस तपोभूमिमा चतुःषष्टि लिङ्ग आई जप ध्यानादि गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन् र चतुःषष्टि लिङ्गले 'स्वयम्भू लिङ्ग भै रहौं' भनी वर मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि मल्लगिरिमा गै बाउँ कुम पतन भयो, मल्लगिरि पीठ, मालिका देवी, कोकुरा योगिनी, उत्पन्नेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्य-

भूमिमा भूत प्रेत पिशाच आई नाची, खेली सेवा गरे, ईश्वरी प्रसन्न भै वरदान माग भनिन् र भूत प्रेत पिशाचले 'सधैं तिम्रो नजीकमा बस्न पाऊँ' भनी मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन् । फेरि मलयगिरिमा गई आसन पतन भयो । मलयगिरि पीठ, वज्रेश्वरी देवी, कोमला योगिनी, जागेश्वर महादेव उत्पत्ति भए । शिव शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा सत्य आई तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन् र सत्यले 'सत्यमा रहनेलाई उद्धार गर्न सकूँ' भनी मागे, ईश्वरी-ले "तथास्तु" भनी वरदान दिइन् । फेरि सेनामा गई मुकुट पतन भयो, सेनापीठ, उमा देवी, अष्टवक्रा योगिनी, कामेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे । त्यस पुण्यभूमिमा आदित्यादि नवग्रह आई तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, आदित्यादि नवग्रहले 'लाभ हानिको अधिकार पाऔं' भनी मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि मेरु गिरिमा गई सुचीस्थान पतन भयो, मेरुगिरि पीठ, पूर्णा देवी, कपालिनी योगिनी, जिह्वा-पतेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले

रहे। त्यस मोक्षभूमिमा सप्त नाग आई हीरा मोती मणि माणिक्यादि नाना रत्न चढाई पूजा गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन् र सप्त नागले 'हाम्रो शरीर अगम्य हओस्' भनी मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि महीन्द्रमा गई दाहिनू तिघ्रो पतन भयो, महीन्द्र पीठ, इन्द्राणी देवी, ऊर्ध्वगमनी योगिनी, तारकेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा लक्ष्मी आई नाना द्रव्य चढाई सेवा गरिन्, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, लक्ष्मीले 'कार्तिक कृष्ण अमावस्याका दिन सम्पूर्ण लोकले पूजा गरी सम्मान गरून्' भनी मागिन्, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि वानरपुरमा गई वाम तिघ्रो पतन भो, वानरपुर पीठ, कामेश्वरी देवी, भेरुण्डा योगिनी, वेदान्तेश्वर महादेव उत्पति भए, शिव शक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा कमल आदि नाना पुष्प आई सुवासना दिएर तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेओ भनिन्, कमल आदि फूलले पूजाकालमा प्रशस्त होऔं' भनी मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि हिरण्यपुरमा गई सुतस्थान पतन भयो,

हिरण्य पीठ, नवरतेश्वरी देवी, त्रिपुरेन्द्रा योगिनी, नादेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा सरस्वती आई अनेक स्तुति गरिन्, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन् र सरस्वतीले 'यावत् जीवात्मा जति छन् तिनका बोलीमा मेरो वास हओस्' भनी मागिन्, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि महालक्ष्मीपुरमा गई बाउँ करङ पतन भयो, लक्ष्मीपुर पीठ, कमलाक्षी देवी, दिगम्बरा योगिनी, त्रिकूटेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा अणिमादि प्रभृति अष्ट सिद्धि आई योग मार्गले तपस्या गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन् र अष्ट सिद्धिले 'अमर होऔं' भनी मागे, ईश्वरीले "तथास्तु" भनी वरदान दिइन्। फेरि उद्यानमा गई कण्ड्याउलो पतन भयो, उद्यान पीठ, त्रिपुरा सुन्दरी देवी, सुशंकोदरी योगिनी, भैरवेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस आनन्दभूमिमा मेघ आई मानसोपचारले पुजा गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, मेघले 'संसारलाई जल दान दिई उद्धार गर्न सकौं' भनी मागे, ईश्वरी-

ले 'तथास्तु' भनी वरदान दिइन् । फेरि छायाक्षेत्रमा गै शेष रहेका अङ्ग सम्पूर्ण पतन भए, छायाक्षेत्र पीठ, छत्रेश्वरी देवी, सुसुकोदरा योगिनी, पिशाचेश्वर महादेव उत्पत्ति भए, शिव शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा अष्टभैरव आई नानावली उपचारले पूजा गरे, ईश्वरी प्रसन्न भै वरदान लेऊ भनिन्, अष्टभैरवले 'मातृकागणको अधिपति होओं' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन् ।

हे अगस्त्य मुनि ! यस्तै तरहले जहाँ जहाँ सतीदेवीको अङ्ग पतन भयो, तहाँ तहाँ एक एक पीठ उत्पत्ति हुँदै गयो । ब्रह्माजीका पीठहरूको, विष्णुका पीठहरूको, सूर्यका पीठहरूको, गणेशका पीठहरूको, भैरवका पीठहरूको समेत अनेकौं पीठहरूका विभिन्न प्रकारका घटनाको आधारमा उत्पत्ति भएको छ । पीठहरू आफआफ्नो संप्रदाय परम्परा आगमअनुसार भिन्ना-भिन्नै हुन्छन् तसर्थ आफ्नो सम्प्रदाय कुल परम्परा आगम मार्गको रहस्यसमेत बुझी आफ्नै आगमअनुसार पीठको मर्यादा बुझी आश्रय लिनुपर्छ । साधारणरूपमा सबै पीठको संख्या साढे सात कोटि (७,५०,००,०००) छ ।

यसमध्ये पञ्चशत पीठको मात्र दर्शन गर्‍यो भने पनि मनुष्य मुक्त हुन्छ । मनुष्य जन्म भै पञ्चशत पीठको पनि दर्शन गर्न सकेन भने त्यसको जन्म व्यर्थ हुन्छ । पीठको रहस्य बुझी एक पीठको मात्र दर्शन गरे पनि जन्म सफल हुन्छ भनी फेरि कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि ! तहाँ उप्रान्त सतीदेवीको सम्पूर्ण अङ्ग पतन भएपछि श्रीमहादेव-ले चित्त दृढ गर्न नसकी हा सतीदेवी ! भनी भूमि-मा मूर्छा भए । फेरि चेष्टा भयो र सुस्केरा हाली मनले सतीदेवीलाई सम्झी बौलाहा जस्ता भै जहाँ तहाँ घुम्दै फिर्दै नेपाल अधिराज्यको राजधानी-भित्रको मृगस्थली क्षेत्रमा आइपुग्नुभयो। त्यस मृग-स्थलीमा इन्द्रादि देवताहरू पनि तारकासुरका डरले आई बसिरहेका थिए, संयोगवश त्यहाँ महादेव आउ-नुभएको देवताहरूले देखेर साष्टाङ्ग प्रणाम गरी—'हे ईश्वर ! तपाईंछेउ मृतक छैन, आँखा उघारी हेर्नु-हओस्, पापिष्ठ तारकासुर दैत्यले इन्द्राणीसहित अमरावती लियो, त्यसलाई ब्रह्माजीबाट वरदान दिनु-भएको हुनाले हामी इन्द्रादि देवताले युद्ध गर्न नस-की भागी यहाँ आई बसिरहेछौं, हाम्रो रक्षा गर्न

पापिष्ठ तारकासुर दैत्यको नाश गर्नुहओस्' भनी बिन्ती गरे। यति इन्द्रादि तेत्तीस कोटि देवताले

(मृगस्थलीमा इन्द्रादि देवताले महादेवसित प्रार्थना गरेको, तर महादेवले नसुनी हिंडेको)

बिन्ती गरेको सुनी महादेवले आँखा उघारी हेर्नुभयो र इन्द्रादि देवताहरूलाई देखी केही जवाफ नगरी सतीदेवीलाई नै सम्झी हा सती ! भनी तहाँ देखि पनि जानुभयो। महादेवले शोक गरेको यावत् जीवात्मा जति प्राणी छन् कसैले पनि सहन सकेनन्। यस्तै तरहले शोक गरी एक शय वर्षतक पर्वत पृथ्वी भ्रमण गरी हिंड्नुभयो।

तहाँउप्रान्त एक दिन श्रीमहादेवले चित्त दृढ गरी हेरेर सतीदेवीको शरीर आफूसित रहेनछ भनी थाहा पाई अब कसो गरूँ, कहाँ जाऊँ भनी भरिसक्य चित्तलाई धैर्य गरी अब तपस्या गर्न उत्तरापन्थमा जान्छु भनी जानुभएको चित्त दृढ हुन नसकी भ्रम भै उत्तरतिरको बाटो छोड़ी दक्षिणको बाटो लागेर जाँदा जाँदा कर्णाटक नगरका नजीकमा एक ब्रह्मपुर थियो, तहाँका ऋषिहरू गङ्गामा स्नान गर्न गएका थिए, महादेव त्यतैबाट जानुभएको ऋषिपत्नीहरूले देखे र आपुसमा बोल्न लागे—हे ऋषिपत्नीहो ! ती गएका महादेव हुन्। हेर, सतीदेवी मर्नाले बौलाहा जस्ता भै त्यस्ता डबलले हिंड्दछन्, हाम्रा ऋषिहरू एकभक्त रहनाले दुर्बल पनि छन्, हामीहरूलाई कामभोगले सन्तोष गरिदिन सक्तैनन्, यसअर्थले हामीहरू श्रीमहादेवका पछि जाऔं' भनी एकै हूल भएर सारा ऋषिपत्नीहरू पछि लागी गए। ऋषि-पत्नीहरू गएका गङ्गामा स्नान गर्न गएका ऋषिहरूले चाल पाएर खबर गर्दै गए। बाटामा गई भेट्टाएर हे महादेव ! तिमीले हाम्रा स्त्रीहरू किन हरण गरी ल्यायौ ? भनी भने। ऋषि-

हरूले यस्तो भनेको सुनी 'तिम्रा स्त्रीहरू म किन हरण गरी ल्याउँथें' भनी महादेवले भने। तब ऋषिहरूले—'यी तिम्रा पछि लागी आएका को हुन् त ?' भने। श्रीमहादेवले फर्की हेर्दा ऋषिपत्नीहरूलाई देखे। 'मैले ता ल्याएको होइन, किन आएछन्' भनी भने। तब ऋषिहरूले—'हे महादेव ! तिम्रो लिङ्ग देखी हामीहरूका स्त्री पछि लागी आएका हुन्। त्यो तिम्रो लिङ्ग पतन हओस्' भनी श्राप दिए! ऋषिहरूका श्रापले श्री महादेवको लिङ्ग पतन भयो, त्यस लिङ्गदेखि ज्योतिर्लिंग उत्पत्ति भै ब्रह्माण्ड संसार छोप्न लाग्यो। तब देवताप्रभृति ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य चाँडै श्रीविष्णुछेउ गई बिन्ती गरी लिङ्ग उत्पत्ति भएको हाल सुनाई भने कि— 'हे वैकुण्ठनाथ ! श्रीमहादेवको लिङ्ग उत्पत्ति भै ब्रह्माण्ड संसार छोप्न लाग्यो। त्यो देखी बिन्ती गर्न आयौं, अब जसो गर्ने हो चाँडो गर भनी ब्रह्मादिले भनेको सुनी श्रीविष्णुले तत्काल उठी ज्योतिर्लिङ्गलाई अँगालो हाल्दैमा ज्योतिर्लिङ्ग साम्य भै गयो। त्यो देखी सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्यले धन्य विष्णु भनी अनेक तरहको स्तुति गरी

आफ्ना आफ्ना आश्रममा गए । तहाँउप्रान्त ज्योतिर्लिङ्गदेखि प्रत्यक्ष भै श्री महादेवले ऋषिहरूछेउ आई आज्ञा गरे—'हे ऋषिहो ! निरपराधमा तिमीहरूले मलाई सराप दियौ, तिमीहरूको पनि मेरो र विष्णुको सेवा नगरी वाक्य अशुद्ध हओस्, फेरि ब्राह्मणीहरू पनि मेरी वा विष्णुकी पत्नीको सेवा नगरी एक पुरुष भनी बस्न नसकून्, भनी सराप दिए र उत्तरापन्थमा गई काम क्रोध लोभ मोह छोड़ी सम्पूर्ण इन्द्रिय बाँधी आँखालाई परब्रह्ममा मिलाई बड़ा कष्टले तपस्या गरिरहे ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां शिवकृत्त दक्ष यज्ञ विध्वंस-छागमुख योजन सतीदेह समादान-पृथ्वी भ्रमण सती देहाङ्ग पतन-पीठोतपत्तिवर्णनादि प्रसङ्गो नाम सप्तमोऽध्यायः ॥७॥

•

अष्टम अध्याय

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य, सतीदेवीको देह पतन भैसकेपछि महादेव उत्तरापन्थमा गई तपस्या गरी बस्नुभयो भन्नेसम्मको कथा तिमीलाई सुनाएँ, अब के सुन्नाको इच्छा छ भनी कुमारजीले भन्दा अगस्त्यमुनि विन्ति गर्नुहुन्छ—हे कुमारजी, तारकासुर दैत्य को थियो ? त्यसको वध कसले,

कहिले, किन गरेको हो ? विस्तारपूर्वक आज्ञा होस् भनी विन्ति चढाउँदा कुमारजी आज्ञा गर्नुहुन्छ—अघि सत्ययुगमा वज्रांग भन्ने योद्दा दैत्य थियो। त्यसको छोरा तारक भन्ने दैत्य अत्यंतै बलियो थियो। त्यस तारक दैत्यले सबै देवताहरूलाई आफ्आफ्ना राजधानीका नगरबाट निकालिदियो। यसरी निकाला गरिएका सबै इन्द्रादि देवताहरू डरले थरथर काम्दै ब्रह्माजीका शरणमा पुगे। यसरी डरले थरहरि भएका देवताहरूलाई देखेर ब्रह्माजीले भन्नुभयो—हे देवताहो, नडराओ किनभने भगवान शंकरका छोरा हिमालयका नाति शिशु बालकले त्यस तारकलाई, जसलाई मनुष्यहरू तारकासुर भन्नेछन्, मारिदिनेछन्। यस्तो रमाइलो आश्चर्यको कुरा सुनेर अगस्त्यमुनि विन्ति गर्नुहुन्छ—हे कुमार-जी, वज्रांग भन्ने दैत्य कुन दैत्यको वंशमा जन्मेको हो, त्यस वज्राङ्गको छोरा तारक कसरी देवताहरू-लाई हावाकावा पार्न समर्थ भयो र कसरी स्वामी कार्तिक जन्मे र उनले तारकलाई कहाँ कसरी मारे सो कुरा बेलिविस्तार लाएर आज्ञा होस्।

(वितिकृतव्रत)

यो सुनी कुमारजी आज्ञा गर्नुहुन्छ—अघि सृष्टिका

आदिमा ब्रह्माजीका मानसपुत्र दक्ष नामका[1] प्रजापति थिए, उनकी वीरिणी भन्ने पत्नीबाट साठीवटी कन्या जन्मेका थिए । तीमध्ये दसवटी धर्मलाई, तेह्रवटी कश्यपलाई, सत्ताईसवटी चन्द्रमालाई, चारोटी अरिष्टनेमिलाई, दुइटी बाहुकका छोरालाई, दुइटी अंगिरालाई, दुइटी विद्वान् कृशाश्वलाई दिएका थिए। तीमध्ये कश्यपका पत्नीहरू–अदिति, दिति, दनु, विश्वा, अरिष्टा, सुरसा, सुरभि, विनता, ताम्रा, क्रोध-वशा, इरा, कद्रू, मुनि–यी तेह्रोटी हुन्। तीमध्ये अदितिका संतान इन्द्र, उपेन्द्र आदि हुन् । दितिका संतान हिरण्यकशिपु, हिरण्याक्ष आदि हुन्। दनुका संतान दानव हुन् । सुरभिपत्निका संतान गाइगोरू हुन् । विनतापत्निका संतान गरुड़, अरुण आदि पंछी हुन्। कद्रूका संतान नागहरू हुन्। यस्तै अरू सबै प्राणीहरू शेष अरू पत्नीतर्फका संतान हुन् । इन्द्र स्वर्गसमेत तीनै लोकका राजा भएका थिए। उनलाई जितेर दितिका छोरा हिरण्यकशिपु-ले तीनै लोकको राज्य गरेका थिए। ती हिरण्यक-शिपुलाई विष्णु र इन्द्रले मिलेर मारिदिंदा दुःखिनी भएकी दितिले आफ्ना खसम कश्यप महर्षिसंग

इन्द्रलाई जित्ने छोरा पाऊँ भनी प्रार्थना गरिन् र सो सुनी कश्यपले दितिलाई भने एक हजार वर्ष नियममा रही व्रत गरेमा तिमीले भने जस्तो छोरा पाउनेछ्यौ। कश्यपले भनेअनुसार दिति नियममा रही उपासना गर्न लागिन्। सो उपासना पूरा हुन दस वर्ष बाँकी थियो। त्यस समयमा आई हात जोड़ी इन्द्रले माहिली आमासंग विन्ति गरे—मुमा, हजूरलाई व्रत गर्दा गाथमा सारै तकलीफ भएको-ले आज्ञा प्रदान भएमा म सेवाटहल गर्ने थिएँ। इन्द्रको यस्तो कुरा सुनेर दितिले पनि हुन्छ बाबु, बस, सेवा गर, भनी आज्ञा दिइन्। तद्अनुसार इन्द्रले पनि राम्ररी सेवा गरे।

दितिगर्भखण्डन

यसरी इन्द्रको सेवा पाई प्रसन्न भएकी दितिले भनिन्—बाबु इन्द्र, अब मेरो व्रत प्रायः पूर्ण भयो, मेरो छोरा त्रैलोक्यविजयी हुनेछ अतः उसका साथ तिमी पनि सो ऐश्वर्यको भोग गरी बस। मेरो छोराको प्रभाव-ले तीनै लोकका कण्टकहरू कुनै बाँकी रहनेछैनन्। यसरी इन्द्रलाई सेवा गरे बापत आश्वासन दिएर

थाकेकी गलेकी दिति नीदले लट्ठ भएर निदाइन्। नीद-ले लट्ठिएकी हुनाले केही नियममा त्रुटि भएको पनि थाहा पाइनन्, सुत्दा आफ्नो केश सम्हाल्ने होशै आएनछ र सारा केश आफ्नै गोड़ाले अँठ्याएर निदा-इछन्। दैवको चाहना यस्तै रहेछ। यस्तै छिद्रको खोजी गर्न भनेर नै इन्द्रले यतिविधि सेवा गरेर माहिली मुमालाई रिझाएका थिए। अब के थियो र, यस्तो छिद्र पाउनासाथ इन्द्र दितिका पेटभित्र पसिहाले र आमाको त्यति विधि नियमले परिपोषण भएको गर्भलाई आफ्ना वज्रले सात टुक्रा पारे, तर पनि ती टुक्रा सजीव नै रहेकाले एक एकलाई रिसैले फेरि ७-७ गरी टुक्रा पारे। यति भैसकेपछि दिति बिउँझिन् र भनिन्–'ए इन्द्र, बाहिर आइज, मेरा बच्चाको हत्या नगर्' माहिली मुमाको यस्तो वचन सुनेर डराएका इन्द्र लुरुक्क परी बाहिर आई दुई हात जोड़ी खड़ा रही माहिली मुमासमक्ष विन्ति गर्न लागे–मुमा, एक त व्रतमा राज भएर दिनमा सुकला भयो, अर्को कुरा आफ्नो केश आफ्नै पाउले अँठ्याएर सुकला भएकोले त्यसैको परिणामस्वरूप मैले हजूरको गर्भ ४९ टुक्रा पारी काटेको हुँ, हजूरको वरदान पनि यस्तै

थियो, यी भाइहरूसँगै त्रैलोक्यको ऐश्वर्य उपभोग गर्न पाऊँ, अतः हजूरका सुपुत्र यी मेरा भाइहरूलाई स्वर्गमा उत्तम स्थान दिनेछु, कुनै चिन्ता नगरहोस् भनी इन्द्रले भन्दा विधिको घटनाचक्र बुझेकी दितिले तिमीले भनेको कुरा ठीकै छ, हुन्छ जाऊ भनी इन्द्रसँगै आफ्ना छोराहरू पनि पठाइन्। त्यसपछि आफ्नो कामनामा विघ्न परेकोले खिन्न भएकी दिति फेरि कश्यप प्रजापतिका समक्ष गई विन्ति गर्न लागिन्– प्रभो, दया गर्नुहोस्, इन्द्रको मेख मार्ने यौटा छोरा मलाई दिनुहोस् जुन छोरा स्वर्गका कुनै पनि देवताका शस्त्रास्त्रले ऐया पनि नभनोस्। यस प्रकारसँग प्रार्थना गरिएका कश्यप प्रजापतिले भने कि दिति, दस हजार वर्षसम्म कठिन तप गर्न सक्यौ भने वज्रभन्दा साह्रो गठिलो अंग प्रत्यंग भएको अत्यंत कड़ा शस्त्रास्त्रले पनि छालासम्म पनि खोस्याउन नसकिने नामसमेत 'वज्रांग' भएको छोरा होला, जाऊ तप गर। यस्तो वर पाई दिति तप गर्न वनमा गइन् र दसहजार वर्षसम्म घोर तप गरिन् र त्यसको फलस्वरूप भगवती दितिले यस्तो छोरा पाइन् कि जसको जोरी संसारमा कहीं कोही छैन, जसको ज्यू वज्रले खोस्याउन-

सम्म पनि सक्दैन र जुन व्यक्तिलाई कसैले जित्न सक्दैन, अतएव नाम पनि 'वज्रांग' भन्ने नैराखिन्।

इन्द्रबन्धन

त्यसपछि गर्भैमा संपूर्ण शस्त्र-अस्त्र विद्यामा पारंगत भएको त्यो वज्रांगले आमाका अगाड़ि खड़ा रही हात जोड़ी भक्तिपूर्वक आमा, अब म के गरूँ आज्ञा होस् भन्यो र छोराको यस्तो वाक्य सुनी प्रसन्न भएकी दितिले भनिन्, हे बाबु दैत्यराज, देवराज इन्द्रले मेरा धेरै छोरा मारेका छन् अतः तिम्रा दाजू-हरूका हत्याको प्रतिशोध गर्न त्यस इन्द्रको वध गर्नु-पर्दछ, तसर्थ त्यस इन्द्रलाई मार्न स्वर्गतिर जाऊ। दितिले यसरी प्रेरणा गरिएको सो वज्रांग दैत्यले हवस् आमा! भनी स्वर्गमा गई इन्द्रसँग लड़ाइँ गरी जिती इन्द्रलाई पाशले बाँधेर सिंहले मृगलाई घिसारे झैं गरी इन्द्रलाई घिच्याउँदै दितिका अगाडि खड़ा गरिदियो।

इन्द्रलाई वज्रांगले यस प्रकार बाँधेर लगेको चाल पाई ब्रह्मा र कश्यप दुवै जना दितिका महलमा आए जहाँ दुई आमा छोरा निर्भयसाथ बसिरहेका थिए। वज्रांगलाई भेटेर कश्यप र ब्रह्माले भने—इन्द्र-

लाई छाडिदेऊ, यिनलाई यहाँ राख्नु कुनै फलदायी काम हैन। हेर नानी, संमानित व्यक्तिको अपमान हुनु मृत्यु बराबर हो। जसलाई तिमीले हाम्रो अनुरोध मानेर छाडिदिन्छौ त्यो मरेसमानै हो भनी संझनू। जो अर्काको मर्यादापालनका खातिर मात्र छोडिन्छ र शत्रुको भारस्वरूप भएर रहन्छ भने त्यस्तो व्यक्ति पलपलमा आफै मरिरहन्छ। पौरखीका वशमा परेका वैरीमाथि केको वैरभाव ? ब्रह्मा एवं कश्यपसमेतको यस्तो वचन सुनेर विनयपूर्वक वज्रांगले भन्यो— इन्द्रसंग मेरो कुनै प्रयोजन छैन, केवल आमाको आज्ञापालन मात्र मेरो कर्तव्य थियो र सो गरेको हुँ, तपाई सबै देवता र असुरहरूका स्वामी हुनुहुन्छ तथा मेरा प्रपितामह पनि, तसर्थ तपाईंको आज्ञा शिरोपर गर्दछु। हेर्नुहोस्, इन्द्रलाई पाशबाट मुक्त गरिदिएँ। मेरो दृढ़ इच्छा तपस्या गर्नामा नै छ, प्रभुका आज्ञाले कुनै बिघ्नबाधाहरू मेरो तपस्यामा नपरून्; यही कुरा तपाईंका कृपाबाट मलाई मिलोस्।

इन्द्रकृत उपद्रव

वज्राङ्गको यस्तो वाक्य सुनेर ब्रह्माजीले भन्नुभयो, बाबु मेरा अनुशासनमा रहेर तिमीले कठोर

तप गऱ्यो, तिम्रो यस प्रकारको चित्तशुद्धि नै पर्याप्त छ, जन्म सफल भयो। यति भनेर ब्रह्माजीले यौटी सुन्दरीको सृष्टि गर्नुभयो र लौ यी तिम्री पत्नी हुन् भनी दिनुभयो र ती सुन्दरीको नाउँ वराङ्गी भन्ने राखेर ब्रह्माजी आफ्ना धाममा जानुभयो। त्यसपछि वज्राङ्ग पनि ती वराङ्गीलाई साथमा लिएर तप गर्न वनमा गयो र एक हजार वर्षसम्म शुद्ध बुद्धि भै दुवै हात जोडी खडा रही तप गऱ्यो। हजार वर्ष शीर्षासन गरी तप गऱ्यो। हजार वर्ष पञ्चाग्नि तापी केवल धूवाँ मात्र खाई तप गऱ्यो। हजार वर्ष निराहार भएर घोर तप गऱ्यो। त्यसपछि हजार वर्षसम्म गहीरो सरोवरको जलभित्र बसेर तप गऱ्यो। जब त्यसरी पानीभित्र पसी आफ्ना पतिले घोर तप गर्न लागे तब वराङ्गी पनि त्यसै सरोवरका तीरमा मौन व्रत गरी निराहार भई घोर तप गर्न लागिन्। यसरी वज्राङ्ग अदृश्य रहेको वेला छोपी वराङ्गीको तपस्यामा इन्द्रले नानाथरी विघ्न गर्नलागे। कहिले ढाडे बाँदर भएर आई वराङ्गीको आश्रमभित्र पसेर तुम्बा, घड़ा, कमण्डलु सबै हंड्यांगहुंडुङ्ग गरिदिने, कहिले भेड़ो भएर आई भ्याँ-भ्याँ गरी जतातते

कम्पायमान पारिदिने, कहिले साँपको रूप लिएर वराङ्गीको गोडामा बेरिएर तान्ने, तपोबलले गर्दा साँप भएर डस्दा पनि मरिनन् र स्यालको रूप लिएर आश्रम सबै बिगारिदिने, त्यति गर्दा पनि निश्चल भै तपमा लागेको देखेर फेरि मेघको रूप लिएर भयंकर वर्षा गरिदिने र बाढीले सारा आश्रम डुबाइदिने गर्नलागे। यता नाना भाँतिका हाउ खड़ा गरी उपद्रव गर्दा पनि इन्द्र कत्ति नथाकी एकपछि एक उपद्रव गरि नै रहन्थे। बिचरी सोझी आइ-माई वराङ्गी आफ्नो आश्रमको पर्वतको यो करामात हो भन्ने ठानी जव त्यस पर्वतलाई सराप दिन-लागिन् अनि सरापका डरले पर्वत मनुष्यको रूप लिई हात जोडी भन्न लाग्यो–सुन्दरी, यो मेरो करामात होइन, मसंग व्यर्थै नरिसाऊ, म त सबैको आश्रयदाता सेवनीय एवं वंदनीय एक पर्वत हुँ, यो सबै करतूत तिम्रा तपस्याबाट तर्सेको इन्द्रको हो। यसै बीचमा वज्राङ्गका कठिन तपबाट प्रसन्न भएका ब्रह्माजी वज्रांगले तपस्या गरेको जलाशयमा आएर भन्न लाग्नुभयो–दितिपुत्र वज्रांग उठ, उठ, तिम्रो कामना पूर्ण गराइदिन्छु। ब्रह्माजीको यस्तो वचन

सुनेर वज्रांगले भन्यो–भगवन्, मेरो आसुर भाव नरहोस्। मेरो निरन्तर तपस्यामै प्रेम रहिरहोस् र तप गर्ने साधनस्वरूप यो शरीर पनि ज्यूँ का त्यूँ रहिरहोस्। वज्रांगको यस्तो प्रार्थना सुनेर प्रसन्न भई तिम्रो मनोकांक्षा पूर्ण होस् भनी ब्रह्माजी आफ्ना धाममा जानुभयो। ब्रह्माजी जानुभएपछि तपस्या सकिएपछि पनि आफ्ना नियममा स्थिर रहेको वज्रांग केही आहार गरौं भनो वराङ्गीको आश्रममा पुग्यो र त्यहाँ आश्रममा आफ्नी पत्नी-लाई नदेख्दा भोकाएको हुनाले फलफूलको खोजी गर्दै त्यस पर्वतको ओडारभित्र पुग्दा त्यहाँ रोइ-रहेकी टीठलाग्दी सानो मजेत्रोले मुख छोपेकी वराङ्गीलाई देख्यो र सांत्वना दिंदै भन्यो–प्रिये, तिमीलाई कसले के गर्‍यो ? यदि कुनै व्यक्ति तिमीलाई जिस्क्याउँछ भने त्यसले यमपुरीमा जाने आफ्नो बाटो आफैंले खन्यो भन्ने संझ।

वराङ्गी भन्दछे–हे नाथ, म आफ्नो कुनै स्वामी नै नभए जस्ती भएँ, मलाई जाबो इन्द्रले के गर्‍यो के गरेन, म तर्साइनँ कि, कुल्चिइनँ कि, मिचिइनँ कि, कुटिइनँ कि, पिटिइनँ कि। यो दुःखसागरबाट

पार पाउन मलाई साह्रै गाहारो पऱ्यो, यसैले यहाँ ओडारभित्र आएर प्राणै नछाड़ी भएन भनी मसक्क आँट गरेर बसेकी छु। हजूरलाई तप गर्न पाए पुग्यो, केही परवाह नै छैन, मलाई भने इन्द्रले भयंकर भएर दुःख दियो, मेरा उपर दया छ भने दुःख शोक रूपी महासागरबाट मलाई पार तार्नसक्ने एक तारक पुत्र दिनुहोस्। यसरी वराङ्गीले भन्दा रीसले आकुल व्याकुल भएर पनि इन्द्रको भयाइँकुटी पार्न सक्ने त्यो महाबलि वज्रांग फेरि तपस्यामै मग्न भयो। वज्रांगको मनको भयंकर संकल्प बुझेर ब्रह्माजी त्यो तप गर्न बसेको ठाउँमा आउनुभयो र भन्नुभयो—बाबु, किन फेरि यस्तो क्रूर तप गरेको ? अहाराको खोजी गरेका थियौ, किन अहाराको परित्याग गरी तपमै लाग्यौ ? हजार वर्ष निराहार बस्दा जो फल पाइन्छ, त्यौ फल सहजैमा प्राप्त भएको आहार परित्याग गर्दा पाइन्छ—कामना गरेको वस्तु नपाई त्याग गर्नु कुनै ठूलो कुरा होइन, त्यो परित्याग परित्याग हो जसले स्वयं उपस्थित भएको कामनाको परित्याग गर्छ। ब्रह्माजीको यस्तो वाक्य सुनी वज्राङ्ग भन्छ, भगवन् तपाइंबाट आश्वा-

सन पाईं जब म तपबाट उठें तब मैले मेरी रानी-लाई एउटा रूखमनि बसी रुञ्चे मुख लाएकी, डरा-एकी, टीठलाग्दी देखें र मेरो मनमा पनि निकै चोट लाग्यो र सोधनी गर्दा डरले थरहरी भएकी दुब्लाएकी उनले कम्पित स्वरमा भनिन्, कि कुनै आफ्नो संरक्षक, स्वामी हुँदै नभए झैं मलाई इन्द्र-ले के गर्‍यो के गरेन, म कुल्चिएँ, मिचिएँ, कुटिएँ, पिटिएँ, मारिएँ, मेटिएँ, लछारिएँ, पछारिएँ। एक बार दुइ बार होइन, बार बार सताइएँ। यस्ता प्रकारका कष्टबाट पार लाग्ने उपाय नदेख्दा म मर्न तत्पर छु। यदि यस दुःखबाट मलाई बचाउनुछ भने अब दुःखसागरबाट पार तार्न सक्ने सामर्थ्य भएको तारक पुत्र दिनुहोस् भनेकी हुनाले इन्द्रको यस प्रकारको करनीबाट क्षुब्ध भएर उनले माग गरे-बमोजिम देवताहरूलाई जित्न र मेरी पत्नीलाई त्यस घोर सङ्कटबाट पार लाउन भनी घोर तप गर्न लागेको हुँ। वज्राङ्गको यस्तो कुरा सुनेर ब्रह्माजीले दैत्यराजलाई भन्नुभयो—बाबु, यस्तो क्लेशदायी तप गरी साध्य छैन, तप गर्न पुग्यो, तिमीलाई बल-वान तारकपुत्र हुनेछ, जुन तारक देवताहरूका स्त्री-

हरूको कपालको जुरो खुस्काउने पराक्रम भएको होला। ब्रह्माजीबाट यस्तो वरदान पाई ब्रह्माजीलाई नमस्कार गरी आफ्ना घरमा आई आफ्नी पत्नी वराङ्गीलाई आनन्दित पाऱ्यो। आफ्ना खसमद्वारा रहेको गर्भ एक हजार वर्षसम्म पेटमै राखी, एक हजार वर्षपछि त्यो वराङ्गीले तारकासुर छोरा जन्माई। सो तारक जन्मनासाथ संसारै थरथरी भयो र पृथ्वीमा भूइँचालो आयो। सबै समुद्रहरू डोलायमान भए। डाँडा-काँढा पहाड पर्वत सारा कम्पायमान भए। प्रचण्ड हुरी, आँधी-बेहरी चल्न थाल्यो र ऋषिमुनिहरू शान्ति शान्ति भन्दै जप गर्नलागे। जङ्गलका बाघ, भालू, स्यालहरू कराउन थाले। सूर्य, चन्द्र, तारा सबैको कान्ति मलिन भयो। दिशा, विदिशा सबै तुवाँलो र छारोले कुइ-रीमण्डल हुन पुगे। तारकासुर जन्मेको सुन्नासाथ बड़े-बड़े दैत्य दानवहरू हर्षित भएर त्यहाँ भेला हुन पुगे। नासुद-नासुद असुराङ्गनाहरू पनि आएर नाच-गान गर्नलागे। त्यहाँ त्यस वेला दैत्य दानव-हरूको महान उत्सव भयो। देवताहरू अब के हुने हो भनी विस्मात गर्नलागे। त्यस प्रकारको

छोरा देखेर वराङ्गीका हर्षको सीमा नै रहेन ।

तारकासुरको राज्याभिषेक

अब दैत्यराजको विश्वविजय कुनै ठूलो कुरा छैन भन्ने विश्वासमा पुगी, प्रचण्ड पराक्रम भएको तारकासुर जन्मनासाथ समस्त भूमण्डललाई नै उचाल्ने शक्ति भएका कुजम्भ महिषासुर आदि ठूला-ठूला असुरहरू आई समस्त दैत्य दानव असुरहरूको महान् साम्राज्यसिंहासनमा राखी राज्याभिषेक दिए। यसरी आसुरी शक्तिको महान् नेता एवं सम्राट बनेको तारकासुरले आफ्ना हितैषी बड़े-बड़े दानवहरूलाई संगठित गराई जुक्तिबुद्धिका साथ भन्नलाग्यो— हे महान् असुरहो ! तपाईंहरू महाबलि हुनुहुन्छ, सबैले मेरा कुराहरू सुन्नुहोस् र के गर्दा हामी सबैको भलो हुन्छ त्यो कुरा विचार गर्ने समय आएको छ । हे दानवहो ! सबै देवताहरू हाम्रो वंशकै विनाश गर्न तुलिरहेका छन्, देवताहरूका साथ हाम्रो जातिगत वैरभाव छ, उनीहरूलाई दमन गर्न हामी सबै आफ्ना बाहुबलको सहारा लिई धावा बोलौं, किन्तु एउटा कुरा विचार गर्नुपर्दछ कि विना तप देवताहरूसँग लडेर सफल हुन कठिन छ तसर्थ पहिले म

तप गर्दछु र त्यसपछि मात्र देवताहरूसँग लडेर विजय प्राप्ति होला, अनि मात्र त्रैलोक्यको संपदा सबै मिलेर उपभोग गरौंला । तपद्वारा शक्तिको उपार्जन गर्नु एक स्थिर उपाय हो, र यसैले गर्दा श्री स्थिर हुन्छिन्, तप नगर्ने कुनै पनि चपल व्यक्तिमा चंचला लक्ष्मी स्थिर भएर रहँदै रहन्नन् । यो कुरा ध्रुव सत्य हो, संयम, आचार-विचार तप केही नभएका व्यक्तिले केही संपत्ति कमाए पनि त्यसको सो सबै ऐश्वर्य अस्थिर हुन्छ, क्षणिक हुन्छ। केवल रामछाया समान हुन्छ। तारकासुरको यस्तो वाक्य सुनेर सबै दैत्यहरू छक्क परे र विचार गर्दा सबैले साह्रै राम्रो कुरा हो भनेर समर्थन गरे। यसरी सबैको समर्थन पाएको तारकासुर पारियात्र पर्वतमा गएर यौटा कन्दरामा बसी कम्मर कसी कठिन तप गर्नलाग्यो ।

तारकासुरको तपस्या

तारकासुरले पञ्चाग्नि तापेर अन्न फलफूल केही नखाई केवल सुकेका पात र पानीको आहारको भरमा दस हजार वर्षसम्म तप गऱ्यो । त्यसपछि दिन प्रतिदिन शरीरबाट तोला तोलाभरका चोटा काटी होम गर्दा सारा शरीरको मासु नै सिध्यायो ।

यसरी त्यो तारकासुर जतिजति मासु होम गरी निर्मांस हुन्छ उति उति उसको तपको राशि उज्ज्वल हुँदै जान लाग्यो र त्यसको तपस्याका तेजले संसारै व्याकुल हुनथाल्यो र त्यो चाल पाएर ब्रह्माजी त्यस पारियात्रको कन्दरामा आएर तारकासुरलाई भन्नु-भयो–बाबु तारक, तिम्रा तपबाट म प्रसन्न भएँ, तिमीलाई वर दिन आएको छु । उठ, अब तप गरेर पुग्यो । तिम्रो लागि कुनै कुरा असाध्य रहेको छैन । के वर चाहन्छौ, भन । ब्रह्माजीको यस्तो मीठो वाणी सुनेर त्यो तारकासुरले पहिले ब्रह्माजीलाई पाउलागी गरी सिर झुकाई दुई हात जोरी विन्ति गर्नलाग्यो– हे भगवन्, तपाईं आफैं अन्तर्यामी हुनुहुन्छ, तसर्थ सबैका मनका कुरा जान्नुहुन्छ, कसैले कसैमाथि केही बेजायँ गर्दछ भने जो पनि अपकारीमाथि बदला लिन कोशिश गर्दछ नै र कुनै पनि आत्मसम्मान भएको व्यक्ति अगाड़ि बढ्ने कोशिश गर्दछ, त्यसमा कसैले बाधा गर्दछ भने प्रतिक्रियामा जे गर्नुपर्छ सो गर्दछ पनि । हामी दैत्य दानव असुरहरूको देवता-हरूका साथ स्वभावैले वैरभाव छ । किनभने देवता-हरू धर्मकर्म शर्म केही विचारै नराखी क्रूरताका

साथ दैत्यहरूलाई सदा निःशेष पार्ने चेष्टा गरिरहन्छन्, तसर्थ म सबै असुरहरूको उद्धार गर्न र देवताहरूको कुकृत्यको बदला लिन सकूँ र सबैका जस्तोसुकै महान् अस्त्र शस्त्र होऊन् ती सबैबाट म नमरूँ अर्थात् कसैबाट पनि मेरो मृत्यु नहोस्। मलाई यो वर दिनुभए पुग्दछ, यसबाहेक अरू केही चाहिन्न। तारकासुरको यस्तो वाक्य सुनेर पुनः ब्रह्माजीले भन्नुभयो—हे दैत्यराज, विनामृत्युको कुनै प्राणी यस विश्वमा हुँदै हुँदैन। तसर्थ जसबाट तिमी आफ्नो मृत्युको संभावना नै गर्न सक्दैनौ त्यस्तो केही कुरा मृत्युको कारण मानी त्यो बाहेक अरूबाट मृत्यु नहोस् भनी वर माग। अनि मात्र वर दिन-सकिन्छ। ब्रह्माजीको यस्तो वाक्य सुनेर अभिमानले मत्त भएको तारकले विन्ति गऱ्यो—हवस् त प्रभु, यदि कुनै सातदिनको बालकले आई मार्छ भने मात्र म मरूँ नत्र अरूबाट मेरो मृत्यु नहोस् र मेरा मनका कुरा सबै पूर्ण होऊन् भनी माग गऱ्यो र ब्रह्माजी तथास्तु भनी ब्रह्मलोकमा जानुभयो। तारकासुर पनि आफ्नो महलतिर आयो।

तारकासुरको सैन्यसज्जा

यस प्रकार तप गरेर सफल भएर आएको तारकासुरका चारैतिर ठूला-ठूला दैत्येश्वरहरू आएर घेरा दिएर बसे, जस्तो स्वर्गमा देवराज इन्द्रका चारैतिर ठूला-ठूला देवताहरू घेरा हालेर बस्तछन्। दैत्यहरूलाई उल्लास गराउने त्यस प्रकारको तारकासुरको महान् साम्राज्यमा वसंतसमेत छओटै ऋतुहरू आफ्ना आफ्ना गुणहरूले परिपूर्ण भएर दिव्यस्वरूप लिएर सेवा गर्न हाजिर भएर रहे। सबै लोकपालहरू तारकासुरको सेवक हुन पुगे। कांति, द्युति, धृति, मेधा र श्रीसमेत त्यस दानवराजलाई देखेर आसक्त भए झैं आफआफ्ना गुणहरूले परिपूर्ण भई कुनै कसर नराखी सेवामा सावधान साथ तत्पर भैरहे। सारा शरीरमा अगुरु चन्दनको अनुलेपन गरेको, दैत्यका साम्राज्यको महान् राजमुकुट पहिरेको, पाखुरामा सुन्दर बाजू बाँधेको, आसुरी साम्राज्यको महान् राजसिंहासनमा विराजमान भएको तारकासुरका अगलबगलमा बसेर राम्रा राम्रा अप्सराहरू चमर डोलाएर बसिरहन्छन् र क्षण मात्र यताउति जाँदैनन्। चन्द्रमा र सूर्यलाई

बत्तीको काममा, पंख चलाउने कामलाई वायु, सवारीमा बाटोको रेखदेख गर्ने काममा यमराजलाई नियुक्त गरेको थियो। यसरी तारकासुरको राज्यको केही समय बितेपछि त्यसले आफ्ना मंत्रीहरूसँग भन्यो कि हे दैत्येश्वरहो! यसरी खालि सुख सयलमा बसेर ऐश्वर्यको भोग गरेर मात्र हुँदैन। स्वर्गमा आक्रमण गर्नुपर्दछ। देवताहरूले गरेका वैरभावको अग्निका ज्वालालाई ननिभाएसम्म तिमीहरूले शांति लिएर बस्न मनासीब छैन। स्वर्गमा बसी बसीकन आजसम्म देवताहरू यज्ञभागहरूको उपभोग गर्दै-छन्। श्रीका साथको भोगविलास आनन्दसँग निर्धक्क भएर विष्णुले आजसम्म पनि गरिरहेकै छन्। आफ्ना-आफ्ना सुन्दर सुन्दर देवीहरूलाई मुस्कयाउँदै देवता-हरू स्वर्गीय बागबगैंचामा, क्रीड़ास्थली आदिमा गएर दिव्य दिव्य अप्सराहरूसँग मोजमज्जा लुटि-रहेका छन्। संसारमा जन्मिएर यदि कुनै मान्छे केही पौरख गर्न सक्दैन भने त्यसको जन्म वृथा हो र त्यस्तो जन्म जन्म नै होइन, जसले मातापिताको सेवा गरेन, बान्धवहरूका मनको पीर हटाउन सकेन, स्वच्छ कीर्ति कमाउन सकेन भने त्यस्तो मान्छे

जन्मेर पनि मरे बराबरकै हो भन्ने मेरो धारणा छ। बड़े बड़े अभिमानी देवताहरूलाई जिती त्रिलोकको संपदालाई ल्याउन मेरो आठपांग्रे रथ तयार गर, दैत्यको दुर्धर्ष भएको विशाल वाहिनी सुसज्जित गराऊ, सुनको पटार भएको ध्वजा, मोतीको झालर भएको छाता सजिसजाऊ गराई ल्याऊ।

तारकासुरको आज्ञा पाएर ग्रसन भन्ने सेनापतिले आज्ञानुसार सबै ठीक पार्‍यो। सैनिक कर्नाल फुक्न लगाई तुरंत दैत्य दानव असुरहरूलाई भेला गराई हजारौं घोड़ा सुकिला सेता कपड़ा तन्ना पर्दा आदि उपकरण भएको चार योजन फराकिलो नाना भाँतिका क्रीड़ाभवनहरू भएको संगीत वाद्यहरूले परिपूर्ण पारिएको महाराज इन्द्रको विमान जस्तो आठ चक्र भएको तारकासुरको विशाल रथ र दस दस करोड़ फौजका एक एक प्रचण्ड पराक्रमी दैत्याधिपतिहरू सज्जित गराइए। मुख्य मुख्य सेनानायक जम्भासुर, कुजम्भासुर, महिषासुर, कुंजरासुर मेघासुर, कालनेमि, निमि, मथन, जम्भक, शुम्भ—यी दस दैत्येश्वरहरू थिए। यी बाहेक अरू सैकड़ौं दैत्यहरू पृथ्वी नै कुल्ची-मिल्ची गर्ने सामर्थ्य भएका

नाना प्रकारका शस्त्र अस्त्र विद्याका पारंगत, भाँति भाँतिका हातहतियार लिएका प्रचण्ड पराक्रमी पर्वत समान शरीर भएका सुसज्जित थिए । तारकासुरको ध्वजा सुनौला, रौद्र रसका अधिदेवताले अंकित थियो । प्रधान सेनापति ग्रसनको ध्वजा मकराङ्कित थियो । जम्भको ध्वजा फलामे, पिशाचको मुखले अंकित थियो कुजंभको ध्वजामा पुच्छर हल्लाएको गधा अंकित थियो । महिषासुरको ध्वजामा सुनको स्याल लेखेको थियो । शुम्भको ध्वजामा कालो कौवा अंकित थियो र यस्तै थरीका अनेक ध्वजापताका-हरू अरू सेनापतिहरूका थिए । ग्रसनको रथमा सुनको हार पहिरेका फुर्तिला सय बाघ जोतिएका थिए । जम्भको सय सिंह भएको रथ थियो । कुजम्भको रथ पिशाचको मुख भएका गधाहरूले युक्त थियो । महिषासुरको रथ ऊँटहरूले, कुंजरा-सुरको रथ घोड़ाले, मेघको रथ बाघले, कालनेमिको हात्तीले, निमिको पनि हात्तीले युक्त रथ थियो । पाश हातमा लिएका मथन दैत्य कालो, सय हात फराकिलो, सुनले सिंगारिएका घोड़ाहरू जोतिएको रथमा सेतो चन्दन फूलको माला लगाई बसेको

थियो । जम्भक घुँघुराको जालीको माला लाएको ऊँटमा चढ़ेको थियो । काला सेता पाटा परेको ठूलो भेड़ाको साँढ़मा शुम्भासुर चढ़ेको थियो । यस्तै अरू पनि दानव वीरहरू नाना भाँतिका वाहनमा चढेका कुण्डल, पगरी आदिले शोभायमान भएका, किसिम किसिमका दुपट्टाहरू हालेका, नाना थरीका माला-हरूले शोभिएका, अद्‌भुत अद्‌भुत प्रचण्ड पुरुषार्थ भएका, अत्तर फुलेलहरूका बास्नाले मगमगाएका, बन्दीजनले स्तुति गरिएका, हरेक प्रकारका सैनिक बाजाहरूका तालमा अगाडि बढेका, रथी, महारथी, अतिरथीसमेतको त्यो चतुरंगिणी सेना अति डरलाग्दो देखिन्थ्यो । जसमा रहेका दैत्य दानव असुरहरूका सेनापतिहरू आफ्ना आफ्ना पूर्वज वीरहरूका वीर-गाथा गाउँदै प्रचण्ड हात्ती, वायुपंखी घोडा, बिजुलीवान् बग्गी, अनगिन्ती पैदल सिपाहीहरूले खचिखचाउ भएको त्यो तारकासुरको नेतृत्वमा सुसंगठित भएको सैन्यले जंगी कानून फौजी रीवाज-मा, युद्धनीति, रणकौशलमा मर्यादित भई सुश्रृंखलित रूपमा रही देवताहरूसँग युद्ध गर्न प्रस्थान गर्‍यो ।

तारकासुरको सैनिक अभियानबारे देवताहरूको विचार

तारकासुरको सैनिक सज्जा थाह पाई त्यसको गतिविधि विचार गर्न देवताहरूका राजा इन्द्रका गुप्तचरहरू यत्रतत्र घुमिरहन्थे। तीमध्ये सबैभन्दा चनाखो दूत वायु थियो र उसले यसरी अकासमा तैयार भएर देवलोकतिर जान लागेका तारकासुरको सेना देखेर स्वर्गमा महाराज इन्द्रका सभामा तुरन्तै गएर सबै देवताहरूसमेत सामेल भएका समयमा दैत्यहरू आक्रमण गर्ने स्थितिमा अगाडि बढिरहेका-छन्, अब देवताहरूको सिरमा भयङ्कर कार्यको भार आइरहेछ भनी विन्ति चढायो। सो सुनेर एकछिन आँखा चिम्लेर आँखा खोली देवताहरूका बड़ागुरु-ज्यू बृहस्पतितिर फर्कें महाराज इन्द्रले तत्कालो-चित वाक्य भने—गुरुवर ! देवताहरूको दानव-हरूसँग ठूलो घमासान हुने लक्षण देखिन आयो। अब के गर्ने हो, वैदिक उपायसहित सामयिक कर्तव्य आज्ञा हुनुपर्‍यो। यस प्रकार इन्द्रको आज्ञा सुनेर गुरुवर बृहस्पति भन्दछन्—महाराज, यद्यपि साम दाम दण्ड भेद—यी चार प्रकारका नीतिहरू विजि-गीषा भएका राजाहरूको लागि चतुरङ्ग सैन्य समान

हुन् र देश, काल, परिस्थिति र वैरीअनुसार कहाँ कहिले के गर्न योग्य होला सोसमेत विचार पुऱ्याई प्रयोग गर्न जान्नुपर्दछ। वर्तमान स्थिति सामने राखी विचार गर्दा यस समयमा दैत्यहरू शक्तिशाली तारकासुरका आश्रयमा हुनाले सामद्वारा काम हुने देखिंदैन। भेदद्वारा काम गर्न पनि हाल कठिनै पर्ला किनभने दैत्यहरूको यो जातीय सङ्गठनमा भेदनीति सफल हुन गाह्रै पर्ला। दानको प्रयोग पनि हाल यहाँ सफल होला जस्तो छैन, कारण के भने यस समयमा दैत्यहरू श्रीसम्पत्तिले स्वयं परिपूर्ण छन् र अरूले जति दिए पनि तृण बराबर देख्नेछन्। यसमा महाराजलाई कस्तो लाग्छ। अर्को कुरा, साम भन्ने नीति दुर्जनमा प्रयोग गर्ने कुरा होइन, किनभने क्रूर स्वभावका दुर्जनहरूका मनमा यस्तो धारणा रहेको हुन्छ कि डरले थरहरि भएको दुश्मनले मात्र साम नीति अगाडि सार्दछ, तसर्थ त्यस्ता दुर्जनउपर दण्डनीतिको अवलम्बन गरी पौरुष देखाई आक्रमण नै गर्न सक्नुपर्दछ। दिनदशा बिग्रँदा सज्जनले स्वभाव बदल्ला तर दुर्जनले स्वभाव बदलेर सज्जन भएको कतै देखिएको छैन,

यो मेरो आजसम्मको अनुभव हो। यसमा राजनीतिका दत्त यहाँहरूको जे विचार !

देवताहरूको सैनिक उद्योग

स्वर्गका महाराज इन्द्रका बडागुरुज्यू बृहस्पतिको यस्तो गम्भीर विचार भएको सल्लाह अनुसार सहस्राक्ष इन्द्रले बृहस्पतिसँग हवस् गुरु, 'यही कुरा ठीक छ भनी यही नै कर्तव्य ठानी देवसभामा भने—हे देवताहो ! दत्तचित्त भएर मेरो कुरा सुन्नुहोस्, तपाईंहरू यज्ञभागका भोक्ता हुनुहुन्छ र अत्यन्त सात्विक हुनुहुन्छ, एवं सन्तोषशील हुनुहुन्छ तथा आफ्ना मानमर्यादामा आफ्नै महिमामा विराजमान हुनुहुन्छ र साथै नित्य निरन्तर जगतको परिपालनमा संलग्न हुनुहुन्छ। यी दैत्यहरू तपाईंहरूलाई विना कारण बराबर दुःख दिइरहन्छन्, तिनीहरूउपर साम-दान-भेद कुनै नीति उचित छैन तसर्थ दण्डनीति नै प्रयोग गर्नुपर्‍यो, त्यसैले सामरिक उद्योग गर्न तयार हुनुहोस्, सैनिक सन्तुलन मिलाउनुहोस्, शस्त्रअस्त्रहरू उजिल्याउनुहोस्, शस्त्रअस्त्रका देवताहरूको पूजा आजा गर्नुहोस्, हात्ती घोड़ा आदि वाहनहरू, रथ, गाड़ा आदि

यानहरू, सजिसजाउ पार्नुहोस्। यमराजलाई प्रधान सेनापति बनाउनुहोस्, यस प्रकार महाराज इन्द्रको आज्ञा पाएर प्रमुख देवताहरूलाई दस दस हजार घोडा, सुनका घुँघुरा, घण्टा बाँधिएका, सिंगारिएका विचित्रका, सईस सवारसहित प्राप्त भयो। मातली सारथीसहितको दुर्जय रथ इन्द्रलाई तयार पारियो। डरलाग्दो अर्नामाथि चढेका प्रधान सेनापति यमराज सैन्यको सञ्चालन गर्दै अघि लागे जसका सेवकहरू प्रचण्ड, अति भयङ्कर थिए। जुन यमराज प्रलयको उर्लेको अग्निको ज्वालाले पूर्ण आकाश जस्ता आँखा पार्दै बढिरहेका देखिन्थे। भयङ्कर मात्तिएको अजंगको बोकाको सवार गरेका, हातमा शक्ति लिएका अग्नि पनि सम्मिलित हुन आइपुगे। हातमा अंकुश लिएका, प्रचण्ड वेग भएका वायु देवता पनि उपस्थित भए। नागराजमा सवार भएका, हातमा नागपाशै लिएका वरुण आफ्ना सेनासहित हाजिर भए। मनुष्याकार घोडा जोतिएको भयङ्कर रथमा चढेका, ताजा सान पाइन चढाएको खड्ग हातमा लिएका रक्षोगणले घेरिएका निर्ऋतिदेव पनि असुरहरूसँग लड्ने मनसाय राखेर आए।

प्रचण्ड सिंहको जस्तो गर्जना गर्दै गदा हातमा लिएका धनपति कुबेर पनि आइपुगे। चन्द्र, सूर्य, अश्विनीकुमारहरू लगायत देवताहरू आफआफ्ना चतुरंग वाहिनीका साथ उपस्थित हुन आए। विभिन्न जातका गन्धर्वहरू आफ्ना आफ्ना राजालाई अघि लगाई सुनका थरिथरि गहनाले झकिझकाउ भई सुनकै पीठ आसन सुजनी बालिष्ठ सजेका रथमा चढेर विचित्र कवच, अस्त्र-शस्त्र लिएका स्वर्गीय पक्षीहरूका प्वाँख जड़ेका पगरी पहिरेका वैदूर्यमणिका मकरहरूको ध्वजा भएका सैनिकहरूका साथ उपस्थित भए। निर्ऋतिका राक्षसको सैन्य जपापुष्पको वर्ण जस्तो उपर्ना पहिरेका राता-राता लामा-लामा केश फिंजारेका, गिद्ध भएका ध्वजा लिएका, इस्पातका गहना पहिरेका, प्रचण्ड पराक्रम भएका थिए। नागहरू मुसल, तरवार, गदा लिएका, पगरी र कवचहरूले कसिएका; भयङ्कर मेघ झैं गर्जने, उल्का र वज्रहरूको हतियार लिएर आएका थिए। यक्षहरूका सेना कालो पोशाक लगाएको, धनु र वाण भिरेका राता लाटाकोसेराहरूका झण्डा भएका, सुन र रत्नहरूका अलङ्कार पहिरेका डर-

लाग्दा थिए । राक्षसाधिपति निर्ऋतिको सैन्य चितुवाको छालाको उपर्ना हालेको, गिद्धको झण्डा गिद्धकै प्वाँख भएको पगरी लगाएको कङ्कालको गहना भएको, हेर्दैमा डरलाग्दो, मुसलको हतियार भएको थरिथरिका जीव जीबातहरूका भयङ्कर शब्द भएको उग्रको थियो । किन्नरहरू सेता वस्त्र पहिरेका, सेता पङ्खी भएको, सेता झण्डा लिएका, प्रायःमत्त हात्तीमा चढ़ेका, तीखा तोमर अस्त्रले सुसज्जित थिए । वरुणको ध्वजा मोतीको झालर चाँदीको हाँसले अङ्कित भएको थियो । वायुको ध्वजामा डरलाग्दो धूवाँको मुस्लो भएको आगो दन्केको थियो । कुबेरको झण्डामा पद्मराग रत्नको रूख आकाश छोला जस्तो थियो । लोहा र लकड़ीले बनेको ब्वाँसो भएको ध्वजा यमराजको सैन्यमा थियो । राक्षसेश्वर निर्ऋतिको ध्वजामा प्रेतको मुख थियो । सूर्य, चन्द्रको ध्वजामा सुनको सिंह थियो । अश्विनीकुमारको ध्वजामा विचित्र रत्नहरूले सुशोभित सेता चमरले सम्मानित ऐरावत हात्ती थियो । यस प्रकार नाग, महानाग, यक्ष, गन्धर्व, निशाचरसमेतले संकुल भएको देवराज महेन्द्रको अजेय र दुर्भेद्य

भएको सैन्य देवताहरूको तेत्तीस निकायमा विभक्त रहेर तेत्तीस कोटी संख्याको थियो । सेता ठूला ठूला दुइटा कान वरक्क-परक्क पार्दै चलाउने विशाल हिमालजस्तो, सुनौला कमलको निर्मल माला लगाएको कुंकुम केशरहरूको बेलबुट्टाले सिंगारेका गण्डस्थलका मदमा मस्त रहेका भँवराहरूले व्याप्त रहेको, घुँघुरा-घण्ट, चमरसहितको रत्नखचित झूलले ढाकिएको उत्तम चदुवा टाँगेको महामूल्य हौदा कसेको ऐरावत हात्तीमा कटक, केयूर, हार, कुण्डल, मुकुट र विचित्र वस्त्रालङ्कारले सुशोभित देवराज इन्द्र विराजमान भए । उनका हजारौं आँखा थिए, र हजारैतिर घुमाउँथे । यस्ता महाराज महेन्द्रको पाकशासन थियो। उनको अध्यादेश परिपक्व हुन्थ्यो, पवित्र हुन्थ्यो । हुकूम ज्यादै काबिल हुन्थ्यो । अतएव उनी स्वर्गका वैजयन्त प्रासादका योग्य थिए, काबिल थिए । यसैउसले देवाधिराज भएर स्वर्गमा विराजमान भएर रहेका थिए । उनको रथ, हात्ती, घोड़ा, पैदल र अरू विभिन्न प्रकारको सैन्य, आवश्यक फौजी कुमक, सैनिक सामग्रीसमेतका सबै वस्तुले परिपूर्ण थियो । कुनै प्रकारका खजानाको

न्यूनता थिएन । जता हेऱ्यो उतै सेता छाता ध्वजा पताका हातहतियार राशनपानी सेवादल चिकित्सक-दल आदि समस्त उपकरण परिपूर्ण थिए ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां कुमारागस्त्य संवादे तारकासुरोत्पत्ति-तारकासुर राज्याभिषेक-देवासुर सैन्योद्योग-प्रभृति नानाविध कथाप्रसङ्गवर्णननाम अष्टमोऽध्यायः ॥ ८ ॥

नवमः अध्यायः

देवासुर युद्ध

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्यजी ! तारकासुरका नेतृत्वमा आसुरी सैन्य एकातिर ज्वार-भाटाहरूले उर्लिएको महासागर जस्तै उर्लिएको छ भने अर्कोतिर स्वर्गका महाराज पाकशासन महेन्द्र-का निर्देशनमा दैवी सैन्यशक्ति प्रशान्त महासागर झैं गम्भीर रूपमा सुसज्जित भएर विश्वलाई नै निकृष्ट बन्धनमा फसाउने आसुरी शक्तिको प्रतिरोध गर्न दृढ भएर रहेको थियो । यसै बीचमा तारका-सुरको सैन्य इन्द्रको सेनामा भिडिन पुग्यो र त्यो देवासुरको भयङ्कर संघर्ष बयान गरिनसक्नु भयो । त्यस देवासुरका दुवै पक्षका घमासान गर्जेका देवता

र दैत्यका वीरहरूको गर्जना, कर्नाल शङ्खहरूको, सैनिक प्रचण्ड बाजाहरूको घन्काई हात्तीहरूको कुँजाइ, घोड़ाहरूको हिनहिनाइ, रथका पांग्राहरूको घरघराहट, धनु र ताँदाको टङ्कार, खुँडा खुकुरी खड्ग हरूको खटखटाहट, भुशुण्डी, नालिका महा-नालिकाका ढमढमाहटको तुमुल ध्वनिले आकाश र धरती व्याप्त भयो। ती दुवै थरी सेनाहरू उ उस-लाई र ऊ उसलाई दबाउन अँठ्याउन हराउन र आफूचाहिं जितार कहलिन चाहन्थे। रीसले रन्कन्थे, फन्कन्थे, आफ्ना ज्यूज्यानको रत्तीभर पनि परवाहै नगरी संग्रामको बलिवेदीमा होमिन्थे, कुद्दथे। त्यस भिडन्तमा के उल्टो के सुल्टो वास्तै गर्दैनथे। अतः रथीसँग पैदल लड्न पुग्दथ्यो, त हात्तीको फौजमा घोड़चढ़ीहरू भिड्न पुग्दथे, समान प्रतिद्वन्दीको युद्ध जस्तै पैदलको पैदलसँग, रथीको रथी नै सँग, घोडचढ़ीको घोडचढ़ी नै सँग र हात्ती-वाल फौजको हात्तीवाल फौजसँग मात्र लडाइँ हुनु युद्धनीतिको मर्यादा हो भन्ने कुरा कसैले याद गरेको थिएन। यौटा पैदल जवान दस बीस मत्ता हात्ती-हरूका फौजमा पसेर लड्दथ्यो त दस बीस रथी-

हरूको जमातलाई यौटे घोड़चढ़ीले आकुल व्याकुल पारेको पनि देखिन्थ्यो । रीसका झोंकमा मार्दैछु वा मारिंदैछु भन्ने परवाहै थिएन । मार्छु र मारिहाल्छु भन्ने मात्र ध्याउन्न थियो र प्रास, वज्र, गदा, भिन्दिपाल, परशु, शक्ति, शूल, मुग्दर, कडप, गडप, चक्र, शंख, तोमर, अंकुश, कर्णिक, अलिक, नाराच, वत्सदन्त, अर्धचन्द्र, भल्ल, शतपत्र, शुकतुण्ड आदि नाना प्रकारका शस्त्रास्त्रको वर्षा हुँदा आकाशको वर्ण नै विचित्र देखिन लाग्यो । दिशा विदिशा सबै छोपिंदा अंधकार हुनथाल्यो । को कुन हो भनेर कसैले कसैलाई पनि चिन्न सकेन । विनानिशान विनालक्ष्य, अशिक्षित बेतालिमी फौज झैं बेसुरमा हतियारको पर्रा छोडेर प्रहार गरेका छन्, तर पनि दुवै सैन्यका दर्शकहरूलाई कहाँ के कति काटिए, मारिए, लडे-पडे, खेत रहे भन्नेसम्म थाह भयो । शिर कतै काटिए र धड़ कतै काटिएका छन्, कसैका खुट्टा त कसैका हात काटिएका छन्, कतै हात्ती त कतै घोड़ा, कतै रथ त कतै पैदल सिपाही घुसमुण्टिएका छन् । रगतको खोलो लागिरहेको छ, लाशै लाशको राश लागेको

छ, श्याल गिद्ध कौवाहरू रमाइरहेका छन्, प्रेत पिशाच बेताल रात्तसहरू रगत पिएर मत्त भएर उफ्रेर नाचिरहेका छन्, त्यो देवासुरको रणभूमि अत्यन्त डरलाग्दो हेरिनसक्नु रौद्र महारौद्र भयो।

यमराज-ग्रसन युद्ध

यसै बीचमा आसुरी सेनाको कमान तारकासुरका प्रधान सेनापतिले गर्नथाल्यो र दैवी सेनाको संयम यमराजले गरे र आफआफ्नो सैन्यलाई बिखेरिन नदिएर नियंत्रण गर्नथाले। दैवी सेनाको नियंत्रण यमराजबाट र आसुरी सेनाको नियंत्रण ग्रसनबाट गरियो र त्यसपछि आसुरी सेनाको प्रबंधमा लागेको ग्रसनलाई देखेर रीसले भनभनाउँदै यमराज जाइलागे। आगोका ज्वाला जस्ता वाणका वर्षाले ग्रसनलाई घेरे। ग्रसन पनि कहाँ कम थियो र ! उसले पनि आइलाग्नेमाथि जाइलाग्नै परेकोले डरलाग्दो धनुमा ताँदो चढाई डरलाग्दा ५०० बाणले एकै बाजि यमराजलाई प्रहार गऱ्यो। ग्रसनको यस प्रकारको तारीफ लायकको पुरुषार्थ देखेर यमराजले बाणवर्षा गरेर ग्रसनलाई व्याकुल पार्ने प्रयास गरे। यमराजको त्यस बाणको वृष्टि-

लाई ग्रसनले आकाशबाटै उड़ाइदियो । यसरी आफ्ना बाणहरू विफल हुन गएको देखेर मुर्सुरिएका यमराजले ग्रसनका रथमा बाणहरूको पर्रा छाड़े र त्यसमा अलमल पारी ग्रसनमाथि कालमुग्दरको प्रहार गरे । सो कुरा अति चंखो ग्रसनलाई थाह हुनासाथ एक्कासि रथबाट उफ्रेर बायाँ हातले त्यो कालमुग्दर बीचैमा टिपेर लियो र त्यसलाई तह मिलाई समाती जोरसंग घुमाएर यमराजको वाहन अर्नाकै थाप्लामा बजाऱ्यो । आफ्ना मालिकको मुंग्रो दुश्मनका हातमा पुगेर थाप्लामा बज्रन पुग्दा त्यो अर्ना मुंग्राको चोटले तोरी फुलेको देखेर तीन फन्को घुमेर त्यहीं घुसमुण्टिन पुग्यो । यसरी अर्ना लड्नुभन्दा पहिले नै फूर्तिसाथ उफ्रेर अत्यन्तै बाँखुरिएको बड़ेमानको बर्छाले ग्रसनको मुखमै प्रहार गरे । यमराजको बर्छाको चोट खप्न नसकेर ग्रसन मूर्च्छा पऱ्यो । यसरी ग्रसन मूर्च्छा परेको देखेर आसुरी सेनाको अर्को सेनापति जम्भ यमराजउपर जाइलाग्यो र भिन्दिपाल अर्थात् गोफल भन्ने धुएँत्रो जातको अस्त्रले यमराजका छातीमै प्रहार गऱ्यो । त्यो चोट ग्रसनसंग लड्दा लड्दा थाकि-

सकेका यमराजको लागि असह्य भयो र रगतै बान्त गर्न थाले । यमराजको यस्तो अवस्था देखेर दैवी सेनाका अर्का सेनापति कुबेर हातमा गदा घुमाउँदै १ लाख यक्षहरूको सेनालाई सञ्चालन गर्दै अघि बढ़े। यसरी कुबेर आएको देखेर जम्भ कुबेरसंग मीठो ढङ्गले बुद्धिमानीसाथ बात गर्नथाल्यो । यसै बीचमा ग्रसन होशमा आयो र मणि र सुनले शोभा-यमान पारिएको वैरीको मर्दन गर्ने अति गऱ्हुँगो साह्रो गदा घुमाएर यमराजउपर प्रहार गऱ्यो। यमराजले त्यस गदाको प्रतिघात गर्न जगतैलाई दलन गर्ने डरलाग्दो यमदण्ड लिएर रीसले घुमाएर त्यस घुमाइका वेगद्वारा आगोका ज्वालासमेत निकालेर बडो फूर्तिसंग प्रहार गरे । त्यो दण्ड आकाशमा पुगेर गदाका साथ बज्रेर वर्षाको मेघ झैं गर्जिन थाल्यो। दुइटाको सङ्घर्ष हुँदा आकाशमा दुइटा पहाड़ै आपसमा सङ्घर्ष गर्न लागे जस्तो भयो र त्यस सङ्घर्षको शब्द वज्रै चट्के जस्तो हुँदा सबै-का कानका पर्दा नै फाटे जस्तो भयो । जगतै प्रलय-को शङ्काले व्याकुल भयो । एकै छिनपछि त्यो शब्द शान्त त भयो तर आकाशमा उल्काको ज्वाला झैं

यमदण्ड र ग्रसनको गदाको सङ्घर्षको राँको देखियो र अन्तमा यमदण्डले ग्रसनको गदालाई चूर्ण बनायो र ग्रसनका शिरमा बज्रिन गयो। त्यस चोटले गर्दा रन्थनिएको ग्रसनले संसारै अन्धकारले भरिएको देख्यो र विचेत भएर भुँमा पछारियो। यसरी ग्रसन लड़ेको देखेर दुवैतिरका सेनामा हर्ष र विषादको कोलाहल हुनलाग्यो तर एकै छिनमा ग्रसन मूर्छाबाट ब्यूँझेर हेर्छ त सारा ज्यू, वस्त्र, अलङ्कार धूलैधूलो भएको देख्यो र चिन्ता गर्नलाग्यो, म जस्तो व्यक्ति सेनापति भएर अन्नदाता स्वामीको पराजय !! यो सारा आसुरी सेना मेरै भरमा छ, अब बोलेर गफ हाँकेर बस्नु ठीक छैन, बरु धैर्य गरेर खामोश खाएर अघि बढ्नुपर्छ, हार खानु त नादानी हो भन्ने सोचेर धूलो टकटक्यायो र बाजू, कटक, कुण्डल, मुकुट, कवच सब कसेर मनमा घोर सङ्कल्प गरेर पर्वत झैं बढेर कालदण्ड जस्तो मुंग्रो हातमा लिई घुमाएर रीसले ओठ टोकेर रथमा चढेर बड़ो वेगका साथ रणभूमिमा यमराजका समीप पुग्यो र त्यस मुंग्राले यमराजको टाउकै ताकेर हान्यो। तर यमराजले आँखा घुमाई चाल हेरी मुंग्रालाई छले, मुंग्रो

छल्न यमराज पछि सरेको मौका छोपेर हजारौं यमकिङ्करको सैन्यलाई ग्रसनले बेसरी पिस्यो । आफ्ना किङ्करको वाहिनीलाई ग्रसनले यसरी पिसेको देखेर यमराज ज्यादै क्षुब्ध भए र नाना भाँतिका हात-हतियारको वर्षा गर्नलागे । यमराजबाट ढाढस पाई उर्लिएर आएको त्यो यमकिंकरको वाहिनीलाई दृष्टि घुमाएर हेर्दाखेरि ग्रसनले देख्यो तैपनि मन सम्हालेर आफ्नो सैन्य सञ्चालन गर्दै क्रोधले प्रलयको रुद्र जस्तै बनी शस्त्रास्त्र वर्षा गर्नलाग्यो । कसैलाई शूल रोप्दछ त कसैलाई सीधा वाणले घायल पारिरहेछ, कुनैलाई गदाले त कुनैलाई मुग्दरले, कुनैलाई प्रासले प्रहार गरेर व्याकुल पार्दैछ भने यता यमकिंकरको वाहिनी पनि बौखलाएर ग्रसनका हातमा झुण्डिएका छन्, ढुङ्गाले हानिरहेका छन्, रूखै उखेलेर ठटाउँदैछन्, दाह्राले टोकिरहेका छन्, पिठ्यूँमा मुड्किले ढुस्याइरहेका छन्, यस प्रकारले किङ्करवाहिनीले जब ग्रसनलाई आजित पार्दै थिए, तब त्यो ग्रसन भैंमा लड़ेर ज्यू दलेर हजारौं यमसैन्यलाई किचेर मिचेर थिचेर सखाप पार्न र फेरि उठेर मुक्कामुक्की गरी मार्न लाग्यो तर थर्काइले चूर

भएर आराम गर्न चाहँदै थियो । यो चाल पाएर र आफ्ना सैनिकहरू सखाप हुनलागेको समेत देखेर यमराज अर्नामा चढेर हातमा दण्ड लिएर अगाडि बढे । यसरी अगाडि बढेका यमराजका छातीमा ग्रसनले गदाले ठोक्यो । त्यस गदाको पर्वाहै नगरी यमराजले ग्रसनका रथमा जोतिएका बाघहरूलाई दण्डले हायल कायल गराए । जब आफ्ना बाघहरू रथ तान्न असमर्थ भए तब ग्रसन रथबाट ओर्लेर पैदल भएर पृथ्वीमा खड़ा भयो र यमराजलाई दुवै हातमा समाती घिसार्न पुग्यो । यमराज पनि हतियार राखेर त्यससङ्ग बाहुयुद्ध (कुश्ती) गर्न लागे । यसै बीचमा ग्रसनले यमराजको कमर कसेको पटुका समातेर रिंगाउन लाग्यो । यमराजले पनि ग्रसनको घाँटी दुई हातले अँठ्याएर जुरुक्क उचालेर फनफनी घुमाए । यसरी लड्दै भिड्दै दुइ जना अब फेरि मुक्कामुक्की गर्नथाले । त्यो ग्रसनको जीउ साह्रै ठूलो डडाँकको थियो । मुक्का हान्दा यमराजको हातै दुख्यो, जीउ पनि थाक्यो र त्यसका काँधमा मुख अड्याएर एकछिन मात्र भए पनि विश्राम लिऊँ भन्ने शुरू गरेका थिए तर त्यो धूर्त

ग्रसनले चाल पाइहाल्यो र थाकेकै मौकामा अचेटि-हाल्नुपर्छ भनेर यमराजलाई भैंमा थचार्‍यो, पछार्‍यो, लछार्‍यो । जहाँसम्म यमराजको मुखबाट रगत आएन त्यहाँसम्म छातीमा अँठ्याइराखेर हलहली रगत छादेपछि अब त मर्‍यो होला भनी छाड्यो र जितेँ भनी उफ्रँदै गर्जंदै आफ्ना सैन्यमा गई पहाड़ जस्तो भएर खड़ा रह्यो ।

कुबेर-जंभासुर युद्ध

अर्कोतिर जंभका शस्त्रास्त्रले कुबेरलाई र उनका सैनिकलाई हाबाकाबा गराइराखेको थियो । यो देखेर क्रुद्ध भएका कुबेरले आगो जस्ता हजारौं बाणले जम्भलाई, सय बाणले सारथीलाई दस बाणले ध्वजालाई, पचहत्तर बाणले हात, दसले धनु, एक बाणले सिंहलाई र फेरि दस बाणले जंभलाई लक्ष्य गरी प्रहार गरे । कुबेरको यस्तो अद्‌भुत चमत्कार देखेर श्याबास भन्यो र मनमा केही धीरज धारण गरेर पनि त्रास मान्दै तीखा-तीखा बाण लिएर रीसले चूर भएर कानसम्म धनु खिंचेर कुबेरका छातीमा, सारथीका छातीमा हानेर पछि ताँदो पनि काटिदियो, त्यसपछि दस बाणले छातीमै हान्यो,

त्यस चोटले कुबेर रन्थनिएका पनि हुन् तर धैर्य गरेर धनुमा बाण चढाउँदै प्रहार गर्दै हजारौं बाण वर्षा गरेर जम्भलाई घेरिदिए र अन्धकारमा नै छोपिदिए। जम्भले पनि छिटो छरितो भएर एक एक वाण गरेर कुबेरका सबै वाण निष्क्रिय गराइदियो। जम्भको यस्तो हस्तकौशलको मेख मार्न वाणै वाणको वर्षा गरेर त्यसका सैनिकहरूमाथि आगो सल्काए झैं गराए। कुबेरको यस प्रक्रियाको प्रतिक्रिया गर्न जम्भासुरले पनि भयङ्कर फलामे मुंग्रो लिएर कुबेरका हजारौं सैनिकलाई पिस्यो। त्यसरी पिसिएको भए पनि गर्जना र तर्जना गर्दै कुबेरका सब सैनिकहरू कुबेरलाई वरिपरि घेरेर खड़ा हुन पुगे। यसरी आफ्ना सैन्यलाई व्याकुल पार्ने चेष्टा गरेको देखेर अत्यन्तै झोंकिएका यक्षराज कुबेरले त्रिशूल लिएर जम्भका सेनामाथि जाइलागेर हजारौंलाई स्फूर्तिसाथ मर्दन गरे। यसरी आफ्नो सेना बेमारव हुनलागेको देखेर हातमा भयङ्कर फर्सा लिएर वेगसङ्ग घुमाएर कुबेरको रथमा यसरी प्रहार गऱ्यो कि त्यो कुबेरको अत्यन्त बलियो रथ मुसाले मलमलको राशलाई काटेसरि धुजा

धुजा पारिदियो । जम्भासुरको यस्तो पराक्रम देखेर रिसले चूर भएका पैदल हुन पुगेका कुबेरले आफ्नो धेरै वर्ष सुरक्षित राखेको ठूला ठूला युद्धमा मात्र प्रयोगमा ल्याइने घमण्डी शत्रुको सेखी झार्ने विश्व-का समस्त वीरहरूकै लागि दुर्धर्ष भएको फूलमाला चन्दनले सिङ्गारिएको सुनका र हीरासमेतका रत्न-हरूका झुम्काले सुशोभित भएको खारिएको शुद्ध लोहाबाट बनेको सारै गऱ्हुँगो अत्यन्त ठोस भएको गदा लिएर वेगसङ्ग घुमाएर जम्भका छातीमा बजारे । त्यस गदालाई विफल पार्न जम्भले पनि वाण, चक्र, कड़प, प्रास, भुशुण्डी, पट्टिशहरूको वर्षा छोड्यो तर ती सबैलाई विफल पार्दै त्यो गदा जम्भा-सुरको छातीमै वज्रिन पुग्यो । पर्वतको टाकुरामा वज्रको चट्याङ्ग पर्दा पहाडै लडे झैं नाकमुखसमेत-का द्वारहरूबाट रगतका धारा बगाउँदै रथको जुवा बाँध्ने कूबरमा लड्न पुग्यो । यसरी जम्भ लडखडा-एको देखेर मऱ्यो भन्ठानेर कुबेरमाथि कुजम्भ भन्ने अर्को सेनापति जाइलाग्यो र ती दुइ, कुबेर र कुज-म्भको, भयङ्कर घमासान हुनलाग्यो । कुजम्भको वाणका जालमा परेर कुबेर छोपिन लागेका थिए तर

फूर्तिसाथ कुबेरले सबै पन्छाइदिएर कुजम्भमाथि शक्तिको प्रहार गरे। त्यस शक्तिले कुजम्भको छाती छेड्यो। केही बेरसम्म त त्यो हलचल केही पनि गर्न सकेन, तर पछि उठेर धारिलो तीखो पट्टिश उज्याएर कुबेरको छातीकै माझमा हिर्कायो। त्यस-को चोट खप्न नसकेर कुबेर रथमनि मूर्छा परेर लडे। कुबेरको यस्तो अवस्था हुनासाथ तुरन्तै निशा-चरहरूको सेना बढ़ाउँदै हातमा खड्ग चम्काउँदै राक्षसाधीश्वर निर्ऋतिदेव कुजम्भमाथि जाइलागे। रथबाट ओर्लेर आकाशजस्तो नीलो म्यानबाट निक्लेको खड्ग घुमाउँदै दुश्मनको सेनाभित्र पसेर वैरीका टाउका चटाचट काट्न लागे। अन्तमा असुरहरूको सेना बिमारखै हुने स्थितिमा पुग्यो र त्यो देखेर कुजम्भ कुबेरलाई छाडी निर्ऋतिदेवतिर जाइलाग्यो।

यसै बीचमा अघि मूर्छा परेको जम्भ सचेत भएकोले उठेर हेर्दा युद्धको त्यो स्थिति देख्यो र कुबेरका सैन्यमाथि जाइलाग्यो र पाशले बाँधेर कुबेरका सैनिकहरूलाई पक्र्यो। कुबेरका दिव्य रत्न, वाहन, धनदौलथ सबै गुटमुट्याउन थाल्यो।

यसै वेला मूर्च्छाबाट ब्यूँतिएका कुबेरले आफ्नो पल्त-मा त्यस्तो अवस्था भएको देखे। खपिसक्नु भएन। लामो लामो सास फेरे, सुस्केरा हाले, सीटी बजाए, रीसले राता-राता आँखा लाएर गारुड अस्त्रको ध्यान गरी दिव्य वाणलाई धनुमा संधान गरी त्यस वाणलाई दानवहरूका सैनिकमाथि प्रहार गरे। त्यसबाट पहिले धूवाँको मुस्लो उठ्यो, त्यसपछि आगाका भरभराउँदा फिलिङ्गा निस्के अनि आकाश-भर आगाका ज्वाला भरिए र क्रमशः आकाशको भाँति-भाँतिको रूप भयो। अन्तमा संसारैभर अंध-कार व्याप्त भयो, कतै केही देखिएन। फेरि आकाश उज्यालो भयो। देवताहरू कुबेरको प्रशंसा गर्न-लागे। यस्तो चाल देखेर कुजम्भ निर्ऋतिलाई छाडी कुबेरतिर नै आइलाग्यो। एकातिर जम्भ अर्कातिर-बाट कुजम्भसमेत आइलाग्दा कुबेरले हड्बड़ाए सुइँकुच्चा ठोके। यसरी भाग्दा कुबेरका शिरको बहुमूल्य रत्न जडान भएको मुकुट खस्यो। सो देखेर कुबेरका सैनिकहरूले त्यसलाई घेरेर राखे यक्षहरूको त्यो चाल देखेर प्रचण्ड पुरुषार्थ भएका दानवहरू पहाड़ जस्ता तोपहरूद्वारा यक्षहरूला

पिल्स्याउन थाले। यसरी यक्षहरूलाई हराएर कुबेर-को पगरी लिएर रथमा राखेर युद्धमा कुबेरलाई परा-जित गराएर कुबेरको सारा धनदौलत बटुलेर जम्भा-सुर आफ्नो सैन्यतर्फ लाग्यो। आफ्नो मुकुट गुमा-एका मुडुलो टाउको, छरिएको कपाल, फुस्रो अनु-हार रिस्याइलो मुख लिएर इन्द्रका समीपमा पुगे।

अर्कोतिर कुजम्भको र निर्ऋतिको घमासान परिरहेको थियो। कुजम्भ निर्ऋतिका तामसी माया-मा लटपटिएको थियो र त्यसका सैनिक पनि आँखा नदेखेर अन्धा जस्ता भएका थिए। बाक्लो कुहिरो र अन्धकारले सारा सैनिक वाहन आतुर थिए। सारा दानवहरू मारिंदै थिए। यो अवस्थामा कुजम्भ पनि किंकर्तव्यविमूढ़ थियो। यस्तो देखेर प्रलय कालको मेघजस्तो कालो रूप लिएको महिषासुर निर्ऋतिमाथि जाइलाग्यो र उल्कै उल्काले पूर्ण भएको सावित्र अस्त्रको प्रहार गऱ्यो। जब प्रताप-शाली सावित्रास्त्र चम्केको थियो, तुरन्तै घोर नीहा-रिकाको अन्धकार शान्त भयो। पुनः विस्फुलिङ्गा-स्त्रको प्रयोग गऱ्यो र बाँकी रहेको अन्धकार पनि बिलायो र त्यस आसुरी सेनाको क्षितिज फुलेका

कमलले भरिएको शरद् ऋतुमा सङ्लो भएको स्वच्छ सरोवर जस्तो निर्मल भयो। अनि दैत्यहरूका आँखा खुले। यसरी आँखा खुलेका दैत्यहरू देवताका सैन्यहरूका साथ भुजङ्गास्त्रद्वारा सङ्घर्षका निहुँले विनोद गर्नथाले। पछि कुजम्भले भयङ्कर धनु उठाएर उडेका सर्पजस्ता डरलाग्दा वाणहरूको वर्षा गरेर राक्षसेश्वर निऋतिका फौजलाई आकुल तुल्याउन लाग्यो। निऋतिले पनि त्यस्तै वाणद्वारा कुजम्भका वाणहरू बीचैमा काटे। अनि अरू वाणहरूको वृष्टि गरी ध्वजा काटे, भालाले सारथीलाई रथबाट खसालिदिए। राक्षसराजको यस्तो अद्भुत पुरुषार्थ देखेर रीसले चूर भएको कुजम्भ आँखा राता-राता पार्दै रथैबाट बुर्लुक्क उफ्रेर आकाशे वर्णको खड्ग र दस चन्द्रमा जडेको ढाल लिएर राक्षसराजउपर जाइलाग्यो। यस प्रकारले आइलागेको कुजम्भलाई देखेर राक्षसराजले त्यसलाई मुंग्रैमुंग्राले बेसरी भकुर्नसम्म भकुरे। त्यस चोटले गर्दा हुरुक्क होला जस्तो भएको र मनै उडेको कुजम्भ ढुनमुनिंदै ठाउँ हेरेर हलचल नगरी अडियो र एकछिन आराम गर्दा केही ज्यू ज्यान

पलायो र झौंक्किँदै उफ्रँदै रत्नसेश्वरको रथैमा चढेर बायाँ हातले जुल्फीमा समातेर दाहिने हातले खड्ग उज्याएर घुँडाले अँठ्याएर बोको काटे झैं छ्याक्क पार्नै आँट्यो । यस्तो घटना परैबाट वरुणले देखे र नागपाशले कुजम्भका दुवै हात बाँधिदिए । त्यसपछि ताहँ झार्न गदाले ठोके । गदाको चोटले गर्दा नाक, मुख, कानबाट रगतको धारा लाउँदै त्यहाँबाट अलप भएको कुजम्भ आकाशमा बिजुलीको बेलबुट्टे माला लाएको मेघको रूप लिन पुग्यो ।

कुजम्भको यस्तो हालत देखेर ओडारजस्तो गराई मुख बाएर वरुण रत्नसेश्वर दुवैलाई एकै गाँस पार्न भनेर कुद्दै महिषासुर आयो । महिषासुरको मनसाय बुझेर दुवै जना डरले बडो वेगले भागे । रत्नसेश्वरचाहिं इन्द्रका शरणमा पुगे, तर वरुण भने महिषासुरले पीछा लिएकोले व्यग्र हुँदै भाग्दै थिए । यो देखेर चन्द्रमाले सोमास्त्र प्रहार गरे । त्यसले गर्दा महिषासुरसमेत सब दानवहरू शीतले कक्रनलागे । फेरि चन्द्रमाले वायव्यास्त्र छाडे । अब हिमलहरीसमेतको भयङ्कर आँधी-बेहरी चल्नलाग्यो जसबाट सारा दानवहरू व्याकुल भए ।

नहिंड्न सक्छन्, न कुनै हातहतियार समाउन सक्छन्। त्यस प्रकारको हिमपातले गर्दा दैत्यहरू जम्न लागे। महिषासुर जाडोले लुगलुगती काम्न लाग्यो, छातीमा हात राखी उधोमुन्टो लाएर बस्यो। यसरी चन्द्रमाबाट हार खाएका दैत्यहरू लडाइँको कुरै छाडेर बाँच्न मात्र पाए हुनेथियो भन्नलागे। दानवी सेनाको यस्तो हालत देखेर रीसले आगो भएर कालनेमि आएर सारा दैत्यलाई भन्न लाग्यो- हे दानव वीरहो! स्वांग गर्दछौ, केको अभिनय हो ? सबका सब तिमीहरू सम्पूर्ण शस्त्रविद्यामा पारंगत छौ। तिमीहरूमध्येको एक एक वीर यो विश्वलाई एकै गाँस पार्नसक्छ। एक एक वीरका अगाडि समस्त देवताहरूको जतिसुकै विशाल सेना पनि तृण समान छ। तिमीहरूको एक कलासम्म पनि देवताहरू पुग्न सक्दैनन् भने किन हार खान्छौ? देवताबाट हारेर कहाँ जान्छौ ? बस, शूर वीर भए-का विशेष गरेर दैत्यकुलमा जन्मेका तिमीहरूको यस्तो नामर्दीपन साह्रै नै शरमको कुरा हो। लोकैका मारक हाम्रा राजा तारक तिम्रा आँखाका ओझेलमा छन्। तिमीहरूको यस्तो नामर्दीपन चाल थाह पाए

भने रीसले एक एक गरेर तिमी सबैलाई मार्नेछन्। यति भन्यो र वास्तव कुरातिर ध्यान दिंदा बुझ्यो कि सारा दैत्यहरू ठण्डीले न त कानै सुन्छन् न त आँखै देख्छन्, न त बोल्नै सक्छन्, लाटा, गूँगा, बहिरा, अन्धा भएका छन्। सारा दाँत कटटट बजि-रहेछन्, कसैको होशहवास छैन। जाडोले गँगरि-एका छन्। कालनेमिले सोच्यो, अब मैले समयो-चित काम गर्नुपर्दछ। अनि त त्यो कालनेमि महा-सुर क्षणभरमै बढ्दा बढ्दा दिशा विदिशा आकाश व्याप्त भयो र आफ्ना शरीरमा दस हजार सूर्यको सिर्जना गऱ्यो र दिशा विदिशामा आफ्ना दानवी मायाले प्रचण्ड तापको पनि सिर्जना गऱ्यो। यति भएपछि तीनै लोक आगाका ज्वालाको रापले र सूर्यको तापले क्षणभरमै तात्यो र त्यो हिमको वृष्टि समेतको शीतलहरी स्वयं शान्त भयो। क्रमशः शीतदुर्दिन फाट्दै जाँदा सो युद्धको मैदान झरी-पछिको दिन झैं झलमलल भयो। कालनेमिको मायाका प्रभावले सबै दैत्यलाई राहत मिल्यो। सबै विचेत भएका दैत्यहरू सचेत भए।

सूर्य, कालनेमि संग्राम

यो देखेर सूर्यले अरुणलाई भने, कालनेमिको रथ जहाँ छ, त्यहीं हाम्रो रथ तुरन्त लग । त्यहाँ भयंकर संघर्ष हुनेछ जसमा शूरवीरहरूको विनाश हुनेछ । यी चन्द्रमा हार खाएका छैनन् । उनको सैन्य ठीक ठाउँमा छ । यस्तो भगवान सूर्यनारायणको आज्ञा हुनासाथ अरुणले रथ बढाए । सूर्यले धनु उठाएर त्यसमा दुई नागजस्ता वाणको सन्धान गरी यौटाले संचारास्त्रको अर्कोले इन्द्रजालको प्रहार गरे । संचा-रास्त्रले दैत्यहरूको स्वरूपमा परिवर्तन गरायो । दैत्य-हरू देवताहरू जस्ता देखिए । त्यस्तै देवताहरू दैत्य-जस्ता देखिए । कालनेमिलाई यस कुराको अत्तोपत्तो छैन । त्यसैले अब त्यो रीसले चूर छ र आफ्ना छिटो-छरितो हस्तकौशलले देवरूपी दैत्यहरूलाई भकाभक मार्नलाग्यो । यसमा कहीं कुनै रोकतोक छैन । दना-दन दानवहरू भक्लान हुनथाले । यो देखेर नेमिले आएर कालनेमिलाई भन्यो—हे कालनेमि, म देवता होइन नेमि हुँ । कुरा बुझ । सूझबूझ राखेर काम गर । मोहमा परेर तिमीले यस युद्धमा ठूला-ठूला धेरै वीर-हरू मार्‍यौ, जुन वीरहरूलाई देवताहरूले केही गरेर

पनि मार्न सक्दैनथे त्यस्ता दैत्यका दस लाख वीरहरूलाई आफैले मारेर सोतर पाऱ्यौ, ठूलो भूल गऱ्यौ। आफ्ना दुश्मन देवताहरूलाई नै सजिलो बनाइदियौ। यस कुराको रहस्य थाह पाए भने तिमीलाई महाराज तारकासुरले के गर्लान्, विचार गर। सबै प्रकारका शस्त्रहरूलाई नियंत्रण गर्ने ब्रह्मास्त्र हो, तसर्थ त्यसको विधिपूर्वक प्रहार गर नत्र भने बित्यास परिसक्यो। यसरी नेमिले संझाउदा कालनेमि छाँगाबाट खसे झैं भयो र बड़ो संभ्रमसँग ब्रह्मास्त्रको विधिपूर्वक संधान गरेर प्रहार गऱ्यो। त्यस ब्रह्मास्त्रका तेजले संचारास्त्र स्वयं शांत भयो। यसरी संचारास्त्र शांत हुनासाथ सूर्यको फूर्ति सेलायो र महेन्द्रजाल अस्त्रका प्रयोगद्वारा हजारौं स्वरूपमा सूर्य प्रकट भए। हजारौं सूर्यका किरणले तीनै लोक व्याप्त भयो र संपूर्ण दैत्यको सैन्य सूर्यका तापले सुकेर रगत मासु बोसो केही शेष रहेन। यसै बीचमा चारैतिरबाट आगोको वर्षा हुनथाल्यो। अब दैत्यको सेनामा के सिपाही के सेनापति सबै अंधा भए। हात्ती सबै सुकेर ढले। घोड़ाहरू पानीका प्यासले तिर्खाएर स्याँ-स्याँ गरेर धकाउन लागे। रथी र रथका घोड़ाहरू

पानीको खोजमा यत्रतत्र भट्कन थाले। पानी, सियाँल, ओडार कहाँ कतै पाइन्छ कि भन्दै दसतिर दौडे। डढेलाको आगोले घेरिए, केही पर पानी देखिन्छ तर जाने हुति छैन, खरो भएर प्याकप्याकती मुख बाएर ढुनमुनिएर घोड़ामाथि रथ, रथमाथि हात्ती, पैदल जवानमाथि घोडा लडेर सोत्तर किचिएर आफैं थिचिएर मिचिएर समाप्त भए। कति दौड्दा-दौड्दा थाकेर रगत छादेर मरे। यसरी हजारौं वीर दानव-हरू सखाप भए। दैत्यहरूको यस्तो दुर्दशा भएको देखेर क्रोधाग्निले जलेको कालनेमि गर्जंदै उफ्रँदै आकाशमा पुगेर प्रलयकालको मेघ जस्तो भयो। चारैतिर लाखौं लाख बिजुली चम्के। लाखौं लाख चट्याङ्ग चट्कनलागे। सूर्यको महेन्द्रजाल सखाप भयो। आकाशबाट हातीसूँडे ठण्डा जलको वर्षा दैत्यहरूका सेनाउपर धररर दर्क्यो। दैत्यहरूलाई राहत मिल्यो। सुक्न लागेका मर्न लागेका बोट ब्यू बिरुवा घाँसपात लहरा जेउराहरूले पानी पाए भैं मौलाए। यसपछि त्यस कालनेमिले देवताका सैन्य-उपर वाणहरूको वर्षा गर्नथाल्यो। त्यस वाणवर्षाले र भयङ्कर पानीको वर्षाले गर्दा व्याकुल भएका

देवताहरूको कुनै चारा, कुनै गति, कुनै पनि आश्रय नहुँदा आँधी-बेहरीसमेतको असिनाले चुटिएका गाई, भैंसी, भेडा, बाख्राको बथान जस्ता भएर देवताका सैनिकहरू हतियार फालेर परस्परमा टाँस्सिएर हात्तीका टाँगमनि बसेर, रथमनि लुकेर ज्यान जोगाउन लागे। कति ज्यू कक्रिएर हातले मुख छोपेर यता जाऊँ कि उता जाऊँ भएर घुम्नथाले। यस प्रकारको देवताहरूको कालै जस्तो सङ्घर्षमा कति देवताहरू हात खुट्टा घुँडा तिघ्रा शिर धड़ काटिएर लडेका छन्। कति रथ घोप्टिएका छन्, ध्वजा, पताका, छाता, हात्ती, घोडा, रथ, सिपाही समेतका महावीरहरू खेत रहेका छन्, रगतको खोलो लागेको छ, यसरी मुहूर्तभरमा त्यस कालनेमिले एक लाख गन्धर्व, पाँच लाख साठी हजार यक्ष, तीन लाख किन्नर, सात लाख पिशाच र अरू देवताहरूका निकायहरूबाट असंख्य करोडौं करोड सखाप पाऱ्यो। यसरी उग्र रूपमा देवताहरूको विनाश भएको देखेर क्रुद्ध भएका अश्विनीकुमार दुवै भाई अगाडि बढे। त्यस कालाग्नितुल्य कालनेमिउपर एक-एकले साठी वाण प्रहार गरे। मर्मभेदी

ती वाणहरूले गर्दा किंकर्तव्यविमूढ भएर प्रायः विचेतै भयो। केही क्षणपछि सम्हालिएर धीरज धरी तेलले मलेको तीखो धारिलो आठकुने चक्रले अश्विनीकुमारका रथको हरिस नै काटिदियो र धनु लिएर सर्पजस्ता वाणको सन्धान गरेर आकाशै ढाक्ने गरी अश्विनीकुमारका शिरमै प्रहार गऱ्यो। तर ती सबै वाण विफल गराइदिए। अश्विनीकुमारको यस्तो कामले गर्दा विस्मयमा परी रिसाउँदै कालदण्डजस्तो फलामे भयङ्कर मुंग्रो लिई वेगले घुमाएर अश्विनीका रथउपर प्रहार गऱ्यो। त्यो मुग्दर देखेर दुवै अश्विनीकुमार रथबाट बुर्लुक्क उफ्रेर आकाशमा पुगे। रथ भने दुवैको त्यस मुंग्राले चूर्ण पाऱ्यो र मुंग्रो धर्तीमा धसियो। कालनेमिको त्यो चाल देखी अश्विनीकुमारले पनि दैत्यको शेखी झार्ने खालको वज्रास्त्रको संधान गरी प्रहार गरे। त्यसबाट सारा दैत्यसेनामाथि वज्रै वज्रको वर्षा भयो र त्यसबाट कालनेमिले देख्दादेख्दै संपूर्ण दैत्यसेनाको रथ ध्वज, धनु, चक्र, सुनका कवच सबै तिल बराबर भएर काटिए अनि कालनेमिले पनि नारायणास्त्रद्वारा वज्रास्त्रलाई शमन गरायो र दुवै अश्विनी-

कुमारलाई ज्यूँदै पक्रन भनी दौडेर आयो। त्यो देखेर तर्सेका दुवै जना हातहतियार छोडेर भागी इन्द्रका रथका समीपमा पुगे। कालनेमि पनि लघादैं आफ्ना सैनिक जवानका साथ इन्द्रका रथका समीपमा पुगिहाल्यो। यस्तो घटना देखेर समस्त प्राणीहरू त्रस्त भए। कालनेमिको क्रूरता बुझ्ने सबैले ठाने अब महेन्द्रको पराजय हुने लक्षण देखिन लाग्यो जसबाट सबै लोकको विनाश अवश्यंभावी छ र मुख्य मुख्य पर्वतहरू हल्लन लागे। आकाशबाट उल्कापात हुनलाग्यो। दिशा विदिशामा बेमौसम मेघहरू गर्जन लागे। समुद्रहरू बेथितिसंग उर्लिनलागे।

विष्णु समागमन

यस प्रकारले जतातते भौतिक विकृति भएको देखेर आनंदसंग योगनिद्रामा परी पलङ्गमा सुतेका भगवान विष्णु जागा भए। महालक्ष्मीजीका कोमल बाहुलीद्वारा कमलजस्ता पाउ दाबिएका, शरद्को आकाश जस्तो वर्णका छातीमा कौस्तुभमणि पहिरेका सुन्दर बाजू बाँधेका आत्माराम स्वरूपका अन्तर्यामी भगवानलाई थाहा भयो कि दैवी शक्तिलाई

आसुरी शक्तिले अँचेटिरहेछ, यस्तो अवस्था रहि-रह्यो भने संपूर्ण विश्व विनाशको धर्ती फाटोमा भासिन जानेछ, चूप लागेर बस्ने वेला छैन भनेर गरुड़लाई डाक्न पठाए। आज्ञानुसार गरुड़ उपस्थित भएपछि नाना प्रकारका दिव्य शस्त्रास्त्रहरू सज्जित पारेर गरुड़मा सवार भएर जहाँ देवताहरू थिए उहाँ पुगे र हेर्दा राम्ररी नै थाह भयो। काला काला भयंकर प्रचण्ड रूखा घमंडी आक्रमणकारी दैत्य-हरूले देवेन्द्र महाराज महेन्द्रलाई घेरेका छन्। धनसम्पत्तिले प्रमत्त, अस्थिर भाग्य भएका घोर स्वभावका दानवहरू इन्द्रलाई निमोठ्न खोजिरहे-का छन्, देवताहरूको परित्राणद्वारा दैवी सम्पदाको अभिवृद्धि नगरेमा आसुरी जगतको वृद्धि हुनेछ र विश्व विनाश हुनेछ भन्ने विचारले दैवी जगतको सहायता गर्न आएका विष्णुलाई आकाशमा पहिले प्रतप्त किरण भएका उदयाचलका टाकुरामा रहेको सूर्यजस्तो ज्योतिर्मण्डल देखे र यसको के कस्तो प्रभाव होला भनी पुनः हेर्दा प्रलयाग्नि जस्ता गरुड-लाई देखे। त्यसपछि त्यसमाथि चढेका मेघ झैं श्याम वर्णका अविनाशी विष्णुलाई देखे। विष्णुलाई

देखेर दैत्यहरू निकै प्रसन्न भए र भन्नलागे– यो विष्णु देवताहरूको सर्वस्व हो। यसलाई जितेपछि संपूर्ण देवतामाथि हाम्रो विजय हुन्छ। यो विष्णु दैत्यमण्डलको कालै हो। यसैका भरमा देवताहरू यज्ञभाग खान पाइरहेका छन्। अब यहाँबाट यसलाई उम्केर जान दिनु हुँदैन भन्दै सबै दानवहरूले चारैतिर घेरा हालेर युद्धभूमिमा विष्णु ओर्लन पाउँदा नपाउँदै थरी थरीका शस्त्रहरूको प्रहार गर्नथाले। कालनेमिसमेतका दैत्यका दसै प्रधान सेनापति भेला भए। पहिले कालनेमिले साठी वाणले विष्णुमाथि प्रहार गर्‍यो। निमिले सय वाण, मथनले अस्सी वाण, जम्भकले सत्तरी, शुम्भले दस, बाँकी पाँचमध्ये एक एकले दसदस वाणले एकै बाजि प्रहार गरे। ती दैत्यहरूको त्यस कामउपर रत्तीभर त्तमा नराखी एकेक दैत्यका ऊपर छ छ बाणको प्रहार गरे। कालनेमिले पनि जोरसंग कानसम्म धनु खिंचेर तीन वाणले विष्णुको छातीमाथि प्रहार गर्‍यो। ती बाण विष्णुका छातीमा कौस्तुभमणि झैं देखिए। त्यसरी जिस्क्याइएका विष्णुले रीसले चूर भएर मुंग्रो लिएर घुमाएर

कालनेमिमाथि प्रहार गरे । तर त्यसलाई त्यसले आकाशमै काटेर आफ्नो पौरुष देखायो । विष्णुले फेरि भयंकर प्रासले कालनेमिको छातीमा प्रहार गरे। त्यस प्रहारले त्यो एकछिन त विचेतै भयो, होश आउनासाथ तीखो शक्तिले विष्णुका बाहुमा प्रहार गर्‍यो । त्यसको चोट बायाँ हातमा पर्‍यो र रगतको खोलो बग्यो र रीसले चूर हुँदै विष्णुले आफ्नो विशाल धनुमा सत्रओटा तीखा नाराच वाण चढाएर प्रहार गरे । कालनेमिको छातीमा पहिले छ वाण अनि तीन वाण चढाएर प्रहार गरे । चारले सारथी, एकले ध्वजा, दुइले ताँदो र धनु, एकले बायाँ हातमा प्रहार गरे। यस प्रकारसंग चोट खाएको छातीमा पीडा परेको कालनेमि रगत बगाउँदै आकुल भएर हुरीले हल्लाएको फुलेको पलाश झैं हल्लँदै थियो, विष्णुले त्यसको टाउकामा गदाले बजाए । त्यस गदाले त्यस दैत्यको टाउको फुट्यो, मुकुट सुकुट कुच्चियो, नाक मुख कानहरूबाट रगतको धारो लाग्यो र आफ्नो भत्केको रथमा विचेत भएर धुकधुकी साससम्म रहेर लड्यो र रथमुनि खस्यो। यसरी खसेको कालनेमिलाई देखेर विष्णुले मन्द

मुस्कान छर्दै भने–जा अधम ! अहिलेलाई छाडिदिएँ, निर्भय भैं बाँच् ! तर थोरै समयमा नै तँ मेरै हात-बाट मर्नेछस् ! यो वाक्य सुन्नासाथ कालनेमिको सारथीले रथमा राखेर आफ्नो मालिकलाई टाढा पुऱ्यायो ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे कुमारागस्त्य सम्वादे माघमाहात्म्ये श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां देवासुर संग्रामे विष्णुकृत कालनेमि पराजयवर्णनं नाम नवमोऽध्यायः ॥ ९ ॥

दशमः अध्याय

ग्रसनवध

कुमारजी आज्ञा गर्नुहुन्छ–हे अगस्त्यजी, यसै त विष्णुलाई देख्नेबित्तिकै दैत्यहरू क्रोधले आगो झैं भएर जलेका छँदै थिए, त्यसमाथि झन् यसरी कालनेमिलाई हराएर आफू जितार भएर युद्धभूमिमा खाफसाथ रहेका विष्णुलाई देख्दा दैत्यका सेनापति-हरूको रीसको सीमै रहेन र मह काढ्दा रिसाएका माहुरी झैं सारा फौज लिएर चारैतिर घुम्नलागे । काला चमरहरू लर्काइएको, सफेद बेलबुट्टा भएका पचरंगी पताका सजेको, गण्डस्थल फुटेको, मदको धारा चुहाइरहेको, आँकीनसक्नु पर्वत झैं भयंकर हात्तीमा चढेर युद्धमा निमि दैत्य विष्णुमाथि जाइ-

लाग्यो । त्यसका पदरक्तक दानवहरू किरीट कवच पहिरेका डरलाग्दा सत्ताईस हजार थिए । मथन घोडा चढेको, जम्भक ऊँटमा चढेको, शुम्भासुर जंगी भेडाको साँढमा चढेको थियो । यिनीहरूका साथै अरू पनि बड़े-बड़े दैत्य दानव र असुरहरू कसिकसाउ भएर नाना भाँतिका हातहतियार लिएर रणमा विष्णुमाथि जाइलागे र शस्त्रास्त्रका वर्षा छाड्नलागे । लोहाको दण्डले निमिले, मथनले मुंग्राले, शुम्भले शूलले, ग्रसनले प्रासले, महिषासुरले चक्रले, जम्भले शक्तिले, अरू दैत्यहरूले तीखा-तीखा वाणले एकैचोटि चारैतिरबाट प्रहार गरे । ती सबैका शस्त्रास्त्रहरू नारायणका शरीरमा उत्तम शिष्यका हृदयभित्र गुरुजनका उपदेश जस्तै एक एक गरेर पसे । तर पनि नारायण रत्तीभर नहडबडाई हातमा धनु लिएर सर्पजस्ता, तेलले पुछपाछ पारिएका सीधा भएर लक्ष्यभेद गर्ने वाणहरूको संधान गरेर कानसम्म धनु खिंचेर दैत्यहरूमाथि जाइलागे । अग्निजस्ता बीसओटा वाणले निमिलाई, दस वाणले मथनलाई, पाँच वाणले शुम्भलाई, एक वाणले महिषलाई र जम्भ-

लाई बाहु वाणले प्रहार गरे र फेरि सबैलाई एक एक गरी आठ आठ वाणले प्रहार गरे । विष्णुको यस प्रकारको हातको छरित्याइँ देखेर रीसले चूर भएका सबै असुरहरू उग्र शब्द गरी चिच्याउँदै अत्यन्तै अद्‌भुतको लड़ाइँ गर्नलागे । भालाको प्रहार गरेर निमिले विष्णुको धनु, हातमा लिएको वाणलाई महिषासुरले काटिदियो र तीखा वाणहरू-को प्रहार गरी जम्भले गरुड़लाई र विष्णुको बाहु-मा शुम्भले एकैचोटि प्रहार गऱ्यो। यस प्रकारसँग एकैचोटि आइलागेका दानवहरूले मारमुंग्री गरी धनु काटिदिंदा विष्णुले गदा उजाएर वेगसाथ मथनमाथि प्रहार गरे । त्यो गदा पनि आइनपुग्दै निमिका वाणले तिल बराबर गरी काटिदिए । छोटासँग गरिएको याचना झैं गदा विफल भएको देखेर विष्णुले रत्नखचित दिव्य मुग्दर उठाएर निमिमाथि प्रहार गरे । त्यो मुग्दर पनि आइनपुग्दै बीचमै जम्भको गदा, ग्रसनको पट्टिश र महिषासुर-को शक्तिले काटियो । यसरी दुर्जनउपर गरिएको प्रणय प्रीति व्यर्थ भए झैं आफ्नो मुग्दर व्यर्थ भएको देखेर विष्णुले आठ घण्टको डरलाग्दो घन्कार

भएको अग्रभाग उग्रै देखिने शक्तिले जम्भमाथि प्रहार गरे। त्यस शक्तिलाई पनि आकाशमै गजासुरले समात्यो। विवेकशील व्यक्तिले अर्ती उपदेशलाई टपक्क टिपे झैं त्यस शक्तिलाई गजासुरले टिपेको देखेर विष्णुले अर्को बलियो गऱ्हुँगो धनु लिएर त्यसमा रौद्रास्त्रको संधान गरेर त्यस गजासुरउपर प्रहार गरे। त्यसको तेजले चराचरै व्याप्त भयो। आकाश वाणै वाणले भरियो। पृथ्वी, दिशाविदिशा सबै वाणका जालले जेलिए जस्ता देखिए। रौद्रास्त्रको यस प्रकारको खूबी देखेर तारकासुरको प्रधान सेनापति ग्रसनासुरले ब्रह्मास्त्रको प्रयोग गऱ्यो र त्यसले गर्दा त्यो रौद्रास्त्र शान्त भयो। यसरी रौद्रास्त्र शान्त भएको देखेर विष्णुले आफ्नो धनुषमा कालदण्डास्त्रको संधान गर्नलागे। भयंकर कालदण्डास्त्रको संधान गरिंदा रूखो हावा चल्यो, भूईंचालो गयो, दैत्यहरूको मुटुले ठाउँ छाड्यो। त्यो उग्र अस्त्रलाई देखेर दैत्यहरूले पनि त्यस युद्धमा आफ्आफ्ना दिव्य-दिव्य नाना भाँतिका अस्त्रहरूको संधान गर्नथाले—ग्रसनले नारायणास्त्र, निमिले चक्र र जम्भले एक से एक नयाँ नयाँ खालका

शस्त्रास्त्रहरूको संधान गर्दा नगर्दै त्यस कालदण्डले करौडौं दानववीरहरूलाई एकै क्षणमा हस्ती एवं घोडासमेत सखाप पारिछाड्यो र दैत्यहरूका शस्त्रास्त्र-द्वारा स्वयं पनि शांत भयो । आफ्नो कालदण्डास्त्र शांत पारिंदा रीसले तमतमाउँदो अनुहार भएका विष्णुले दस हजार सूर्य झैं चम्किने तेजिलो धारिला उग्र आराहरू भएको भयंकर दोस्रो कूटस्थ आत्मा जस्तो सुदर्शन चक्रको संधान गरेर वज्रसार भएको ग्रसनको उग्र कण्ठस्थलको लक्ष्य गरेर प्रहार गरे । त्यसलाई पनि आकाशमै विफल पार्न भनेर तारका-सुरका प्रधान सेनापति ग्रसनासुरसमेत वीर-वीर दानवहरूले जाने बुझेसम्मको पुरुषार्थ गरे तर प्रचण्ड प्रारब्ध कर्मको भोगलाई पन्छाउन गरिएका धर्म-कर्मका विविध प्रकारका प्रयोगहरू झैं सबै विफल रहे । यस प्रकार अकुण्ठित शक्ति भएको सुदर्शन चक्र गएर ग्रसनासुरको घाँटी कटक्कै काटी चटक्कै चुँडाली आफ्नो नाभिस्थान रक्ताम्मे पारी दन्केको आगोको ज्वाला जस्तो त्यो सुदर्शनचक्र पुनः विष्णु-का बाहुलीमै पुगेर रह्यो ।

मथनवध

यस प्रकार तारकासुरको प्रधान सेनापति ग्रसनासुर जब मरेको थियो तब सबै दैत्यहरू अनियंत्रित भएर विष्णुका साथ घमासान युद्ध गर्न थाले। गदा, पाश, पट्टिश, मुसल, कुशल, नाराच, शक्ति, चक्र आदि शस्त्रास्त्रहरूको पर्रा छुट्यो। ती सबै दैत्यहरूका शस्त्रहरूलाई अद्भुत योद्धा विष्णुले एक एक गरेर तिल बराबर गरी टुकटुक पारिदिए। अब सबै दैत्यहरूका हतियार प्रायः सकिए तसर्थ केही शस्त्रास्त्र नहुँदा दैत्यहरू आकुल भए। कुनै हतियार लिनै पाएनन् र मरेका हात्ती घोडाका लाशहरू उचाल्दै हिर्काउँदै गरी लडाइँ गर्नलागे। विष्णुले पनि धेरै स्वरूप लिएर केही बेर सबैसित लड्दै रहे। चारैतिरबाट दैत्य-हरूले घेरिएका र सबै तिरबाट आएका शस्त्रहरूको एक ठाउँबाट यौटै व्यक्तिबाट निवारण गर्नुपर्दा विष्णुको हात गल्नु स्वाभाविक थियो तर पनि त्यस घनघोर युद्धमा विष्णुले गरुड़लाई भने—गरुड़, तिमी थाक्यौ कि ? थाकेका छैनौ भने मथनासुरको रथअगाडि मलाई पुऱ्याऊ। थाकेका छौ भने एक-

छिन विश्राम गर्न युद्धभूमिबाट बाहिरतिर हिंड । विष्णुको आज्ञा सुनेर गरुडले विष्णुलाई मथनको अगाडि लगेर खड़ा गरे । आफ्ना संमुखमा विष्णुलाई देख्नासाथ मथनासुरले भिन्दिपाल भन्ने शान लागेको तीखो वाणले विष्णुका छातीमा हानिहाल्यो र विष्णुले पनि त्यसको प्रहारको पर्वाहै नगरी त्यसमाथि उजिल्याएका उध्याइएका पाँच वाणको प्रहार गरे । दस वाणले त्यसको छातीमा हाने । विष्णुका वाणले मर्मभेदन हुन गएको मथन ढुन्मुनियो । एकछिनपछि चेत आयो र रीसले मुंग्रोले विष्णुमाथि प्रहार गर्‍यो । त्यसका चोटले विष्णु पनि एकछिन त रन्थनिए तर रीसले आँखा पर्लक्क पारी कौमुदकी गदा उचालेर रथै समेत त्यस मथनलाई त्यहीं चकनाचूर पारिदिए । पहाड़मा पहिरो लडे झैं मथनासुर त्यहीं डङ्रंग भएर लड्यो ।

महिष पराजय

प्रचण्ड पराक्रमी मथनको पतन भएको देखेर धापमा परेका हात्ती झैं सारा दैत्यहरू किंकर्तव्यविमूढ भए । दैत्यहरूको यस्तो दशा देखेर राता-राता आँखा पारी भक्कूलाई दिएको रांगो झैं

महिषासुर विष्णुमाथि जाइलाग्यो र तीखो त्रिशूलले विष्णुलाई र शक्तिले गरुड़लाई हिर्काइहाल्यो र मुख बाएर ओडार जत्रो बनाएर विष्णु र गरुड़लाई एकै गाँस पार्न भनेर दौड्यो। त्यस महिषासुरको मनको कुरा बुझेर विष्णुले त्यसका मुखभरि शस्त्रै शस्त्रको बुजो हालेर भरिदिए। त्यसपछि वाणको वर्षा गरेर छोपिदिए। मुखमा वाणहरू भरिएको र वाणहरूका प्रहारले घायल भएको महिषासुर फरक्क फर्केर डङ्रङ्ङ भएर लड्यो तर मर्न भने मरेन। यस-प्रकारसँग भैंमा लडेको महिषासुरलाई देखेर विष्णुले भने—ए महिषासुर! तँ वीर पुरुषका हातबाट मारिने हैनस्। तेरो मृत्यु एक अबला नारीका हातबाट हुनुपर्ने कुरा ब्रह्माजीले भन्नुभएको छ। तसर्थ उठ्, यस युद्धबाट ज्यान जोगाएर भागिहाल्। यस्तो विष्णुको वाक्य सुनी महिषासुरले लरखराउँदै त्यस समरांगणबाट सुइँकुच्चा ठोक्यो।

शुंभ पराजय

यस प्रकार महिषासुर रणभूमिबाट हटेपछि रीसले ओठ टोकेर आँखीभौं र मुखसमेत बाङ्गोटिङ्गो पारी हात मल्दै पाखुरा सुर्कंदै भयंकर धनु उचाली ताँदो

चढ़ाई साँप जस्ता बाणहरूको संधान गरी आगै ओकल्ने शर वर्षा गरी शुम्भले विष्णु र गरूडलाई समेत घायल पार्ने प्रयास गऱ्यो। विष्णुले यस वाणवृष्टि-को परवाहै नराखी कालाग्नितुल्य महान् मुशुण्डी लिएर गोला वर्षाई पहाडैजस्तो बड़ेमानको शुम्भ-को वाहन भेडाको साँढलाई पिस्नुसम्म पिसेर लडाइ-दिए । लडेर मर्न लागेको साँढका पिठ्यूँबाट बुर्लुक्क उफ्रेर भैंमा पैदल खड़ा भयो। त्यहाँ पनि त्यसमाथि विष्णुले वाणहरूको वर्षा गरि नै रहे । कालाग्नि-तुल्यका विष्णुका वाणले हातमा, छ वाणले टाउका-मा र दस वाणले ध्वजामा प्रहार गरे। यस प्रकार-ले हानेका वाणहरूले घायल हुन गई रगतको धारा बगाई व्यथित भएको र अधीर हुन गएको देखेर विष्णुले भने, ए शुम्भ, तँ थोरै दिनमा एउटी कुमारी केटीका हातबाट मर्नेछस्। हामीजस्ता वीरका हातका शस्त्रले तेरो मृत्यु हुने भाग्यमा छैन । व्यर्थ यहाँ युद्ध गर्न अगाडि नआ, भाग् , पर जा। विष्णु-को यो वाक्यले मानभंग भएर शुम्भ पछि सऱ्यो । यो देखेर विष्णुलाई पिसेर छाड्छु भन्दै प्रचण्ड गदा लिएर निमि आइलाग्यो र गरुड़का शिरमा बजाऱ्यो।

परिघ उठाएर जम्भासुरले विष्णुका सिरमा ठोक्यो। दैत्यहरूका अस्त्रका चोटले ती विष्णु र गरुड़ मेघ र आगो जस्ता दुवै जना भैंमा मूर्छित भएर लड्न पुगे। यस्तो घटना देखेर समस्त दैत्यहरू सिंहनाद गर्दै गर्जन लागे। कुनै धनुको टंकार गर्नलागे, कुनै पशुरूपका दैत्यहरू आफ्ना खुर र नंग्राले भुईं खोस्रन लागे। कतै कपड़ा फटकार्न लागे त कतै विजयका बाजाहरू बजाउन लागे। यसका केही छिनपछि गरुड र विष्णु दुवैलाई चेतना आयो र कालको गतिविधि र कर्तव्यको अठोटतर्फ समेत ध्यान दिनुपर्ने स्थिति हुनाले त्यहाँबाट गरुडमा चढेर विष्णु पछि हटे। अब विष्णु पनि भागे भनेर दानवहरू झन् हर्षले उन्मत्त भए। देवतातर्फ यस घटनाले गर्दा विषादले घेर्‍यो। इन्द्रले पनि भगवान् विष्णु भाग्नुभयो भन्ने ठाने र के गर्ने भनेर निश्चय गर्न सकेनन् र विष्णु रहेको ठाउँको पत्तो लगाएर त्यहीं पुगे। अनि मीठो बोलीमा उत्साह वृद्धि गराउँदै विष्णुसँग भने कि- भगवन्, दुष्ट मनोवृत्ति भएका यी दानवहरूसँग किन यस्तो खेलवाड़ गर्नुभएको हो? दुर्जनले

छिद्र पाए भने सुख दिंदैनन्। समर्थ व्यक्तिले दुर्जनको दुष्टताउपर उपेक्षा गरिदियो भने त्यो नीच दुर्जन आफ्नो विजयमा गर्व गर्दछ र अरू बढी कुकर्तव्य गरी जनतालाई दुःख दिन थाल्दछ तसर्थ नीच व्यक्तिलाई बढाएर छाड्नु हुँदैन, अतः अघि बढ्नोस् । साधन संपत्तिलाई सुसज्जित पार्नोस् । साधनशक्तिसम्पन्न महापुरुषहरूका हात-मा अवश्य विजयलक्ष्मी आउँछिन्। अर्को कुरा अघि तपाईंले कुनै साधनको पनि वास्ता नै नगरी एकलैले हिरण्याक्ष, हिरण्यकशिपु आदि दैत्यहरू-लाई ढालिदिनुभएको हो, तपाईंका संमुखमा पर्नासाथ हिरण्यकशिपुको स्वतः स्मृतिविभ्रम भए-को थियो, अगि कति-कति आसुरी शक्तिका आश्रयमा रही दैवी शक्तिको खेदो गर्ने वीर दैत्य दानवहरू बत्तीका पुतली झैं भए, पुराकालमा युगौंपिच्छे तपाईं नै आसुरी शक्तिको मर्दन गर्नुहुन्थ्यो, त्यस्तै अहिले पनि डुब्न लागेको दैवी शक्तिको लागि तपाईं एकमात्र आधार हुनुहुन्छ, अब हामी-लाई आश्रय दिन उठ्नुहोस् । यसरी इन्द्रले प्रार्थना गरिएका विष्णु बढ्दै बढ्दै गएर महान् हुनुभयो।

उत्तमोत्तम समृद्धिले परिपूर्ण भएर सज्जनका वैरीहरूको विनाश गरी संपूर्ण प्राणीहरूको आश्रय स्वरूपमा रही महाराज इन्द्रलाई देश, काल र परिस्थितिअनुसार भन्न लाग्नुभयो—यी सबै दानवाधिराजहरू तिम्रा उपायहरूद्वारा नै वध्य छन्, अरूको मुख ताक्नुपर्नेछैन। एक तारकासुर सातदिने शिशुका हातबाट मात्र मर्दछ। तिम्रो शक्तिदेखि बाहिरको कुरा हो। कुनै स्त्रीका हातबाट र कुनै कुमारी केटीका हातबाट मर्ने खालका छन्। अब तिमीले आफ्नो पुरुषार्थ देखाएर दिव्य पुरुषार्थद्वारा जंभको वध आफ्नै हातले गर। तिमीबाहेक अरूका हातबाट यसको वध हुँदैन। त्यसैले यसलाई युद्धभूमिमा मैले छाडेर भगुवा जस्तो भएर आएको हुँ। तसर्थ लोककण्टक समान भएको जम्भासुरको वधका निम्ति उद्योग गर। म तिम्रो सहायता गर्नेछु।

विष्णुको यस प्रकारको सरसल्लाह पाएर महाराज इन्द्रले देवताहरूलाई सैन्यसंगठन गर्न र त्यसको विभिन्न व्यूह रचना गर्नसमेत आदेश दिए। पराक्रम र तपहरूसमेतका सार वस्तुहरूको संक-

लन गर्न सुझाव पनि राखियो । त्यस सैन्य रचनामा अग्रसर हुन एकादश रुद्रलाई संकेत दिइयो । अतएव सबै रुद्रहरू सर्पहरूले कसिकसाउ भएका, बलिया नीलो घाँटीवाला, जुरामा चाँद लाएका, अग्निज्वालावाला त्रिशूल लिएका डरलाग्दा भएका, कैला अग्ला जटाको जुरा कसेका, हात्तीको छाला काँधमा र बाघको छाला कम्मरमा बाँधेका, सदा दैत्यहरूलाई थर्कमान गराउने कपाली, पिङ्गल, भीम, विरूपाक्ष, विलोहित, अजेश, शासन, शास्ता, शम्भु, खण्ड, ध्रुव—यी अत्यन्त बलशाली प्रतापी एकादश रुद्रहरू देवसेनाको संरक्षण गर्दै दैत्यहरूका छातीभित्र धर्सा छुटाउँदै देवताहरूलाई बढावा दिंदै मेघ झैं गर्जदै सेनाका अघि लागे । हिमालय जस्ता सेता सुवर्णकमलको माला लाएको, चमर हल्लाएर सुनका घण्टा घुँगुराहरू झुण्ड्याएका, चार दाह्रे ठूलो पहाड जस्तो ऐरावत हात्तीमा हिमगिरिका टाकुरामा चम्किला सूर्य झैं महाराज इन्द्र चढेका थिए । दायाँ बायाँ दुइतिर अग्नि र वायु, पछाडि विष्णु सेनासहित इन्द्रको संरक्षक भएर रहे । आदित्य, वसु, विश्वदेव, अश्विनीकुमारहरू र

गन्धर्व, यक्ष, राक्षस, नाग, किन्नरहरू गहनाले र नाना प्रकारका शस्त्रास्त्रले सुसज्जित भएर, विजित इन्द्र अर्को परिचय खातिर विभिन्न चिह्नले अङ्कित भएर बन्दीजनद्वारा आफ्आफ्ना गाथा सुनाउँदै दैत्यहरूको वध गर्न भनेर हर्ष मनाउँदै सबै देवयोनिसहितका देवता इन्द्रका अगाडि बढे। देवताहरूका विभिन्न वृन्दद्वारा सुरक्षित, सैकडौं हात्ती, घोडा, रथ रथीहरूले परिपूर्ण ध्वजा पताका आदिले सुशोभित हात्ती घोडाका शब्दले व्याप्त, सेता छाता चमरहरूले भरिभराउ त्यो देवसेना दैत्यहरूका मनमा सन्ताप बढाउँदै अघि बढ्यो।

गजासुर वध

यसरी आइरहेको देवसेनालाई देखेर असुरहरूको सेनापति गजासुर हात्तीको स्वरूप लिएर कालो डरलाग्दो मेघै समानको बनेर फर्सा हातमा उठाएर रीसले ओठ टोकेर खुट्टाले देवसेनालाई कुल्ची-मिल्ची पार्दै सूँडले लछार्दै पछार्दै फर्साले कर्कलाको धारी झैं फाँडफूड गर्नलाग्यो। यस प्रकारसँग सेनालाई दलनमलन गरेको देखेर यक्ष, गन्धर्व, किन्नरहरू सबै मिलेर असुर सेनामाथि पाश, परशु,

चक्र, भिन्दिपाल, मुग्दर, कुन्त, प्रास, तरवार, दण्ड, भाला, बर्छाहरूको वर्षा गरे। तर सम्पूर्ण शस्त्रास्त्रहरूलाई दँताराले घाँसको बुजो मुखमा हाले भैँ गरेर एकै गाँस पारिदियो। रीसले फड्का-रेका सूँडले देवसैनिकहरूलाई लडाउँदै पडाउँदै युद्ध-को मैदानमा घुम्नथाल्यो। जुन देवताको सेनामा पुग्दछ त्यो सेनामा हाहाकार हुन्थ्यो। यसरी देव-सेनाको कत्तल गरेको देखेर एघारै रुद्रहरू अहङ्कार र क्रोधको ज्वालाले प्रज्वलित भएर परस्परमा भन्न-लागे—ए भाइहो, यो जाबो दैत्यलाई पकडिहाल, माडिहाल, विनासेनापतिको यस पाजीलाई अंकुश-ले घिसारेर तान, तीखा शूलले मर्मस्थानमा रोपि-हाल। आपसमा भएको यो वाक्य सुन्नासाथ कपाली रुद्रले तीखो सान लागेको जब्बर त्रिशूल लिएर बायाँ हातले सपक्क पुछेर रीसले आँखा तानेर भृकुटि बांगो पारेर कडा मुट्ठीले टलक्क टल्किने झलक्क झल्कने त्रिशूल बेस्करी समातेर रणभूमिमा गजासुर-उपर कुदेर जाइलागे र टाउकामाथिको कुम्भस्थलमा रोपिहाले। यसपछि अरू दसै रुद्रहरू यै रीतले कुदै जाइलागेर त्रिशूलले गजासुरलाई रोपेर व्याकुल

गराएर त्यस गजासुरका सारा शरीरबाट रगतको धारा बग्नलाग्यो । काला पहाडबाट गेरू मिसिएका छहरा बगे झैं रगतका धारा बगाउने गजासुर एकातिर छ त अर्कोतिर सेतो भस्मले सेतै शरीर भएका हाँस जस्ता एघार रुद्रहरू घेरा हालेर खडा छन् । अन्तिम अवस्थामा पुगिसकेर पनि त्यो गजासुर नाङ्ला जत्रा कान फटकार्दै लामा-लामा दुई दाह्राले शम्भु रुद्रका नाभिस्थानमा रोपिहाल्यो । यो देखेर अरू नौ रुद्रहरूले घेरा हालेर त्यस गजासुरलाई शानदार हतियारले ताछतुछ पार्नलागे । अब कपाली र शम्भु दुइलाई छाडेर ती नौओटै रुद्रहरूमाथि त्यो गजासुर जाइलाग्यो र सबैलाई एकैचोटि खुट्टाले सूँडले र दाह्राले समेत माड्न लाग्यो । त्यो गजासुर रुद्रहरूका साथ भएको यस प्रकारको घमासानको लडाइँमा जब थकित भएको थियो तब कपाली रुद्रले त्यसको सूँडमा समातेर बडो वेगले फननन गरी घुमाइदिए । अब धकाइले गलित भएको दीन मुख लगाएको एक मुठी साससम्म शेष रहेको लडाइँ गर्ने हौसला केही नरहेको गजासुरको छाला काढेर चुहुँदो लाल लाल रगत लागेको त्यो ताजा छालालाई

कपाली रुद्रले आफ्नो ज्यू ढाक्ने वस्त्र समान पहिरे । यस प्रकार ज्यूँदै छाला काटिएको गजासुर ज्यापूहरू-ले छाला तरेको रांगो भैँ कराउँदै चिच्याउँदै मऱ्यो। यसरी गजासुर मारिएको र त्यसको छाला बेरेर उग्र रूपमा खड़ा भएका कपाली रुद्रलाई देख्ता समस्त असुर सैनिकहरू डरले कम्पायमान भए। भूईंमा, आकाशमा, पूर्व, पश्चिम, उत्तर, दक्षिण जता हेरे पनि गजासुरको छाला बेरेर खड़ा भएका रुद्रलाई मात्र देख्नलागे। यसले गर्दा सबै दैत्यहरू व्याकुल भएर तितरबितर भए, कति युद्धभूमिमा नै खेत रहे।

निमि पराजय

दानवहरूको यो गति र रुद्रको त्यो फूर्ति देखेर रीसले बौखलाएको उम्लिएको निमि दानव हात्तीमा चढेर सुरसेनालाई हुँडेल्दै अगाडि बढ्यो। जुन जुन दिशातिर निमिको हात्ती जान्छ त्यस त्यसतर्फका देवताहरू आफ्ना वाहन हतियार सब्ब छाडेर भाग्न-लागे। देवसेनाका हात्तीहरू पनि निमिका हात्तीको गन्ध पाउनासाथ भागाभाग गर्नलागे। जब यसरी देवताहरूको सैन्य भाग्नलाग्यो तब अष्ट दिग्पाल र विष्णुलाई साथमा लिई युद्धको प्राङ्गणमा महाराज

इन्द्र आफै खडा हुनपुगे। मैदानमा खड़ा भएका इन्द्रलाई देख्नासाथ निमिको हात्ती जाइलाग्यो। आफ्ना उपर निमिको हात्ती आइलागेको गन्ध पाउनासाथ इन्द्रको ऐरावत हात्तीले क्या-क्या गर्दै भाग्ने सुर कस्यो। माहुते, बगलिया, पछुवाहरूले थाम्ने प्रयास गर्दा पनि ऐरावत पछिल्तिर फर्किहाल्यो। ऐरावत भाग्न पछिल्तिर फर्केपछि महाराज युद्धभूमि तिरै मुखपारी सम्मुख रही निमिका फौजसंग लड्दै रहे र निमिका छातीमा वज्रको प्रहार गरे। गदाले निमिका हात्तीका गण्डस्थलमा बेसरी हिर्काए। निमिले पनि त्यस प्रहारको परवाहै नगरी ऐरावतका गण्डस्थलमा मुग्दरले हिर्कायो। त्यस चोटले इन्द्रको ऐरावत खुट्टाले भैं टेकनपुग्यो र फुर्तिसाथ उठ्दै थियो। निमिका हात्तीले खेदिएकोले रणांगणबाट सुँइकुच्चा ठोकिहाल्यो। यस्तो अवसरमा वायु पनि रूखो रूपमा बहन लाग्यो। हावामा बालुवा, कङ्कड़हरू उड्न लागे। निमिको हात्ती रक्ताम्मे भएर पनि मैदानमा सम्मुख भएर पहाड़ झैं खडा भएर रह्यो। यो देखेर कुबेरले ज्यादै गह्रुंगो गदा उचालेर निमि समेतको त्यो हात्तीलाई ठोके। त्यस गदाको चोटले

निमि हात्तीको टाउकामा लड्यो । हात्ती मूर्छा परेर दाह्रा भैंमा धस्तै पहाड़ भैं डङ्ग्रङ्ग भएर लड्यो । निमिको हात्ती लडेको देखेर देवसेनामा सिंहनाद भयो । देवताका हात्तीको बृंहित, घोड़ाहरूको हेषा-ध्वनि, धनुर्धारीका धनुषको टङ्कार गुञ्जिन लाग्यो । आफ्नो सर्वस्वै जस्तो हात्ती मर्दा निमि पनि हार खाएर रणभूमिबाट पराङ्मुख भएर सुँइकुच्चा ठोक्यो ।

जम्भ जम्भारि संग्राम

दैत्यसेनातर्फ एकातिर विस्मातको कालो बादल मँडराइरहेको थियो भने अर्कातिरबाट दुश्मन-हरूको सिंहनादले गर्दा दैत्यहरूको कानको पर्दा नै फाट्ला जस्तो भैरहेको थियो । यो सब वृत्तान्त देखी सुनी घ्यूको धारा पिएर प्रज्वलित भएको आगो भैं रीसले धपक्क बलेर जम्भासुर लाल लाल आँखा लगाई देवताहरूलाई जैरैहो ! एकछिन मात्र पर्ख भनी सारथीलाई रथ अघि बढ़ाउने आदेश दिंदै धनुषमा वाण चढाउँदै रणाङ्गणमा फूर्तिसाथ अगाडि बढ्यो । यसरी रथमा चढेर आएको जम्भासुरको प्रताप उदयाचलका टाकुरामाथि उदाउन लागेका

हजार सूर्यको जस्तो देखिन्थ्यो । ध्वजापताका घुँगुरा-का झालरहरू र चन्द्रमाजस्तो सेतो छाता भएको रथमा बसेर आइरहेको जम्भासुरलाई देखेर देवताका सैनिकहरूको मनमा धर्षा छुटेर आउँदैथ्यो । यस प्रकारसँग बहुतै अगम भएर आएको आफ्नो प्रबल दुश्मन जम्भासुरलाई देख्नेबित्तिकै महाराज इन्द्रले साक्षात् गाम्भीर्यको मूर्ति जस्तै भएर बलियो धनु र तेलले साफ पारेका अर्धचन्द्राकार धार भएका सोझै जाने वाणहरूको संधान गरी प्रहार गरेर त्यसको धनुवाण सबै काटिदिए । दैत्यकुलाभिमानी जम्भले पनि तुरुन्तै अर्को धनु लिएर दस वाणले इन्द्रका स्कन्धसन्धिमा, तीन वाणले छातीमा, दुइ काँधमा प्रहार गऱ्यो । इन्द्रले पनि वाणका जालले जम्भलाई घेर्ने प्रयास गरे तर जम्भले सबै बीचैमा काटिदियो । पुनः इन्द्रले जम्भलाई वाणको जालभित्र पार्न खोजे तर जम्भासुरले सबै वाण विफल गराइदियो । अब क्रोधले मुर्मुरिएर इन्द्रले अत्यन्त अद्भुत गन्धर्वास्त्र-को संधान गरेर त्यस जम्भासुरका सैन्यसमेतको लक्ष्य राखेर प्रहार गरे । त्यस गन्धर्वास्त्रको तेज आकाशभर व्याप्त भयो र आकाशमा गन्धर्वको एक

सुन्दर विशाल नगरी नै खडा भयो र त्यहाँबाट दैत्यका सैन्यमाथि भयंकर शस्त्रास्त्रहरूको वर्षा हुन-लाग्यो। यस शस्त्रवृष्टिले मारिन लागेको त्यो दैत्यको विशाल वाहिनी आकुल भएर जम्भका शरणमा गयो। आफै पनि जम्भासुर गन्धर्वास्त्रद्वारा व्याकुल थियो तापनि शरणमा परेकोको रक्षा गर्नु उत्तम सदा-चार हो भनी सबैलाई आश्वासन दिएर गन्धर्वास्त्रको प्रतिक्रिया गर्न मौसलास्त्रको विधिवत् प्रयोग गऱ्यो। त्यसबाट संपूर्ण जगत लोहाका मुसलै मुसलले पूर्ण भयो। गन्धर्व नगर पनि मुसलै मुसलले भरियो र त्यसपछि जम्भले पनि देवसैन्यउपर गन्धर्वास्त्रैको प्रहार गऱ्यो। त्यसबाट देवताका सेनातर्फ ठूलो क्षति भयो। त्यो देखेर इन्द्रले विश्वकर्माको त्वाष्ट्र अस्त्रको संधान गरे र त्यसबाट अग्निका ज्वाला निस्के। ती ज्वाला उड्दा उड्दै मंत्रमय दिव्य उप-करण तयार भए। ती उपकरणद्वारा अंतरिक्षमा चँदुवा टाँगे जस्तो भयो। त्यसले गर्दा मुसलास्त्र आफैं शांत भयो। यो देखेर जम्भले शैलास्त्रद्वारा त्वाष्ट्र अस्त्रबाट उत्पन्न यंत्रहरूलाई चकनाचूर पारि-दियो। शैलास्त्रको प्रतिघात गर्न इन्द्रले वज्रास्त्रको

प्रयोग गरे । त्यसबाट शैल वर्षा बन्द भयो । वज्रास्त्र-को प्रशमन गर्न जम्भले ईषीकास्त्रको प्रयोग गऱ्यो। त्यसबाट वज्रास्त्र शांत भयो । तर त्यसले देवताहरू-का रथ घोडासहित उड्न लागे । त्यो देखी इन्द्रले आग्नेयास्त्र प्रहार गरे। त्यसबाट ईषीकास्त्र पनि शांत भयो । तर त्यसबाट सल्केको आगोले रथ घोडा र जम्भको शरीरसमेत जल्न लाग्यो। जम्भासुर पनि हिम्मतहारा कहाँ हो र ? उसले पनि तुरुन्तै वारुणास्त्रको प्रयोग गरिहाल्यो । त्यसबाट आग्नेयास्त्र शांत भयो । साथै आकाशभरि बिजुलीका बेलबुट्टाले भरिएका काला-काला मेघ मडारिन थाले । हात्ती-सूँडे धाराको वर्षा हुनथाल्यो। एक क्षणमा नै संसार-भर पानी भरिएर संसारै डुबाउला जस्तो भयो। त्यो देखेर इन्द्रले वायवास्त्रको प्रयोग गरे । त्यसले गर्दा घनघोरको हुरी चल्यो । आँधीबेहरी आयो । सारा बादल फाट्यो । तर वर्षापछिको हुरीले गर्दा भयंकर जाडो भएर सबै दैत्यहरू लुगलुग काम्न लागे । बलिया-बलिया दानववीरहरू पनि त्यस रणभूमिमा टिक्न सकेनन् र त्यस वायवास्त्रको प्रतिरोध गर्न जम्भले पर्वतास्त्रको प्रयोग गऱ्यो

जसबाट हुरी आउने दिशातर्फ यौटा ठूलो पहाड खडा भयो र वायवास्त्रको प्रकोप शान्त भयो। यो देखेर इन्द्रले वज्रमय कठोर महाशनिको सन्धान गरी भयङ्कर पहाड़को आकारमा उभिएको त्यस जम्भासुरउपर प्रहार गरे। त्यो अशनिपात हुनासाथ शैलरूपधारी त्यस दैत्यका सारा गुफा ओडार झर्ना छांगा छहरा एक एक गरेर बिलाए। पहाड पनि चूर भयो। पहाडी माया शान्त भयो। अब जम्भासुरले युद्धको रूप बदलेर महान् पर्वतको आकार लिएको भयङ्कर हात्ती बनेर देवसेनाउपर जाइलाग्यो र खम्बा जस्ता खुट्टा तेर्स्याइएका धारा जस्ता दाह्राले कतै मर्दन, कतै दारण गर्नलाग्यो। देवसेनामा तोड़फोड़ गर्ने र सूँडले बेरेर सेना र कुमकहरू उचाल्दै थचार्दै मार्ने बिगार्ने गर्न लाग्यो। यो देखेर इन्द्रले पनि नरसिंहास्त्रको प्रयोग गरे जसबाट काला दाह्रा, अट्टहास, करौंती जस्ता नंग्रा भएका हजारौं सिंह उत्पन्न भए। ती सब दैत्यसेनाभर फैलिए। जम्भासुरको गजआभा पनि विलीन गरायो। अब जम्भासुर भयङ्कर विषालु साँपको रूप लिएर सयौं फण फैलाएर आइलाग्यो। त्यो देखेर इन्द्रले गरुडास्त्रको

प्रहार गरे जसबाट हजारौं गरुड उत्पन्न भए । ती गरुडहरू साँपको रूप लिएको जम्भउपर जाइ-लागे । जम्भासुरको यो माया पनि बिलायो । यस-पछि आकाशै भरको अति विशाल काया फैलाएर त्यो जम्भ मुख बाएर सबै देवताहरूलाई एकै गाँस पारी खान भनेर तत्पर भयो । जब आफ्नो सैन्य जम्भका पेटभित्र पस्नथाल्यो अब इन्द्र के गरौं के नगरौं केही विचार गर्न नसकेर हडबडाए अनि भगवान जना-र्दनसङ्ग अब के गरूँ भनेर सोधनी गर्न पुगे । इन्द्र-लाई ढाढस दिंदै भगवान नारायणले भन्नुभयो— यो रणको प्राङ्गण कातर व्यक्तिको लागि मात्र डर-लाग्दो हो । तपाईंजस्ताको लागि कुनै ठूलो कुरा होइन । तसर्थ यहाँबाट हट्नु हुन्न । आफ्नो महान् मायाशक्तिलाई बढाएर दुश्मनको मुकाबिला गर्नैपर्छ। मैले देखिसकें यो दानव आफ्नो पौरखमा खडा छ । तर महाराज, तपाईं यसरी मोहमा नपर्नुहोस् । आफ्नो महान् अस्त्रलाई स्मरण गर्नुहोस् । भगवानबाट यस्तो ढाढस पाएपछि महाराज इन्द्र पनि धैर्य धारण गरी नारा यणास्त्रको विद्यालाई पूर्ण रूपमा ध्यान गरी अस्त्र-देवताको राम्ररी चिन्तन गरी आसुरी शक्तिका प्रति घृणा गर्दै त्यसको केन्द्रस्वरूप जम्भासुरउपर रोष

गर्दै छातीको लक्ष्य गरेर प्रहार गरे। यसै बीचमा त्यस जम्भासुरले मुख बाएर तीन लाख गन्धर्व, नाग, राक्षसहरू निल्दै थियो । त्यो नारायणास्त्र एकदम त्यसको छातीमा बज्रिन पुग्यो र त्यसबाट त्यसको मुटु फुटेर रगत मुखबाट रणाग्निको अंगार झरे झैं निस्क्यो । त्यस नारायणास्त्रको तेजले त्यस जम्भासुरको त्यो भयंकर स्वरूप नष्ट त भयो तर पनि त्यो त्यहाँबाट अन्तर्ध्यान भएर नदेखिने ढंगले आकाशमा बसेर त्यहींबाट शस्त्रास्त्रको वर्षा गरेर देवसेनाको भयंकर रूपमा संहार गर्नलाग्यो। त्यस शस्त्रवृष्टिबाट काटिएका, मारिएका, लडेका, पछारिएका देवसेनाका सैनिक हात्ती घोड़ा रथ र अंगप्रत्यंगहरूको राशि र रगतको धाराले गर्दा बगेको नदीले त्यो रणभूमि भयंकर महाश्मशानै जस्तो देखियो। लाशै लाशको राश लाग्यो। हाडै हाडको पहाड थुप्रियो । रगतै रगतको पोखरी, तलाउ, नदी, नाला भयो। श्याल, गिद्ध, कौवा, भूत, प्रेत, बेताल, योगिनी, भैरवसमेत निशाचर राक्षसहरू जम्मा भएर उफ्रन थाले। डाकिनी, शाकिनी, पूतना कोटराहरूको ताण्डव नृत्य हुनथाल्यो। सुन्नुहोस् अगस्त्यजी, यस युद्धभूमिको पौराणिक वर्णन—

कबन्धनृत्यसंकुले स्रवद्वसास्रकर्दमे ।
जगत्त्रयोपसंहृतौ समे समस्तदेहिनाम् ॥१॥
शृगालगृद्धवायसाः परं प्रमोदमादधुः ।
क्वचिद् विकृष्य लोचनं शवष्य रौति वायसः ॥२॥
विकृष्टपीवरान्त्रकाः प्रयान्ति जम्बुकाः क्वचित् ।
क्वचित् स्थितोऽतिभीषणः स्वतुण्डके धृतोरसः ॥३॥
मृतस्य मांसमादयः श्वजातयश्च संस्थिताः ।
क्वचिद् वृको गजासृजं पपौ ब्यलीयतान्त्रतः ॥४॥
क्वचित्तुरङ्गमण्डलीर्विकृष्यते श्वजातिभिः ।
क्वचित् पिशाचजातकैः प्रपीत शोणितासवै ॥५॥
स्वकामिनीयुतैर्द्रुतं प्रमोदमत्तसंभ्रमैः ।
ममैतदानयाननं खुरोऽयमस्तु मे प्रियः ॥६॥
करोऽयमब्जसंनिभो ममास्तु कर्णपूरकः ।
सरोषमीक्षते परा वपां विना प्रियं तदा ॥७॥
परा प्रियं ह्यपाययत् धृतोष्णशोणितासवम् ।
विकृष्य शावचर्म तत् प्रबद्ध सान्द्रपल्लवम् ॥८॥
चकार यक्षकामिनी तरूं कुठारपाटितम् ।
गजस्य दन्तयासृजं प्रगृह्य कुम्भसंभवम् ॥९॥
विपाट्य मौक्तिकं परं प्रियाप्रसादमिच्छति ।
समांसशोणितासवं पपुश्च यक्ष राक्षसाः ॥१०॥

मृताश्व केशराश्रितं रसं प्रगृह्य पाणिना ।
प्रियाविमुक्तजीवितं समानयासृगासवम् ॥११॥
न पश्यतां प्रयाति मे गतं श्मशानगोचरम् ।
नरस्य तज्जहात्यसौ प्रशस्य किन्नराननम् ॥१२॥
स वाग एषनो भयं दधाति मुक्तजीवितः ।
तदा न तस्य शक्यते मया तदेकयाननम् ॥१३॥
इति प्रियाय वल्लभा वदन्ति यत्तयोषितः ।
परे कपालपाणयः पिशाचयत्तराक्षसा ॥१४॥
वदन्ति देहि मे मम ममातिभक्त्यचारिणः ।
परेऽवतीर्य शोणितापगासु धौतमूर्तयः ॥१५॥
पितृन् प्रतर्प्य देवताः समर्चयन्ति चामिषैः ।
गजो ड्डुपे सुसंस्थितास्तरन्ति शोणितं ह्रदम् ॥१६॥
इति प्रगाढसंकटे सुरासुरे सुसंगरे ।
भयं सुमुक्त्य दुर्जयाः भटा स्फुटन्ति माविनः ॥१७॥

अर्थात् नाचिरहेका मुर्कट्टाहरूको घुइँचो लागेको, बहेको रगत, पग्लेको बोसाको दलले हिलो भएको तीनै लोकका सम्पूर्ण प्राणीहरूको विनाश गर्न तुलेको यस देवासुर महायुद्धको मैदानमा श्याल, गिद्ध, कौवाहरू आनन्दमग्न छन्। कहीं लाशका राशमा बसी आँखा लुछेर कौवाहरू क्वाँ क्वाँ गरि-

रहेका छन्, कहीं मोटा मोटा आन्द्रा भुँडी घिच्याउँदै श्यालहरू दौडिरहेछन्। कतै कुनै श्याल थुतुनामा मुर्दाको ह्याकुला लिएर कुदीकुदी पर गएर उभिए-को छ, कतै सिनो खाने जन्तुहरू यताउति गरिरहेका छन्। कतै ब्वाँसो हात्तीको रगत पिएर दाडिएर हिंड्न नसकी ठूला ठूला आन्द्रामा लुकिरहेको छ, कहीं तातो रगतरूपी रक्सी पिएर मातेका पिशाचहरू मस्त भएर स्वास्नीसमेत सङ्ग लिएर नाचिरहेछन्। कुनै पिशाचिनी मलाई खुरको मासु मन पर्छ यता ल्याऊ भन्छे, कुनै प्रेतिनी यो कमल जस्तो हात मेरा कान-मा कर्णफूल जस्तै बनाएर लगाइद्यौ भनेर आफ्ना लोग्नेसँग भन्छे। कुनै भूतिनी मलाई त बोसो न-भएको मासु मनै पर्दैन, के यस्तो दुब्लो मासु ल्याए-को भनी पोइलाई आँखा तरेर हेर्छे। कुनै वेतालिनी लौ खाइहाल यो ताजा रगतको रक्सी भनेर आफ्ना वेताललाई दिन्छे। कुनै यक्षिणी मरेका जन्तुको छाला तरेर रूखलाई बञ्चराले लडाएर त्यो छाला रूखको रातो पालुवा जस्तो बनाई सजाएर स्याउले नाच गरेर यक्षहरूका ठिटाहरूलाई हल्ल हँसाउँछे। कुनै यक्ष लडेका अजङ्को हात्तीको दाह्रा च्यातेर

रगत पिएर त्यै दाह्राले हात्तीको टाउको फोरेर गिदी सोह्रेर त्यसबाट गजमोती टिपेर आफ्नी यक्षिणी-लाई प्रसन्न गराउँदछ। यक्षिणीहरू आफ्ना यक्ष-हरूसङ्ग मरेका घोडाको घोक्राको रगत लिएर यसो हेरी मेरा प्यारा यक्ष, यो मरेका जन्तुको रगत मन पर्दैन ज्यूँदा जन्तुको रगत ल्याऊ भनी भन्छे त, कुनै भन्छे यो श्मशानमा लडेको लाश मलाई पथ्य हुँदैन, कुनै मान्छेको टाउको फ्याँकेर किन्नरको टाउ-को बढ़िया भन्छे, कुनै त्यो हात्ती यो घोडा मरेकाले मलाई खान डर लाग्छ, तसर्थ तिमी पनि आऊ संगै बसेर खाऊँ भन्छे। यस प्रकार यक्षका स्वास्नी-हरू यक्षहरूलाई भन्छन्। कतै पिशाच, यक्ष, राक्ष-सहरू हातमा खप्पर लिएर मलाई थोरैले पुग्दैन अलि धेरै दिनुस् भन्छन्। कति त रगतको नदीमा नुहाएर सलक्क परेर पितृको तर्पण र द्यौताको पूजा समेत गर्छन्। कति हात्तीको लाशरूपी डुङ्गामा चढेर रगतका दहमा खेल्दै पार लाग्छन्। यस प्रकार देव-दानवहरूको घना घुइँचो भएको देवासुरको संग्राम-मा रत्तीभर डर भर नभएका अभिमानी सैनिकहरू चम्कँदै निर्भीक भएर लडिरहेका छन्।

जंभासुरको अंतिम घडी

आकाशमा अदृश्य भएर जंभासुर देवसेनामाथि उग्र उग्र शस्त्रास्त्रको वर्षा गर्दो छ । त्यस प्रकारको शस्त्रास्त्रवृष्टिले गर्दा दैवी शक्तिको के कस्तो अवस्था हुने हो भनेर ठम्याउन गाह्रै परेको देखिन्छ तापनि रत्तीभर हिम्मत नहारी इन्द्र, अग्नि, यम, निर्ऋति, वरुण, वायु, कुबेर, सबै दिक्पालहरू सज्जित भई आफ्ना सैनिकहरूलाई हौसला बढाउँदै आकाशमा रहेका दानवहरूप्रति लक्ष्य गरेर आफ्ना आफ्ना अमोघ शस्त्रास्त्रको पर्रा छोड्दछन् तर ती अमोघ शस्त्रास्त्र सबै विफल जस्ता भए । जोश-माथि होश राखी लड्दा पनि त्यस जंभासुरको पहुँच-मा देवताहरू पुग्न सकेनन् । देवताहरूका शस्त्रास्त्र-हरू यसै खेर गएका छन्। दैत्यका शस्त्रास्त्र एक पनि विफल भएको छैन । सारा देवसेना घायल भएर कहाँ जाऊँ कहाँ जाऊँ जस्तो भयो । पुस माघका झरीमा जाडाले कामेका वस्तुभाउहरू फाँटमा टिक्न नसकी ओत खोज्दै यताउति लागे झैं देवसेना पनि आश्रयको खोजी गर्न लाग्यो । देवताहरूको यस्तो अवस्था देखेर विष्णुले महाराज इन्द्रलाई भने कि

किन यस्तो अवस्थामा पनि सहेर चूप लागेको। तुरन्तै ब्रह्मास्त्रको स्मरण गरिहाल, जुन ब्रह्मास्त्रको विधिवत् प्रयोग गरेमा यस त्रैलोक्यमा कुनै पनि महावीर बाँचेर उम्कन पाउँदैन, मर्छ मर्छ। आसुरी शक्तिलाई बढावा दिंदा विश्व नै विध्वंस हुनेछ, बेर नगर, जम्भासुरलाई ठोकिहाल। बियाँलो भयो कि यसले अरू मौका पाउनेछ। यसरी विष्णुले महाराज इन्द्रलाई हौसलासाथ उकासी प्रेरणा गर्नासाथ बडो धैर्य र संयमका साथ नित्य आफूले संमान गरी मर्यादापूर्वक पूजी आएको महान् ओजस्वी ब्रह्मास्त्र, जुन ब्रह्मास्त्र शत्रुको संहार गर्न अचूक अव्यर्थ अमोघ थियो—त्यसलाई बाणमा सावधानी साथ संधान गरी आफ्नो अजेय धनुषमा चढाई बुद्धिमानीका साथ धीरज रही ब्रह्मास्त्रको मंत्रराजमा मनलाई समाधिस्थ गराई सावधानीपूर्वक मन्त्रोच्चारण गरी अन्तराशयलाई नियंत्रण गरी जंभासुरको वधको मनमा अभिसंधान राखी धनुलाई कानसम्म खैंची उन्मुख भएर आकाश मार्गतिर आँखा लगाई अकुण्ठित प्रभाव भएको ब्रह्मास्त्रलाई बडो वेगले प्रहार गरे। त्यो देखेर जम्भासुर सबै दानवी माया-

लाई परित्याग गरेर ओठमुख सुकाई बल बर्कत सबै-बाट हार खाई लुग-लुग कामेर हडबडीले व्याकुल भएर धर्ती तलमा खडा हुन पुग्यो। त्यसका संपूर्ण विद्यासहित शस्त्रास्त्रहरू महाराज इन्द्रका आसनका समीपमा झलमल्ल हुँदै स्वयं समर्पित हुनपुगे। किरीटमा जडान भएका मणिहरूका वरिपरिका पाटा-बाट प्रस्फुटित भएका टलपल टलपल गर्ने उज्ज्वल कान्ति भएका नाना थरी सुगन्धी फूलहरूका बास्नाले मगमगाएको, धूवाँ फैलेको आगाका ज्वाला जस्ता कैला कैला केश छिरलिएको कुण्डलले शोभाय-मान भएको जम्भको शिर ब्रह्मास्त्रद्वारा खस्यो। यसरी जब जम्भासुरको अन्त्य भयो तब सारा दानवा-धिपतिहरू मनको संकल्प भग्न भएकाले त्यहाँबाट पराङ्मुख भएर जहाँ दैत्याधिराज तारक थियो उहीं पुगे। तर्सी भागी आएका आफ्ना वीर सेनापति-समेतका सैनिकहरूलाई देखी देवताहरूका सैनिक द्वारा जम्भासुरसमेतका वीरहरू रणभूमिमा खेत रहेको कुरासमेत सुनी त्यो तारकासुर अभिमान, मद, मोह, क्रोध, अहंकार र पौरुषसमेत प्रगट गर्न र छिपाउनसमेत नहुने खालको भावको

संधिमा आवेश भएर आफ्नो सैनिक शक्तिलाई पुनः संगठित गराई आफ्ना हरूवा सेनापतिप्रति रोष व्यक्त गर्दै देवताहरूसंग लडाइँ लड्ने प्रबन्ध मिलाउन लाग्यो । इति जम्भासुर वध ।

तारक विजय

यसउप्रान्त तारकासुरले आफ्नो विजयशाली जैत्र रथमा चढेर हजारौं वायुपंखी घोडाहरूको जोह मिलाएर आफ्ना सेनापतिउपर रोष व्यक्त गर्दै देवताहरूसंग युद्ध गर्न युद्धको मैदानमा जान भनेर प्रस्थान गर्‍यो । सबै प्रकारका शस्त्रास्त्रहरूको साज-सज्जा मिलाई सबै प्रकारका शस्त्रास्त्रहरूबाट सुरक्षा-को प्रबंध गरी त्रैलोक्यको ऐश्वर्यले परिपूर्ण रही विशाल मुख फैलाई महान सैन्यका परिधिभित्र रही देवताहरूसंग संग्राम गर्न तुरन्तै रणांगणमा उपस्थित हुन पुग्यो । देवसेनातिर पनि जम्भासुरसंग लड्दा घायल भएका ऐरावतलाई परै राखी महाराज इन्द्रका प्रतापद्वारा सुरक्षित, सारथी मातलिद्वारा सुसज्जित, खारिएका सुनका उपकरणहरूले सजिसजाउ भएको, रत्नहरूले झलमल भएको, चार योजन फराकिलो, सिद्धहरूका सङ्घले परिष्कृत पारिएको, गन्धर्व किन्नर

हरूको गान बजान घन्किएको, अप्सराहरूका नाचले रमणीय रहेको, सर्व प्रकारका शस्त्रास्त्रद्वारा परिपूर्ण भएको, चीजबीजहरू ठीक ठीक गरी राख्नाले कुनै कुराको रत्तीभर गञ्जागोल नभएको, अद्भुत तरीका-को साजसज्जाले उज्ज्वल हुन गएको रथमा महा-राज इन्द्र विराजमान थिए र उनको रथलाई वरि-परिबाट घेरेर कवच पहिरेका शस्त्रास्त्रबाट सज्जित विष्णुसमेतका लोकपालहरू रहेका थिए। जब तारकासुर त्यहाँ आइपुग्यो पृथ्वी डगमगाइन्। अन्तरिक्षमा रूखो हुरी चल्यो। समुद्र छचल्किन लाग्यो। सूर्यको प्रभा मलिन हुनलाग्यो। धूलो उडेर आकाश ढाक्यो। ताराहरू सबै छोपिए। हात-हतियारहरू आफैं झलमलाउन थाले, सेना त्यसै पनि कम्पायमान हुनलाग्यो। एकातिर तारकासुर अर्कातिर देवताहरूको सेना। एकातिर समस्त संसारकै संहारको जगजगी छ, त अर्कोतिर तीनै लोकको सर्वेक्षणको समस्या छ। सारा विश्व नै, समस्त चराचर नै सुर एवम् असुर दुई भागमा विभक्त भएको छ। वर्तमान परिप्रेक्ष्यमा हेर्दा यो दुवै विभक्त रहेको समूह एकै जुटमा मिले झैं देखिन्छ

तर मेल गर्न जुटेको छैन। झैलबखेडा गर्न जुटेको छ। समस्त ब्रह्माण्डमा नै जुन वस्तु सत्ता रूपमा छ सो सब नै आज यहाँ अधूरो अपूरो विभूतिरहित झैं भएर जुटेको छ। देवता र दानवहरूका तपका बलले त्यहाँ आज अस्त्र, तेज, धन, धैर्य, सैन्यशक्ति, वीर्य, पराक्रम, ओज एवं सत्वको महान् जमघट भएको छ।

आसुरी शक्तिको नेतृत्व गरी अपार सेना लिएर संमुखमा आएको तारकासुरको छातीमा देव-सेनाका तर्फबाट अग्नितुल्य नौ वाणहरू बर्सिए। ती वाणहरूको रत्तीभर पनि पर्वाह नगरी तारका-सुरले पनि प्रत्येक देवसैन्यका सेनापतिहरूलाई नौ-नौ वाणहरूले प्रहार गऱ्यो। देवताहरूले पनि त्यस-उपर ठूलो वाणवर्षा गरे। त्यो सब वाणवर्षालाई दुराचारी कपूतले परंपरादेखि नै सुप्रसिद्ध भएर आएको आफ्नो महान् निर्मल कुललाई अनाचार-द्वारा विनष्ट पारे झैं आकाशमा नै विनष्ट पाऱ्यो, देवताहरूका सबै शस्त्रास्त्रहरूलाई यस प्रकारले पन्छाएपछि त्यस तारकासुरले वाणै वाणले पृथ्वी दिशा विदिशा आकाश सबै भरिदियो र देवताहरूका

जति-जति शस्त्रास्त्र ती सबैलाई आफ्नो हस्तलाघवले बीचैमा काटिदिन्थ्यो। जसरी तर्कपूर्ण शास्त्रार्थ गरेर यथार्थ कुरालाई पनि संदिग्ध तुल्याई बंग्याई भूटो साबीत गराइछाड्छन् त्यसै गरी तारकासुरले देवताहरूका शस्त्रास्त्रहरूलाई छलछाम गराई पन्छाइदियो र सय वाणले इन्द्रलाई, सत्तरी वाणले विष्णुलाई, नब्बे वाणले अग्निलाई, दस वाणले वायु र यमराजलाई, कुबेरलाई सत्तरी वाणले, वरुणलाई आठले, निर्ऋतिलाई अट्ठाईस वाणले प्रहार गरी पुनः सबैलाई एक-एक गरेर दस-दस वाणले प्रहार गऱ्यो र तीन वाणले मातलिलाई, दस वाणले गरुड़लाई हानेर फेरि अमोघ वाणहरूको प्रहार गरी देवताहरूका कवच धनुहरू सबै एक-एक गरेर तिलबराबर गरी काटिदियो । अब कवच धनु सबै काटिएका देवताहरूले त्यस रणमा अरू कवच पहिरी धनु पनि अर्कै लिएर रीसले चूर भएर त्यस दैत्यका उपर अमोघ वाणहरूको वर्षा गर्नलागे । यो देखेर रीसले राता-राता आँखा लगाई अरू देवताहरूमाथि अग्निसमानका वाणहरूको वर्षा गराई प्रलयाग्निसमानको वाण लिएर महाराज इन्द्रका छातीमा प्रहार गरिहाल्यो ।

इन्द्र त्यस चोटले रथमा ढुनमुनिए । तारकासुरले आकाशमा हजार सूर्यजस्तो धपधपी बलेका विष्णु-लाई देख्यो र दुई वाणले विष्णुका दुई काँधमा हिर्कायो । त्यस चोटले विष्णुको शार्ङ्ग धनु हातबाट खस्यो । त्यसपछि यमराजलाई तीन वाणले प्रहार गर्‍यो । अग्निजस्ता वाण प्रहार गरी वरुणको ज्यू सबै सुकाइदियो । पुनः अग्नि वाणले निर्ऋतिलाई त्राहि-त्राहि पार्‍यो । रूखा रूखा वाणका प्रहारद्वारा वायुलाई व्याकुल गरायो । यसरी बडो फूर्ति देखाएर सबै देवताहरूलाई अस्तव्यस्त पारिदियो । केही बेरपछि सबै देवताहरू आश्वस्त भएर सुगठित भै तारकासुर उपर जाइलागे र तीखा वाणहरू वर्षाउँदै भयंकर युद्ध गरे जसमा विष्णुले तारकासुरको सारथी-लाई वाण प्रहार गरी घायल पारे, अग्निध्वजा काटिदिए, इन्द्रले किरीट नै खसालिदिए, कुबेरले धनु टुक्र्याइदिए, यमराजले तारकासुरका दुइ बाँहमा दण्डले बैठाएर रथका चक्का धक्याएर फाले। वायुले सबै दानवहरूको कवच काटिदिए ।

देवताहरूको यस प्रकारको सक्कली पराक्रम देखेर तारकासुरले मनमा निकै तारीफ गर्‍यो र

आफूलाई पनि देख्यो कि दुई हात वाहेक मेरो अब कोही सहारा छैन, तर पुनः मनमै सोच्यो कि जंगलको सिंहलाई मृगेन्द्र हुनलाई कसैको मद्दत चाहिन्न, उठ्यो मुंग्रो हातमा लियो, घुमाएर इन्द्रलाई ताकेर हान्यो। आकाशमा घुम्दै आएको मुंग्रो हटाउन नसकिने संभेर इन्द्र महाराजले रथबाट कुदेर भैंमा हामफाले। मुंग्राले रथ चूर्ण पार्‍यो। तर मातलि भाग्यले बाँचे। त्यसपछि तारकासुरले पट्टिश उजाएर विष्णुका छातीमा बजार्‍यो, विष्णु गरुड़माथि नै विचेत परेर लडे । खड्ग उचालेर निर्ऋतिको नरवाहनहरूलाई घायल तुल्यायो । भुशुण्डी हानेर यमराजलाई भूईंमा लडायो। अग्निका शिरमा भिन्दिपालले ठोक्यो र वायुलाई हातले उचालेर भैंमा पछार्‍यो। रीसले चूर भएर वरुणलाई धनुका तीखा टुप्पाले घोची घोची घायल गरायो र अरू प्रत्येक देवताहरूका निकायमा घुसेर एक एक गरी सबैलाई असंख्य शस्त्रास्त्रहरूको वर्षा गरी खैलाबैला मचायो ।

यसपछि विष्णुलाई होश आयो र हेर्दा त्यस तारकासुरले उधुम मचाइरहेको देखे । वास्तवमा

यसलाई मार्ने सातदिने महावीर शिशु यहाँ छैनन् भन्ने कुरा विष्णुलाई यकीन थियो तर पनि मैदानमा बसुञ्जेल लडाइँ लड्नै पर्ने सैनिक नीति हुनाले सुदर्शन चक्र घुमाएर तारकासुरको छातीमै प्रहार गरे तर त्यो सुदर्शन ढुंगामा पछारेको कोमल कमलको फूल झैं तारकासुरको साह्रै नै साह्रो छातीमा आफै चूरचूर भयो । इन्द्रले वज्र प्रहार गरे त्यो पनि आफै चूरचूर भयो । यसै गरी वायुको अंकुश पनि विफल भयो र वायुले एक ठूलो पहाडै उचालेर तारकासुरलाई हिर्काए तर त्यो पहाड़लाई ठिटाहरूले खेलेको भकुण्डो झैं बायाँ हातले टपक्क टिपेर अर्कातिर हुर्याइदियो । यमराजले कालदण्डले त्यस तारकासुरलाई टाउकैमा हिर्काए। तर त्यसको चोट नलागेकोले त्यसलाई थाहै भएन । अग्निले प्रलयको अग्निजस्तो शक्ति उब्जाएर त्यसका छातीमा बजारे। तर त्यो पनि शिरीषका फूलको माला झैं भयो । निर्ऋतिले खड्ग उठाएर त्यसका टाउकैमा मार हाने । सो खड्ग पनि आफैं भाँचियो । वरुणले डरलाग्दो नागपाशले त्यसका दुवै हात बाँध्ने प्रयास गरे तर त्यो नाग पनि त्यसका हातमा पुग्नासाथ

जहरीला दाँतहरू आफैं भाँचिए र नाग आफैं भैंमा लत्रक्क परेर खस्यो । यसै गरी अश्विनीकुमार, उनञ्चास वायु, साध्य, नाग, यक्ष, राक्षस, गन्धर्व-हरूका नाना भाँतिका दिव्यास्त्रहरू सबै त्यस तारका-सुरका शरीरमा पुगेर थौटा रौं मात्र पनि डगाउन असमर्थ रहे ।

त्यसपछि तारकासुरले आफ्ना रथबाट उफ्रेर देवसेनामा घुसेर कोटी कोटी देवताका सैनिकहरू-लाई हातले नै थप्पड़ दिएर भुस्कुट पारेर मारिदियो। बाँकी देवताका सैनिकहरू हातहतियारसमेतका सबै युद्धोपकरणहरू त्यहीं छाडेर दिशा विदिशातिर भागे । विष्णुसमेत देवताका सबै लोकपालहरूलाई बाँधेर लगी बगरेले खसी बोका डोऱ्याएभैं डोऱ्या-एर ल्याउने आज्ञा दिएर आफू रथमा चढेर सिद्ध, गन्धर्व, दैत्य, अप्सराहरूले गाएको आफ्नो विजय-गाथा सुन्दै प्रसन्न मुखमुद्रामा आफ्नो नगरीमा प्रवेश गऱ्यो । साथै तीनै लोकको राज्यलक्ष्मी पनि तारका-सुरको राजभवनमा गइन् । आफ्नो राजभवनमा पद्मराग मणिले बनेको राजसिंहासनमा बसेर किरीट

कुण्डलहरू झल्काउँदै दिव्यांगनाहरूका साथ विनोद विहार गरी समय बिताउन लाग्यो ।

केही दिनपछि तारकासुरको सभामा उसको मुख्य द्वारपाल आएर घुँडा टेकी बिन्ती गऱ्यो कि कालनेमिले सबै बाँधिएका देवताहरूलाई ल्याएर ढोकामा उपस्थित गराएका छन् । अब यी बन्दी देवताहरूलाई कहाँ राखौं भन्छन् । द्वारपालको यो वाक्य सुनेर तारकासुरले भन्यो कि यो त्रैलोक्यको पूर्ण साम्राज्य मेरै हो । मेरै घरबार हो । तसर्थ यिनीहरूलाई जहाँ इच्छा छ उहीं बस्न दिनू । देवताहरूका हातका पाश पनि खोलिदिनू । तदनुसार पाश काटिए । देवताहरूलाई आफ्नो मन परेको स्थानमा बस्ने आज्ञा पनि प्राप्त भयो । तापनि आसुरी शक्तिको दासताले मनमा निकै चोट लागेको हुनाले आसुरी संपदाको दासताबाट संसारलाई नै जोगाई दैवी संपदामा लैजाने विचार विमर्श छलफल गर्न हिमालय पर्वतको काखमा रहेको शांत सुन्दर नेपाल अधिराज्यको मृगस्थलीमा आई बसिरहेका थिए । संयोगवश त्यहाँ आइपुग्नुभएका भगवान् महादेवसँग देवताहरूले आफ्नो दुःख र तारकासुरको

अभिमानपूर्ण शानदार विजयको संपूर्ण घटना बेली-विस्तार लाएर बिन्ती गरे । तर सो कुरा श्री महादेवले सती देवीका शोकमा पर्नुभएकोले पटक्कै सुन्नुभएन र देवताहरू अब के गर्ने भनेर विचार गरी ब्रह्माजीका शरणमा परी सबै कुरा विन्ती गरौं भन्ने अठोट गरेर ब्रह्मलोकमा गएर ब्रह्माजीको स्तुति गरी प्रसन्न गराए ।

ब्रह्म-देव-संवाद

बायाँ हातमा वरदमुद्रा गरी देवताहरूलाई निर्देशन गर्दै ब्रह्माजीले दया दृष्टिले सबै दिक्पाल-समेतका सबै देवताहरूलाई एक-एक गरी हेर्नु-भई सोधनी गर्नुभयो—हे देवताहो, आज तपाइंहरू किन यस्तो मलिन मुख र वेषभूषा-मा आउनुभएको हो ? तपाईंहरूलाई के कति कुराको दुःख भयो ! ब्रह्माजीको सान्त्वनापूर्ण यस प्रकारको कृपापूर्ण वाक्य सुनेर सबै देवताहरूले वायु-देवलाई प्रतिनिधि गराई अगाडि सारेर बातचीत गर्ने प्रस्ताव राखेकाले ब्रह्माजीसंग वायुले निवेदन गरे, हे ब्रह्मन्, तपाईंले नजानेको कुरा के छ र! यो सबै संसारको सृष्टि गर्दा यसलाई राम्रो ढंगले संचालन

गरी मर्यादामा सुव्यवस्थित पारी राख्ने शक्ति तपाईं-मा नै निहित छ। देव दानव सबै तपाईंका समान संतान हुन्। कसैलाई काखा कसैलाई पाखामा नगरी बराबर संभी माया गर्ने गरिरहनुभएको हो, तर हालमा तपाईंका वरदानबाट निर्भय भएको वज्राङ्ग दैत्यको पुत्र तारकासुरले सारा त्रैलोक्यलाई नै हुडल हाडल गरी तपाईंबाटै रचना गरिएको देवा-सुरको मर्यादाको उल्लंघन गरिरहेको छ। स्वर्गको अधिकार देवताहरूको हो। पातालको अधिकार दैत्य दानवहरूको हो र देवशास्त्र र धर्मकर्महरूको अधिकार नियमानुसार ब्राह्मणसमेतका मानवजाति-को हो। यो सबै तपाईंको नै विधान हो। यो विधान तोड्ने अधिकार सम्भव छ तपाईंले त्यसलाई दिनु भएको छैन भन्ने सबैको धारणा छ। तर त्यो तारका-सुरले तपाईंको त्यो पवित्र संविधानको अवहेलना गरिरहेछ। सारा शक्ति, सब अधिकार केवल दैत्य-वर्गमा मात्र सीमित गराइराखेको छ। देवता र मानवहरूलाई अशक्त गराई उनीहरूका उत्तमोत्तम वस्तुहरू अपहरण गरी देश, राष्ट्र, नगरीहरूमाथि समेत आक्रमण गरी संपूर्ण संसारको सत्ता आफ्ना

हातमा राखेर स्वर्गीय संपदा, विमान, नंदन, अप्सराहरू, मानव संपदा, वेदशास्त्र, यज्ञ-यागादि, धर्मकर्मका भागहरू, धनधान्यादि संपदाहरू सबैको भयंकर शोषण गरी एकलौटी उपभोग गरिरहेको छ। यस प्रकारसँग शोषण गरेर स्वर्गीय दिव्यभूमि तथा मानवीय उर्वरा भूमिहरू सबैलाई मरुभूमि समान गराइराखेको छ। विश्वभरका उत्तमोत्तम प्रदेशहरू दानवहरूका क्रीड़ास्थल बनाइएका छन्। स्वर्गका बृहस्पतिसमेतका आचार्यहरू र भूमण्डलका बुद्धिमान विद्वानहरू सबै तारकासुरका गाथा मात्र गाउने भाट गाइने जस्ता भएका छन्, ठूला-ठूला विद्या, बुद्धि, शिल्प, संगीत शास्त्र आदिका विद्वानहरूमाथि यस्तो अत्याचार गरिएको छ कि त्यस्ता विद्वानहरूको भयंकर अनादर गरिन्छ, ती सब मैला कुचैला फुस्रा भएर तारकासुरका ढोकामा सेवामा उपस्थित रहनुपर्दछ। साना-साना सिपाहीहरूद्वारा प्रहार गराई गराई इन्द्रादि देवताहरूको धज्जी उडाइन्छ। अपमानसाथ देवताहरू तारकासुरका सभामा लगिन्छन्, अनादरसाथ बसाइन्छन् तारकासुर र त्यसका सेवक दैत्य दानव असुरहरूका दुर्वि-

नयको लेखा-जोखा गरेर साध्यै छैन। यसमा हे ब्रह्मन्! प्रभुबाट विवेक रहेन भने हाम्रो मात्र हैन, विश्वका समस्त दैवी संपदाको विनाश हुनेछ। आसुरी संपदाको अभिवृद्धि हुनेछ, जसको कुत्सित फलको परिणाम प्रभुको सृष्टि नै विध्वंस हुनेछ। किनभने—

जताततै आसुर भाव रेलियो,
फुचा उचालेर कुचाल ठेलियो
पवित्र शास्त्रीय विधान मैलियो,
यता अनाचार अंधेरी फैलियो।

तसर्थ अब चूप रहन हुने वेला छैन जस्तो लागेको छ, जो आज्ञा भनी वायु हात जोडेर खड़ा रहे।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां तारकासुर सकल पराजयान्ते तारकासुर विजय वर्णनम् नाम दशमोऽध्यायः ॥ १० ॥

एकादशः अध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ हे अगस्त्यमुनि, देवताहरूको प्रतिनिधित्व गरी वायुका तर्फबाट गरिएको निवेदन सुनेर ब्रह्माजी भन्नुहुन्छ कि हे देवता

हो, यो सबै मैले बुझेको छु, त्यस तारकले त्यसको बाबु वज्राङ्गले, त्यसकी आमा वराङ्गीले समेत यस्तो तप गरे जसबाट त्रैलोक्य नै भस्म होला जस्तो हुन गयो र लोककै हित विचार गरी त्यस तारकलाई मैले वरदान दिएको हुँ। सो वरदानअनुसार त्यो तारक अरूबाट अवध्य छ। सातै दिनको शिशुको हातबाट मात्र मर्न सक्छ। सो बालक पनि शंकरको पुत्र हुनुपर्दछ। तर शंकर भगवान्‌की पत्नी छैनन्। अब हिमाचलका घरमा उनकी छोरी भएर शंकरकी पत्नी सती देवी पार्वतीको रूपमा अवतार लिनेछिन् र उनका छोरा जो कुमार होलान्, उनबाट तारकासुरको इतिश्री हुनेछ भन्ने प्रबन्ध मैले मिलाइदिएको छु। केही समयको प्रतीक्षा गरेर बस्नू भन्ने ब्रह्माजीबाट सान्त्वना पाएका सबै देवताहरू हात जोड़ी शिर झुकाई नमस्कार गरी मृगस्थलीमा आए।

ब्रह्मा-विभावरी संवाद

त्यसपछि ब्रह्माजीले आफ्नी छोरी विभावरीलाई डाकेर नानी छोरी, देवताहरूका निमित्त एक महत्त्वपूर्ण काम तिमीले गरिदिनुपऱ्यो। तारकासुर

देवताहरूका निमित्त धूमकेतू पुच्छ्रे तारो जस्तो अमंगल र अरिष्टकर्ता भएको छ। त्यसको इतिश्री गर्न भगवान् शंकरले एक छोरा जन्माउनुहुनेछ, सो जन्माउन सती देवी पार्वती भएर हिमालयकी पत्नी मेनकाका गर्भबाट जन्मनेछिन्। उनी जन्मिनुभन्दा पहिले मेनकाका गर्भमा पसेर पार्वतीलाई तिमीले काली बनाइदिनुपर्‍यो। पार्वतीलाई काली भनेर महादेवले संबोधन गर्नुहुनेछ। काली भन्ने सुनेर पार्वती रिसाएर गौरी हुन ब्रह्माजीको तप गरी गोरी भई आई भगवानलाई रिझाई कुमारको जन्म गराउनेछिन् जुन कुमारद्वारा तारकासुर मर्नेछ र आसुरी संपद् विनाश भएर लोकको भलाइ हुनेछ। पार्वती गौरी हुँदा उनका शरीरबाट झरेको तिम्रो कालिमा सहितको मूर्ति एकानंशा देवीको रूपमा प्रसिद्ध हुनेछ र सबैको पूज्य हुनेछ्यौ। आफ्ना पूज्य पिता ब्रह्माजीको आज्ञानुसार विभावरीले सबै काम गरिन् र विभावरी (रात्रि) का अन्त्यमा ब्राह्म मुहूर्तमा हिमालयकी पत्नी मेनकाका गर्भबाट पार्वतीको जन्म भयो।

पार्वतीको जन्म हुँदा भौतिक जगत पनि प्रसन्न

भयो। हावा-पानी, नदीनाला, वन-जंगल, लहरा, बिरुवाबाट, रूख स्याउला, पालुवा, फलफूल, कन्द-मूल, मुजुरा, कुकुना, काइना, कोपिला, घाँसपात, तान्द्रा जेउरा, बेला-पतेला, बालीनाली, खेतीपाती, धूपछायाँ, बादल वर्षा, सर्दी गर्मी, दिशा विदिशा, आकाश पाताल, सूर्य चन्द्र, नक्षत्र-तारा, रूप-रस, शब्द-स्पर्श, गन्ध-गुण आदि सबै स्वच्छ मनोहर सुन्दर सरस भए। मुनि महर्षि, ब्रह्मर्षि, राजर्षिहरूका क्रियाकाष्ठा जपतप सब सुफल भए। तीर्थव्रत, धर्म-कर्म, दानपुण्य आदि सगुण हुन गए। शस्त्र चिन्ता-का वदलामा शास्त्र चिन्ता बढ्न लाग्यो। आकाशमा इन्द्रादि देवताहरूका विमानहरू उड्न लागे। हिमा-लयमा पुष्पवृष्टि भयो। गन्धर्वहरूको गानबजान, अप्सराहरूको नाच नचरी आदि रमझमले हिमा-लयको दरबार अत्यन्तै रमाइलो भयो। पार्वतीका जन्मले गर्दा हिमालय सुगम र सेवायोग्य भयो। सुमेरुसमेतका विश्वभरका समस्त पर्वतहरू दिव्य रूपका बनेर थरी थरीका सौगात बोकाई मैना, हिमा-लय, पार्वतीसमेतको दर्शन गरी बधाई चढ़ाई हर्षित हुँदै फर्के। पार्वती जन्मको महोत्सवमा ब्रह्माण्डभरका

दैवी संपदाका हिमायतीहरू सब प्रसन्न भई शुभकामना चढाई महोत्सवको शोभामा शामेल भई बिदा मागी पारितोषिक पाई जाने र आउनेको घुइँचोले जतातत हिमालभर ठेलमठेल भयो। पार्वती पनि श्रमशील उद्योगीहरूका घरकी लक्ष्मी जस्तै भएर दिन दुगुना रात चौगुना भएर बढ्न थालिन्। क्रमशः ज्ञानगुण सौभाग्य समृद्धिशील स्वभाव सबै कुरामा सानै भईकन पनि संसारभरि नै अद्वितीय भइन्।

नारद हिमाचल संवाद

यसै समयमा महाराज महेन्द्रले कामको चाँजोपाँजो मिलाउन देवर्षि नारदजीको संझना गर्नुभयो। महाराज इन्द्रको संझना थाहा पाई नारदजी पनि इन्द्रकहाँ आइपुग्नुभयो। नारदजी-को स्वागत अभिवादन, सम्मान सबै गरेर, विश्राम गराइसकेर, पछि महाराज इन्द्रसंग नारदजीले कुशल प्रश्न गर्नुभयो र महाराज इन्द्र नारदजीसंग भन्न लाग्नुभयो–कुशल वस्तुको अंकुर आएको छ, त्यस अंकुरमा के गर्दा चाँडै राम्रो फल लाग्ला, यसमा तपाईं वेलैमा चनाखो भैदिनुपर्‍यो। सबै

घटना तपाईंलाई थाहा छँदैछ तापनि शोधनी गर्नुभयो । मैले पनि तपाईं जस्ता हितैषीका सामु कुरा बिसाई मनको व्यथा हलुँगो गर्न पाएँ। अब जसरी हुन्छ पार्वतीजीको महादेवसंग चाँडो मिलान गर्ने उद्यममा हाम्रा पक्षका सबै लाग्नुपर्‍यो। कुराको रहस्य बुझेपछि त्यहाँबाट बिदा भएर नारदजी सरासर हिमालयका ढोकामा पुग्नुभयो। हिमालयले स्वागत गरी भित्र लगेर नारदजीको मधुपर्क गरी सत्कार गर्नुभयो । त्यसपछि दुवैले परस्परमा भलाकुसारी गरे । यसै संदर्भमा नारदजीले हिमालयको प्रशंसा गर्नुभयो कि तपाईं धन्य हुनुहुन्छ, किनभने तपाईंका कन्दरामा बसेर नाना प्रकारका तपस्या गरेर अग्निको जस्तो तेज भएका मुनिवृन्दहरूद्वारा तपाईं सर्वदा पवित्र हुनुभएको छ र साक्षात् भगवान् शंकर यहीं नै तप गर्दै हुनुहुन्छ । सारा देवताहरू स्वर्गका विमान मंदिरसमेत छाड़ी यहाँ आफ्ना बाबुकै घर जस्तो ठानी आएर प्रसन्नतासाथ बस्दछन्। नारदजी यस्तो कुरा गर्दै हुनुहुन्थ्यो, यसै बीचमा मेनकाजी पनि छोरी पार्वतीलाई साथ लिएर थोरै दासी पछि लगाई त्यहीं आउनुभयो र

विनयपूर्वक नारदजीलाई हात जोड़ी प्रणाम गर्नु-भयो। नारदजीले पनि मधुर वचनले आशीर्वाद चढाउनुभयो। यो देखेर पार्वतीजीले देवर्षि नारद-लाई आश्चर्य मानेर हेर्नुभयो। मैयाँ, यता पाल्नुहोस् भनी नारदजीले पार्वतीलाई मधुर वाक्यले भन्नु-भयो, तर पार्वती आफ्ना पिताजी हिमालको घाँटीमा दुइ हातले समातेर काखमा बस्नुभयो। मेनकाले पार्वतीलाई भन्नुभयो–मैयाँ, उहाँ देवर्षि नारदजी हुनुहुन्छ। पाउलागी, ज्यू गर! उहाँको आशीर्वादले भाग्यवान् राम्री दुलहा पाउली! मुमाबाट यसरी अह्राउनुभए पनि पछ्यौराको छेउले मुख छोपेर केही शिर हल्लाएर पार्वतीले कुनै बोली बोल्नुभएन र फेरि मेनकाले भन्नुभयो–प्यारी मैयाँ, देवर्षि नारदलाई ज्यू गर बा! म तिमीलाई लुकाइराखेको त्यो राम्रो रत्नै रत्न जडेको पुतली खेलौना दिउँला बाबा! यति भनेपछि जुरुक्क उठेर नारदजीको पाउ-अगाडि शिर झुकाएर दुई हात जोडेर शिरमा राखेर प्रणाम गर्नुभयो। यसपछि आइमाईको स्वभाव अनुसार मेनकाले आफ्ना बूढी पाकी सहेलीद्वारा नारदजीसंग प्रश्न गराइन्। यो छोरीको भाग्य

कस्तो होला, घर वर कस्तो होला, लच्छिन-कुलच्छिन के होला, ग्रहदशा आयु के कस्तो होला, आदि-आदि ।

नारदजीले पनि विचार गर्नुभयो, यो राम्रो मौका हो । मेनकाका सखीले प्रश्न गरिनुभएका नारदजीले भन्नुभयो—हात हेरौं, पाउ हेरौं, मुहार हेरौं, भनी सबै हेरी देवर्षि नारद बिन्ती चढाउन लाग्नुभयो—मैयाँको दुलहाको जन्मै हुँदैन, बाहुली सर्वदा उत्ताना छन्, पाउ निरन्तर स्वच्छयाव्यभिचारी छन्, कुनै पनि लक्षण देखिन्न । देवर्षि नारदको यो वाक्य सुनेर अर्थ नबुझेर मेनका हिमालय सबै खिन्न भए । जस्तो भए पनि पति नारीको ठूलो गहना हो, छोरीका निमित्त पतिको जन्मै छैन, हात सदा उत्ताना, पाउ व्यभिचारी र अरू पनि कुनै लक्षणै नभएकी छोरी जन्मनु ! एक त छोरी उसमा पनि लक्षणविहीना छोरी ! सुन्नासाथ एक्कासि सबै अक्क न बक्क हुनु स्वाभाविकै हो । केही धैर्य लिएर सम्हालिएर हिमालयले भने, नारदजी छोरी परिपूर्ण होस्, सुखी होस्, साह्रै नै भाग्यवती होस् तापनि पति

के होला कस्तो होला भन्ने पीर बाबु आमालाई सदा नै रहिरहन्छ भने तपाईंले भनेअनुसार म त छाँगाबाट काली दहमा परेर डुबिसकेँ। मैले बुझिनँ कि साँच्चै मेरी छोरी लच्छिनै नभएकी छे। छैंटी-न्वारान हरूमा आउनुहुँदा तपाईंसमेतका महिमा-शाली देवर्षि, ब्रह्मर्षि, महर्षिहरूले छोरीको भाग्यको ठूलो प्रशंसा गरेर जानुभएको हो, यसमा अब के हुन गयो राम्ररी छानबीन गरी हेर्नुपऱ्यो। मनमा साह्रै पीर लाग्यो, कुरा बुझाइदिनुपऱ्यो भन्दा नारदजी भन्नुहुन्छ, जो कुरा मैले भनें ठहऱ्याएर साँचो कुरा भनेको हुँ। सबै साँचो हो, रत्तीभर झूटो छैन। तर, संझनमा फरक परेजस्तो लाग्छ। के कुरा समझमा आएन भन्नुहोस् !

हिमालय भन्छन्–के छोरीको पति जन्मिदै नजन्मिने हो त ? नारद भन्छन्, हो पर्वतराज मैयाँ-का पति जन्मेकै छैनन् किनभने मैयाँका पति महादेव हुनुहुन्छ, उहाँलाई कसले कहिले कहाँ जन्मायो ? तसर्थ मैयाँको पति जन्मनेछैनन् भनेको कुरा यथार्थ हो।

उत्तानो हातको अर्थ के हो त ? भनी सोद्धा

नारदजी भन्नुहुन्छ-वरमुद्राको हात सदा उत्तानो हुन्छ । तपाईंकी मैयाँ पार्वती समस्त विश्वकी आराध्य देवी हुनाले सबैको लागि उहाँको बाहुली सदा उत्तानो वरदान मुद्रामा रहन्छ भनेको कुरा सोचेर भनेको हुँ ।

भन्नुहोस् नारदजी, मेरी छोरीको पाउ स्वच्छायाव्यभिचारी कसरी भयो ? सुन्नुहोस् पर्वतराज, तपाईंकी छोरी मैयाँ समस्त विश्वको मातृवत् वन्दनीया र पूजनीया हुनाले सबै देवताहरूको मुकुटमणिको छाया परिरहने हुनाले पाउको छाया मात्र देखिने हुनाले स्वच्छा याव्यभिचारी भनेको एक अर्थ हो र अर्को अर्थ स्वच्छ = पवित्र, अय = शुभभाग्य, त्यसबाट अव्यभिचरित = अभिन्न रहने पाउ भएकी भनेको हो र कुनै पनि लच्छण छैन भनेको अर्थ यो हो—लच्छण भनेको देहमा रहने एक कुनै चिह्न हो । त्यस्ता चिह्नहरूबाट सो चिह्न हुने व्यक्तिमा आयु, सुखदुःख, सौभाग्य, धनधान्य, छोरा छोरी आदि कुरा केकति परिमाणमा रहेको छ भन्ने कुरासम्म थाहा हुने हो, तर अपरिच्छिन्न एवं अपरिमेय सौभाग्यले परिपूर्ण रहने तपाईंकी मैयाँका गाथमा

अल्प परिच्छिन्न र परिमेय लक्षण नहुनु स्वभाव-सिद्ध कुरा हुनाले त्यस्ता लक्षण छैनन् भन्ने मेरो तात्पर्य हो। तपाईंकी मैयाँ जगद्गुरु भगवान् शंकरकी धर्मपत्नी तथा तीनै लोककी जननी एवं भूतभावनी, विश्वकल्याणकारिणी हुनुहुन्छ अतः शिवजीका साथ उहाँको चाँडै नै शुभ्मसंयोग गराइदिनुपर्‍यो। यो कुरा तपाईंको महत्वपूर्ण कार्य हो। सतीजीको देह-पतन भएपछि शिवशक्तिको सामञ्जस्य भंग भएको अवसर छोपी तारकासुरले दैवीसंपदाको विपरीत आसुरी संपदाको विश्वभरमा प्रसार गरिदिंदा संसार-सृष्टिप्रवाह नै विध्वंसतिर उन्मुख भैरहेको छ। अब तपाईंका सत्प्रयासबाट शिवशक्तिको सुमधुर समागम हुन गएमा विश्वमा पुनः दैवी संपदाको संस्थापना हुनेछ र त्यसले गर्दा संसारको सृष्टि विध्वंसबाट बच्ने छ र देवताहरूको कार्यसिद्धि हुनेछ। तपाईंकी मैयाँको रूपमा अवतार लिनुहुने महाशक्तिको एक अमर-वाणी यस प्रकार छ :—

"इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति।
तदा तदाऽवतीर्याहं करिष्याम्यरिसंक्षयम्॥"

अर्थात् जब जब यस प्रकार दानवहरूबाट

उत्पन्न आसुरी संपत्तिको प्रसारद्वारा दैवी संपत्तिउपर बाधा आइलाग्नेछ त्यस त्यस अवसरमा अवतार लिएर दैवी संपत्तिका दुश्मनहरूको विनाश गरिदिनेछु जसबाट देवताहरूलाई दैवी संपत् स्थापित गर्ने राम्रो समय प्राप्त हुन सकोस् ।

नारदजीको यस प्रकारको कुरा सुनेर हिमाचल अत्यन्त प्रसन्न भएर भन्नलागे—देवर्षि, तपाईंले मलाई भयंकर दुःखबाट उद्धार गरी गहीरो पाताल-देखि माथि ल्याएर सातै लोकको अधिपतिसमान गराइदिनुभयो । मेरो मन आज आनन्दविभोर पारिदिनुभयो । यस गुणको बखान गर्न साक्षात् बृहस्पति हुनसकेको भए सक्दो हुँ । तपाईं जस्ताको दर्शनको पुण्य अमोघ रहन्छ । तपाईंको आज्ञानुसार शिवशक्तिसंयोग गर्ने प्रयासमा म सहमत छु, तर यस महान् कार्यमा यहाँ जस्ता महान् मनीषीहरूको सहयोग सहायता सधैं चाहिन्छ । किनभने देवकार्यको उद्देश्य जुन हो, त्यही उपदेश तपाईंको पनि हो । हिमालयको यो वाक्य सुनेर नारदजी प्रसन्नचित्त स्वर्गतिर प्रस्थान गर्नुभयो र महाराज इन्द्रलाई सबै वृत्तान्त भन्नुभयो । ‘कामकुरा सबै सफल छ, अब

कामदेवको काम पऱ्यो ।' यो नारदजीको वाक्य सुन्नासाथ इन्द्रले कामदेवको संझना गरे । तदनुसार कामदेव पनि इन्द्रका सामु उपस्थित भए ।

संझनासाथ आफ्ना अघिल्तिर खड़ा भइराखेका कामदेवलाई देखेर इन्द्रले भने, हे कामदेव, तिमी मनोभव हौ, अतः सबैको मनको कुरा तिमी आफैं जान्दछौ । तसर्थ देवताहरूको कल्याणको लागि महादेव र पार्वतीको मिलन गराऊ । यस काममा सहायता ऋतुराज बसन्तसंग लेऊ । यो सुनेर कामदेव महाराज इन्द्रसङ भन्छन्, देव दानवहरूको लागि डरलाग्दो यस सामग्रीले महादेव पनि डराउँछन् भन्न सकिन्न । भगवान शङ्करलाई वशमा ल्याउने काम दुष्कर एवं कठिन छ । महादेवको रीस होस् वा अनुग्रह, दुवै कुरा अत्यन्तै उच्च खालका हुन्छन् । विशेष कुराको आशा राखी काम गर्दा सामान्य कुरै पनि बिग्र्यो भने परिणाम के होला, यसमा विचार रहोस् । यो सुनेर इन्द्रले भने, यसमा उत्तरदायी हामी छौं, तिमी नडराई जाऊ । कालको ओखती छैन, हुकूमको जवाब छैन, तसर्थ महाराज इन्द्रको आज्ञा शिरोपर

गरी रति र वसंतलाई साथ लिएर कामदेव बिस्तारै महादेवको कुटीका समीपमा पुगे । त्यहाँ सल्लाको चौतारो, नगीचैमा हरियो चौर त्यसमा साँढे उग्रा-एर आनन्दसित बसेको, अलि पर शिवजी जस्तै यत्तकर्दम कुंकुमहरूका धूलाले कैला कैला जटाजूट भएका, बेंतको छड़ी लिएका शिवजीका सेवक वीरक-लाई देखे । त्यहाँभन्दा केही पर केही चिंतिएका, केही भाग खुलेका उत्तानबन्ध मुद्रामा कमलदल जस्ता दुइ नयन भएका, सोझो मेरुदण्ड पारी आनन्दको स्थिर आसनमा पद्मासन कसी गर्दन सीधा बनाई सोझा दुई आँखाले आफ्नो नाकको टुप्पो हेरिरहनुभएका, सिंहको छाला लट्काउनु भएका, काँधमा दर्शनका रूपमा गुँडुलिएका सर्पका मुखबाट निस्केका विषाग्नि ज्वालाले कैला भएका जटा र जटाका दायाँ बाँयातिर मुन्द्रिएर लर्केका र घुँघुरिएका केशहरूले बान्किलो अनुहार परेका, कमरमा कसेको वासुकी नागको शिर र पुच्छर ब्रह्मांजलिबद्ध बाहुलीमाथि राखी सुशोभित हुनु भएका भगवान् देवाधिदेव महादेव शङ्करलाई देखे । त्यसपछि भ्रमराहरूको झंकारद्वारा वरिपरि फूल-

वारीका बोटहरूका हांगाबिंगा टुप्पाहरू सबै गम्किए। वसंतका सद्योगमा रतिसहित कामदेवको मधुरिमा सर्वत्र बागबगैंचाभर व्याप्त भयो। यो अवसर छोपी कानका प्वालबाट भगवान् शङ्करका मनमा सुटुक्क कामदेवले प्रवेश गरे। यसका लगत्तै वासंती छटामा आश्रित रति-कामावलम्बी मधुरिमा-ले महादेवका मनमा हलचल मच्चाइहाल्यो। अब के विलम्ब थियो, शङ्करका मनमा अपूर्व अनुराग उत्पन्न भयो। सती देवीको संझना ताजा भएर आयो। पछि बिस्तारै सो सतीप्रतिको अनुराग-भावना आफै बिलाएर गयो र अंतरंगको विघ्न-बाधा हटी लक्ष्यको प्रत्यक्ष गर्ने समाधिभावना जागरूक भएर आयो। भगवान शङ्कर तन्मय हुनु-भयो। वशित्व शक्तिका आधारमा थाहा पाउनुभयो यो विकार कामजन्य हो र केही रिसाउनुभयो। पुनः धैर्य गरी बस्नुभयो र योगमायाको आवरण गरी रहनुभयो। अब महादेवको मनमा पसेको कामदेवलाई उम्केर निस्कन गाहारो पऱ्यो। त्यहीं जलेर खाक हुने छाँट आयो। तर बड़ो धैर्य गरी मौका छोपी फुस्केर बाहिर आए। नगीचैमा फुले-

को सहकारको रूखमा फूलका गुच्छा र कमला मुजुराका अन्तरमा वसंतका साथमा बसेर शिवजीका शुद्ध हृदयमा संमोहन वाणको प्रहार गरे जसले गर्दा पर्वतसमान धीर भएका महादेव कामविकारले केही क्षुब्ध हुनुभयो। बाहिरी वातावरण पनि कामदेवका प्रभावले पूर्ण भएको चाल पाउनुभएपछि शिवजीको मुहार क्रोधाग्निबाट निस्केको घोर हुङ्कारले भयङ्कर भयो र महादेवको तेस्रो आँखा जसमा अग्निको ज्वाला निरंतर भरभराइरहन्छ, सो खुल्यो। यसो हेर्दा समीपमा रहेका कामदेव देखापरे र के रहेछ भनेर महादेवले आँखा च्यातेर हेर्दा आँखाबाट निस्केका अग्निका ज्वालाले कामदेवलाई क्षणमै भस्म गरायो र देवताहरू आकाशमा हा-हा गर्दै रहे। कसैको केही जोड चलेन। कामदेवलाई भस्म गरेपछि त्यो शिवजीको नेत्राग्नि संसारै भस्म पार्न तयार भयो, तर शिवजीले लोकको कल्याण मनमा राखेर त्यस अग्निलाई पृथक् पृथक् भाग गरी सहकार, वसंत, चन्द्रमा, फूलमाला, भमरा, कोइली, युवतीको हावभाव, तांबूल, संगीतका झङ्कार आदिमा राखेर शांत गराउनुभयो।

यसपछि आफ्ना विश्वसुन्दर परमप्रिय पतिदेव कामदेव अकस्मात् भस्मसात् भएकाले रतिदेवी आफ्ना प्रिय बान्धव वसंतका साथै साह्रै करुण स्वरमा विलाप गर्न लागिन् । अन्त्यमा वसंतले संझाई बुझाई रतिलाई शिवजीका शरणमा जान अनुरोध गरेपछि आफ्ना सुन्दर घुँघुरिएका कुटिल कुन्तलहरूलाई जटाजूटको रूपमा कसी हातमा भमराहरू गुँजेको फुलेको सहकारको मंजरी लिई कोइलीलाई पछि लगाई जीउमा सुगन्धी चूर्णको सट्टा कामदेवको भस्म घसी हात जोड़ी घुँडा टेकी भगवान श्रीशङ्करको स्तुति गरिन् । आफ्ना खसम व्यक्तिगत काममा मात्र आएको नभै दैवी सम्पदाको स्थापना गर्ने कामको संदर्भमा श्री भगवान शङ्करलाई समेत शक्तिका साथ समागम गराउने महान् उद्देश्य पूर्ण गराउन आएको रहस्य उद्घाटनसमेत गरिन् । यो कुरा स्पष्ट भएकोले रतिका उपर शङ्करको करुणा जागेर आयो र आज्ञा गर्नुभयो—हे रति, तिम्रो प्रार्थनाअनुसार कामदेव केही कालपछि पुनर्जन्म लिएर आउनेछन् र उनी संग पुनः समागम हुनेछ । त्यसभन्दा पूर्व अनङ्ग

भई त्यसै नामले प्रसिद्ध हुनेछन् । श्री महादेवबाट यस प्रकारको आश्वासन पाई प्रणाम गरी रतिदेवी हिमालयको बगैंचामा गएर घाँटी फारेर पहाड़ पर्वतहरूलाई समेत पगाल्ने वा वज्रलाई टुक् टुक् पार्ने हुन् कि जस्तो गरी डाँको छोडी गला फाडेर रोइन् । तर महादेवको आज्ञा शिरोपर गरेकी हुनाले आत्महत्या गर्ने विचारबाट निवृत्त भइन् ।

हिमालय परावर्तन

यसपछि नारदजीको पहिले नै भएको आज्ञा अनुसार पार्वती कन्यादान महादेवलाई गर्न भनी सिंगार पटार गराई, वैवाहिक कौतुक मंगल गरी गराई शुभ साइतमा पार्वतीलाई लिएर हिमालयका वन-जंगल नाघी महादेवको खोजमा पर्वतराज जाँदै थिए । संयोगवश बीचमा रोइरहेकी रतिसंग भेट भयो र पर्वतराजले सोधनी गर्दा कामदेव भस्म भएको सबै एक-एक गरेर सुनाइन् र आफू कामदेवकी पत्नी रति भएको कुरा र महादेवका कृपाबाट मेरा कामदेव जीवन पाई आउने समयसम्म पर्खिबसेकी छु भनिन् ।

यो सुनेपछि पर्वतराज पार्वतीको विवाह

हुने अनुकूल समय नदेखी छोरीलाई लिएर हिमालय पर्वत आफ्नै भवनतर्फ फर्कन लागे। तर पार्वतीलाई थाह भयो महाराज इन्द्र र देवर्षि नारदसमेतको शिवशक्ति समागम गराउने संपूर्ण प्रयास विफल रह्यो भने अब कुनै शक्तिको उपार्जन नगरेसम्म मेरो मनोरथ पूर्ण हुन संभव छैन। यति बुझेर पार्वतीले संगिनीहरूद्वारा पिताजी-छेउ तपस्या गर्न जान अनुमति पाउन निवेदन गरिन्। उमेरकी कच्ची अति कोमल गाथकी बच्ची पार्वतीको तप गर्ने क्लेश सहने शरीर न देखी, 'उमा, त्यस्तो तप गर्न तिमी सक्दिनौ भनी रोके। 'उ···मा–उ···मा' भन्दा भन्दै पार्वतीको उमा भन्ने अर्को नाम थपियो। तर अकस्मात् आकाशवाणी भयो कि पर्वतराज, छोरीलाई तप गर्न स्वीकृति दिनुहोस्, पार्वती सिद्धिकी मूर्ति हुन्। आफ्नो अभिलाषा पूर्ण गराउन सफल हुनेछिन्। यो सुनेर लौ भनी पार्वतीलाई तप गर्न स्वीकृति दिएर पर्वतराज आफ्ना भवनतर्फ फर्के। पार्वतीले पनि तप गर्न देवताहरूको पनि अगम हिमाल

पर्वत नै मुख्य ठाउँ रोजिन् र थोरै सहेलीहरूको सेवामा रही कडा तपस्या गर्न लागिन् ।

पार्वतीलाई महादेवबाट वरदान

पार्वतीका तपबाट प्रसन्न भएर महादेव प्रत्यक्ष भएर भन्न लाग्नुभयो, हे गिरिराजपुत्री, किन मेरो आराधना गरिबसेकी छ्यौ ? महादेवको दर्शन पाएर हर्षले विभोर भएर पार्वतीजीले विन्ति गरिन्—हे जगदीश्वर, मैले बालखकालदेखि नै श्री महादेव स्वामी पाउँ भनी प्रभुको नाम जपी बसिरहेकी छु । तपाईंलाई नै धाइरहेकी छु । आज बल्ल दर्शन पाएँ । प्रसन्न हुनुहोस् । मेरो मनोवाञ्छा पूरा गरिदिनुहोस् । यो सुनेर महादेवले भन्नुभयो—तिम्रा मातापिताबाट कन्यादान नपाई मैले तिमीलाई आफ्नी भन्न सुहाउँदैन । यस्तो महादेवको वाक्य सुनेर पार्वतीले फेरि विन्ति गरिन्, त्यसो भए अब मैले के गर्नुपर्दछ ? महादेवले फेरि भन्नुभयो—पार्वती, यस विषयमा तिमीलाई अर्ती उपदेश दिन भगवान् विष्णु आउनुहुनेछ । उहाँको आज्ञा अनुसार गर्नू भनी महादेव त्यहीं अन्तर्ध्यान हुनुभयो ।

पार्वती आफ्ना तपको क्रम यथावत् चाल

राखी नियममा रही विष्णुको प्रतीक्षा गरी बसेकी थिइन्। एकदिन गरुडमा सवार भई भगवान विष्णु पार्वतीले तप गरेको पर्वतमा आउनुभयो। विष्णुको दर्शन पाई अति प्रसन्न भई पार्वतीजीले स्वागत सम्मानपूर्वक पूजा गरिन्। पार्वतीका भक्ति भावबाट प्रसन्न भएर विष्णुले भन्नुभयो—पार्वतीजी, तपाईंले किन मेरो आराधना गर्नुभएको हो, मनमा के कुराको कामना छ भन्नुहोस्। यो सुनी पार्वती भन्नुहुन्छ—हे भगवान् नारायण, मैले बालखकालदेखि नै महादेव स्वामी पाऊँ भनी धाइ-रहेकी छु। मेरो यो मनको कामना के गरे पूर्ण होला, अर्ती उपदेश पाऊँ। यसैको लागि मैले तपाइंको आराधना गरेकी हुँ। पार्वतीको यस्तो वचन सुनी भगवान् विष्णु आज्ञा गर्नुहुन्छ।

स्वस्थानी व्रत गर्ने उपदेश

हे पार्वती, तीर्थ व्रत दान धर्म जप तपभन्दा पनि उत्तम, जुन उपाय गरेमा श्री महादेवजी स्वामी पाउन सक्नुहुनेछ, सो उपाय भन्छु। एकचित्त भै सुन्नुहोस्। श्री स्वस्थानी परमेश्वरीको व्रत गर्नुहोस्। यो व्रत गर्नुभयो भने मनको कामना

सजिलैसंग पूर्ण हुनेछ। विष्णु भगवान्‌को यस्तो वाक्य सुनी पार्वतीजीले फेरि सोधनी गर्नुहुन्छ, हे वैकुण्ठनाथ, त्यो व्रत कसरी गर्नुपर्छ, त्यसको पूरा विधिविधान आज्ञा गर्नुहोस्। पार्वतीको प्रश्न सुनेर स्वस्थानी व्रत गर्ने विधिविधान बारे भगवान वैकुण्ठनाथबाट आज्ञा हुन्छ—हे पार्वती, पौष शुक्ल पूर्णिमादेखि यो व्रत गर्नुपर्छ। यो व्रत थाल्नुभन्दा पहिले हात गोड़ाका नंगहरू काटी स्नान गरी पवित्र भै एकचित्त रही आफ्ना नित्य कृत्य गरिसकेपछि मध्याह्नकालमा पुनः व्रताङ्ग स्नान गर्नू र व्रतको प्रारम्भ गर्नू। नित्य मध्याह्न-कालमा महादेवको पूजा गर्नू। माघभर नित्य यो व्रत गरेपछि माघ शुक्ल पूर्णिमाका दिन विशेष उपचार सरसामग्री बनाई श्री स्वस्थानी देवीको भक्तिपूर्वक महापूजा गर्नू। आर्सीमा होस् वा सुन चाँदी, अथवा तामा थालीमा अष्टदल कमल लेख्नू। त्यसका कर्णिका (गट्टा) मा ॐकार लेख्नू र त्यहाँ श्री स्वस्थानीको र आठ दलमा अष्ट मातृकाको पूजा गर्नू। मन्त्रको प्रतिष्ठा, ध्यान, आह्वान, आसन, पाद्य, अर्घ, आचमन, स्नान,

पुनराचमन, वस्त्र, अलङ्कार, चन्दन, सिंदूर, अक्षता, फूल, माला, धूप, दीप, आरती, नैवेद्य चढाई जप गर्नू । अनि जल, फल, पान भेटी र शक्तिअनुसार चमर, दर्पण, सौभाग्य द्रव्य र अरू राजोपचार चढाउनू र कपूर, हजार दस हजार बत्तीहरूले नीराजन गर्नू । प्रदक्षिणा नमस्कार पुष्पाञ्जलीसमेत अर्घ दिनू र यस्तो ध्यान गर्नू–

श्री स्वस्थानीको ध्यान

खड्‌गं त्रिशूलं चोर्ध्वं च अधश्च वरमुत्पलम्
दोर्भिश्चतुर्भिर्विभूषणा नानालङ्कार भूषिताः ॥१॥
त्रिनेत्रा काञ्चननिभा मातृकाष्टकवेष्टिता
लोकैः सेव्या सदा ध्येया स्वस्थानी परमेश्वरी ॥२॥

अर्थात् चार हातमध्ये माथिल्ला दुई हातमा त्रिशूल र खड्‌ग, तल्ला दुई हातमा वर र कमल लिएकी, नाना प्रकारका वस्त्र र गहनाहरू पहिरेकी, तीन आँखा भएकी, सुनै जस्ती, वरिपरि अष्टमातृकाहरूद्वारा सेवा गरिएकी, स्वर्ग, मर्त्य, पाताल तीनै लोकका प्राणीहरूको सेवनीया रहेकी, श्री स्वस्थानी परमेश्वरीको सदा ध्यान गर्नू ।

चढाउनुपर्ने विशेष उपचारहरू यस प्रकार

बनाउनू—१०८ रोटी, र यस्तै पेडा, लड्डु, आदि समेत १०८–१०८, अक्षता, जौ, तिल, १०८ बेलीपुष्प कुन्द पुष्प, १०८–१०८ सुपारीका कुड्का, पान, जातजातका फलफूलहरू र वस्त्र, यज्ञोपवीत, अलङ्कारसमेतको पूजा सर्जाम बनाउनू। कुंकुम, केशर, कस्तूरी, कपूर, कंकोल आदि द्रव्यहरू पनि जोडजाम गर्नू। नाना प्रकारका सुगन्धी धूपहरू पनि तयार गरी गराई राख्नू। मालाहरू राम्रा-राम्रा बनाउनू इत्यादि। यी सबै उपचार चढाई प्रार्थना गरी, उच्छिष्ट चाण्डालिनीहरूलाई केही प्रसाद झिकी राख्नू र वरदान माग्नू। चढाइएका १०८-१०८ मध्ये सबैबाट ८-८ कुरा झिक्नू र पुरुषलाई दिनू, पुरुष नभए छोरालाई, छोरा नभए मीत छोरालाई, मीत छोरा पनि नभए जुन कामनाले व्रत लिएको हो, सो कामना पूर्ण होस् भनी गङ्गामा बगाउनू। १०० रोटीसमेतका कुराहरू आफूले खानू। रात्रिमा जागरण गर्नू, स्वस्थानीको कथा भन्नू, सुन्नू, सुनाउनू, भजन, कीर्तन गर्नू। स्वच्छ हृदयले भक्ति-भावले यो व्रत गर्नुभयो भने हे पार्वतीजी, तपाईंको मनको कामना पूर्ण हुनेछ र

अवश्य श्री महादेवलाई पति पाउनुहुनेछ, यसमा कुनै संशय छैन। यति भनी भगवान विष्णु आफ्नै वैकुण्ठतिर जानुभयो। पार्वतीजीले पनि वैकुण्ठनाथको आज्ञानुसार पौषमासको पूर्णिमादेखि श्री स्वस्थानी-को व्रत पूर्वोक्त विधिअनुसार गर्नुभई माघ मासको पूर्णिमाका दिन विशेष पूजा आजा गरी जागरण भजन, कीर्तन गर्नुभई भोलिपल्ट व्रत पारण गरी हरिहरको स्मरण गर्नुभयो र आफ्नो तपस्याको क्रम चालू राख्नुभयो।

इति श्री स्कन्दपुराणे केदारखण्डे माघ माहात्म्ये कुमारागस्त्यसंवादे श्री स्वस्थानी परमेश्वर्यां व्रतकथायां पार्वती जन्म-काम भस्म-रतिविलाप-विष्णुकृत स्वस्थानी व्रतोपदेशादि विविध प्रसङ्ग वर्णननाम एकादशोऽध्यायः ॥११॥

द्वादशः अध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ, हे अगस्त्यजी, पार्वतीजीले यतिकैमा सन्तोष मानी बस्न हुन्न भनी तपको शृङ्खला जोडेर नै राख्नुभयो।

सप्तर्षि-महेन्द्र संवाद

पार्वतीको तपस्याको क्रम कुशको कन्धनी, बोक्राको वस्त्र, हिमालको जाडो, तीन बार दिनमा स्नान, पाटलाका पातको आहार, यो क्रम सय वर्ष;

दिनको तीन बार स्नान, पातको आहार सय वर्ष, यसपछि सय वर्ष स्नान संध्या जप तप सबै कुरा चालू छन् तर निराहार बसी सय वर्ष बिते। अब पार्वतीका तपले सबै प्राणीहरू डराए। महाराज इन्द्रले सप्तर्षिहरूको संभना गरे। संभना गर्नासाथ सप्तर्षिहरू इन्द्रका समक्ष उपस्थित भए। इन्द्रबाट पनि सबैको स्वागत सम्मान भयो। त्यसपछि हामी-हरूलाई के कामको लागि संभनुभएको भनी ऋषिहरूले महाराज इन्द्रसंग प्रश्न गरे। यो सुनेर इन्द्र भन्नुहुन्छ—पर्वतराज हिमालयकी छोरी पार्वती दुर्गम हिमाचलमा गएर घोर तपस्या गरिरहेकी छिन्। तिनको तपस्याका तापले गर्दा तीनै लोक संतप्त भइरहेछ। तसर्थ पार्वतीको मनोरथ पूर्ण गराई त्यस भयंकर तापबाट निवृत्त गराउने काम तपाईं-हरूले गरिदिनुपर्‍यो भनेर संभना गरेको हुँ। यो एक अत्यन्त महत्वपूर्ण काम हुनाले तपाईंहरू जस्ता सुयोग्य महर्षिहरूबाट सुसम्पन्न हुनसक्ला भनी

ठूलो आशा राखेको छु। महाराज इन्द्रको वाक्य सुनेर हवस् भनी सप्तर्षिहरू त्यहाँबाट सरासर पार्वतीको तप-

स्थल हिमाचलमा पुगेर पार्वतीजीसंग मिठाससाथ भने–प्रिय पुत्री, मनमा कुन कुराको अभिलाषा लिएर यस्तो घोर तप गरेको हो ? सप्तर्षिहरूको मधुर वचन सुनेर पार्वतीले लाजले लजिलो मुख गराई आफू मौनव्रतमा रहेकी र सप्तर्षिहरूको सम्मान पूर्वक पूजा गरेपछि मौनव्रत छाडी कुरा गर्ने संकेत गरी ऋषिहरूलाई आसन टक्र्याई सत्कारपूर्वक पूजा गरी विश्राम गराई भक्तिसाथ अभिवादन गरी मौनव्रत समाप्त गरी निवेदन गरिन्–सम्मान्य ऋषिहरू कुन कामको लागि पाल्नुभएको हो ? त्यसपछि लाजको मौनव्रत लिएर सप्तर्षिहरूका अगाडि खड़ा रहिन्। पार्वतीको उज्यालो हँसिलो अनुहार, मान्यजनप्रतिको संमानको भावना, प्रशंसनीय विनय, पर्वतराजकी एकमात्र दुलारी छोरी भईकन पनि रत्तीभर मनमा अभिमानको लेश नरहनु आदि गुण देखेर सप्तर्षिहरू अत्यन्त प्रभावित भएर पुनः प्रश्न गर्नलागे—हे पर्वतराजकी मैयाँ, यस्तो नौनी जस्तो कोमल गाथ, तर यस्तो कठोर तप केको लागि हो ? यो सुनी पार्वती भन्छिन्— सम्मान्य गुरुवरहो ! मेरो मनका कुरा तपाईंहरू-

लाई विदितै छ किनभने आफ्ना तप शक्तिद्वारा संसारभरका समस्त प्राणीहरूको हित कुरा र मनमा निहित कुरा तपाईंहरू आफैं जान्नुहुन्छ तापनि, गुरुजनको प्रश्नमा मैले निवेदन गर्नु अनुचित नहोला भनेर केही विन्ति गर्छु। विश्वमा प्राणीहरू कठिनभन्दा पनि कठिन पुरुषार्थ गरेर अत्यन्त दुर्लभ कुरा पनि सुलभ पारिछाड्छन्। कति त 'देहं वा पातयामि कार्यं वा साधयामि' शरीरै समाप्त पार्छु वा कार्यलाई सफल पारिछाड्छु भनी उद्योगमा डटिरहेका देखिन्छन्, म त आकाश-का फूलको माला लाएको वन्ध्या नारीको छोराको खोजी गर्न लागेजस्ती छु किनभने जो स्वभावले नै अत्यन्त दुराधर्ष हुनुहुन्छ र हाल कठिन तपमा संलग्न हुनुहुन्छ, साथै जसका पारमार्थिक क्रिया-कलापहरूलाई देवता वा दानवहरू कोही ठम्याएर जान्न र वर्णन गर्न सक्दैनन् त्यस्ता महादेवलाई स्वामी पाऊँ भन्ने मेरो तपस्याको उद्देश्य हो, तर हाल उहाँ कामदेवलाई समेत भस्म गरी वैरागी भई अचिन्तनीय तपमा मग्न हुनुहुन्छ। म जस्ती अजान नारी अब यस उद्योगमा कसरी सफल हुन

सकूँली एवं त्यस्ता महादेवलाई आराधना गरी कसरी रिझाउन सकूँली भन्ने कुराले मेरो मन व्याकुल भएको छ।

पार्वतीजीको यस्तो वचन सुनेपछि यिनको मनमा के कस्तो कहाँसम्मको दृढता छ सो बुझी त्यसपछि मात्र प्रस्तुत कुरा गर्न योग्य होला भन्ने विचार गरी सप्तर्षिहरूले पार्वतीलाई भने—देवी, हामी केही भन्छौं, राम्ररी विचार गरेर नरिसाई त्यसको उत्तर सुनाउनुहोला। त्यसपछि मात्र तपाईं-लाई जो सकेको सहायता गरौंला भनी प्रश्न गरे—पर्वतराजकुमारी, प्राणीहरूको सुख दुइ प्रकारको हुन्छ, त्यसमध्ये एक सुख शारीरिक भोग हो र अर्को सुख मानसिक आनन्द हो। हाम्रा विचारमा नाङ्गा, देख्तै डरलाग्दा, मसानमा वास गर्ने, खपरू लिने, तनाहा, विरूप आँखा भएका, जे गर्ने धुन लाग्यो त्यसैमा लट्ठ भै रहने, बेहोशी बौलाहा जस्ता बौलट्टी, घिनलाग्दा समाजको संग्रह गर्ने, अनर्थै अनर्थको मूर्ति जस्ता, जोगीको स्वभाव भएका, भयंकर, आफू पनि घिनलाग्दा, रगत चुहिने गरी गिदी बोसो कटकटिएको खप्परै खप्परको माला

लाउने, त्यसमाथि पनि फुङ्कार मार्ने भयानक साँप साँपको गहना पहिरिने, मसानका भूत प्रेत पिशाच हरूका नाइकेहरू अगल बगल राखेर बस्ने बूढा महादेवलाई स्वामी पाई शिरीष फूल जस्तो कोमल-गाथ भएकी मैयाँका तनमा र मनमा समेत के सुख होला ? बरु समस्त देवताहरूद्वारा वन्दना गरिएका जगत्का पालनकर्त्ता लक्ष्मी जस्तीलाई दासी बनाई बसेका विष्णु छन्, स्वर्गीय अमृतका साथै यज्ञीय हविरूपी अमृतको भोग गर्ने महाराज इन्द्र छन्, देवताहरूका पनि आश्रयणीय हिरण्यरेखा अग्नि छन्, समस्त विश्वका प्राणशक्तिसमान वायुदेव छन्, नाना प्रकारका रत्नराशिहरूले परिपूर्ण रहेका धन-पति कुबेर छन् । समुद्रका संपत्ति मणि मोती आदि-ले पूर्ण रत्नाकर निवासी राजा वरुण छन् । यिनीहरू-मध्ये एक कुनैसंग विवाह गरेमा शारीरिक एवं मानसिक सुख होला । मैयाँ, तपाइंका पिताजी पर्वत-राजकै दरबारमा पनि देवताहरूका दरबारमा समेत दुर्लभ वस्तुहरू परिपूर्ण छन् भने किन तपाइंको मन बेकम्मा महादेवमाथि मोहनी लाए झैं भएर एको-होरिएको होला ?

सप्तर्षिहरूको यस्तो वाक्य सुन्नेबित्तिकै पार्वतीजीले सबै कुरा बिर्सनुभयो। पहिले कुरा थाल्दाखेरि नै सप्तर्षिहरूले नरिसाउनुहोला भनी प्रार्थना गरीकन कुरा गर्न थालेका थिए, तर पार्वतीजी रीसले तातिहाल्नुभयो रातो रातो भैहाल्नुभयो। लाल लाल आँखा पारी ओठ फरफर पारी बोल्न लाग्नुभयो—दुराग्रहीउपर प्रीति राख्नु, व्यसनीलाई व्यसनबाट नियन्त्रण गर्न सफल हुनु संभव छैन र विपरीत अर्थ लाउनेलाई सुपरीत अर्थमा आकर्षण गर्न कसैले सक्दैन। तसर्थ मलाई तपाईंहरूले दुर्मति र दुराग्रही भन्ठान्नुभएको छ भने मैले भन्नु पनि केही छैन तपाईंहरूले सुन्नु पनि केही छैन तापनि म त तपाईंहरूलाई प्रजापतितुल्य ठान्छु। ज्ञानका राशि हुनुहुन्छ र सर्वदर्शीसमेत हुनुहुन्छ। के तपाईंहरू नित्य अनादि शाश्वत जगत्का स्वामी महादेवसङ्ग अपरिचित हुनुहुन्छ ? उहाँका आचार-विचार क्रियाकलापहरू विचित्रका छन्। जुन कुरा ब्रह्मा, विष्णु, महेशहरूले राम्ररी जान्न सकेका छैनन्, यो विश्व र यसको वैभव उहाँबाटै प्रस्फुटित भएका महान् ऐश्वर्यबाट नै उल्लासमय स्थितिमा रहेको छ

भन्ने कुरा तपाईंहरूलाई थाहा छैन ? यो आकाश कसको मूर्ति हो ? अग्नि, वायु, वरुण, पृथ्वी, सूर्य, चन्द्र, वैदिक यज्ञका यजमान यी सब कसका मूर्ति हुन् ? समस्त देवासुरहरू भक्तिपूर्वक कसका लिङ्गको पूजा गर्छन् ? देवता ऋषिहरू कसलाई ईश्वर मान्द-छन् ? इत्यादि महादेवका महत्त्व दर्शाउने असंख्य गुणगाथाहरू तपाईंहरूलाई थाहा छैन ? महा-देवकै विभूतिले खड़ा भएका परिमित ऐश्वर्य हुने सूर्यका सामु जूनकीरी झैं महादेवका सामु निन्या-उरा, मलिन कुनै पनि देवताहरूलाई म चाहन्नँ। हे भद्र महर्षिहो ! महादेव बाहेक अरू कुनैलाई कहिल्यै पनि मनसा-कर्मणा-वाचा मैले चाहना गरेकी छैन। यसभन्दा विपरीत कुरा मलाई मन पर्दैन। मलाई यस्तो आदेश दिने तपाईंहरू यहाँ रहनुहोस् वा जानुहोस्, तर मेरा सिद्धान्तप्रति समर्थन जनाउने तपाईंहरूको अन्तःकरणलाई आफैं प्रश्न गरेर जानुहोस्। यस प्रकारको पार्वतीजी-को मनको दृढ़ता देखेर आँखाबाट हर्षको आँसु झारी, पर्वतराजकुमारी, तपाईंलाई भूरि-भूरि धन्य-वाद छ भनी अत्यन्त खुशी भई भन्नलागे, पार्वती-

जी, तपाईंको ज्ञानशक्ति अद्भुत रहेछ। महादेव प्रतिको भाव देखेर हामी सबैको मन प्रसन्न भयो। हामीहरू श्री महादेवको अद्भुत ऐश्वर्य जान्न सक्दैनौं। उहाँको महिमा सब तपाईंलाई थाहा छ। हामीहरू केवल तपाईंको निश्चयमा कतिसम्मको दृढ़ता छ त्यति कुरा बुझ्न भनेर आएका छौं। तपाईंको मनोरथ अब चाँडै नै पूर्ण हुनेछ। जस्तो शब्द र अर्थको, सूर्य र प्रभाको, रत्न र द्युतिको नित्य संबंध छ त्यस्तै शिवशक्ति समागम पनि नित्य छ। अब आज्ञा होस्, जाऔं। अनेक उपायद्वारा महादेवसंग प्रार्थना गरौं। तपाईंको जो इच्छा हो, सोही हाम्रो इच्छा हो। तपाईं बुद्धि पनि हुनुहुन्छ, नीति पनि। तपाईंको आज्ञाअनुसार गरेको हाम्रो प्रयास शंकरजीबाट सफल गराइदिनुहुनेछ भनी पार्वतीजीबाट सम्मान र शुभेच्छा पाई सप्तर्षिहरू जहाँ महादेव हुनुहुन्थ्यो, उहाँ गए। त्यहाँ हिमा-लमा भगवान् शंकरका तपस्याको कुटीमा द्वारमा वीरक हातमा बेंतको छड़ी लिएर खड़ा थिए। उनीसंग गई सप्तर्षिहरूले भने—हामीहरू आवश्यक कार्यवश महादेवको दर्शन गर्न आएका छौं। यो

महादेव-सप्तर्षि संवाद

सुनेर वीरकले 'अहिले स्वर्गङ्गामा सायंकालको संध्या गर्न पाल्नुभएको छ, केही बेर प्रतीक्षा गर्नुहोस्। संध्याकर्म सकिएपछि विन्ति चढाउँला' भने । संध्या-कर्म समाप्त भएको चाल पाएपछि भगवान् शंकर-का सामु गै विनयसाथ घुँडा टेकी नमस्कार गरी वीरकले सप्तर्षि पाल्नुभएको छ भनी विन्ति चढाए। यो सुनी आँखीभौंको इशाराले भित्र ल्याउनू भन्ने आज्ञा दिनुभयो र शिरको इशाराद्वारा वीरकले परैबाट ऋषिहरूलाई डाकी भित्र प्रवेश गराए। हडबड़ीसाथ पगरी बाँधेर मृगचर्मका वस्त्र पहिरेका सप्तर्षिहरूले हातमा स्वर्गीय फूलहरूलाई भगवान् शिवजीका विभूतिद्वारा सिद्ध भएको वेदिकाभित्र जहाँ शिवजी विराजमान हुनुहुन्थ्यो, त्यहीं नेर पुगेर पाउमा पुष्पांजलि चढाई भगवानको दर्शन गरे। भगवानको प्रेमपूर्ण दृष्टि पाएका महर्षिहरूले भक्ति-पूर्वक स्तुति सुनेपछि उपक्रम उपसंहार मिलाई बृहस्पति झैं भगवान शंकर बोल्न लाग्नुभयो।– सप्तर्षिहो, तपाईंहरू यहाँ आउनुभएको काम मैले जानें। यस लोकको कल्याणको लागि विधिको

विधान पनि के कस्तो परिबन्दसँग मिलाउनुपर्ने हो सो पनि बुझिसकेको छु । यसमा मेरो पनि केही व्यक्तिगत कल्याण रहेको छ । तर लोकको विधि व्यवहार पनि मिलाउनैपर्छ । सबै रहस्यको कड़ी मुख्य हिमालयकी कन्या भएर जन्मेकी महाशक्तिकी अवतार आर्या पार्वती देवी हुन् । यो समस्या सुल्झाएर देवताहरूको कामको टुंगो लाउन सबैलाई आतुरी परेको छ । हो, तथापि दुनियाको चलन पनि विचार गर्नुपर्दछ । लोक मर्यादा पालन गर्नु पनि ठूलो धर्म हो । तपाईंहरूका सत्प्रयासपूर्ण कार्यमा मेरो हार्दिक समर्थन रहनेछ । तसर्थ यस कामको व्यवहार जे जस्तो रूपमा मिलाउने हो, त्यो तपाईंहरूद्वारा मिल्न सक्छ, सो मिलाई मलाई जानकारी गराउनुहोस् ।

सप्तर्षि-मेनका संवाद

भगवान शंकरको यस्तो स्वच्छ सागरभित वाक्य सुनेर सप्तर्षिहरू सारै नै प्रसन्न भए र त्यहाँ-बाट भगवान शङ्करको आज्ञानुसार पार्वतीजीका साथ शङ्करको विवाह गराउने सम्बन्धमा लोक-मर्यादा मिलाउने कामको अभिभारा बोकेर सप्तर्षि-

हरू पर्वतराज हिमालयका राजभवनमा पुगे। हिमालयले पनि सप्तर्षिहरूको मानमर्यादासँग सम्मान गरे, विश्राम गराए। त्यसपछि कुराकानी चल्यो। सप्तर्षिहरूले महाराज इन्द्रसँगको कुराकानी, पार्वतीजीसँगको संवाद् सबै सुनाए र क्रमै सँग महादेवसँग भेटघाट गरीकन छलफल विवाह विमर्शको फलस्वरूप तपाईंकी कन्या आर्या पार्वतीजीको विवाह लोकशङ्कर भगवान श्री शिवसँग हुनु परम आवश्यक छ, यो कुरा विधिका विधानको सारगर्भित महान सफल उद्देश्य हो, यो रहस्य बुझ्नुभएका भगवान शङ्करले तपाईंकी कन्याको चाहना गर्नुभएको छ, देवाधिदेव महादेवले स्वयं तपाईंकी कन्याको चाहना गर्नु ठूलो भाग्यको कुरा हो, तसर्थ उहाँका बाहुलीमा कन्यादान गरी आफ्नो र आफ्ना कुलको उद्धार गर्नुहोस् र देवताहरूको ठूलो काम यसबाट पूर्ण हुन जानेछ र जगत्को पनि यसबाट उद्धार हुनेछ। सप्तर्षिहरूको यस प्रकारका कुरा सुनेर हर्षविभोर भएका पर्वतराज हिमालय मनमनै धन्य धन्य महादेव, धन्य धन्य प्रभुको करुणा भन्छन्। मुखले केही बोल्नै

सकेनन् । यो देखेर मेनकाले हात जोड़ी भन्नुभयो- छोरीको जन्मको सार महान् भए पनि संसारमा छोरीको जन्म हुँदा जति छोराको जन्म हुँदा प्रसन्न हुन्छन् उति हुँदैनन् । यस्तै प्रसङ्गले त्यस्तो भएको होला । कुल, शील, उमेर, रूप, श्री, संप. ाहरूले युक्त भएको वर छ भने त्यसलाई अनुनय विनय गरी बोलाई नमागेको भए पनि फकाई फुल्याई छोरी दिनुपर्दछ । तर कठिन कठिन तप गर्ने अघोर रूपका शंकरजी शिरीष- कोमल हाम्री कन्याको लागि योग्य हुनुहुन्छ वा हुनुहुन्न यो सबै कुरा विचार गर्नुहुन र हाम्री मैयाँको मनसाय के कस्तो छ सो पनि यथार्थ रूपमा बुझेर कामकुराको टुंगो लगाउनु उचित पर्ला ।

मेनकाको यो कुरा सुनेर सप्तर्षिहरूले भने- महारानी ! शंकरको ऐश्वर्य के कस्तो छ भन्ने कुरा त समस्त देवताहरू जसको पाउमा दर्शन गर्न आफू- लाई अहोभाग्य भन्ठान्दछन् र जसलाई अतुलनीय महान् ऐश्वर्य हुनाले महेश्वर भन्दछन् र जुन महेश्वरलाई स्वामी पाऊँ भनी तपाईंकी मैयाँ आर्या श्री पार्वती दुष्कर तप गरी त्यस तपको

उद्यापनसमेत गरी व्रत समाप्त गरी बस्नुभएको छ । यो सबै यथार्थ खबर बुझेर हामीहरू यहाँ आएका हौं, भनी पर्वतराज हिमालयलाई संगै लिएर पार्वती बस्नुभएको ठाउँमा सप्तर्षिहरू गए। घ्यू र समिधा होम गर्दा दन्केका अग्निका ज्वाला झैं तपस्याका तेजले झर्झराउँदो मुहार भएकी आर्या पार्वतीजीको दर्शन पाए । विनय-पूर्वक हात जोडेर स्नेहपूर्वक विन्ति गरे—आर्ये पार्वती, तपस्या सफल भयो । अब पुनः यस्तो कठोर तप गरी यस्तो सुकुमार रूप सुकाउनु योग्य छैन । बुवाज्यूको साथ

लागेर हिमालयको राजभवनमा पाल्नुहोस् । हामी-ले आर्याका बुवाज्यू तथा मुमाज्यूसंग समेत तपाईं-का मनको अभिलाषा बिसाइसक्यौं र श्री भगवान् शंकरलाई पनि मनाइसक्यौं । सबै प्रबन्ध मिलाई यहाँ आएका हौं तसर्थ बुवाज्यूका साथमा लागेर अब राजभवनमा पाल्नुहोस् । भोलिकै शुभ मुहूर्तमा विवाहको माङ्गलिक विधान गरिहाल्नुपर्दछ । शुभस्य शीघ्रम्, शुभ कामको संपादन चाँडै गर्नु-पर्दछ । हामीहरूले आज्ञा पाऊँ । श्री महादेव

शंकर गंधमादन पर्वतमा राज भएको छ। उहाँ गई लावा लश्कर लिई बरियातसाथ भगवान् शंकरलाई हिमालयको राजभवनमा विवाह कौतुकमा ल्याउनुपऱ्यो ।

यो सुनेपछि आफ्नो तप सुफल भयो भन्ने संझी हर्षित भएर पार्वतीजी बुवाज्यूसंग हिमालयको राजभवनमा जानुभयो । त्यो शुभमुहूर्त कति कति खेर आइपुग्ने व्यग्रताले गर्दा त्यो रात पार्वतीलाई दसहजार वर्षभन्दा पनि लामो लाग्यो । हिमालय र मेनकालाई छोरीको विवाह भोलि नै गर्नुपर्ने भएकोले कामको चटारो के कति पर्न गयो त्यो छोरीको विवाह गरेका आमा बाबुलाई मात्र थाह हुने कुरा हो। उता गन्धमादनमा पुगेर भोलि नै विवाह गर्ने कुरा टुंग्यो लाग्यो भनी सप्तर्षिहरूले श्री शंकरजीका समक्ष विन्ति चढाए । महादेवका बाबु न आमा, अब विवाहको कामको यो सारा अभिभारा कसले आएर सम्हालिदिने हो, पऱ्यो बड़ो फसाद ! शंकरका प्रमथ गणहरूमा खैलाबैला पऱ्यो । के गर्ने, के नगर्ने सबै किंकर्तव्यविमूढ़ भए, सबै रमभ्रमले मस्त छन् । तर सुनियोजित ढंगले, मर्यादित रूपले कामको प्रबन्ध कसले मिलाउने,

भनेर कोही पनि अघि सर्न सक्दैन । यो देखेर महादेवले भन्नुभयो–यौटा मात्र विद्वानलाई कर्णधार गराएको छ भने त्यसले सारा कामको बेड़ा पार लगाइदिन्छ भने आज यहाँ मेरा काममा सात-सात जाना सप्तर्षिहरू ज्ञान बुद्धि विवेकका महान् सागरहरू संलग्न हुनुहुन्छ भने कुनै चिन्ता छैन। उहाँहरूका निर्देशनमा, उहाँहरूको अनुशासनमा रही काम गर्नू । कौतुक मण्डपमा, ज्यूँती कोठामा दानदक्षिणा, खानपान, गहनाका काममा ऋषि-पत्नीहरूलाई तैनाथ गर्नू । सप्तर्षिहो ! यो अभिभारा तपाईंहरूले आरंभैदेखि उठाउनुभएको हुनाले पार लगाएरै छाड्नुहोस् । महादेवको यस्तो आज्ञा सुनेर विनयसाथ सबै ऋषि-ऋषिपत्नीहरूले विन्ति चढाए, भगवन्, प्रभुका प्रतापमा प्रभुका कृपामा यस काममा हामीहरू कर्णधार भै सजिलैसंग बेड़ा पार लगाउन सक्नेछौं, केही चिन्ता छैन । अब सप्तर्षिहरूको नेतृत्वमा गन्धमादन पर्वतमा महादेव-का विवाहको साजसज्जा हुनथाल्यो ।

जन्तीको सम्मान व्यवस्था

हिमालयका दरबारमा पर्वतराजका इष्टमित्र

कुलकुटुम्ब प्रायः पर्वतहरू नै र नदी नाला, सागर सिन्धु आदि थिए तापनि ती सब दिव्य आधिदैविक स्वरूप लिएर रत्नराशि, खर-खजाना, सरसामान लिंदै एक एक गरेर घुइँचो लाएर ठेलमठेल भई जम्मा भए । देवाधिदेव श्री महादेव ईश्वरेश्वर श्री महेश्वर जसका राजराजेश्वर धनेश्वर कुबेर महान मित्र, अणिमा, महिमा, गरिमा, लघिमा प्राप्ति प्रकामता ईशिता एवं वशिता समेतका महासिद्धि र अरू असंख्य सिद्धि, लघुसिद्धिसमेतका सिद्धि-हरू जसका सेवामा निरन्तर लागिरहेका हुन्छन् र जसका पाउमा महेन्द्रसमेत देवताहरूका मुकुट-सहित शिर झुकिरहेका हुन्छन् र सारा ज्ञानी विद्वान योगीसमेतका चिन्तनशील महापुरुषहरू जसका आराधनामा सदा जुटिरहेका हुन्छन्, आज उहाँ जस्ता महान महेश्वर वरका रूपमा हिमालयका

वधू वस्त्राभूषण र वैवाहिक निमंत्रणा

राजभवनमा आउनुहुने भएकाले उहाँको मान मर्यादा स्वागत सम्मानमा रत्तीभर त्रुटि नहोस् भनेर अत्यन्त सावधान हुने व्यवस्था मिलाइयो र विवाहका दिन दुलहीको सिंगारपटार गर्न सबेरै पार्वतीजीका कक्षमा

स्वर्गका देवीहरू सुसज्जित भै आएका कति हाँस्छन्, कति ठट्टा गर्छन्, कति स्नानकक्षमा स्नान गराउने तरखर मिलाउन लागे कति पोशाकहरूको तयारीमा लागे । कति गहनाहरूको जोडी मिलान गर्नें र कुन सुहाउँछ, कुन सुहाउँदैन भनी हेर्नलागे । कति टीकाटाला, माहुर, केश, काइँयो, जुरो, चूल्ठो, लेपन, चूर्णन, अलका, कुन्तल, बिन्दी, लाली आदिको जाँच पड़ताल गर्नलागे । कति सुगन्धित तेल, अत्तर, चुरा, बाला, बाजू, रैयाँ, बन्दी, छल्ला, पैरी, कल्ली, औंठी, सिक्री, कण्ठहार, मङ्गलसूत्र, कटिसूत्र, काञ्ची, नुपूर, चूड़ामणि, मुकुट, कुन्तल, ग्रैवेयक, लम्बन, लम्बिका, उरुसूत्रिका, शतलतिक हार, कर्णपूर, गच्छ, गुच्छार्थ, गोस्तन, एकावलि, नक्षत्रमाला, किंकिणी, तुलाकोटी पहिराउने काममा लागे । कति बुकुवा, अष्टसुगन्धि, यक्षकर्दम, कुंकुम, केशर, चन्दन, गोरोचनहरूद्वारा लेपन, अनुलेपन, तिलक-चित्रक आदि गराउने, केशप्रसाधन, धूप-शोषण, मार्जन, सुगन्धिकरणहरूमा परिहाय, बर्म-कथा, क्षेपन, आक्षालनसमेत गर्नलागे ।

सबै ऋतुहरू आफआफ्ना ऋतुकालका फल-

फूल समेत प्रस्तुत गर्नलागे । वायु र वर्षाले हिमालयको राजभवन झाड़बढार लिपपोत गर्नलागे । स्वयं लक्ष्मी आई त्यस भवनमा साजसज्जामा लागिन् । कान्ति, ऋद्धि तछाँड-मछाड़ गरी भित्र पसे । चिन्तामणि अदि रत्नहरू, कल्पवृक्षहरू, ओषधि, दिव्य ओषधि, रस, धातु, समुद्र, नद, नदी, सिन्धु, सागर सबैले हिमालय पर्वतको महिमा बढाउन कुनै पनि कसर नराखी काम गरे। स्थावर-जंगमसमेत चराचरले आफ्ना वैभव राम्ररी देखाए। हिमालयका आज्ञानुसार मेरी प्रिय छोरीको शुभ विवाहमा बरियातको माङ्गलिक यात्रा गरी पाउकष्ट गर्नुभै कन्यादान ग्रहण गर्नहुन पाल्नुहुन श्री महादेवलाई निवेदन चढाइएको पत्र फलफूल पान मिठाईसमेतका सगुन द्रव्यसमेत लिई मंगलबाजाका साथ ब्राह्मणहरू गए ।

श्री महादेवको सिंगारपटार

उता वरपक्ष गन्धमादन पर्वतमा श्री महादेव प्रांगणमा देवर्षि, महर्षि, ब्रह्मर्षिहरूको जमघट भयो । शंकरका निर्देशनअनुसार सप्तर्षिहरूको रेखदेखमा संपूर्ण कार्यवाही मिलाइयो । सबका सब

दिव्य अलंकारहरू आधिदैविक रूप लिएर निर्मल स्वच्छ बान्किला भै सेवामा उपस्थित थिए । भगवान् शंकरको जटाजूट कसेर टिटिक्कसंग चिटिक्क पारी त्यसमा आँखा घुमाई हेरी भाव भक्तिसाथ चन्द्रखंड-लाई उज्यालो हुने गरेर ब्रह्माजीले बाँधिदिनुभयो। शिरमा विशाल खप्परहरूको माला चामुण्डाजीले बाँधेर महादेवलाई हाँसी-हाँसी भन्नुभयो-भगवन् चाँडै छोरा पाउनुहोस् ! त्यस्तो छोरा होस् जसले संपूर्ण दैत्यदानवहरूको कुललाई संहार गरी त्यहाँ बगेका रगतले समस्त गणसहित मलाई बेसरी तृप्त पार्न सकून् ! विष्णुले महादेवलाई उत्तम रत्नहरू खचित भएको मुकुट शिरमा पहिराएर मणि र अग्नि ज्वालाले झलझल परेका नागहरूको कुण्डल हार, जनै, कन्धनी, कंकण, केयूर आदि बनाएर पहिराइ-दिनुभयो । वायुले धवलागिरि जस्तो अग्लो सेतो बलियो तीखा सींग भएको अजंगको साँढे जसमा महादेवलाई चढाएर लानु छ, त्यसलाई सिंगारेर शंकरका तीनै आँखालाई अग्नि, सूर्य, चन्द्रमाहरूले अति उज्ज्वल पारिदिए। सेता चाँदीका बट्टामा राखेको सेतो चिताको भस्म लिएर आफैंले

शिरमा लाउनुभयो । नर-कंकालको माला पनि आफैंले पहिरिनुभयो । शंकरका नगरका तोरण द्वारमा आफ्ना दलबलसहित स्वयं यमराज द्वार-पाल हुनुभयो । कुबेरले ल्याएका नाना भाँतिका रत्नहरूका बाहुबाला छाडेर बाहुलीमा शेषको र नागपत्नीको बाला पहिरी दुई कानमा वासुकी र तक्षकको कुण्डल लगाउनुभयो । वरुणले ल्याएका कमलका मालासहित विभिन्न फूलका गुच्छाहरू पहिरिनुभयो । प्रमथसमेतका विभिन्न गणहरूका प्रमुखहरू सबै आई वीरकसंग निवेदन गरे कि भगवान शंकरजीसंग विन्ती गर्नुपर्‍यो । पोशाक सिंगार सपन्न भयो होला । मुहार नजर गराउन सातै समुद्रहरू दर्पण बनेर आइरहेछन् । वीरकले आज्ञानुसार दर्पणरूपी समुद्रहरूलाई भित्र लगे । महादेवले आफ्नो मुहार हेर्नुभयो । यसै वेला विष्णुले भुँमा घुँडा टेकी हात जोरी महादेवसंग विन्ति गर्नुभयो-भगवन्, यो कल्याणकारी रूपद्वारा अत्यन्त शोभायमान हुनुभएको छ । समय अनुकूल ठानी मातृकाहरूद्वारा त्यहाँ रति-लाई अगाडि ल्याउन विष्णुले सान गर्नुभयो र

रति उपस्थित गरिइन् र सबै मातृकाहरूले विन्ति गरे–भगवन्, यिनका पति कामदेव भस्म हुनाले भगवानका यस कौतुकमा रति दर्शन गर्न आएकी छिन्, जो आज्ञा । महादेवको यस मंगल यात्रामा रतिको कुरा कहाँ हेर्नें, कसरी सुन्ने । बायाँ हातले इशारा गरी हटाउने आज्ञा गर्नुभयो । अब बरियात चल्ने वेला भयो । सप्तर्षिहरूले बरियात चलाउने कार्यक्रम मिलाएर शंकरलाई विन्ति गरे ।

महादेवको साइपाटा

कन्यातर्फ महादेव जस्ता वर उहाँका जन्ती पनि उहाँ जस्तै अत्यन्त उत्तम श्रेणीका हुने कुरा विचार गरी तदनुसार स्वागत प्रबन्ध, सम्मान प्रबन्ध, निवास प्रबन्ध, स्नान शौचादि प्रबन्ध, शय्या आसनहरूको प्रबन्ध, भोजनको प्रबन्ध, सेवा सुश्रूषाको प्रबन्ध, मनोविनोदको प्रबन्ध, रमणीय दृश्यावलोकनको प्रबन्ध, आदि समस्त आवश्यक प्रबन्ध मिलाइयो। चामल, दाल, पीठो, नून, मसला, फल-फूल, मेवा, सागसब्जी, मिष्ठान्न, गुड-शक्कर, चीनी, मिश्रीहरूका पहाडै खड़ा भए। दूध दही, घ्यू महका बड़े-बड़े पोखरी नै तयार पारिए।

लत्ता-कपड़ा, सुन-चाँदी, भाँडा-कुँडा, मूगा-मोती, हीरा-पन्ना, माणिक मरकत आदि रत्नहरूका राश लागे। कौतुकमण्डप, विवाहवेदी आदिसमेतमा बाँसका लिङ्ग, केराका थम्बा, पञ्चपल्लवहरू, फूल-माला, गुच्छा, लावा, कलश आदि सजाउने काम सम्पन्न भयो। रत्नहरूका र उजेली जडीबूटी आदिका थरीथरीका दीपावलीका ताँती लागे। पूर्ण प्रबन्ध मिलाइयो।

गन्धमादन पर्वतमा उपस्थित रहनुभएका सप्तर्षिहरूले विवाह गर्ने शुभ लग्न ज्योतिषशास्त्र, धर्मशास्त्रसमेतका आधारमा हेरकोर गरी अत्युत्तम शुभ मुहूर्त निकाली लग्नपत्र लेखे। तदनुसार विवाह गर्ने शुभ मुहूर्त तिथिमिति यस प्रकारको थियो—मार्ग शुदि १५ सोमवार, लग्नका स्वामी लग्नमा रहेर बुध र चन्द्रमाको योग परेको र शुद्ध नक्षत्र, पूर्ण चन्द्रमा भएको, पापग्रहको दृष्टि नपरेको र शुभ ग्रहको दृष्टि रहेको, पूर्ण अटल सौभाग्य-दायी, सर्वसौख्यकारी, उत्तम संतान उत्पादनकारी, अविच्छिन्न दाम्पत्य प्रेमप्रदायी, भाग्यवश संपन्न हुन आएको, यो शुभ लग्नमा महामाया श्री पार्वती-

को श्री महादेवबाट पाणिग्रहण गर्नुभई विवाह गर्न अत्युत्तम छ भनी विधिवत् उल्लेख गरिएको थियो। यस प्रकारको साइतपत्र (साइपाटा) मांगलिक यात्रापूर्वक ब्राह्मण र ज्योतिषीहरूसमेत साथ लगाई हिमालयका राजभवनमा लगियो । पुण्याह-वाचनपूर्ण दही अक्षता दूबो सर्स्यूं हलेदो फलफूल समेत नजर गराई माला टक्र्याई पार्वतीलाई कौतुक मण्डपमा विवाहको शुभमुहूर्त लग्नपत्र पढेर विन्ति चढाइयो । यस हर्षको उपलक्ष्यमा ब्राह्मण ज्योतिषी-हरूलाई उत्तम वस्त्र सुन रत्नहरू दिइयो । यति काम संपन्न गरी ज्योतिषीहरू गन्धमादन पर्वततर्फ फिर्ता आएर श्री महादेवलाई हिमालयको राजभवन-को साजसज्जाबारे विन्ति चढाए ।

बरियात चलाउने कार्यक्रम

यसउप्रान्त सप्तर्षिहरूले वीरकजीलाई भन्नु-भयो—"विवाहादिमाङ्गलिकयात्रासु द्विजांश्चादर्श-पूर्वाणि मङ्गलानि पुरोनचेत ।"

अर्थात् विवाह आदि माङ्गलिक यात्रा (बरियाँत) हरूमा दर्पण (ऐना) समेतका माङ्गलिक वस्तुहरू र ब्राह्मणहरूलाई अघि लाउनू । माङ्गलिक वस्तुहरू

आठ मानिएका छन्—

"दर्पणः कलशः कन्यास्तथा सुमनसोऽक्षताः ।
दीपमाला ध्वजं लाजाः सम्प्रोक्तं चाष्टमङ्गलम् ॥"

अर्थात् दर्पण, कलश, कन्या, फलफूल, दूबो मालाका थलिया, राता दही अक्षताका थलिया, पानस-झाड आदि बत्तीहरूका लाम, ध्वजापताका-हरू, अबीर, गुलालसहित लावाका छाप्रीहरू। यो सुनेपछि वीरकले शास्त्रीय विधिविधानमा र कुलवृद्धहरूको परंपरासमेत ध्यानमा राखी बरियात चलाउने कार्यक्रम सुनाए, जसमा सबभन्दा अगाडि पञ्चेबाजा, नौबत बाजा, डिंडिम, डमरू, मड्डु, ढक्का, भेरी, श्रृङ्गभेरी, कर्नाल, नरसिंगा, तुरही, झयाली, पणव, आनक, गोमुख, हुडुक समेतका जात-जातका बाजा बजाउने नगर्चीहरू; त्यसपछि काकभुशुण्डि जस्ता विभिन्न वाद्यधारी भुशुण्डिहरू; अश्वमुख, छागमुख, सिंहमुख, गजमुख, आदि किन्नरहरू; त्यसपछि स्वर्गीय दिव्य बाजासहितका गन्धर्वहरू; त्यसपछि लौकिक र शंकरका भक्तगणका बाजाहरू; त्यसपछि ऐना, चमर, पंखा आसागुर्जा र हवलाका मालाहरू; त्यसपछि कलश, झल्लरी छाता, कल्स्यौली

मढ्यौली र मङ्गल गीत गाउने मङ्गलिया महिलाहरू; त्यसपछि दही ठेकी समेतको भार; त्यसपछि स्वस्तिवाचन पढ्ने वैदिक ब्राह्मणहरू; दूबो, दूबोका माला, फूल, माला, गुच्छा, र जात-जातका फलहरू सजेका थाल थलियाहरू लिएका दिव्य नागरिकहरू र राता दही अक्षताका थाली लिएका भद्र पुरुष एवं नारीहरू; त्यसपछि थरीथरीका कृत्रिम क्रीडनक अर्थात् रमाइला रमाइला खेलौना र पुतलीहरूका हँस्यौला मूर्तिहरूको ताँती; त्यसपछि विभिन्न थरीका बाजाका बजैयाहरू; संगीतका गवैया र थरी-थरीका नाचका नचैयाका ताण्डव, लास्य हल्लीसक, रास आदि स्वर्ग-मर्त्य-पातालका नाचहरू; त्यसपछि भगवान महादेवका गणहरूका विशिष्ट बाजागाजा र नाचहरू; त्यसपछि हाहा हूहू आदि गन्धर्व र उर्वशी, रम्भा, तिलोत्तमा आदि अप्सराहरूका सुमधुर नाच-गान-बजान; त्यसपछि रत्नहरूका झाड़पानसहरूका र दिव्य औषधिहरूका बत्तीका ताँतीहरू, बिजुलीका बान्कीका प्रदीपवल्लरी (आतसबाजी) हरूको रमझम; त्यसपछि सबै दिक्पालसमेतका देवताहरूका विशाल सैनिकहरू र सैनिक सामग्री बोक्ने खच्चर

टट्टूहरू, त्यसपछि दुलहीका गहना, गुरिया, लत्ता कपड़ा, सिंगारपटारहरूका मंजूषाहरू (मधूस), करण्ड (कल), पिटक (पेटी बट्टा, पेटारा)हरू बोक्ने गणहरूको पंक्ति र पोशाक-गहना पहिराउने विशेषज्ञ महिलाहरू; त्यसपछि महादेवका प्रमुख गणहरू र मुख्य-मुख्य बाजा र बजाउनेहरू; त्यसपछि सिंगारेका घोड़ाहरू, बग्गीहरू, र शताङ्क रथ र पुष्परथहरू, डोली, शिविका, मियानाहरू; त्यसपछि विशिष्ट अतिथि र अत्यन्त विश्वस्त श्रेणीका सेवकहरू, अङ्गरक्षक पार्श्ववर्तीहरू; त्यसपछि लावा, अबीर, अक्षता, मन्दारपुष्प, बुकी फूल, सुनबुकीहरूका प्रकार प्रकारका थलिया लिएर मङ्गल यात्राको मार्गमा छर्दै हिंड्ने दिव्य पुरुषहरू; त्यसपछि ब्रह्मा, विष्णु, आदि देवताहरू घोड़चढ़ीसमेतका सैनिकहरू; त्यसपछि हँस्सी ख्यालीसमेतका आनन्दी वर्ग र उनीहरूको नाच; त्यसपछि आवश्यक खाद्य सामग्री र लिपिकार, लेखाकार आदि कर्मचारीहरू र आफ्ना आफ्ना विशेष वर्गहरू र उपकरणहरूले युक्त भएका अश्विनी-कुमार, धन्वन्तरि आदि चिकित्सकहरूको जमात;

त्यसपछि शुल्वशास्त्रका विशेषज्ञहरू जसबाट बाटो-घाटो साँघु, पुल आदिमा परेका समस्याहरूको समाधान होस् । यस्तै तमौली, नाऊ, धोबी, मलाहा, जुलाहा, सुनार, लोहार, अग्निकर्मीहरू समेतका विभिन्न वर्गहरू । यस प्रकारले अरू आवश्यकसमेतको कार्यक्रमअनुसार बरियात चलाउने काम प्रारम्भ भयो र वाद्यधुनमा देवाधि-देव महादेवको प्रस्थानकालीन माङ्गलिक सम्मान-अभिवादन गरियो र महादेवबाट प्रत्यभिवादन भयो ।

श्रीमहादेवको बरियात

अब महादेवले हिमालजस्तो अग्लो साँढेलाई बिस्तारै हिंड् भनेर संकेत गर्नुभयो । वज्रले भैँ पर्वतहरूलाई थरहरि पार्दै घना संकुल घुइँचोमा आँखा लाउँदै बाटो सोभ्याएको साँढेसमेतको भीडबाट अगाडि बढेर विष्णुले ठाउँ-ठाउँमा धूलो टकटक्याउँदै छहारीमनि पुग्दै नरोकिईकन बिस्तारै हिंड्नोस् ठेलमठेल नगर्नुस् भनेर बरियातलाई नियंत्रणसाथ अगाडि बढाउनुभयो । त्यसपछि भगवान महादेवको आज्ञा शिरोपर गरी वीरक

भन्नलागे—विमानचारी देवताहो ! ज्यादै वेगले अघि नजानुहोस् । यसै पर्वतका समीपमा रहनुहोस् । सबै समुद्रहरू दैत्यका संघर्षले गर्दा हिलाम्मे हुनु भएको छ । स्फटिक जस्तो भै संग्लिएर जम्नुहोस् । गणेश्वरहरू चटपट भई नहिंड्नुहोस् । देवप्रमुखहरू पनि गोडाको चाल मिलाई हिंड्नुहोस् । ए भृंगीश्वर ! आफैलाई मात्र हेरी नरहनुहोस् महादेवको गाथतर्फ पनि राम्ररी दृष्टि दिनुहोस् । ए महाराज यमराज ! तपाईं आफ्ना शस्त्रास्त्रहरू राम्ररी भिर्नुहोस् । महादेव-का साथमा हिंड्ने मातृकाहरू छलिनुहोला । रथ घोडाहरू धेरै अघि नलम्काउनुहोस् । आफआफ्ना अनुचरसहितका सब देवताहरू पैदल भै महादेव का प्रीतिको लागि हिंडनुभएको छ, उहाँहरूप्रति दृष्टि राख्नुहोस् र आफ्ना-आफ्ना वाहनमा चढ्नुहुने देवता-हरू पनि चमर ध्वजाहरूसमेत फरफराउँदै लचकिला चालमा हिंडनुहोस् । गन्धर्व, किन्नर, भुशुण्डि सबैले आफआफ्नो नियत लयअनुसारको रागलाई किन नघन्काउनुभएको ! बरियातका गहनाहरूको, वस्त्रहरूको र हात्ती घोडासमेतका घुँघुरा, घण्टा, घाँडाहरूको तुमुल ध्वनिलाई संगीतका गान बजानले

दबाउन किन नसक्केको हो ! षड्ज, मध्यम, धैवत, निषाद, ऋषभ, गान्धार, पञ्चमसमेतका सप्त स्वर का आरोह, अवरोह, मूर्छना, गमक, स्वभाव, एवं विलंबित, द्रुत, मध्यहरूको ताल लयसमेतका तौर्यत्रिक (नाच) को रमझम किन हुँदैन ! तुम्बुरु नारद ऋषिहरूका वीणाहरूको झंकार किन सुनिदैन !! वीरकको यो निर्देशनबाट सब जुर्मुराए र आफ्‍ आफ्‍ना बलबर्कत बुताभर गाउने बजाउने नाच्ने बरियातलाई समुचित ढंगमा हिंडाउने आदि काममा सबै चनाखा भए । यताउति कनाखा नगरी नियत निर्दिष्ट काममा लागे। आफू पनि आनन्दमा मग्न छन्। हर्षले विभोर छन् । चराचरसमेतको जगतैलाई आनन्दित एवं चित्रित गराउँदै, दिशादिशाका समुद्रमा समेत ज्वार भाटासमेतका छालहरू छल्काउँदै आकाशमा मेघहरू घन्काउँदै डाँडाकाँडा चुली चुचुरा थुम्का थाम्का सब कुल्चँदै मिल्चँदै अघि बढेको महादेवको बरियातको धारोले गन्धमादन पर्वतदेखि हिमालसम्मको संपूर्ण पर्वतीय प्रदेश व्याप्त छ, संकुल छ, ठेलमठेल छ । कतै कुनै ठाउँ खाली छैन ।

पर्वतराज-राजधानी वर्णन

सुनका झलिकने हजारौं तोरणद्वारहरू भएको, कतै कहीं सुन्दर मरकत मणिका हरिया घर चोक पटांगिनी भएको, कहीं निर्मल वैदूर्य रत्न छापेको भूइँ भएको, कतै मेघै हिमालयका आसपास पहाड़मा झरे झैं रमणीय छहराहरू छयाङ छयाङ गरेका, फरफराएका हजारौं ध्वजापताकाहरूले शोभायमान भएको, स्वर्गीय फूलका गुच्छाहरू झरेर राम्रो भएको चौतारा देखिएको, सेता, काला, राता, पहेंला थरीथरीका धातुहरूका रंगले रमणीय देखिएको, शोभाले पूर्ण फराकिला मार्ग र गोपुर-हरू भएको, अनुपम ध्वनिमा गर्जेका मेघहरूका गर्जनको प्रतिध्वनि घन्किएको, सुगन्धि फूल फुले-को बगैंचाका बास्नाले मनोहर भएको हिमालय पर्वतराजको महानगरीमा समस्त देवताहरूको स्तुति गरिएका भगवान शंकर पुग्नुभयो। त्यो बरियातको घुइँचोले जतातते ठेलमठेल भएको त्यो महानगर आफैं यसै आकुल थियो, त्यसमा पनि जन्ती हेर्ने नरनारीहरूको घुइँचोले गर्दा झन् ठेल-मठेल भएको हुनाले आकुल व्याकुल जस्तो हुनगयो।

महादेवको वरियातको घुंइचो

जन्ती हेर्न जाने उग्र उत्कंठाले हतारिएका नारीहरूको हूलले भरिएको, बाटामा दौड़ने जनताको घुइँचोले गर्दा हिंड्नै नसकिने भएको, त्यसमा पनि हात्ती घोड़ा रथहरूको हतार हतार साथको यातायातले झन् संकुल भएको, ठूलाठूला भवनहरूका अटाली आँखीझ्यालहरूमा भरिएका सुर-सुन्दरीहरूका नीलकमल जस्ता नयनमाला-हरूले पूर्ण भएको, त्यो नगर जति घुँइचिएको थियो उति नै विचित्रताले पूर्ण भएको समेत देखिन्थ्यो। जस्तो कि कुनै नारी ओझलमा उभिएर जन्ती हेर्न चाहेर पनि आफ्ना उज्ज्वल गहना कपड़ाहरूका प्रकाशले झन् टड्कारैसंग सबैले देखिन्थी। कुनै नारी अधूरो श्रृंगार गरी संगिनी साथीहरूसमेत छाडी दौड्दै आई दुलाहा महादेव-लाई हेरेर दंग परी। कुनै नारी आफ्नी संगिनीलाई बिस्तारै भन्छे—डराएर आफ्नो मान भंग नगर। मानिनी भएर नै दह्री भएर बस। यी महादेव काम-देवलाई भस्म पारेर पनि आफैं फेरि कामना राखी विहार गर्ने अभिलाषा राखेर आएका छन् देख्यौ!

जन्ती हेर्ने हतारले दौड्दा लडेकी कुनै नारी भन्छे- अर्कीको दुलाहा आएको देखेर विरह व्यथा चर्केर लडेकी ! चंचल भएकी संगिनी, कामदेवउपर विजय गरेर पनि कामकै लागि हार खाएर आएका महादेवसंग आफ्ना कुरामा हार मानेर को लड्यो भन्न जान्दछयौ कि ? कुनै आइमाई पर्दाबाहिर पर्दा देख्न नपाएर पनि कुनै जुक्तिले थाह पाई यी महादेव हुन्। यिनीहरू इन्द्रादि देवताहरू हुन् जो आफ्ना सेवाको फल प्राप्ति होस् भनी महादेवलाई नमस्कार गरी झुकेका देखिन्छन्। कुनै भन्छे- हो यिनी महादेव नै हुन् ? हैनन् क्यारे ! ती अगाडिका पसीनाले भिजेका चाहिं महादेव नै हुन्। कुनै भन्छे-यी महाराज देवराज इन्द्र रोकिएको बाटो खुलाउन दौडिरहेछन्। अर्की कुनै आफ्ना हातमा लिएका सिंगारका बट्टाको बाटुलो बिर्को चक्र झैं घुमाउँदै संगिनीका कानमा साउती गर्दै भन्छे--यी अग्लो जुरो भएका मृगको छाला भिरेका ब्रह्माजी नै हुन् क्यारे !!! यस प्रकार सुरनारीहरूको बथानमा राग अनुराग समेतका थरीथरीका मनका भाव भंगिमाहरू व्यक्त भए तथा भगवान् शंकरलाई पति पाउनु

पार्वतीजीका जन्मको परम सफलता हो भन्ने कुरामा जुनसुकै पनि सुरनारीको एक मन थियो ।

इतिश्रीस्कन्दपुराणे केदारखण्डे कुमारागस्त्य संवादे माघमाहात्म्ये श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां सप्तर्षि-महेन्द्र-संवाद, पार्वती-सप्तर्षि-संवाद, शिव सप्तर्षि संवाद, सप्तर्षि-मेनका संवाद, पार्वती-महादेव विवाहादि वर्णनं नाम द्वादशोऽध्यायः ॥ १२ ॥

•

त्रयोदशः अध्यायः

पार्वती-परमेश्वर विवाह

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्यजी, त्यसपछि महानीलमणिको खंबा भएको, भर्भराउँदा सुनका पाताले छापेको भूईं भएको, मोतीका झल्लरहरू झ्याल-ढोका दाँती छानाहरूमा टाँगिएका, जड़ी बूटी उजेलो काठ तथा रत्नहरूका दीपावलीले झिलिमिली पारिएको, हजारौं बागबगैंचा र सुनका सिंढी भएका तालतलाउ सरोवरहरूद्वारा सदा सुसज्जित रहेको, दिव्य शिल्पी विश्वकर्माले ठूलो परिश्रम गरेर निर्माण गरेको गिरिराजराजेश्वर श्री हिमालयको त्यस्तो अद्भुतको राजभवन देखेर महाराज महेन्द्रसमेतका समस्त देवताहरू आफ्ना आँखालाई आज सफल भए भन्ने मनमा संझन

लागे । हूलमूल भीडभाडमा ठेलमठेल हुँदा पाखु-
राका बाजूहरू झरेर छरिएका देवताहरू अटेस-
मटेस गरी भित्र जान बल गर्न लागेको देखेर
विष्णुले ढोकामा गएर रोकिदिनुभयो र कुनै कुनै
प्रमुख देवताहरूले मात्र भित्र पस्ने अवसर पाए।
जन्ती पर्सिने काम र वर श्री महादेवको वरणी-
समेत कामको प्रारंभमा भगवान् चतुर्मुख ब्रह्माजी-
लाई विवाहको काम गराउन आचार्यको रूपमा
वरण गरी सत्कार गर्नुभयो र उहाँद्वारा नै सबै
विवाहको विधि मंत्रपूर्वक सम्पन्न गराइयो । कन्या-
दान गर्ने पर्वतराज हिमालय, कन्यादान लिने संसा-
रकै स्वामी सम्माननीय श्री महादेव पशुपतिनाथ,
कन्या संसारकै माता विश्वारणि रूपकी आर्या पार्वती
देवी, अग्नि र चराचर सबै साक्षी राखी भगवान
शंकरजीबाट कन्याको पाणिग्रहण, त्यसमा पनि
पूर्वकथित शास्त्रीय विधानहरूको परिपालन, यस
अतीव पुण्यतम शुभ घडीमा के कति कुन शुभ
सूचना हुन बाँकी रहे होलान् ! सबभन्दा पृथिवी
देवी अत्यन्तै प्रसन्न भएर अन्तरङ्ग बहिरङ्ग सबै
प्रकारका भाव भंगिमा मनोहर रही सरस शालि

शस्य आदि अन्नहरू नयाँ नयाँ प्रकारले उत्पादन गरी विश्वलाई परिपूर्ण पार्न लागिन्। ठाँट-बाँटसंग सुन्दर भएका वरुण संपूर्ण जगतैलाई हर्षित गराउँदै समुद्रमा हुने प्रकार प्रकारका रत्नहरू र पुण्य पवित्र लक्षणयुक्त अरिष्टनिवारणकारी मंगलदायी रत्नहरू जडान गरिएका गहनाहरू उपहार ली उपस्थित भए। कुबेर पनि आफ्ना भंडारमा रहेका रत्नहरूमध्ये सर्वोत्तम रत्नहरू र सुनका विभिन्न जातका गहना लिएर तत्परताका साथ उपस्थित भए। वायु देवताले कोमल सुगन्धि बतास चलाई सेवा गरे। महाराज इन्द्र आफै छातेको रूपमा सेतो पूर्ण चन्द्रमाको मण्डल जस्तो सुनको डाँठ र रत्न-खचित गजूर भएको छाता ओढाई बडो ठाट-संग प्रसन्न मुद्रामा खडा रहे। गन्धर्वहरूको गान, अप्सराहरूको नाच, किन्नरहरूका सुरीला स्वर भाषासमेतको वाद्यवादन आदिले समस्त हिमाली राज्य रमझम भयो। त्यसमा झन् प्रसन्न भएर संपूर्ण ऋतुहरू आफआफ्ना सकल संपदाहरू लिएर दिव्य देह धारण गरी सेवामा आइरहेछन् भने त्यो पार्वती शंकरको शुभविवाह महोत्सवको प्राकृतिक

सौन्दर्यसमेतले गर्दा कसको मन रिमिझिमी भएन होला ! विश्व नै प्रफुल्ल छ। संसारै आनन्दविभोर भैरहेछ। भगवान महादेवका गणहरूको के वर्णन गरौं। सबका सब प्रसन्न छन्, खाइरहेछन्, गाइरहेछन्, हाँसिरहेछन्, नाचिरहेछन्, बजाइरहेछन्। उता गइरहेछन्, यता आइरहेछन्। प्रकाण्ड ताण्डव भैरहेछ। संपूर्ण हिमालय नै हल्लेको छ, नाचेको झैं भएको छ। भगवान शंकर सावधानीसाथ जागरूक रही आफ्नी प्रेयसी पार्वतीका साथको संपूर्ण वैवाहिक कार्यहरू विधिपूर्वक संपन्न गरी गिरिराज हिमालयको सम्मानसाथको मेजमानी स्वीकार गरी देवताहरूका साथ विनोद बहार गरी गन्धर्व किन्नर तुम्बुरु अप्सराहरूको नाचगान बजान र समस्त देवता ऋषिमुनिहरूका स्तुतिहरू सुनी हेरी त्यो रात त्यहीं हिमालयको राजभवनमा राज भयो।

सुवासिनी जन प्रवेश

यसपछि हिमालयका नागरिक नारीहरू पार्वती-शंकर जो नयाँ वरवधूको रूपमा हुनुहुन्छ, उहाँको

दर्शन गर्न आए र हिमालय मेनका महादेव तथा पार्वतीजी सबैको आज्ञानुसार पार्वती-शंकर राज हुनुभएको खोपीमा पसे । त्यहाँ अत्यन्त मनोहर रूपमा विराजमान हुनुभएका महादेवको र विश्वकै सुखसौभाग्यकी अधिष्ठात्री पार्वतीजीको दर्शन गरे । साथै त्यहाँ रहनुभएका सोह्रवटी मुख्य-मुख्य सतीशिरोमणि देवीहरूको पनि दर्शन पाए जहाँ सरस्वती, लक्ष्मी, सावित्री, गंगा, रति, अदिति, इन्द्राणी, लोपामुद्रा, अरुन्धती, अहिल्या, तुलसी, स्वाहा, रोहिणी, वसुन्धरा, शतरूपा, संज्ञा-हरू हुनुहुन्थ्यो । अरू मनोहर देवकन्या, नागकन्या, मुनिकन्याहरू पनि हुनुहुन्थ्यो जसको लेखा-जोखा नै छैन । उहाँहरूले शिवजीलाई रत्नखचित सिंहा-सन टक्र्याउनुभयो र सबैका अनुरोधमा भगवान शिवजी त्यहाँ राज हुनुभयो । त्यसपछि शंकरजीसंग सरस्वतीले भन्नुभयो—महादेवजी, तपाईंले प्राणभन्दा पनि प्यारी पार्वतीको रूपमा अवतार लिनुभएकी सतीदेवीलाई पाउनुभयो । चन्द्रमा जस्ती प्रियतमा को मुख हेर्नुहोस् र विरहको संताप मेट्नुहोस् । हे महाकाल, प्रियतमाको अंकमाल गरी काल

बिताउनुहोस्। म आशीष दिन्छु, अब तपाईंको त्यस्तो वियोग कहिल्यै हुनेछैन। त्यसपछि लक्ष्मीजीले भन्नुभयो—हे देवाधिदेव महादेव, अब लाज नमानी सतीलाई छातीमा टाँसेर बस्नुहोस्, जुन सतीदेवी नहुँदा तपाईंको प्राणै जाला जस्तो भएको थियो। अतः केको लाज छ र! सावित्रीजीले भन्नुभयो– शम्भो, अब पहिले सतीजीलाई भुजा ज्यूनार गराउनुहोस् र आफू ज्यूनार गर्नुहोस् र मुखारी गरी गराई प्रेमसाथ सुगन्धि पान दिनुहोस्। गंगाजीले भन्नुभयो– भगवन्, सुनको काइँयोले श्रीमती पार्वतीको केश कोरिदिनुहोस्, कामवती युवतीलाई यसभन्दा अर्को कुनै स्वामीसौभाग्यको सुख छैन होला। रतिले भन्नुभयो–भगवन्, आफू भने अत्यन्त दुर्लभ भएकी सौभाग्यवती पार्वती साथमा राखी कामभोग गर्न चाहनुहुने, विनाप्रयोजन मेरा स्वामी कामदेवलाई कति कारणले भस्म गर्नुभयो? दम्पति विरहमा के कस्तो दुःख हुन्छ भन्ने बुझेर बुझ पचाउनुभयो। हाम्रो विरह व्यथा मेट्न पहिले कामदेवलाई बचाउनुहोस्। अनि मात्र तपाईंको कामोपभोग

सफल हुनसक्ला भनी दुःखसाथ रुँदै आँचलका टुप्पामा बाँधिराखेको कामदेवको खरानी गाँठो फुकालेर दिनुभयो र हे मेरा नाथ! भनेर छाती फोडेर डाँको छाड्नुभयो। यो सुनेर विष्णु ब्रह्मा र अरू देवताहरू पनि शिवजीका खोजीमा जानुभयो। विष्णु र ब्रह्मासमेत देवताहरूलाई देखेर शंकरजी आसनबाट उठ्नुभयो र भन्न लाग्नुभयो—तपाईंहरू केलाई पाल्नुभएको हो, आज्ञा होस्! विष्णुले भन्नुभयो—कामदेवलाई जियाइदिनुहोस्। त्यहाँ रहेका देवीहरूले पनि विष्णुको आज्ञानुसार कामदेवलाई जियाइदिनुहुन एकमुख भएर शंकरजी समक्ष निवेदन गर्नुभयो। यो सुनेर शिवजीले आफ्ना क्रोधाग्निबाट उडेका कामदेवको रतिले ल्याएको भस्मलाई हेर्नु भई कामदेवलाई सजीव गरिदिनुभयो। रति काम दुवै प्रसन्न भई पार्वती शंकरलाई नमस्कार गरे। कामदेव बाहिर आएर देवताहरूलाई अभिवादन गरे। विनाश, रक्षा यी सबै कुरा कालका कुटिक कर्तव्य हुन्। सबैका अनुरोधमा शंकरजीको कृपा भयो। बधाई छ भनी देवताहरूले कामदेवलाई आशीष दिए। यसपछि पर्वत-

राजले नारायणसमेतका समस्त देवताहरूलाई भक्तिपूर्वक भोजन गराई विश्राम कक्षमा लानुभयो। भगवान् शंकरले पनि बायाँपट्टि पार्वतीजीलाई राखी संग-सगै राज भई नाना प्रकारका वस्तुहरू ज्यूनार गर्नुभयो, गराउनुभयो। त्यस वेला अदितिजीले भन्नुभयो–इन्द्राणी, भगवान शंकर र भगवती पार्वतीजीलाई मुखारी गर्न भक्तिसाथ जल टक्र्याऊ। जल टक्र्याउँदै इन्द्राणीले भन्नुभयो–भगवन्, जसको मृतक शरीर छातीमा लगाई विलाप गर्दै यो संसार भ्रमण गर्नुभयो, अब समयले ती सतीलाई पाउनु भयो। प्रसन्न रही दैवी संपदाको अभिवृद्धिको काममा ध्यान दिनुहोस्। अरुन्धतीले भन्नुभयो–मेनकाजी छोरी दिन मान्नुभएको थिएन। नाना भाँतिसँग संझाएर दिलाइएको हो। अतः संझाई बुझाई माया प्रीति गर्नुहोला। अहिल्यले भन्नुभयो—महादेव तपाइं वैरागी जोगी, जगल्टे फुस्रे धुस्रे मात्रै भएको भए यो बराउनी गर्न कति गाह्रो हुने थियो होला। भगवान भोले बाबा भनेको त निकै नै चंख हुनुहुँदो रहेछ। मेनकाले हेर्न आउँदा त सोह्रवर्षे

युवक बनेर मेनकालाई छकाइदिनुभएको हैन ? तुलसीले भन्नुभयो–अघि त सतीका वैराग्यले गर्दा कामदेवलाई भस्म गराउनुभयो । पछि त यौटी श्रीमती नभएर घर नै नहुने रहेछ भन्ने चाल पाई केटी माग्न वशिष्ठ आदि सप्तर्षिहरूलाई पठाउनुभयो रे हो ? स्वाहादेवीले भन्नुभयो–भगवान कत्तिको दह्रो हुनुहुन्छ ! विवाहमा स्वास्नीमान्छेहरू निकै टाइँफाइँ देखाउँछन् । रोहिणीले भन्नुभयो–योगीवर, अब कामशास्त्रको रहस्यवेत्ता भई कामसागरको पारी पुऱ्याउनुहोस् । वसुन्धरा भन्नुहुन्छ–भोगमा लम्पट भोगी व्यक्ति भोगद्रव्य नपाउञ्जेल आतुर नै भइरहन्छ । हे शम्भो, जे गर्दा रमणीजनको मानसिक तुष्टि हुन्छ त्यो कुरा गर्न नभुल्नुहोस् । संज्ञा भन्नुहुन्छ–हे वामदेव, तपाइं सर्वज्ञ हुनुहुन्छ । तसर्थ कामातुर नारीहरूका मनको भाव आफैं जान्नुहुन्छ । सतीलाई थाह छैन होला आज म मेरा स्वामीसँग मिल्दैछु, अतः म तिम्रो महादेव हुँ भनी कामकुराले पनि परिचित गराउनुहोस् । शतरूपा भन्नुहुन्छ–दिदी बहिनीसहित संमान्य मातृसमान देवीहो, अब कुरा मात्रै होइन, पार्वतीजीका साथै

महादेवज्यूलाई भित्री खोपीमा लानुस्, रत्नका बत्ती बाल्नुस्, बिछौना लगाइदिनुस्। पानमसाला पनि राखिदिनुस्।

यस प्रकारले विवाहमा आउनुहुने सबै नारी-हरूले महादेवलाई जिस्क्याइरहँदा योगीश्वर निर्वि-कारी श्री शंकरले भन्नुभयो–तपाईंहरू जगतका माननीय मातृसमान हुनुहुन्छ। पुत्रवत् भएको म-उपर यस प्रकारको चपलतापूर्ण उक्ति प्रत्युक्ति उचित छैन होला। यस्तो शिवजीको वाक्य सुनी सबै देवीहरू आफैं लज्जित भए। सबै भित्ताका चित्र जस्ता भए। शंकरजी पनि नयाँ दुलही पार्वतीजी-का साथ पर्वतराज हिमालयको ऐश्वर्य अनुरूपको दिव्य राजोपचारपूर्ण भोजन ज्यूनार गरी सासूज्यू मेनकाले टक्र्याएको रत्नखचित सिंहासनमा राज भई सुकला हुन सज्जित पारेको शयनकक्षको अव-लोकन गर्न लाग्नुभयो। त्यहाँ सर्यों रत्नप्रभा झिलिमिली परेको थियो। त्यहाँका संपूर्ण उपकरण रत्नमय थिए। मोती माणिक खचिखचाउ थिए। रत्नै रत्नका थरीथरीका दर्पणहरू र सेता चमरहरू सजाइएका देखिन्थे। चन्दन अगरूको बास्ना

मगमगाउने ! फूलजस्तै कोमल शय्या सजेको, जडेका रत्नहरूका प्रभाले विचित्र हुने गरी विश्वकर्माले रचेको । कहीं हीरा, कहीं पन्ना, कहीं माणिक आदि नवरत्नहरू जड़ान गरिएको । कहीं वैकुण्ठै जस्तो । कहीं वृन्दावनै जस्तो ! कहीं गोलोकको रासमण्डल जस्तो ! कहीं कैलासै जस्तो ! कहीं स्वर्गको वैजयन्त दरबारै जस्तो ! यस्तो अद्भुतको शयनकक्ष देखेर महादेव अति आश्चर्यान्वित भई प्रसन्न हुनुभयो । त्यहाँ आरामसँग सुकला हुनुभयो।

वधू विसर्जन

प्रातःकालमा नाना प्रकारका प्रभाती मंगल बाजा मधुर सुर तालका संगीतहरूको ध्वनि गुंजिन थाल्यो । दलबलसहित सबै देवताहरू, महादेवका गणहरू र हिमालयका कुलकुटुम्बसमेतका परिवार सेवकवर्ग जागे । एकातिर दुलही अन्माउने कामको तरखर हुनलाग्यो त अर्कोतिर नयाँ वर वधूस्वरूपका पार्वती शंकरसहितको बरियातलाई गन्धमादन तर्फ फिर्ता लाने प्रबन्ध हुनलाग्यो। बाजा गाजा, लावा लस्कर, रथ, हात्ती, घोड़ा, डोली, म्याना आदिको पूर्ण व्यवस्था मिलाइयो । भगवान नारायणको

आज्ञानुसार शंकरजी सुकला भएको कक्षमा गएर धर्मराजले निवेदन गर्नुभयो—भगवन् उठ्नुहोस्, अब महामाया पार्वतीजीलाई पर्वतराज हिमालयले अन्माउने समय भयो। नयाँ दुलही अघिलगाई गन्धमादनतर्फ पाल्नुहुन भगवान नारायणको आज्ञा छ। तदनुसार धर्मका साथ महादेव दुलही अन्माउने वेदिकातर्फ पाल्नुभयो। त्यहाँ उपस्थित रहनुभएका वधूतर्फका सबै इष्टमित्रका साथ चिनापर्ची दर्शन भेटको कार्यक्रम पूरा गर्नुभएपछि पर्वतराजकी महारानी पार्वतीजीका मुमा सम्मान्या सासूज्यू मेनकाजीका सामु गई बिदाइ दर्शन गर्नुभयो। अब छोरीलाई बिदा गर्नुछ। साथमा साक्षात धर्मराज पनि खड़ा हुनुहुन्छ। त्यस वेला महारानी मेनकाको धैर्यको बाँध फुट्यो। घुँक्क-घुँक्क गरी रुँदै दयाका खानि महादेवसँग भन्न लाग्नुभयो—

"भगवन् दयानिधान, कृपापूर्वक मेरो कलेजाको टुक्रा जस्ती छोरीलाई प्रेमसाथ पालनपोषण गर्नुहोला। तपाईं स्वयं आशुतोष हुनुहुन्छ। अतः मेरी छोरीका हजारौं अवगुण हुनन्, सबै क्षमा गर्नुहोला। यी मेरी छोरी तपाईंका पादकमलकी

जन्मजन्मातरकी भक्त थिइन् र रहने पनि छिन्। सपना जपना जहिले पनि तपाइँ बाहेक अरू कसैको सम्झना गर्दिनन्। तपाइँको भक्तिकथा सुन्दा सदा प्रसन्न रहने र कसैले तपाइँको निन्दा गरेको सुन्दा मौन रही मरेजस्तै हुन्छिन् ।" यसै वेला समस्त देवताहरूसंग भलाकुशारी सकेर हिमालय त्यहाँ आइपुगे । बिदाइ अभिवादन प्रत्यभिवादनपछि छोरी पार्वतीलाई गलामा लगाई, मयाँ, मेरो हिमालय नै शून्य गराई जानलाग्यौ । तिम्रा ती सब गुणशील स्वभाव संझेर मेरो मन फुटेर आएको छ, भन्दै आँखाबाट बलिन्द्र धारा आँसु झार्दै धर्मका सासु महादेवलाई दम्पतिको धार्मिक बन्धनमा सदा आबद्ध रहनुहुन विन्ति गर्दै शिवास्वरूपा छोरी पार्वतीलाई शिवरूप महादेवलाई सुम्पिनुभयो र शिविकामा चढाई अलि पर पुगी साँढेमाथि श्री महादेवका साथ विराजमान गराई मांगलिक प्रस्थान एवं वाद्यधुनका साथ अभिवादन प्रत्यभिवादन गरी गराई बिदाइ वेदीमा फर्केर सबै पर्वत छोरासमेत रुन लागे । आफ्नी मुमा मेनकालाई दर्शन गरी अँगालो हाली पार्वतीजी रुनुहुँदा

त्यहाँ रहेका सारा नरनारीहरू पत्नीसहित मुनिहरू पनि रुन लागे छोरीको बिदाइ गरी रोइरहेका मेनका हिमालयसमेतलाई श्रीभगवान नारायणले व्यवहारको रीतिस्थिति र अध्यात्म विद्याको उपदेश र शिवशक्ति तत्वको रहस्यसमेत सम्झाई शोक पातलो गराइदिनुभयो र त्यसपछि नारायण पनि बिदा भई महादेवका साथ सम्मिलित हुनुभयो ।

वधूप्रवेश

यस प्रकार हिमालयदेखि चलेको त्यो लश्कर ताँती लागिरहेछ । कोही गन्धमादनमा पुगिसके कोही बीचमा हिँडिरहेछन् भने कोही हिमालयबाट प्रस्थान गर्दैछन् । कति दाइजोका भारी, मधूस, पेटिका, करण्डिका, हात्ती, घोड़ा, हीरा-जुहारात, मोती-माणिक, तमन कसन, सुन-चाँदी, भाँडा-बर्तन, रथ-गाड़ा, धनधान्य, गहना-गुरिया, लत्ता-कपड़ा आदि असंख्य द्रव्यहरू डोऱ्याई, बोकी-बोकाई जाँदै-छन् । हिमालयबाट लागेको धुइरो गन्धमादनसम्म चलेकै छ । हिमाल भारतको उत्तरमा छ भने गन्ध-मादन उत्तरी ध्रुवको हाराहारीमा पर्दछ । श्री पार्वती-

लाई साथमा लिई भगवान शंकर आधा मुहूर्तमा नै गन्धमादनमा पुग्नुभयो ।

गन्धमादनमा दुलही भित्र्याउने विधिविधानको प्रबन्ध मिलाउन केही देवताहरू त्यहाँ काम गर्दै थिए । आरती सयाँली गर्न देवपत्नीहरू ऋषिपत्नीहरूका साथ माङ्गलिक बत्तीहरू लिएर आइरहनुभएको थियो । वायुदेवकी पत्नी, कुबेरकी पत्नी, शुक्राचार्यकी पत्नी, बृहस्पतिकी तारा, दुर्वासा ऋषिकी पत्नी, अत्रिपत्नी अनुसूया, चन्द्रमाकी पत्नी रोहिणी एवं देवकन्या, नागकन्या, मुनिकन्यासमेतका कन्याहरू र धेरै धेरै सौभाग्यवती ललनाहरू जम्मा भई त्यस गन्धमादनका विशाल भवनका प्रांगणमा बनेको वेदिकामा रत्नखचित सिंहासनमा राज गराई मणिजडित झारीका जलले वरिपरि दक्षिणावर्त्त घुमी घुमाई दही अक्षता कुंकुम, केशरसहित टीका र दिव्यमाला पहिराई कपूरसमेतका बत्तीहरूले आरती सयाँली गरी दही फलफूलसमेत मङ्गलवस्तु अवलोकन गराई पार्वतीजीलाई अघि लगाई श्री महादेवलाई पहिलेदेखि सजाइराखेको खोपीभित्र मङ्गलध्वनि, जयस्वस्तिवाचनसमेत गरी

गराई प्रवेश गराएर रत्नखचित सिंहासनमा राज गराए । त्यसपछि विष्णु, ब्रह्मा, वीरकसमेतका महादेवका गणप्रमुख, इन्द्रादि देवताहरू सबै क्रमशः शङ्कर समक्ष आई दर्शनभेट गरे ।

दर्शनभेटको कार्यक्रम सकेर एकान्तमा खोपीमा राज हुनुभएको महादेवले पार्वतीलाई भन्नुभयो—थकाइ लाग्यो कि ? पार्वतीजीले विन्ति गर्नुभयो—आज जन्मजन्मान्तरको तप सफल भएको छ, विश्वका महान् महेश्वरज्यूको यस महैश्वर्यले परिपूर्ण भवनमा परम आराध्य पतिदेवसङ्ग हर्ष र उल्लासका साथ आउन पाउने यस प्रकारको महान् अनुग्रह पाएको अवसरमा मलाई कुनै थकाइ छैन । मन प्रसन्न छ, सारा शरीर चङ्गा छ । मेरो मनोरथ पूर्ण भयो । कृपा रह्यो । कृतार्थ छु । नसा नसामा स्फूर्ति छ । पाउमा सदा अटल भक्ति रहोस् । बरु प्रभुलाई कस्तो छ ? यो कुरा सुनेर महादेवले धन्य धन्य हो पार्वती भन्नुभयो ।

यसपछि महादेवले पार्वतीलाई आफ्ना घरका सबै कोठाहरू चोटा, भान्सा-भण्डार, ढुकुटी, धनसारहरू देखाउनुभयो र सबैको पूर्ण अधिकार

तिमीमा नै आएको कुरा थाहै होला भन्नुभयो र योटा कोठा खोल्न लगाई देखाउनुभयो र भन्नुभयो, पार्वती तिमीलाई संभ्कना छ, यहींबाट निस्केर तिमी आफ्ना पूर्वपिता दक्षका यज्ञशालामा गएकी हौ । हाल तिमी हिमालयकी सुपुत्री भई जन्मिन आयौ । अघि दक्ष प्रजापतिकी कन्या थियौ । तिमी स्वयं जातिस्मरा छ्यौ । तैपनि संभ्कना छ भने भन । यो सुनेर थोरै मुसुक्क हाँसी पार्वतीजीले भन्नुभयो—प्राणनाथ, सबै संभ्कना छ । तर पुरानो घाउको खाटो नकोट्याउनु नै जाती होला भनी महादेवलाई चूप गराइन् । फेरि शिवजी भन्नुहुन्छ, प्रियतमे, नारायणसमेतका सम्मान्य अतिथिहरू हुनुहुन्छ । धनपति कुबेर आदि आदरणीय मित्रहरू हुनुहुन्छ । सहयोगी इन्द्रादि देवता, देवी, पूज्य महर्षि, आश्रित वीरक आदि सबैलाई अब प्रीतिभोज गराउनुपर्ने समय छ, प्रबन्ध गर्नुपर्ला । महादेवको यो आकांक्षा पूर्ण गराउनु पार्वतीजीको दायित्वपूर्ण कर्तव्य हो । तर, पार्वतीजाई यो काम कठिन थिएन । महादेवजी महेश्वर र स्वयं पार्वतीजी पनि अन्नपूर्णा देवी ! के कुराको कमी थियो

र ! भगवान श्री महादेवले कल्पना गर्नुभएको भन्दा उत्तम प्रबन्ध मिलाई सबैलाई भोजन गराउनुभयो । सबै देवताहरू अन्नपूर्णास्वरूपिणी पार्वतीजीका बाहुलीको शिल्पको प्रशंसा गर्दै भोजन गरी शुभाशीष दी, बिदा मागी, एक एकले प्रेमालिंगन गरी आफ्ना आफ्ना लोकमा गए । वीरक आदि शिवजीका गणप्रमुखहरू पनि आफ्ना स्वामीका घरको संतोषजनक व्यवस्था देखी अति प्रसन्न भई आफ्-आफ्ना सेवाको काममा लागे । शिव पार्वती पनि दुवै आफ्ना पुराना दुःखहरू बिर्सी आनन्दसाथ रहे ।

शिवपार्वती कैलासवास

यसपछि हिमालय मेनका दुवैले छोरा मैनाकलाई भने—बाबू, पार्वतीलाई अन्माई पठाएको धेरै दिन भयो । आराम विराम, संचो-बिसंचो के कस्तो छ । छोरी पार्वती ज्वाइँ शंकरजीलाई समेत लिएर आऊ । मातापिताको आज्ञानुसार मैनाक गन्धमादन पुगे । देख्नासाथ पार्वती अति प्रसन्न भई बुवा मुमाको क्षेमकुशल प्रश्न गर्दै मैनाकलाई लिएर शंकरजीका समक्ष जानुभयो । प्रणाम

आशीर्वाद गरेपछि मातापिताजी दुवैले ज्वाइँ छोरी दुवैलाई लिएर आऊ भनेर पठाउनुभएको भनी मैनाकले निवेदन गरे। मेनका र हिमालयको स्नेहपूर्ण आमंत्रण पाउँदा श्री महादेव आफ्नी प्रियतमा पार्वतीलाई समेत साथ लिई प्रमथगण-हरूको लावा लश्कर पछि लगाई हिमालय पर्वत-राजको राजभवनतर्फ आउनुभयो। पार्वतीसहित भगवान महादेव आउनुभएको समाचार हिमालय-भर सर्वत्र फैलियो। त्यहाँका सब केटाकेटी, ठिटा-ठिटी, युवक युवती बूढीहरू भेला भए। दुई छोरी, एक बुहारी साथ लिएर ज्वाइँको स्वागत गर्न मेनका दौड़नुभयो। ए पख, पख, म पनि आएँ भन्दै हिमालय पनि कुदे। पार्वती रथबाट र महादेव साँढेबाट ओर्लनुभयो। त्यहीं आइपुग्नु भएका बुबा मुमाको पार्वती र शंकर दुवैले अभि-वादन गर्नुभयो। छोरीलाई मुमाले र ज्वाइँलाई हिमालयले बड़ा स्नेहले अंकमाल गर्नुभयो। दुवै जना हिमालय मेनका गैसकेको प्राण फर्केर आए झैं हर्षले गद्‌गद भए। त्यसपछि पाखुरामा समातेर छोरीलाई आमाले र ज्वाइँलाई ससुराले

मधुर स्वरमा समाचार, वृत्तान्तहरू सुन्दै सुनाउँदै भित्र लगे। मैनाकले वीरकसमेतका प्रमथहरूलाई सैनिक शिविरमा लगी आरामपूर्वक बसाए। भित्र ज्वाइँ छोरीको सम्मान मेना र हिमालयले रत्नका सिंहासनमा बसाई मधुपर्क आदि द्वारा गरे। बाहिरको सम्मान पिताजीको आज्ञाअनुसार मैनाकले गरे। यसपछि छोरी ज्वाइँको लागि अति रमणीय मानसरोवरको उपत्यका र कैलास पर्वतमा उत्तम दिव्य भवन निर्माण गराई नित्य निरन्तर राजोपचारद्वारा पूजा आचमन गराई आफ्ना समस्त गणसहित सदाशिव महादेवलाई हिमालयको विशाल र रमणीय प्रदेशमा आनन्दपूर्वक विराजमान गर्नुहुन मेनका एवं हिमालय पर्वतराजले राजी गराए। तसर्थ हिमालयका समीपमा रहने नेपालीसमेत सबै पर्वतीय बन्धुहरूप्रति पार्वतीसहित भगवान शंकरजीको असीम अनुकंपा छ। हिमालयप्रति यहाँका जनता पनि सदा कृतज्ञ रहनेछन्।

पार्वती शंकर विहार

यस प्रकार कैलासको भवनमा राज भएपछि

भगवान शंकर र पार्वती बगैंचा, वन-कन्दरा, नदी-सरोवरहरूमा आनन्दपूर्वक यथेच्छ विहार गर्नलाग्नुभयो। रतिदेवी पनि कामदेवलाई जीवित भएको पाई आफू पनि विहार गर्ने गौरी-शंकरका विहारमा श्रृंगारको उद्दीपन गराउँदै सेवा गर्न वेला बखतमा आउने गर्न लागिन्। एकदिन पार्वतीजीलाई छोराको रहर लाग्यो र संगिनीहरूसँग खेल्दा केटा-केटीमा पुतली खेल्दा भैं गरी खेल्न लाग्नुभयो र शरीरमा बुकुवा लगाई माडी माडी स्नान गर्नुहुँदा मयलको लुँडो हातमा आयो र त्यसको पनि पुतली बनाउन लाग्दा हात्तीको मुख भएको मान्छेको ज्यू भएको पुतली तयार भयो। त्यसलाई अमृतको धारा भएको गंगाजीको जलमा डुबाइदिनुभएको त त्यहाँको अमृतमय जलले गर्दा तत्कालै विशाल शरीरको व्यक्ति खड़ा भयो। त्यसलाई पार्वतीले पनि गंगाजीले पनि छोरा भनेर बोलाउनुभयो। दुइटी आमाको छोरा हुनाले द्वैमातुर भनिए। त्यहीं ब्रह्माजी पनि आइपुग्नुभयो र गंगा, पार्वती, शिवजी सबैसंग बिन्ती गरी त्यो गजमुख कुमारलाई भगवान महादेवको गणको

अधिपति बनाइदिनुभयो। पुनः पार्वतीजी खेल्नमा नै व्यस्त रहनुभयो र यस खेलमा छोरा बनाउँदा

तरुपुत्रकरण र अक्षक्रीडा

राम्रो अशोकको रूख बनाउनुभयो। त्यसलाई पनि न्वारान, पास्नी, व्रतबन्ध गर्नुभयो। बढाउनुभयो, पाल्नुभयो, पोस्नुभयो। यो चालपाई बृहस्पतिसमेतका विद्वानहरू, महर्षिहरू आई पार्वतीजीसंग भन्नलागे- भवानीजी, तपाईंले संसारको कल्याणार्थ अवतार लिनु- भएको हो। यो संसार छोरा नभए रमाइलो हुन्न। दैवले गर्दा कसैलाई संतान हुँदैन पनि। रूखलाई कल्पित छोरा बनाएर के लाभ ? यो सुनी पार्वतीजी भन्नुहुन्छ-बाजेहो, तपाईंहरूलाई थाहा छैन। पानी नभएको ठाउँमा यौटा इनार मात्र पनि बनाइदियो भने एक थोपा जलको एक दिव्य वर्षका दरले स्वर्गमा सुखसंग बस्न पाइन्छ। दस कुवा खनाएको पुण्य यौटा बावली-पोखरी बनाउँदा मिल्दछ। दस पोखरी बनाएको पुण्य एक गहीरो पानी भएको ताल बनाउँदा पाइन्छ। दसओटा ताल तलाउ बनाएको पुण्य एउटा रूख रोपी हुर्काएमा पाउन सकिन्छ। वृक्षारोपणको माहात्म्य तपाईंहरूले किन नबुझ्नु

भएको ? मैले यस हिमालयलाई वनै वनले हरियो, रसिलो राम्रो बनाउने रहर गरेकी हुँ । पार्वतीजीको यो दूरदर्शितापूर्ण वचन सुनेर पार्वतीको खेल केवल पुतलीको हैन रहेछ । यसमा लोककल्याणको भवनासमेत पूर्ण रहेछ भन्ने बुझेर सबै ऋषिहरू नमस्कार गरी बिदा भए । त्यसपछि महादेव आउनुभयो र पार्वतीलाई अंकमाल गरी भवनभित्र लानुभयो र त्यहाँ अति मनोहर बैठकमा राज भई दुई जना आफूसमा पासा खेल्न लाग्नुभयो । खेल बड़ो आवेगमा चलेको थियो, त्यसै वेला ठूलो खैलाबैला सुनियो । भगवानसंग पार्वतीले भन्नुभयो, केको खैलाबैला हो । पार्वती, यो तिमीले नदेखेको कुरा हो । यी मेरा गणका प्रमुख गणेशहरू खेलबहाड गरिरहेछन् । मेरा अतिप्रिय गणहरू यस पर्वतमा बराबर यसै गरी खेल्छन् भनी महादेवले पार्वतीलाई भन्नुभयो र पुनः भन्नुभयो, तप, ब्रह्मचर्य, नियम, पुण्यक्षेत्रको सेवा आदि द्वारा जो जो पुण्यशील मानवहरूले मेरो भजन गरे तिनीहरू मेरा समीपमा मेरा गणको रूपमा मेरा प्रेमपात्र बनेर आएका हुन् । यिनीहरू इच्छानुसारको

रूप बनाउन सक्छन्, महोत्साहका छन्। यिनी-हरूका महान बल, रूप तथा गुणहरूको महत्व देखेर म आफैं विस्मित हुन्छु, छक्क पर्छु। यिनीहरू एक-एक पनि देवतासमेतका जगत्को सृष्टि, रक्षा, संहार जे पनि गर्न सक्छन्। ब्रह्मा, विष्णु, इन्द्र, गन्धर्व, किन्नर, यक्ष, नाग, सबैले मलाई छाडे पनि यिनीहरूले कहिल्यै पनि छाडदैनन्। यसैले म यिनीहरूसंग रमाएर बस्छु। यिनीहरू मेरा प्रिय गण हुन्। यी कुरा सुनेर पार्वती खेल्दा-खेल्दै उठेर आँखीझ्यालमा गएर हेर्नुभयो, देखेर छक्क पर्नुभयो। कोही दुब्ला पातला, कोही घारे अग्ला, कोही वामपुडके, कोही गजधम्मे मोटा, कोही हात्तीसूँढे त कोही भुँडे, बाघमुखे, भेडामुखे, बोका-मुखे, पक्षिमुखे, मृगमुगे, घोडामुखे, गाइकाने, हात्तीकाने, अनेक खुट्टे, अनेक हाते, काला कैला, मुखबाट ज्वाला निक्लेका, डरलाग्दा, कोही राम्रा, कोही शान्त, कोही हँसमुख, कोही घोरमुखे, कोही कपड़ा गहनाले परिपूर्ण, कोही नांगा, कोही बांगा, कुप्रा, डेडे, कोही रेशम मलमलले ढाकिएका त कोही छाला, काम्ला, पाखी, राडी

बेह्रिएका, कोही फूलमाला, हार, जुहार सुन चाँदी-समेतले शोभायमान छन् त कति साँप, प्वाँख, हाड, खोर, खप्परका माला मेखलाहरूले भयंकर देखिन्छन्। कसैका हातमा खड्ग, शूल, त्रिशूल, खप्पर छ त कसैका हातमा धनुर्वाण आदि शस्त्रास्त्र छन्। कोही बजाउँछन्, कोही गाउँछन्, कोही नाच्दछन्। अब पार्वतीले फेरि सोधनी गर्नुभयो-यस्ता गणप्रमुखहरू कति होलान्? महादेवले भन्नुभयो–असंख्य, अनगिन्ती। पार्वतीले भन्नुभयो-सबका अगाडि मृगछाला ओढ़ी उभ्भेको, सेतो मुँजको कन्धनी बाँधेको, बायाँ हातमा सिको भ्रुण्डिएको, रातो मुखको चटपटे, मृगको जस्तो दाँत भएको, कमलको माला लगाएको, मधुरो अनुहारको, ढुंगाको भयाली बजाएको कुनचाहिं गणेश्वर हो ? महादेवले भन्नुभयो–यो मेरो अति प्यारो वीरक हो। यसका गुण धेरै छन्। यो सबै-भन्दा प्रमुख गणेश्वर हो।

वीरक पुत्रीकरण

पार्वतीले केही शर्माएझैं गरी भन्नुभयो—प्राणनाथ, मलाई पनि यस्तै तपाईंको मन

परेको छोरा पाउने रहर लागेको छ। महादेवले भन्नुभयो—यसैलाई छोरा मान। तिमी जस्ती आमा पाएमा यो पनि कृतकृत्य हुनेछ भनी विजयालाई डाकी वीरकलाई लिन पठाउनुभयो। विजयाले गएर वीरकलाई भनिन्—हिंड माथि, कस्तो चकचक गरेको! महादेव रिसानी भएको छ। महामाया पार्वतीबाट के कस्तो आज्ञा हुने हो! यो सुनी हातको ढुंगाको बाजा त्यहीं फाली मुखको धूलो मैलो पुछी विजयाका पछि लागेर माथि गए। समीपमा आएको वीरकलाई पार्वतीजीले भन्नुभयो, आऊ वीरक, तिमी आजदेखि मेरा छोरा भयौ। मलाई भगवान शंकरजीले दिनुभयो—भनी तानेर काखमा राखेर गाला मुसार्नुभयो। शिरमा सुँघ्नुभयो। बेसरी सिंगार्नुभयो। खुवाई पियाई खेल्न पठाउनुभयो। बाबू राम्ररी खेल। भीर पाखा-पखेरा, पहिरा, उबड़खाबड़, खाड़ल, भुन भुंगान, बाघ भालू ब्वाँसा साँप बिच्छी भएका ठाउँमा नजानू। खोला नदी नाला पोखरी हिलो मैलो फोहर भएको ठाउँमा नजानू। हिमाली छांगा छहरा, गंगाहरूमा नपस्नू, इत्यादि अर्ती दिएर

पठाउनुभयो । वीरक पनि खेल्न गए । खेल्दा खेल्दै साँझ पर्‍यो । रात छिप्पियो अँध्यारो भयो ।

इतिश्री स्कन्दपुराणे केदारखण्डे कुमारागस्त्यसंवादे माघ मासमाहात्म्ये श्री स्वस्थानीपरमेश्वर्यां व्रतकथायां पार्वतीमहादेवविवाहादि प्रासंगिक नानाविधकथावर्णनं नाम त्रयोदशोऽध्यायः ॥१३॥

•

चतुर्दशोऽध्यायः

गौरी शंकरको आपसमा भनाभनी

कुमारजी आज्ञा गर्नुहुन्छ, अगस्त्यजी, त्यसपछि गाढा अन्धकारले चारैतिर छायो । महादेवको खोपी रत्न, हिमाली जडीबूटी, नागमणिहरूका प्रकाशले झलमल्लै छ । चाँदी जस्ता महादेव, नील कमल जस्ती साँवली पार्वती । दुई जनाको मधुर मिलन, उर्लंदो जवानी, चढ्दो-बढ्दो माया-प्रीति, रसिलो समागम, आनन्दमग्न भैरहेका थिए। विभावरीले ब्रह्माजीको कुरा संझिन्। वेला ठीक छ भन्ने मनमा गुनिन् र बिस्तारै आफ्नो तमको प्रभाव पार्वती एवं महादेवका मनमा पारिन् । अब के थियो ! यो रात्रि विभावरीको कर्तव्य महादेव पार्वतीलाई के थाहा ? महादेवले पार्वतीसंग प्रेमै गरेर भन्नुभयो कि पार्वती

तिमी काली, म स्वच्छ गोरो, तिमी मसित टाँसिदा सेतो चन्दनका फेदमा बेह्रिएकी काली सर्पिणी जस्तै हुन्छ्यौ । चन्द्र र सूर्यका किरणको सम्पर्कले गर्दा शुक्ल कृष्ण पक्षमा छुट्टिएको रात्रि जस्तै तिमी अँध्यारी म उज्यालो हो कि ? महादेवले यति कुरा चुहाउनु मात्र के भएको थियो, एक्कासि पार्वती रीसले राता-राता आँखा पार्दै, आँखीभूइँ खुम्च्याउँदै मुख बंग्याउँदै भन्नलाग्नुभयो—म साँप जस्ती कुटिल पनि छैन, विषालु पनि हैन । मैले कति विधि तपस्या, दुःख, नियम, व्रत गरी तपाईंका साथमा आउन पाऊँ भनी कष्ट सहें । आज मेरो यो अपमान ! मानिस आफ्नो मूर्खता बुझ्दैन । भगवान आफूलाई हेर्नुहोस्, तपाईंको शिरमा बाङ्गो चन्द्रमा छ, त्यसले गर्दा आफ्नै बुद्धि बाङ्गिएको छ । घाँटीको कालकूट र गहना भनेर जताजतै बेह्रिएका सर्पहरूका संसर्गले आफै विषम हुनुहुन्छ । म पूषाको दाँत हैन, भगको आँखा पनि हैन, म को हुँ भगवान सूर्यनारायणले मात्र जान्नुभएको छ । आफू महाकाल हुनुहुन्छ, सबै जान्दछन् । मलाई व्यर्थ काली भनी आक्षेप गर्न लाज

छैन ? तपाईंको आक्षेपले गर्दा मेरा शिरमा शूल भयो । यस प्रकार धूर्ततापूर्ण अवमान सुनी बाँच्नु कुनै प्रयोजन छैन । अब कैलाश छाडें । तप गर्न हिंडें—भन्ने पार्वतीको यस्तो रीसले परिपूर्ण भएको तीखो बोली सुन्दा शिवजी हडबडाएर प्रेमसँग बोल्न लाग्नुभयो—पार्वती, किन कुरा नबुझेकी ? तिम्रो बुवा पर्वत भएर पनि कति रसिलो हँसिलो, तिमी पो पत्थरै जस्ती हुन आयौ! प्रेमले तिमीलाई काली भनें, रीसले भनेको हैन। तिमीलाई ठट्टा मन पर्दैन भने अब फेरि कहिल्यै तिमीसंग ठट्टा नगरिरहुँला । भयो, नरिसाऊ, क्षमा गर, हात जोडें ! यति भन्दा पनि रीस मरेन। शिवजीको हात पन्छाई हिंड्न लाग्नुभयो । सो देखी महादेव पनि तात्नुभयो र भन्न लाग्नुभयो, साँच्चै नै पार्वती, तिमी हिम जस्ती जड़ रहिछयौ ! हिमालका बाटा जस्तै बांगी रहिछयौ । हिमालचुली झैं अगम्य दुःसेव्य रहिछयौ । यो सुनेर झन् रीसले चूर भएर पार्वती भन्न लाग्नुभयो—महादेव, अर्काको निन्दा नगर्नुहोस् । तपाईं आफूलाई हेर्नुहोस् । सर्पको दुर्गुण कुटिलता, भस्मको

दुर्गुण स्नेहको अभाव, चन्द्रमाको दुर्गुण पेट कालो हुनु, साँढेको दुर्गुण अबूझ हुनु, श्मशान-वासको दुर्गुण डरै नमान्नु, नांगोपनको दुर्गुण लाजै नमान्नु, खप्परको दुर्गुण घिनै नमान्नु, यस्ता कति दुर्गुण छन्, यो विचार छैन, अर्काको जम्रा देख्ने आफ्नै अंगको भैंसी नदेख्ने, यस्तासंग म बस्तिनँ, हिंडें भनी जब पार्वती निस्कनुभयो तब शिवजीका गणमा खैलाबैला हुनलाग्यो। एकाएक वीरक आइपुगे। दुई हातले पार्वतीका दुवै पाउमा छाँद हालेर रुँदै भन्नलागे—मुमा, जान पाइन्न। मलाई यसरी छाडी कहाँ जान लाग्नु-भयो ? गणहरू पनि पछि-पछि दौडन लागे। वीरक म पनि आएँ मुमा, मलाई साथमा नलानु-भए त्यो डाँडाको टुप्पाबाट हामफालेर मर्छु, मलाई कसले माया गर्ला भन्दै पछि लागे। त्यो देखी पार्वती टक्क अडिनुभयो। वीरकलाई मुसार्नु-भयो। दाहिने हातले च्यूँडो उचालेर आफू पनि निहुरेर भन्न लाग्नुभयो—बाबु वीरक, पहाड़बाट हामफाल्न पनि हुन्न, मसंग जान पनि हुन्न। सुन, म किन हिंडेकी, तिम्रा बाबाले मलाई काली

भनेर हेलाँ गर्नुभयो । म तप गरी गोरी भएर आउँछु, अवश्यै आउँछु । म नभएको अवसर पाएर हिमालकी योटी गोरी भोटिनी घरभित्र छुल्नुहोला, बाबाको भर छैन, राजा ! तसर्थ तिमी सावधान भएर पहरा दिई बस । म नआउञ्जेल कुनै स्वास्नीमान्छेलाई बाबाकहाँ भित्र जान नदेऊ । कोही स्वास्नीमानिस पसी भने मलाई भनि हाल, त्यसको उपाय मैले गरूँला । यसरी संझाएपछि हवस् मुमा, तप सकेपछि अवश्य पाल्नुहोला, यहाँको चिन्ता नलिनुहोला भनी वीरक फर्के । पार्वती तप गर्न जानुभयो ।

पार्वती कुसुमामोदिनी संलाप

तप गर्न जाँदा पार्वतीको कुसुमामोदिनी देवीसंग बाटामा भेट भयो । कुसुमामोदिनीले पार्वतीलाई अँगालो मारेर भनिन्—कता जान लागेकी ? मुख पनि निन्याउरो छ, के भयो ? संगमा पनि कोही देखिनँ, किन, के भो ? पार्वतीले भन्नुभयो—देवी, तपाईं हाम्रा माइती घरकी संमान्या हुनुहुन्छ । मलाई पनि औधी माया गर्नुहुन्छ, तपाईंसंग मैले लुकाइछिपाइ गर्ने कुनै कुरै छैन ।

भगवान शंकरसंग जंगाजंगी पऱ्यो। मलाई बातै-पिच्छे काली, यस्ती उस्ती भन्नुभयो। भगवती, म तप गर्न जान्छु र गोरी भएर मात्र फर्कुंला। जसरी मेरा माइती घरमा रहेर हामी सबैको भलो गर्नु-भएको थियो अब त्यसरी नै महादेवको रेखदेख गर्नुहोला। विशेष गरेर अरू स्वास्नीमान्छे कोही पनि महादेवका त्यस कैलास भवनभित्र जान नपा-ऊन्। कदाचित् पसिहालेछन् भने गोप्य रूपमा मलाई सूचना गर्नुहोला। त्यस वेला जो गर्नु-पर्ने हो, म आफै गरूँला। यति भनी कुलदेवी-बाट आश्वासन पाई पार्वती आफ्नो हिमालमा तप गर्न जानुभयो र पिताजीको बगैंचामा आकाश मार्ग गरी कालो घनघटाभित्र कुनै ज्योतिपुंज बिलाए झैं अदृश्य भएर पुग्नुभयो। पहिरेका सुन्दर गहना कपड़ा त्यहीं राखी रूखका बोक्रा पहिरी ग्रीष्मका घाममा पंचाग्नि तापेर, वर्षामा खुला मैदानको वर्षा सहेर बस्ने, जाडामा हिमालका जल-भित्र बस्ने खालको कहिले निराहार, कहिले फला-हार, खालि वेदीमा सुकला हुने, यसरी कठोर तपमा लवलीन हुनुभयो।

आडिवध

पार्वती तप गर्न बसेकी थाह पाई त्यसै अवसरमा अन्धकासुरको छोरो बकासुरको मित्र आडि भन्ने एक दैत्य बाप वैरी साधन गर्ने समय यही हो भनी एक्लै पारी बिताउने विचार गरी कैलाश नगरीमा आयो र भित्र जान आँट गर्दा ढोकामा वीरकलाई देख्यो र टक्क रोकिएर आफ्नो पूर्व-कथा संझन लाग्यो-मेरा बाबू अन्धकासुरलाई महादेवले मारे। मैले पितृवधको प्रतिशोध लिन भनी ब्रह्माजीको तपस्या गरें। ब्रह्माजीलाई प्रसन्न गराएँ। वरदान दिन आउनुभयो। मैले निर्मृत्यु अर्थात् नमर्ने हुन पाऊँ भनी वर मागें। ब्रह्माजीले बाबू, कोही पनि निर्मृत्यु छैन। शरीर पाएपछि मर्नै पर्दछ तसर्थ मृत्युको कुनै निमित्तलाई अडान राखी वर माग भन्नुभयो र त्यसो भए जहिले म आफ्नो शरीरको परिवर्तन गरूँला उहिले नै मेरो मृत्यु हुन सकोस् अन्यथा म निर्मृत्यु भइरहूँ भन्दा तथास्तु भन्नुभएको हो। म अमर छु र बाप वैरी साधन गर्न समर्थ छु। तर यस वीरकको आँखा छली भित्र कसरी पसूँ भन्ने विचार गर्दा आफ्नो

वधको अडान बिर्स्यो । कसरी वीरकलाई छलूँ, यही मात्र सोच्न लाग्यो र सानो सर्पको रूप लिएर वीरकको आँखा छलेर ग्यौंटा सानो प्वालबाट भित्र पस्यो । कोखामा दाँत राखी पार्वतीको जस्तो सुन्दर रूप ली, सिंगारपटारसमेत गरी महादेव बसेका बैठकमा गयो । महादेवले त्यसलाई पार्वती ठानी अंकमाल गरी भन्नुभयो—पार्वती, तिम्रो भाव राम्रै छ । यो भाव बनावटी त हैन । मेरा मनको भाव बुझिछयौ क्यार र तिमी नहुँदा मेरो लागि संसारै अँध्यारो भयो । तिमी प्रसन्न भएर नै आएकी जस्ती छयौ। आयौ, ठीक गऱ्यौ । यसो गर्नु उचित हो । यो सुनेर पार्वती रूपधारी दैत्यले भन्यो-तप गर्न गएँ तर तपाईंलाई मनले संझिराखें । यो सुन्दा शंकरका मनमा शंका लाग्यो । मैले त्यति विधि गर्दा पनि दृढ भएर तप गर्न गएकी उमा त्यसै फर्केर आउँदिनन् भन्ने सोची राम्ररी विचार गरी हेर्दा पार्वतीका वाम भागमा कोखामा रोमको आवर्त परी कमलको फूल बनेको चिन्ह थियो, सो रहेनछ र यो कुनै दानवको माया हो, छल हो भन्ने बुझेर पनि नबुझे जस्तै भई बिस्तारैसंग

वज्रास्त्रको संधान गरी त्यस आडि दैत्यको सन्धिमा बजाउनुभयो र त्यस चोटले गर्दा त्यो दानव त्यहीं खुत्रुक्कै परी मरिहाल्यो। पार्वतीजी-की देवी कुसुममामोदिनीले स्वास्नीमान्छे पसेकी चाल पाइन् तर कसरी भित्र पसी, के भयो भन्ने चाल पाएकी थिइनन्। महादेवका खोपीमा आइ-माई पसी भन्ने समाचार वायुद्वारा पार्वतीकहाँ पठाइन्।

पार्वती गौरीत्व सिद्धि

यस समाचारले पार्वतीलाई विचलित गरायो वीरकले धोखा दियो भन्ने ठानी म जस्ती आमा-लाई धोखा दिइस् भने अब चर्को नून जस्ती शिला तेरी आमा होस् भन्ने शाप दिइन्। यसरी वीरकलाई सराप दिएर रिसाएकी पार्वतीका मुख-बाट पार्वतीको क्रोधको रूपान्तरमा सिंह निस्क्यो। डरलाग्दो मुखको, याल हल्लेको, पुच्छर ठड्या-एको, दाँत कटकट पारेको, मुख बाएको, जुरो लट्किएको, कोखा सेप्रिएको, यस्ता सिंहमा चढी पार्वती उग्र हुने लक्षण बुझेर ब्रह्माजी त्यहीं आइपुग्नुभयो र भन्नुभयो—छोरी पार्वती, यो के

गरेकी, तप गर्न छाडेर कता लागेकी, किन रिसाए-की, सिद्ध भैसकेको, उद्देश्य के हो, के कामना छ, जस्तै दुर्लभ कुरा पनि दिउँला, यस्तो कठिन तप र क्रोधबाट दृढ मनको कुरा भन ।

पार्वती भन्नुहुन्छ—पितामह, मैले महादेव पति पाऊँ भनी कठिन तप गर्दा बल्ल-बल्ल महादेव स्वामी पाएँ उहाँ मलाई बराबर श्यामा काली भनी खिस्सी टयूरी गर्नुहुन्छ तसर्थ सुनजस्ती झर्झराउँदी भई स्वामीको परमप्रिया बनी उहाँका एकापट्टि काखमा रहिरहन पाऊँ । ब्रह्माजीले तथास्तु भन्नु भयो । त्यसपछि पार्वतीले आफ्नो पुरानो भँवरा जस्तो, फुलेका नील कमलसमानको कालो काँचुली सर्पले फेरे झैँ गरी त्यहीं खसालिदिनुभयो । त्यस काँचुलीबाट एक पीताम्बर पहिरेकी घण्टा लिएकी काली देवी प्रगट भइन् । तिनलाई ब्रह्माजीले भन्नु भयो—विभावरी, तिमी निशा रात्रि हौ । पार्वतीजी का शरीरको संपर्कले गर्दा कृतार्थ भएकी छयौ । अघि तिमी एकनिशा थियौ । यो सिंह तिमीलाई वाहन हुनेछ । तिम्रो ध्वजमा पनि यै रहनेछ, देवकार्य गर्न विन्ध्याचलमा गई बस । पञ्चाल नाउँ भएको यो

यत्त लाखौं यत्तहरूका साथ तिम्रो सेवामा रहनेछ भनी कालीलाई विन्ध्याचल पठाई ब्रह्माजी आफ्ना धाममा जानुभयो। पार्वतीजी पनि सुनै जस्ती गोरी भई प्रसन्नताका साथ शंकरछेउ जान सरासर आउनुभयो। भित्र पस्न लाग्दा वीरकले तानेर रोके। ढोकामा बेंतको छड़ी तेर्स्याएर भने—को तपाईं ! यहाँ कुनै काम छैन। तुरंत जाइहाल्नोस् हैन भने शंकरजीका त्रिशूलको लक्ष्य हुनुपर्ला। पार्वतीजीको स्वरूप बनाएर यौटा दैत्य महादेवलाई भुक्क्याउन भनी भित्र पसेछ। मैले देखिनँ, तर महादेवले आफैंले त्यसलाई मार्नुभएछ र मलाई भन्नुभयो—ढोकामा के यस्तो असावधानी गरेको ? रिसानी भयो। यसो हो भने मेरा ढोकामा वर्षौं सम्म बस्न पाउनेछैनस्। तसर्थ भागिहाल्नुस्। यस ढोकाभित्र जान पाइनेछैन। यहाँ हाम्री मुमा पार्वती बाहेक अरू कोही जान पाउँदैनन्।

गौर्याः कैलासे प्रवेश :

यो सुनेपछि पार्वती आफै स्तम्भित हुनुभयो। मनमनै सोच्न लाग्नुभयो। मलाई वायुले नारी भनी खबर गरेको त नारी होइन रहेछ। राक्षस

पो रहेछ । रीसका झोंकमा व्यर्थै वीरकलाई शाप दिइछु । रीसले कसैको भलो हुँदैन—भनी मनमा गुनी अलि लाज माने झैं वीरकसंग भन्नुभो–बाबू वीरक, म तिम्री मुमा पार्वती नै हुँ । तिमी-लाई श्रम नपरोस् । हिमालयकी छोरी भगवान शंकरकी प्रिय पत्नी हुँ । तिमीलाई थाह छ म तप गरी फर्केर आउनेछु भनेर गएकी थिएँ । भगवान ब्रह्माजीले मलाई गौरी बनाइदिनुभयो । तिमीले स्वास्नीमान्छेलाई यस ढोकाभित्र जान दियौ रे भन्ने समाचार सुन्दा मलाई रीस उठ्यो । तिमीलाई शाप दिएँ, तर तिम्रो दोष रहेनछ तापनि मेरो शाप पनि अमोघ छ । तसर्थ मनुष्य लोकमा शिला-पुत्र भएर चाँडै नै आउनेछौ । तिमी सफल हुनेछौ । यसपछि वीरकले पार्वतीजीको सभक्ति अभि-वादन गरी हात जोड़ी स्तुति गरे । वीरकप्रति प्रसन्न भएर पार्वतीजी पनि आफ्ना चिरआराधित परमप्रिय पति महादेवका भवनभित्र प्रवेश गर्नु भयो । तारकासुरका भयंकर शासनबाट व्याकुल भएका देवताहरू श्री महादेवको दर्शन गर्न त्यसै वेला त्यहाँ आएका थिए । तर वीरकले समय

छैन, भगवान श्रीमहादेव एकान्तमा पार्वतीसंग राज भएको छ भनी फर्काइदिए ।

गौरीशंकर रतिभङ्ग

हजारौं वर्ष बितिसके । शिवशक्तिको समागम प्रचण्ड क्रीडा नित्य निरन्तर अविरत, सुरत देवताहरू कहिले छोरा जन्मिने होला, कहिले तारकासुरको वध गर्ने होला भनी हतारिए । वृत्तान्त बुझी आऊ भनी अग्निलाई पठाए। शुगाको रूप लिएर आँखीझ्यालको दुलोवाट अग्नि सरक्क भित्र पसे । महादेवलाई गिरिजाका साथ रतिक्रीडामा मग्न भइरहनुभएको देखे। महादेवले पनि शुगाको रूपमा आएका अग्निलाई देखेर चिन्नुभयो र केही रिसाएर भन्नुभयो—मेरो यस्तो चरम आनन्दको रस-वसको विघ्न तिमीले गऱ्यौ भने यसको फलस्वरूप तिमीलाई मेरो वीर्य दिन्छु, थाप। अग्निले सोचे, यो अमोघ वीर्य, देवताहरूको त्यत्रो कामको लागि हजारौं वर्षको अथक प्रयास, यसै खेर जान दिनु हुँदैन। यस्तो गुनी अंजुलिमा थापे । महादेवको आग्रहपूर्वक प्रेरणा शिरोपर गरी अग्निले सो सबै पान गरे, तर सबै देवताहरू अग्निमुख भएका हुनाले

त्यो महादेवको वीर्य सबै देवताका पेटमा भरियो र अन्तमा सबैको पेट फोडेर महादेवको त्यो वीर्य महादेवका आश्रमका समीपको शरवनका माझमा एकै ठाउँमा जम्मा भएर त्यसबाट एक दिव्य

कुमारोत्पत्ति

सरोवर बन्यो । यो चाल पाएर पार्वती त्यहाँ हेर्न आउनुहुँदा मनै लोभ्याउने निर्मल जल, फुलेका थरीथरीका कमल, पक्षीहरूको कलरव, वरिपरि सुनौला बान्कीका रूख-लहरा देख्नुभयो र जलक्रीडा गर्ने इच्छा भयो । पानीभित्र पसेर पौड़नुभयो, खेल्नुभयो, सबै संगिनीहरूसंग छयापाछयाप गर्नुभयो र तीरमा आई गहना कपड़ा पहिरी संगिनीहरूसंग राज भई त्यहाँको जल खाने अभिलाषा गर्नुभयो । पार्वतीजीको आशय बुझेर स्नान गरिरहेका षट् कृत्तिकाहरूले त्यो निर्मल जल कमलको पातमा लिएर पार्वती राज भएको विश्राम भवनमा आए । त्यो जल देखेर पार्वती हर्षित हुनुभयो । यो वेला अनुकूल छ भन्ने विचार गरी कृत्तिकाहरूले पार्वतीसंग भने-भगवती, यो जल टक्रयाउँछौं यदि तपाईंको गर्भबाट जन्मेको बालक

हामीहरूको समेत पुत्र मान्न स्वीकृति हुन्छ भने। यो सुनेर पार्वतीजीले भन्नुभयो-मेरा गर्भबाट जन्मेको बालक तिमीहरूको पुत्र कसरी हुनसक्ला ? कृत्तिकाहरूले पुनः निवेदन गरे--हुन सक्छ । हामी-हरू आफ्‌आफ्ना उत्तम-उत्तम अंग प्रत्यंगहरू त्यस बालकका शरीरमा मिलाइदिन तत्पर छौं भने हाम्रो समेत पुत्र हुन किन असंभव होला। त्यसो भए यो प्रस्ताव मैले पनि स्वीकार गरें भनी पार्वतीले भन्नुभयो। त्यसपछि त्यो कमलका पातको जल पार्वतीलाई टक्र्याए। पार्वतीले सो जल पिउनुभयो। त्यो जल पार्वतीको गर्भमा पुग्नासाथ दिव्य बालकको रूपमा परिणत भयो र पार्वतीको दायाँ कोख फाडेर एक अद्‌भुत बालक त्यहाँ निस्क्यो। त्यस नवजात बच्चाको तेजले चारैतिर झलमलल भयो। सूर्यको प्रभा हो वा दिव्य सुवर्णको कान्ति हो भनी सबै तर्क गर्न लागे। त्यस तेजोमण्डलभित्र हेर्दा शक्ति शूलसमेतका शस्त्रास्त्रहरूले युक्त छ शिर भएको दिव्य कुमारको मूर्ति देखियो। कुत्सित विचार भएका आसुरी सम्पत्तिका हिमायतीहरूलाई मारी दैवी सम्पत्तिको परिपोषण गर्ने हुनाले यी

कुमारलाई नामकर्मसमेत अनुकूल भएको कुमार भन्ने नामकरण गरी कुमार नाउँले विभूषित गराए। यिनको जन्म चैत्र मासको कृष्ण अमावस्यामा भयो। जन्म हुँदा दुई रूपमा जन्म भएको थियो। चैत्र शु. दि. ५ का दिन इन्द्रले दुई रूपको एक रूप बनाए। चैत्र शु. दि. ६ का दिन स्वर्गको मुख्य सेनापति पदमा ब्रह्मा, विष्णु, इन्द्र, सूर्यसमेत समस्त देवताहरूले नियुक्ति गरी प्रधान सेनापतिको रूपमा विधिवत् अभिषेक गराए। खेलौना, छाता, चमर, चन्दन, वस्त्र, अलंकारहरूद्वारा सज्जित गराए। महाराज इन्द्रले आफ्नी छोरी देवसेना दिएर विवाह गराए। विष्णुले शस्त्रास्त्रहरू दिनुभयो, कुबेरले दश लाख यक्षको सेना दिए। अग्निले तेज, वायुले वाहन, त्वष्टाले कुखुरा दिए, स्कन्द, विशाख, षड्वक्त्र, गांगेय, कार्तिकेय, षट्मातुर, इत्यादि नामद्वारा कुमारको सबै देवताहरूले स्तुति गरे। प्रसन्न भएका कुमारले मैले तपाईंहरूको के काम गरिदिनुपर्‍यो भनी सोधनी गर्नुभयो। यो सुनी देवताहरूले शिर झुकाई हात जोडेर भने—भगवन्, समस्त देवताहरूको

वैरी दुष्ट दुराचारी क्रोधी बलवान दैत्यहरूको राजा तारकासुरले हामीहरूलाई अचाक्ली दुःख दियो। तसर्थ त्यसलाई मारेर हाम्रो उद्धार गर्नुहोस्। देवताहरूको यस्तो प्रार्थना सुनी कुमारजीले आज्ञा गर्नुभयो, यसमा कुनै प्रकारको धन्दा सुर्ता मान्नु-पर्दैन। लोककण्टक तारकासुरको वध गर्न सेनाको प्रबन्ध मिलाई पठाउनू वा आउँदै गर्नू, तारकासुर-कहाँ पनि दूत पठाउनू। म तुरुन्त हिंडें भनी कुमार-जी तारकासुरलाई मार्न भनेर प्रस्थान गर्नुभयो।

तारकप्रति इन्द्रको दूत:

इन्द्रले पनि यौटा साह्रै खरो स्वभावको व्यक्ति छानेर तारक असुरकहाँ दूत पठाए। त्यो दूतले गएर तारकासुरलाई भन्यो—दैत्यराज, स्वर्गका महाराजको म दूत हुँ। उहाँको सन्देश यस्तो छ, तारक, आफ्नो शक्ति सामर्थ्यको जे जति प्रयोग गर्न सक्छौ, गर। किनभने संसारलाई, विश्वका जनतालाई दलन गरेर कुल्चेर मिल्चेर शोषण गरेर जुन पापको भण्डार भरेर आफूलाई दुनियाको म एकमात्र सर्वेसर्वा हुँ भनी घमण्ड गरिरहेका छौ, ठस्सा देखाइरहेका छौ, अब त्यस पापको कडु

परिणामको फल चाख्ने वेला आयो । म त्रैलोक्यको शासक हुँ । तारकासुर जस्ता अत्याचारी आततायी-को दमन गर्नु मेरो मुख्य कर्तव्य हो । यस प्रकार-को इन्द्रको सन्देश सुन्दा रिसले लाल-लाल आँखा पारी आफ्नू इतिश्री हुने स्थितिमा ध्यानै नगरी तारकासुर भन्न लाग्यो—इन्द्रको पौरख कस्तो छ, मैले धेरै पाली देखिसकेको छु । निर्बुद्धि इन्द्रलाई लाज छैन । तारकासुरको यो कुरा सुनी दूत फर्के-पछि तारकासुर मनमनै सोच्न लाग्यो—कसैको आड नपाई इन्द्रले यस्तो फूर्ति गर्न सक्दैन । वारंवार हार खाई भागेको, हामीहरूबाट जितिएको इन्द्र आज फुइं गर्दैछ भने त्यसलाई ठूलै आड मिले जस्तो छ । यसै बीचमा तारकासुरका वरिपरि जताततै कुलच्छिन देखिन लागे । धूलो उड्ने, रगत बर्सने, आँखा पाखुरा फरफराउने, मुख सुक्ने, मन भर्माउने, परिवारको मुख मलिन हुने, खराब जन्तुहरू रुने, घुम्ने, कराउने, इत्यादि । यस्ता

कुनै कुरामा ध्यान नराखीकन मन नियंत्रण गरी त्यो तारक स्वस्थ भइरहेको थियो, यसै वेला आफ्ना

राजभवनको उँचो अटालीबाट हात्तीका बथानका घण्टा घुघुँरूहरूका घर्घर ध्वनिले डरलाग्दो, घोड़ाका टापहरूले उड़ाएका धूलोले कुहिरीमण्डल भएको, हल्लिएका शतांक रथहरूका अग्ला ध्वजा पताकाहरू फरफराएका, उदेक उदेकका विमानहरूका विमानवासी अमरहरूका चमरहरू चलिरहेका, किन्नरहरूका संगीतको धुन गुंजिरहेको सुन्दर वस्त्र, अलंकार र दिव्य फूलमालाहरूले झकझकी भएको म्यानबाट निकालेका खड्ग, खुँड़ा, तरवारहरू लिएका, सूत मागधसमेतका बन्दीजनहरूका स्तुतिका तुमुल ध्वनिले संकुल रहेको, चमचम चम्किने कवचहरूले अद्‌भुतै भएको देवताहरूको सेना देख्यो। एक क्षणमै मनमा हड़बड़ी पऱ्यो, चिन्ता लाग्यो र हेरिरह्यो, र सोच्यो कुन अपूर्व योद्धा यहाँ आएको होला जसलाई मैले आजभन्दा पहिले नजितेको हुँला। यसरी चिन्ता गर्दैं थियो, अकस्मात् कानमा सिद्धजनहरूका समूहको संगीतको शब्द तारकासुरको हृदय थर्काउँदै भित्र पस्यो। सो संगीतको गाथा यस प्रकारको थियो—

जय अतुल शक्ति रीधिति पिञ्जर,
भुजदण्ड चण्ड रभस सुखद कुमुदकाननविकासमेन्यो,
कुमार जय दितिजकुलमहोदधिवड़वानल ॥१॥
षड्मुख मधुर रव मयूर रथ सुरमुकुटकोटि महिष-
चरणनवाङ्कुरमहासन, जय ललित चूड़ाकलाकनक
विमलदल, कमलकान्त, दैत्यदुःसह दावानल ॥२॥
जय विशाख, विभो, जय सकललोकतारक स्कन्द
जयजय गौरीनन्दन घण्टादिव्य ।
जय विशाख विभो धृतपताकप्रकीर्ण पटल कनकभूषण
आसुर दिनकरच्छाय, जय जनिहसंभ्रम लीला-
सूताखिलाराते ।
जय सकललोकतारक, दितिजासुरवर तारकान्तक
स्कन्द जय बाल सप्तवासर जय भुवनावलि शोक-
विनाशन ॥३॥

तारकासुर चिन्ता

देवताहरूका सिद्ध बन्दीजनहरूको यस प्रकारको गाथा सुन्दा तारकासुरका मनमा झस्का पस्यो । ब्रह्माजीसंग वरदान माग्दाखेरिको कुरा संझयो । सात दिनको बालकबाट मेरो मरण हुने समय आएछ भनी चिन्ताकुल भएर धर्मको मर्यादा संझी कवच नपहिरी पैदल सैनिक पछि लगाई

आफू पनि पादचारी नै भएर आफ्नो भवनबाट बाहिर निस्केर कालनेमिले दैत्यहरूलाई भन्यो–ए जोधाहरूहो ! अविलम्ब सेनालाई सुसज्जित पार। दौड, समात, देवताहरूलाई, बियाँलो नगर। छिटो आऊ।

सामू परिसकेका सुकुमार कुमारलाई देखेर भयंकर स्वरूपको तारकासुरले भन्यो–ए सानो बच्चा, के यो युद्ध गर्ने इच्छा हो, जाऊ सानो भकुण्डो खेल ! तिमीले हामी जस्ता भयंकर दानव-हरूलाई देखेकै छैनौ। के यो शास्त्र नजान्ने केटा केटीको बुद्धि हो ? यो सुनेर कुमारले पनि देवता-लाई हर्षित गराउँदै तारकलाई भन्नुभयो–सुन् तारक, शास्त्रको कुरा तँलाई नै सम्झाइदिनुपर्ने भैरहेछ। युद्धका समयमा निर्भीक सैनिकहरू शास्त्रद्वारा यो यसो उ उसो भन्नेतिर लाग्दनन्। मलाई बालक देखेर हेलाँ नगर् ! गोमन साँपको बच्चा सानै भए पनि भयंकर हुन्छ। सूर्य बालकै भए पनि कसैले हेर्न सक्दैन। मन्त्र छोटै भए

पनि समर्थशाली नै हुन्छ। बुझिस् तारक, तेरो

लागि म दुर्जय छु । कुमार यस प्रकार भन्दैथिए, उनमाथि तारकासुरले मुद्गरको प्रहार गरिहाल्यो । वज्रद्वारा त्यस मुद्गरलाई पन्छाइदिए र लगत्तै लोहाको भिन्दिपालले प्रहार गऱ्यो । त्यसलाई पनि कुमारले हातैले च्याप्पै पारे । अनि तारकमाथि कुमारले खरो गदाको प्रहार गरे । त्यसको चोटले त्यो दैत्य वज्रको मार खाएको पर्वत झैं भयो र साँच्चै नै कुमारलाई दुर्जय ठान्यो र आफ्नो काल आइसकेको कुरा बुझेर पनि रीसले चूर भैरहेको थियो । त्यो देखेर कालनेमिसमेतका सबै दैत्यदानवहरू धुरा उठेर कुमारमाथि जाइलागे, हतियारको पर्रा छोडे । तर कुमारलाई कुनै शस्त्रले छुन सकेन । दैत्यहरू कति कुमारउपर कति देवताहरू उपर जाइलागे । कुमारलाई त दैत्यका अस्त्रहरूले छुनै सकेनन् तर देवताहरू व्याकुल भए । त्यो देखेर कुमारले रिसाएर अमोघ शस्त्रास्त्र-हरूले दैत्यहरूको विशाल वाहिनीलाई यसरी धकेलिदिए कि अघि बढ्ने सामर्थ्यै रहेन, भन्न पर परै भाग्यो । जब आफ्नो सैन्य भागेथ्यो, तारकले रिसाएर चूर भई प्रचण्ड गदा उठाई

कुमारलाई प्रहार गऱ्यो। बाण वर्षा गरी कुमारको मुजुरलाई पनि पछाडि फर्किन बाध्य तुल्यायो। जब रक्ताम्मे भै मुजुर फर्क्यो तब कुमारले सुनका सिक्रीका झालर भएको शक्तिलाई उचालेर बाजू-बालाहरूलाई झन्कार गराउँदै, पापी तारक ! मेरा अगाडि उभिई संसारलाई हेर्! अब तैंले यमपुरको बाटो लाग्नुछ। मेरा शक्तिद्वारा तँ मरिस्! तेरो शस्त्र अस्त्रको तंत्रमंत्र जे जति छ, संझी। वेला यही हो। उद्योग गर्। बाँच्ने बल गर्—भनी बडो वेगले धडाम्म गरी तारकासुरका छातीमा बजारि-दिए। त्यस शक्तिले तारकासुरको वज्रै वज्रको पर्वत जस्तो अति कठोर छातीलाई फोरिदियो र प्रलय हुँदा भैंमा लडेको पर्वत झैं मुकुट कटक कुण्डलहरू बिखेर्दै डङ्रङ्ङ भएर भैंमा लड्यो। शेष दैत्यहरूमा हाहाकार मच्चियो। भयंकर भगदड़ भयो। यस प्रकार जब कुमारजीले तारकासुरलाई मारिदिनुभयो तब आसुरी संपदाको पनि इतिश्री भयो। देवताहरू ठूलो हर्षबड़ाइँ गर्न लागे। दैवी संपदाको अभ्यु-त्थान भएकोले सब्ब संसार सुखी भयो। नरकमा पनि दुःखी पापी कोही रहेन।

कुमार स्तुतिः

समस्त देवताहरू मिलेर कुमारको स्तुति गरे। हर्षले विभोर भएका देवताहरू कुमारप्रति कृतज्ञता प्रकट गरी सभक्ति अभिवादन चढाई सिद्ध महर्षि सहित आफ्‌आफ्ना धाममा गए। कुमार पनि देवताहरूको कार्य सिद्ध गराई कैलासमा माता-पिताको दर्शनमा उपस्थित हुनुभयो।

कुमारजी आज्ञा गर्नुहुन्छ, अगस्त्यजी, यो कुमारको उत्पत्ति, तारकासुरको संहारसमेतको कथा सुन्ने सुनाउने सबै आयुष्मान, भाग्यवान, श्रीमान, आरोग्यवान, सुन्दर, तेजिला होलान्; बालग्रह शांति होला, निर्भय र सुखी होलान्। राजसेवा गर्नेहरूले विशेष गरी यो कथा सुन्नू। स्नान संध्या गरी कुमारजीको चरित्र पाठ गरेमा कुमारको साम्राज्य प्राप्त हुनेछ।

इतिश्री स्कन्दपुराणे केदार खण्डे माघमाहात्म्ये स्वस्थानीव्रतकथायां कुमारकृत तारकासुर संहार वर्णनं नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

•

पञ्चदशोऽध्याय

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि! तहाँउप्रान्त पार्वतीले अत्यन्त जतन गरी थन्क्याइ-

राखेको अतिदिव्य श्री स्वस्थानी परमेश्वरीको प्रसाद आठ रोटी, आठ अक्षता, आठ बेलीपुष्प, आठ यज्ञोपवीत, आठ पान, आठ कुड़का सुपारी, सगुन समेत ल्याई—"हे स्वामी, अब मेरो तपस्या पूर्ण भयो। केटाकेटीदेखि हजूरलाई धाइरहेकी आज पाएँ" भनी महादेवका हातमा चढ़ाई साष्टांग प्रणाम गरी हे आदिपुरुष ! श्रीस्वस्थानी परमेश्वरीका व्रतको प्रभावले मैले हजूर जस्ता स्वामी पाएँ। फेरि पनि म केही विन्ती गर्छु। यो ब्रह्माण्ड संसारमा कोही दुःखी छन्, कोही दरिद्र छन्, कोही पापी छन्, कसैका सन्तान छैनन्, कसैका स्त्री छैनन्, कसैका पुरुष छैनन् यो व्रत प्रकाश गरिदिए सबैको उद्धार होला।" यति पार्वतीले भनेको वचन सुनी महादेव आज्ञा गर्नुहुन्छ—हे पार्वती ! धन्य तिमी ! दुःखी दरिद्रीका उपर तिमीलाई यस्तो दया भएपछि उपाय बताउँछु सुन भनी उपाय बताउन लाग्नुभयो। पहिले प्रथम अश्वत्थामा ऋषिलाई डाकी रसातल पातालमा पठाऊ, उहाँ उनले प्रकाश गरिदिनन्। यति महादेवले आज्ञा गरेपछि पार्वतीले 'हवस्' भनी प्रथम अश्वत्थामा ऋषिलाई डाकन पठाइन्। प्रथम

अश्वत्थामा ऋषि आएर महादेव पार्वतीलाई प्रणाम गरी–हे भवानी-शंकर ! मलाई के कामले डाक्नुभयो, सो आज्ञा गर्नुहवस् भनी भने । यति प्रथम अश्वत्थामाका वचन सुनी पार्वती आज्ञा गर्छिन्—हे प्रथम अश्वत्थामा ऋषि ! तिमी रसातल पातालमा जाऊ, उहाँ जो दुःखी छन्, जो पापी छन्, जो दरिद्र छन्, जसका स्त्री छैनन्, जसका सन्तान छैनन्, तिनलाई यस्ता विधिले श्रीस्वस्थानी परमेश्वरीको व्रत गराऊ र उद्धार हुनन्, भनी विष्णुले आफूलाई बताएझैं व्रत-विधि बताइन् र जाऊ भनी बिदा दिइन् । यति पार्वतीले आज्ञा गरेको सुनी प्रथम अश्वत्थामा अति खुशी भै 'हवस्' भनी महादेव पार्वतीलाई साष्टांग प्रणाम गरी रसातल पातालमा गए ।

तहाँउप्रान्त एक दिन महादेवले पार्वती कत्तिकी चतुरी रहिछन् हेर्नुपर्‍यो भनी आफू कसैले नदेख्ने ठाउँमा लुक्न गए । महादेवलाई पार्वतीले नदेखी यताउति खोजिहिंड्न लागिन् । कहीं पाउन सकिनन् र अति चित्त आकुल गरी विलाप गर्न लागिन् । फेरि कता जानुभो भनी अनेक ठाउँमा

खोज्दा लुकिरहेका महादेवलाई फेला पारिन् र भनिन्–हे ईश्वर ! तपाईंले किन मलाई छली लुक्न जानुभयो ? म सुन्दरी भइनँ र कि मन परिनँ र कि ! किन मलाई छाडी अन्त लुक्न जानुभयो ? यस्ता तरहसँग पार्वतीले भनेको वचन सुनी केही नबोली मनमा भन्न लागे। यी पार्वतीले मलाई यसै छोड्ने भइनन्, रूप फेरी अर्कै रूप लिई वन-विहार गर्न जानुपर्‍यो भनी तहाँ देखि अन्तर्ध्यान भई श्लेष्मान्तक वनमा एकलै गई किरातीको रूप लिई वनमा शिकार गर्दै हिंड्न लागे। महादेवलाई पार्वतीले फेरि देखिनन् र मनमा साह्रै दुःख मानी महादेवले मलाई किन छल्नुभयो भनी मनमा सन्देह गरी ध्यानदृष्टिले विचार गरी हेरिन्। तब महादेवले किरातीको रूप धारी श्लेष्मान्तक वनमा शिकार खेली हिंडेका थाहा पाइन् र पार्वतीले महादेवलाई छकाउनाका निमित्त अत्यन्त राम्री भै किरातिनीको रूप धारी अनेक तरहका हाउभाउ कटाक्षले युक्त भै श्लेष्मान्तक वनमा गई यौटा ठूलो वृक्षका छायामा आई बसिरहिन्। श्रीमहादेव पनि वन-वन फिर्दै तहाँ आइपुगे। किरातिनी-रूप पार्वतीलाई

देखी मोह भै सोध्न लागे। हे सुन्दरी ! तिमी को हौ ? देवकन्या हौ कि ? यक्षकन्या हौ कि ? नागकन्या हौ ? अथवा अप्सरा हौ कि ? मैले हेर्दा त यो ब्रह्माण्ड संसारमा तिमी जस्ती सुन्दरी हुन दुर्लभ छ। फेरि एक्लै यो वनका बीचमा किन आई बसिरह्यौ ? तिमीलाई डर पनि लाग्दैन कि ? अघोर वनमा वनजन्तु, बाघ, हात्तीको भय पनि कत्ति नमानी निर्धक्कसँग बसेकी, यो कुराको वृत्तान्त मलाई भन। यति किरातीरूप श्रीमहादेवले आज्ञा भएको सुनी किरातिनीरूप पार्वतीले श्रीमहादेव यिनै हुन् भनी चिह्नी मनमनले दण्डवत् गरिन्। श्रीमहादेव कस्ता तरहसँग आएका थिए भने बायाँ हातमा धनु लिएका, दाहिने हातमा त्रिशूल लिएका, शर राख्ने ठोक्रो काँधमा राखेका, सर्पका गहना लाएका, महाभयङ्कर मूर्ति भएका, यस्ता किरातीरूप महादेवलाई श्री पार्वतीले भन्न लागिन्—हे किरात ! म यहाँ बसेकी धेरै वर्ष भयो, किरातिनी हुनाले बाघ, हात्तीको डर पनि मलाई केही लाग्दैन, तपस्या गरी बसेकी छु, भनिन्। यस्ता तरहसँग दुइ स्त्री पुरुषको अनेक कुराकानी हुँदैमा साँझ

पऱ्यो र किरातीरूप श्री महादेव आज्ञा गर्छन्—"हे सुन्दरी ! तिमी पनि एकलै छयौ, म पनि एकलै छु। हामी दुवै जना यहीं वास बसौं।" यति श्री महादेवको वचन सुनी श्री पार्वती भन्छिन्–"हे किरात ! तिमी लोग्नेमानिस म स्वास्नीमानिस, एकलै यस्तो वनका बीच कोही नभएका ठाउँमा कसरी एकै ठाउँमा वास बसौं ? लोग्नेमानिसको धर्म हुँदैन, राम्री स्वास्नी देखेपछि घर, आमा बाबु सब बिर्सन्छन्, तसर्थ एक ठाउँमा वास नबसौं, यो कुरा नगर।" यति किरातिनीरूप पार्वतीको वचन सुनी किरातीरूप महादेवले—"हे सुन्दरी ! यस कुरामा केही सन्देह नगर" भनी दुइ स्त्री पुरुषले त्यस वृक्षको मनि वास गरे। यस्ता तरहसँग बस्ता बस्ता केही दिन बित्यो र पार्वतीका मनमा यसै बसी कति निर्वाह गर्ने हो, यी भोलानाथ सधैं बसेर पनि भुक्तान गर्न सक्छन्, अब केही जुक्ति गर्नुपऱ्यो भनी मनमा विचार गरी महादेवलाई छली आकाशवाणी भएझैं गरी भन्न लागिन्–'हे ईश्वर ! तपाईंले याद नराख्ता हामी ब्रह्मा विष्णु इन्द्रादिहरू सबैले साह्रै दुःख पायौं, यसै बस्नुभो भने हाम्रो उद्धार को गर्ला ? हे

करुणामय ! हे वृषभध्वज ! कैलासको चर्चा गरी हाम्रो उद्धार गरी रक्षा गर' भन्ने यस्तो आकाशवाणी भएको सुन्दा अनि महादेवले यो कसका उपर भनेको हो ! म यहाँ आएको त कसैले देखेको छैन भनी यताउता हेर्दा केही पत्ता पाउन सकेनन् र देवताहरूले भने हुन् भनी चूप लागी किरातिनी रूप पार्वतीलाई नदेखी खोज्न लागे । तब पार्वतीले पनि केही थाहा नपाएझैं गरी फल फूल टिपी खान लागेकी थिइन् । किरातरूप श्री महादेव तहाँ पुगी– हे सुन्दरी ! तिमीलाई खोज्दा कहीं पाउन सकिनँ, कहाँ गएकी थियौ ? भन्दा किरातिनीरूप पार्वती भन्दछिन्–'हे किरात ! भोक लाग्दा कन्दमूल खोज्न गएकी हुँ, कहीं गएकी छैन' भनी कुरा गरिरहँदा पूर्णचन्द्रभन्दा पनि अति राम्री पार्वतीलाई देखी चित्त चञ्चल भै कामले पीडा गर्दै किरातिनीरूप पार्वतीलाई समात्न जाइलाग्दा किरातिनीरूप पार्वती भन्छिन्–'हे किरात ! तिमी कस्ता रहेछौ, तिम्रो धर्म यही हो ? मैले ता महादेव-बाहेक अरू स्वामी तुल्याउनेछैन भनी प्रतिज्ञा गरी यही वनमा आई उनै श्री महादेवको तपस्या गरी बसेकी छु, तिमीले

त्यसो गरे तिमीलाई सराप गरी म आत्महत्या गरी मर्नेछु ।' यति किरातिनी-रूप पार्वतीका वचन सुनी किरातरूप महादेवले—हे सुन्दरी ! तिमी त्यसो भन्छ्यौ भने उनै महादेव म हुँ, वन-विहार गर्न मन लाग्दा वन-विहार गर्न आएको हुँ, नपत्याए हेर ! भनी ज्योतिरूप धरेर दर्शन दिए। तब किरातिनीरूप पार्वतीले मनमा आनन्द गरी पाउमा दण्डवत् गरी बिन्ती गर्न लागिन्—हे ईश्वर ! उसो भए कन्यादान लिन मेरा बाबु महतारीछेउ हिंड्नुहवस् भन्दा 'लौ' भनी किरातिनीरूप पार्वतीका पछि लागी महादेव गए । जाँदा जाँदा हिमालय पर्वतका घरमा पुगे। तब महादेवले थाहा पाई यिनी पार्वती पो रहिछन्, मलाई छल गरी आफ्ना बाबा महतारीछेउ ल्याइन्, अब म कसो गरूँ भनी लाज मानी अन्तर्ध्यान भै किरातेश्वर शिवलिङ्ग भै श्लेष्मान्तक वनका उत्तर भागमा गई बसिरहे । फेरि महादेवलाई नदेखी पार्वतीले अति विलाप गरी ध्यान-दृष्टिले विचार गरिन्—किरातेश्वर शिवलिङ्ग भै रहेको चाल पाई पार्वतीले वाग्मतीमा नित्य स्नान गरी किरातेश्वर शिवलिङ्गको ध्यान गरी वस्त्र पहिराई धूप दीप नैवेद्य

चढाई पूजा गरी तपस्या गरिन् । पार्वतीले स्नान गरेकी हुनाले त्यस ठाउँको नाउँ गौरीघाट भयो । जो मनुष्य गौरीघाटमा स्नान गरी किरातेश्वर शिवलिङ्गको दर्शन गर्ला त्यसका सब दुःख नाश होला, लक्ष्मी वृद्धि होला, यस लोकमा सुख सम्पत्ति पाई परलोकमा कैलासपद पाउला । हे अगस्त्य मुनि ! भनी कुमारले आज्ञा गरे । तहाँउप्रान्त यस्ता तरहसँग नित्य पार्वतीले तपस्या गरेको देखी महादेव प्रसन्न भै हँस्याइलो मुख गरी आफ्नू स्वरूप दर्शन दिए । अब त्यस बखतमा पार्वतीले मनमा हर्ष भै पाउमा परी दण्डवत् गरी अञ्जलि बाँधी बिन्ती गर्न लागिन्, हे ईश्वर ! हजूरले किन मलाई यस्ता तरहसँग दुःख दिनुभयो ? म हजूरको मन परिनँ कि भनी अनेक तरहसँग विस्मात गरेको सुनी महादेव बहुत खुशी भई पार्वतीलाई अङ्कमाल गरी आफ्ना काखमा लिई तहाँ देखि अन्तर्ध्यान भै हिमालयपर्वतका घर गए । यस्ता तरहसँग महादेव पार्वती आएको देखी हिमालय पर्वतले अत्यन्त खुशी भै पुष्पवृष्टि गरी आसनमा बसाली चौरासी पक्वान्न तयारी गरी भोजन गराए । तहाँ दुइ चार

दिन बसी महादेवले पार्वतीछेउ आज्ञा गरे—हे पार्वती ! धेरै दिन भयो, कैलास शून्य भएको छ, अब यहाँ बसी के गर्नु छ ! कैलास जाऊँ, तेरा बाबा महतारीछेउ बिदा हुनुपर्छ भनी दुवै स्त्री पुरुष मिली गए र महादेवले हिमालयसँग आज्ञा गरे कि—हे पिता ! धेरै दिनदेखि कैलास शून्य छ, अब तपाईंले आज्ञा दिए कैलास जाँदो हुँ । महादेवले 'पिता' भनी यस्तो वचन बोलेको सुनी हिमालय पर्वतले बहुत सन्तोष भै महादेवछेउ बिन्ती गरे—हे त्रैलोक्यनाथ ! सम्पूर्ण देवताका पितामह यस्ता तपाईंले अज्ञानीले भनेभैं मलाई मोहले छोपी 'हे पिता' भन्नुभो, मेरो सम्पूर्ण अज्ञान नाश गरी ज्ञान दिनुहवस्, सदा तपाईंका भक्तिमा मेरो चित्त लागोस्। हे शशिशेखर ! पहिले पूजा गरूँ भनी महादेव पार्वतीलाई नाना वस्त्र अलङ्कार पहिराई सिंहासनमा बसाली षोडशोपचारले पूजा गरी भोजन गराई स्तुति गर्न लागे । हे भवानीशङ्कर ! जस्तै लक्ष्मीनारायणले समुद्रका घरमा गई बसेमा समुद्रलाई आनन्द भएथ्यो, त्यस्तै तपाईं दुइ स्त्री पुरुष मेरा घरमा राज गर्नाले मलाई आनन्द भयो ! हे जग-

दीश्वर ! तपाईं कस्ता भने आफ्ना मायाले ब्रह्माण्ड संसार व्याप्त गरी बस्ने यस्ता तपाईंलाई साष्टाङ्ग कोटि कोटि नमस्कार ! फेरि समुद्र मंथन गर्दा कालकूट विष निस्क्यो र संसार दग्ध हुन लाग्यो। त्यो विष कण्ठमा राखी रक्षा गर्नुभो र नीलकण्ठ भनी नाम रह्यो। यस्ता तपाईंलाई कोटि कोटि नमस्कार गर्छु। हे विश्वम्भर ! फेरि आफैंले सृष्टि गरी आफैंले संहार गर्ने यस्ता तपाईंलाई कोटि कोटि नमस्कार ! हे परब्रह्म ! फेरि त्रिपुरासुर दैत्यलाई मार्दा तपाईंको सामग्री कस्तो थियो भने पृथ्वी नै रथ, चतुर्वेद घोड़ा, चन्द्र सूर्य रथका पांग्रा, ब्रह्मा सारथि, सुमेरु पर्वत धनुष, शेषनाग धनुको ताँदो, विष्णु वाण गरी मार्ने यस्ता तपाईंलाई कोटि कोटि नमस्कार। हे युगेश्वर ! ब्रह्मा पनि तपाईं, स्थावर पनि तपाईं, जङ्गम पनि तपाईं, यमका यम पनि तपाईं, नारायण पनि तपाईं, सत्त्व रज तम त्रिगुण पनि तपाईं, मृत्यु पनि तपाईं, कालका काल पनि तपाईं, गुणका गुण पनि तपाईं, देवताका देवता पनि तपाईं, अनाथका नाथ पनि तपाईं, विश्वरूप मूर्ति पनि तपाईं, अन्त्य नभएका पनि तपाईं, अष्ट

वसु पनि तपाईं, द्वादशादित्य पनि तपाईं, दिक्पाल पनि तपाईं, ब्रह्माण्ड संसारमा सम्पूर्ण प्राणीका हृदयमा बसी पाप पुण्यको साक्षी भैरहेका पनि तपाईं, हे वृषभध्वज ! तपाईंको महिमा वर्णन गर्न चतुर्मुख ब्रह्माको पनि सामर्थ्य छैन हजार जिब्रा भएका शेष नागको पनि गम छैन, मेरो कसो गरी होला। यस्ता तरहले हिमालय पर्वतले नाना स्तुति गरेको सुनी महादेव सन्तोष भै हँस्याइलो मुख गरी हे पर्वतराज! तिम्रो भक्तिदेखि म सन्तुष्ट भएँ, सदा मेरो भक्तिमा चित्त लगाई कैलासपद पाए। अब हामी जान्छौं भनी हिमालय पर्वत र मेनकासँग बिदा भै वृषभमा चढी पार्वतीलाई काखमा लिई कैलास पर्वतमा गई प्रमथगणसहित भै आनन्दले रहे।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां श्रीपार्वती कैलासप्रवेशो नाम पञ्चदशोऽध्यायः ॥ १५ ॥

षोडशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ—कुमारको प्रादुर्भाव र तारकासुरको संहार गरेको कथा भनिसकें—हे अगस्त्य मुनि! अब म तपाईंलाई गणेश प्रादुर्भाव

भएको कथा सुनाउँछु, एकचित्त भै सुन्नुहोस् । सावित्री, गौरी लक्ष्मीहरूले आ-आफ्ना पतिदेवहरूसँग हामीहरूलाई रजस्वला, गर्भवती, सुत्केरी हुने र बालबच्चाहरूको झाडापिसाबमा डुब्नुपर्ने कष्ट नपरोस् भनी सृष्टिको आदिकालमा नै वरदान मागेका थिए त्यसकारण यी देवीहरू निरन्तर पतिकै सेवा टहल मात्र गरिरहन्थे, कहिल्यै पनि पतिदेवको सेवाबाट अलग रहनुपर्दैनथ्यो । गर्भिणी, सुत्केरी आदि हुनुपर्दैनथ्यो । तर संसारमा गृहस्थको जीवनमा संतानको सुख ज्यादै महत्वपूर्ण सुख हो । हुनत सन्तान-सुख केवल ममता मात्र हो, अन्तःकरणको एक अज्ञानपूर्ण वृत्तिविशेष हो, तैपनि के देवता, के मानिस, के पशु, के पन्छी सबै नै सन्तानसुखको लागि सधैं आकुल हुन्छन्, चिन्तित रहन्छन् तथा त्यसको लागि धर्म कर्म तीर्थ व्रत दान पुण्य जे जति गर्न सकिन्छ सो गर्न बाँकी राख्तैनन् । सन्तानसुखको चाहनाले भगवती पार्वतीजीलाई पनि आकुल गरायो । हुनत कुमार जस्ता छोरा नभएका पनि होइनन् तर उनलाई काखमा लिई खेलाई बस्ने पार्वतीजीको मनको

धोको पूरा हुन पाएन किनभने कुमारलाई सातौं दिनको उमेरमा प्रचण्ड पराक्रमी भै तारकासुरसँग संग्राम गर्न जानुपर्‍यो अतएव बालकलाई काखमा लिन, दूध खुवाउन, पुत्रप्रति स्नेह गर्न, हँसिलो छोराको लाडप्यार गर्न पार्वतीलाई ज्यादै रहर लाग्यो। यो इच्छा केही पटक अव्यक्तरूपमा र केही पटक व्यक्तरूपमा महादेवछेउ पार्वतीले प्रकट गर्न बाँकी राखेकी हैनन्, तर पहिले नै रजस्वला र गर्भवती हुन, गू, मूत स्याहार्न नपरोस् भनी वर-दान पाएकी हुनाले यी पार्वतीको सन्तान-सुखेच्छा पूर्ण गराउन महादेवलाई ज्यादै अप्ठ्यारो परेको थियो। तर संसारमा नारीहठ, बालहठ र राजहठ जस्ता केही हठ छैनन्, जसको पूर्ति नभएसम्म तिनीहरू शान्त हुँदैनन्, बरु यसको परिणाम पछि जस्तोसुकै होस् तत्काल त्यो हठ आफूले भनेजस्तो हुनैपर्छ। पार्वतीले हठ गर्न थालिन्, उनलाई सन्तानसुख चाहियो चाहियो। त्यसमा पनि छोरा नै चाहियो। प्रतिदिन महादेवसँग छोरा काखमा लिने रहर लागेको कुरा भन्न लागिन्। महादेवले पनि के गरून्, पहिले बोक्न,

ब्याउन, बालकको स्याहार-सुसार गर्न, गुहूमूत धुन गाहारो लाग्यो, त्यो दुःख गर्न नपरोस् भनी वर माग्यौ, 'हुन्छ' भनी तिम्रो आकाङ्क्षा पूर्ण गरिदिएँ । अब म कसो गरूँ, काखमा छोराछोरी लिएर आनन्दित हुन पहिले कहर नकाटी हुँदैन । कहर काट्न मञ्जूर छयौ भने विचार गर्नुपर्ला भनी श्री महादेवले भन्दा पार्वती फेरि भन्छिन्, हे नाथ ! म कुनै कष्ट नभोगी सन्तान चाहन्छु, हजूरको निगाह भयो भने के हुन सक्तैन र ! यस्तो पार्वतीको जिद्दी सुनेर विनादुःख कष्ट पार्वतीलाई सन्तान दिलाउने विचार गरी पुत्रेष्टि गर्ने प्रबन्ध गर्नुभयो । चाहिने सामान तयार गर्न पार्वतीलाई नै आज्ञा गर्नुभयो— पार्वती ! तिमीले इच्छा गरेको सन्तानसुख पूरा गर्न पुत्रेष्टिको सर्जाम जोर, म असल असल ब्राह्मणहरूलाई बोलाउने प्रबन्ध गर्छु भनी महर्षि वसिष्ठ र गर्गलाई डाकी पुत्रेष्टिको साइत हेर्न लगाई दिनको टुङ्गो लगाई नन्दीलाई सप्तर्षिहरूकहाँ पुत्रेष्टिको निम्ता गर्न पठाउनुभयो । ब्रह्मालाई मुख्य आचार्य हुने निम्ता गयो, विष्णु सदस्य हुने भए । नारद देवल पर्वत जैमिनीहरू उद्‌गाता र सामवेद पढ्ने

भए। वसिष्ठ होता भए। वैशम्पायन आफ्ना शिष्यसहित भैं ब्रह्मत्व काममा नियुक्त गरिए। कुवेर र वरुण दान-प्रदान र ढुकुटीको काममा खटिए। अन्नपूर्णा भान्साको प्रबन्धमा खटिइन्। यसमा देवता ऋषि देवीहरू सबैलाई थरीथरीका कामको जिम्मा दिइयो। पुत्रेष्टिको काम सुसम्पन्न भयो। प्रतिदिनको खान-पानको देखरेख र ब्राह्मण-हरूलाई सेवा सुश्रूषा गर्न आफैं महादेव पार्वती श्रद्धासाथ लागेका थिए। पुत्रेष्टि समाप्त भयो। ब्राह्मणहरूलाई दान दक्षिणा दिइयो। एकातिर नाच गान बजान चलेको छ त अर्कातिर अन्न वस्त्र द्रव्य-हरूको दान भएको छ। ऋत्विक्समेतका ब्राह्मण र देव देवताहरू र ऋषि महर्षि सबैले भगवान् पार्वती शंकरलाई यथाशीघ्र पुत्र होस् भनी प्रसाद तिलक चढाए। ब्राह्मण-भोजन गराई प्रसाद पाएको फूल माला खोपीमा राख्न भनी पार्वती भित्र पस्नुभएकी त पलङमा सुन्दर बालक हातगोडा फाली खेलि-रहेको देख्नुभयो र महादेवलाई बोलाउनुभयो। महा देवले पनि भित्र पसी पलङमा हेर्नुहुँदा सुन्दर बालक देख्नुभयो र 'यो पुत्रेष्टिको फल हो, पार्वती! लेऊ

बच्चालाई' भनी उत्तम रेशमको वस्त्रमा राखी पार्वती को काखमा राखिदिनुभयो । बालक रुन थाल्यो । जया विजया आदि पार्वतीका सुसारेहरू बालकको शब्द सुनेर खोपीमा आइपुगे र पार्वतीको काखमा बच्चा देखे । महादेवको आज्ञानुसार ब्राह्मणलाई बोलाई जातकर्म गरियो । पुत्रेष्टि सिद्धिन नपाउँदैमा श्री महादेव र पार्वतीलाई छोरा भएको खबर स्वर्ग मर्त्य पाताल सब ठाउँमा फैलियो । जताततै खुशी-याली मनाइयो । सारा देवता ऋषि महर्षिहरू श्री महादेव र पार्वतीका नवजात पुत्रको मुख हेर्न नानाथरीका रत्न र फलफूल लिँदै आए । ठूलो उत्सवका साथैं अपार भीड लाग्यो । हर्षको पारावारै रहेन । को को आए के के ल्याए भन्ने काममा लक्ष्मी र सरस्वती रेख-देख गरिरहेका थिए । सब आए, तर छायापुत्र शनैश्चर १ आएनन् । सबै आएको तर शनैश्चर मात्र नआएको कुराले पार्वती-लाई कौतुकान्वित बनायो । शनैश्चरकहाँ खबर पुगेन र हो कि भनी पार्वतीले प्रश्न गर्दा थाहा पाईकन पनि नआएको भन्ने खबर आयो । यसले गर्दा पार्वतीलाई रिस उठ्यो, हामीलाई छोरा हुँदा संसार

लाई हर्ष भयो, शनैश्चरलाई कति कारणले अफ-सोस भएछ । पार्वती माता रिसानी भएको कुरा छायापुत्र शनैश्चरले थाहा पाए, तर पनि उनी आएनन् । नआउनामा कारण थियो । शनैश्चरको दृष्टि ज्यादै घटिया हुन्छ, शनिको जेमा दृष्टि पऱ्यो उसको सर्वनाश हुन्छ ! तसर्थ पार्वतीको नवजात सुकुमार बालकलाई शनैश्चर दर्शन गर्न चाहँ-दैनथ्यो, तर हुकूमको जवाफ छैन, कालको ओखती छैन, पार्वतीको रिस शनैश्चरको लागि महाकाल बराबर हुन लाग्यो । तसर्थ पछि जे जसो होला भनी कैलास दरबारमा पुगी शनैश्चर हाजिर छ भनेर चढाइएको बिन्ती श्री पार्वतीजीका समक्ष पुग्दा भित्र ल्याउनू भन्ने आज्ञा भयो र नजरानाका साथ शनैश्चर भित्र लगिए । आफ्नो कड़ा दृष्टि कसैमाथि नपरोस् भनी अधोमुख लगाई हिंडेका शनैश्चर भित्र पुगे । पार्वती तथा महादेव र नवजात बालकलाई समेत नहेरी 'भगवति मातः ! भगवत् पितः ! मेरो दण्डवत् छ' भनी अधोमुख गरिरहे । पार्वतीले भन्नुभयो—हेर, शनैश्चर ! मेरो छोरो कस्तो छ ? शनैश्चरले बिन्ती गरे—माताजी !

त्तमा पाऊँ, छोरा पाइबक्सेकोमा बधाई छ । खुशी छु, तर म अभागीको दृष्टि जेमा पर्छ उसको भलो हुँदैन भन्ने जाहेरै छ, तसर्थ बालकलाई 'हेर' भन्ने आज्ञा नहोस् । पार्वतीले भन्नुभयो—हेर, तिम्रो दृष्टि-दोष अन्त होला, यहाँ हुनेछैन; हेर, बालक कस्तो छ भनी आग्रहका साथ प्रेरणा गर्नुभयो । अन्तमा, प्रभो ! म लाचार छु, पछि यस तुच्छ सेवकप्रति कुनै अयब नलागोस् भनी शिर उठाई पार्वतीका काखमा रहेको नवजात शिशुको मुखमा दृष्टि लगाए, उनको दृष्टि पर्नासाथ बालकको शिर बेपत्ता भयो । जब बालकको धड मात्र रही मुड बेपत्ता भयो अनि हाहाकार मच्चियो, रुवाबासी चल्यो । जब पार्वती शोक क्रोधले आकुल भै शनैश्चरप्रति उग्र रूप लिन लाग्नुभयो अनि महा-देवले पार्वतीलाई सम्झाउँदै भन्नुभयो—हे पार्वती ! नरिसाऊ, यिनको भूल हैन, यो तिम्रै हठको परिणाम हो ! म बच्चालाई कुनै प्रकारले पनि बचाउँछु, शोक नगर भनी बुझाई आफ्ना गणहरू-लाई डाकी हे गणहो ! चार दिशामा गई जो फेला पार्छौ त्यसको शिर छेदन गरी ल्याओ ! भनी अह्राएर

चन्द्रवाण सुम्पी पठाउनुभयो । गणहरूले 'हवस्' भनी चार दिशामा हेर्दै जाँदा धेरै बेरपछि तहाँ हात्ती फेला पारी श्री महादेवका आज्ञाले चन्द्रबाण प्रहार गरे । चन्द्रबाण गयो र हात्तीका घिच्रामा लागी शिर छेदन भयो । त्यो हात्ती कस्तो थियो भने सेतो पर्वत जस्तो अति अग्लो भएको यस्तो हात्तीको शिर लगी महादेवका मुख्याञ्जी राखिदिएर र हामीले यही पायौं भनी बिन्ती गरे। तब महादेवले हात्तीको टाउको मूर्तिमा जोरी जियाइदिए । त्यस मूर्तिको गणेश नाउँ रही पार्वतीका पुत्र भै रहे ।

तहाँपछि एक दिन महादेवले गणेश र कुमारलाई डाकी आज्ञा गर्नुभयो–हे गणेश ! हे कुमार! तिमी दुइ गई सुमेरु पर्वत परिक्रमा गरी आओ । जो अघि होला त्यसलाई वरदान दिउँला । यति श्री महादेवको आज्ञा सुनी कुमारले 'हवस्' भनी तत्काल उठी मयूरमा सवार भै सुमेरु पर्वतलाई परिक्रमा गर्न भनी गए। कुमार गएका गणेशले देखी अब कसो गरूँ भनी चित्त आकुल गरी आफ्नो वाहन मूसोछेउ गए। चिन्ताले आकुल भएका गणेशलाई मूसोले देख्यो र हे विनायक ! किन

त्यस्तो हुनुभयो ? भनी सोध्यो । तब गणेशले भने–सुमेरु परिक्रमा गरी आओ भनी शिवले भनेको सुनी सुमेरु परिक्रमा गरी आउँछु भनी कुमार गएको वृत्तान्त कहे । अब कसो गरूँ ? तँ त्यस्तो, म यस्तो ठूलो पेट लामू सूँड भएको, हिंड्न सक्तिनँ, के गरूँ भन्ने यस्तो गणेशको वचन सुनी मूसो भन्छ–हे गणेशजी ! तपाईंलाई ज्ञान दिन्छु सुन्नुहवस् । श्री महादेव, पार्वती, गंगा तीन जना बसेका ठाउँमा गई अञ्जलि बाँधी हे पिता ! माता ! मेरो सुमेरु पर्वत पनि हजूरै हो, सम्पूर्ण देवता पनि हजूरै हो भनी तीन फेरा परिक्रमा गरी प्रणाम गर्नू । सुमेरु भनेका यी तीनै हुन् । यो गर्नाले तिमीलाई वरदान होला भनी मूसोले भनेको सुनी गणेशले 'भलो भनिस्' भनी महादेव, पार्वती, गंगा तीन जना बसेका ठाउँमा गई अञ्जलि बाँधी हे पिता ! माता ! मेरा सुमेरु पर्वत पनि हजूर, अरू सम्पूर्ण देवता पनि हजूर भनी तीन फेरा परिक्रमा गरी प्रणाम गरे । तब महादेव खुशी भै हे गणेश ! तिमी धन्य रहेछौ, वरदान लेऊ । स्वर्ग मर्त्य पाताल तीनै लोकमा कसैले केही काम गरे पनि पहिले

तिम्रो पूजा नगरी गरेको कार्य सिद्धि नहोओस् भनी वरदान दिए। सुमेरु पर्वत परिक्रमा गर्न गएका कुमार आइपुगेनन् र गंगाले महादेवछेउ भनिन्–हे ईश्वर ! गणेशलाई वरदान दिनुभयो। मेरो पुत्र कुमार किन आइपुगेन ? यति गंगाले भनेको वचन सुनी शम्भु आज्ञा गर्नुहुन्छ–हे गंगा! श्रीस्वस्थानी परमेश्वरीको व्रत गर, तब तिम्रो पुत्र कुमार आइपुग्नन्। यति महादेवको आज्ञा सुनी गंगाले 'हवस्' भनी विधि सोधी पौष शुक्ल पूर्णिमाका दिनदेखि गोडाको नङ काटी स्नान गरी शुचि भै एकभक्त रही एक चित्त गरी मेरो पुत्र कुमार चाँडै आइपुगोस् भनी नित्य मध्याह्न कालमा महादेवको पूजा गर्न लागिन्। महीना दिन भयो र माघशुक्ल पूर्णिमाका दिन अष्टोत्तर सय रोटी, अष्टोत्तर सय पान, अष्टोत्तर सय टुक्रा सुपारी, अष्टोत्तर सय जाईका फूल, धूप, दीप, नैवेद्य सम्पूर्ण उपचार तयार गरी आर्सीमा 'ॐकार' लेखी श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्न लागिन्। सम्पूर्ण पूजा गरिसकी अर्घ्य दिई स्तुति गरी प्रसाद झिक्न लाग्दा श्रीस्वस्थानी परमेश्वरीका व्रतका प्रभावले

कुमार आइपुगे। तब गंगाले 'धन्य श्रीस्वस्थानी परमेश्वरी' भनी आफ्नो पुत्रलाई प्रसाद र आशीष दिइन्। कुमारले महादेवछेउ गई साष्टांग प्रणाम गरी 'हे पिता! म पनि वरदान पाउँ' भने। यति कुमारले भनेको सुनी महादेवले "हे कुमार, स्वर्ग मर्त्य पाताल तीनै लोकमा कसैले केही कार्य गर्दा पहिले तिम्रो पूजा नगरी सिद्धि नहवस्" भनी वरदान दिए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्यां व्रतकथायां गणेशजन्मवर्णनं नाम षोडशोऽध्यायः ॥ १६ ॥

●

सप्तदशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–तहाँउप्रान्त हे अगस्त्य मुनि! एक दिन फेरि शिवजीलाई वन-विहार गर्नको मनसुबा हुँदा मृगरूप भै कसैले थाहा नपाउने गरी श्लेष्मान्तक वनमा गै मृग मृगिणीसँग भुली परम आनन्दले रहे। महादेवलाई नदेखी पार्वतीले अनेक ठाउँमा गै खोजिन्, काहीं पाउन नसकी हार मानी 'यी महादेवले अघि पनि मलाई यस्तै गरी दुःख दिए, अब फेरि कहाँ जानुभो'

भनी ध्यानदृष्टिले विचार गरी हेरिन् र मृगरूप भै वन-विहार गरिरहेको थाहा पाइन् र पार्वती पनि वाग्मतीको किनारामा आई महाकष्टले तपस्या गरी बसिरहिन्। तब महादेव पार्वती दुवैलाई नदेखी ब्रह्मा विष्णु प्रभृति देवताहरूले जहाँ तहाँ खोजी खोजी हिंडे। काहीं पनि पाउन सकेनन् र हार मानी फर्की आउँदा बाग्मतीका किनारामा तपस्या गरी बसिरहेकी पार्वतीलाई देखी देवताहरूले प्रणाम गरी बिन्ती गर्न लागे—हे जगन्माता ! पार्वती ! श्री महादेव नहुनाले संसार शून्य भए जस्तो भयो, तसर्थ हामीमाथि करुणा राखी महादेव कता जानुभयो बताइदिनुहवस्, फेरि तपाईं पनि किन यस्ता ठाउँमा एकलै बसिरहनुभयो ? सबै वृत्तान्त आज्ञा गर्नुहवस्। यति देवताहरूले भनेको सुनी पार्वती आज्ञा गर्छिन्—हे देवताहो ! महादेव यहाँ आउनुभएको हुनाले उनैको आराधना गरी तपस्या गरी बसेकी हुँ। श्लेष्मान्तक वनका नैर्ऋत्य कोणमा ठूलो तलाउ छ, त्यहीं महादेव मृगरूप भै वनक्रीडा गरी बसेका छन्। कस्तो मृग भने सुनको जस्तो वर्ण, तीन आँखा, एक सीङ भएको;

मृगको फौजमा सबैभन्दा ठूलो मृग भै बसेका छन् । तिमीहरू उहीं गई हेर, तब महादेवको दर्शन पाउला । यति पार्वतीको आज्ञा सुनी देवताहरू त्यहाँ गै हेर्दा कहीं पाउन सकेनन् र ब्रह्मा, विष्णु, इन्द्र तीनै जनाले अनेक अनेक स्तुति गरी खोज्न लागे । यस्तै वेलामा लाखौं मृगको फौज देखे । त्यसै फौजको बीचमा अत्यन्त राम्रा तीन आँखा, एक सीङ, सुवर्ण जस्तो वर्ण भएको सबैभन्दा ठूलो, बडो शोभायमान मृग पनि देखे । कस्तो मृग भने स्वर्गमा तारा-गणका बीचमा पूर्ण चन्द्रमा बस्ता जो शोभा देखिन्छ, त्यस्तै मृगहरूका बीचमा रुद्र-मृग बस्ता शोभा देखियो । यस्तो मृगलाई टाढै-बाट यी तीन जनाले देखी उहाँ गै बिन्ती गरे—हे ईश्वर ! धेरै दिन भयो कैलास शून्य छ । हे करुणामय ! हामी ब्रह्मा विष्णु इन्द्र तीन जनामाथि करुणा राखी दर्शन दिनुहवस् भनी अनेक अनेक स्तुति गरी मृगरूप श्री महादेवछेउ गए । यस्ता तरहसँग आएका देवताहरूलाई देखी रुद्र मृग उफ्री उफ्रीकन भागे । सो देखी विष्णु आज्ञा गर्छन्–हे ब्रह्मा ! हे इन्द्र ! स्तुति गरी महादेव

चैतन्य हुने भएनन्, अब हामी तीन जनाले घेरा दिई समातौं भनेर 'लौ' भनी तीन जना तीनतिर बसी घेरा दिई रुद्रमृगका सीङका फेदमा विष्णुले समाते, फेरि चतुर्मुख ब्रह्माले माझमा समाए, फेरि देवराज इन्द्रले सीङका टुप्पामा समाए । समात्ने-बित्तिकै मृग अन्तर्ध्यान भयो । सीङ मात्र तीन जनाका हातमा रह्यो । तीन जनाका बलले समाए-को हुनाले सीङ तीन टुक्रा भै तीन जनाका हातमा १।१ टुक्रा पऱ्यो । यस्तो भएको देखी हामीहरूले साह्रै अपराध गऱ्यौं, अनर्थ भयो, अब कसो गरौं भनी तीनै जना त्यहाँ बसी–हे ईश्वर ! हाम्रो यो अपराध क्षमा राख्नुहोला भनी अनेक अनेक स्तुति गरे । ब्रह्मा, विष्णु, इन्द्रले स्तुति गर्दा महादेवले प्रसन्न भै ज्योतिस्वरूप दर्शन दिए, तब देवताहरूले खुशी भै साष्टाङ्ग प्रणाम गरे । तब महादेव आज्ञा गर्छन्– हे देवताहो ! तिमीहरूको स्तुतिदेखि म सन्तोष भएँ, वरदान माग । यति महादेवको आज्ञा सुनी ब्रह्मा, विष्णु, इन्द्रले हे ईश्वर ! तपाईंका उपर ध्यान हामीहरूले कहिल्यै नभुलौं, सदा सर्वदा हाम्रो हृदयमा रहोस् ।

यति देवताहरूले भनेको सुनी महादेवले 'तथास्तु' भनी वरदान दिए। फेरि देवताहरूले हे ईश्वर ! तपाईंको सीङ कहाँ राख्ने हो ? तीन टुक्रा तुल्याएको हाम्रो अपराध क्षमा गरिबक्सनुहवस् भनी बिन्ती गरे। तब महादेव आज्ञा गर्छन्—त्यो मेरो सीङ टुक्रा भएको तिमीहरूलाई केही अपराध लाग्दैन, सन्देह नगर। इन्द्रका हातको इन्द्रलोकमा, ब्रह्माका हातको मर्त्यमण्डल नेपाल भूमि गोकर्णमा, विष्णुका हातको पातालमा लगी स्थापना गर्नू भनी आज्ञा हुँदा ब्रह्मा, विष्णु, इन्द्र बिदा भै महादेवलाई प्रणाम गरी, सोही तीन लोकमा स्थापना गरेर आफ्ना आफ्ना लोकमा गए।

देवताहरू गएपछि महादेवले पार्वतीनेर गै पार्वतीलाई काखमा लिई तहाँदेखि अन्तर्ध्यान भै कैलास पर्वतमा गई नन्दी भृङ्गी चतुःषष्टि योगिनी, भूत, प्रेत, पिशाच, प्रमथ गणसमेत भै परम आनन्दले रहे। हे अगस्त्य मुनि ! तहाँउप्रान्त नैर्ऋत्य कोण लंकादेखि दशग्रीव रावण नित्य गोकर्णमा आई श्री महादेवका चरणमा दण्डवत् गरी, नाची गाई बजाई तपस्या गरी जान्थ्यो। यस्तै

गरी केही काल बितेपछि एक दिन महादेवले विष भाँग धतुरो खाई अचेष्टा भैरहेको वेलामा रावण आई दण्डवत् गरी नाची, मृदङ्ग बजाई गाउन लाग्दा श्री भोलानाथ प्रसन्न भै हे रावण ! के मागछस् माग् भनी आज्ञा भयो र रावणले के मागूँ तपाईंका कृपाले सब थोक मसँग छ । यस्ता रावणका वचन सुनी 'एक थोक नमागी सुख पाउँदैनस्, लौ माग्' भनी आज्ञा भयो । तब रावणका मनमा अब मैले के माग्नु छ र, ती सकल लक्षणले युक्त भएकी महादेवको काखमा बसेकी पार्वती नै मागूँ भनी श्री महादेवछेउ बिन्ती गर्‍यो–हे ईश्वर ! अरू थोक केही मलाई चाहिंदैन, यौटी पार्वती मलाई बक्सनुहवस् भनी बिन्ती गर्‍यो र 'लौ लैजा' भनी पार्वतीलाई दिए । रावणले जगन्माता पार्वतीलाई पिठिउँमा बोकी महादेवछेउ बिदा भै गयो । यो खबर वैकुण्ठनाथ विष्णुले चाल पाए र अनर्थ हुन लाग्यो भनी तत्काल वायुभन्दा पनि चाँडै आई आफ्ना मायाले छोपी मोहनीरूप भै भन्दा भए— हे महापुरुष ! तिमी को हौ ? कहाँबाट आयौ ? ती बोकेर ल्याएको स्वास्नी मानिसको हुन् ? किन बोकी

ल्यायौ ? भनी सोधे र रावणले भन्यो हे सुन्दरी ! लंकाको राजा रावण भनेको मै हुँ । महादेवको तपस्या गर्दा महादेव खुशी भै उनकी स्त्री पार्वती मलाई दिई पठाए । उनै पार्वती हुन्, यिनलाई बोकी लंका जान आएको हुँ भन्यो । यति रावणको वचन सुनी मोहनीरूप भन्छिन्—हे रावण ! ती के पार्वती हुन् ? तिमीलाई लाज लाग्दैन ? किन-भने महादेवको मायाले बनाएकी स्वास्नीमानिस तिमी जस्ता महावीर राजाले बोकेर हिंडेको अरूले देखे भने के भन्लान् ? यी पार्वती होइनन्, तिमीलाई महादेवले छक्याएछन्, पार्वती मागी लैजानाको तिम्रो इच्छा भए पार्वती पाइने ठाउँसमेत तिमी-लाई म भन्दछु सुन—महादेवले आसन गरी राखेको बाघको छालाभित्र साँच्चैकी पार्वती लुकाई राखेका छन्, सोही मागेर लैजाऊ भनी अनेक तरहसँग मोहनीरूपले कुरा गर्दा रावणले पत्याई पार्वतीलाई त्यहीं छोडी आफू फर्की कैलास पर्वतमा गयो । तब विष्णुले श्री पार्वतीलाई वैकुण्ठमा लगी अनेक तरहसँग पूजा गरी राखे ।

तहाँउप्रान्त महादेव कुचेष्टा भै रहेका थिए,

त्यस्तैमा रावण फेरि तहाँ गै बिन्ती गऱ्यो–हे ईश्वर! तिमीले मलाई छली पार्वती भनी मायाले यौटी स्वास्नी-मानिस बनाई मलाई दिएछौ र मैले थाहा पाई बाटा-मा फाली आएँ। दिने भए तिमीले आसन गरि-राखेको बाघको छालाभित्रकी पार्वती देऊ। यति रावणको वचन सुनी महादेवले ध्यानदृष्टिले विचार गरी हेर्दा पार्वती विष्णुले लगेछन् भन्ने थाहा पाई मायाले अर्की यौटी स्वास्नीमान्छे सृष्टि गरी आसन गरिराखेका बाघका छालाभित्रबाट निकाली 'लौ लैजा' भनी रावणलाई दिए। रावण अति खुशी भै महादेवले माया गरी बनाएकी स्वास्नीमानिसलाई काँधमा बोकी लंका गयो। तहाँपछि श्री विष्णुले पार्वतीलाई लिई महादेव-छेउ पुऱ्याई वैकुण्ठमा गए। हे अगस्त्य मुनि! तहाँउप्रान्त एक दिन महादेवले पार्वतीसँग सल्लाह गरी मानसरोवर तलाउमा राजहंस भै जलक्रीडा गरी खेल्न लागेका थिए। त्यसै मौकामा अन्तर नाम नगरमा बसेको जालन्धर थियो, त्यसकी स्त्री वृन्दा महापतिव्रता थिइन्। दुइ स्त्री पुरुष ठट्टा गरिरहँदा जालन्धर साह्रै खुशी भै

हाँसे । तब वृन्दा भन्छिन्–हे स्वामी ! किन हाँस्नुभो ? भन्दा हे स्त्री ! अरू थोकले हाँसेको होइन, तँ जस्ती राम्री स्वास्नी अरू कसकी होली भन्ने मनमा लाग्दा हाँसेको हुँ, भन्दा वृन्दा भन्छिन्–हे स्वामी ! म के राम्री छु, महादेवकी स्त्री पार्वती देखे कसो गर्नुहोला भन्दा जालन्धर भन्छ–हे स्त्री ! त्यो कुरा साँचै हो कि ? त्यसो भए पार्वतीलाई छल गर्न जान्छु भनी वृन्दाछेउ बिदा भै मायाले महादेवको स्वरूप भै कैलास पर्वतमा जाँदो भयो । महादेवको स्वरूप जालन्धर आएको देखी पार्वतीले हत्पताई महादेव आए भनी हातमा सुनको कमण्डलु लिई गोडा धुनाकन ढोकामा आइन् । पार्वती ढोकामा आएको देख्नेबित्तिकै महादेवको भेष गरी गएको जालन्धर मूर्छा भै भूमिमा गिऱ्यो। तब जगन्माता पार्वतीले ध्यान दृष्टिले विचार गर्दा जालन्धरले छल गर्न महादेवस्वरूप भै आफूछेउ आएको थाहा पाई द्वारपालछेउ आज्ञा गरिन्–हे नन्दी भृङ्गी, यहाँ कोही आए पनि भित्र नपठाउनू भनी आफू कसैले नदेख्ने ठाउँमा गै लुकी क्रुद्ध भै विष्णुको आराधना गरिरहिन् । पार्वती क्रुद्ध भै

आराधना गरेको अन्तर्यामी भगवान् श्री विष्णुले थाहा पाई शंख चक्र गदा पद्म हातमा लिई गरुड-माथि सवार भै, तत्कालमा हावाभन्दा दोबर चाँडो गरी पार्वतीछेउ पुगी आज्ञा गर्दा भए । हे पार्वती! मलाई किन आराधना गर्‍यौ ? यति विष्णुको वचन सुनी पार्वती आज्ञा गर्छिन्–हे वैकुण्ठनाथ ! महादेव भने यहाँ हुनुहुन्न, जलक्रीडा गर्न मानसरोवर तलाउमा गै राजहंस भै आनन्दमा रहनुभएको छ । अहिले यो औसरमा जालन्धरले मलाई छल्न महा-देवको रूप धरी आयो र मैले चाल नपाई श्री महादेव आउनुभयो भनी हर्ष भै कमण्डलु लिई गोडा धोऊँ भनी ढोकामा जाँदा मलाई देख्नेबित्तिकै मूर्छा भई भूमिमा गिरेको देख्ता महादेव भए मलाई देख्तैमा मूर्छा हुनुपर्दैनथ्यो, मलाई छल गर्न यो को पापिष्ठ आएको होला भनी ध्यानदृष्टिले विचार गरी हेर्दा जालन्धर हो भनी चिनी द्वारपाल-लाई 'यहाँ कसैलाई भित्र नपठाउनू' भनी यहाँ आई तपाईंलाई आराधना गरेकी हुँ, अब कसो गर्ने हो ? गर्नोस् ।

यति जगन्माता पार्वतीको वचन सुनी त्यस

जालन्धरले तपाईंलाई दगा गर्न भनी मायारूप भै छल गर्न आएपछि म गै त्यसकी स्त्री वृन्दाको निश्चय सत्य डगाई आउँछु, संदेह नगर्नुहोला। ऐहे म गै महादेवलाई खोजी यहाँ पठाइदिन्छु भनी पार्वतीछेउ बिदा भै गरुडमा सवार भै साह्रै वेगसँग मानसरोवर तलाउमा जाँदा भए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानी परमेश्वर्यां व्रतकथायां विष्णुमानसरोवर गमनं नाम सप्तदशोऽध्यायः ॥ १७ ॥

•

अष्टादशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छः—हे अगस्त्य मुनि! तहाँउप्रान्त महादेव राजहंसका राजा भै मानसरोवर पोखरीमा अनेक हंस साथमा लिई जलक्रीडा गरी बसेका थिए। त्यस्तै वेलामा विष्णु साह्रै वेगसँग आएको देखी हंसरूप श्रीमहादेव आज्ञा गर्छन्—हे विष्णु! यस्तो चाँडो वेगले मछेउ आयौ? तिमीलाई कुन कुराको दुःख पऱ्यो? भनी करुणामूर्ति महादेवले आज्ञा गरेको सुनी विष्णु गरुडदेखि ओर्ली साष्टांग प्रणाम गरी 'हे

ईश्वर ! तपाईं यहाँ आउनुभएपछि जालन्धरले तपाईंको भेष धरी पार्वतीलाई छल्नाकन कैलासमा गएछ र पार्वतीलाई देख्नेबित्तिकै मूर्छा भएछ र पार्वतीले मलाई छल्न भनी पापिष्ठ जालन्धरले महादेवको भेष धरी आएको भनी थाहा पाई त्यहाँ नबसी कसैले नदेख्ने ठाउँमा लुकी मलाई डाक्नुहुँदा म गै सब विस्तार बुझी यहाँ तपाईं भएका ठाउँमा आएको हुँ, अब म गै त्यस जालन्धरकी स्त्री वृन्दाको पतिव्रता धर्म नष्ट गराई आउँछु भनी विष्णुले भनेको वचन सुनी महादेवले राजहंसको रूप छाड़ी आफ्नो रूप भै क्रोधले आँखा राता-राता गरी आज्ञा गरे—हे विष्णु ! उसो भए म कैलास जान्छु । तिमी वृन्दाछेउ जाई पतिव्रता धर्म डगाई मछेउ आऊ । त्यस पापिष्ठ जालन्धरलाई नमारी जीउँदै छोड्नेछैन भनी नारी निमोठी क्रोधले युक्त भै विष्णुलाई बिदा दिई त्यहाँदेखि अन्तर्ध्यान भै कैलासमा पार्वती लुकिरहेका ठाउँमा गए । महादेव आएको पार्वतीले देखी पाउ धोई दण्डवत् गरी—हे स्वामी ! भनी जालन्धर आएको वृत्तान्त कहिन् । तब महादेव आज्ञा गर्छन्—हे पार्वती ! त्यस

जालन्धरलाई नमारिछोड्नेछैन । विष्णु वृन्दाको सत्य डगाउन गैरहेछन्, आउनेबित्तिकै युद्ध गरी मारुँला भनी भवानी शंकर दुवै कुरा गरिरहे ।

हे अगस्त्य मुनि ! तहाँउप्रान्त विष्णु जालन्धरको भेष गरी अन्तःपुरमा जाँदा भए । जालन्धररूप श्री विष्णु आएको देखी वृन्दाले आफ्ना स्वामी जालन्धर आए भनी ढोकामा आई पाउ धुवाई भित्र लगी कोठामा राखिन् र वृन्दा भन्न लागिन्—हे स्वामी ! तपाईंले पार्वतीलाई छल गर्न जानुभएको कसो गरी आउनुभो ? पार्वती मभन्दा कत्तिकी राम्री रहिछन्, सो कहनुहोस् भन्दा जालन्धर भेषधारी विष्णु आज्ञा गर्दछन्–हे वृन्दा ! पार्वतीलाई छल गर्न सकिने रहेनछ, किनभने पार्वतीका घरभित्र जान लाग्दा ढोकामा बसेका द्वार-पाललाई देख्तैमा म मूर्छा परेँ, ब्यूँझी ढोकामा बसेको अघोर मूर्ति द्वारपाललाई देखी डराई फर्की आएँ भनी वृन्दासँग कुरा गरिरहँदा वृन्दाले यी जालन्धर होइनन्, विष्णु जालन्धर भै मलाई छल्न आएका हुन् भनी चिन्ही अब मैले केही जुक्ति गर्नुपर्‍यो भनी हाउभाउ कटाक्ष गरी विष्णुलाई हातमा लिई

भन्न लागिन्–'हे स्वामी ! म केही भन्छु तपाईं मान्नुहोला कि' भन्दा भेषधारी विष्णुले 'जे भने पनि मानुँला' भन्दा बाचा गराई । तब वृन्दाले 'अरू थोक होइन, म नआउञ्ज्याल यहीं बसिरहनुहोला' भनी विष्णुलाई कोठामा थुनी आफू अर्कै घरभित्र गै बसिरहिन् । वृन्दा अहिले आउली छैन, भरे आउली छैन; दुइ, चार दिन बित्यो, तैपनि आइनन् र विष्णु चिन्ता गर्न लागे । अब यसै बसिरहूँ भने कति दिन बसिरहूँ, श्रीमहादेवले के भन्नन्, जाऊँ भने बाचाले हारियो, कसरी जाऊँ भनी चिन्तना गरिरहेका थिए । त्यसतैमा श्रीमहादेवले विष्णु गएको यतिका दिन भयो र पनि फर्कनन् भनी ध्यानदृष्टिले विचार गरी हेरे र पार्वतीछेउ आज्ञा गरे–हे पार्वती ! वृन्दालाई छल्न गएका विष्णुलाई वृन्दाले छली कोठामा थुनिराखेको रहेछ । यति भनी आफ्ना मायाले १६ वर्षको उमेर भएको अत्यन्त राम्रो भिक्षुक सृष्टि गरी आज्ञा भयो–हे भिक्षुक ! तिमी अन्तरपुर जालन्धरका घरमा गै भिक्षा मागी जालन्धरकी स्त्री वृन्दाले कोठामा थुनिराखेका विष्णुलाई मागी ल्याऊ ! यति महादेव-

को आज्ञा सुनी 'हवस्' भनी भिक्षुकको भेष धारी जालन्धरका घरमा गै भिक्षा मागे । तब वृन्दाले झ्यालबाट हेरिन् र अत्यन्त राम्रो योगीलाई देखी यो योगी अति राम्रो रहेछ, यस्तो राम्रो योगी आजसम्म मैले देखेकी थिइनँ, यहाँ मेरा घरमा पनि कहिल्यै आएको थिएन, तसर्थ नयाँ योगीलाई भिक्षा दिनुपर्छ भनी भिक्षा ली–'हे योगी ! के माग्नाको मनसुबा गरी आयौ ? भन' भनी वृन्दाले भन्दा 'केही माग्न आएको छु, दिने भए माग्छु नदिने भए के मागूँ ।' यति योगीले भन्दा 'मैले दिन हुने कुरो मसँग भएको जेसुकै मागे पनि दिन्छु' भनी बाचा गरिन् र भिक्षुकले 'अरू थोक होइन, तिमीले थुनी राखेकालाई माग्छु, त्यो योटा देऊ' भनी मागे र वृन्दाले मन-मनमा भन्न लागिन्, अब कसो गरूँ, योगीले छल गरी बाचा बँधाई माग्यो, नदिऊँ भने बाचाले हारें, जेसुकै भए पनि बाचा हार्नु छैन भनी आफूले कोठामा थुनी राखेका भेषधारी विष्णुलाई बाहिर ल्याई योगीलाई दिई पठाइन् । यस्ता तरहसँग विष्णुलाई साथ लिई योगी बाहिर निस्की तहाँ देखि अन्तर्ध्यान भै

कैलासमा गई श्रीमहादेवलाई सारा वृत्तान्त कहे।

तहाँउप्रान्त विष्णु बाहिर आई मनमा चिन्तना गर्न लागे। अब कसो गरूँ, वृन्दाको सत्य डगाउन भनी आएको उसैद्वारा थुनिएर बस्नुपऱ्यो, महादेवले के भने हुनन् भनी गरुडमा सवार भै कैलास पर्वतमा जाँदा विष्णु गरुडमा चढी गएका गरुडका शब्दले पार्वतीलाई देखी मूर्छा भै रहेको जालन्धर मूर्छाबाट ब्यूँझी केको शब्द हो भनी हेर्दा विष्णुले कैलासको चर्चा गरी हिंड्दा रहेछन्। पार्वतीलाई छल्न सकिने रहेनछ, अब यहाँ नबसी घर जाऊँ भनी जालन्धर आफ्नो घर गयो। हे अगस्त्य मुनि! विष्णु श्री शंकरछेउ पुगी प्रणाम गरी एकातिर अलग भई बसिरहे। विष्णुलाई महादेवजीले देखी आज्ञा गरे– हे विष्णु! वृन्दालाई छल्न गएको यतिका दिनसम्म के गरिरह्यौ? वृन्दाको सत्य डगाउन सक्यौ कि सकेनौ? यस्तो महादेवको वचन सुनी विष्णु बिन्ती गर्छन्—हे ईश्वर! तपाईंका आज्ञाले म गएँ, वृन्दाले छली म नफर्कुञ्ज्याल यहीं कोठामा बसिरहनू भनी मलाई बाचा गराई बाहिर निस्की। वृन्दा आउली भनी बस्ता

बस्ता दुइ चार दिन बितिगयो आइन । म बाचाले आउन नसकी त्यसै बसेको थिएँ, पछि यौटा जोगीको साथ लगाई छोडिदिंदा तपाईंको दर्शन गर्न आएँ । यति विष्णुको वचन सुनी महादेवले ब्रह्मा, विष्णु प्रभृति तेत्तीस कोटि देवता, यक्ष, गन्धर्व, नन्दी, भृङ्गी, प्रमथगण, भूत, प्रेतसमेत जम्मा गरी आज्ञा भयो—हे देवताहो ! पापिष्ठ जालन्धरलाई तिमी-हरू गै मारी आओ, भनी आज्ञा भयो र सकल देवताले 'हवस्' भनी तयार भए । तब महादेवले नारदलाई डाकी—हे नारद ! तिमी गै जालन्धर-सँग भन कि तिमीसँग युद्ध गर्न देवताहरू आउन लागे, तयार होऊ । यति महादेवको आज्ञा सुनी नारद ऋषि 'हवस्' भनी जालन्धरका घर जाँदा भए । हे अगस्त्य मुनि ! जालन्धर पनि कैलास-बाट फर्की आफ्नो घर गयो । वृन्दाले आफ्ना स्वामी जालन्धर आएको देखी गोडा धुवाई भित्र लगी भन्न लागिन्—हे स्वामी ! पार्वतीलाई छल गर्न जानुभएको कसो भयो ? भन्दा जालन्धर भन्दछन्—हे प्रिये ! त्यो कुरा कहन्छु सुन । म यहाँबाट कैलास पर्वतमा गएँ, महादेवको भेष धरी

जाँदा पार्वतीले देखिन् र सुनको कमण्डलुले मेरो गोडा धुन ढोकामा आइन्, मैले देखें, राम्रीमा ती पार्वतीभन्दा अरू यो पृथ्वीमा हुन दुर्लभ छ। पार्वतीको मुख देख्नेबित्तिकै मलाई होश भएन, मूर्छा भै भैंमा म गिरेको थिएँ। पछि चेष्टा भै उठी हेर्दा पार्वती कता गइन् थाहा पाइनँ र फर्की आएँ। यस्तो जालन्धरको वचन सुनी वृन्दा भन्छिन्–हे स्वामी ! तपाइँ जानुभएपछि विष्णुले तपाइंको भेष धरी मलाई छल गर्न भनी आएका थिए, मैले चिन्ही विष्णुलाई कोठामा थुनी, धेरै दिनसम्म राखेकी थिएँ। पछि अति राम्रो अपूर्व नयाँ एक जोगी आई माग्दा विष्णुलाई दिई पठाएँ। यति वृन्दाको वचन सुनी जालन्धर अत्यन्त क्रोधित भै–'हे वृन्दा! त्यसो भए पार्वतीलाई छल नगरी छोड्नेछैन, फेरि जान्छु भनी जालन्धर बाहिर निस्कँदा महादेवले पठाएका नारद ऋषि पनि तहाँ पुगे र जालन्धरसँग भेट भयो। नारदले हे जालन्धर ! कहाँ जान लाग्यौ ? भनी सोधे र जालन्धरले 'भिक्षा माग्न जान्छु' भनी भन्यो। तब नारद ऋषि भन्छन्–हे जालन्धर ! तिमीले किन त्यस्तो मिथ्या कुरो गर्‍यौ ?

तिमी जान लागेको मैले थाहा पाएँ। पार्वतीलाई छल गर्न भनी जान लागेका हौ, उहाँ तिमीसँग युद्ध गर्न ब्रह्मा विष्णु प्रभृति सकल देवता आउन तैयार भै मलाई खबर पुऱ्याउन पठाएको हो। तिमी अन्त जानपछि नलाग। आफ्नू जो चाहिने सरजाम तैयार गर ! भन्दा जालन्धरले त्यसो भए फर्कन्छु भनी फर्की आफ्नो घरमा स्त्रीछेउ नारद आई भनेको सबै कुरा वृत्तान्त कही अब म लड़ाइँ गर्न जान्छु, घरमा सम्भार गरेस् भनी वृन्दाछेउ बिदा भै हातमा त्रिशूल लिई आफ्ना सेना जम्मा गरी देवतासँग युद्ध गर्न भनी कैलास पर्वततर्फ गयो।

नारदले जालन्धरलाई खबर दिई फर्की महादेवछेउ पुगी दण्डवत् गरी जालन्धरसँग भएको कुरा वृत्तान्त कहे। नारदको वचन सुनी शिवले ब्रह्मा विष्णु प्रभृति सकल देवतालाई युद्ध गर्न जाओ भनी बिदा दिए। यति श्री महादेवको आज्ञा सुनी सकल देवताहरूले 'हवस्' भनी अनेक तरहका बाजा बजाई सिंहनादले गर्जी कैलासदेखि आए। बाटोमा दुवैतर्फका सेना भेटिई अघोर युद्ध

भयो । देवताहरूले कल्लोल शब्द गरी कराई अघि सरी अनेक अस्त्र-शस्त्र प्रहार गरे। देवताले प्रहार गरेका शस्त्रले जालन्धरलाई केही गर्न सकेनन्, एकातिर लाग्न गए । यस्तो आफूहरूले प्रहार गरेका शस्त्रले केही गर्न नसकेको देखी ब्रह्मादिहरू दिक्क भै आफ्ना शस्त्र-अस्त्र झिकी चूप लागी रहे । तब वैकुण्ठनाथ विष्णु महाक्रोधित भै पाञ्चजन्य शंख बजाई, कौमोदकी गदा घुमाई प्रहार गर्न लागे । त्यो गदाले पनि जालन्धरलाई छुँदै छोएन । फेरि इन्द्र क्रोधित भै वज्र हातमा लिई प्रहार गरे । वज्रले पनि केही गर्न सकेन। जालन्धरले नटेरी योटा तृण जत्तिको पनि नमानी चूप लागिरह्यो । आफ्ना आफ्ना अस्त्र-शस्त्र बराबर देवताहरू छोड्दै थिए, केही सीप नचल्दा वैकुण्ठनाथ नारायणले अब यस्ता रीतले भएन भनी महादेवछेउ गई भने—हे ईश्वर! जालन्धरलाई मार्न हामीले सकेनौं, विना तपाईंले दोस्रो अर्काको सामर्थ्य छैन। तपाईंले जानुपर्‍यो।' यति विष्णुको वचन सुनी महादेव आज्ञा गर्छन्—'हे विष्णु! जालन्धरकी स्त्री वृन्दाको पतिव्रता धर्मले गर्दा जालन्धरलाई कसैले मार्न सक्तैनन् । तसर्थ तिमीले

आफ्नू मायाले छोपी जालन्धरको भेष गरी अन्तर-पुरमा गै छल गरी वृन्दाको पतिव्रता धर्म नष्ट गराऊ, म गै जालन्धरलाई मार्छु भनी आज्ञा हुँदा विष्णुले 'हवस्' भनी महादेवछेउ बिदा भै जालन्धरको भेष लिई बायाँ हातले त्रिशूल समाई दाहिना हातले डमरु बजाई विष्णु मायाले छोपिई जालन्धरको घरमा पुगे। भेषधारी नकली जालन्धर आएको वृन्दाले देखी हत्पताई पाउ धोइदी कोठामा लगी आसनमा बसाली विनति गर्न लागिन्–'हे स्वामी ! महादेवसँग युद्ध गर्न जानुभएको कसो गरी आउनुभो ?' भनी सोधिन् । तब जालन्धर-रूप विष्णु आज्ञा गर्छन्–'हे प्रिये! महादेवसँग युद्ध गर्दाको थकाइ मारूँ भनी फर्की आएको हुँ, भोक लागिरहेछ, पहिले खानेकुरा ल्याऊ' भनी आज्ञा गरे । तब वृन्दाले अनेक तरहसँग चौरासी व्यञ्जन तयार गरी भोजन गराइन्। रात परेपछि वृन्दासित अनेक तरहका कुरा गरी वृन्दाको पतिव्रता धर्म नष्ट गरिदिए । रात बितेपछि जालन्धररूप छोडी आफ्नू स्वरूप चार हातमा शंख, चक्र, गदा, पद्म लिई दर्शन दिए। तब वृन्दा क्रोधित भै 'हे पापिष्ठ

विष्णु ! तिमीले कपट गरी मेरो पतिव्रता धर्म नष्ट गरिदियौ' भनिन् र विष्णु आज्ञा गर्छन्–हे वृन्दा ! जालन्धरलाई महादेवले हिजै मारिसके, अब तैंले वैकुण्ठको अधिपति भएको म नारायण जस्तालाई स्वामी पाएपछि किन फिक्री गर्छेस् ? हे वृन्दा ! तँ प्रतीत मान्दिनस् भने अलिखेरमा समाचार पाउलिस् भनी नाना तरहसँग विष्णुले वृन्दालाई बुझाउँदा भए ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्यां व्रतकथायां विष्णुकृत–वृन्दापतिव्रता धर्महरणं नाम अष्टादशोऽध्यायः ॥ १८ ॥

•

उनविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–हे अगस्त्य मुनि ! तिमी एकचित्त भै सुन । तहाँउप्रान्त श्री महादेवले विष्णुलाई बिदा दिई उहाँ गै जालन्धरसँग युद्ध गर्नुभयो । महादेवको र जालन्धरको अघोर संग्राम भयो । वृन्दाको पतिव्रता धर्म विष्णुले हरिसकेको हुनाले बलहीन भै महादेवसित युद्ध गर्न नसकी जालन्धर आकाशमा गै मायायुद्ध गर्न लाग्यो । महादेवले पनि आकाशमा गै युद्ध गरे । युद्ध गर्दा

जालन्धरको बल हीन हुन गएको देखी महादेवले अब ता वृन्दाको सत्य विष्णुले डगाइसकेछन् भन्ने थाहा पाई हातमा रहेको त्रिशूल लिई तीन आँखा-बाट आगाको ज्वाला निकाली महाक्रोधित भै त्रिशूलले जालन्धरको छातीमा भेदे । महादेवको त्रिशूलका वेदनाले जालन्धर मरी अन्तरपुरका चोकको बीचमा ठूलो आवाज गरी गिऱ्यो । त्यो जालन्धर खसेको आवाज वृन्दाले सुनी केको आवाज आयो भनी हेर्न जाँदा आफ्ना स्वामी जालन्धर मरेको देखी अनेक तरहसँग विलाप गर्न लागिन् । हे स्वामी ! यस्तो अवस्थामा मलाई एकलै छाडी तपाइं कहाँ जानुभयो ? पापिष्ठ विष्णुले छल कपट गर्दा तपाईंको यो अवस्था भयो । तपाईंविना यो प्राण कसो गरी राखुँली। तपाईं जहाँ जानुभयो उहीं म पनि जान्छु भनी केश फिजाई विष्णुको मुख हेरी भन्न लागिन्—हे पापिष्ठ विष्णु ! तिमीले छल गरी मेरो पतिव्रता-धर्म नष्ट गराइदिंदा मेरा स्वामीको यो अवस्था भयो । अब म तिमीलाई श्राप दिन्छु, सुन—झार हुनुपरोस् १.घाँस हुनुपरोस् २.कल्पवृक्ष भै रहनुपरोस् ३. ढुङ्गो भै रहनुपरोस् ४. यति चार

थोक तिमीलाई श्राप दिएँ भनी विष्णुलाई श्राप दिई जालन्धरसँग सती भै वृन्दाले पनि प्राण छाडिन्। हे अगस्त्य मुनि ! पतिव्रताले श्राप गरेकी हुनाले त्यो श्राप विष्णुलाई लाग्यो। झार हुनुपरोस् भनेकीले तुलसी भै रहनुपर्‍यो। घाँस भै रहनुपरोस् भनेकी हुनाले कुश भै रहनुपर्‍यो। कल्पवृक्ष भै रहनुपरोस् भनेकी हुनाले पीपलको रूख भै रहनुपर्‍यो। ढुङ्गो भै रहनुपरोस् भनेकी हुनाले शालिग्राम भै रहनुपर्‍यो। यसै अर्थले तुलसी, कुश, पीपल, शालिग्राम नारायण हुन् भनी सकलले पूजा गरेका हुन्। हे अगस्त्य मुनि ! पतिव्रता धर्म बडो ठूलो धर्म हो।

तहाँउप्रान्त विष्णुले श्राप पाई महादेवछेउ गई सब वृत्तान्त कहे। अब वृन्दाको श्राप मोक्ष गर्न जान्छु भनी महादेवछेउ बिदा भै तुलसी, कुश, पीपल, शालिग्राम भै रहे। विष्णु गएपछि महादेव वृषभमाथि सवार भै ब्रह्मादि देवताहरूलाई अगिपछि लगाई नाना वाद्य बजाई अप्सराहरूले नाची, गन्धर्वले गाई, पुष्पवृष्टि गर्दै ठूलो उत्सव गरी कैलासमा प्रवेश गरी प्रमथगणसमेत भै शिवशक्ति स्वरूपले रहे। सकल देवता महादेवछेउ बिदा भै

आफ्ना आफ्ना आश्रममा गै आफ्ना आफ्ना काम गरी परम आनन्दले रहे। यति स्वर्गका कुरा कहें।

हे अगस्त्य मुनि! अब पातालका कुरा कहन्छु, तिमी एकाग्र भै सुन। प्रथम अश्वत्थामा ऋषि पार्वतीका आज्ञाले सप्त पातालको मूल यस्तो रसातलमा पुगे। कस्तो पाताल भने सूर्यको तेज जस्तो जाज्वल्यमान तेज भएको, नाना रत्नले जड़ाउ गरी बनाएको सुवर्णका पुरीमा असंख्य संपत्ति भएका शेष नाग, तक्षक नाग, कर्कोटक नाग, पद्म नाग, कुलिक नाग, वरुण नागले बसिएको, नागिनीहरू पनि हीरा मोती मणि माणिक इत्यादि गहना वस्त्र अलंकार पहिरी उभन्दा उ राम्री, उभन्दा उ राम्री भै रहेका यस्तो। हे शेषनाग! पार्वतीको आज्ञाले श्री स्वस्थानी परमेश्वरीको व्रत गराई जो दुःखी छन्, जो दरिद्री छन्, तिनको उद्धार गर्न आएको हुँ। कोही दुःखी छन् कि ? भने। यस्तो प्रथम अश्वत्थामा ऋषिले भनेको वचन सुनी शेषनागले भने–हे प्रथम अश्वत्थामा ऋषि! यहाँ उस्ता दुःखी कोही छैनन्, त्यस वनका नगीचमा शंखचूड नाग, रत्नचूडनाग, कृपादत्त नाग, धार्तराष्ट्र नागको घर छ। उनका

स्त्रीहरू दुःखमा छन् । उहाँ गै सुध्याऊ । यति शेष नागले भनेपछि प्रथम अश्वत्थामा ऋषि नागिनीहरूछेउ गए। शंखचूड नागकी स्त्री हीरावती, रत्नचूड नागकी स्त्री रत्नावती, कृपादत्त नागकी स्त्री मृगावती र धार्तराष्ट्र नागकी स्त्री मदनावती यति स्त्री पुरुष अन्योन्य प्रीतिले रहँदा दुःख पाई घरमा बस्न नसकी कष्ट भै शंखचूड, रत्नचूड, कृपादत्त धार्तराष्ट्र नागहरू परदेश गए । नागिनीहरू दुःखी हुँदा पनि महासत्यवादी थिए । नागहरू परदेश गएपछि नागिनीहरूले अब के गरूँ, कता जाउँ भनी चारैओटीले मतो गरी घर छाड़ी वनमा बसी दुःख गरी रहे। बाह्र वर्ष बित्यो र पनि नागले नागिनीको खबर गर्न सकेनन् । प्रथम अश्वत्थामा ऋषिले त्यस्ता दुःखका समुद्रमा डुबिरहेका नागिनीहरूलाई खोजी गर्दै हपार्दै गए । नागिनीहरूले सुनेर 'को हपार्छ' भनी गुफादेखि निस्की हेरे। तब अश्वत्थामा ऋषिलाई देखी भन्दछन्—हे प्रथम अश्वत्थामा ऋषि! आज हाम्रा घरमा के कामले आउनुभयो ? भनी सुध्याए। प्रथम अश्वत्थामा ऋषि भन्छन्—हे नागिनीहो ! पार्वतीका आज्ञाले श्रीस्वस्थानी परमेश्वरीको

व्रत गराई जो दुःखी छन्, जो दरिद्र छन्, जसका पुरुष छैनन् तिनलाई उद्धार गर्न भनी आएँ । यति प्रथम अश्वत्थामाले भनेको वचन सुनी नागिनीहरूले मनमा आनन्द गरी–हे ऋषीश्वर ! हामी दुःखी पनि छौं, दरिद्री पनि छौं, सन्तति पनि छैनन्, पुरुष पनि छैनन्, त्यो व्रत गराऊ भनी नागहरू नष्ट भै परदेश गएको कुरा, आफूहरूले दुःख पाएको कुराको सब वृत्तान्त कही, आदर गरी आसनमा बसाले । यति ती नागिनीहरूका कुरा सुनी प्रथम अश्वत्थामा ऋषि भन्छन्–हे नागिनीहो! एकचित्त भै सुन । सत्ययुगमा हिमालय पर्वतकी पुत्री पार्वतीले श्री महादेव स्वामी पाऊँ भनी श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेको विधि कहन्छु सुन । पौषशुक्ल पूर्णिमाका दिनदेखि गोडाको नङ काटी, स्नान गरी शुचि भै एकभक्त रही, एकचित्त मेरो फलानू कामना सिद्ध होओस् भनी महीना दिनसम्म नित्य मध्याह्न-कालमा महादेवको पूजा गर्नू, पूर्ण चन्द्रलाई बत्ती चढाउनू, श्री स्वस्थानी परमेश्वरीको कथा सुन्नू र माघशुक्ल पूर्णिमाका दिन अष्टोत्तर शय रोटी, अष्टोत्तर शय अक्षता, अष्टोत्तर शय यज्ञसूत्र, अष्टो

त्तर शय पान, अष्टोत्तर शय कुड्का सुपारी, अष्टोत्तर शय नाना जातका फूल, सगुनसमेत नाना उपचार गरी आर्सीमा ॐ कार लेखी गङ्गाजलले स्नान गराउनू । श्रीखण्ड,रक्तचन्दन, सिन्दूर, फूल पहिराउनू धूप दीप नैवेद्य वस्त्र भेटी चढ़ाउनू । श्री स्वस्थानी परमेश्वरीको पूजा गर्नू । अर्घ्य दिनू, ध्यान जप गर्नू, उहाँपछि प्रसाद भिक्नू र अष्टोत्तर शयमा आठ रोटी, आठ अक्षता, आठ यज्ञसूत्र, आठ पान, आठ कुड्का सुपारी, सगुनसमेत आफ्ना पुरुषलाई दिनू । पुरुष नभए छोरालाई दिनू । छोरो नभए मीतछोरालाई दिनू, मीतछोरो पनि नभए जुन कामना गरी आफूले व्रत गरेको छ मेरो सो कामना सिद्ध हवस् भनी गंगाजीमा लगी बगाइदिनू । शय रोटी आफूले फलाहार गर्नू, राति जाग भै रहनू । तब तिमीहरूको दुःख नाश होला, नागहरू पनि आइपुग्नन्, यसमा अन्यथा नमाने ! भनी अश्वत्थामा ऋषिले भनेपछि नागिनीहरू बहुत खुशी भै–हे प्रथम अश्वत्थामा ऋषिजी ! हामी स्त्रीजातिलाई त्यस्तो ज्ञान कहाँ, तपाईं बसी त्यो व्रत गराई हामी अभागिनीहरूलाई उद्धार गरी जानुहवस् भनी

घर डाकी लगी श्रद्धापूर्वक भोजन गराई घरमा बसालिराखे। तहाँपछि पौषशुक्ल पूर्णिमाको दिन आयो र विधिपूर्वक व्रत आरम्भ गराए। महीना दिन भयो र माघशुक्ल पूर्णिमाका दिन सम्पूर्ण सामग्री तैयार गराई श्री स्वस्थानी परमेश्वरीको पूजा गराए। पूजा गरिसकी प्रथम अश्वत्थामा ऋषिले भने–हे नागिनीहो ! अब अर्घ्य दिई ध्यान जप स्तोत्र पाठ गर। नागिनीहरूले अर्घ्य दिई अञ्जलि बाँधी "हे ईश्वरी ! हामी पापिनीका पूजादेखि सन्तोष भै यो दुःखका समुद्रदेखि पार गर" भनी स्तुति गर्दैमा पूर्व दिशादेखि हजार सूर्यको जस्तो भै श्री स्वस्थानी परमेश्वरी प्रत्यक्ष भै दर्शन दिई 'हे भक्तजन ! तिम्रो भक्तिदेखि म सन्तोष भएँ, वर-दान लेऊ' भनिन्। यति ईश्वरीले आज्ञा गरेको सुनी नागनीहरूले 'हे ईश्वरी ! हाम्रा सबै दुःख नाश गर, हाम्रा स्वामी नागहरू चाँडो आइपुगून्' भनी वर मागे र ईश्वरीले 'तथास्तु' भनी वरदान दिई गइन्। प्रसाद झिक्न लाग्दा श्री स्वस्थानी परमेश्वरीका व्रतका प्रभावले नागहरू आइपुगे। तब नागिनीहरूले मनमा अति आनन्द गरी धन्य

धन्य भनी श्री स्वस्थानी परमेश्वरीको प्रसाद आठ अक्षता, आठ रोटी, आठ बेली-पुष्प, आठ यज्ञसूत्र, आठ पान, आठ कुड्का सुपारी, सगुनसमेत आफ्ना पुरुषलाई दिई प्रणाम गरे। प्रथम अश्वत्थामा ऋषिलाई श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराई आफ्ना-आफ्ना आश्रममा गए। नाग नागिनीहरू त्यस दिनदेखि असंख्यात संपत्ति पाई परम आनन्दले रहे।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानी परमेश्वर्यां व्रतकथायां नागिनी श्रीस्वस्थानी व्रतकृतं नाम उनविंशोऽध्यायः ॥ १९ ॥

●

विंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–हे अगस्त्य मुनि! यति पातालका कुरा कहें, अब मर्त्यमण्डलका कुरा कहन्छु। मर्त्यमण्डलका दक्षिण भागमा ब्रह्मपुत्र नाउँ गरेको नगर छ। त्यहाँ ब्राह्मणहरू असंख्यात सम्पत्ति पाई वेद पुराण आदि नाना शास्त्र अभ्यास गरी आफ्ना-आफ्ना कर्ममा रहेका थिए। त्यसै नगरमा शिवभट्ट नाउँ गरेका ब्राह्मण महागरीब थिए। गरीब भए पनि शिवभट्ट ब्राह्मणलाई

लोभ मोह थिएन, आफ्ना कर्म छोड्दैनथे । मिथ्या कुरा बोल्दैनथे । तिनकी सती नाउँ गरेकी ब्राह्मणी थिइन् । स्त्री पुरुष दुवै बहुत मिलेका थिए । घरमा सम्पत्ति नहुँदा धेरै दुःख पाएर एक दिन शिवभट्ट ब्राह्मणले आफ्नी स्त्री सती ब्राह्मणीछेउ भने–हे स्त्री हाम्रो घरमा सम्पत्ति छैन । सम्पत्ति नहुँदा सधैं दुःख पाउँछौं, अब सम्पत्ति वृद्धि गराउन सिद्धि-गणेशको सेवा गरौं भनी दुवै स्त्री पुरुषले ८।८ दिनको मङ्गलवारका बियाउँदोपख महाकष्ट गरी श्रद्धापूर्वक पूजा गरी गणेशको सेवा गर्न लागे। यसो गर्दा ८।१० वर्ष बित्यो । तब सिद्धिविनायक प्रसन्न भै आफ्नो मूर्ति दर्शन दिई—'हे शिव-भट्ट ब्राह्मण ! हे सती ब्राह्मणी ! तिमीहरूले सेवा गरेको देखी म सन्तोष भएँ, जो इच्छा छ सो वरदान लेऊ' भने र यति गणेशले आज्ञा गरेको सुनी शिवभट्ट ब्राह्मणले गणेशलाई साष्टाङ्ग प्रणाम गरी अञ्जलि बाँधी 'हे परमेश्वर ! अरू थोक वरदान के मागौं, पूर्वजन्ममा नकमा-एको हुनाले यस जन्ममा सम्पत्ति नपाई दरिद्र भै दुःख पाएका छौं। सम्पत्ति तुल्याउनाका

इच्छाले तपाईंको सेवा गऱ्यौं, सम्पत्ति दिई हाम्रो दुःख छुटाउनुहोस्' भनी बिन्ती गरे। यति शिवभट्टले भनेपछि सिद्धिविनायकले–'हे शिवभट्ट ब्राह्मण, आजको आठ दिनमा मङ्गलवारका बिहान सदा झैं यहाँ आई मेरो पूजा गर्नू, उसै वेला मेरा मुखेंजि जो देखौला त्यो तिम्रो घर लगी तसलामा राखी माथिबाट तसलैले छोपिदिनू। चार दिन भएपछि माथिबाट छोपेको तसला झिकी हेर्नू, सुन होइरहला। तब सम्पत्ति पाई सुखी हौला, तिमीलाई सम्पत्ति होओस्, वरदान दिएँ, तिमी घर जाऊ' भने। यति गणेशले आज्ञा गरेको सुनी शिवभट्ट ब्राह्मण सती ब्राह्मणीले मनमा आनन्द गरी सिद्धिविनायकलाई प्रणाम गरे र फेरि सिद्धिगणेश अन्तर्ध्यान भए। आठ दिन भयो र मङ्गलवार बिहानीपख पूजाको सामग्री लिई शिवभट्ट ब्राह्मण, सती ब्राह्मणी दुवै स्त्री पुरुष सिद्धिविनायकका स्थानमा गएर सिद्धिविनायकका अगाडि लड्डू देखे। सती ब्राह्मणी र शिवभट्ट ब्राह्मणले सदाका झैं पूजा गरी त्यो लड्डू घरमा लगी तसलामा राखी माथिबाट तसलैले छोपिदिए। चार दिन भयो र माथिबाट

छोपेको तसला झिकी हेर्दा सुनको लड्डू भइरहेको देखी बहुत खुशी भै लिई यत्नसँग राख्ता भए। त्यसै दिनदेखि शिवभट्ट ब्राह्मण असंख्यात सम्पत्ति पाई सुखी भए। दश घर डुली भिक्षा मागी खाने शिवभट्ट ब्राह्मणले सम्पत्ति पाएपछि एक दिन आफ्नी सती ब्राह्मणीछेउ भने–'हे सती ! सुनिस्, पूर्व जन्ममा दान नगरेकाले यस जन्ममा दरिद्र भै दुःख पायौं, सिद्धिविनायकका कृपाले सम्पत्ति भयो, यस जन्ममा दान नगरे अर्का जन्ममा पनि दरिद्र हौंला, तसर्थ दान धर्म गरौं भनी दुवै स्त्री-पुरुषले नित्य गङ्गामा गई स्नान गरी हरिहरको पूजा गरी सुवर्णादि नाना द्रव्य दान गरी घर आउँथे। दान धर्म गर्नाले शिवभट्ट ब्राह्मणको सम्पत्ति झन् बढ्दै गयो। त्यो देखि शिवभट्ट ब्राह्मणले आफ्नी स्त्री सती ब्राह्मणीलाई भने–हे स्त्री ! हाम्रा सन्तान छैनन्, वृद्धावस्था भयो, सम्पत्ति मात्र भै के गर्नू, को रक्षा गरिदेला, सन्तान तुल्याउनका निमित्त फेरि सिद्धिगणेशको सेवा गरौं। यति शिवभट्टकी ब्राह्मणीले पतिको वचन सुनी 'हवस्' भनिन्। अघि झैं ८।८ दिनमा मंगलवारको बिहान दुवै स्त्री पुरुषले सिद्धिगणेशको सेवा

गर्न लागे । तिनले सेवा गरेको देखी सिद्धि-गणेश खुशी भै–शिवभट्ट ब्राह्मण ! तिमीले सेवा गरेको देखी म सन्तोष भएँ, वरदान लेऊ भनी आज्ञा गरे । यति गणेशको आज्ञा सुनी शिवभट्ट ब्राह्मण सती ब्राह्मणीले अञ्जलि बाँधी बिन्ती गरे – "हे सिद्धिगणेश ! तपाईंको कृपाले सम्पत्ति पायौं, तर सन्तान छैनन्, त्यो सम्पत्ति को रक्षा गरिदेला ? सन्तान दिनुहोस्" भनी बिन्ती गरे। यति शिवभट्ट ब्राह्मणका वचन सुनी सिद्धिगणेशजी आज्ञा गर्छन्– "हे शिवभट्ट ब्राह्मण ! आजका साता मङ्गलवार यस्तै गरी आई पूजा गर्नू र त्यसै वेलामा एक गाई आई तिम्रो मुख हेरिरहनिन्, तिमीले पनि गाईको मुख हेरी पूजा गर्नू, उहाँपछि गाईले गोब्र्याउनिन् । त्यो गोबर भैंमा पर्न नपाई हातमा थापी घर लैजानू, तसलामा राखी माथिबाट तस-लैले त्यो गोबर छोपिदिनू । चार दिन भएपछि हेर्नू, त्यसदेखि कन्या उत्पत्ति भै रहली, पुत्र भने तिमीलाई हुनेछैन किनभने पूर्वजन्ममा तिमीले राखेको छैन । यति गणेशले आज्ञा गरेपछि शिव-भट्ट ब्राह्मण, सती ब्राह्मणीले 'हवस्' भनी खुशी

भै साष्टाङ्ग प्रणाम गरी घर फिरे। गणेश पनि अन्तर्ध्यान भए। उसका आठ दिनपछि मङ्गलवारका बिहान, सब पूजाको सामग्री लिई शिवभट्ट ब्राह्मणका स्त्री पुरुष दुवै सिद्धिविनायकका स्थानमा गएर सिद्धिविनायकको पूजा गर्न लाग्दा गाई आई हेरिरहिन्। त्यो देखी गणेशको पूजा गरिसकी गाईको मुख हेरी पूजा गरी प्रणाम गरे। तब गाईले गोब्र्याइन्। शिवभट्ट ब्राह्मणले त्यो गोबर भैंमा पर्न नपाई हातमा थापिलिएर सिद्धिविनायकलाई परिक्रमा गरी दुवै स्त्री पुरुष घर गए। त्यो गोबर तसलामा राखी तसलैले छोपिदिए। गाई पनि अन्तर्ध्यान भइन्। चार दिन भयो र माथिबाट छोपेको तसला झिकी हेर्दा त्यसै गोबरदेखि कन्या उत्पत्ति भैरहेकी देखे। कस्ती कन्या भने मध्याह्न कालका श्री सूर्य्यको जस्तो तेज भएकी, पूर्णमासीका चन्द्रमा जस्तो मुख भएकी, वासुकि नाग जस्तो हात भएकी, बाघको जस्तो कम्मर भएकी, हात्तीका सूँड जस्ता ऊरु भएकी, पद्मपत्र जस्ता नेत्र भएकी, गरुडका प्वाँख जस्तो केश भएकी, सावित्रीका जस्ता

पैताला भएकी यस्ती परम सुन्दरी कन्यालाई देखी शिवभट्ट ब्राह्मण सती ब्राह्मणी खुशी भै तसलाबाट झिकी निदान गरी पाले । त्यस बालकलाई दूध भएन र फेरि मङ्गलवारका बिहान सिद्धिविनायकका स्थानमा गई पूजा गरे, गणेश प्रसन्न भै "हे शिवभट्ट ब्राह्मण ! सती ब्राह्मणी ! के भन्ने इच्छा छ ? भन" भनी आज्ञा गरे । शिवभट्ट ब्राह्मण भन्छन्–'हे विनायक ! तपाईंले कृपा गर्नाले सन्तति भयो, त्यस बालकलाई ख्वाउन दूध भएन, यही बिन्ती गर्न आएँ ।' यति शिवभट्टका कुरा सुनी 'त्यस बालकलाई दूध दिएँ' जाऊ भनी गणेशले आज्ञा गरी अन्तर्ध्यान भए। तब शिवभट्ट ब्राह्मणकी सती ब्राह्मणीले आफ्नू स्तन मिची हेर्दा दूध आयो र त्यस बालकलाई दूध खान दिएर बढाइन् । जस्तै सीता उत्पत्ति हुँदा जनक राजालाई आनन्द भएथ्यो त्यस्तै त्यहाँ बालक उत्पन्न हुँदा शिवभट्ट ब्राह्मण, सती ब्राह्मणीलाई आनन्द भयो । मर्यादाले ब्राह्मणहरू डाकी आफ्ना विधिसित न्वारान गराए। ब्राह्मणहरूले 'हे शिवभट्ट ब्राह्मण ! गाईको गोबरदेखि उत्पत्ति भएको हुनाले यस बालकको नाम

गोमा भन्नू भनी गोमा नाम राखी, भाग्यमानी हुनेछ, सम्पूर्ण लोकले मान्नेछन्' भने । यति ब्राह्मण-हरूले भनेपछि शिवभट्ट ब्राह्मणले श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराएर ब्राह्मणहरू आफ्ना-आफ्ना आश्रममा गए। तहाँउप्रान्त गोमा नाम गरेकी कन्या शुक्ल पक्षका चन्द्रमा झैं दिन-दिनै बढी वर्ष पाँचकी भइन् । सबै दिन शिवभट्ट ब्राह्मण, सती ब्राह्मणीले 'हे पुत्री गोमा ! हामी स्नान गरी आउँछौं, तैंले पूजा गर्न अक्षता केलाई राखेस्' भनी अह्राई दुवै स्त्री-पुरुष गंगामा गई स्नान गरी हरिहरको पूजा गरी सुवर्णादि नाना द्रव्य दान गरी आउँथे । यस्तै दान गर्दा-गर्दा अमरावती कम्पायमान भयो । तब एक दिन इन्द्र डराई तेत्तीस कोटि देवतासमेत भै कैलास पर्वतमा गई श्री महादेवछेउ बिन्ती गरे, 'हे जगदीश्वर ! मर्त्यमण्डलको दक्षिण भागमा ब्रह्मपुर नाउँ गरेको नगर छ, त्यहाँ शिवभट्ट नाउँ गरेका ब्राह्मण छन् । तिनकी सती नाउँ गरेकी ब्राह्मणी छन् । ती दुवै स्त्री पुरुषले तपाईंका पुत्र गणेशको सेवा गरेर गणेश सन्तोष भै असंख्य सम्पत्ति दिए । ती शिवभट्ट ब्राह्मणले संपत्ति पाएपछि नित्य

गङ्गामा गई स्नान गरी हरिहरको पूजा गरी सुवर्णादि नाना द्रव्य दान गरी धर्म गर्दा अमरावती कम्प भयो । हे करुणामय ! अरू पनि बिन्ती गर्छु सुन्नुहोस् । शिवभट्ट ब्राह्मणले सम्पत्ति पाएपछि सन्तान भएनन् र फेरि गणेशको सेवा गरे, गणेशले सम्पूर्ण लक्षणले युक्त भएकी महातेजवती परम सुन्दरी पुत्री वरदान दिए । हे प्रभो ! हाम्रो रक्षा गर्नुहोस् । तपाईंले रक्षा नगरे अमरावतीदेखि म पतित हुन्छु। यति इन्द्रका वचन सुनी श्री महादेव आज्ञा गर्छन्–हे इन्द्र ! नडराऊ, म रक्षा गरुँला, तिमी अमरावती जाऊ। यति श्री महादेवको आज्ञा सुनी इन्द्रले 'हवस्' भनी श्री महादेवलाई साष्टाङ्ग प्रणाम गरी अमरावती गए ।

इन्द्र गएपछि श्री महादेवले इन्द्रलाई रक्षा गर्ना-निमित्त जटाको मुकुट गरी, भिक्षुक रूप भै, बायाँ हातमा त्रिशूल लिई, दाहिने हातले डमरु बजाई, भस्म लेपन गरी, शिवभट्ट ब्राह्मणको घर गै भिक्षा मागे । गोमा ब्राह्मणी आफ्ना बाबुको नित्य पूजा गर्न अक्षताहरू केलाउँथिन्, धेरै बेरपछि 'मेरा बाबा महतारी गंगामा स्नान गर्न गएका छन्, म अक्षता

केलाउँछु, एकछिन पर्ख, भिक्षा दिने कोही छैनन्' भनी पर्खाइराखिन् । अक्षता केलाइसकी भिक्षा लिई भिक्षुक-रूप महादेवछेउ आई–“हे भिक्षुक ! मेरा माता-पिता घरमा छैनन्, म अक्षता केलाउँथें, विलम्ब हुन गयो, दुःख नमान, भिक्षा लेऊ” भनिन् । यति गोमा ब्राह्मणीले भनेपछि भिक्षुक-रूप श्री महादेवजी आज्ञा गर्छन्-'हे ब्राह्मणी ! यतिका बेर पर्खाई ऐले भिक्षा दिन आइस्, त्यो भिक्षा म लिन्नँ, दिने भए तेरो बाबुले पूजा गर्न तैंले केलाई राखेको अक्षता दे'–यति भिक्षुक रूप श्री महादेवले आज्ञा गरेपछि गोमा ब्राह्मणीले 'लिने भए भिक्षा लेऊ नलिने भए अक्षता ता दिने हैन' भनिन् । यति गोमा ब्राह्मणीको वचन सुनी भिक्षुकरूप श्री महादेवले “हे पापिष्ठा ब्राह्मणी ! तैंले अहंकारले मलाई भिक्षा दिइनस्, तँलाई श्राप दिन्छु, तँ सात वर्षकी हुँदा सत्तरी वर्षको बूढासित तेरो बिहा होस् । फेरि तेरा बाबा महतारीले महाकष्ट गरी सिद्धिगणेशको सेवा गरी पाएको सम्पत्तिको नाश होस्, फेरि तँलाई पनि नाना तरहको दुःख होस्, फेरि तेरा बाबा महतारी पनि चाँडै मरि-

जाऊन् । यति चार थोक तँलाई सराप दिएँ" भनी भिक्षुकरूप शिवले त्यो भिक्षा नलिई बाहिर आए। उहाँ देखि अन्तर्ध्यान भै कैलास पर्वतमा जाँदा भए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानी परमेश्वर्यां व्रतकथायां गोमोत्पत्ति गोमा श्रापो नाम विंशोऽध्यायः ॥ २० ॥

•

एकविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि ! गोमा भिक्षुकरूप महादेवको सराप पाई अति चिन्तित थिइन्। तहाँउप्रान्त गंगा स्नान गर्न गएका शिवभट्ट, सती ब्राह्मणीले स्नान गरी हरिहरको पूजा गरी सुवर्णादि नाना द्रव्य दान गरी घर फिर्दा गोमालाई रोइरहेकी देखी—हे पुत्री ! किन रोइस् ? के दुःख भो ? भनी सोधे। गोमाले भनिन्—हे पिता-माता ! तपाईंहरू स्नान गर्न गंगाजी जानुभो, म अक्षता केलाउँथें, भिक्षुक आई भिक्षा मागे, म अक्षता केलाई भिक्षा दिन्छु एकक्षण पर्ख भनी पर्खाई राखें। अक्षता केलाइसकी भिक्षा दिन गएँ, भिक्षुकले—हे ब्राह्मणी ! यतिका बेर पर्खाई

ऐले भिक्षा दिन आइस्, त्यो भिक्षा लिन्नँ, दिने भए तेरा बाबाले पूजा गर्ने तैंले केलाई राखेको अक्षता भिक्षा दे, भने र "लिने भए लेऊ, नलिने भए अक्षता ता दिने हैन" भनी मैले भनें र भिक्षुक रिसाई–'हे पापिष्ठा, तैंले अहंकारले मलाई भिक्षा दिइनस्, तँलाई श्राप दिन्छु, तँ सात वर्षकी हुँदा सत्तरी वर्षको बूढोसित तेरो विवाह होस्, फेरि तेरा बाबा महतारीले महाकष्ट गरी सिद्धि गणेशको सेवा गरी तुल्याइराखेको सम्पत्तिको नाश होस्, फेरि तँलाई पनि नाना तरहको दुःख होस्, फेरि तेरा बाबा महतारीहरू पनि चाँडै मरिजाऊन्' भनी डमरु बजाई श्राप गरी गए भनी सबै वृत्तान्त कहिन्। यति गोमाले भनेपछि शिवभट्टले भने–हे पुत्री, ती भिक्षुक श्री महादेव हुन् र तिनले दिए-को श्राप लाग्ला लाग्दैन, भिक्षुकले त्यसो भने भनी रुनु छैन, नरो, भनी बुझाए। तहाँउप्रान्त गोमा छः वर्षकी लागिन्, तब शिवभट्टले सतीसित सल्लाह गरी गोमालाई कन्यादान दिन भनी ठाउँ ठाउँमा ब्राह्मण खोज्न पठाए, जगदीश्वर श्री महा-देवले सराप दिएको हुनाले गोमालाई कन्यादान

लिने ब्राह्मण पाउन सकेनन्, शिवभट्टले आफै जहाँतहाँ खोजी हिंडे । आफूले भने जस्तो ब्राह्मण पाउन सकेनन् र फेरि गंगामा पुगी स्नान गर्न लागेका ब्राह्मणहरूलाई पनि हेरे, उहाँ पनि आफूले भने जस्तो पाएनन् र मनले हार मानी आउँदा कुप्रो, कान नसुन्ने, डेरो, कैला आँखीभूइँ भएको, आखीभौं जोरिएको, दाह्रा निस्केको, कपालका केश पाकेको, कालो, मुखदेखि र्‍याल चुहेको, सत्तरी वर्षको उमेरको, शिवशर्मा नाउँ गरेको, शिलासन गरी सन्ध्या गर्न लागेको बूढोलाई देखी शिवभट्टले धेरै बेरसम्म तिनैलाई हेरिरहे । शिवशर्माले सन्ध्या गरिसकी तिमीले मलाई धेरै बेरसम्म किन हेरि-रह्यौ ? तिमी को हौ ? कहाँ देखि आयौ ? भनी सोधे । शिवभट्ट भन्छन्–म शिवभट्ट ब्राह्मण हुँ, मेरा घरमा एक कन्या छ । कन्यादान दिन भनी ब्राह्मण खोज्दै हिंड्छु, कहीं पाइनँ र घर जान भनी आएँ, तिमीलाई देखेर हेरिरहें, तिमी को हौ ? यति शिवभट्टले भनेको वचन सुनी शिवशर्मा भन्छन्–हे शिवभट्ट ! म शिवशर्मा ब्राह्मण हुँ, सोह्र वर्षको उमेरदेखि कसैले दिए कन्यादान लिन भनी

हिंडेको हुँ, सत्तरी वर्षको हुँदा पनि मलाई कन्या-दान दिने कोही भएन र आज मेरा भाग्यले तिमी-लाई पाएँ, ईश्वरका कृपाले दुवैको काम पुग्यो । हे पिता ! ममाथि दया गरी तिम्री पुत्री मलाई कृपा गर; सहस्र बिन्ती छ । ब्राह्मण भएर मेरो यो उमेर भयो र पनि अहिलेसम्म मेरो विवाह भएको छैन, अब तिमीले कृपा गरे कन्यादान पाउँला । यति शिवशर्मा ब्राह्मणको वचन सुनी शिवभट्ट् ब्राह्मण भन्छन्–यस्ता उमेरका तिमीलाई बालख छोरी कसो गरी दिनु, विशेषले तिमी यस्ता कुरूप-लाई कामदेवकी स्त्री रति जस्ती पुत्री अयोग्य छन् भने र शिवशर्मा भन्छन्–हे शिवभट्ट, त्यो आज्ञा नगर । ती कन्या मलाई देऊ, तिमीले त्यसो भने म आत्महत्या गरी मरुँला। शिवशर्माले यस्ता कुरा गरेको सुनी मनमा भन्छन्–त्यसको कर्ममा त्यस्तै लेखेको रहेछ, म के गरूँ ! उस दिन श्राप गरी जाने भिक्षुक रूप श्री महादेव रहेछन्, उनको श्राप को विघ्न गर्न सक्छ, इन्द्रले पनि सकेनन्, रावणले पनि सकेनथ्यो, म जस्ताले कसो गरी सकुँला भन्ने यस्तो विचार गरी चिन्ताले आकुल भै शिवशर्मा-

लाई सँगमा लिई घर गए। सती ब्राह्मणीले शिवशर्मालाई साथमा लिई आफ्ना स्वामी घर आएको देखी हर्ष भै त्यो कसलाई डाकी ल्याउनुभो ? भनी सोधिन्। शिवभट्ट कहन्छन्–हे स्त्री, यी शिवशर्मा



(गोमालाई विवाह गर्न शिवभट्टले बूढो शिवशर्मालाई घर ल्याएको देखी सतीले रिसाएर कुरा गरेको)

नाउँ गरेका ब्राह्मण हुन्, गोमालाई कन्यादान दिन भनी ब्राह्मण खोजी हिंडेको, कोही पाउन सकिनँ, घर आऊँ भनी आउँदा यी गंगाका तीरमा बसी सन्ध्या गरिसकी मछेउ आई "को हौ ? कहाँदेखि

आयौ ?" भनी सोधें। म ब्राह्मण हुँ, मेरो घरमा एक कन्या छ, कन्यादान दिने ब्राह्मण खोजी हिंडेको छु, कहीं पाइनँ र घर जान आएँ, तिमी को हौ ? भनें। तिनले 'म पनि ब्राह्मण हुँ, सोह्र वर्षका उमेरदेखि कसैले दिए कन्यादान लिन भनी हिंडेको मलाई कन्यादान दिने कोही भएनन् ! आज मेरा भाग्यले तिमीलाई भेट्टाएँ, तिम्री पुत्री मलाई कन्यादान देऊ, भने र मैले हे शिवशर्मा ब्राह्मण ! यस्ता उमेरका वृद्ध तिमीलाई बालख मेरी पुत्री म कसो गरी दिऊँ, विशेष तिमी त्यस्ता कुरूपलाई कामदेवकी स्त्री रति जस्ती मेरी पुत्री अयोग्य छ, त्यस्तो कुरा नगर भनें। तब तिनले त्यसो आज्ञा नगर, ती कन्या मलाई दान नदिए आत्महत्या गरी मरुँला भनी सँग लागी आए। यो अनर्थ भयो, ब्रह्महत्या लिऊँ कि गोमा कन्यादान दिऊँ। यति शिवभट्ट ब्राह्मणले भनेको वचन सुनी सती ब्राह्मणी भन्छिन्—हे स्वामी ! त्यस्तो कुरा नगर, त्यो कस्तो भने बूढो, कान नसुन्ने, डेडो, कुइरा आँखा भएको, आँखीभौं जोरिएको, दाह्रा निस्केको, केश पाकेको, मुखबाट र्‍याल चुहाउने, कालो यस्तो-

लाई म मध्याह्न कालका सूर्य्यका जस्तो तेज भएकी पूर्णचन्द्र जस्तो मुख भएकी, हात्तीका सूँड जस्तो हात पाउ भएकी, बाघका जस्तो कम्मर भएकी, सावित्रीका जस्तो पैताला भएकी, सुवर्ण जस्तो ज्यू भएकी, राजहंसको जस्तो गमन भएकी, कोइलीको जस्तो मीठो स्वर भएकी मेरी पुत्री त्यस्तालाई कसो गरी दिऊँ। अर्कोले कन्या दिएन भनी जति आत्महत्या गरी मर्लान् त्यो हत्या हामीलाई लाग्दछ ? कदाचित् तपाईंलाई त्यस कुराको सन्देह भयो भने त्यो आत्महत्या गरी मरोस्, त्यो पाप म कपालमाथि थापिलिउँली, त्यसको घुर्कीमा नडराउनुहोस्, त्यसलाई ता हजार ब्रह्महत्या लागे पनि दिनेछैन, पृथ्वीमा अरू ब्राह्मण कोही छैनन् कि ? तपाईंले नसके म गै खोजिल्याउँली भनी। सती ब्राह्मणीले आफ्ना स्वामी शिवभट्ट ब्राह्मणलाई यस्ता कुरा गरेको सुनी शिवशर्मा ब्राह्मण भन्छन्– हे माता ! संसारमा बूढा पनि छन्, बालक पनि छन्, राम्रा पनि छन्, नराम्रा पनि छन्, कसैका छोरा छोरी धेरै छन्, कसैका छँदै छैनन्, कोही पुरुषका आफू-भन्दा उमेर पाकेका स्त्री छन्, कोही

स्त्रीका आफू-भन्दा उमेर पाकेका पुरुष छन्, कोही धनी छन्, कोही गरीब छन्, कुमालेको चक्र भैँ फिरिरहेको यस संसारमा बूढ़ो कसले हुनुपर्दैन ? कसलाई मर्नुपर्दैन ? यस अर्थले ती कन्या मलाई देऊ, नदिए तिमी दुवै स्त्री पुरुषलाई श्राप दिई प्राण त्याग गरूँला भनी प्राणवायु ब्रह्माण्डमा पुऱ्याई मर्न तयार भए र तब शिवभट्ट ब्राह्मण डराई भन्छन्—हे शिवशर्मा ब्राह्मण ! यसो नगर, मेरी पुत्री तिमीलाई दिन्छु भनी बुझाई गोडा धोई माथि डाकी लगे। सती ब्राह्मणीले भने मान्दी भइनन् ! तब शिवभट्ट ब्राह्मणले बुझाउन लागे— 'हे स्त्री ! उस दिन श्राप दिई जाने भिक्षुक-रूप श्री महादेव रहेछन्, अब तेत्तीस कोटि देवता हाम्रा सहायक भै आए पनि श्राप लंघन गर्न सक्नेछैनन्। दैवले गरी ल्यायो, गोमा यिनैलाई कन्यादान दिऊँ, ढिपी नगर, सामग्री तयार गर' भने। तब सती ब्राह्मणीले मनमा बिस्मात गर्न लागिन्। अहो आश्चर्य ! बूढ़ाको र बालकको विवाह भएको देख्नुपऱ्यो ! निर्विवेकी विधाताले मेरी पुत्रीका ललाटमा कस्तो लेखेका रहेछन्। न्वारान गर्दा

ब्राह्मणहरूले यो बालक भाग्यमानी हुनेछ, संपूर्ण लोकले मान्नेछन् भन्थे, यो पनि मिथ्या रहेछ। हामीले नगर्नु कर्म ता क्यै गरेका थिएनौं, सबको भलै गर्थ्यौं, के पापले यस्तो भयो ! मेरी पुत्रीलाई श्राप दिने श्री महादेव रहेछन्। यस बालकले के जान्दथी र सराप दिएछन् भनी साह्रै रुन लागिन्। शिवभट्ट ब्राह्मण भन्छन्—हे स्त्री ! नरोऊ, दैवले जस्तो गर्‍यो उस्तै हुन्छ। शिवशर्मा ब्राह्मणलाई खान-पीन गराऊ सुत्न ठाउँ खटाइदेऊ, बिस्मात नगर भने। यति आफ्ना पुरुष शिवभट्टले भनेपछि सती ब्राह्मणीले नाना उपचार तयार गरी खान पिउन दिइन्। शिवशर्मा सुत्न गएपछि सती ब्राह्मणीले आफ्नी पुत्री गोमालाई डाकी भन्न लागिन्—हे पुत्री ! तेरो विवाह हुन लाग्यो, त्यस वृद्ध ब्राह्मणलाई तेरा बाबा कन्यादान दिन्छन्। किनभने उस दिन तँलाई श्राप दिने भिक्षुक श्री महादेव रहेछन्। तँलाई त्यो श्राप लाग्यो, हामीलाई दोष नदे ! तँ पनि सुर्ता नगरेस्। तेरा कर्मले गराएको कुरा अन्यथा गर्न कसको सामर्थ्य छ। हे गोमा ! भनी आँखादेखि आँसु खसाली बडा प्रीतिले काखमा लिइन्।

यति आफ्नी महतारी सतीले भनेको सुनी गोमा ब्राह्मणी भन्छिन्–हे माता ! तिमीहरूलाई के दोष छ ? मेरो कर्ममा यस्तै लेखेको रहेछ । फेरि श्री महादेवले दिएको श्राप मिथ्या गर्न को सक्ला ? मैले अहंकार गरी भिक्षुक श्री महादेवलाई अनादर गरें र त्यही फल पाएँ । जो मनुष्यले भिक्षा माग्न आएको भिक्षुकलाई भिक्षा नदिई विमुख गरी पठाउला त्यो अवश्य यस्तो अवस्थामा पर्ला । जो मनुष्यले भिक्षा माग्न आएको भिक्षुकलाई भिक्षा दिई संतोष गरी पठाउला, त्यसले यस लोकमा परलोकमा सुख पाउला । हे माता ! तिमी सन्देह नगर । बूढो भए पनि, खोरण्डो भए पनि, दरिद्र भए पनि, रोगी भए पनि, कुष्ठी भए पनि, पापी भए पनि मलाई दैवले पारिल्यायो, रामचन्द्र जस्तालाई त दैव लागेर वनवास जानुपर्‍यो, वनवास जाँदामा पनि रावणले सीतालाई हरी लिइगयो। फेरि श्री-महादेव जस्तालाई दैव लागेर कालकूट विष कण्ठमा राखी नीलकण्ठ भै रहनुपर्‍यो, फेरि युधिष्ठिर जस्ता धर्मात्मा राजालाई पनि दैव लागेर राज्य नष्ट भै पाँचै भाइले वनवास गुप्तवाससमेत जानुपर्‍यो।

फेरि द्रौपदीलाई दैव लागेर दुर्योधनका सभामा झण्डै निर्वस्त्र गरी निर्लज्ज गराइपाइन्। फेरि बलि राजा जस्ता दाता को छन्, तिनलाई दैव लागेर पातालमा बस्नुपर्‍यो, फेरि कृष्णको जस्तो माया कसको छ ! तिनलाई पनि दैव लागेर आफ्ना मुख्यान्जी आफ्ना नाति अनिरुद्धलाई बाणासुरले नागपाशले बाँधेको र ५६ कोटी यदुवंशी नाश भएको देख्नुपर्‍यो। फेरि ब्रह्माण्डमण्डल संसारमा सम्पूर्ण मनुष्य कीट पतङ्ग राक्षस इत्यादि जति जीवआत्मा छन् सब सृष्टि गरिरहेका ब्रह्मालाई पनि दैव लागेर आफ्नू शिर कटाई रहनुपर्‍यो। फेरि देवताका राजा इन्द्रलाई दैव लागेर राज्य छोडी भाग्नुपर्‍यो। हे माता ! दैवको गति लंघन गर्न कोही सक्तैनन्। पूर्वजन्ममा आफूले गरिआएको कर्मको भोग गर्नुपर्छ। हेर, जस्तै घडा लिई कस्तै धेरै बानी भएको समुद्रमा गए पनि जल घडाभरि मात्र आउँछ, त्यस्तै आफ्ना ललाटमा लेखेको मात्र हुन्छ, सन्देह नगर। तिमीले दिएको ठाउँमा म खुशीसित जाउँली भनी गोमा ब्राह्मणीले यस्ता कुरा गरेको सुनी सती ब्राह्मणी खुशी भै भन्छिन्–हे

पुत्री, तँ धन्य ! यस्ता बालक अवस्थामा पनि यस्ता ज्ञानको कुरा गर्ने भनी रातभरि दुइ आमाछोरी त्यस्तै कुरा गरिरहे। भोलिबेर भयो र शिवभट्ट ब्राह्मणले नाऊ डाक्न पठाई शिवशर्मा ब्राह्मणको कपाल खौरन र गोडाको नङ काट्न लगाई, मन परेको खान लाउन दिई पाली राखे। शिवशर्मा ब्राह्मण पनि मन परेको खान लाउन पाउँदा हृष्ट-पुष्ट भै मोटाए। तहाँ उप्रान्त शिवभट्ट ब्राह्मणले लग्न ठहराई कन्यादानको सामग्री तैयारी गरी नाना मंगल यात्रा गरी आफ्ना मर्यादाले गोमा ब्राह्मणीलाई हीरा मोती मणि माणिक रत्नादि नाना अलंकार वस्त्र पहिराई शिवशर्मा ब्राह्मणलाई कन्यादान दिए। गोमा ब्राह्मणीले हातमा फूलको माला लिई शिवशर्मा ब्राह्मणका गलामा लाइदिइन् र प्रणाम गरिन्। कन्यादान गरिसकी शिवभट्ट ब्राह्मणले अरू ब्राह्मणहरूलाई श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराए र ब्राह्मणहरू आफ्ना-आफ्ना घरमा गए। गोमा ब्राह्मणीले पनि शिवशर्मा ब्राह्मणलाई बहुत प्रीतिले सेवा गरी इच्छासित रहन्ती भइन्।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्यां व्रतकथायां गोमा कन्यादान नाम एकविंशोऽध्यायः ॥ २१ ॥

•

द्वाविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–हे अगस्त्य मुनि ! त्यस्ता तरहले रहँदा-रहँदा आठ, दश वर्ष भयो र एक दिन शिवशर्मा ब्राह्मण आफू हृष्ट-पुष्ट भएको देखी घर सम्झी अब यहाँ म बसी के गरूँ, घर जाऊँ भनी विचार गरी शिवभट्ट ब्राह्मण र सती ब्राह्मणी छेउ गई भने–हे माता-पिता ! तिमीहरूले कृपा गर्नाले कन्या पाएँ, म यहाँ बसेको धेरै दिन भयो, घरमा विचार गर्ने कोही छैनन्, आज्ञा दिए घर जाँदो हुँ। यति शिवशर्मा ब्राह्मणले भनेको सुनी शिवभट्ट ब्राह्मण भन्छन्–'हे जुवाइँ ! यो पनि तिम्रै घर हो, हाम्रो पो को छन् र ? हामी पनि तिम्रै हौं, संपत्ति पनि तिम्रै हो, जान्छु भनी नभन' भने र शिवशर्मा फेरि भन्छन्–'हे पिता ! त्यसो आज्ञा नगर, एकफेर जान देऊ, घरको विचार गरी बरु फेरि चाँडै आऔंला। मेरो पनि को छ, बाबा पनि तिमी, महतारी पनि तिमी, इष्ट पनि

तिमी, मित्र पनि तिमी, हित पनि तिमी, गुरु पनि तिमी, बन्धु पनि तिमी, देवता पनि तिमी, मन परेको खान लाउन दिई पाल्ने यस्ता तिमीलाई छाडी म कता जाउँला' यति आफ्ना स्वामी शिवशर्माले आफ्ना पिता शिवभट्टसँग कुरा गरेको सुनी गोमा ब्राह्मणीले भनिन्—'हे स्वामी ! जानको मन नगर, तिमी जाने भए मलाई पनि लैजाऊ, बीचमा जान दिनेछैन । तिमीविना म कसो गरी रहुँली !' यति गोमाका वचन सुनी शिवशर्मा ब्राह्मण भन्छन्—'हे स्त्री ! तेरो बाल अवस्था छ, मसँग जान सकोइनस् । किनभने हाम्रो घर अति टाढा छ, पर्वत चढ्नुपर्छ । अनेक दिन वनमा वास बस्नुपर्छ, वनमा नाना जन्तुको भय हुन्छ । तँ आफ्ना इच्छामा रहेकी, कहिल्यै घरदेखि ननिस्केकी, शीत ताप भोकदेखि दुःख पाउलिस् । उहाँपछि मेरो वृद्ध अवस्था छ कसैले बाटामा दगा गरी तँलाई हरी ली जानन् । यसअर्थले तँ यहीं बस्, म घर गई खबर बुझी चाँडै आउँछु । दुइ महीनाभित्रमा आइपुग्नेछु, दुइ महीना भनेको कति दिन हो र !' यति शिवशर्माले भनेको सुनी गोमा ब्राह्मणी भन्छिन्—'हे

स्वामी ! तिमी दुई महीना भन्छौ, तिमी नभै दुइ घडी पनि बस्न सक्तिनँ, फेरि शीत ताप भोकदेखि दुःख पाउलिस्, पर्वत चढ्नुपर्छ, वनमा बस्नुपर्छ, नाना जन्तुको भय पनि हुन्छ भन्यौ, तिमीले दुःख पाए म पनि दुःख पाउँली, जो गत तिम्रो सोही गत मेरो, कस्तै भए पनि तिमीलाई छोडी म यहाँ बस्न सक्तिनँ, कदाचित् मलाई छाडी गयौ भने आत्महत्या गरी मरुँली' भनी गोमा ब्राह्मणीले भनेको सुनी शिवशर्मा ब्राह्मणले—हे स्त्री ! उसो भए तेरा बाबा महतारीसित बिदा भै आ भने र गोमा ब्राह्मणीले शिवभट्ट ब्राह्मणछेउ गई भनिन्—'हे माता-पिता ! म पनि मेरा स्वामीसित जान्छु, बिदा दिनुहवस्' भनी बिदा मागिन् र शिवभट्ट ब्राह्मण सती ब्राह्मणीले हे पुत्री ! गोमा ! जान्छु भनी नभन्, किनभने हाम्रो वृद्ध अवस्था भयो, छोरा भने पनि छोरी भने पनि तँ योटी छस् तैंले त्यसो भन्न लागे हाम्रो संभार को गर्ला ? पानी पनि को पिलाउला, तँ पनि नभए चन्द्रमा नभएको रात्रि झैं हुनेछौं। जस्तै रामचन्द्र र सीता नहुँदा दशरथ राजाको प्राण गएथ्यो त्यस्तै तँ नभए हाम्रो

प्राण पनि रहनेछैन। यस अर्थले हामी दुइ स्त्री पुरुषको सेवा गरी सम्पत्तिको रक्षा गरी बस्। तेरा पुरुषलाई जान दे, उ पनि दुइ महीनामा आइ-जान्छन्। यति आफ्ना बाबा महतारीको वचन सुनी फेरि गोमा ब्राह्मणी भन्छिन्–हे पिता ! माता ! स्त्री जातिका सम्पूर्ण तीर्थ व्रत दान धर्म आफ्ना पुरुष हुन्, पुरुष भएसम्म केही तीर्थ व्रत दान धर्म गर्नुपर्दैन। सम्पूर्ण स्मृति पुराण तिमीले हेरेका छौ, म के भनूँ। स्त्रीजाति भै आफ्ना पुरुषलाई रिस गरी हेरे डेडी हुन्छे, पुरुषको वचन नमाने पापिनी हुन्छे, पुरुषसित मुख लागे, पुरुषलाई गाली गरे लाटी हुन्छे। पुरुषदेखिन् लुकाई खाए कुकुर्नी हुन्छे, पुरुषसित द्रोह गरे गोही हुन्छे ! यसै अर्थले मलाई नछेक, जान देऊ। विशेष पुरुष वृद्ध भएका म नभए बाटामा को संभार गर्ला ! फेरि संसारमा कसैका पनि बढेका छोरीले माइत बस्नु हुँदैन, बरु फेरि चाँडो यहाँ आऔंला। यति गोमाले भनेपछि शिवभट्ट ब्राह्मण सती ब्राह्मणीले भने, 'हे पुत्री ! उसो भए हामी के भनौं, जा,' भनी आँखादेखि आँसु खसाली नाना वस्त्र अलंकार पहिराई नाना

द्रव्यसमेत दिई डोलीमा हाली शहरबाहिरसम्म पुऱ्याउन गए । 'बाटामा राम्रो गरी लगे' भनी



(गोमा र शिवशर्मा शिवभट्ट र सतीदेवीसित विदा भई आफ्ना घर जान लागेको)

डोलेहरूलाई अह्राए र शिवभट्ट ब्राह्मणले गोमा-लाई–'हामीलाई नबिर्सी चाँडो आए' भनी भने । गोमा ब्राह्मणीका सँगी साथीहरूले पनि त्यसै भने । तब गोमा ब्राह्मणी डोलीदेखि ओर्ली बाबा महतारी-लाई साष्टाङ्ग प्रणाम गरी आफ्ना सँगी साथीहरू-लाई पनि 'बस है' भनी सबै छेउ विदा भै फेरि डोलीमा चढी तहाँदेखि जाँदी भइन् ।

कुमारजी आज्ञा गर्नुहुन्छ–हे अगस्त्य मुनि। तहाँउप्रान्त शिवशर्मा ब्राह्मण गोमा ब्राह्मणी तहाँ-देखिन् गएपछि शिवभट्ट ब्राह्मण सती ब्राह्मणीले आँखाले देखियुञ्जेल हेरिरहे। देख्न छाडेपछि रूख चढी हेरे। देखिएन र रूखैमा बसी नाना विलाप गर्न लागे। त्यसै औसरमा दैव-संयोगले रूखको हाँगो भाँचिई स्त्री-पुरुष रूखदेखि खसी मरे। तब श्री महादेवका दूत आई विमानमा राखी कैलास लैजाँदा भए। शिवभट्ट ब्राह्मण सती ब्राह्मणी दिव्य शरीर भै कैलास पुरीमा रहे।

तहाँउप्रान्त शिवशर्मा ब्राह्मण र गोमा ब्राह्मणीले डोलेहरूसँग यस वनको नाम क्या हो ? यस पर्वतको नाम क्या हो ? यो ठूलो पात भएको वृक्षको नाम क्या हो ? त्यस जन्तुको नाम क्या हो ? भनी सोध्दै गए। डोलेहरूले पनि यस वनको नाम यो हो, यस पर्वतको नाम यो हो, यस वृक्षको नाम यो हो, यस जन्तुको नाम यो हो भनी कहँदै गए। यस्तै गरी जाँदा-जाँदा धेरै टाढा गएपछि पोखरी भएको ठूलो वनमा पुग्दा साँझ पऱ्यो। त्यस वनमा वास बसी सबैले खानपीन गरी सुते।

थाकेका हुँदा साह्रै निदाए । त्यस औसरमा श्री महादेवको श्रापको प्रभावले चोर आई गोमा ब्राह्मणीका बाबा महतारीले दिएका द्रव्य, अङ्गमा लाएका गहनासमेत चोरी सबै लगेछ । भोलिबेर नीदले छाड्यो र बिउँझी हेर्दा सम्पूर्ण द्रव्य आफ्ना अङ्गमा लाएका गहनासमेत चोरिएको देखी साह्रै अधैर्य भई रुन कराउन लागिन् । तब डोलेहरू भन्छन्–'हे गोमा ब्राह्मणी ! नरोऊ, विस्मात नगर, थाकेर आएका हुनाले हामीलाई पनि साह्रै नीद लागेछ, यस्तो पर्न गयो । हामी अभागी रहेछौं, अब तिम्रा बाबा महतारीछेउ कसो भन्न जाऔंला, अब जसो भन्छयौ' भने र गोमा ब्राह्मणी भन्छिन्–हे भारवाहक हो ! तिमीहरू यतैबाट फिर । म के खान दिउँली, मेरा बाबा महतारीछेउ यो खबर पुऱ्याऊ । यति गोमा ब्राह्मणीले भनेको सुनी डोलेहरूले 'लौ' भनी सन्ताप नगर भनी बुझाई प्रणाम गरी बिदा भै आफ्ना-आफ्ना घर जान भनी गए-पछि शिवशर्मा ब्राह्मण गोमा ब्राह्मणी पनि वनमा जो भएको फल-फूल खोजी खाई त्यहाँ देखि ठूलो पर्वतमाथि पुगे र गोमा ब्राह्मणी भन्छिन्–हे

स्वामी ! मलाई अति भोक लाग्यो, असमर्थ भएँ, कसो गरूँ भनी बाटामा अलपत्र परिन् । गोमा ब्राह्मणी गर्भिणी भएकी थिइन्, शिवशर्मा ब्राह्मण-लाई अति करुणा लाग्यो र आफ्नी स्त्री गोमा ब्राह्मणीलाई काखमा लिई भने—हे स्त्री ! यहाँ फल-फूल केही मिल्दैन, जलाशय पनि छैन, यस्ता पर्वतमा बसी के खान दिऊँ ! यहाँ अलिक पर गए फल फूल पनि मिल्दछ, जलाशय पनि छ, जाऔं हिंड भनी बुझाई हात समाई सुस्त सुस्त हिंडाई लगे ।

गोमा ब्राह्मणी पनि—हे हरि ! मेरो आज यो अवस्था भयो भनी सुस्केरा हाली नसके पनि सुस्त सुस्त गइन् । पर्वतका फेदीमा पुगेपछि शिवशर्मा ब्राह्मणले फल-फूल टिपी खान दिए, पानी पनि पिउन दिए । हे स्त्री ! हाम्रो घर पनि आइपुग्यो, आइज भनी ठाउँ-ठाउँमा बस्न दिई चन्द्रज्योति नगरको बाहिर पुऱ्याए । त्यहाँ खरले तुल्याएको एक घर उत्पत्ति गरी 'हे स्त्री ! हाम्रो घर यही हो' भनी देखाए र गोमा ब्राह्मणीले भित्र गई हेर्दा माकुराको जालो र कसिंगर मात्र देखी

आफ्ना बाबाको घर सम्भी बहुत अधैर्य भै रुन लागिन् । फेरि मेरो कर्मले यस्तै पारिल्यायो, अब रोई के गरूँ भनी धैर्य गरी कुचाले माकुराको जालो मिल्काई कसिंगर लाइन्, घरमा जे भएको खाई शिवशर्माकी ब्राह्मणी शोक गरी रहिन् । तहाँ-उप्रान्त एक दिन शिवशर्मा ब्राह्मणले आफ्नी स्त्री गोमाछेउ भने–हे स्त्री ! तँ गर्भिणी भइस्; हाम्रो घरमा सम्पत्ति छैन, आउने पनि केही बाटो छैन, गर्भाधान कर्म केले गरिदिउँला, सुत्केरी भएमा के खर्च गरौंला ? यस अर्थले म परदेश गई कसैछेउ केही मागी ल्याउँछु, तैंले आफ्ना जीउको, घरको बहुत सम्हार गरेस् रोई कराई नरहेस् भने । यस्तो शिवशर्मा ब्राह्मणको वचन सुनी गोमा ब्राह्मणीले भनिन्–"हे स्वामी ! मलाई को देला ? विशेष तिमी वृद्ध भएका, कसो गरी पठाऊँ, यहाँ जजमान-छेउ गई जो दिएको मागी ल्याई सञ्चय गरौंला, जानाको मन नगर" भनिन् र फेरि शिवशर्मा ब्राह्मण भन्छन्–'हे स्त्री ! हामी गरीब भए पनि ब्राह्मणको कर्म नगरी हुँदैन । एक महीनामा म आइपुगुँला, उहाँसम्मलाई खान नभएमा चन्द्र-

ज्योति नगरमा जजमानहरू छन्, तिनका घर गै भित्ता मागी खाएस्' भनी बुझाए। यति शिवशर्मा ब्राह्मणको वचन सुनी गोमा ब्राह्मणीले 'लौ' भनिन्। शिवशर्मा ब्राह्मण भित्ता माग्न भनी परदेश गए।

(शिवशर्मा ब्राह्मण फूल टिप्दा रूखबाट खसी मरेको)

एक दुइ दिनको बाटो गई गंगा-तीरमा ऋषिको आश्रममा पुगे। त्यहाँ वृद्ध अवस्था भएका ब्राह्मण

ब्राह्मणी दुई स्त्री पुरुष बसेका थिए। गङ्गामा स्नान गरी ती वृद्ध ब्राह्मणछेउ गई मलाई नित्य पूजा गर्न फल फूल देऊ भनी मागे। ऋषिका आश्रममा धेरै फल-फूल फलेका थिए। यति शिवशर्मा ब्राह्मणले भनेपछि वृद्ध ब्राह्मणले 'तिमी को हौ ? कहाँदेखि आयौ ?' भनी सोधे र शिवशर्माले चन्द्रज्योति नगरको शिवशर्मा नाम गरेको ब्राह्मण हुँ। घरमा ब्राह्मणी गर्भवती छ, गर्भाधान कर्म गर्नलाई भिक्षा माग्न भनी आएँ भने। तब ती बूढा ब्राह्मण ब्राह्मणीले टिपी लैजाऊ भने र ती शिवशर्माले आफै रूख चढी फल फूल टिप्न लागे। त्यसै औसरमा दैवसंयोगले रूखको हाँगो भाँचियो र रूखदेखि खसी शिवशर्मा मर्दा भए।

ती शिवशर्मा ब्राह्मण मरेपछि श्रीमहादेवको रूप भै कैलास पर्वतमा गए। श्री महादेव आएको पार्वतीले देखिन् र सुनको कमण्डलु ल्याई पाउ धोई भित्र डाकी भनिन्—हे ईश्वर ! लोग्नेमान्छेहरू पापी हुँदा रहेछन्, राम्री स्वास्नी देखेपछि सबै कुरा बिर्सदा रहेछन्। तपाईंले पनि मलाई बिर्सनुभएको थियो। अब सम्झनुभएछ र आउनुभयो।

हरे, सुखमा रहेकी त्यो गोमा ब्राह्मणीलाई कल छल-बलले ल्याई गर्भिणी तुल्याई दुःख दिई त्यस्ता ठाउँमा एकलै मिल्काई आउनुभो, अब त्यो गोमा के गरी खाली । यति पार्वतीले भनेको सुनी श्री महादेव हाँसीकन आज्ञा गर्दछन्—हे पार्वती ! सेवक भन्दामा पाप पनि गर्नुपर्छ । गोमा पनि अब सुखी हुन्छे । सन्देह नगर, भनी आज्ञा गरे ।

तहाँउप्रान्त ती भिक्षा माग्न भनी गएका शिवशर्मा धेरै दिन भयो र पनि फिरेनन् र गोमाले नाना दुःख गरी चन्द्रज्योति नगरमा गई भिक्षा मागी ल्याई गर्भाधान कर्म गरिन् । मास पूर्ण भयो र सब राजलक्षणले युक्त भएको पुत्र जन्मियो । गोमा ब्राह्मणीले चन्द्रज्योति नगरदेखि ब्राह्मणहरू डाकी ल्याई ब्राह्मणका मर्यादाले न्वारान गराइन् । ब्राह्मणहरूले ज्योतिष-शास्त्रमा विचार गरी नवराज भनी नाम राखे । हे गोमा ब्राह्मणी ! यो बालक संपूर्ण राजलक्षणले युक्त भएको छ, राजा पनि होइजाला, तिमीलाई सुख सन्तोष देला, निश्चय मान । यति ब्राह्मणहरूले भनेको वचन सुनी गोमा ब्राह्मणीले मनमा आनन्द गरी श्रद्धापूर्वक दक्षिणा

दिई भोजन गराइन्। ब्राह्मणहरू आफ्ना-आफ्ना घर गए। तहाँउप्रान्त त्यो बालखलाई गोमाले अर्काको धागो काती, ढिकी जाँतो गरी पालिन्। त्यो नवराज बालक पनि शुक्लपक्षका चन्द्रमा झैं दिन-दिन बढी ठूलो भएर खेल्न जाँदा संगीहरूले जेसुकै भने पनि सुनिरहन्थे, कसैसँग झगड़ा गर्दैनथे, सँगीहरूसँग खेली घर आउँथे। आमाले जो दिएको खाई चुप लागिरहन्थे। आफ्ना पुत्रको स्वभाव यस्तो बसेको देखी गोमा ब्राह्मणी बहुत खुशी भै जजमानहरूछेउ गई भनिन्—हे जजमानहो! मेरो पुत्र नवराज सँगीहरूसित खेली घर आउँछ, खान देऊ पनि भन्दैन, किन दिइनौ पनि भन्दैन, रिस पनि गर्दैन, यो नमीठो पनि भन्दैन। दिए खान्छ, नदिए चुप लागिरहन्छ। उहाँपछि मेरा पुरुष पनि छैनन्, घरमा सम्पत्ति पनि छैन, तिमी यजमानहरूको कृपाले ज्यूँ त्यूँ एक छाक खाई जिइरहेकी छु, अब त्यसको चूड़ाकर्म व्रतबन्धादि केले गरिदिउँ भनिन्। यति गोमाले भनेको सुनी यजमानहरूले आफ्ना-आफ्ना श्रद्धाले सकेको दिए र गोमाले संपूर्ण सामग्री तैयार गरी

नवराजको चूडाकर्म व्रतबन्धादि गरिदिइन् र वेद पुराणादि सम्पूर्ण शास्त्र विद्या सिकाई राखिन् । एक दिन त्यो नवराजदेखि यजमानहरू खुशी भएर गोमाछेउ गई भने—हे गोमा ! नवराजको विवाह गर्नें भए वरुणपुरका अग्निस्वामी ब्राह्मणकी पुत्री चन्द्रावती नाम गरेकी छन् । विवाह गरिदिउँ, सामग्री तैयार गर । यति यजमानहरूको वचन सुनी गोमा भन्छिन्—हे यजमानहो ! मेरो पुत्रको आर्जन छैन, घरमा सम्पत्ति छैन, त्यसलाई कन्या को देला ? कसो गरी विवाह गरिदिउँ ? भनिन् र यजमानहरू भन्छन्—हे गोमा! जे चाहिएको हामी दिन्छौं, के के चाहिन्छ? यति यजमानहरूले भनेपछि गोमाले मनमा आनन्द गरी भनिन्—हे यजमानहो ! हामीलाई गरीब देखी तिमीहरूको त्यस्तो दया, धन्य रहेछौ भनी विवाहलाई चाहिएको सामग्री मागिन् । यजमानहरूले सम्पूर्ण सामग्री तयार गरी सुदिनमा ब्राह्मणको मर्यादाले नवराजलाई वरुणपुरका अग्निस्वामी पुत्री चन्द्रावतीसित विवाह गरिदिए । गोमा, नवराज, चन्द्रावती तीन जनाले जे भएको खाई मिलीजुली रहे ।

तहाँउप्रान्त एक दिन ती नवराज ब्राह्मण बाहिर खेल्न जाँदा त्यसका संगीहरूले—हे ब्राह्मण! आजसम्म हामी नवराज भन्थ्यौं अब त्यसो होइन, तँ विनाबाबुको छोरो होस् भनी नाम राख्यौं, तेरो बाबु भए नाम क्या हो? कसको पुत्र होस्? हामीलाई बता! भनी आफ्ना संगीहरूले भने। नवराजले उत्तर दिन नसकी गोमाछेउ गई—हे माता! भनी आफ्ना संगीहरूले भनेको कुराको वृत्तान्त कहे। म कसको पुत्र हुँ, मेरा पिता को हुन्? कहाँ छन् भने। यति नवराजले भनेको वचन सुनी गोमाले वर्षाकालमा मेघ बर्सेजस्ता आँसु आँखाबाट खसाली भनिन्—हे पुत्र! शिवशर्मा तेरा बाबुको नाम हो, तँ गर्भमा छँदा भिक्षा माग्न परदेश गएका आजसम्म आइपुगेनन्। वा केही कामले बसेका छन् वा छँदैछैनन्! यति गोमाले कहिन्। तब नवराज भन्दछन्—हे माता! उसो भए आज्ञा देऊ, जहाँ बसेका छन्, म गई विचार गरी आउँछु भने र गोमा भन्छिन्—हे पुत्र! तेरो मुख हेरी तेरा बाबालाई बिर्सी रहेथें, अब तैंले पनि छाडिगए म कसको आधारले रहुँली। फेरि तँ गएपछि तेरी स्त्री चन्द्रावती पनि बस्नेछैन,

साइत जानेछु, यसअर्थले जान्छु भनी नभन् । यति गोमाले भनेको वचन सुनी नवराज ब्राह्मण फेरि भन्छन्–हे माता ! म केही भन्छु सुन्नुहवस्—

पुत्रस्य परमो धर्मः पित्र्युद्धारसमो नहि ।
पित्र्युद्धारं न कुरुते श्रद्धेयः सुखमिच्छति ॥
स याति नरकं घोरं यावच्चन्द्रार्कमेदिनी ।

छोराको ठूलो धर्म क्या हो भने पितृको उद्धार गर्नु । जुन छोराले पितृको उद्धार नगरी आफ्नू सुख-भोगपछि मात्र लाग्छ भने, त्यो जहाँसम्म चन्द्र सूर्य रहन्छन्, जहाँसम्म पृथ्वी रहलिन् तहाँसम्म अघोर नरकमा पर्ला, म गर्भमा छँदै गएका मेरा पिता मेरो यो उमेर भएर पनि किन आएनन् ? मरे कि बाँचेकै छन् । विचार गर्नुपर्दैन ? मरेका भए निश्चय गरी ठहराई क्रिया गरी आउँला, बाँचेका भए डाकी सँगै ल्याउँला, त्यति पनि गरिनँ भने मैले जन्मीकन के गर्नु छ, हे माता ! तिम्रो सेवा गर्न तिम्री बुहारी छँदै छ, मलाई कस्तै दुःख भए पनि म जान्छु, बिदा दिनुहवस् । यति नवराजका वचन सुनी गोमा ब्राह्मणी सन्तोष भै भन्छिन्–हे पुत्र ! तँ धन्य, तेरा वचनदेखि म अति

सन्तोष भएँ, तेरो कल्याण हवस्, तेरा बाबु बाँचेका भए दनि खबर पाएस् भनी कपालमा हात राखी आशिष दिइन्। नवराज ब्राह्मणले पनि आफ्नी महतारीको आशिष थापी, साष्टाङ्ग प्रणाम गरी, आफ्नी स्त्री चन्द्रावतीलाई अह्राउने कुरा अह्राई बाबुको खबर गर्न भनी परदेश गए र ठाउँ-ठाउँमा 'शिवशर्मा नाम गरेका वृद्ध ब्राह्मणलाई देखेथ्यौ कि ?' भनी सबछेउ सोधी, सर्वत्र खोजी हिंडे। यस्ता तरहले जाँदा जाँदा गंगाका तीरमा ऋषिका आश्रममा पुगे। तहाँ बहुत वृद्ध अवस्था भएका ब्राह्मण ब्राह्मणी स्त्री पुरुषलाई देखे र तिमी, को हौ ? यहाँ किन बसिरहेछौ ? भनी नवराजले सोधेर वृद्ध ब्राह्मणले हे बालक ! हामी ब्राह्मण हौं, वृद्ध अवस्था भयो र गंगामा प्राण त्याग गरौंला भनी आफ्नू घर छोडी यहाँ घर तुल्याई बसेका छौं भनी तिमी को हौ, किन यहाँ आयौ ? भन्दा नवराज भन्छन्—म पनि नवराज नाम गरेको ब्राह्मण हुँ, म गर्भमा छँदै गर्भाधान कर्म गर्नलाई भित्ता माग्न भनी परदेश गएका मेरा पिता शिवशर्मा नाम गरेका ब्राह्मण अझ फिरेनन् र खबर गर्न

आएँ, तिमीले देखेथ्यौ कि भनी सोधे। यति नवराजका वचन सुनी वृद्ध ब्राह्मण भन्छन्–हे नवराज ब्राह्मण ! गर्भाधान कर्म गर्नलाई भिक्षा माग्न आएका चन्द्रज्योति नगरका शिवशर्मा नाम गरेका वृद्ध ब्राह्मणलाई हामीले देखेथ्यौं, यहाँ आई आफ्नू नित्य पूजा गर्नलाई फूल टिप्न त्यस रूखमा चढेका त हाँगो भाँचियो र रूखदेखि खसी मरे। हाडखोड ता आजसम्म पनि रहेकै होला, त्यहाँ गई हेर भने। यति वृद्ध ब्राह्मणले भनेको सुनी नवराज रूखमनि हेर्न गए। त्यहाँ आफ्ना बाबाका हाडखोड देखेर हे पिता ! मेरा निमित्त भिक्षा माग्न आएका तिमीले मेरो मुख नदेखी यस्ता वनमा आई रूखदेखि खसी मर्‍यौ, यस्ता कुरा सुनी महतारीले शोक गर्दा कसो गरी बुझाउँला भनी नाना तरहले शोक गरी भूमिमा परी रुन कराउन लागे। फेरि धैर्य गरी हाडखोड सबै बटुली गंगामा लगी संस्कार गरेर ब्राह्मणका मर्यादाले दशक्रिया गरी अब कता जाऊँ, घर जाऊँ भने सम्पत्ति छैन, विशेष यो खबर कही महतारीले शोक गरेको देख्नुपर्छ। यसअर्थले हुने भए कोही राजाको

सेवा गरी केही द्रव्य लिई जाऊँ भनी शहरमा पसी राजाको सेवा गर्न लागे।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानी परमेश्वर्यां व्रतकथायां शिवशर्मा परलोकगमनं नाम द्वाविंशोऽध्यायः ॥ २२ ॥

•

त्रयोविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि! तहाँउप्रान्त नवराज ब्राह्मण आफ्ना बाबाको खबर गर्न गएपछि नवराजकी स्त्री चन्द्रावती ब्राह्मणीले आफ्नी सासू गोमा ब्राह्मणीछेउ भनिन्—हे माता! म मेरो माइत नगएको धेरै दिन भयो, यहाँ खानलाई अन्न छैन, लाउनलाई वस्त्र छैन, अरूसँग मात्र मागी कति दिन निर्वाह गरूँली, यसअर्थले अलिक दिन म माइत बसी आउँछु, तपाइंले आफ्नो जीउको घरको संभार गर्नू। तपाइंका छोरा आएपछि मलाई डाक्न पठाउनुहोला, म गएपछि एक पेट पाल्न तपाइंलाई पनि सजिलै होला, म जान्छु भनी गोमा ब्राह्मणीलाई प्रणाम गरी माइत गइन्। चन्द्रावती गएपछि गोमा ब्राह्म-

णीले आफुलाई दुःख भएको देखी भिक्षुकरूप श्री महादेवले श्राप गरेको सम्झी भन्न लागिन्-- 'सात वर्षकी हुँदा सत्तरी वर्षका बूढासित विवाह भयो; उनी पनि भिक्षा माग्न भनी गएका फिरेनन्, छोराले पनि बुहारीले पनि छाडी गए, यस्ता अवस्थामा परें, म धिक्कार रहिछु। उस दिन मलाई सराप दिने भिक्षुक श्री महादेव रहेछन्, हे जगदीश्वर, मैले जानिनँ, त्यो अपराध क्षमा गर, हे शशिशेखर ! तपाईंलाई कोटि-कोटि नमस्कार छ। मलाई रक्षा गर कि यो प्राण हर' भनी यस्ता तरहले गोमा ब्राह्मणीले आँखादेखि आँसु खसाल्दै सधैं रोई कराई बौलाही जस्ती भै हिंड्न लागिन्। यो कुरा कैलास पर्वतमा पार्वतीले चाल पाइन् र श्री महादेवको आनन्द समयमा बिन्ती गर्न लागिन्-- 'हे स्वामी ! हेर्नुहोस्--गोमा ब्राह्मणीको दुःख, त्यो पनि तपाईंकी स्त्री हो, त्यसो गर्न योग्य छैन, मलाई अति करुणा भयो। हे दयासागर ! त्यसको म केही उपाय गरूँ कि ? आज्ञा दिए श्रीस्वस्थानी परमेश्वरीको व्रत गराऊँ र दुःखका समुद्रदेखि पार होली।' यति पार्वतीका वचन सुनी श्री महादेवले

'त्यसै गर' भनी आज्ञा दिए र पार्वतीले सप्तऋषिलाई डाकी तिमीहरू मर्त्यमण्डलमा जाओ र चन्द्रज्योति नगरमा गोमा नाम गरेकी ब्राह्मणी अति दुःखी छ, त्यसलाई श्रीस्वस्थानी परमेश्वरीको व्रत गराई आओ। श्रीस्वस्थानी परमेश्वरीका व्रतको प्रभावले गोमा ब्राह्मणी दुःखदेखि पार होली भनी संपूर्ण व्रतविधि बताइन्।

यति पार्वतीको आज्ञा सुनी सप्तऋषिले 'हवस्' भनी मर्त्यमण्डलमा गई चन्द्रज्योति नगरमा पुगी शहरबाहिर गोठाला केटाकेटीसित 'यहाँ दुःखी को छ ?' भनी सोधे। यो चन्द्रज्योति नगरमा उस्ता दुःखी कोही छैनन्, सबै सुखमा छन्। शहरबाहिर गोमा नाम गरेकी ब्राह्मणी अति दुःखी छन्, उहाँ गई सुध्याइहेर भनी घर देखाइदिए र ऋषिहरू तिनका घर गए। गोमाले पनि सप्तऋषिहरूलाई देखी प्रणाम गरी आदर गरी भित्र डाकी लगी पिरामा बसाली–हे ऋषीश्वरहो ! मेरा घरमा आई म यस्ती पापिनीलाई दर्शन दिनुभयो, के कामले आउनुभयो, आज्ञा गर्नुहवस् भनिन्। सप्तऋषिहरू भन्छन्–हे गोमा ! तिमी अति दुःखिनी

हुनाले श्रीस्वस्थानी परमेश्वरीको व्रत कथा गराउन आयौं, एकचित्त भै सुन । सत्ययुगमा हिमा-

(गोमा ब्राह्मणीलाई सप्त ऋषिले स्वस्थानीको व्रत गर्ने विधि वताएको)

लय पर्वतकी पुत्री पार्वतीले श्री महादेव स्वामी पाउना निमित्त गरेको यो व्रत पौषशुक्ल पूर्णिमाका दिनदेखि आरम्भ गर्नू, गोडाका नङ काटी, स्नान गरी, शुचि भै एकभक्त रही एकचित्त गरी महीना दिनसम्म नित्य मध्याह्न कालमा श्री महादेवको पूजा गर्नू । माघशुक्ल पूर्णिमाका दिन अष्टोत्तर सय रोटी, अष्टोत्तर सय अक्षता, अष्टोत्तर सय जात

जातका फूल, नाना उपचार तयार गरी आर्सीमा ॐकार लेखी गंगाजलले स्नान गराउनू । सिन्दूर, रक्तचन्दन, फूल पहिराउनू, धूप दीप नैवेद्यादि मेवा मिष्टान्न कस्तूरी वस्त्र भेटी चढ़ाई श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू र कथा सुन्नू । अर्कालाई सुनाउनू, सुन्ने कोही नभए आफैले भन्नू, आफैले सुन्नू, आफ्ना ओछ्यान, खाट, उइँटा, धनुलाई सुनाउनू । उहाँपछि जुन कामना गरी आफूले व्रत गरेको छ मेरो फलानू काम सिद्ध होओस् भनी श्रीस्वस्थानी परमेश्वरीलाई अर्घ्य दिनू, जप ध्यान पूजा गर्नू, श्रीस्वस्थानी परमेश्वरी भनेकी कस्ती हुन् भने हे गोमा ब्राह्मणी ! सुन—

सुवर्णवर्णदीप्ताभां त्रिनेत्रां कमलासनाम् ।
सिंहासनसमासीनां सर्वालंकारभूषिताम् ॥
नीलोत्पलधरां वामे दक्षिणे वरदां शुभाम् ।
खड्गचर्मधरां चोर्ध्वं वामदक्षिणयोः क्रमात् ॥
चतुर्भुजां च मां तत्र पूजयेद् वृषकेतनम् ।
एवं ध्यात्वा महादेवीं स्वस्थानीं जगदीश्वरीम् ॥

पीत वर्ण सुवर्णभन्दा पनि दिव्य वर्ण भएकी, तीन आँखा भएकी, कमलको फूल झैं उज्यालो

मुख भएकी, सिंहासनमा बसेकी, नाना अलंकार लाएकी, खड्ग, चर्म नीलोत्पल लिएकी, चार हात भएकी यस्ती श्रीस्वस्थानी परमेश्वरीलाई सम्झी त्यहाँ मेरो पूजा पनि गर्नू भनी श्री महादेवले आज्ञा भएको छ । यस्ती जगदीश्वरी श्रीस्वस्थानी परमेश्वरीलाई मनले ध्यान गरी यो स्तोत्र पाठ गर्नू ।

नमस्तेऽस्तु जगन्मातः स्वस्थानी सर्वमङ्गले !
तव प्रसादाद् देवेशि व्रतपूर्णं तवाज्ञया ॥

हे जगन्माता ! हे स्वस्थानी परमेश्वरी !! हे संपूर्ण लोकलाई मङ्गल गर्ने !!! तपाईंको प्रसादले मेरो व्रत पूर्ण भयो भनी प्रसाद झिक्नू । अष्टोत्तर सयमा आठ अक्षता, आठ बेलीपुष्प, आठ यज्ञसूत्र, आठ पान, आठ कुडका सुपारी, सगुनसमेत आफ्ना पुरुषलाई दिनू, पुरुष नभए छोरालाई दिनू । छोरा नभए मीतछोरालाई दिनू, मीत छोरो नभए मेरो फलानू कामना सिद्ध होओस् भनी गंगामा लगी बगाइदिनू, सय रोटी आफूले फलाहार गर्नू र रात्रिमा जागा भै रहनू । त्यति गरेपछि हे गोमा ब्राह्मणी ! श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले तिम्रो सम्पूर्ण दुःख नाश होला, अन्यथा

नमान । यसै व्रतका प्रभावले पार्वतीले पनि श्री महादेव स्वामी पाइथिन् । अब हामी जान्छौं भनी यति सप्तऋषिहरूले व्रतविधि बताएपछि गोमा ब्राह्मणीले मनमा आनन्द गरी भनिन्—हे सप्त-ऋषीश्वरहो ! तपाइंहरूको कृपाले श्रीस्वस्थानी परमेश्वरीको व्रतविधि सुनिसकें, म यस्ती पापिनीका घरमा केही वस्तु छैन, केले आतिथ्य गरूँ ! पसल-देखि पान किनी ल्याउँछु, तब जानुहोला भनी चर्खामा रहेका धागाको लरिया लिई घरदेखि निस्किन् । सप्तऋषिहरूलाई गोमा ब्राह्मणीको दुःख देखी बडो दया भयो र सातओटा सुनका कौडी आफूहरू बसेका पिरुकामनि छोडी स्वर्ग गए ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्यां व्रतकथायां सप्तर्षिकृत स्वस्थानी व्रतोपदेशो नाम त्रयोविंशोऽध्याय : ॥ २३ ॥

●

चतुर्विंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि ! तहाँउप्रान्त गोमा ब्राह्मणीले धागाको लरिया लिई चन्द्रज्योति नगरका बरहीको घरमा गई 'मेरो

घरमा सप्तऋषि आएका छन्, तिनलाई खान दिन्छु, यो धागाको पान देऊ' भनिन् । यति गोमा ब्राह्मणीले भनेको सुनी बरहीले 'हे गोमा ब्राह्मणी ! आज पान कत्ति छैन, जति भएको हिजै बेचिसकें, नपत्याए हेर्नुहवस्' भनी छोपिराखेको पानको भाँडो उघारी देखायो, तब भाँडाभरि पान भरहेको देखी यो के आश्चर्य भयो भनी चिन्ता गरी भन्छ– 'हे गोमा ब्राह्मणी ! यस भाँडाको पान हिजै बेचिसकेथें, आज कताबाट आयो ! तिमीले मेरा घरमा सप्तऋषि आएका छन्, तिनलाई खान दिन भन्दामा यस्तो भयो कि' भनी बहुतै शर्म मानी 'तिमी धन्य, त्यो धागो पनि म लिन्नँ। पान लगी ऋषिहरूलाई खान देऊ' भनी आधा पान ल्वाङ सुपारीसमेत दियो र गोमा ब्राह्मणीले मनमा आनन्द गरी ल्वाङ सुपारी लिई आउँदा सप्तऋषिहरूलाई देखिनन्, अरू थोक नभए पनि ऋषिहरूलाई पानले पाहुना मानी सन्मान गरुँली भनेको, म पापिनीका हातको पान खानुपर्ला भनी गैगएछन्। म धिक्कार रहिछु भनी विस्मात गर्न लागिन्। धेरै बेरपछि हातमा कुचो लिई पिरुका उठाई बढारूँ

भन्दा ऋषिहरूले छाडी गएका सातोटा सुनका डल्ला देखिन्। त्यो द्रव्य पाएपछि ऋषिहरूले बताएभैं पौषशुक्ल पौर्णिमाका दिनदेखिन् गोडाको नङ काटी, स्नान गरी शुचि भै एकभक्त रही, एक-चित्त गरी नित्य मध्याह्नकालमा श्री महादेवको पूजा गरी रात पर्नेबित्तिकै कोही नहुनाले आफ्ना ओछ्यान, चर्खा उइँटा धनु मुख्याञ्जी राखी श्रीस्वस्थानी परमेश्वरीको कथा भन्थिन्। यसो गर्दा चन्द्रजोति नगरका गोठाला केटाकेटीले सुनेर खरको भित्तो च्याती च्याउन लाग्दा ओछ्यान चर्खा उइँटा धनु मुख्याञ्जी राखी एक्लै कराउन लागेकी गोमा ब्राह्मणीलाई देखेर–हे गोमा ब्राह्मणी ! तिमीलाई के भयो ? किन एक्लै त्यसरी कराउँछ्यौ ? भनी सोधे, तब गोमा भन्दछिन्–हे बालकहो ! सुन सप्त-ऋषिहरू आई 'श्रीस्वस्थानी परमेश्वरीको व्रत गर' भनी उपदेश गरी गए र त्यही व्रत गरी श्रीस्वस्थानी परमेश्वरीको कथा भनेको हो, कराए-की होइन, मलाई रोग भएको पनि छैन, बौह्लाएकी पनि छैनँ, सुन्ने कोही नहुँदा ओछ्यान, चरखा, उइँटा, धनुलाई सुनाउँछु। यति गोमा ब्राह्मणीको

वचन सुनी गोठाला केटा-केटीहरूले आफूहरूले दिउँसो खान भनी लगेको अन्न छाडी गए। सधैं गोमा ब्राह्मणीले कहेको कथा सुन्दथे, जे भएको पनि लगिदिन्थे। त्यसो गर्दा श्रीस्वस्थानी परमेश्वरीको बलका प्रभावले गोठाला केटाकेटीका गाईलाई घाँस टाढा खोज्न जानुपरेन, नजीकै पाउन लागे। गोमालाई पनि अन्न वस्त्र द्रव्य हुँदै गयो। तहाँउप्रान्त महीना दिनमा संपूर्ण सामग्री तैयारी गरी एकचित्त भै श्रीस्वस्थानी परमेश्वरीको पूजा गरी ध्यान गरी हातमा अर्घ्यपात्र लिई–"हे श्री स्वस्थानी परमेश्वरी! मेरो पूजादेखि सन्तोष भै मलाई दुःखका समुद्रदेखि पार गर, फेरि मेरो पुत्र नवराज आफ्ना बाबुको खबर गर्न गएको चाँडो आइपुगोस्, हे निरञ्जन ! हे जगदीश्वरी ! फेरि मलाई श्रीमहादेवले भिक्षुक-रूप भै डमरुको शब्दले श्राप दिएको नाश गर, हे निराकार ! फेरि मलाई र मेरा पुत्र नवराजलाई पनि हितभावले यस लोकमा सुख सम्पत्ति दिई रक्षा गर। हे करुणामयि ! तपाईंको ध्यान सधैं मेरो हृदयमा रहोस्, हे जगदीश्वरी ! यो ब्रह्माण्ड संसारमा सृष्टि स्थिति संहारका कर्ता

ब्रह्मा विष्णु महेश्वर भएकी आदि अन्त नभएकी यस्ती श्रीस्वस्थानी परमेश्वरी तिमीलाई कोटि-कोटि नमस्कार छ । हे पिनाकधारी ! तिम्रो महिमा वर्णन गर्न अनन्त मूर्ति शेषनाग भए सरस्वती भइन्, यिनले पनि नसकेका म जस्तीले के सकुँली भनी स्तुति गरी अर्घ्य दिइन् । अर्घ्य दिइसकी कोटि कोटि प्रणाम गरी प्रसाद झिकी भित्र गै अष्टोत्तर सयमा आठ रोटी, आठ अक्षता, आठ बेली



(गोमा ब्राह्मणीले स्वस्थानीको पूजा गरेपछि छोरा नवराज टुप्लुक्क आइपुगेको)

पुष्प, आठ जनै, आठ कुड्का सुपारी सगुनसमेत यो मेरो पुत्र नवराजलाई भनी पर सारी, सय रोटी

आफूले फलाहार गरिन् । रात्रिमा जागा भइरहिन् । त्यसै दिन धेरै रात गएपछि श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले नवराज आइपुगे र बाहिर बसी हे माता ! भनी बोलाए । गोमाले आफ्ना पुत्र नवराजको बोली सुनी चिनिन् र चाँडै उठी बाहिर आई भित्र डाकी लगिन् । बडा प्रीतिले काखमा लिई—पुत्र, कुशल छस् कि ? तेरा बाबुको खबर के छ ? भनी सोधिन् ।

नवराज कहन्छन्–हे माता ! भिक्षा माग्न गएका मेरा पिता गंगातीरमा ऋषिको आश्रममा पुगी गंगामा स्नान गरी नित्य पूजा गर्न रूख चढी फूल टिप्न लाग्दा रूखको हाँगो भाँचिई खसेर मरेछन् । मलाई वृद्ध ब्राह्मणले कहे र रूखमनि हेर्न गएँ, हाडखोड रहेका रहेछन् । गंगाको तीरमा लगी संस्कार गरी श्रद्धापूर्वक क्रिया गरिदिएँ ! घर आऊँ भनी आउँदा घरको दुःख सम्झी उसै कसो गरी जाउँ भनी शहरमा पसी राजाको सेवा गरी रहें । राजाले केही द्रव्य दिए र तपाईंका चरणमा आएँ, तपाईंको दर्शन पाएँ । यति नवराजले भनेपछि गोमा बहुतै अधैर्य भै निर्विवेकी विधा-

ताले सत्तरी वर्षको बूढोसित सात वर्षकी मेरो विवाह गरायो, यो अयोग्य भयो । त्यै बूढो पुरुष पनि मेरो यस्तो यौवनमा मारिदियो । हे स्वामी ! भिक्षा माग्न भनी गएका तिमीले मलाई एक्लै जाडी कता गयौ ? हे नाथ ! तिमीविना मेरो प्राण कसो गरी रहला । जहाँ तिमी गयौ, मलाई पनि उहीं लैजाऊ भनी रुँदै मूर्छा भै भूमिमा परी नाना तरहको शोक गर्न लागिन् । त्यो देखी नवराज भन्छन्–हे माता ! शोक नगर्नुहोस् । यो संसारमा यस्तै छ । जन्मीकन को मर्दैन, एकफेर सबैले मर्नुपर्छ । यसअर्थले शोक नगर्नुहोस् । अब मेरो मुख हेर्नुपर्छ । तपाईंकी बुहारी कहाँ छ ? यतिका दिनसम्म तपाईंहरूले के खाई रहनुभयो, तपाईं पनि यस वेलासम्म नसुती के गर्नुहुन्छ, अनेक फल फूल चन्दन धूप नाना सुगन्धको बास्ना आउँछ, हे माता ! के काम गर्नुभो ? आज्ञा हवस् ।

यति आफ्ना पुत्र नवराजले भनेको सुनी गोमा ब्राह्मणीले धैर्य गरी नवराजलाई भनिन्–हे पुत्र ! थाकीकन आइस्, भोक पनि लाग्यो होला भनी खान दिइन् । खाइसकेपछि हे पुत्र नवराज ! तेरी

स्त्री चन्द्रावती माइत गएकी छ, मलाई तिम्रा छोरा आएपछि डाक्न पठाउनू भनेकी थिई, मैले तँलाई सम्झी दुःख काटिरहेकी थिएँ, तब एक दिन सप्त ऋषिहरू आए। मेरो दुःख देखी बडो दया गरी श्री स्वस्थानी परमेश्वरीको व्रत गर, तिम्रो दुःख नाश होला, इच्छा सिद्धि होला भनी उपदेश गरे र उनका उपदेशले मेरो पुत्र चाँडो आइपुगोस्, दुःख नाश होओस् भनी श्रीस्वस्थानी परमेश्वरीको व्रत पूजा जागरण गरेथें, मनोरथ पूर्ण भयो। अब तँलाई पनि उनको महिमा सुनाउँछु, एकचित्त भै सुन्। यस लोकमा सुख सम्पत्ति पाएर परलोकमा मोक्ष होलास् भनी सम्पूर्ण कथा सुनाइन्। तहाँउप्रान्त उज्यालो भयो र नवराज ब्राह्मणले भने–हे माता ! तपाइँ धन्य हुनुहुन्छ। यस्ती श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्नुभयो, म सन्तोष भएँ, अब गङ्गामा स्नान गरी आउँछु भनी बिदा भै स्नान गर्न भनी गङ्गामा गई स्नान गरिसकी हरिहरको पूजा गर्दा गोमा ब्राह्मणीले गरेका श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले गंगादेखि हरिहर प्रत्यक्ष भै–"हे नवराज ! तेरी माता गोमा ब्राह्मणीले गरेको श्री-

स्वस्थानी परमेश्वरीको व्रतको प्रभावले हामी सन्तोष भयौं, वरदान ले ! यस गंगादेखि दक्षिण दिशामा लावण्य देश छ, त्यहाँ राजा छैनन्, हात्तीलाई सुवर्ण-कलश, फूलको माला दिई राजा खोज्न लागेका छन्, तँ त्यहाँ जा, हामी त्यस हात्तीमा प्रवेश भै राज्याभिषेक तँलाई दिलाऔंला । राजा होलास्" भनी वरदान दिए । यति हरिहरले वरदान दिएको सुनी नवराज स्तुति गर्न लागे—

(नवराजलाई हरिहरले गंगास्नान गरेको वेलामा दर्शन दिई वरदान दिएको ।)

यौ तौ शंखकपालभूषितकरौ मालास्थिमालाधरौ ।
देवौ द्वारवतीश्मशाननिलयौ नागारिगोवाहनौ ॥

द्विन्यक्षौ बलिदक्षयज्ञमथनौ मेघाद्रिराजप्रभौ ।
पापं मे हरतां सदा हरिहरौ श्रीशैलजावल्लभौ ॥

हे हरिहर, हातमा शंख कपाल लिएका, वनमाला, अस्थिमाला लाएका, दिव्य रूप भएका, द्वारिका र श्मशानमा बसेका, गरुड वृषभ वाहन भएका, दुइ तीन आँखा भएका, बलिराजा, दक्षप्रजापतिको यज्ञ मथन गर्ने भएका मेघ हिमालय पर्वतको जस्तो वर्ण भएका, लक्ष्मी पार्वतीका स्वामी भएका यस्ता तपाइँहरूले मेरो पाप सदा हरण गरिदिनुहवस्, ममाथि दया गरी अनाथ भै रहेको मलाई दर्शन दिनुभयो, धन्य रहेछु, मेरी महतारीको गर्भमा वास लिएको जन्म सफल भयो । हे भक्तवत्सल ! तपाइँ कस्ता भने दुष्टजनको नाश गरी साधुजनको रक्षा गर्ने, ब्रह्माण्ड संसारको सृष्टि गरी पाप पुण्यको साक्षी भएका यस्ता तपाईंलाई कोटि कोटि नमस्कार छ । तपाइँको महिमा वर्णन गर्न हजार जिह्वा भएका शेषनागको पनि शक्ति छैन, अरूको के होला । सधैं तपाइँको भक्तिमा मेरो चित्त लागोस् भनी नाना स्तुति गरे । तब हरिहर अन्तर्ध्यान भए ।

ती नवराज ब्राह्मणले हरिहरको दर्शन पाएपछि सूर्यको जस्तो तेज भै घर आए। त्यस्तो तेज भएका नवराजलाई गोमा ब्राह्मणीले देखी आश्चर्य मानी भन्छिन्–हे पुत्र ! तँ आज अति तेजवन्त छस्, त्यसै हो कि मेरो चित्त भ्रान्तिले हो, देवराज इन्द्रभन्दा पनि सुन्दर देख्छु। त्यति आफ्नी महतारीले भनेपछि नवराज ब्राह्मणले स्नान गर्न जाँदा गंगादेखि हरिहर प्रत्यक्ष भएको कुरा र लावण्य देशमा राजा होलास् भनी वरदान दिएको वृत्तान्त कही हे माता ! तपाईंका तपस्याका प्रभावले म यस्तो भएँ भने। यति नवराजले कहेको सुनी गोमा ब्राह्मणीले खुशी भै भनिन्—हे पुत्र ! मेरो पुत्र चाँडो आइपुगोस् भनी श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेथें, राति तँ आइपुगिस्, तँलाई प्रसाद राखिदिएको छ, ला ! यस्ती श्रीस्वस्थानी परमेश्वरीले तेरो सदा कल्याण गरून्, तँ पनि सधैं उनका भक्तिमा चित्त लगाएस् ! भनी श्रीस्वस्थानी परमेश्वरीको प्रसाद आठ रोटी, आठ अक्षता, आठ बेलीपुष्प, आठ यज्ञसूत्र, आठ पान, आठ कुड्का सुपारी, सगुनसमेत दिइन् र हे पुत्र!

तँ हरिहरको आज्ञाले लावण्य देशको राजा भएस् ! भनी कपालमा हात राखी आशिष दिइन् । नवराज ब्राह्मणले पनि श्रीस्वस्थानी परमेश्वरीको प्रसाद खाई 'हवस्' भनी महतारीको चरणमा प्रणाम गरी लावण्य देशमा राजाको खोज हुने प्रबन्ध भएका ठाउँमा गएर बसे ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसम्वादे श्रीस्वस्थानी परमेश्वर्यां व्रतकथायां गोमा श्रीस्वस्थानो व्रतकृतो नाम चतुर्विंशोऽध्यायः ॥ २४ ॥

•

पञ्चविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि ! तहाँ उप्रान्त लावण्य देशमा त्यहाँका मन्त्रीहरूले हात्तीलाई सुवर्णको कलश, फूलको माला दिई राजा खोज्न लगाइराखेका थिए । लोकहरूले नाना वस्त्र अलंकार पहिरी राजा होइजाउँला कि भनी हात्तीका नजीक गै अगि पछि हिंड्न लागे । नवराज ब्राह्मण पनि पाटीमा बसी हेरिरहेका थिए । हरिहर हात्तीमा प्रवेश गरी नवराज ब्राह्मणका नजीकमा गई फूलको माला गलामा लाइदिई सुवर्णको कलशले अभिषेक गरे । त्यो देखी लोकहरू भन्छन्—"हे

लोकहो ! यो हात्ती बौलायो, यस देशमा क्षत्रिय कोही छैनन् र ! यस्ता ब्राह्मणलाई अभिषेक गऱ्यो" भन्न लागे। कसैले हात्ती बौलाएको होइन, तिमीहरू बौलायौ, मुखले नबोले पनि हात्ती देवता



(नवराजलाई हात्तीले राजा बनाउन माला पहिराइदिएको)

हो, हे मूर्खहो ! ब्राह्मण भए पनि, क्षत्रिय भए पनि, वैश्य भए पनि, शूद्र भए पनि उसका तपस्याले राजा भयो, विनानारायणको अंशले नारायणले नदिए राजा हुन उसै पाइँदैन चुप लाग भनी सम्झाए।

तहाँउप्रान्त हरिहर प्रवेश भैरहेका हात्तीले नवराजलाई सूँडले उठाई आफ्ना कुम्भस्थलमा राखी दरबारमा लिई गयो । गुरु पुरोहितले नाना वस्त्र, अलङ्कार पहिराई सम्पूर्ण सामग्री तैयार गरी पूर्णघट, अष्ट मङ्गल गरी, सुदिन ठहराई त्यस शहरको राजाकी पुत्री लावण्यवती नाउँ गरेकीलाई विधिपूर्वक नवराजलाई कन्यादान गरी उनलाई राजा तुल्याए । हे महाराज! अभिषेक भएको छैन, सामग्री तैयार छ, सुदिन ठहराई अभिषेक लिनुहवस् भनी मन्त्री गुरु पुरोहितले भने । त्यसपछि नवराज भन्छन्–"हे गुरु पुरोहितहो, विना मेरी महतारीले नदिई अरूको अभिषेक कसो गरी लिऊँ । चन्द्रज्योति नगरका शहरबाहिर एक खरले तुल्याएको घर छ, त्यहाँ गोमा नाउँ गरेकी ब्राह्मणी छन्, ती मेरी महतारी हुन्, चाँडै लिन पठाइदेओ ।" यति नवराजले भनेको सुनी मन्त्रीले 'म जान्छु' भनी नाना वस्त्र अलङ्कार लिई फौजसमेत मै चन्द्रज्योति नगरमा गए र गोमा ब्राह्मणीलाई भेटी प्रणाम गरी भने–"हे महारानी ! तपाईंका पुत्र नवराज लावण्य देशमा राजा भए, उनको म

मन्त्री हुँ, तपाईंलाई लिन पठाउनुभयो र आएँ, यी वस्त्र अलङ्कार, पालकी ल्याएको छ, पहिरी चाँडो हिंड्नुहवस् भनी बिन्ती गरे। यस्तो मन्त्रीले भनेको वचन सुनी गोमाले मनमा आनन्द गरी मन्त्रीले ल्याएको वस्त्र अलङ्कार पहिरी पालकीमा बसी लावण्य देशमा गइन्। चन्द्रज्योति नगरका स्त्रीहरूले चाल पाए र हेर्न भनी कसैका कपालको केश फुकेको, कसैका पटुकाको छेउ फुस्केको, कसैका छोरा-छोरी रोएको, कसैले भात खान लागेको पनि छाडी यस्ता तरहले हतपताउँदै निस्के। पालकीमा बसी फौजसमेत भै गएकी गोमालाई देखी भन्छन्– हेर, स्त्रीजाति भए पनि गोमा सधैं धागो काती अर्काको ढिकी जाँतो गरी बाँचिरहेकी थिइन् र आज मुमा महारानी भइन्, पालकीमा बसी गइन् भनी आपसमा बोल्न लागे। गोमा ब्राह्मणी तहाँ देखि गई लावण्य देशका नगीचमा पुगिन्, नवराजले चाल पाए र हाती घोडा रथ लगी गीत वाद्य गरी सिन्दूर यात्रा गरी दरबारमा लगेर साष्टाङ्ग प्रणाम गरी–"हे माता ! तपाईंका तपस्याले हरिहरका कृपाले लावण्य देशको राजा भएँ, धन्य

तपाईंको तपस्या, मेरो भाग्य! अब अभिषेक पनि दिनुहवस्" भने। यति नवराजले भनेको सुनी सुदिन ठहराई सुनको सिंहासनमा बसाली नवराज र लावण्यवती रानीलाई विधिपूर्वक राज्याभिषेक दिइन्। राज्याभिषेक भैसकेपछि गुरु पुरोहित ब्राह्मणलाई भोजन गराई दक्षिणा दिई बिदा गरी हात्ती घोडा रथ तैयार गरी गीत वाद्य गर्दै फौजसमेत लिई दरबारमा प्रवेश गरे; त्यसपछि केही विश्राम गरेपछि गोमाले छोरा महाराज नवराजलाई राजकाजको उपदेश दिंदै भनिन्, बाबू नवराज, यो राजकाजको काम सजिलो छैन साह्रै नै गाह्रो अत्यन्त कठिन काम हो, किनभने राजालाई सज्जनले भन्दा धूर्तहरूले आफ्ना घेरामा पारिराखेका हुन्छन् र तिनीहरू भन्छन् जति कुरा नजान्दा व्यवहार चल्दैन त्यति कुरा साधारण मान्छेले पनि जानेको हुन्छ, त्यस्ता कुराको लागि कुनै शास्त्र पढिरहनुपर्दैन, दूध खाने बालक पनि आफ्नो स्वार्थ-साधना गर्न गर्नुपर्ने उपाय आफैं जान्दछ तसर्थ राजनीतिको चक्करमा परेर निरन्तर कष्ट भोग गर्ने संकटमा नलागी आरामसाथ सुख-भोग गर्नू ।

कति भन्छन् यसरी इन्द्रियहरूमाथि विजय प्राप्त गर्नुपर्दछ, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, भन्ने छओटा शत्रुलाई जित्नुपर्छ, साम, दान, भेद, दण्ड यी चार उपायहरूको खूब विचार गरेर आफन्त र परचक्रीमाथि प्रयोग गर्ने तरीका जान्नुपर्दछ, सन्धि, विग्रह, यान, आसन, द्वैध, आश्रय यी छ प्रकारका राजनयिक गुणहरूको चर्चा र तदनुसार व्यवहार गर्ने चिन्तनमा निरन्तर लागिरहनुपर्दछ, ऐश आराममा लागेर बरबादीतर्फ जानु हुँदैन, इत्यादि । यस्तो कुरा गर्ने राजनीतिका जानिफकार हूँ भन्ने मूर्ख मन्त्रीहरू बकुल्ला जस्ता सेतो अनुहार भएका कौवा जस्ता काला कबूतर भएका हुन्छन् र विचार गरी ल्याउँदा यी सबै हजूरकै धनको चोरी गरी राँड र रक्सी, जुवा र नारी, झिल्के र मिल्के, चोरी र छिनारीसमेतका अति घृणित काम गरी सुख सयलमा मग्न रहेका हुन्छन्, तसर्थ यस्ता बौराहरूको कुरै छाडौं, जो निरन्तर राजनयिक कठिन मन्त्रचिन्तामा व्यग्र रही नीतिशास्त्रीय भाँति भाँतिका तन्त्र एवं शास्त्रहरूको रचना गर्ने शुक्र बृहस्पति पराशर आदि भए के

उनीहरूले व्यवहारमाथि विजय गर्न सके, के उनीहरूले आफुले नै रचेका नीतिहरूको पालन गरे, हेरिल्याउँदा यस्ता विद्वानहरूले गरेका कामहरूमा पनि सफलता, विफलता दुवै भएको पाइन्छ, ठूला-ठूला नीतिज्ञहरूलाई धूर्तहरूले चलाकीका साथ ठगेको उदाहरण प्रशस्त देखिन्छ, तसर्थ महाराजको लागि यो सुनौला समय हो, जनताले, दुनियाँले, संसारैले पत्याएको खानदान, ताजा जवानी, नयाँ यौवन, अति सुन्दर शरीर, यस्तो असंख्य धन दौलत यो सबैलाई व्यर्थमा सबका उपर अविश्वासको कारणस्वरूप, ऐश आरामको विघ्नकारक स्वराष्ट्र चिन्ता परराष्ट्र चिन्तासमेतका नाना भाँतिका झमेलामा लागेर व्यर्थ गराउनु हुँदैन, महाराजलाई केको कमी छ र ! दशौं हजार लंडाका हात्तीहरू छन्, लाखौं लाख तालीम प्राप्त घोडाहरू छन्, पैदल सेनाको त गणना नै छैन, कोष खजाना सबै हीरा, मोती, सुन, चाँदी आदि नकदी वस्तु र अन्नपात लत्ता कपडाहरूले परिपूर्ण छ, राज्यभरका सारा रैतीहरूसमेत मिलेर युगौं युगसंम यस सम्पत्तिको भोग गर्दा पनि यो विशाल ढुकुटी

कहिल्यै पनि रित्तिने छैन, यसमा के कुराको कमी भयो र अरू धन कमाउन अस्त व्यस्त रहनुपरेको छ ? मानिसको जिन्दगी केवल चार पाँच दिनको जस्तो हो, त्यसमा पनि भोग विलास गर्न सक्ने उमेर अत्यन्तै थोरै छ, वेवकूफहरू कमाउँदा कमाउँदै मर्दछन्, कमाएका धन दौलतको उपयोग गरी रत्तीभर पनि सुखभोग गर्न सक्दैनन् तसर्थ हे महाराज! म धेरै कति विन्ति गरूँ अतः अब यो राज्यको भार आफन्त भर पर्दा अविभक्त अन्तरङ्ग विश्वासघात नगर्ने खालका आत्मीय पुरुषहरूका हातमा सौंपेर अन्तःपुरका अप्सरा जस्ता नानी सुसारेसमेतका अतिशय राम्रा ठिटी तरुनीका साथ बहार गर्दै नाच गान बजान मीठा मीठा अर्कहरूको पान आदि गरी समयअनुसार सोख सयल गरी यो दौलत यो उमेरलाई सफल पार्नुहोस्, भनी राजाहरूलाई बहकाएर आफुसमेत राष्ट्रिय धनको दुरुपयोग गरी मोज गर्न र अन्तःपुरका नारीवर्गमा समेत अनियन्त्रित भावना उत्पन्न गराई स्वच्छन्द भै आनन्द गर्न चाहने र राजकीय कोषको शोषण गरी उडाउन खोज्नेहरू-

संग सदा सजग रहनू । यी आफ्ना पुराना खान-
दानी कर्मचारी हुन् भन्ने ठानी यस्तामाथि अति
श्रद्धा कहिल्यै पनि नगर्नू । विशेष गरेर राजाले
प्रजामा कतै पनि कुनै प्रकारको अन्याय अनाचार
हुन नदिनू । भर विश्वास पारी जानाजानी प्रत्यक्ष
धन चुस्नेलाई चाट चाटुकार आदि नामले व्यव-
हार गर्छन् त्यस्ताबाट सजग हुनू । लुकी छिपी
चोरी गर्नेलाई तस्कर भन्छन्, त्यस्ताबाट सजग
हुनू । जाली फटाहा इन्द्रजाली, लुच्चा, उल्लू,
छली, कपटीहरूलाई दुर्वृत्त भन्छन्, त्यस्ताबाट
सजग हुनू । डाँका, लुटेरा, अटेरा, राजनीतिक,
भडुवा सामाजिक भडुवा, राष्ट्र र राजाका समेत
द्रोही र दागाधारी आदिलाई महासाहसिक भन्द-
छन् यस्ताबाट सजग रहनू । अड्डा अधिकरण-
समेतका विभिन्न कार्यालयमा नियुक्त रहेका लिपि-
कार, लेखाकार, लेखापाल एवं महालेखापाल
आदिलाई कायस्थ भन्छन्, यस्ताले प्रजालाई
अत्यन्तै सताउने गर्छन्, यस्ताबाट झन् सतर्क रही
सदा सजग रहनू । चर विभागलाई अति पवित्र
राख्नू र चरद्वारा राष्ट्रका ठूला बडा मध्यवर्गी

निम्नवर्गी एवं जनताको चालचलन बुझ्नू। मन्त्री लगायत सबै कर्मचारीहरूको यथार्थ आचरण बुझ्नू परराष्ट्रको वास्तव स्थिति कूटनीतिका चतुर चर-द्वारा बुझ्नू। सानो भनेर सहसा कसैलाई नबुझी-कन नहेप्नू। आफू निरन्तर सजग र पवित्र रहनू। आफ्ना चरित्रमा कुनै प्रकारको दाग लाग्न नदिनू। संयम धैर्यसमेतका सद्गुणहरूको उपार्जन गर्नू, सत्सङ्ग गर्नू, कुसङ्ग नगर्नू हिम्मतहारा नहुनू, सदा भगवान्को सहारा लिनू। महान् लक्ष्यको उद्देश्य गर्नू, छोटो सानो लक्ष्य नलिनू। गुणी-जनको संमान गर्न नचुक्नू, दुर्गुणी छोरालाई उचालेर बडालाई पछार्ने नगर्नू। कर्मचारीहरूलाई ज्यादै मिल्न नदिनू र ज्यादै फटाएर पनि नराख्नू। आडम्बरी धूवाँधारको मिथ्या प्रचार एवं मिथ्या प्रशंसा गर्ने गराउने सुन्ने सुनाउने नगर्नू। आफ्नो आँत कसैलाई नखोल्नू, तिमी हामी भगवान्को ध्यानले यस महान पदमा पुगेका छौं, हाम्रो राज-नयिक पूर्वाधार छैन, आफ्ना खुट्टामा आफ्नै भरमा खडा हुनुपरेको छ तसर्थ ठूला ठूला विद्वान्हरू-बाट नैतिक शिक्षा लिनुपर्छ र आफु नित्य निरन्तर

सत्त्व एवम् उत्साहशील हुनुपर्दछ । यी मैले भनेका र अरू कुरासमेत सावधानीसाथ स्मरण गरी राजकाज गरेमा तिम्रो राज्य अटल रहला ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्यां व्रतकथायां नवराजराज्याभिषेको नाम पञ्चविंशोऽध्यायः ॥ २५ ॥

षड्विंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ–हे अगस्त्य मुनि ! तहाँउप्रान्त एक दिन नवराजले आफ्नी महतारी गोमाछेउ भने–हे माता ! ईश्वरीको कृपाले हामी यहाँ आई राजा भयौं, अब आफ्ना राज्यमा जति भएका ब्राह्मणलाई डाकी भोजन गराई श्रद्धापूर्वक दक्षिणा देऔं, यस जन्ममा दान धर्म गर्नाले अर्को जन्ममा पाऔंला । यति नवराजले भनेपछि—"हे पुत्र ! तैंले भलो भनिस्, धर्ममा चित्त लागोस् भनी मन्त्रीलाई अह्राई सामग्री तयार गर्न लगाई ब्राह्मणहरूलाई निमन्त्रण गर्न पठाउँदाखेरि चन्द्रज्योति नगरका तेरा संगीहरूलाई पनि निमन्त्रणा गर्न पठाएस्, तेरी स्त्री चन्द्रावती माइत गएकी छ लिन पठाएस् !" यति गोमाले भनेको वचन सुनी नवराजले हवस् भनी मन्त्रीलाई डाकी भने–

"हे मन्त्री ! हाम्रो राज्यमा जति ब्राह्मण छन् सबैलाई भोजन गराउँछु, सामग्री तैयार गर ! ब्राह्मणलाई निमन्त्रणा गर्न पठाऊ । चन्द्रज्योति नगरमा मेरा संगीहरू छन्, तिनलाई पनि डाक्न पठाऊ, वरुणपुरमा अग्निस्वामी नाम गरेका ब्राह्मण छन्, तिनकी पुत्री चन्द्रावती मेरी स्त्री हो, उसलाई पनि डाक्न पठाऊ, मेरा ससुरा सासूलाई पनि तिम्रो जुवाइँ नवराज लावण्य देशका राजा भए, आजका चार दिनमा आइपुग्नू भनी डाक्न पठाऊ" भने र मन्त्रीले पनि लावण्य देशका राज्यमा बसेका ब्राह्मण सबैलाई निमन्त्रणा गर्न पठाए, सामग्री पनि तैयार गरे । चन्द्रज्योति नगरमा नवराज राजाका संगीहरूलाई पनि डाक्न पठाए । चन्द्रावतीलाई लिन पठाउनानिमित्त डोलेहरूलाई बोलाउन पठाए। डोलेहरू आए र चन्द्रावतीलाई लिन पठाए। डोलेहरू वरुणपुरमा गई अग्निस्वामीको घर कुन हो ? भनी सोध्न लागे र कसैले यही हो भनी बताइदियो र आँगनमा गई बोलाए र चन्द्रावतीले सुनी झ्यालबाट हेरी "को हो ? कहाँबाट आयौ ?"

भनी सुध्याइन् र डोलेहरू भन्छन्–नवराज राजा-ले पठाएर लावण्य देशदेखि आयौं भनी बिन्ती गरे र तब चन्द्रावती फेरि सोद्धछिन्–"हे डोले-हो ! तिमीहरूले नवराज राजा भनी आश्चर्यको कुरा गऱ्यौ, कसो गरी राजा भए ? त्यो मलाई भन भनिन् र डोलेहरू भन्छन्–"लावण्य देशमा राजा नहुँदा हात्तीलाई राजा खोज्न पठाएको थियो, नवराज ब्राह्मणलाई देखी हात्तीले सुवर्णका कलशले अभिषेक गरी फूलको माला पहिराइदियो र लोकले दरबारमा लगी राजा तुल्याए । चन्द्रा-वती रानी कहाँ छिन्, खबर गरिदेऊ, चाँडो नगए राजा हामीदेखि रिसाउनेछन् ।" यति डोलेहरूको वचन सुनी चन्द्रावतीले मनमा आनन्द गरी चन्द्रा-वती नाउँ गरेकी उनकी पत्नी मैं हुँ भनिन्, तब डोलेहरूले प्रणाम गरी –हे महारानी! चाँडो जाऔं विलम्ब नगर्नुहवस्, तपाईंका बाबा महतारीलाई पनि आजको चार दिनमा आइपुग्नू भनी निम्तो पठाएको छ ! हामीले चिह्नेका छैनौं, तपाईंले नै भन्नुपऱ्यो भन्दा चाँडो माथि गई आफ्ना बाबा महतारीसित नवराज राजा भएको कुरा र आफ्-

लाई लिन आएको वृत्तान्त कहिन्। तपाईंहरूलाई पनि आजका चार दिनमा आइपुग्नू भनी पठाएको रहेछ, आज्ञा दिए म जाँदी हुँ भनिन्। यति चन्द्रावतीको वचन सुनी अग्निस्वामी बहुत खुशी भै धन्य मेरा ज्वाइँ नवराज, मेरी पुत्री पनि धन्य, अब मेरी छोरी पनि रानी भई भनी नाना अलंकार वस्त्र पहिराई हे पुत्री! तैंले जन्म लिएको सफल भयो, विलम्ब गर्नु छैन, जा—भनी बिदा दिए र चन्द्रावती रानीले 'हवोस्' भनी डोलेहरूलाई खान पिउन दिई बाबा महतारीलाई प्रणाम गरी आफ्ना छिमेकी साथी संगिनीसँग पनि बिदा भै लावण्य देशमा जान भनी हिंडिन् र लोकहरूले भन्न लागे कि चन्द्रावतीले आफ्ना पुरुष परदेशमा गएका वेलामा दुःखमा परेकी सासूलाई एक्लै छाडी माइत बसेकी थिई, यस्ती अपराधिनी पनि रानी भै भनी कुरा गर्न लागे।

चन्द्रावती तहाँदेखि गै ठूला वनमा पुगिन्। कस्तो वन भने मृग इत्यादि वनचर स्त्री पुरुषसहित भै शीतल ठाउँमा बसिरहेका, कहीं राजहंस आदि पक्षीहरू पोखरीमा खेलिरहेका, गुराँस, पलास

नाना वृक्षका फल फूलले शोभायमान भएको; भ्रमर भए, मधुकर भए यिनले गुञ्जायमान यस्तो वनमा पुग्दा टाढैबाट कोही अप्सराहरूले श्रीस्वस्थानी परमेश्वरीको व्रत गरिरहेको देखे र तब डोलेहरूले हे महारानी ! हामीलाई भोक लाग्यो, त्यहाँ पर केही पाए खाई आउँछौं, तपाईं एक क्षण यहीं बस्नुहवस् भनी पर्धानीले 'डोली अड्याई

चन्द्रावतीलाई एकलै छोडी तहाँ के रहेछ भनी हेर्न गए र अप्सराका नगीच पुगी तिमीहरू को हौ ?

कहाँबाट आयौ ? कुन देवताको व्रत लिई पूजा गरेको ? भनी डोलेहरूले सोधे र अप्सराहरूले भने—हे मनुष्यहो ! यी श्रीस्वस्थानी देवता हुन्, यिनै ईश्वरीको पूजा गर्छौं । हामी स्वर्गका अप्सरा हौं भनी बताए । यति अप्सराहरूको वचन सुनी यो व्रत हामीले पनि गर्न हुन्छ कि भनी डोलेहरूले सोधे र अप्सराहरूले 'हुन्छ' भन्दा डोलेहरूले मनमा हर्ष मानी हामीसित सामग्री छैन, तपाईंहरूको संसर्गमा हामीलाई पनि व्रत गराउनुहवस् भने र अप्सराहरूले आफ्ना संसर्गमा व्रत गराए ।

अर्काको भारी बोकी ज्याला लिई राखेका द्रव्य भेटी चढाए । व्रत गरिसकेपछि प्रसाद झिकेर अप्सराहरूले डोलेहरूलाई भने—हे मनुष्यहो ! जो मनुष्यले श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्लो, कथा सुन्ला अथवा तिनको महिमाको पुस्तक लेखाई घरमा राख्ला त्यसको सम्पूर्ण पाप दुःख दारिद्र्य शोक सन्ताप नाश हुँदै जाला, अन्त्यकालमा दिव्य देह भै कैलासमा बस्न पाउला । बाटो लागेका तिमीहरूले अति श्रद्धा गरी व्रत गर्‍यौ, धन्य रहेछौ भनी अप्सराहरू स्वर्ग गए ।

डोलेहरू पनि तहाँ देखि फर्की चन्द्रावती भएको ठाउँमा आई हाजिर हुँदा भए ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसम्वादे श्रीस्वस्थानी परमेश्वर्यां व्रतकथायां चन्द्रावती लावण्य-देश प्रस्थानं नाम षड्विंशोऽध्यायः ॥ २६ ॥

सप्तविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि ! तहाँउप्रान्त डोलेहरू भन्दछन्—हे महारानी ! स्वर्गका अप्सराले स्वस्थानी परमेश्वरीको व्रत गर्न लागेका देख्यौं र उनका संसर्गमा हामीले पनि व्रत गर्न लाग्यौं र विलम्ब भयो, क्षमा गर्नुहवस्, तपाईंलाई पनि श्रीस्वस्थानी परमेश्वरीको प्रसाद ल्याइदिएको छ, लिनुहवस् भनी डोलेहरूले भने-को वचन सुनी चन्द्रावती अति क्रुद्ध भै लाल-लाल आँखा गरी दाह्रा किटी नागले श्वास फेर्दा झैं सुस्केरा हाली मत्ता हात्ती रिसाउँदा झैं ठूलो सोरले गर्जना गरी—हे पापी डोलेहो ! मलाई यस्ता वनमा एक्लै छोडी व्रत गर्नपछि लाग्यौ, सेवकको धर्म यही हो ? त्यस व्रतले तिमीहरूलाई खान दिन्छ कि ? मैले त स्वस्थानी भनेको सुनेकी पनि छैनँ, कहाँकी देवी हो ? के गर्न सक्छे ?

तिमीहरूले मलाई नटेरेको हो, वनमा भयौ र पो, नत्र तिमीहरूलाई मारिहाल्ने थिएँ। कहिले पुगुँला भनी हतपताई आएकी मलाई विलम्ब गरिदियौ, अपराधीमा पनि ठूला अपराधी भनी तिमीहरू जस्तैलाई भन्नुपर्छ भनी वानर कुदेझैं कुदी गै डोलेका हातदेखि श्रीस्वस्थानी परमेश्वरीको प्रसाद खोसी थुः थुः गरी, गोडाले कुल्ची फालिदिइन्।



(शालीनदीको पुल भत्केर चन्द्रावती र डोलेहरू खसेका)

अब पनि यसै गरौला कि ? चाँडो लैजाओ ! भनिन्। तब विचरा डोलेहरू डराई आँखादेखि

आँसु खसाली केही पनि भन्न नसकी मनले श्रीस्वस्थानी परमेश्वरीलाई सम्झी चुप लागी डोली बोकी गए। लावण्य देशका नजीक शाली नाम गरेकी नदी थिइन्, त्यहाँ पुगी आधा नदी तरिसकेपछि श्रीस्वस्थानी परमेश्वरीलाई निन्दा गरेको हुनाले अकस्मात् चाँदनी टाँगेजस्तो मेघ उठी मुसलधारा भै पानी बर्स्यो। ठूलो बतास आयो र पुल भाँचिई चन्द्रावती डोली र डोलेसहित शाली नदीमा डोलीदेखि खसिन्। डोलेहरू श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले पक्षीरूप भै कैलासमा जाई आनन्दले शिवपुरीमा रहे। जो मनुष्य श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्ला त्यसले त्यो पदवी पाउला।

तहाँ उप्रान्त चन्द्रावती ब्राह्मणी महापातकी भै जलभित्र पड़िरहिन्। जुन दिन चन्द्रावती शाली नदीमा खसिन्, उसै दिनदेखि शाली नदी बगिनन्, स्थिर भै रहिन्। माझीहरूले देखे र यो के आश्चर्य भयो! यस नदीमा ग्राह आई बस्यो कि नाग आई बस्यो अथवा यज्ञमा केही उत्पात हुन लाग्यो र यस्तो भयो कि यो कुरा

राजाछेउ कहाँ भनी नवराज राजाछेउ गै विन्ती गरे। हे महाराज! शाली नदी बगिनन्, स्थिर भै रहेकी छन्। यस्तो भएको हामीले सुनेका पनि थिएनौं, आज आँखाले देख्यौं, आश्चर्य भयो, विचार गरिबक्सनुहोस् भनी बिन्ती गरे। यति माझीको वचन सुनी नवराज राजाले मन्त्रीलाई डाकी माझीहरूले कहेको वृत्तान्त कहे र लोक-समेत भै शाली नदीमा गई माझीहरूलाई भित्र केही जन्तु छन् कि जाल हाली हेर भनी अह्राए। माझीहरूले 'हवस्' भनी जाल हाली हेर्दा चन्द्रा-वती ब्राह्मणी जालमा अल्झी आइन्! चन्द्रावती कस्ती भएकी थिइन् भने शरीरमा कुष्ठ उप्जी हातपाउ खसेकी, शुद्धी केही नभएकी, हिलाले छोपिएकी, मूढो जस्ती चन्द्रावतीलाई देखी यो वस्तु हो भनी चिन्न नसकी, नदीका किनारामा मिल्काए। जलभित्र पसी खोज्न लागे। केही पाएनन् र हे महाराज! हामीले ता केही पाउन सकेनौं भनी बिन्ती गरे। तहाँपछि नवराज राजा-ले "हे गंगे! तिमी किन स्थिर भै रहेकी छयौ? मैले जान्न सकिनँ, मदेखि प्रसन्न हौ" भनी हातमा

अर्घ्य नवरत्न पारोसमेत लिई गाईका दूधले अर्घ्य दिए । राजाले अर्घ्य दिनासाथ शाली नदी बगिन् । त्यो देखी नवराज राजाले आश्चर्य मानी लोक-समेत भै दरबार फिरे। तहाँउप्रान्त चन्द्रावती ब्राह्मणी कस्ती भै रहिन् भने क्षणमा चेष्टा, क्षणमा मूर्छा हुने, क्षणमा क्षुधा तृष्णा हुने यस्ता तरहले महाकष्ट पाई मूढो भैं शालीनदीका किनारामा रहिन् । एक दिन साह्रै भोक लाग्यो र खाने कुरा केही नपाउँदा माटो खाऊँ भनी माटो हात-मा लिइन्, त्यो माटो पत्थर भइगयो, पत्थर पनि खाऊँ भन्दा हाड भयो, हाड पनि खाऊँ भन्दा खरानी भयो, खरानी पनि खाऊँ भन्दा ठूलो बतास आई उडाइलग्यो । श्रीस्वस्थानी परमेश्वरी-लाई निन्दा गर्नाले शीत-प्यास-भोकदेखि भएका नाना दुःख सहिरहिन् ।

तहाँउप्रान्त नवराज राजाले आफ्ना राज्य-मा भएका सम्पूर्ण ब्राह्मणहरूलाई डाकी पूजा गरी श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराए। अग्नि-पुरका कपिल नाउँ गरेका ब्राह्मण दुइ भाइ पनि राजाको ब्राह्मणभोजनमा जान भनी त्यतैबाट आए।

चन्द्रावतीले देखिन् र तिमीहरू को हौ ? कहाँ जान आयौ ? भनी सुध्याइन् । ब्राह्मणहरू भन्छन्– हामी कपिल नाउँ गरेका ब्राह्मण हौं, लावण्य देशमा नवराज राजाले ब्राह्मण भोजनको निमन्त्रणा गरेको छ, भोजनमा जान आयौं भने र चन्द्रावती भन्छिन्—हे ब्राह्मणहो ! कति दिनदेखि मैले केही खाएकी छैन, तिमीहरू भोजनमा जाने भए मलाई पनि केही मागी ल्याइदिए पुण्य होला । म अनाथलाई दया गर भनिन् । तब ब्राह्मणहरू भन्छन्–हे पापिनी ! ऐल्हे हामी यसै हो भन्न सक्तैनौं, किनभने राजाका दरबारमा के जानी कसो हुन्छ, विशेष हामी ब्राह्मण जाति ल्याउन हुने वस्तु दिए ल्याउँला, ल्याउन नहुने वस्तु दिए कसो गरौंला, यसअर्थले तँ आशा गरी नरहेस् भनी ब्राह्मणहरू लावण्य देशमा गए । नवराज राजाले सम्पूर्ण ब्राह्मणहरूलाई पूजा गरी दक्षिणा दिई भोजन गराए । भोजन गरिसकी ब्राह्मणहरू नवराजलाई आशीर्वाद गरी आनन्दले आफ्ना-आफ्ना घर गए । ती अग्निपुरका कपिल ब्राह्मण दुइले अघिका कुरा सम्झी त्यसै जाउँ भने

त्यो पापिनी आशा गर्दी हो । के लगिदिऊँ, मागूँ भने कसो गरी मागूँ, लोभी भन्नन् भनी केही भन्न सकेनन् र भोजन गरेको ठाउँमा कहिले जाने कहिले आउने गर्न लागे। त्यसो गरेको गोमा रानीले देखिन् र भण्डारेहरूलाई डाकी भनिन्–हे भण्डारे-हो ! ती ब्राह्मणहरूले खान पाएनन् र हो कि सन्तोष भएनन् र हो कि ? सोध भनिन् । हवस् भनी गई हे ब्राह्मणहो ! तिमीहरूले खान पाएनौ कि अथवा सन्तोष भएनौ ? इच्छा भए फेरि भोजन गर ! भन्दा ब्राह्मणहरू भन्छन्—हे भण्डारेहो ! हामीले राजाको कृपाले इच्छापूर्वक भोजन गर्‍यौं, सन्तोष पनि भयौं । हामी यहाँ आउँदा शाली नदीका तीरमा शरीरमा कुष्ठी उप्जेको, हात पाउ खसेको कोही स्त्री जातिले देखी र कहाँ जान्छौ ? भनी सोधी । हामीले राजाका ब्राह्मण-भोजनमा जान्छौं भन्यौं र तिमीहरू भोजनमा जाने भए मलाई पनि केही ल्याइदेओ, कति दिनदेखि खाएको छैन भनिथी । त्यसअर्थले अब यसै जाऊँ भने त्यो आशा गरिरहेकी होली, केही लगिदिऔं भने कसो गरी मागौं भनी बसिरहेछौं भने र सो

कुरा भण्डारेले गोमा रानीछेउ कहे । तब ती महारानीले 'दुइ ब्राह्मणले बोक्न सकेजत्ति अन्न देओ' भनी अह्राइन् । भण्डारेले 'हवस्' भनी भण्डारमा राखेको वस्तु लिन जाँदा राजाको सम्पूर्ण भण्डार सुकिगयो र केही नपाई हे महारानी ! राखेको ठाउँमा केही पनि छैन, के दिनु भनी बिन्ती गरे र गोमा रानीले यस्तो कुरा सुनी आफै भण्डारमा गई हेरिन्, दिने कुरा केही देखिनन् र आफूलाई भनी पकाई राखेको भात दिइहाल भनी अह्राइन् । भण्डारेले 'हवस्' भनी भात लिई ब्राह्मणछेउ गई भने–हे ब्राह्मणहो ! त्यसको नाउँ गर्नेबित्तिकै राजाको सम्पूर्ण भण्डारको वस्तु सुकिगयो, राखेको ठाउँमा केही पाइएन, यो महारानीलाई भनी पकाइराखेको भात छ, लगिदेओ, अरू थोक छैन भनी सुम्पिदिए । ब्राह्मणहरू बहुत शर्म मानी त्यो भात लिई दरबारदेखि निस्के । ब्राह्मणहरू जानेबित्तिकै राजाको भण्डार सम्पूर्ण पूर्ण भयो, जहाँ जो राखेको थियो त्यहीं त्यहीं सब कुरा देखियो भनी कुमारले अगस्त्य मुनिलाई बताउँदा भए ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसम्वादे श्रीस्वस्थानी परमेश्वर्यां व्रतकथायां नवराज ब्राह्मणभोजनं-नाम सप्तविंशोऽध्यायः ॥ २७ ॥

अष्टविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि! त्यहाँ उप्रान्त ब्राह्मणहरूले भात लिई चन्द्रावती ब्राह्मणी भएको ठाउँमा गए। चन्द्रावती ब्राह्मणीले ब्राह्मणहरू आएको देखी मलाई पनि केही ल्याइ-दियौ कि? भनी सुध्याइन् र ब्राह्मणहरूले हे पापिनी! तँ अति पापिनी रहिछस्, तेरा निमित्त हामीलाई शर्म पर्‍यो। कसरी भने तँलाई दिन भनी हेर्दा राजाको सम्पूर्ण भण्डार सुकिगयो। यति भात रानीलाई भनी पकाई राखेको रहेछ, ल्याइदिएको छ, ला! भनी सुम्पिदिए। चन्द्रावती ब्राह्मणीले त्यो भात पाउनेबित्तिकै भोकले चाँडै खान तैयार भइन्। ती ब्राह्मणहरूले—"हे पापिनी! त्यस्ता अवस्थामा परीकन पनि तँलाई धर्मको चेष्टा रहेनछ, मुख धोई खा, तेरो अवस्था देखी हामीलाई करुणा भयो; तँलाई उपदेश दिन्छौं, सुन्, निरञ्जन निराकार श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्, त्यस

व्रतका प्रभावले तेरो उद्धार होला, ब्रह्महत्यादि पाप गरेको भए पनि नाश होला" भनी उपदेश गरी आफ्ना घर गए । चन्द्रावती ब्राह्मणीले बड़ा कष्टले चार हात गोडाले टेकी मुख धुन भनी शाली नदीमा गइन् । तब शाली नदी पनि सुक्तै गइन् र चन्द्रावती ब्राह्मणी नाना तरहले रोई कराई माथि आई मुख नधोई खाऊँ भनी भात हातमा लिंदा खरानी भयो, खरानी पनि खाऊँ भन्दा ठूलो बतास आई उडाइलग्यो । तब रूख ढल्दा झैं गरी भूमिमा परी अत्यन्त दुःख पाई करीब एक वर्षसम्म शाली नदीका किनारमा मूर्छा भइरहिन् । फेरि चेष्टा भयो र मैले कस्तो अपराध गरिछु भनी नाना विषाद गरी दुःखका समुद्रमा डुब्रिरहेकी थिइन् । तहाँउप्रान्त पौषशुक्ल पूर्णिमाको दिन आयो र श्रीस्वस्थानी परमेश्वरीको व्रत प्रारम्भ गर्न स्वर्गका अप्सराहरू शाली नदीमा स्नान गर्न आए । स्नान गरिसकी सूर्यलाई अर्घ्य दिई बालुवाको लिङ्ग बनाई श्री-महादेवको पूजा गर्न लाग्दा चन्द्रावतीले देखिन् र अप्सराहरूको नगीच गई तपाइंहरू देवता हो कि मनुष्य हो ? म पापिनी कहीं चल्न सक्तिनँ, कोही

केही दिंदैनन्, खान पाउँदिनँ, अन्नदान दिनुहवस् । के पापले यस्ती भएँ, कसो गरी उद्धार होला ? भनिन् । यति चन्द्रावतीले भनेपछि अप्सराहरू भन्छन्—"हे पापिनी ! हामी इन्द्रका अप्सरा हौं, आज पौषशुक्ल पूर्णिमा हो, श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्नानिमित्त यहाँ स्नान गर्न आयौं, तेरो अवस्था देखी हामीलाई अति करुणा भयो, तँ पनि यही व्रत गर्, सम्पूर्ण पाप नाश भै उद्धार होलिस्" भनी अप्सराहरूले भनेको सुनी चन्द्रावती मनमा भन्छिन्—मैले अरू थोक पाप केही गरेकी थिइनँ, डोलेहरूले श्रीस्वस्थानी परमेश्वरीको प्रसाद भनी ल्याएको अहंकारले थुः थुः गरी थुकी गोडाले कुल्ची मिल्काएथें त्यही पाप लाग्यो । यहाँ आइपुगी त्यो नदी तर्दा डोलीदेखि खसी पडिरहेथें, ठीक हो, कपिल ब्राह्मणले पनि श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेस् भनी उपदेश दिई गएथे । अप्सराहरूले पनि उसै भने । श्रीस्वस्थानी देवी रहिछन्, मनुष्यहरू अहंकारले नासिंदा रहेछन्, मैले पनि अहंकार गरें र यो अवस्था भयो !

अब म पनि श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्छु भनी अप्सराछेउ बिन्ती गरिन् । अप्सराहो ! श्रीस्वस्थानी परमेश्वरीको व्रत-विधि कसो हो ? के के गर्नुपर्छ त्यो सबै आज्ञा गर्नुहवस् भनी चन्द्रावतीले भनेको सुनी अप्सराहरू भन्छन्–हे पापिनी ! आज पौषशुक्ल पूर्णिमा हो, आजदेखि गोडाका नङ काटी, स्नान गरी, शुचि भै, एकभक्त रही, एकचित्त गरी महीना दिनसम्म नित्य मध्याह्न कालमा श्रीमहादेवको पूजा गर्नू, सके श्रीस्वस्थानी परमेश्वरीको कथा सुन्नू, नसके मनले सम्झनू, माघशुक्ल पूर्णिमाको दिन अष्टोत्तर शय अक्षता, अष्टोत्तर शय बेलीपुष्प अष्टोत्तर शय यज्ञसूत्र, अष्टोत्तर शय जात-जातका फूल, नाना उपचार तैयार गरी, आर्सीमा ॐकार लेखी, गंगाजलले स्नान गराउनू, माला पहिराउनू; धूप दीप नैवेद्य फल फूल कस्तूरी मेवा मिष्टान्न वस्त्र भेटी चढाउनू, एकचित्त भई श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू र स्तोत्र जप ध्यान गर्नू, अर्घ्य दिनू । हे ईश्वरी ! भनी वरदान माग्नू, उहाँपछि प्रसाद झिक्नू र उनै अष्टोत्तर शयमा आठ रोटी, आठ अक्षता, आठ

यज्ञसूत्र, आठ कुड्का सुपारी सगुनसमेत आफ्ना पुरुषलाई दिनू, पुरुष नभए छोरालाई दिनू, छोरा नभए मीतछोरालाई दिनू, मीतछोरा पनि नभए जुन कामनाले व्रत गरेको छ मेरो फलानो कामना सिद्ध होओस् भनी गंगामा बगाउनू। शय रोटी आफूले फलाहार गर्नू, रात्रिमा जागरण गर्नू। यति गरिसकेपछि तेरो सम्पूर्ण पाप नाश भै दुःख सब नाश होला, इच्छा सिद्धि होला। हे पापिनी! अन्यथा नमानेस्, अब हामी जान्छौं भनी अप्सराहरू स्वर्ग गए।

तहाँ देखि उप्रान्त चन्द्रावती ब्राह्मणीले अप्सराहरूको उपदेशले शाली नदीमा स्नान गरी, एक भक्त रही एकचित्त गरी नित्य मध्याह्न कालमा श्रीमहादेवको पूजा गर्न लागिन्। श्रीस्वस्थानी परमेश्वरीलाई मनले संम्झिरहिन्। यस्ता रीतले व्रत गर्दा चन्द्रावती ब्राह्मणीको पाप घट्तै गयो। कुष्ठ रोग निको हुँदै गयो। दिव्य देह हुँदै आयो। मैह्ना दिन भयो र माघशुक्ल पूर्णिमाका दिन सम्पूर्ण सामग्री तैयार गरी अप्सराहरू श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्न फेरि शाली नदीमा

आए । चन्द्रावती ब्राह्मणीले देखिन् र अप्सराछेउ गई हे अप्सराहो ! तपाईंहरूको आज्ञाले पौष-शुक्ल पूर्णिमादेखिन् स्नान गरी एकभक्त रही नित्य मध्याह्न कालमा श्रीमहादेवको पूजा गर्छु । अब व्रत गर्नलाई सामग्री केही पनि छैन, कसो गर्नु ? भनिन् । यति चन्द्रावतीले भनेको सुनी अप्सराहरू भन्छन्–हे पापिनी ! केही नभए नदी-देखि बालुवा ल्याई सामग्री तुल्याई हामीहरूका संसर्गमा व्रत गर् भने । चन्द्रावती ब्राह्मणीले 'लौ' भनी शाली नदीदेखि बालुवा ल्याई सामग्री तुल्या-इन् । श्रीस्वस्थानी परमेश्वरीको व्रतको प्रभावले चन्द्रावती ब्राह्मणीले तुल्याएका बालुवाको सामग्री सिद्ध भै तैयार भयो । त्यो देखी चन्द्रावती ब्राह्मणी-ले मनमा आनन्द गरी धन्य श्रीस्वस्थानी परमेश्वरी भनी अप्सराहरूछेउ गई बालुवाको सामग्री सिद्ध भएको वृत्तान्त कहिन् । यति चन्द्रावती ब्राह्मणीले भनेको वचन सुनी, चन्द्रावतीको दिव्य देह भएको देखी आश्चर्य मानी अप्सराहरूले–हे सुन्दरी ! हामी तँलाई अघि पापिनी भन्थ्यौं, अबदेखि तेरो नाउँ पुण्यवती भनी राख्यौं भनी आफूहरूको संसर्गमा

विधिपूर्वक व्रत गराए । चन्द्रावती ब्राह्मणीले पूजा गरिसकी हातमा अर्घ्य-पात्र लिई स्तुति गर्न लागिन्। हे ईश्वरी ! अघि मैले अज्ञानले अहंकार गरी तपाईं-लाई नाना तरहले निन्दा गरेथें, त्यो अपराध क्षमा गर्नुहवस् । हे लोकेश्वरी! तपाईं कस्ती भने सम्पूर्ण

(चन्द्रावतीले अप्सराहरूका साथ श्रीस्वस्थानीको पूजा गरेको)

प्राणीको हृदयमा बसी पाप पुण्यको साक्षी भै रहनु-भएकी यस्ती तपाईंलाई कोटि-कोटि नमस्कार छ । हे परमेश्वरी! सृष्टिकर्ता ब्रह्मा पनि तपाईं, एक मूर्तिले तीन मूर्ति भै ब्रह्मा, विष्णु, महेश्वर नाउँ भै रहेकी

यस्ती तपाईंलाई कोटि-कोटि नमस्कार। हे भगवती! पृथ्वी, अप, तेज, वायु, आकाश यति पाँच थोक पनि तपाईं, देवताका देवता पनि तपाईं, अति स्थूल पनि तपाईं। यस्ती त्रैलोक्यनाथ! तपाईंलाई कोटि-कोटि नमस्कार। हे ईश्वरी! तपाईंको स्तुति गर्न हजार जिब्रा भएका शेष नाग भए, चतुर्मुख ब्रह्मा भए, तिनले पनि नसकेको म जस्तीले के सकुँली! म पापिनीको पूजादेखि सन्तोष भै दुःखका समुद्रदेखिन् पार गर्नुहवस् भनी अर्घ्य दिइन्। सम्पूर्ण पूजा भैसक्यो र अप्सराहरूले प्रसाद भिकी हे पुण्यवती! अब हामी जान्छौं भनी स्वर्ग गए-पछि शाली नदीका तीरमा तृणले छप्पर तुल्याई श्रीस्वस्थानी परमेश्वरीलाई मनले सम्भी राति जागा भै रहिन्। उज्यालो भयो र शाली नदीमा स्नान गरी अष्टोत्तर शयमा आठ यज्ञसूत्र, आठ पान, आठ कुड्का सुपारी, सगुनसमेत हातमा लिई "हे ईश्वरी! मेरा पुरुष यहाँ छैनन्, कसलाई दिऊँ, मेरा स्वामी नवराजसित चाँडो भेट होओस्" भनी शाली नदीमा बगाइन्। एक सय रोटी आफुले फलाहार गरिन्। श्रीस्वस्थानी परमेश्वरीको व्रतका

प्रभावले चन्द्रावतीको सम्पूर्ण पाप नाश भै अग्नि-भन्दा पनि दिव्य शरीर भयो । त्यो देखी मनमा आनन्द गरी धन्य श्रीस्वस्थानी परमेश्वरी भनी वारंवार प्रणाम गर्दी भइन् ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसम्वादे श्रीस्वस्थानी परमेश्वर्यां व्रतकथायां गोमा श्रीस्वस्थानी व्रत-कृतो नाम अष्टविंशोऽध्यायः ॥ २४ ॥

•

उनत्रिंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि ! तहाँ उप्रान्त चन्द्रावती ब्राह्मणीले शाली नदीमा बगाएका आठ रोटीमा चार रोटी नागिनीले पाएर हातमा लिई यस्ता रोटी कल्ले बगाएछ, मेरा स्वामी घर छैनन्, बाह्र वर्ष भयो, के जानी कता गइरहे-छन्, उनलाई नख्वाई एकलै कसरी खाऊँ, कहाँ बसिरहेछन्, खबर गरूँ । दुइ दुइ रोटी बाँड़ी खाऔंला भनी गण्डकी नदी नाला सबै ठाउँमा खबर गर्दै गइन् । ती आठ रोटीमा चार रोटी नागले पाए र कस्ता अपूर्व रोटी पाएँ, यी रोटी मेरी स्त्रीलाई नख्वाई म एकलै कसो गरी खाऊँ, म

परदेश आएको पनि बाह्र वर्ष भयो, अब घर गई २ । २ रोटी बाँडी खाऔंला भनी घर जान आए। समुद्रका र शालीनदीको संगममा दैवसंयोगले श्रीस्वस्थानी परमेश्वरीको प्रसाद रोटीका प्रभावले ती नाग र नागिनी दुइ स्त्री-पुरुषको भेट भयो।



नागिनीले बहुत हर्ष मन गरी "हे स्वामी ! तपाइं निष्ठुर भै मलाई एक्लै छाड़ी यतिका वर्षसम्म कहाँ जानुभएको थियो ? मेरो भाग्यले आज तपाईंको दर्शन मिल्यो। कसैले बगाई पठाएको यो

अपूर्व रोटी पाएँ। तपाईंलाई नख्वाई एक्लै कसो गरी खाऊँ, २।२ रोटी बाँडी खाऔंला भनी गण्डकी नदी नाला सबै ठाउँ खोजी आएँ। अब मलाई संतोष भयो, खानुहवस् भनी आफ्नू भएको चार रोटीमा दुइ रोटी दिइन्। त्यो देखी नाग भन्छन्–हे स्त्री! त्यस्तै चार रोटी मैले पनि पाएको छु, तँलाई नख्वाई कसो गरी खाऊँ, दुइ दुइ रोटी बाँड़ी खाऔंला घर जाऊँ भनी आएँ। तेरो मुख देख्ता मलाई पनि सन्तोष भयो, लौ खा! भनी आफूले पाएका चार रोटीमा दुइ रोटी दिए। दुवै स्त्री-पुरुषले खाइसकेर नागिनीले नागका काखमा बसी आनन्दले रहे। तब नाग भन्छन्–हे स्त्री! बाह्र वर्षसम्म हामीहरूको भेट नभएको यसै रोटीको प्रभावले भेट भयो, जसले यो रोटी बगाई पठायो भोलिको दिनमा त्यसको इच्छा सिद्ध होओस्, लक्ष्मी प्राप्त होऊन्, शत्रु नाश होऊन् भनी अनेक आशिष दिए। नागिनी भन्छिन् 'हे स्वामी! त्यसैलाई म पनि आशिष दिन्छु, जसले यो रोटी बगाई पठायो त्यसलाई नवग्रहले पीड़ा नगरून्, सधैं त्यसदेखि प्रसन्न भै रक्षा गरून्, फेरि भूत प्रेत

पिशाच राक्षसादिले पनि पीड़ा गर्न नसकून् । राज-लक्ष्मी त्यसका वश परून् । फेरि हामीहरू झैं स्त्री पुरुष कसैसित छुट्टिई गएको भए पनि चाँडो भेट् होओस्' भनी नाना तरहले आशीर्वाद दिइन् । यस्ता तरहले चन्द्रावती ब्राह्मणीलाई आशिष दिई नाग नागिनी आफ्ना स्थानमा गए । तहाँउप्रान्त लावण्य देशका लोकहरू स्नान गर्न भनी शाली नदीमा जाँदा एकलै त्यस्ता तरहले बसेकी चन्द्रा-वती ब्राह्मणीलाई देखी तिमी देवकन्या हौ कि ? विद्याधर-कन्या हौ ? अथवा स्वर्गकी अप्सरा रम्भा हौ कि ? तिलोत्तमा हौ कि ? उर्वशी हौ ? एकलै यहाँ किन बसिरह्यौ ? भनी सुध्याए । ती लोकले भनेका वचन सुनी चन्द्रावती भन्छिन्—हे लोक-हो ! म देवकन्या वा अप्सरा कोही होइन। वरुण-पुरका अग्निस्वामी ब्राह्मणकी पुत्री चन्द्रावती नाउँ गरेकी, गोमा ब्राह्मणीका पुत्र नवराजकी स्त्री हुँ । हिजो स्वर्गका अप्सराहरू यस नदीका तीरमा आई श्रीस्वस्थानीको व्रत गरे र मैले पनि उनैका संसर्गमा श्रीस्वस्थानी परमेश्वरीको व्रत गरी, रात-भर जागा भै रहेकी छु' भनिन् र लावण्य देशका

लोकले आश्चर्य मानी गोमा ब्राह्मणीका पुत्र नवराज ता हाम्रा देशका राजा भएका छन्, यो कुरा हो होइन, राजाछेउ भनौं भनी सल्लाह गरी नवराज राजाछेउ गई हे महाराज ! भनी चन्द्रावती ब्राह्मणीले कहेका कुराको वृत्तान्त कहे । शाली नदीका तीरमा बसेकी छन्, हुन् होइनन् विचार गर्नुहवस् ।

यति लोकले भनेको सुनी नवराजले चन्द्रावतीलाई सम्झी–"हे लोकहो ! तिमीहरूले भलो भन्यौ, चन्द्रावती ब्राह्मणी मेरी स्त्री हो, राज्यको वशले बिर्सिराखेथें, अब तिमीहरू गई डाकी ल्याओ !" भनी पालकी, नाना वस्त्र अलंकार पठाइदिए । फेरि मन्त्रीलाई डाकी 'हे मन्त्री, मेरी स्त्री चन्द्रावती शाली नदीका तीरमा आई बसेकी रहिछ, लावण्य देशका लोक नाना वस्त्र अलंकार पहिरी उसै ठाउँमा गई नाच गीत वाद्यादि गरी लिई आऊन्, पठाइदेऊ । म पनि परसम्म लिन जाउँला, हात्ती घोड़ा छत्र चामर इत्यादि तैयार गर' भनी अह्राए। मन्त्रीले 'हवस्' भनी शहरमा झ्याली पिटाई सम्पूर्ण लोक पछि लगाई आफू पनि गए। लोकहरूले

चन्द्रावतीछेउ पुगी प्रणाम गरी—हे महारानी ! नवराज राजाले तपाईंलाई लिन पठाए र हामी आयौं, यो पाल्की वस्त्र अलंकार ल्याएको छ, चाँडो जाऔं भने । तब चन्द्रावतीले स्वामीलाई सम्झी 'हे स्वस्थानी परमेश्वरी ! मेरा स्वामी नवराजसित चाँडै भेट होओस् भनी हिजो व्रत गरेथें, आज प्रत्यक्ष दर्शन पाएँ । हे करुणामयि ! तपाईंलाई कोटि-कोटि नमस्कार । पापिनी नाउँ भै दुःखका समुद्रमा डुबिरहेकी मलाई दुःखका समुद्रदेखि पार गर्नुभयो । हे त्रैलोक्यनाथ ! तपाईंलाई कोटि-कोटि नमस्कार । हे परब्रह्म परमेश्वरी ! तपाईंले सुदृष्टि गर्दा ब्रह्माले चतुर्दश भुवन सृष्टि गरे, यस्ती तपाईं-लाई कोटि-कोटि नमस्कार । हे भगवती ! तपाईंका कृपाले म पनि लावण्य देशकी रानी हुन लागें' भनी बहुत हर्ष मन गरी वस्त्र अलङ्कार पहिरी पाल्कीमा बसी लोकसमेत भै लावण्य देशमा गइन् । शहर-बाहिर पुगेपछि लावण्य देशका स्त्रीहरूले चाल पाई हतपत गरी कसैले पाकेको भात छोड़ी निस्के, कसैले खाँदाखाँदै हातै नधोई निस्के, कसैले छोराछोरी रुवाई निस्के । दगुर्दामा कसैका हात भाँचिए,

कसैका पाउ भाँचिए। नवराज राजाले चन्द्रावतीलाई नाना मङ्गलयात्रा गरी दरबारमा डाकी लगे।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे
श्रीस्वस्थानी परमेश्वर्यां व्रतकथायां चन्द्रावती राजगृहप्रवेशो
नाम उनत्रिंशोऽध्यायः ॥ २९ ॥

•

त्रिंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि! तहाँउप्रान्त चन्द्रावतीले गोमा रानी र नवराजलाई प्रणाम गरिन् र नवराज राजाले सम्मान गरी बिछ्याउनामा बसाली चन्द्रावतीछेउ सुध्याए—हे स्त्री! तेरो मुख नदेखेको पाँच वर्ष भयो, ल्याउन भनी डोलेहरू गएथे, उनी पनि फिरेनन्, तैंले पनि किन विलम्ब गरिस्? म राजा भएको चाल पाइनस् कि? मैले ता राज्यको भोगले तँलाई बिर्सिराखेको थिएँ, फेरि शाली नदीका तीरमा आई किन एक्लै बसिस्? मलाई ता लावण्य देशका जनले भने र पो थाहा पाएँ औ तँ पनि अघिकी जस्ती छैनस्, बड़ी तेजवती भैछस्, वृत्तान्त भन्। यति आफ्ना स्वामी नवराजले भनेको सुनी चन्द्रावती भन्छिन्—हे स्वामी!

माइत बसेकी थिएँ । तपाईंले डोले पठाउनुभएछ, राजा भएको खबर तिनका मुखदेखि सुनेर चाँडो बाबा महतारीछेउ बिदा भै डोलीमा बसी कहिले मेरा स्वामीको दर्शन पाउँली भनी हतपताई आएकी थिएँ। त्यस दिन माघ शुक्ल पूर्णिमाको दिन रहेछ र शाली नदीको तीरका वनमा स्वर्गका अप्सराहरू आई श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्न लागेको डोले-



(नवराज राजा र गोमा माता, चन्द्रावती रानी र अर्की रानी लावण्यवती बसी आफाफ्नो वार्तालाप गर्न लागेको)

हरूले देखी डोली अड्याई हामीलाई भोक लाग्यो केही चीज पाए खाई आउँछौं, तपाईं एकछिन यहीं रहनुहोस् भनी मलाई एकलै वनमा छोडेर

अप्सराहरूले व्रत गरेका ठाउँमा गै अप्सराहरूका संसर्गमा व्रत गरी प्रसाद लिई मछेउ आई प्रसाद दिंदा त्यस वेलामा मलाई अहंकारले छोप्यो र डोलीदेखि ओर्ली डोलेहरूका हातदेखि प्रसाद खोसी थुः थुः गरी थुकी गोडाले कुल्ची मिल्काई श्रीस्वस्थानी परमेश्वरीलाई पनि नाना तरहले निन्दा गरी डोलेहरूलाई खै गरें र डोलेहरू मदेखि डराई केही भन्न नसकी आँखादेखि आँसु खसाली डोली बोकी चुप लागी आए । शाली नदीमा आइपुगी नदी तर्न लाग्दा अकस्मात् चँदुवा टाँगेजस्तो मेघ उठी ठूलो पानी बतास आयो र म डोलीदेखि शाली नदीका माझमा खसें । डोलेहरूलाई कसो भो, म केही थाहा पाउँदिनँ । उहाँपछि नदीदेखि झिकी कसले पाखामा राखेथ्यो त्यो पनि थाहा पाउँदिनँ । शरीरमा कहिले मूर्छा हुने, कहिले चेष्टा हुने भयो । यस्ती हुँ भन्ने ज्ञान पनि भएन, नदीका तीरमा पडिरहें । केही दिन भएपछि कपिल नाउँ गरेका दुइ भाइ ब्राह्मण त्यतैबाट आए । कहाँ जान आयौ ? भनी मैले सोधें, ती ब्राह्मणहरूले 'राजाका ब्राह्मण-भोजनमा जान्छौं' भन्दा उसो

भए मलाई पनि केही मागी ल्याइदेओ भनी पठाएँ। ब्राह्मणहरू गै ब्राह्मण-भोजन गरी फेरि मछेउ आए र 'हे पापिनी ! तेरा निमित्त हामीलाई शर्म भयो, र तेरो नाउँ गर्नेबित्तिकै राजाको सम्पूर्ण भण्डार सुकिगयो । रानीलाई पकाई राखेको भात रहेछ, त्यो ल्याइदिएको छ भनी पातमा भात ल्याइदिए र मलाई साह्है भोक लागेको हुनाले मुख न धोई खान लागें । त्यो देखी ब्राह्मणहरूले—हे पापिनी ! त्यस्ता अवस्थामा परीकन पनि तँलाई धर्मको चेष्टा रहेनछ, तेरो अवस्था देखी हामीलाई अति करुणा भयो, मुख धोई खा ! श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्, सम्पूर्ण पाप नाश होला भने र ब्राह्मणहरू गए । तब मुख धुन भनी शाली नदीमा गएँ, म जानेबित्तिकै शाली नदीको जल सुकिगो । त्यो देखी माथि आई मुख नधोई खान लाग्दा भात खरानी भयो । खरानी पनि खाउँ भन्दा ठूलो बतास आयो र उडाई लग्यो । तब नाना तरहले रोई कराई शीत ताप भोक प्यास सही महादुःखले बसिरहें । यस्ता तरहले रहँदा पौष शुक्ल पूर्णिमाको दिन आयो र श्रीस्वस्थानी

परमेश्वरीको व्रत आरम्भ गर्न स्वर्गदेखि अप्सरा-हरू शाली नदीमा स्नान गर्न आए र मैले देखें। चार हात पाउ टेकी गई 'तिमीहरू को हौ ? केही खाने कुरो भए मलाई देओ' भनी भनें। 'के पाप-ले म यस्ती भएँ भनें। तब अप्सराहरूले हामी अप्सरा हौं, श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्न शाली नदीमा स्नान गर्न आयौं ! हे पापिनी ! तेरो अवस्था देखी हामीलाई अति करुणा भयो, सुन्, श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्, त्यसै व्रतका प्रभावले सम्पूर्ण पाप नाश होला, दुःखका समुद्रदेखि पार होलिस् भने र म यस्तो अवस्था-मा परेकी पापिनीले कसो गरी त्यो व्रत गरूँ ? सामग्री कहाँ पाउँली, के के चाहिन्छ ? भनें र अप्सराहरूले सम्पूर्ण व्रतविधि कहे र अप्सराहरू स्वर्ग गए। मैले पनि उनैका उपदेशले पौषशुक्ल पूर्णिमाका दिनदेखि स्नान गरी, एकभक्त रही मैह्ना दिनसम्म नित्य मध्याह्न कालमा श्रीमहा-देवको पूजा गरिरहें ! महीना दिन भयो र माघ-शुक्ल पूर्णिमाको दिन श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्न स्वर्गदेखि अप्सराहरू फेरि तहीं आए।

हे स्वामी ! श्रीस्वस्थानी परमेश्वरीका व्रतका प्रभावले मेरो कुष्ट रोग पनि निको भो, हात गोडा अघिकै जस्ता भै आए र अप्सराहरूछेउ गई तिमीहरूका उपदेशले पौषशुक्ल पूर्णिमाका दिनदेखि व्रत आरम्भ गरेकी छु, महीना दिन भयो । अब श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्न सामग्री केही छैन, कसो गरूँ भनें र अप्सराहरूले सामग्री नभए नदीदेखि बालुवा ल्याई सामग्री तुल्या भने र शाली नदीदेखि बालुवा ल्याई सामग्री तुल्याएँ । सामग्री सिद्ध भई जो जो चिताएथें, सो सो सिद्ध भएको अप्सराहरूले देखी खुशी भै हे सुन्दरी ! तँलाई हामी पापिनी भन्थ्यौं, आजदेखि तेरो नाउँ पुण्यवती भयो, भने र सोही सामग्रीले मैले अप्सराहरूको संसर्गमा व्रत गरें । सम्पूर्ण व्रत गरिसकी अप्सरा स्वर्ग गए । श्रीस्वस्थानी परमेश्वरीको प्रसाद अष्टोत्तर सयमा आठ अक्षता, आठ पुष्प, आठ यज्ञसूत्र, आठ पान, आठ कुड्का सुपारी, आठ रोटी, सगुनसमेत दिनलाई उस बेलामा मेरा कोही थिएनन् र मेरा स्वामीसित चाँडो भेट होओस् भनी शाली नदीमा

बगाएँ। सय रोटी आफूले फलाहार गरी राति श्रीस्वस्थानी परमेश्वरीलाई मनले सम्झी जागा भै रहें। उज्यालो भयो र शाली नदीमा स्नान गरी माइत जाऊ भनी जान लाग्दा लोकहरूले लिन आए। हे स्वामी ! श्रीस्वस्थानी परमेश्वरी-लाई निंदा गरेको पापले त्यस्तो अवस्थाकी म उनै ईश्वरीको कृपाले अप्सरा र कपिल ब्राह्मणका उपदेशले यस्ती भएँ। तपाईंको दर्शन पाएँ। श्रीस्वस्थानी परमेश्वरीदेखि ठूला देवता अर्को कुनै छैनन्, सपूर्ण व्रतको पनि व्रत, धर्मको पनि धर्म, कालको पनि काल, देवताका पनि देवता यस्ती ईश्वरलाई कोटि-कोटि नमस्कार भनेर चन्द्रावती रानीले वारंवार नमस्कार गर्दी भइन्।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्यां व्रतकथायां चन्द्रावती स्ववृत्तान्त कथनं नाम त्रिंशोऽध्याय: ॥ ३० ॥

●

एकत्रिंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ—हे अगस्त्य मुनि !

तहाँ उप्रान्त यस्ता वचन चन्द्रावती बुहारीले भनेको सुनी गोमा रानी खुशी भै हे श्रीस्वस्थानी परमेश्वरी! भनी मनले संभी अञ्जलि बाँधी चन्द्रावती रानी-छेउ भनिन्। हे बुहारी! त्यस्ता दशामा परीकन पनि ईश्वरीको भक्ति गर्न सक्ने तँ धन्य रहिछस्। मेरो कुरा पनि कहन्छु, सुन्। अघि तेरो स्वामी आफ्ना बाबुको खबर गर्न गएपछि तँ पनि माइत गइस्, घरमा कोही नहुनाले मैले धागो काती ढिकी जाँतो गरी बड़ो कठिनले दिन बिताई दुःख पाई रहें! एक दिन सप्तऋषिहरू आए र मैले दुःख पाएको देखी बडो दया गरी 'हे गोमा ब्राह्मणी! श्रीस्वस्थानी परमेश्वरीको व्रत गर, दुख नाश होला' भनेर व्रतविधि बताई उपदेश दिए। ऋषिहरूलाई भोजन गराउन घरमा केही थिएन, चर्खामा रहेको धागोको पान लिन भनी बरहीको घर गएँ। पान ली आउँदा ऋषिहरू गइगएछन्। उनीहरू बसेको पिरुकामनि सात गोटा सुनका ठुन्का राखेका रहेछन् र मैले पाएँ। तिनै द्रव्यले सम्पूर्ण सामग्री तैयार गरी पौषशुक्ल पूर्णिमादेखि विधिपूर्वक श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गरें। माघशुक्ल पूर्णिमाको दिन व्रत

पूर्ण गरी प्रसाद झिकी श्रीस्वस्थानी परमेश्वरीलाई मनले सम्झी राति जागा भै रहें । रातैमा तेरो स्वामी नवराज आइपुग्यो र बोलायो । उहाँपछि मैले सुनी बाहिर आई भित्र लगें, खान पिन दिएँ र तेरा बाबुको खबर के छ ? भनी सुध्याएँ । तेरो स्वामीले आफ्ना बाबु भिक्षा माग्न भनी गएका गंगा-तीरमा पुगी स्नान गरी नित्य पूजा गर्न फूल टिप्ता रूखदेखि खसी स्वर्गवास भएको, दशक्रिया गरी आएको वृत्तान्त कह्यो । त्यो सुनी मैले नाना तरह-को शोक गर्न लागें । तेरो स्वामी नवराजले शोक नगर भनी नाना तरहले बुझाई “हे माता ! आज यस वेलामा नसुती किन बसिरहनुभयो ? भनी सोध्यो । मैले हे पुत्र ! श्रीस्वस्थानी परमेश्वरीको व्रत गरें, ईश्वरीलाई सम्झी जागा भै रहें भनी कहें र उज्यालो भयो र नवराज स्नान गर्न गंगा-मा गयो । गंगादेखि हरिहर प्रत्यक्ष भै—हे नवराज ! तेरी महतारीले श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेको देखी हामी सन्तुष्ट भयौं । लावण्य देशमा राजा छैनन्, हात्तीलाई राजा खोज्न लगाएको छ । त्यहाँ आएस्, तँलाई अभिषेक दिलाऔंला

राजा होलास् भनी वरदान दिई अन्तर्ध्यान भएछन् र तेरा स्वामी नवराजले मछेउ आई सब वृत्तान्त कह्यो । त्यो सुनी श्रीस्वस्थानी परमेश्वरीको प्रसाद दिएँ । 'हे पुत्र ! हरिहरका आज्ञाले लावण्य देशको राजा भएस्' भनी आशिष दिई उहाँ पठाएँ । उनै ईश्वरीको कृपाले यो ऐश्वर्य पाई



(गोमाले बुहारी चन्द्रावतीलाई ढुकुटीको साँचो दिएकी र अर्की बुहारी राजा नवराज पनि साथमा रहेका)

सुखी भयौं । अब पनि बाचुञ्जेलसम्म सधैंभरि श्रीस्वस्थानी परमेश्वरीका कृपाले यस लोकमा

सुख सम्पत्ति पाई परलोकमा मोक्ष गति होला भन्ने यस्तो उपदेश गरी अर्को अर्को उपदेश गर्न लागिन्। जस्तो दिनमा सूर्य नभए, रातमा चन्द्रमा नभए उज्यालो हुँदैन, त्यस्तै मनुष्यको पनि बढिया स्वभाव भएकी स्त्री नभए घर हुँदैन। मेरो वृद्ध अवस्था भयो, तिमी दुइ दिदी बहिनी-हरू परस्पर मिली राज्यलक्ष्मी थामी मेरो पुत्र नवराजको सेवा गरी रहे! भनी चन्द्रावती रानी-लाई अह्राई सम्पूर्ण भण्डारको ताल्चा साँचो सुम्पिदिइन् र केही अर्ती उपदेश पनि दिन थालिन्। मेरी प्यारी बुहारी लावण्यवती, चन्द्रावती, दुवैले मेरो अर्ती सुन, यस देशमा आजदेखि तिमीहरू महारानी भयौ, योटी जेठी महारानी अर्की कान्छी महारानी। तिमीहरूलाई परमेश्वरले ठूलो अनुग्रह गर्नुभै शरीरमा हुनुपर्ने महारानीका लक्षणहरू पूर्ण गराइदिनुभएकोले महारानी हुन पाएका छौ। यति-कैमा तिमीहरू मख्ख परिरहन हुँदैन, महारानीका अरू पनि ३२ लक्षणहरू छन्, ती सबैलाई तिमी दुवैले तन मनमा भरेर राख्नुपर्दछ, सुन। १, विनय विनय भयो भने जस्तो सुकै व्यक्तिलाई पनि बिस्तारै

वशमा ल्याउन सकिन्छ । २. गुरुभक्ति, गुरुजनमा पूज्य जनहरूमा भक्ति गरेमा उनीहरूको आशिष अनुग्रह निरन्तर पाइन्छ। सो पाइयो भने सबै वरत्र परत्र दुवै लोकमा ठूलो कल्याण हुन्छ । ३. अनीर्ष्या, अर्थात् कसैको डाह नगर्नु; यसबाट कुलकुटुम्ब नाता गोता इष्टमित्र छर-छिमेकी सबैबाट हार्दिक सहानुभूति पाइन्छ। ४. अक्रोध, अर्थात् रीस नहुनु; जसमा रीस छैन त्यसलाई सबैले प्रशंसा गर्छन्, रीस नहुने व्यक्तिका धेरै काम सहजै सँग सफल हुनसक्छन् । ५. स्वामिप्रियासक्ति, अर्थात् आफ्ना स्वामीका प्रियवस्तुहरूमा लागिपर्नु। यसरी स्वामीका प्रिय कुरामा लाग्नाले आफ्ना स्वामीको असीम अनुकम्पा पाइन्छ। यो कुरा नारीहरूको लागि ज्यादै ठूलो सौभाग्यको विषय हो । ६. स्वामीहितासक्ति, अर्थात् आफ्ना स्वामीको हित हुने कुरामा लागिपर्नु । कहिलेकहीं प्रिय कुरा पनि अहित हुन्छ, तसर्थ वास्तवमा हित हुने कुरामा ध्यान दिएर क्षणिक प्रिय कुराको तत्व बुझी बुझाउन पनि सक्नुपर्छ । ७. चारुवेष, लुगाफाटो, गहना गुरिया, सिंगार-पटार सबै कुरा सुहाउँदो गरी ठिक्कसंग रिटिक्क चिटिक्क पारी गर्नु।

जसको वेष भूषा प्रशंसनीय हुन्छ महाउत्ताउलो हुँदैन त्यस्ताको सर्वत्र सम्मान हुन्छ, कदर हुन्छ, इज्जत हुन्छ। ८. प्रियवचन, अर्थात् मीठो मधुरो बोली, जसको मुख मिजासिलो हुन्छ, त्यसलाई सबैले रुचाउँछन् र त्यस्ता मानिसका सुख दुःखमा धेरैले सघाइ लाग्दछन्। ९. भृतजनज्ञान, अर्थात् कस-कसको पालन पोषण हामीहरूबाट भयो र भैरहेछ तिनीहरूको यथार्थ ज्ञान हुनुपर्छ। १०. अभृतजनज्ञान अर्थात् कस कसको भरण पालन पोषण हुनुपर्नेमा भएको छैन त्यस्ताको यथार्थ ज्ञान। ११. भृतजनावेक्षण, अर्थात् आफुले भरण पालन पोषण गरेका मानिसहरूको के कस्तो व्यवहार छ त्यसबारे यथार्थ ज्ञान। १२. अभृतजन भरणप्रपर्वता अर्थात् जसको भरण पोषण गर्नुपर्दथ्यो तर भैसकेको छैन त्यस्ता के कति छन् सो कुरा पत्तो लगाई त्यस्ताको भरण पोषणको प्रबन्ध गर्नु। १३.सपत्नी रागवियोग, अर्थात् परस्परमा सौतासौतीको रीस डाहा नगर्नु, जस्तो कि तिमी दुई दिदी बहिनी छौ, परस्परमा मिलेर बस्नू रीस राग नगर्नू। १४. सपत्नी द्वेष वियोग, अर्थात् सौतासौतीमा परस्परमा

वैर भाव नगर्नू, भै भगड़ा नगर्नू। १५. सर्वजनीन भोजनासन पानान्ववेक्षण, अर्थात् जनसाधारणकहाँ कस्तो रहन-सहन खानपान छ त्यस कुराको राम्रो देखरेख गर्न जान्नु। १६. स्वसन्तति सपत्नी सन्तति समानता, अर्थात् आफ्ना छोरा छोरी र सौताका छोरा छोरीमा बराबर एकनासको व्यवहार गर्न सक्नु। १७. मन्त्रि सम्मान, अर्थात् मन्त्रीहरूको उचित मर्यादा। १८. दैवज्ञ सम्मान, अर्थात् ज्योतिषीको उचित मर्यादा। २०. ब्राह्मण भक्ति, अर्थात् ब्राह्मणहरूको आदर भाव। २१. दया, २२. सर्वभूतानुकम्पा, अर्थात् सबै प्राणीहरूप्रति सद्भावना। कृताकृतज्ञान अर्थात् कुन काम भयो कुनचाहिं काम भएन भनी गरे नगरेका कामहरूको देखभाल। २४. राजमण्डलप्रसिद्धि अर्थात् सबै राजाहरूमा ख्याति पाउनसक्नु। २५. पुरकलत्रप्रीति अर्थात् आफ्ना नागरिक नारीवर्गमा प्रीति हुनु। २६. राजकलत्रप्रीति अर्थात् राजा महाराजहरूका रानी-महारानीहरूसंग प्रेम गर्नु। २७. प्रमोदसंवत् अर्थात् आमोद-प्रमोदसमेतका मनोरञ्जनका कुरामा परिपूर्णता र दक्षता। २८. प्रत्येक राजमहिषी चरित्र-

चतुरता अर्थात् हरेक राजाहरूका रानीहरूको चालचलन बुझ्ने चतुर्याइँ हुनु। २९. प्रत्येक राजकार्य-परिज्ञान-कुशलता अर्थात् हरेक राजाहरूका राजकाजको स्थिति बुझ्न सक्ने चतुर्याइँ हुनु। ३०. सहिष्णुता अर्थात् सहनशील हुनु। ३१. अनुशासनपरायणता, अनुशासनमा रहन र राख्न सक्नु। ३२. विद्याव्यसनिता, अध्ययनशील रहनु। बुझ्यौ मेरा प्यारी बुहारीहो, यी ३२ गुणहरूलाई धर्मको जलप लाएर तनमनमा भरेर राख। यसो गर्न सक्यौ भने तिम्रो राज्य दिगो होला, प्रजा सुखी होलान्, तिमी सबैको कल्याण होला र मेरा छोरा राजा नवराजको सदा मन बहाल भैरहला।

तहाँपछि चन्द्रावती रानीले र लावण्यवती रानीले पनि हे माता! तपाईंको तपस्याले हाम्रा स्वामी राजा भए, हामी रानी भयौं, तपाईं धन्य हुनुहुन्छ भनी आफ्नी सासू गोमा महतारीका पाउमा परी सदाकाल श्रीस्वस्थानी परमेश्वरीको भक्तिमा श्रद्धा गरी आनन्दले रहँदा भए।

हे अगस्त्य मुनि! जो मनुष्य एकचित्त भै श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्ला, कथा सुन्ला

अथवा उनको माहात्म्य लेखी घरमा राख्ला त्यसका घरमा दारिद्र्य कैल्यै होवैन, आदित्यादि नवग्रह सधैं प्रसन्न हुनन्, अकाल मृत्यु होवैन, फेरि भूत प्रेत पिशाच डाकिनी शाकिनी त्रिदोष आदि रोगको भय होवैन। चोर, शत्रु, अग्नि र वनजन्तुको भय होवैन। ब्रह्महत्यादि सम्पूर्ण पाप नष्ट भै यस लोकमा सुख सम्पत्ति पाई, परलोकमा कैलासवास होला भनी कुमारले अगस्त्य मुनिलाई बताउँदा भए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसम्वादे श्रीस्वस्थानीपरमेश्वर्यां व्रतकथायां चन्द्रावती गोमा पूर्वकृत स्वस्थानी व्रतवृत्तान्तवर्णनं नाम एकत्रिंशोऽध्यायः ॥ ३१ ॥

●

सधैं कथा सुनिसकेपछि श्रोताहरू सबैले आफ्ना आफ्ना हात पानीले धोई पुष्पांजलि लिई हात जोडनू, कथा भन्ने वाचकले यो तल लेखेको मङ्गलाचरण भन्नू—

उपनयतु मङ्गलं वः
सकल-जगन्मङ्गलालय श्रीमान् ।
दिनकरकिरण-निवोधित-
नव नलिनदलनिभेक्षणः कृष्णः ॥

काले वर्षतु पर्जन्यः पृथिवी शस्यशालिनी
दशोऽयं क्षोभरहितो ब्राह्मणाः सन्तु निर्भयाः ।
अपुत्राः पुत्रिणः सन्तु पुत्रिणः सन्तु निर्भयाः
निर्धनाः सधनाः सन्तु जीवन्तु शरदां शतम् ॥

तत्रैव गङ्गा यमुना च तत्र
गोदावरी सिन्धु सरस्वती च ।
तीर्थानि सर्वाणि वसन्ति तत्र,
यत्राच्युतोदारकथाप्रसङ्गः

या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता
या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना ।
या ब्रह्माऽच्युतशंकरप्रभृतिभिर्देवैः सदा वन्दिता
सा मां पातु सरस्वती भगवती निःशेषजाड्यापहा ॥

कायेन वाचा मनसेन्द्रियैर्वा
बुद्ध्यात्मना वाऽनुसृतेः स्वभावात् ।
करोमि यद्यत्सकलं परस्मै
नारायणायेति समर्पये तत् ॥

॥ श्रीस्वस्थानी-परमेश्वर्यै नमः ॥

यति भनिसकेपछि कथा सुन्ने श्रोता सबैले पुष्पाञ्जलि चढ़ाई दण्डवत् गर्नु र आफ्ना-आफ्ना मनको चिन्तित वर माग्नु ॥

G NO 930